## आयोगको एक दशक

# महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू

(वि. सं. २०५७-२०६७)



## राष्ट्रिय मानवअधिकार आयोग

ललितपुर, नेपाल

## आयोगको एक दशक

# महत्त्वपूर्ण प्रेसविज्ञप्तिहरू

(वि. सं. २०५७-२०६७)

राष्ट्रिय मानवअधिकार आयोग
ललितपुर, नेपाल

आयोगको एक दशकः

# महत्त्वपूर्ण प्रेसविज्ञप्तिहरू

(वि. सं. २०५७-२०६७)

राष्ट्रिय मानवअधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

**संयोजन/सङ्कलनः**

सरिता ज्ञवाली

कैलाशकुमार सिवाकोटी

भानुभक्त आचार्य

सूर्यप्रसाद लामिछाने

**सम्पादनः**

घनेन्द्र ओझा

**प्रकाशन मिति :** जेठ २०६७

**संस्करण :** प्रथम

**प्रतिः** १,५००

**प्रकाशन नं.: ०६५/११६/०६७**

**सर्वाधिकारः** राष्ट्रिय मानवअधिकार आयोग, नेपाल

**प्रकाशन सहयोगः** राष्ट्रिय मानवअधिकार आयोग क्षमता सवलीकरण परियोजना

आयोगको पूर्व स्वीकृतिबिना यस पुस्तकलाई बौद्धिक तथा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइनेछैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय केदारनाथ उपाध्याय

**सदस्यहरू**

माननीय रामनगिना सिंह

माननीय गौरी प्रधान

माननीय डा. लीला पाठक

माननीय डा. के. बी. रोकाया

**सचिव**

विशाल खनाल

## प्राक्कथन

यस वर्ष नेपालमा राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भएको दश वर्ष पूरा भएको छ । तात्कालीन नेपाल कम्युनिष्ट पार्टी माओवादीद्वारा चलाइएको सशस्त्र द्वन्द्वको मध्यतिर यस आयोगको स्थापना हुन गएको हुँदा आयोगका महत्त्वपूर्ण गतिविधिहरू मूलत: जनताको नागरिक तथा राजनीतिक अधिकारहरूसँग र केही मात्रामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूसँग केन्द्रित रहन पुगे । आयोगले आफ्ना कार्यहरू तथा गतिविधिहरूलाई जनसमक्ष पुऱ्याउने तथा जनताको आधारभूत मानवअधिकारको संरक्षण र सम्मान गर्न जिम्मेवार बनाउने उद्देश्यले नेपाल सरकारलगायत द्वन्द्वरत पक्ष नेपाल कम्युनिष्ट पार्टी माओवादीलाई प्रेसविज्ञप्तिमार्फत अनुरोध, आग्रह गर्दै आएको थियो । बिस्तृत शान्तिसम्झौता, संविधानसभाको निर्वाचन तथा त्यसपछिको मानवअधिकारको अवस्थाको सम्बन्धमा समेत आयोगले नियमित रूपमा अनुगमन गर्दै अनुगमनबाट प्राप्त हुन आएका र देखिएका तथ्यहरूको सम्बन्धमा सरोकारवालाहरूको ध्यानाकर्षणलगायत दण्डहीनताको स्थिति अन्त्य गर्न तथा मानवअधिकारप्रति संवेदनशील रहन सम्बद्ध सबै पक्षहरूलाई आग्रह गर्दै आएको छ ।

आयोगले विगत एक दशकको अवधिमा मूलभूत रूपमा मानवअधिकारसँग सम्बन्धित केकस्ता विषयहरूउपर आफ्नो ध्यान केन्द्रित गर्नुपऱ्यो र त्यसबाट केकस्ता विषयहरू ओझेलमा परेको अवस्था रहे ? भन्ने कुराको समेत समीक्षा गर्न सरल होस् र विभिन्न सन्दर्भ र कालखण्डहरूमा आयोगद्वारा प्रकाशित प्रमुख विज्ञप्तिहरू ऐतिहासिक दस्तावेजका रूपमा समेत रहन सकुन् भन्ने उद्देश्यले पुस्तकका रूपमा प्रकाशित गरिएको छ । मानवअधिकारप्रति चासो र चिन्ता राख्नुहुने विद्वान पाठकवर्गले यसको अध्ययन गरी आयोगलाई सकारात्मक सुझावसमेत दिनुहुनेछ भन्ने विश्वास लिएको छु । अन्त्यमा, छरिएर रहेका विज्ञप्तिहरूलाई यस रूपमा ल्याउन विशेष परिश्रम गर्नुहुने मानवअधिकार अधिकृतत्रय सरिता ज्ञवाली, कैलाशकुमार शिवाकोटी, भानुभक्त आचार्य तथा मानवअधिकार सहायक सूर्यप्रसाद लामिछानेलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

**गौरी प्रधान**
सदस्य तथा प्रवक्ता
राष्ट्रिय मानवअधिकार आयोग
१३ जेठ २०६७

# आयोगका सूचनाको बाहक, प्रेस विज्ञप्तिहरू

राष्ट्रिय मानवअधिकार आयोग स्थापना भएको दश बर्ष पूरा भएको अवसरमा आयोगले विभिन्न समयमा जारी गरेका प्रेस विज्ञप्तिहरूको सँगालोका रूपमा यो पुस्तक 'महत्वपूर्ण केही प्रेस विज्ञप्तिहरू' प्रकाशन गरिएको हो । यस पुस्तकमा विषयगत आधारमा कूल ३२६प्रेस विज्ञप्तिहरू समेटिएका छन् जसमा आयोग स्थापना पछि २०५७ जेठ २७ गते आयोगका पदाधिकारीहरूको नियुक्ति र सपथ ग्रहण पछि आयोगले पूर्णता पाएको सम्बन्धमा जानकारी दिन आयोगका तत्कालीन अध्यक्ष नयनबहादुर खत्रीको हस्ताक्षर भएको पहिलो प्रेस विज्ञप्ति समेटिएको छ भने अन्तिम प्रेस विज्ञप्तिका रूपमा 'राष्ट्रको बृहत्तर हितका निम्ति राष्ट्रिय सहमति कायम गर' शीर्षकमा आयोगका वर्तमान अध्यक्ष केदारनाथ उपाध्यायद्वारा २०६७ जेठ ५ गते हस्ताक्षरित विज्ञप्ति संलग्न गरिएको छ ।

प्रेस विज्ञप्तिको विषयवस्तुलाई आधार मानेर निम्न आठ शीर्षकमा वर्गिकरण गरिएको छ : १. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी, २ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी, ३. बेपत्ता तथा अपहरणसम्बन्धी, ४. महिला तथा बालबालिकासम्बन्धी, ५. यातना तथा कारागारसम्बन्धी, ६. अपाङ्गता, आप्रवासी कामदार, भेदभाव तथा अल्पसंख्यकहरूको अधिकारसम्बन्धी, ७. विशेष सन्दर्भहरू सम्बन्धी र ८. विविध विषय । यो पुस्तक प्रकाशनको उद्देश्य भनेको आयोगले गरेका महत्वपूर्ण गतिविधिहरूलाई प्रेस विज्ञप्तिमार्फत् आयोगले सार्वजनिक गरेका सूचनाहरूलाई दस्तावेजका रूपमा संकलन गरी तिनलाई सार्वजनिक पहुँचका लागि तयार पार्नु हो । यो पुस्तकले तत्कालीन नेकपा (माओवादी) र नेपाल सरकारबीच भएको द्वन्द्व, २०६२/०६३ को जनआन्दोलनमा राष्ट्रिय मानवअधिकार आयोगको गतिविधि, संविधानसभा निर्वाचन, २०६४ र संविधानसभामार्फत् नयाँ संविधान निर्माणको समयसीमा सम्म आईपुग्दाका महत्वपूर्ण क्षणहरूमा आयोगले नागरिक अधिकारको संरक्षण र प्रवर्द्धन गर्न गरेका गतिविधि र नेपाल सरकार र राज्यका विभिन्न निकायलाई दिएका निर्देशनहरूलाई समेट्ने प्रयास गरेको छ । प्रारम्भमा पुस्तकमा आयोगबाट प्रकाशित सबै विज्ञप्ति र प्रेस-वक्तव्यहरूलाई समेट्ने प्रयास गरिएको भए पनि त्यो सम्भव हुन सकेन ।

आयोगको स्थापनाकालदेखि नै सूचना सम्प्रेषणको महत्वपूर्ण माध्यम बनेको छ प्रेस विज्ञप्ति । कुनै व्यक्तिको जीवन सुरक्षा, बेपत्ताको स्थिति सार्वजनिक गर्न, पीडित व्यक्तिका आधारभूत मानवअधिकार सुरक्षा गर्न सरोकारवाला पक्षलाई सचेत गराउन, अनुगमन र अनुसन्धानसम्बन्धी गतिविधिहरूबारे सर्वसाधारणलाई जानकारी दिन, खासगरी द्वन्द्वको अवधिमा, प्रेस विज्ञप्ति ज्यादै महत्वपूर्ण औजार

बन्न पुग्यो । अझ अर्को शब्दमा भन्नुपर्दा द्वन्द्वको जोखिम उत्कर्षमा पुगेका बेला कहिलेकाहीं प्रेस विज्ञप्ति विकल्परहित उपाय बनेका अनुभव पनि छ आयोगसँग ।

आयोगका प्रवर्द्धनात्मक गतिविधिहरूलाई सञ्चारमाध्यममार्फत् सर्वसाधारणलाई सुसूचित गराउने औजारका रूपमा समेत प्रेस विज्ञप्तिहरूको बृहत् उपयोग भएको छ । प्रवर्द्धनात्मक तालिम, गोष्ठी, कार्यशाला, अन्तरक्रियाबारे जानकारी दिन, कुनै विषयमा आयोगको धारणा सार्वजनिक गर्न, सरकार वा राजनीतिक दलहरूलाई ध्यानाकर्षण गराउन वा आयोगका सिफारिसहरूबारे जानकारी दिन समेत प्रेस विज्ञप्तिहरू सार्वजनिक हुने गरेका छन् ।

प्रेस विज्ञप्तिमा व्यक्त विचार आयोगको आधिकारिक धारणा भएकाले पनि प्रेस विज्ञप्तिहरू राष्ट्रिय मानवअधिकार आयोगका काम, कारबाहीप्रति चासो राख्ने जोसुकैका लागि ज्यादै महत्वपूर्ण कुरा भएको छ । आयोगका केन्द्रीय कार्यालयका साथै क्षेत्रीय तथा सम्पर्क कार्यालयहरूबाट समेत समयसमयमा विभिन्न प्रेस विज्ञप्तिहरू जारी भएका छन् । सामान्यत: आयोगको केन्द्रीय कार्यालयमा सचिवको हस्ताक्षरमा र अन्य कार्यालयहरूमा कार्यालय प्रमुखको हस्ताक्षरमा प्रेस विज्ञप्ति जारी गर्ने गरिएको छ । तर, मानवअधिकारसम्बन्धी महत्वपूर्ण अवसरहरुलाई लक्षित गरेर आयोगका अध्यक्षज्यूकै हस्ताक्षरमा केही प्रेस वक्तव्यहरू जारी गर्ने गरिएको छ । यस बाहेक, आयोगका सञ्चार अधिकृत वा महाशाखाका प्रमुखको हस्ताक्षरमा समेत प्रेस विज्ञप्तिहरू जारी गरिएको अवस्था छ ।

नागरिकको सूचना प्राप्तिको अधिकारलाई सम्मान गर्न आयोगले के-कति गर्न सक्यो वा सकेन भन्ने स्पष्ट पार्न यो पुस्तकको प्रकाशनले केही योगदान दिन सक्छ भन्ने कुरामा दुईमत हुन सक्दैन । विज्ञप्तिको भाषा शैली र ढाँचाका हिसाबले प्रेस विज्ञप्तिहरूमा एकरूपता छैन, विविधता छ । कहिलेकाहीं ज्यादै सामान्य किसिमका गतिविधिलाई समेत प्रेस विज्ञप्तिमार्फत् पठाउँदा यसको महत्वमा कमी आउन सक्नेतर्फ समेत सजग भई आवश्यक सुधार गर्नु आवश्यक देखिन्छ । अर्कोतिर, सञ्चारमाध्यममा समाचारको समयसीमा वा डेडलाइनभन्दा ढिलो हुने गरी प्रेस विज्ञप्तिहरू जारी हुने परम्परामा पछिल्लो समयमा क्रमिक सुधार भएको देखिन्छ ।

अन्त्यमा, आयोगको एक दशक लामो यात्रामा यो राष्ट्रिय संस्थाले गरेका मानवअधिकार संरक्षण र प्रवर्द्धनसम्बन्धी गतिविधिहरूलाई सर्वसाधारण नागरिक तथा सरोकारवालाहरूसँग पु-याउन ज्यादै नै महत्वपूर्ण औजार सावित भएको छ । यसको प्रकाशन/प्रसारणमा राज्यको चौथो अङ्गका रूपमा परिचय बनाएको पत्रकारिता क्षेत्रको समन्वय र सहयोग ज्यादै महत्वपूर्ण छ । यो पुस्तकको प्रकाशनले आयोगका गतिविधि र आयोगको प्राथमिकतालाई मूलभूत रूपमा केलाउन, समीक्षा वा विश्लेषण गर्न ज्यादै सहज हुनेछ भन्ने आशा गर्न सकिन्छ । यो पुस्तकको प्रकाशनबाट आयोगबाट जारी भएका प्रेस विज्ञप्तिहरू ऐतिहासिक दस्तावेजका रूपमा समेटिन सकुन् भन्ने अपेक्षा गरिएको छ ।

**राष्ट्रिय मानवअधिकार आयोग**

# विषय सूची


१. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी १

२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी ८६

३. बेपत्ता तथा अपहरणसम्बन्धी १०१

४. महिला तथा बालबालिकासम्बन्धी १११

५. यातना तथा कारागारसम्बन्धी १३९

६. अपाङ्गता, आप्रवासी कामदार, भेदभाव तथा अल्पसङ्ख्यकहरूको अधिकारसम्बन्धी १५५

७. विशेष सन्दर्भहरूसम्बन्धी १६२

८. विविध विषयहरूसम्बन्धी १९६

## परिच्छेद १

## १. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी

### १.१. आयोगको गहिरो चिन्ता

ललितपुर/२०५९ वैशाख १७ गते

श्री ५ को सरकारले गत वैशाख १० गते नेपालमा आतङ्ककारी समूहमा संलग्न केही व्यक्तिहरूलाई जिउँदो वा मृत रूपमा सरकारलाई बुझाउनेलाई विभिन्न पुरस्कारको व्यवस्था गरेको सार्वजनिक सूचनाप्रति आयोगको ध्यानाकर्षण भएको छ । नेपाल २०४७ सालपछि प्रजातान्त्रिक संविधानद्वारा नेपाली नागरिकहरूको आधारभूत मानवअधिकार सुरक्षा र प्रत्याभूति गर्दै मानवअधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय समुदायद्वारा स्वीकारसमेत नभएको वर्तमान परिप्रेक्ष्यमा उक्त सूचनाबाट नेपालमा मानवअधिकारको क्षेत्रमा देहायका प्रभाव पर्न सक्ने अवस्थाप्रति आयोग गहिरो चिन्ता व्यक्ति गर्दछ ।

१) व्यक्तिको बाँच्न पाउने अधिकारलाई उल्लङ्घन गर्ने सम्भावना हुन्छ ।
२) कानुनी राज्यको सिद्धान्तलाई नकारात्मक असर पर्दछ ।
३) मानवअधिकारसम्बन्धी मान्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्यमान्यतालाई नेपालमा निरुत्साहित पार्दछ ।
४) नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६, जसमा नेपाल पक्ष राष्ट्र भइसकेको छ, को धारा ४ ले व्यवस्था गरेका कुनै पनि अवस्थामा अहरणीय अधिकारहरूको हरण हुन सक्दछ ।
५) हत्या तथा हिंसालाई बढावा दिने संभावना रहन्छ ।

(डा. शंकरकुमार श्रेष्ठ, सचिव)

### १.२ सकुशल रिहाइका लागि अपिल

ललितपुर/२०६० वैशाख २२ गते

रौतहट जिल्लाका राजपरिषद्का सम्माननीय सदस्य श्री शेष सराजुललाई मिति २०६०/११/१६ गते राति नेकपा माओवादीका कार्यकर्ताहरूद्वारा अपहरण गरी उहाँको घरमा आगजनी तथा लुटपाटसमेत गरी अमानवीय व्यवहार गरिएको विभिन्न सञ्चार माध्यमहरूबाट प्रकाशित/प्रसारित समाचारप्रति राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस्ता व्यक्ति अपहरण गर्नेजस्ता क्रियाकलापहरूबाट देशको मानवअधिकारको स्थिति झन् सङ्कटपूर्ण बन्दै गैरहेको छ । अपहरण जस्तो अमानवीय क्रियाकलापको राष्ट्रिय मानवअधिकार आयोग भर्त्सना गर्दछ । आयोग यस्ता गैरजिम्मेवारीपूर्ण घटनाहरू नघटाउन नेकपा माओवादीलाई

पुनः आग्रह गर्दै अपहरण गरिएका सम्माननीय सदस्यज्यूको शीघ्र सकुशल रिहाइका लागि अपिल गर्दछ ।

(राधाकृष्ण उप्रेती, उप-सचिव)

## १.३ भुटानी शरणार्थीहरूले सम्मानपूर्वक स्वदेश फर्कन पाउनुपर्ने

ललितपुर/२०६० असार ३२ गते

राष्ट्रिय मानवअधिकार आयोगले आज २०६० आषाढ ३२ गते श्री ५ को सरकारलाई एक पत्र लेखी भुटानी शरणार्थीहरूको सम्मानपूर्वक स्वदेश फर्कन पाउने अधिकारको प्रत्याभूतिको लागि आवश्यक पहल गर्न अनुरोध गरेको छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को दफा १३ मा कुनै पनि नागरिक आफ्नो देशमा फर्किन पाउने अधिकारको प्रत्याभूति गर्नुको साथै धारा १५ ले राष्ट्रियताको समेत अधिकार दिएको छ । अन्तर्राष्ट्रिय समुदायको एउटा जिम्मेवार सदस्यको नाताले र मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र भएको आधारमा मानवअधिकारप्रति नेपाल पनि संवेदनशील हुनुपर्ने कुरामा द्विविधा छैन ।

शरणार्थीहरूको सम्मानपूर्वक स्वदेश फर्कन पाउने आधारभूत अधिकारको प्रत्याभूति नगरेसम्म शरणार्थीसम्बन्धी समस्याको स्थायी समाधानमा वाधा पर्ने कुरालाई मध्यनजर गर्दै शरणार्थीहरूको पुनरावेदनमाथि निश्पक्षरूपले जाँच हुन सक्ने आवश्यक व्यवस्था मिलाउनुपर्ने, शरणार्थीहरू आफ्नो देश फर्केपछि त्यहाँ सम्मानित जीवन बिताउन पाउने कुराको प्रत्याभूति गर्ने, भुटानी शरणार्थी फिर्ता जाने क्रम सुरु भएपछि एउटा स्वतन्त्र अनुगमनको संयन्त्र स्थापना हुनुपर्ने र कुनै पनि व्यक्तिको राष्ट्रियतासम्बन्धी अधिकारको संरक्षणका लागि ध्यान दिनुपर्नेजस्ता विषयमा पहल गर्न श्री ५ को सरकारलाई अनुरोध गरिएको छ ।
(राधाकृष्ण उप्रेती, उप-सचिव)

## १.४ दोरम्बा घटनाको अनुसन्धान प्रतिवेदन सार्वजनिक

ललितपुर/ २०६० भदौ ३१ गते

युद्धविरामको अवस्थामा रामेछापको दोरम्बा, पाँचथरको नागी र सिराहाको धनगढीमा भएका हिंसात्मक घटनाहरूको जाँचबुझ गर्न आयोगद्वारा सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीशहरू कृष्णजङ्ग रायमाझी, ज्ञाइन्द्रबहादुर श्रेष्ठ र उदयराज उपाध्यायको संयोजक्तवमा गठित छानबिन टोलीले घटनाका सम्बन्धमा जाँचबुझ गरीप्रतिवेदन पेश गरेको सम्बन्धमा उक्त अनुसन्धान समितिका निष्कर्षहरूका बारेमा आयोगले मिति २०६०/५/२५ मा प्रेस विज्ञप्ति प्रकाशित गरी जानकारी गराइसकेको छ । उक्त तीनैओटा घटनाका सम्बन्धमा अनुसन्धान समितिबाट आयोगमा प्राप्त अनुसन्धान प्रतिवेदन आयोगले आज भदौ ३१ गते आयोगको सभाकक्षमा एक पत्रकार सम्मेलनको आयोजना गरी सार्वजनिक गरेको छ । सुरक्षाको दृष्टिकोणले प्रतिवेदनमा उल्लिखित प्रत्यक्षदर्शी र वयानकर्ताहरूको नाम गोप्य राखिएको छ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## १.५ कब्जामा लिइएका व्यक्तिहरूको स्वतन्त्रता र सुरक्षाको सम्मान गर्न अपिल

ललितपुर/ २०६० चैत ९ गते

मिति २०६० चैत ७ गते नेकपा माओवादीद्वारा म्याग्दी जिल्लाको सदरमुकाम बेनीबजारमा आक्रमण गरी त्यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सागरमणि पराजुली, प्रहरी नायब उपरीक्षक रणबहादुर गौतम, जिविस उपसभापति, सुरक्षाकर्मी र कर्मचारीहरूलाई कब्जामा लिइएको भनिएको घटनामा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोग नेकपा माओवादीलाई कब्जामा लिइएको भनिएका व्यक्तिहरूलाई जेनेभा महासन्धिको साझा धारा ३ बमोजिम व्यवहार गर्न र निजहरूको स्वतन्त्रता र सुरक्षाको सम्मान गर्न अपिल गर्दछ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## १.६ मानवअधिकार क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूसँग छलफल

ललितपुर/ २०६१ वैशाख ९ गते

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष श्री नयनबहादुर खत्रीले सम्माननीय प्रधानमन्त्री श्री सूर्यबहादुर थापालाईले मिति २०६० चैत १३ गते श्री ५ को सरकारको तर्फबाट घोषणा गर्नुभएको "मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको संरक्षण गर्ने प्रतिबद्धता" को व्यावहारिक कार्यान्वयनको अनुगमन गर्दै गरेको सिलसिलामा आज मानवअधिकार क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूसँग छलफल गऱ्यो ।

कार्यक्रममा सहभागीहरूले प्रतिवद्धतामा व्यक्त भएका विभिन्न बुँदाहरू, जस्तै : मानवअधिकार उल्लङ्घन गर्नेमाथि कार्वाही, थुनुवासम्बन्धी कानुनको पालना, सुरक्षा बलको सम्पर्कमा आउने सबै व्यक्तिको मानवअधिकारको संरक्षण, गैरकानुनी वा बिना कारण थुनामा रहेकाहरूको तत्काल रिहाइ, अदालतको आदेश तथा निर्णयहरूको तत्काल कार्यान्वयन, पीडितहरूलाई क्षतिपूर्तिका लागि सिफारिस गरिने आदिसम्बन्धमा श्री ५ को सरकारद्वारा कार्यान्वयनमा खास प्रगति नभएको र मानवअधिकार उल्लङ्घनका क्रमहरू जरी नै रहेको कुरा व्यक्त गरेका थिए ।

आयोगका अध्यक्ष नयनवहादुर खत्री, सदस्यहरू डा. गौरीशंकरलाल दास, सुशील प्याकुरेल तथा का.मु. सचिव केदारप्रसाद पौड्यालको उपस्थिति रहेको उक्त कार्यक्रममा गौरी प्रधान, कुन्दन अर्याल, चरण प्रसाईं, शोभा गौतम, अन्जना शाक्य, मन्दिरा शर्मा, गोविन्द बन्दी, प्रदीप घिमिरे, शर्मिला कार्कीलगायत मानवअधिकारकर्मीद्वारा आयोगले प्रभावकारी अनुगमन गर्नुपर्ने भनी सुझावहरू प्रस्तुत भएका थिए ।

यसअघि श्री ५ को सरकारको प्रतिवद्धता कार्यान्वयनमा आजसम्म गरिएका कामबारे आयोगले मिति २०६१ वैशाख ७ गते सोमबार श्री ५ को सरकारका मुख्य सचिवलगायत रक्षासचिव तथा गृहमन्त्रालय र शाही नेपाली सेनाका उच्च अधिकृतहरूसँगसमेत छलफल गरेको थियो ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## १.७ सञ्चारकर्मीहरूको हत्या गर्ने धम्कीप्रति आयोग स्तब्ध

ललितपुर/ २०६१ भदौं ३ गते

दैलेखमा कार्यरत मानवअधिकारकर्मी तथा पत्रकार डेकेन्द्रराज थापाको माओवादीहरूबाट भएको हत्या तथा अन्य कतिपय सञ्चारकर्मीहरूको हत्या गर्ने धम्की दिएको भन्ने खबरले मानिसको बाँच्न पाउने अधिकारको प्रयोगमा गम्भीर असर परेको हुँदा राष्ट्रिय मानवअधिकार आयोग स्तव्ध भएको छ । वि. सं. २०६० वैशाख ८ गते (April 21, 2003) नेकपा माओवादीका तात्कालीन वार्ता टोलीका संयोजक डा. बाबुराम भट्टराईको नेतृत्वमा आयोगमा आएको टोली र आयोगका पदाधिकारीबीच माओवादीहरूबाट भएका ज्यादती र उसका जिम्मेवारीबारे कुराकानी हुँदा डा. बाबुराम भट्टराईले नेकपा माओवादी मानवअधिकारको सम्मान गर्नप्रतिवद्ध छ भन्ने बताएको तथा २०६० चैत ३ गते (March 16, 2004 ) नेकपा माओवादी का अध्यक्षको नाममा प्रकाशित वक्तव्यमा "हाम्रो पार्टीले युद्धसम्बन्धी जेनेभा सम्झातौप्रति मात्र होइन, मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रप्रति पनि प्रतिवद्धता व्यक्त गर्दै आएको छ" भनी उल्लेख गरिएको विषय माओवादीलाई स्मरण भएकै हुनुपर्छ ।

राष्ट्रिय मानवअधिकार आयोग नेकपा माओवादीलाई अन्तर्राष्ट्रिय मानवअधिकारका स्थापित मान्यता र अन्तर्राष्ट्रिय मानवीय कानुन जेनेभा महासन्धिको साझा धारा ३ मा उल्लिखित सर्तहरू विद्रोही समूहले पनि पालन गर्नुपर्ने पुनःस्मरण गराउँदै व्यक्तिलाई नियन्त्रणमा लिइसकेपछि कुनै पनि निहुँमा गरिने हत्यालाई युद्ध अपराधको श्रेणीमा राखिन्छ र समूहको नेतृत्व यस्तो अपराधप्रति जिम्मेवार हुन्छ भन्ने कुरा बुझ्न तथा हतियारको बलमा सबै क्रियाकलापलाई न्यायोचित ठहऱ्याउन सकिन्छ भन्ने सोचबाट मुक्त हुन माओवादी नेतृत्वलाई सचेत गराउन चाहन्छ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## १.८ मानवअधिकारको अवस्थाबारे शाही नेपाली सेनाका प्रमुखसँग छलफल

ललितपुर /२०६१ मङ्सिर १० गते

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षको कार्यकक्षमा सम्माननीय प्रधानसेनापति श्री प्यारजङ्ग थापा, रक्षासचिव श्री विष्णुदत्त उप्रेती तथा आयोगका सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्रीबीच मानवअधिकारको वर्तमान अवस्था र मानवअधिकारको प्रभावकारी संरक्षणका लागि चालिनुपर्ने कदमहरूका सम्बन्धमा बिस्तृत रूपमा छलफल भयो । उक्त छलफलमा मानवअधिकारको संरक्षणको लागि यथाशक्य चाँडो प्रभावकारी व्यवस्था मिलाउने र आपसी अन्तर्क्रियालाई चालू राख्नेसमेत सहमति भयो । छलफलका अवसरमा आयोगका का.मु. सचिव तथा शाही नेपाली जङ्गी अड्डाका वरिष्ठ पदाधिकारीहरूको समेत उपस्थिति थियो ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## १.९ मानवअधिकारकर्मीहरूको सुरक्षाप्रति सजग रहन आयोगको आग्रह

ललितपुर/२०६१ माघ २१ गते

देशको परिवर्तित परिस्थिति र सङ्कटकाल लागू भएको सन्दर्भमा मानवअधिकारको संरक्षणको विषयमा राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको छ । संयुक्त सङ्गठनको सदस्य र मानवअधिकारसम्बन्धी सबै प्रमुख सन्धि, सम्झौताहरूको पक्षराष्ट्रको नाताले मानवअधिकारहरूको संरक्षण गर्नु नेपालको दायित्वभित्र पर्दछ । जस्तोसुकै अवस्थामा पनि नेपाल अधिराज्यको संविधान, २०४७ को मूल मर्मअनुसार सङ्कटकालको अवस्थामा समेत बहुदलीय प्रजातन्त्र र मानवअधिकारको संरक्षणको दायित्वप्रति सचेत रहन आग्रह गर्दै संविधानप्रदत्त शान्तिपूर्ण राजनीतिक क्रियाकलापमा संलग्न हुन पाउने हकको उपभोग गर्न सक्ने अवस्था सिर्जना गर्न तथा मानवअधिकारकर्मीहरूको सुरक्षाप्रति सजग रहनसमेत आयोग सरकारसमक्ष अनुरोध गर्दछ ।

साथै, देशलाई लामो समयसम्म सञ्चारविहीन अवस्थामा राख्दा जनताका न्यूनतम अधिकारहरूको उपभोगमाप्रतिकूल प्रभाव परिरहेको स्थितितर्फ ध्यानाकर्षण गराउँदै कुनै पनि निर्णय गर्दा मानवअधिकारका स्थापित मान्यताहरूको सम्मान गर्नसमेत आयोग श्री ५ को सरकारसमक्ष अनुरोध गर्दछ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## १.१० अनधिकृत तवरले पक्राउ नगर्न प्रधानमन्त्रीको कार्यालयलाई आयोगको सिफारिस

ललितपुर/ २०६२ वैशाख १६ गते

राष्ट्रिय मानवअधिकार आयोगले पूर्व प्रधानमन्त्री शेरबहादुर देउवालाई गत बुधबार मध्यरातमा पक्राउ गरिएको विषयमा आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई एक सिफारिसपत्र पठाएको छ ।

आयोगले पठाएको पत्रमा नेपाल अधिराज्यको संविधान, २०४७ को प्रावधान तथा श्री ५ को सरकारले २०६०/१२/२६ मा मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयनका सम्बन्धमा गरेकोप्रतिबद्धताको दफा ४ मा समेत “प्रचलित कानुनबमोजिमबाहेक कसैलाई पनि रातको समयमा पक्राउ गरिने छैन” भन्ने व्यवस्था भएको सन्दर्भमा रातको समयमा पक्राउ गर्ने कार्य प्रचलित कानुन तथाप्रतिबद्धताविपरीत हुँदा उक्त घटनालाई आयोगले मानवअधिकार उल्लङ्घनको रूपमा लिएको उल्लेख गरिएको छ ।

आयोगले सोही पत्रमार्फत पूर्व प्रधानमन्त्री देउवालाई मध्यरातमा पक्राउ गर्ने घटनामा संलग्न दोषीउपर कार्वाही गरी भविष्यमा यस्ता उल्लङ्घनका घटना नहुनेतर्फ आवश्यक व्यवस्था मिलाउनसमेत सिफारिस गरेको छ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

### १.११ मानवअधिकारको मूल्य र मान्यताबमोजिम काम कार्वाही गर्न सरकारलाई ध्यानाकर्षण

ललितपुर/२०६२ जेठ ३ गते

सम्मानित सर्वोच्च अदालतको आदेशविपरीत अनेरास्ववियुका पूर्व अध्यक्ष राजेन्द्रकुमार राईलाई हिजो काठमाडौँ जिल्ला अदालत परिसरबाट सुरक्षाकर्मीले पुनः गिरफ्तार गरेको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग खेद व्यक्त गर्दछ। अदालतको आदेशअनुसार न्यायधीशकै रोहबरमा गैरकानुनी थुनाबाट मुक्त गराइएका व्यक्तिलाई न्यायालय परिसरबाटै जबर्जस्ती पुनः गिरफ्तार गरेबाट स्वतन्त्र न्यायपालिकाको आदेश पालना गर्नुपर्ने कानुनी दायित्व सरकारले अवज्ञा गरेको देखिन्छ।

राष्ट्रिय मानवअधिकार आयोग, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायोगलगायत मानवअधिकारका क्षेत्रमा कार्यरत अन्य गैरसरकारी संस्थाकाप्रतिनिधिहरू, न्यायाधीश तथा कानुन व्यवसायीहरूको आँखाअगाडि नै यसखालका घटना हुनुलाई आयोगले गहन चिन्ताका साथ हेरेको छ।

यसका साथै अदालतबाट मुक्त भइसकेको व्यक्तिलाई पक्राउ नगर्न आग्रह गर्ने कानुन व्यवसायी, पत्रकार, मानवअधिकारकर्मी र विद्यार्थीमाथि अन्धाधुन्ध लाठी प्रहार गर्नु मानवअधिकारको आधारभूत मूल्य र मान्यताको उल्लङ्घन भएकाले आगामी दिनहरूमा यसखालका घटनाहरू हुन नदिन सुरक्षा निकायका सम्पूर्ण तहहरूमा सूचना प्रवाह गर्ने व्यवस्था मिलाउन आयोग सरकारलाई स्मरण गराउँछ।

(ध्रुव नेपाल, निमित्त सचिव)

### १.१२ मानवीय कानुनप्रति बफादार रहन नेकपा माओवादीलाई आग्रह

ललितपुर/२०६२ जेठ १३ गते

मानवअधिकारका प्रचलित सिद्धान्त र अन्तर्राष्ट्रिय मानवीय कानुनविपरीत नेकपा माओवादीले मुलुकका विभिन्न भागमा शाही नेपाली सेनाका निहत्था सैनिकहरूलाई नियन्त्रणमा लिई हत्या गर्ने, सम्पत्ति जफत गर्ने, परिवारलाई घरमा तालाबन्दी गरी बिस्थापित गर्नेजस्ता अमानवीय क्रियाकलापहरू गरेको भनी राष्ट्रिय मानवअधिकार आयोगमा विभिन्न उजुरीहरू प्राप्त भएका छन्।

आयोगमा प्राप्त उजुरीअनुसार माओवादी समूहले शाही नेपाली सेनामा कार्यरत सह-सेनानी टेकबहादुर चन्दकी ५० वर्षीया आमा श्रीमती भगवती चन्दलाई कार्यक्रममा जानुपर्ने भनेको र घर पसल कब्जा गरेकोले निज सह-सेनानीको बुबा भागी भारततर्फ जान बाध्य भएको, सिपाही शंकर कार्की बिदा लिई घरमा आएको अवस्थामा कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं. ३ चटकपुरस्थित बडरामा यही जेठ २ गते राति करिब ८ बजे घरबाट अपहरण गरी ५०० मिटर टाढा लगी गोली हानी हत्या गरेको र पाँचथर जिल्लाको रानिटार गाविसका विभिन्न वडाहरूमा बसोबास गरिरहेका सुरक्षा फौजका भू. पू. तथा बहालवाला सैनिकहरूको घरमा तालाबन्दी गरेको कारणबाट परिवारहरू बिस्थापित हुन बाध्य भएको सम्बन्धमा आयोगको ध्यानाकर्षण भएको छ।

मानवअधिकारका प्रचलित सिद्धान्त र अन्तर्राष्ट्रिय मानवीय कानुनप्रति वफादार रहेको भनी अभिव्यक्ति दिने नेकपा माओवादीका यी कार्य आफ्ना अभिव्यक्तिका विपरीत भएको स्मरण गराउँदै आयोग निहत्था सैनिकहरूको अपहरण र हत्या गर्ने घटनाहरू पुनः नदोहोऱ्याउन तथा विभिन्न आरोपमा तालाबन्दी गरिएकोमा तालाबन्दी हटाउन, जबर्जस्ती बिस्थापित गराइएका व्यक्तिहरूको आफ्नो निवास फर्किने, स्वतन्त्रतापूर्वक आफ्नो सम्पत्तिको उपभोग गर्न पाउने र जीवनयापन गर्न पाउने अधिकारको सम्मान गर्न सम्बन्धित पक्षलाई आह्वान गर्दछ ।
(ध्रुव नेपाल, निमित्त सचिव )

## १.१३ नेकपा (माआवोवादी)द्वारा माढीस्थित बाँदरमुढे खोलाको पुल नजिक भएको घटनाको भर्त्सना

ललितपुर/२०६२ जेठ २४ गते

चितवनको कल्याणपुर गाउँ विकास समिति माडीस्थित बाँदरमुढे खोलाको पुलमा हिजो नेकपा माओवादीले बिछ्याएको विद्युतीय धरापमा परी ३५ सर्वसाधारणसहित तीन जना सैनिकको मृत्यु एवम् ७२ जनाभन्दा बढी घाइते भएको भनी प्रकाशित/प्रसारित समाचारप्रति राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

सर्वसाधारणले प्रयोग गर्ने सार्वजनिक यातायातका सवारी साधनलाई लक्षित गरी यसखालको घटना घटाउनु अत्यन्तै अमानवीय कार्य हो । यसर्थ जुनसुकै पक्षबाट सो घटना घटाइएको भए पनि आयोग घटनाको भर्त्सना गर्दछ ।

सो घटनाको अनुसन्धानका सिलसिलामा आयोगका सदस्य सुदीप पाठकको नेतृत्वमा तीन सदस्यीय अनुसन्धान टोली आयोगको केन्द्रीय कार्यालयबाट आजै घटनास्थल प्रस्थान गरिसकेको छ । आयोगले उक्त घटनाका घाइतेहरूको उपचार भइरहेको काठमाडौँस्थित अस्पतालमा समेत तथ्य सङ्कलन गर्न कर्मचारीहरू खटाएको छ ।

यसैगरी सशस्त्र द्वन्द्वका कारण मुलुकका विभिन्न भागबाट बिस्थापित भएर केही दिन अघिसम्म काठमाडौँको खुला मञ्चमा आश्रय लिइरहेका बिस्थापितहरूलाई सुरक्षाकर्मीले ज्यादती गरेको र त्यसमध्ये रूकुमका गणबहादुर घर्तीको सुरक्षाकर्मीले हस्तक्षेप गर्दा लागेको चोटका कारण मृत्यु हुन पुगेको भन्ने आमसञ्चारका माध्यममा प्रकाशित/प्रसारित समाचारप्रति पनि आयोगको ध्यानाकर्षण भएको छ । सोसम्बन्धमा पनि आयोगले आजैबाट अनुसन्धान थालेको छ ।

यसका साथै आजै संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित अनुगमन कार्यालयका प्रमुख इयान मार्टिन आयोगमा आई आयोगका पदाधिकारीहरूसँग मानवअधिकारको वर्तमान अवस्थाबारे छलफल गर्नुभयो । सो अवसरमा नेपालमा मानवअधिकारको संरक्षणका लागि दुई कार्यालयबीच कसरी समन्वय गर्न सकिन्छ ? भन्ने बारेमा छलफल भएको थियो । मार्टिनले राष्ट्रिय मानवअधिकार आयोगलाई अरू सक्षम बनाउन संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयबाट निरन्तररूपमा प्राविधिक सहयोग उपलब्ध गराउनेप्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## **१.१४ आयोगद्वारा मानवअधिकार पालनाको सन्दर्भमा श्री ५ को सरकारको ध्यान आकृष्ट**

ललितपुर/ २०६२ जेठ ३० गते

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार पालनाको सन्दर्भमा देखापरेका केही समस्याहरूको समाधानको लागि श्री ५ को सरकारको ध्यान आकृष्ट गरेको छ ।

आकृष्ट गरिएका विषयहरूमध्ये श्री ५ को सरकारले सङ्कटकाल लागू हुँदा हिरासतमा राखेका धेरै राजनीतिक व्यक्तित्वहरूलाई छाडी सकिएको कदमलाई सकारात्मक ठहऱ्याउँदै वैचारिक आस्था राखेकै कारणबाट अझै केही राजनीतिक व्यक्तिहरू तथा मानवअधिकारकर्मीसमेत हिरासतमा नै रहिरहेको उजुरीहरू प्राप्त भइरहेकोले त्यस्ता व्यक्तिहरूलाई यथासक्य चाँडो थुनामुक्त गरी प्रजातन्त्र, कानुनी शासन र मानवअधिकारप्रतिकोप्रतिबद्धतालाई व्यवहारमा चरितार्थ गराउन श्री ५ को सरकार समक्ष अनुरोध गरेको छ ।

यसै क्रममा सर्वोच्च अदालतको आदेशबाट छाडिएका विभिन्न व्यक्तिहरूलाई पूनः लगत्तै पक्राउ गर्ने गरिएको पाइएकोले सो कार्यले कानुनी राज्य तथा स्वतन्त्र न्यायपालिकामाथिसमेत प्रश्न उठ्ने हुनाले सो कार्य बन्द गर्न आवश्यक व्यवस्था गर्नसमेत आयोगले अनुरोध गरेको छ साथै जनप्रिय क्याम्पस पोखराका क्याम्पस प्रमुख गणेशमान पालिखे तथा दुई जना अङ्गरक्षकको माओवादीद्वारा हत्या गरिएको र काभ्रेपलाञ्चोकस्थित नार्केखोलामा माओवादीद्वारा सार्वजनिक यातायातको साधन बसमा गरिएको आक्रमणबाट दुई जना सर्वसाधारणसहित छ जना सुरक्षाकर्मीको घटनास्थलमै मृत्यु भएको भनिएका घटनाको अनुसन्धान गर्नका लागि आयोगद्वारा अनुसन्धान टोली खटाइसकिएकोले आयोगको अनुसन्धान तथा अनुगमन कार्यमा सहयोग पुऱ्याइदिन सम्बन्धित सबैलाई जानकारीका साथै अनुरोध गरेको छ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## **१.१५ सरकारले शान्तिपूर्णरूपमा विरोध प्रदर्शनमा उत्रेका पत्रकारहरूलाई पक्राउ गरेकोमा ध्यानाकर्षण**

ललितपुर/ २०६२ जेठ ३१ गते

राष्ट्रिय मानवअधिकार आयोगले श्री ५ को सरकारलाई आज एक पत्र पठाई २०६२ जेठ ३० गते शान्तिपूर्ण रूपमा विरोध प्रदर्शनमा उत्रेका पत्रकारहरूलाई सुरक्षाकर्मीले पक्राउ गरेको घटनाप्रति चासो व्यक्त गरेको छ ।

आयोगले सरकारलाई पठाएको पत्रमा सादा पोशाकका सुरक्षाकर्मीहरूले गाली गलौज, कुटपिट र दुर्व्यवहार गरी थुनुवा पुर्जीसमेत नदिई पत्रकारहरूलाई पक्राउ गरी थुनामा राख्ने कार्य कानुनसम्मत नभएको देखिएकोले कानुनी शासन, प्रजातन्त्र र मानवअधिकारका मूल्य र मान्यतालाई सम्मान गर्दै

सरकारका काम कार्वाहीलाई कानुनसम्मत ढङ्गले सञ्चालन गर्ने गराउनेसम्बन्धमा मातहत निकायमा अबिलम्ब आवश्यक निर्देशन दिन अनुरोध गरेको छ ।

यसअघि हिजो राति आयोगका माननीय सदस्य सुदीप पाठकको नेतृत्वमा आयोगको टोलीले पत्रकारहरूलाई राखिएको जनसेवा प्रहरी कार्यालय विशालबजार, वडा प्रहरी कार्यालय सिंहदरबार र वडा प्रहरी कार्यालय कमलपोखरीको अनुगमन गरेको थियो ।
(राधाकृष्ण उप्रेती, उपसचिव )

## १.१६ नेकपा माओवादीद्वारा भएको कैलाली जिल्लाको बनबेहडा घटनाबारे आयोगको चासो

ललितपुर/ २०६२ असार २ गते

कैलाली जिल्लाको बनबेहडास्थित सशस्त्र प्रहरी बडिमालिकामा कार्यरत सशस्त्र प्रहरी जवानका श्रीमतीहरू तीन जना, एक नाबालक र सशस्त्र प्रहरीमा भर्ती हुन आएका दुई जना सर्वसाधारणको अपहरणपश्चात भएको हत्याको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग गम्भीर चासो व्यक्त गर्दछ ।

आयोगको नेपालगञ्जस्थित क्षेत्रीय कार्यालयबाट खटिएका अधिकृतहरूले सो घटनाका विषयमा हिजैबाट स्थलगत अनुसन्धान सुरु गरिसकेका छन् । आयोगको अनुसन्धान टोलीलाई घटनाका विषयमा तथ्य सङ्कलन गर्न सहयोग पुऱ्याउन आयोग सम्बन्धित सबैलाई अनुरोध गर्दछ ।

निहत्था र निशस्त्र सर्वसाधारण नागरिकको अपहरण र हत्या मानवअधिकारका प्रचलित सिद्धान्त र अन्तर्राष्ट्रिय मानवीय कानुनको ठाडो उल्लङ्घन हो । तसर्थ जुनसुकै पक्षले घटाएको भए पनि आयोग सो घटनाको भर्त्सना गर्दछ । आयोग भविष्यमा यस किसिमका घटना नदोहोऱ्याउन सम्बन्धित पक्षलाई पुनः आह्वान गर्दछ ।
(राधाकृष्ण उप्रेती, उपसचिव)

## १.१७ आयोगद्वारा अपहरित सर्वसाधारण र सुरक्षाकर्मीहरूको बिना सर्त सकुशल रिहाइका लागि माओवादीलाई आग्रह

ललितपुर/२०६२ असार ८ गते

राष्ट्रिय मानवअधिकार आयोगमा नेकपा माओवादीको समूहले जिल्ला प्रहरी कार्यालय, खोटाङ, दिक्तेलमा कार्यरत असई भुवनकुमार राउत, हवल्दारद्वय राजेन्द्र यादव र टेकबहादुर भण्डारी, प्रहरी जवानहरू रोशन सुब्बा, देवेन्द्र कार्की, दीपेन्द्र सिंह, रामनन्द महात्मा, रामदयाल यादव र जगत लिम्बुलाई यही असार ५ गते खोटाङ सदरमुकाम दिक्तेल आक्रमणको क्रममा अपहरण गरेको भनी उजुरीहरू प्राप्त भएका छन् ।

त्यसैगरी कपिलवस्तु तिलौराकोटका रूपमणि गिरीलाई सोही जिल्लाको कोपवा गाउँबाट यही असार ३ गते, वीरेन्द्र प्रहरी अस्पतालमा कार्यरत असई कृष्णबहादुर बस्नेतलाई सिन्धुपाल्चोकको चौताराबाट

गत फागुन १३ गते नेकपा (मार्क्सवादी) सिन्धुली जिल्ला कमिटी सदस्य नरबहादुर पुलामीकी छोरी जमुना पुलामी तथा जितबहादुर पुलामीका छोरीहरू सीता पुलामी र परी पुलामीलाई गत जेठ २८ गते सोही जिल्लाको जरायोटार गाउँबाट माओवादीले अपहरण गरी बेपत्ता बनाएको उजुरी पनि आयोगमा प्राप्त भएको छ ।

मानवअधिकारका प्रचलित सिद्धान्त र अन्तर्राष्ट्रिय मानवीय कानुनप्रति वफादार रहेको भनी पटकपटक सार्वजनिक अभिव्यक्ति दिने नेकपा माओवादीका यी कार्य आ⁰ नोप्रतिबद्धताविपरीत भएको स्मरण गराउँदैं आयोग अपहरित सर्वसाधारण र सुरक्षाकर्मीहरूको बिना सर्त सकुशल रिहाइका लागि माओवादीलाई आग्रह गर्दछ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## १.१८ पुनः पक्राउ गर्ने कार्य रोक्न श्री ५ को सरकारलाई अनुरोध

ललितपुर/ २०६२ असार ९ गते

राष्ट्रिय मानवअधिकार आयोगले श्री ५ को सरकारलाई सर्वोच्च अदालतको आदेशबाट छुटेका व्यक्तिलाई तत्काल पुनः पक्राउ गर्ने कार्य रोक्न पटकपटक सिफारिस गरेपछि पनि थुनामुक्त हुनेवित्तिकै गिरफ्तार गर्ने गरिएको विषयमा आयोगमा विभिन्न उजुरीहरू प्राप्त भइरहेका छन् ।

सोही सन्दर्भमा मिति २०६२/०३/०१ गते जनमोर्चा नेपालका महासचिव नवराज सुवेदीलाई अदालतको आदेशले मुक्त भएलगत्तै पक्राउ गरिएको विषयमा आयोगमा उजुरी पर्न आएकोले आजै मिति २०६२/०३/०९ का दिन आयोगका सदस्य तथा कर्मचारीसमेतको टोलीले जिल्ला प्रहरी कार्यालय, ललितपुरमा गई निज सुवेदीसँग भेट गऱ्यो ।

आयोगले आजै श्री ५ को सरकारलाई एक पत्र पठाई अदालतको आदेशबमोजिम थुनामुक्त भएलगत्तै पुनः पक्राउ गर्ने कार्य विधिको शासन अनुकूल नहुँदा सोतर्फ पुनः ध्यानाकर्षण गराउँदै यस्ता कार्यहरू नदोहोरिनेतर्फ आवश्यक व्यवस्था अविलम्ब मिलाउन अनुरोध गरेको छ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## १.१९ सिरहाका एलडीओमाथि भएको कुटपिटका सम्बन्धमा आयोगको अनुसन्धान

विराटनगर/ २०६२ असार २८ गते

जिल्ला विकास समिति सिरहाका निमित्त स्थानीय विकास अधिकारी केशवप्रसाद विमलीमाथि यही असार १९ गते पूर्वाञ्चल क्षेत्रीय प्रशासक र सगरमाथा अञ्चल प्रशासकले कुटपिट गरेको र शौचालयभित्र थुनेको भन्ने आयोगमा प्राप्त उजुरीउपर राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धान सुरु गरेको छ ।

यसक्रममा आयोगका सदस्यद्वय सुदीप पाठक र गोकुल पोखरेलसहित आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालय विराटनगरबाट खटी गएको अनुसन्धान टोलीले आज बिहान निमित्त स्थानीय विकास अधिकारी विमलीलाई जिल्ला प्रहरी कार्यालय मोरङमा गई भेट गरेको थियो ।
(केदारप्रसाद पौडयाल, का.मु. सचिव)

## १.२० शान्तिपूर्ण रूपमा विरोध गर्न पाउने अधिकार सुनिश्चित गर्न सरकारलाई आग्रह

ललितपुर/ २०६२ साउन १२ गते

राष्ट्रिय मानवअधिकार आयोग नागरिकको शान्तिपूर्ण रूपमा भेला भई आफूलाई लागेको विचार व्यक्त गर्न पाउने अधिकारको सम्मान गर्न श्री ५ को सरकारलाई आग्रह गर्दछ ।

गत सोमबार साँझ काठमाडौँको रत्नपार्कमा नागरिक समाजले आयोजना गरेको शान्तिपूर्ण र्‍यालीमा हस्तक्षेप गरी सरकारले वर्तमान संविधानप्रदत्त मौलिक हक विचार र अभिव्यक्ति तथा विना हात हतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रताको ठाडो उल्लङ्घन गरेको छ । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२ को उपधारा २ को (क)ले विचार र अभिव्यक्ति तथा (ख)ले बिना हात हतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता प्रदान गरेको छ ।

यसका साथै सरकारको सो कार्यबाट नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी अभिसन्धि तथा संयुक्त राष्ट्रसङ्घद्वारा जारी मानवअधिकारको विश्वव्यापी घोषणाको पनि उल्लङ्घन हुन पुगेको छ । नेपाल पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धिको धारा २१ मा “शान्तिपूर्वक भेला हुने अधिकारलाई स्वीकार गरिने” उल्लेख छ भने मानवअधिकारको विश्वव्यापी घोषणाको धारा २० ले पनि शान्तिपूर्वक रूपमा भेला हुने अधिकार सबै मानिसलाई प्रदान गरेको छ ।

सरकार मुलुकमा कानुनी शासन वहाल गर्न सधैँ सक्रिय रहनुपर्छ । यस क्रममा उसले संविधानप्रदत्त अधिकारको सही अभ्यासमा कसैले बाधा सिर्जना गरे त्यसको संरक्षण गर्नुपर्ने दायित्व हुन्छ । तर आफैँ संविधानप्रदत्त अधिकार उपभोग गर्नबाट नागरिकलाई वञ्चित गराउन उन्मुख रहन्छ भने त्यसको जति निन्दा गरे पनि पुग्दैन । त्यसैगरी आफू पक्ष भइसकेको अन्तर्राष्ट्रिय सन्धि तथा अभिसन्धिको पालना गर्नु पनि सरकारकै दायित्व हो । यी कुरालाई ख्याल राखी आगामी दिनमा कानुनद्वारा प्रदत्त अधिकारको उपभोगमा अवरोध सिर्जना नगर्न आयोग सरकारलाई सचेत गराउन चाहन्छ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव )

१.२१ सरकारले एफएमप्रसारण संस्थाहरूको सेवा सीमित गर्ने गरी जारी गरेको सूचनासम्बन्धमा

ललितपुर/ २०६२ साउन १३ गते

राष्ट्रिय मानवअधिकार आयोगले श्री ५ को सरकारलाई आज एक पत्र पठाई श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयले एफएम प्रसारण संस्थाहरूका नाममा २०६२ जेठ ३१ गते जारी गरेको सूचनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

सरकारले एफएम प्रसारण संस्थाहरूको सेवा सीमित गर्ने गरी ती संस्थाहरूको नाममा जारी गरेको सूचनाबाट विभिन्न जानकारीमूलक सामग्रीहरूबारे सूचित हुने हकबाट आमनागरिक वञ्चित हुनुपरेको उल्लेख गर्दै सो पत्रमा संविधानको मर्म र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी प्रावधानहरूप्रति संवेदनशील भई आमनागरिकको सूचित हुने अधिकार तथा विचार र अभिव्यक्ति स्वतन्त्रताको संरक्षण गर्न आवश्यक कदम अविलम्ब अघि बढाउन सिफारिस गरिएको छ ।

सर्वसाधारणलाई सुसूचित गर्ने सर्वसुलभ माध्यमको रूपमा कार्यरत एफएम रेडियोहरूले मुलुकमा विद्यमान द्वन्द्वका कारण स्वतन्त्रतापूर्वक आफ्नो दायित्व निर्वाह गर्न अवरोधहरूको सामना गर्नुपरिरहेको अवस्थामा सूचना तथा सञ्चार मन्त्रालयको २०६२ जेठ ३१ गतेको सूचनाले आमनागरिकलाई सत्यतथ्य र वस्तुगत सामग्रीहरू दिएर सुसूचित गर्ने जिम्मेवारी बहन गर्ने रेडियो प्रसारण संस्थाहरूलाई संविधानप्रदत्त हक उपभोग गर्न अवरोध भएको भन्ने जानकारीका आधारमा आयोगले सरकारलाई आज सो सिफारिस गरेको हो ।

सूचना तथा सञ्चार मन्त्रालयले जारी गरेको सो सूचनामा राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ) र नियम ९ को खण्ड (झ)ले दिएको अधिकार प्रयोग गरी एफएम प्रसारण संस्था वा व्यक्तिले विशुद्ध मनोरञ्जनात्म कार्यक्रम वा सामग्रीबाहेक अन्य समाचारमूलक कार्यक्रम वा सामग्री प्रसारणमा रोक लगाउने गरी सर्त तोकेको भए पनि त्यसरी रोक लगाउनुका आधारहरू र रोक लगाइएको अवधि खुलाइएको छैन ।

आमसञ्चार क्षेत्रलाई डर, त्रास र दवाबबाट मुक्त राख्न तथा स्वतन्त्र प्रेस र अभिव्यक्ति स्वतन्त्रताप्रति सम्मानपूर्वक व्यवहार गरी मानवअधिकारको पालनामा सघाउ पुऱ्याउन सम्बन्धित सबैलाई आयोग आह्वान गर्दछ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## १.२२ सिराहा र सप्तरीमा मानवअधिकारको अवस्था खस्कँदो

विराटनगर/ २०६४ साउन २३ गते

घटना १
सप्तरी जिल्ला सीतापुर गाविसका स्थानीय कपडा पसले मोहन गौतमलाई साउन १८ गते राति अपहरण गरी जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह समूह)ले लगेको र २१ गते बिहान घाँटी र छातीमा गोली हानी हत्या गरिएको अवस्थामा महौली खोलाको बगरमा लास फेला परेको ।

घटना २

सप्तरी जिल्ला फत्तेपुर गाविस हडिया घर भै महौली बजारमा होटल व्यवसाय गरी बसेका प्रेम कार्कीलाई यही साउन २१ गते राति केही अज्ञात व्यक्तिहरूले अपहरण गरी लगेको र हालसम्म निजको स्थिति अज्ञात रहेको ।

घटना ३

मिति २०६४ साउन २१ गते बेलुकी ७ बजेको समयमा जिल्ला सिरहा असनपुर गाविस वडा नं. ७ बस्ने मेहन लामालाई तीनओटा मोटरसाइकलमा आएका ७ जना व्यक्तिहरूले अपहरण गरी लगेको र अहिलेसम्म निजको अवस्था अज्ञात रहेको ।

घटना ४

जिल्ला सप्तरी कोइलाडी गाविस वडा नं. ८ स्थायी घर भएका फुलेश्वर साहुका वर्ष १२ का छोरा जयशंकर साहुलाई साउन १६ गते राति आफ्नै घरबाट अज्ञात हतियारधारी व्यक्तिहरूले अपहरण गरी लगेको र अहिलेसम्म निजको अवस्था अज्ञात रहेको ।

अतः व्यक्तिलाई अपहरण गर्ने, धम्क्याउने, शारीरिक र मानसिक यातना दिने, आर्थिक शोषण गर्ने र हत्या गरी राज्यसँग विद्रोह गरिरहेको दावी गर्ने द्वन्द्वरत भनिएका विभिन्न समूहहरूको भनाइ र गराइप्रति सामन्जस्यता नदेखिएकोमा आयोग गम्भीर चासो र सरोकार व्यक्त गर्दछ ।

राजनैतिक कारणले अपहरण वा कब्जामा लिइएका भनिएका व्यक्तिहरूलाई मानवअधिकार र मानवीय कानुनको अन्तर्राष्ट्रिय मापदण्डविरुद्ध अमानवीय व्यवहार गरिएको, चरम यातना दिइएको र आर्थिक शोषण गरिएको समाचार र सूचनाहरू बेलाबेलामा विभिन्न सञ्चार माध्यममार्फत सार्वजनिक भइरहेका छन् । यस्ता गतिविधिले सम्बन्धित पक्षको राजनीतिक उचाइमा समेत आघात पुऱ्याउँदछन् ।

उल्लिखित प्रकृतिका कुनै पनि घटना नदोहोऱ्याउन, अपहरितहरूको शीघ्र रिहाइ गरी बाँच्न पाउने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकारको सम्मान गर्न सम्बन्धित सबै पक्षलाई अयोगको क्षेत्रीय कार्यालय अनुरोध गर्दछ साथै जनताका सरोकारलाई सम्बोधन गर्न र नागरिकको सुरक्षा गर्ने उत्तरदायित्व अझ गम्भीरतापूर्वक लिन नेपाल सरकारलाई आयोगको कार्यालय आग्रह गर्दछ ।
(नितु गर्तौला, नि. निर्देशक)

## १.२३ आयोगले अनुगमन थाल्यो

ललितपुर/२०६२ भदौ २८ गते

राष्ट्रिय मानवअधिकार आयोगले राजधानीका विभिन्न स्थानहरूमा राजनीतिक दलहरूले आयोजना गरेको विरोध प्रदर्शनका क्रममा भएका घटनाहरूको अनुगमन सुरु गरेको छ ।

अनुगमनका सिलसिलामा आयोगका सदस्यहरू सुशीलासिंह सिलु, सुदीप पाठक, गोकुल पोखरेल र डा. रामदयाल राकेशसहित आयोगका संरक्षण अधिकृतहरू सम्मिलित आयोगका विभिन्न टोलीले आज आयोजित विरोध प्रर्दशनको अनुगमन सम्पन्न गरे । विरोध प्रदर्शन गरिएका धेरैजसो स्थानमा आयोग टोली पुगी अनुगमन सम्पन्न गरेको हो ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## १.२४ श्री ५ को सरकारले सञ्चारसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश जारी गरेकोमा ध्यानाकर्षण

ललितपुर/२०६२ कार्तिक ७ गते

श्री ५ को सरकारले २०६२ असोज २३ गते जारी गरेको सञ्चारसम्बन्धी केही नेपाल ऐनलाई संसोधन गर्न बनेको अध्यादेश, २०६२ ले संविधानप्रदत्त विचार र अभिव्यक्ति स्वतन्त्रता, छापाखाना र पत्रपत्रिकासम्बन्धी हक तथा सूचनाको हकको निर्वाध अभ्यासमा असर पारेको भनी आमसञ्चार माध्यममा प्रकाशित/प्रसारित समाचारका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । सो अध्यादेशको मानवअधिकारका दृष्टिकोणबाट आयोगले पुनरावलोकनको कार्य सुरु गरेको छ ।

यसैगरी यही कात्तिक ४ गते शुक्रबार राति ललितपुरको पुल्चोकस्थित कान्तिपुर एफएम स्टेसनमा भएको घटनाका सम्बन्धमा पनि आयोगले छानबिन अघि बढाएको छ ।

आयोग संविधान र नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूद्वारा प्रत्याभूत गरिएका अधिकारको विपरीत हुने किसिमका व्यवहार नगर्न सम्बन्धित सबैलाई आग्रह गर्दछ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## १.२५ कान्तिपुर एफएम रेडियो स्टेशनमा भएको घटनाको सम्बन्धमा श्री ५ को सरकारलाई सिफारिस

ललितपुर/२०६२ कार्तिक ११ गते

राष्ट्रिय मानवअधिकार आयोगले यही कात्तिक ४ गते राति पुल्चोकस्थित कान्तिपुर एफएम रेडियो स्टेशनमा भएको घटनाको सम्बन्धमा श्री ५ को सरकारलाई आज सिफारिस पठाएको छ । आयोगले उक्त घटनाका सम्बन्धमा प्राप्त गरेको तथ्य र श्री ५ को सरकारलाई गरेको सिफारिस निम्नानुसार छ ।

क) श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयले केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०६२ द्वारा संशोधित राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ११ (क) मा व्यवस्था भएबमोजिम श्री ५ को सरकारको स्वीकृति नलिई कुनै पनि प्रसारण संस्थाले एक ठाउँबाट प्रसारण भइरहेका कार्यक्रम एकै पटक अन्य ठाउँबाट प्रसारण गर्न नपाउनेमा कान्तिपुर एफएमले काठमाडौं र भेडेटारबाट एकै पटक कार्यक्रम प्रसारण गरी उक्त संशोधित ऐनमा भएको व्यवस्था उल्लङ्घन

गरेको जनाएको तर कान्तिपुर एफएमको भनाइमा हालको नयाँ संशोधित प्रावधानले पनि इजाजत लिएर त्यस्तो प्रसारण गर्न पाइने नै भएको, पहिले इजाजत लिई चलाइराखेकाहरूले पुनः इजाजत लिनुपर्ने भन्नेसमेतको कुनै व्यवस्था नयाँ संशोधनले नगरेको हुँदा मिति २०५७/१२/१७ को मन्त्रीस्तरीय निर्णयअनुसार मिति २०५७/१२/३० मा इजाजत प्राप्त गरी कानुनबमोजिम नै कार्यक्रम सञ्चालन गर्दै आएको हुँदा नयाँ कानुनी व्यवस्थाले पनि प्रसारण गर्न रोक नलागेकोले प्रसारण कार्य चालू राखेको भन्ने भनाइ रहेको छ ।

ख) प्रस्तुत विषयमा कान्तिपुर एफएमलाई सफाइको उचित मौका नदिएको देखियो । दिउँसो अनुगमनको लागि आएको टोलीले कुनै कुराको निर्देशन वा कानुनविपरीत भएको भन्ने कुनै जानकारी नदिई सबै इजाजतपत्रहरूको अवलोकन गरिसकेपछि कुनैप्रतिक्रिया नजनाई फिर्ता गएकोमा पुनः पूर्व सूचनाबेगर रातको समयमा एफएम कक्षभित्र प्रवेश गरी उपकरणहरू लिई गएको देखियो ।

ग) मन्त्रालयबाट दिउँसो आएको टोलीले केही नगरी फिर्ता गएपछि राति नै पुनः आई उपकरणसमेत लिई जानुपर्नेसम्मको विशेष अवस्था के परेको थियो भन्ने पनि सम्बन्धित एफएमलाई जानकारी गराइएको पाइएन । रातमा कसैको घरमा प्रवेश गर्नै पर्ने भएमा मुलुकी ऐनको अ. ब. १७२ तथा अ. ब. ११६ का प्रावधानहरू पालन गर्नुपर्ने हुन्छ । ती प्रावधानहरू पालन नभएको आयोगको अनुसन्धानबाट देखिएको छ ।

घ) कानुन उल्लङ्घन भएको अवस्थामा पनि राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १७ ले उक्त कानुनविपरीतको कार्य गर्ने व्यक्तिलाई सजाय हुन सक्ने व्यवस्था गरेको छ । तर उपकरणहरू नै लिई जान सक्ने व्यवस्था कानुनमा भएको देखिएन । यसबाट यो दफालगायत नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४, १७ तथा २२ को उल्लङ्घन हुन गएको छ । यसैगरी नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकार विषयक महासन्धिको धारा ९, धारा १४ तथा धारा १९ को समेत उलङ्घन भएको देखिन्छ ।

संविधान तथा कानुनले प्रत्याभूत गरेका मौलिक हक र मानवअधिकारका आधारभूत सिद्धान्तहरूको सम्मान गर्न; मानवअधिकार उल्लङ्घन हुने कुनै कार्य नगर्न नगराउन र सञ्चारकर्मीहरूको जीवन, सम्पत्ति, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न र लिई गएका उपकरणहरू कान्तिपुर एफएमलाई फिर्ता गर्न श्री ५ को सरकारलाई सिफारिस गरिएको छ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## १.२६ माओवादीका कार्याकर्ताहरूद्वारा अपहरित सम्झना खत्रीसहित १३ जना बालबालिकाको सकुशल रिहाइको आग्रह

पोखरा/२०६२ मङ्सिर २ गते

कास्की जिल्लाको रूपाकोट गाविसस्थित श्री चन्द्रप्रभा मावि रूपाकोटमा अध्ययन गरिरहेकी सम्झना खत्रीसहित १३ जना विद्यार्थीहरूलाई नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी लगेको हुँदा सकुशल रिहाइको लागि पहल गरिदिन राष्ट्रिय मानवअधिकार आयोगको यस कार्यालयमा पर्न

आएका उजुरीसम्बन्धमा र सोही जिल्लाको उत्तरी क्षेत्रमा रहेको थुमाकोडाँडा गाविस तारङ्गाबाट शिक्षक बृहस्पति सापकोटासहित २० जना विद्यार्थीहरूलाई नेकपा माओवादीका कार्यकर्ताहरूले अपहरण गरी लगेको घटनाका सम्बन्धमा यस राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय, पोखराको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगको यस क्षेत्रीय कार्यालय नेकपा माओवादीलाई अपहरित सम्पूर्ण शिक्षक तथा विद्यार्थीहरूलाई सकुशल अविलम्ब रिहाइ गरी मानवअधिकारको सम्मान तथा पालना गर्न र यस प्रकारका घटना नदोहोऱ्याउनसमेत आग्रह गर्दछ ।
(प्रेमबहादुर थापा, नि. निर्देशक)

## १.२७ आयोगले शुक्रबार हुने प्रदर्शनको अनुगमन गर्ने

ललितपुर/२०६२ मङ्सिर १५ गते

राष्ट्रिय मानवअधिकार आयोगले यही मङ्सिर १७ गते काठमाडौँमा हुने भनिएको राजनीतिक दलको शान्तिपूर्ण प्रदर्शनको अनुगमन गर्ने निर्णय गरेको छ ।

नेपाल अधिराज्यको संविधान तथा कानुनहरूले विना हात हतियार शान्तिपूर्ण रूपमा सभा सम्मेलन गर्न एवम् आवतजावत गर्न पाउने अधिकार प्रत्याभूत गरेको सन्दर्भमा आयोगले यो निर्णय गरेको हो । आयोगको बैठकले हिजो गरेको निर्णयअनुसार सदस्य सुदीप पाठकको नेतृत्वमा अधिकृत कर्मचारीहरू संलग्न टोलीले उक्त प्रदर्शनको अनुगमन गर्नेछ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## १.२८ माओवादीलाई स्वतन्त्रतापूर्वक बाँच्न र जीवनयापन गर्न पाउने अधिकारको सम्मान गर्न आह्वान

ललितपुर/२०६२ पुस २९ गते

राष्ट्रिय मानवअधिकार आयोगमा नेकपा माओवादीले मुलुकका विभिन्न भागमा व्यक्तिहरूलाई अपहरण गर्ने र धम्की दिनेजस्ता अमानवीय क्रियाकलापहरू गरेको भनी यो साता विभिन्न उजुरीहरू प्राप्त भएका छन् ।

प्राप्त उजुरीअनुसार दोलखा जिल्ला जफे गाविस वडा नं ४ बस्ने नरबहादुर न्यौपानेलाई उनका छोराहरू शाही नेपाली सेनामा जागीर खाएको आरोपमा नेकपा माओवादीले यही मङ्सिर १० गते अपहरण गरी ५० हजार बुझाउने सर्तमा मङ्सिर १२ गते अपहरणमुक्त गरेको र उक्त रकम नबुझाएमा हत्या गर्ने धम्कीसमेत दिएकोले ज्यूज्यानको रक्षा गरी मानवअधिकारको संरक्षण गरी पाऊँ भनी आयोगमा उजुरी पर्न आएको छ ।

यसैगरी माओवादी समूहले धादिङ जिल्ला केवलपुर गाविस वडा नं. २ बस्ने गोमाकुमारी कोइरालालाई २०६० पुस २८ गते राति ९ बजे र बारा जिल्ला भरतगञ्ज सिँगौल गाविस वडा नं.

१ बस्ने सन्तोष केसीलाई यही पुष ९ गते दिउँसो निजहरूकै घरबाट केही कुरा बुझ्नु छ भनी कब्जामा लिएर गएको र हालसम्म पनि मुक्त नगरेको भनी आयोगमा उजुरी परेको छ ।

आयोग नेकपा माओवादीलाई पटकपटक सार्वजनिक रूपमा मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनप्रति जारी गरेकोप्रतिबद्धतासमेतलाई ध्यानमा राखी मानवअधिकार तथा मानवीय कानुनको पूर्ण पालना गर्नका निम्ति अपहरित व्यक्तिको विना सर्त तत्काल रिहाइ एवम् स्वतन्त्रतापूर्वक बाँच्न र जीवनयापन गर्न पाउने अधिकारको सम्मान गर्न आह्वान गर्दछ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## १.२९ आयोगको सदस्यसहितको टोलीद्वारा मानवअधिकार अवस्थाको अनुगमन

ललितपुर/२०६२ माघ ७ गते

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठकसहितको टोली काठमाडौँ उपत्यकामा मानवअधिकार अवस्थाको अनुगमनका क्रममा खटिई गएको छ ।

यसक्रममा आयोग टोलीले प्रमुख राजनीतिक दलका शीर्षनेताहरूको घरमा पुगी पार्टी नेता तथा कार्यकर्ताहरूको अवस्थाबारे जानकारी लिनेछ । त्यसैगरी टोलीले राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले पक्राउ गरी राखिएका स्थानहरूमा समेत पुगी थुनुवाहरूको मानवअधिकार स्थितिबारे जानकारी लिनेछ ।

आयोग टोलीले नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेलाई उहाँहरूको निवासमा पुगी भेट गर्नेछ । त्यसैगरी आयोग टोलीले राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूलाई पक्राउपश्चात राखिएको २ नं. प्रहरी गण महाराजगञ्ज र दुवाकोटस्थित थुनुवा केन्द्रको पनि अनुगमन गर्नेछ । यसका साथै आयोग टोली मानवअधिकार अवस्थाको अनुगमनकै सिलसिलामा आज दिउँसो वसन्तपुर क्षेत्रमा पनि पुग्नेछ ।

आयोगमा प्राप्त प्रारम्भिक जानकारीअनुसार नेकपा (एमाले)का महासचिव नेपाल र नेपाल मजदूर किसान पार्टीका अध्यक्ष बिजुक्छेलाई तीन महिने पक्राउ पूर्जी दिइएको छ भने नेकपा (एमाले)का नेता खड्ग ओलीलाई काठमाडौँ जिल्ला प्रशासन कार्यालयले स्थानहदको पूर्जी दिएको छ ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## १.३० माओवादीद्वारा अपहरण परेको रजिष्ट्रार तथा अर्दलीको सकुशल रिहाइको आग्रह

विराटनगर/२०६२ माघ २६ गते

राष्ट्रिय मानवअधिकार आयोगमा व्यक्ति अपहरण, सम्पत्ति कब्जा विषयमा विभिन्न उजुरीहरू प्राप्त भएका छन् । धनकुटा जिल्ला पुनरावेदन अदालतमा कार्यरत रजिष्ट्रार पशुपति आचार्य, अर्दली

तुलाराम पहरी र क्षेत्रीय प्रशासनको कार्यालयमा कार्यरत शाखा अधिकृत फणिन्द्र पोखरेललाई २०६२ माघ २५ गते नेकपा माओवादीले अपहरण गरी लगेको र हालसम्म पनि निजहरूको अवस्था अज्ञात रहेकोमा जीवनरक्षा तथा सकुशल रिहाइको लागि पहल गरिदिन,

सिराहा जिल्ला जुम्दह गाविसस्थित चन्द्र मावि तेत्तरियाका प्र.अ. सनउल्ला खाँलाई २०६२ माघ १८ गते विद्यालयमा कार्यरत रहेको अवस्थाामा चार/पाँच जनाको समूहमा आएको नेकपा माओवादीको समूहले तपाईंसँग केही काम छ भनी विद्यालयबाहिर बोलाई अपहरण गरी लगेको,

सुनसरी जिल्ला धमौली गाविस घर भै सुनसरी पेपर फ्याक्ट्रीमा सुपरभाइजरमा कार्यरत वर्ष २१ को भोला सुवेदीलाई माघ १४ गते दिनको ३.३० बजे नेकपा माओवादीले अपहरण गरी लगेको,

इलाम जिल्ला फाकफोक गाविस ४ निवासी  सोमविक्रम बोहोराको फुयँतप्पा गाविसस्थित आफन्तको घरबाट नेकपा माओवादीले २०६२ मङ्सिर ८ गते अपहरण गरी लगेको र हालसम्म पनि कुनै जानकारी प्राप्त नभएको,

इलाम जिल्ला कन्याम गाविस ज्यामिरगढी ५ निवासी रामबहादुर बोहोराको घरमा २०६२ मङ्सिर २३ गते नेकपा माओवादीसँग सम्बद्ध व्यक्तिहरूले चन्दा मागी घरबाट बाहिर निकाली ताला लगाइदिएकोले आफूसहित परिवारको विचल्ली भएको,

सोही जिल्ला जीतपुर गाविस वडा नं. ४ निवासी पुष्पलाल कट्टेल र परिवारका अन्य सदस्यहरू श्रीमती डम्बरकुमारी कट्टेल, छोराहरू टंकप्रसाद, ताराप्रसाद, आनन्दप्रसाद र बुहारी कमला कट्टेलको नाममा जीतपुर र मङ्गलवारे गाविसमा रहेको घरजग्गा २०६१ फागुन ७ गतेबाट कब्जामा लिई घरजग्गा उपभोग गर्नबाट बञ्चित गरेको,

त्यसैगरी २०६२/१०/२४ गते बेलुका ६.३० बजेतिर सप्तरी जिल्लाको कन्चनपुर गाविस वडा नं. ९ निवासी वर्ष ६५ का जितेन्द्रकुमार श्रेष्ठलाई आठ जनाको समूहमा आएका जनतान्त्रिक तराई मुक्ति मोर्चाका सेनाहरूले काम छ भनी घरबाटै बोलाई लगेको र हालसम्म पनि निजको अवस्था अज्ञात रहेकोमा जीवन रक्षा तथा सकुशल रिहाइको लागि पहल गरिदिन,

अतः आयोगले नेकपा माओवादीलाई बारम्बार मानवअधिकारको सम्मान गर्न तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालन गर्न अनुरोध गरेको र नेकपा माओवादी स्वयम्ले पनि मानवअधिकारको सिद्धान्त तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्नेप्रतिबद्धता जाहेर गरेकोमा सोको विपरीत गरिएको उपरोक्त कार्यहरूबाट नागरिकले स्वतन्त्ररूपमा उपभोग गर्न पाउने मानवअधिकार कुण्ठित भएकोले यस्ता कार्यहरू पुनरावृत्ति नगर्न र अपहरितहरूको शीघ्र रिहाइ गर्न र सम्पत्ति कब्जा गरिएकाहरूलाई आफ्ना घरजग्गा उपभोग गर्न दिई मानवअधिकारको सम्मान गर्न आयोग आग्रह गर्दछ ।
(जीवनारायण श्रेष्ठ, निर्देशक)

## १.३१ नेकपा माओवादीलाई सकुशल रिहाइको आग्रह

विराटनगर/२०६२ फागुन ९ गते

जिल्ला ओखलढुङ्गा कटुन्जे गाविस वडा नं. ७ बस्ने कुटुन्जे माविमा कक्षा १० मा अध्ययनरत लीला धमलालाई मिति २०६२/११/३ गते सोही विद्यालय परिसरबाटै नेकपा माओवादीले अपहरण गरी हालसम्म स्थिति अज्ञात पारेको हुनाले विना सर्त सकुशल रिहाइ गरी पाऊँ भन्ने ब्यहोराको उजुरीका साथै ५ जना सादा पोशाकमा आएका अज्ञात ब्यक्तिहरूले जिल्ला बारा हजारिया गाविस वडा नं. ३ घर भई अनुराग ट्रान्सपोर्टको गाडी नं. ना २ ख ८९०३ नं.को मालबाहक ट्रक चलाउने चालक सोमबहादुर योञ्जन मिति २०६२/११/७ गते दमकबाट विराटनगरतिर गाडी लिई फर्किरहेको क्रममा मोरङको कानेपोखरी र पथरीको बीचमा आइपुग्दा निज गाडी चालकलाई कब्जामा लिई हालसम्म निजको स्थिति अज्ञात बनाइरहेको हुनाले निजको बिना सर्त सकुशल शीघ्र रिहाइ गरी पाऊँ भनी यस कार्यालयमा उजुरी प्राप्त हुन आएको हुनाले सो घटनाप्रति यस क्षेत्रीय कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

अतः नेकपा माओवादीले मानवअधिकारको सम्मान गर्ने र अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्ने प्रतिवद्धता सार्वजनिक रूपमा व्यक्त गरे तापनि अपहरण गर्ने कार्य प्रतिबद्धताविपरीत रहेको स्मरण गराउँदै अपहरित लीला धमलालाई बिना सर्त सकुशल अविलम्ब रिहा गरी मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगर नेकपा माओवादी र गाडी चालक सोमबहादुर योञ्जनलाई अपहरण गर्ने सम्बन्धित पक्षलाई पनि आग्रह गर्दछ ।
(प्रदीपकुमार झा, नि. निर्देशक)

## १.३२ माओवादीलाई निःसर्त रिहाइ गर्न आग्रह

विराटनगर/२०६२ फागुन १८ गते

राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालयमा नेकपा माओवादीद्वारा नाकाबन्दी एवम् व्यक्ति अपहरणसम्बन्धमा उजुरीहरू प्राप्त भएका छन् ।

प्राप्त उजुरीअनुसार नेकपा माओवादीले पाँचथर जिल्लाको रवि खण्डमा विगत २०६२ भदौ महिनादेखि नाकाबन्दी गरेको कारण त्यस भेगका बासिन्दाहरूले विभिन्न समस्याहरू झेल्नुपरेको, खाद्यान्नलगायत अन्य उपभोग्य वस्तुहरूको अभावका कारण जनजीवन प्रभावित बन्न पुगेको, सो क्षेत्रमा एसएलसीको परीक्षा केन्द्रसमेत रहेको हुनाले त्यस भेगका विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूलेसमेत समस्या झेल्नुपरेको कारण सो नाकाबन्दी खुलाई जनजीवन सामान्य तुल्याउन पटकपटक नागरिक समाजमार्फत पहल भए पनि बारम्बार नेकपा माओवादीले सोको बेवास्ता गरेको हुनाले सो नाकाबन्दी खुलाउन आवश्यक पहल गरिदिन र तेह्रथुम जिल्ला म्याङलुङ गाविस ७ तीनपोखे निवासी हाल विष्णुदल गण, इटहरी व्यारेक, सुनसरीमा कार्यरत सिपाही टंकबहादुर मगरलाई घर गई कार्यालय फर्कने क्रममा २०६२ फागुन १५ गते सोही गाविसबाट नेकपा

माओवादीको एक समूहले अपहरण गरी लगेको र हालसम्म पनि स्थिति अज्ञात रहेको हुनाले निजको सकुशल निःसर्त रिहाइको लागि आवश्यक पहलको लागि उजुरी पर्न आएका छन् ।

अतः आयोगले नेकपा माओवादीलाई बारम्बार मानव-अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न अनुरोध गरेको र नेकपा माओवादी स्वयम्ले पनि मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्नेप्रतिबद्धता जाहेर गरेकोमा सोको विपरीत गई गरिएको नाकाबन्दी तथा घर बिदामा रहेका सुरक्षाकर्मीलाई कब्जामा लिने कार्यबाट नागरिकको स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने तथा जीवनको अधिकार हनन् भएको हुनाले तत्काल नाकाबन्दी खोली जनजीवन सामान्य तुल्याउन र कब्जामा रहेकालाई निःसर्त, सकुशल मुक्त गर्न आयोग नेकपा माओवादीलाई आग्रह गर्दछ ।
(प्रदीपकुमार झा, निमित्त निर्देशक)

## १.३३ आयोगद्वारा श्री ५ को सरकारलाई सिफारिस

ललितपुर/२०६२ चैत २४

सात राजनीतिक दलहरूले यही चैत २४ गतेदेखि आयोजना गरेको विरोध प्रदर्शनको यस आयोगले नियमित र सक्रिय रूपमा अनुगमन गरिरहेको छ । आयोगको काठमाडौंस्थित केन्द्रीय तथा विराटनगर, पोखरा, नेपालगञ्ज तथा धनगढीस्थित क्षेत्रीय कार्यालयहरूबाट खटिएका टोलीहरूले सम्बन्धित क्षेत्रमा भएका प्रदर्शनहरूमा मानवअधिकार अवस्थाको अनुगमन गरिरहेका छन् ।

मिति २०६२/१२/२९ गतेको अनुगमनबाट काठमाडौंमा कर्फ्यू लागू नभएको चक्रपथबाहिरका गाँगबु, गोपीकृष्ण हल, चुच्चेपाटी, बौद्ध, कलङ्कीलगायतका क्षेत्रहरूमा सात दलले आयोजना गरेको प्रदर्शनमा सुरक्षाकर्मीहरूबाट व्यक्तिलाई नियन्त्रणमा लिँदा र नियन्त्रणमा लिइसकेपछि बदलाको भावनाबाट अत्यधिक बल प्रयोग गरिएको, निर्घात कुटपिट गरिएको र जथाभावी गोली चलाउँदा सयौंको संख्यामा प्रदर्शनकारी, सर्वसाधरण, वटुवा, चिकित्सक, मानवअधिकारकर्मी र पत्रकारलगायतका व्यक्तिहरू गम्भीर घाइते भएको पाइएको छ । कर्फ्यू लागाइएको क्षेत्रभित्र भएका प्रदर्शनमा पनि बदलाको भावनाले निर्घात कुटपिट गर्ने कार्य भएको पाइएकाले त्यस कार्यमा संलग्न सुरक्षाकर्मीका कमाण्डरलगायत सुरक्षाकर्मीलाई आवश्यक कानुनी कार्वाही गर्न तथा तत्काल त्यस्ता कार्य बन्द गर्न आयोग श्री ५ को सरकारलाई सिफारिस गर्दछ ।

यसै सन्दर्भमा २०६२/१२/२९ गते काठमाडौंको गाँगबु क्षेत्रमा सशस्त्र प्रहरी बलद्वारा गोलीसमेत चलाई अत्यधिक बल प्रयोग गरी सयौं व्यक्तिलाई घाइते बनाइएको पाइएकोले सो क्षेत्रमा खटिएका सुरक्षा प्रमुख सशस्त्र प्रहरी बलका बरिष्ठ प्रहरी उपरीक्षक माधव थापालाई आवश्यक सोधपुछको लागि आयोगमा उपस्थित हुन बोलाइएको छ ।

प्रदर्शनका क्रममा घाइते भएका सम्पूर्ण व्यक्तिहरूको निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्नसमेत आयोग पुनः श्री ५ को सरकारलाई सिफारिस गर्दछ । साथै आयोजकबाटसमेत कतिपय स्थानमा बालबालिकालाई प्रयोग गरिएको, सार्वजनिक तथा व्यक्तिगत सम्पत्तिको तोडफोड र आगजनी

गरिएको पाइएकोले आफ्ना कार्यक्रमहरू शान्तिपूर्ण किसिमले सञ्चालन गर्न र सर्वसाधरण जनताको स्वतन्त्र आवागमन गर्ने तथा जीविका सञ्चालन गर्ने अधिकारको उपभोग गर्न बाधा नपुऱ्याउन आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ ।

(राधाकृष्ण उप्रेती, निमित्त सचिव)

## १.३४ दयाराम परियारप्रति श्रद्धाञ्जलि

विराटनगर/२०६२ चैत १६ गते

राष्ट्रिय मानवअधिकार आयोगका सम्पर्क कार्यालय जनकपुरमा कार्यरत मानवअधिकार सहायक दयाराम परियारको मिति २०६२ चैत ११ गते जनकपुरमा प्रहरीको गोली प्रहारबाट घाइते भई त्रि.वि. शिक्षण अस्पताल काठमाडौंमा उपचारको क्रममा मिति २०६२ चैत १५ गते बिहान ०२:१५ बजे असामायिक निधन भएको छ ।

स्वर्गीय परियारको निधनबाट आयोगले मात्र नभई राष्ट्रले नै एक निष्ठावान् मानवअधिकारप्रतिप्रतिवद्ध अधिकारकर्मी गुमाउन पुगेको छ । राष्ट्रिय मानवअधिकार आयोगको यस क्षेत्रीय कार्यालय स्व. परियारको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गर्दछ । यस दुःखद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारमा आयोग हार्दिक संवेदना व्यक्त गर्दछ ।

यस दुःखद घडीमा हिजो मंगलबार आयोगका सम्पूर्ण कार्यालयहरू बन्द गरिएको थियो । आयोग परिसरमा आज एक शोकसभाको आयोजना गरी स्वर्गीय परियारप्रति श्रद्धाञ्जलि अर्पण गरियो साथै तेह्रौं पुण्य तिथिसम्म स्व. परियारप्रति श्रद्धाञ्जलि अर्पण गर्न चाहने सम्पूर्ण शुभेच्छुकहरूको लागि अयोगको यस क्षेत्रीय कार्यालयमा शोकपुस्तिका राखिएको जानकारी गराइन्छ ।
(सुवर्ण कर्माचार्य, निर्देशक)

## १.३५ आयोगको अनुसन्धान टोली सिन्धुपाल्चोक घटनाको अनुसन्धान गर्न प्रस्थान

ललितपुर/२०६२ चैत १८ गते

राष्ट्रिय मानवअधिकार आयोगका अधिकृतहरू सम्मिलित एक टोली यही चैत १४ गते सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा गाउँ विकास समितिमा सुरक्षाकर्मीद्वारा हवाई आक्रमणमा परी सर्वसाधरणको मृत्यु भएको भनिएको घटनाको अनुगमन तथा अनुसन्धानका लागि आज त्यसतर्फ प्रस्थान गऱ्यो । आयोग टोली जिल्ला सदरमुकाम चौतारामा आवश्यक जानकारी लिई घटनास्थल प्रस्थान गर्ने कार्यक्रम रहेको छ ।

## १.३६ कब्जामुक्त गर्न आग्रह

नेकपा माओवादीका कार्यकर्ताहरूले पशुपतिनगर हेटौँडा वडा प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजकुमार खिउँजु, प्रहरी हवल्दार मेघनाथ घिमिरे र हेटौँडा ९ का श्यामकृष्ण खतिवडा तथा सोही ठाउँ बस्ने केदार पुडासैनीलाई यही चैत १६ गते पर्सा जिल्लाको विरुवापुरबाट कब्जामा लिएको भन्ने प्राप्त उजुरीप्रति यस आयोगको ध्यानाकर्षण भएको छ ।

आयोग नेकपा माओवादीका कार्यकर्ताहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनलाई पालना गर्दै आफ्नो कब्जामा लिइएका सबै व्यक्तिहरूको विना शर्त अविलम्ब रिहाइको लागि आह्वान गर्दछ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## १.३७ २०६२/०६३ को जनआन्दोलनको क्षेत्रीय कार्यालयबाट नियमित अनुगमन

विराटनगर/२०६३ वैशाख ४

सात राजनीतिक दलहरूले यही चैत २४ गतेदेखि आयोजना गरेको विरोध प्रदर्शन, र्‍याली एवम् सभाको यस क्षेत्रीय कार्यालयबाट विभिन्न स्थानहरूमा नियमित एवम् सक्रियताका साथ निरन्तर अनुगमन भइरहेको छ । तत्काल अनुगमन गर्न असम्भव स्थानहरूमा भएका घटनासम्बन्धमा सरकारी निकाय, स्थानीय नागरिक समाज, मानवअधिकारकर्मी, पत्रकारहरूसँग सम्पर्क गरी आवश्यक पहल भइरहेको छ ।

यसै क्रममा भोजपुर जिल्लामा २०६२ चैत २९ गते भएको जुलुस एवम् र्‍यालीमाथि सुरक्षाकर्मीहरूबाट अनावश्यक बल प्रयोग हुन गएको भन्ने घाइते, नागरिक समाज, मानवअधिकारकर्मीहरूको भनाइप्रति गम्भीर रूपमा आयोगको ध्यानाकर्षण हुन पुगेको छ । आयोग सम्बन्धित निकायलाई अनावश्यक बल प्रयोग नगर्न, मानवअधिकारका मूल्य र मान्यतालाई सम्मान गर्न साथै आयोजकलाई सभा, जुलुस एवम् र्‍याली शान्तिपूर्ण रूपमा सञ्चालन गर्न पुनः आग्रह गर्दछ ।

आयोगले २०६२ चैत २९ गते भोजपुर सदरमुकाममा भएको घटनामा घाइते हुन पुगेका पूर्व सांसद एवम् नेकपा (एमाले) जिल्ला सचिव शेरधन राईसहित घाइते भएकाहरूलाई धरानमा भेटघाट गरी आवश्यक जानकारी लिएको थियो । अयोगले शान्तिपूर्ण सभा, जुलुस एवम् र्‍यालीको क्रममा भएका घाइतेहरूलाई निःशुल्क उपचारको लागि आवश्यक पहल गर्न केन्द्रमा सिफारिस गरिसकेको र सोसम्बन्धमा आयोग निरन्तर लागिपरेको छ ।
(सुवर्ण कर्माचार्य, निर्देशक)

## १.३८ आयोगको सिफारिससम्बन्धमा

ललितपुर/२०६३ वैशाख २२ गते

राष्ट्रिय मानवअधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आज एक पत्र पठाई २०६२ चैत २४ गतेदेखि आह्वान गरिएको देशव्यापी आमहड्ताल तथा शान्तिपूर्ण विरोध कार्यक्रमको क्रममा मिति २०६२ चैत २९ गते सरकारद्वारा कर्फ्यू लगाइएको समयमा काठमाडौं उपत्यकाका कर्फ्यू लगाइएका तथा नलगाइएका विभिन्न स्थानहरूमा आयोगबाट अनुगमन गरिएकोमा काठमाडौँको गोँगबु गाउँ विकास समितिस्थित चक्रपथ क्षेत्रमा गरिएको अनुगमनबाट प्राप्त तथ्यहरूको आधारमा तपशीलमा उल्लेख भएबमोजिम तथ्यहरूसहित कार्वाहीका लागि सिफारिस गरी पठाएको छ ।

प्राप्त तथ्यहरू:

क) मिति २०६२/१२/२९ गते प्रदर्शनकारीले प्रदर्शन जारी राखेको सो प्रदर्शन नियन्त्रण गर्ने क्रममा खटिएका उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय पशुपतिनाथ बाहिनी सानो गौचरण काठमाडौँका बरिष्ठ प्रहरी उपरीक्षक माधवबहादुर थापा र निजको कमाण्डले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (१) मा शान्तिसुरक्षा कायम गर्ने क्रममा बल प्रयोग गर्दा अपनाउनुपर्ने प्रक्रियाअनुसार भीडले बुझ्ने गरी सम्झाई बुझाई गर्ने, लाठी चार्ज गर्ने, अश्रुग्याँस, हवाई फायर आदि गर्ने र गोली नै चलाउने परिस्थिति सिर्जना भएमा भीडलाई बुझिने गरी हट्दैनौ भने गोली चलाइनेछ भन्ने कानुनी प्रावधानको वास्ता नगरी लापरवाहीपूर्ण काम गरी बलको अत्यधिक प्रयोग गरेको, प्रदर्शनकारीमाथि गोलीसमेत चलाइएको र धेरै संख्यामा प्रदर्शनकारी गम्भीररूपमा घाइते भएको ।

ख) गोँगबुस्थित अतिरिक्त प्रहरी महानिरीक्षक रूपसागर मोक्तानको घरमा सुरक्षार्थ बसेका प्रहरीहरूले जथाभावीरूपमा गोली चलाई स्थितिलाई उत्तेजित बनाउँदासमेत त्यहाँ तैनाथ सुरक्षा प्रमुखहरूले उक्त कुराको आँकलन नगरी प्रदर्शनकारीहरूमाथि अनावश्यक बल प्रयोग गरेको साथै निज मोक्तानको घरभित्रबाट चलाइएको गोलीलाई नेकपा माओवादीले चलाएको भनी स्थितिलाई तनावपूर्ण तथा आतङ्कपूर्ण बनाएको; घटनास्थलमा तैनाथ सुरक्षा प्रमुखहरूले निज मोक्तानको घरबाट चलाएको गोलीलाई नियन्त्रणमा लिन पहल नगरी प्रदर्शकारीहरूमाथि नै बल प्रयोग गर्नेतर्फ ध्यान केन्द्रित गरेको ।

ग) आयोगले सो घटनाको सम्बन्धमा बुझ्नका लागि मानवअधिकार आयोग ऐन, २०५३ को दफा ११ (१) (क) बमोजिम बयान लिन बोलाउँदा समयमा नआई अटेर गरेको ।

घ) बयानका लागि २४ घण्टाको म्याद दिई मिति २०६२/१२/३१ को चलानी नं. १९३१ को पत्रबाट सूचित गरिएकोमा निजले अन्यत्र संवेदनशील कार्यमा संलग्न हुनुपरेको कारण देखाई तत्काल आयोगमा बयान दिन उपस्थित नभई सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा रिपोर्ट गरी सो कार्यालयमार्फत प्रतिवेदन प्राप्त भएपछि माधवबहादुर थापालाई ४८ घण्टाभित्र यस आयोगमा सोधपुछ प्रयोजनका लागि उपस्थित गराइदिन भनी सशस्त्र प्रहरी बलका प्रहरी महानिरीक्षकलाई मिति २०६३/१/४ मा पत्र पठाइएकोमा दुई हप्तापछि मात्र मिति २०६३/१/१८ मा बयान दिनका लागि स्वेच्छाले आयोगमा उपस्थित भई बयान दिएको ।

बयानका क्रममा सशस्त्र प्रहरीका तर्फबाट उक्त दिन अत्यधिक बल प्रयोग भएको तथा भीड नियन्त्रण गर्ने प्रयोजनका निम्ति अपनाउनुपर्ने न्यूनतम मापदण्ड जस्तैः बल प्रयोग गरिने चेतावनी पनि नदिएको व्यहोरा निजले आयोगसमक्ष स्वीकार गरेको देखिन्छ ।

तसर्थ, निज समयमै आयोगमा बयान दिन नआए तापनि उक्त घटना आयोगमा अनुसन्धानकै क्रममा रहेको अवस्थामा निजले आयोगमा दिएको बयानमा अत्यधिक बल प्रयोग भएको तथा भीड नियन्त्रण गर्ने प्रयोजनका लागि अपनाउनुपर्ने न्यूनतम मापदण्ड जस्तैः बल प्रयोग गरिने चेतावनी पनि नदिएको व्यहोरा आयोगसमक्ष स्वीकार गरेको तथा आफ्नो कानुनबमोजिमको कर्तव्य पालना गर्दा जथाभावी तथा लापरवाही ढङ्गले अत्यधिक बल प्रयोग गरेको पाइएकोले निज उपत्यका सशस्त्र प्रहरी बल मुख्यालय, पशुपतिनाथ बाहिनी, सानो गौचरण काठमाडौंमा कार्यरत वरिष्ठ प्रहरी उपरीक्षक माधवबहादुर थापालाई सशस्त्र प्रहरी ऐन, २०५८ बमोजिम कडा कार्वाही गर्न तथा रूपसागर मोक्तानको घरबाट जथाभावी गोली चलाउने सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कार्वाही गर्नका लागि मानवअधिकार आयोगको मिति २०६३/१/१९ को निर्णयानुसार अनुरोध गरिन्छ ।
(राधाकृष्ण उप्रेती, निमित्त सचिव )

## १.३९ माओवादी पीडित सङ्घले उठाएको १९ सूत्रीय मागउपर आयोगको चासो

ललितपुर/२०६३ वैशाख ३१ गते

नेपाल माओवादी पीडित सङ्घले आज राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरू समक्ष मानवअधिकारको संरक्षण गरी पाऊँ भनी १९ सूत्रीय मागसहितको ज्ञापनपत्र प्रस्तुत गरेको छ । उक्त ज्ञापनपत्रमा उल्लेखित मागहरूलाई आयोगले गम्भीर रूपमा लिएको छ र सोसम्बन्धमा अध्ययन सुरु गरी यथाशीघ्र श्री ५ को सरकार समक्ष सिफारिस गरिनेछ ।

साथै २०६३/०१/३० गतेका दिन प्रधानमन्त्री निवास बालुबाटारमा प्रधानमन्त्री समक्ष ज्ञापनपत्र बुझाउन गएका पीडितहरूमाथि सुरक्षाकर्मीले धरपकड गरी ७ जनालाई घाइते बनाएको र ४० भन्दा बढी व्यक्तिहरूलाई गिरफ्तार गरिएको भन्नेसम्बन्धमा आयोगमा उजुरी प्राप्त हुन आएको छ । आफ्ना मागहरू राख्दै शान्तिपूर्ण विरोध कार्यक्रममा उत्रेका पीडितहरूमाथि बल प्रयोग गरेकोमा दुःख व्यक्त गर्दै आउँदा दिनमा यस्ता कार्य नगर्न सम्बन्धित पक्षसँग आयोग आग्रह गर्दछ ।
(राधाकृष्ण उप्रेती, निमित्त सचिव)

## १.४० आयोगद्वारा आतङ्ककारी तथा विध्वंसात्मक अध्यादेश खारेज गर्न र सम्पूर्ण राजबन्दीहरूलाई रिहाइ गर्न सरकारलाई गरिएको सिफारिस

ललितपुर/२०६३ जेठ १८ गते

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार आयोग ऐन, २०५३ को दफा ९ (२) को खण्ड (च) मा भएको व्यवस्थाबमोजिम आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश,

२०६२ को सम्बन्धमा यस आयोगबाट गरिएको पुनरावलोकन प्रतिवेदनको निश्कर्षका आधारमा आयोगको मिति २०६३/०२/१८ को निर्णयअनुसार देहायबमोजिमको सिफारिस गरिएको छ :-

उक्त आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६२ का अधिकांश प्रावधानहरू नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिका व्यवस्थाहरूसँग बाझिएको पाइएको, अध्यादेशमा गरिएको आतङ्ककारी तथा विध्वंसात्मक कार्यको परिभाषा र त्यस्तो कार्य नियन्त्रण गर्नेसम्बन्धमा व्यवस्था गरिएका प्रावधानहरू एकआपसमा समानुपातिकताको सिद्धान्तप्रतिकूल रहेको देखिएको तथा संसद्को अनुमोदनबिना उक्त अध्यादेशलाई पटकपटक जारी गर्नु संविधान तथा अन्तर्राष्ट्रिय कानुनको मापदण्डसमेतकोप्रतिकूल हुने हुँदा यस अध्यादेशलाई तत्काल खारेज गर्न सिफारिस गरिएको छ ।

साथै नेपाल सरकारद्वारा विभिन्न कारागार तथा थुना केन्द्रहरूमा नेकपा माओवादीसँग सम्बन्धित आस्थाका बन्दीहरूलाई अविलम्ब रिहाइ गर्ने घोषणा भएको एक सप्ताह बितिसक्दा पनि हालसम्म ठूलो संख्यामा त्यस्ता बन्दीहरू थुनामा रहेको आयोगको अनुगमनबाट पाइएकोले उनीहरूलाई तत्काल रिहाइ गर्न र सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएका सम्पूर्ण व्यक्तिहरूको अवस्था अविलम्ब सार्वजनिक गर्न आयोग नेपाल सरकारलाई पुनः माग गर्दछ ।
(ध्रुव नेपाल, नि. सचिव)

## १.४१ आयोगद्वारा माओवादी प्रतिनिधिसँग छलफल

ललितपुर/२०६३ असार १ गते

राष्ट्रिय मानवअधिकार आयोगको केन्द्रीय तथा खोटाङस्थित सम्पर्क कार्यालयका प्रतिनिधिहरू एवम् नेकपा माओवादीलगायत अनेरास्ववियु (क्रान्तिकारी) खोटाङ र भोजपुरका प्रतिनिधिहरूबीच आज खोटाङमा एक छलफल कार्यक्रम सम्पन्न भयो ।
छलफल कार्यक्रममा नेकपा माओवादी तथा अनेरास्ववियु (क्रान्तिकारी)का प्रतिनिधिहरूले जिल्लामा आफूहरूबाट मानवअधिकार ज्यादती गरिएका भनिएका विषयहरूमा पार्टी तथा सङ्गठनभित्र छानबिन गरी उक्त कुराको जानकारी आयोगलाई गराउने र दोषी ठहरिएमा कार्वाही प्रक्रिया अगाडि बढाउने कुरा व्यक्त गर्नुभयो । समुदायमा हस्तान्तरण गरिएका विद्यालय प्रशासनहरूमा लगाइएका तालाबन्दीका विषयमा उहाँहरूले सरोकारवाला सबै पक्षहरूसँग बहस तथा छलफल गरी उपयुक्त निष्कर्षबाट समस्याको समाधान गर्ने कुरा बताउनुभयो । साथै आफ्नो पार्टी तथा सङ्गठनले कसैसँग पनि जबर्जस्ती चन्दा नलिने कुरा व्यक्त गर्दै उहाँहरूले आयोगको मानवअधिकार संरक्षण तथा सम्बर्द्धनको कार्यमा आफूहरू सहयोग पुऱ्याउन सदैव तयार रहेको कुरा जनाउनुभयो ।

छलफल कार्यक्रममा नेकपा माओवादी भोजपुर जिल्ला समितिका प्रतिनिधि मुक्ति बान्तवा, अनेरास्ववियु (क्रान्तिकारी) खोटाङ-भोजपुर संयोजक डिल्लीराम अधिकारी तथा अनेरास्ववियु (क्रान्तिकारी) खोटाङ एरिया संयोजक नवीन बान्तवाको उपस्थिति थियो । त्यसैगरी आयोगको तर्फबाट सम्बर्द्धन महाशाखा प्रमुख मुरारीप्रसाद खरेल तथा खोटाङ सम्पर्क कार्यालयका प्रमुख लोकनाथ बाँस्तोला हुनुहुन्थ्यो ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## १.४२ कोटवडा घटनामा आयोगको सिफारिस कार्यान्वयनका लागि प्रधानमन्त्री कार्यालयको चासो

ललितपुर/२०६३ असार ३२ गते

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कालिकोटको कोटवडा घटनामा यस आयोगले गरेको सिफारिस कार्यान्वयनका लागि रक्षा र गृहमन्त्रालयलाई छुट्टाछुट्टै रूपमा लेखी पठाएको जानकारी आयोगलाई आज दिएको छ ।

आयोगलाई बोधार्थ दिइएको उक्त पत्रमा कालिकोटको कोटवाडामा २०५८ फागुन १२ गते भएको घटनासम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धानपछि २०६३ असार २३ गते गरेको सिफारिस कार्यान्वयन गरी त्यसको जानकारी सो आयोगलाई दिनू भनिएको छ ।

आयोगले लामो र बिस्तृत अनुसन्धानपछि यही असार ६ गते उक्त घटनामा कोटवडामा निर्माणाधीन विमानस्थलमा कार्यरत श्रमिकहरूलाई सुरक्षा फौजले नियन्त्रणमा लिइसकेपछि निःशस्त्र अवस्थामा गोली हानी मारेको ठहर गरी सोअनुसार नेपाल सरकारलाई सिफारिस गरी पठाएको थियो । आयोगले नेपाल सरकासरलाई पठाएको सिफारिसमा सो घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी नेपाली सेनाद्वारा खटिएको गोली हान्ने, गोली चलाउन आदेश दिने, तथ्यगत जाँचबुझबिना गलत रिपोर्टिङ गर्ने सो टोलीको कमाण्डरसहितका सुरक्षाकर्मीलाई विशेष अनुसन्धान गरी कडा कार्वाही गर्न तथा मृतकहरूको आर्थिक, पारिवारिक अवस्था अत्यन्त नाजुक र दयनीय रहेको हुँदा मृतकका हकवाला पीडित परिवारलाई प्रत्येक मृतकको जनही रु २,७५,०००।– का दरले क्षतिपूर्ति उपलव्ध गराउन, मृतकका बालबालिकाहरूलाई उच्चतहसम्मको निःशुल्क शिक्षा प्रदान गर्न, पीडितका परिवारलाई राज्यबाट निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्न र नेपाली सेनाद्वारा सर्वसाधारण व्यक्तिको घर गोठमा आगोसमेत लगाई क्षति पुऱ्याएको आयोगको अनुसन्धानबाट देखिँदा अनुसन्धान गरी यथोचित क्षतिपूर्ति उपलब्ध गराउन तथा सार्वजनिक काममा संलग्न मजदूरहरूको लागि दुर्घटना बीमालगायतको कार्य भएको नपाइएकोले आगामी दिनमा नेपाल सरकारका निकाय तथा ठेकेदारबीच ठेक्कापट्टाको लागि सम्झौता हुनुपूर्व अनिवार्य रूपमा दुर्घटना तथा जीवन बीमाको व्यवस्था गर्न भनिएको छ ।
(ध्रुव नेपाल, निमित्त सचिव )

## १.४३ आयोगद्वारा अनुसन्धान सुरु

ललितपुर/२०६३ साउन १६ गते

सिन्धुपाल्चोक जिल्लाको तातोपानी गाविस ४ बस्ने तारा तामाङको यही साउन १४ मा भएको मृत्युको घटनासम्बन्धमा आयोगले अनुसन्धान सुरु गरेको छ । त्यस क्रममा आयोगका दुई अधिकृत संलग्न टोली आज घटनास्थल प्रस्थान गरेको छ ।

साथै आन्तरिक बिस्थापित व्यक्तिहरूको अधिकारको स्थितिबारे अनुगमनका लागि आयोगका अधिकृत सम्मिलित एक टोली आजै धादिङ पुगेको छ । सो टोली आन्तरिक बिस्थापितको अधिकार अनुगमनका क्रममा जिल्लाका विभिन्न गाउँ विकास समितिहरूमा समेत पुग्नेछ ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## १.४४ चिसापानी व्यारेकका सैनिकहरूले मानवअधिकारकर्मीमाथि गरेको दुर्व्यवहारप्रति आयोगको ध्यानाकर्षण

नेपालगञ्ज/२०६३ कार्तिक २१ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज बाँकेको चिसापानीमा गत २०६३ साल कात्तिक १७ गते राति मादक पदार्थ सेवन गरी चिसापानी व्यारेकका सैनिकहरूले मानवअधिकारकर्मी प्रकाश शाहीलगायतका दुई जना महिलासहित एक दर्जन भन्दा बढी व्यक्तिहरू घाइते हुने गरी स्थानीय बजार क्षेत्रमा हातहतियारसहित प्रवेश गरी अपमानजनक शब्दहरूको प्रयोग गर्नुका साथै कुटपिट गरिएको भनिएको घटना र समाचारहरूप्रति राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालयको गम्भीर रूपमा ध्यानाकर्षण भएको छ ।

युद्धविरामको वर्तमान तरल अवस्थामा आचारसंहिताविपरीत हुने गरी हतियारसहित स्थानीय बजार क्षेत्रमा आई यातना दिइएको भनिएको उक्त घटनाका सम्बन्धमा आयोगका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, संयुक्त सङ्गठनीय सल्लाहकार मार्कुस रोलफ, संरक्षण अधिकृत हरिप्रसाद ज्ञवाली, सम्बर्द्धन अधिकृत सुरेश मल्लको टोलीले कार्तिक २० गतेका दिन घटनास्थलको अनुगमन गरी पीडित भनिएकाहरूसँग छलफल गरी घटनाको सम्बन्धमा जानकारी लिएको छ । यससम्बन्धमा आयोगको यस क्षेत्रीय कार्यालयले अनुसन्धान कार्य जारी राखेको छ ।

यसरी सुरक्षाकर्मीद्वारा नागरिक एवम् गैरसैनिक व्यक्तिहरूमाथि समयसमयमा हुने यातना कुटपिटजस्ता मानवअधिकार हनन्का घटनाहरू दोहोरिन नदिन सुरक्षासँग सम्बन्धित सम्पूर्ण निकायहरूलाई आगामी दिनहरूमा सजग र संयमित रहन आयोगको यस क्षेत्रीय कार्यालय आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.४५ बिस्तृत शान्तिसम्झौताको आयोगद्वारा स्वागत

ललितपुर/२०६३ मङ्सिर ७ गते

मुलुकमा विगत ११ वर्षदेखि चल्दै आएको सशस्त्र युद्धको अन्त्य र मानवअधिकार, मौलिक अधिकार तथा मानवीय कानुनको परिपालना गर्नेप्रतिबद्धताका साथ नेपाल सरकार र नेकपा माओवादीबीच हिजो सम्पन्न बिस्तृत शान्तिसम्झौताको आयोग हार्दिक स्वागत गर्दछ ।

युद्धको क्रममा बिस्थापित भएकाहरूको पुन:स्थापना गर्ने, जबर्जस्ती कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने, हत्या, हिंसा, अपहरण, बेपत्ता सार्वजनिक तथा निजी सम्पत्तिको नोक्सानी नगर्ने, इच्छाविपरीत

चन्दा असुलीको कार्य बन्द गर्ने, आफ्नो कब्जामा रहेका सबै मानिसहरूलाई मुक्त गर्ने, मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्नहरूको बारेमा अन्वेषण गर्ने, मुलुकभित्र स्वतन्त्र आवतजावत गर्न कुनै अवरोध सिर्जना नगर्ने, शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सुरक्षामा सबै नागरिकको अधिकार स्थापित गर्नेलगायत मानवअधिकारका आधारभूत कुराहरूको पालना गर्ने सम्झौतामा उल्लेख भएबाट मुलुक मानवअधिकार संस्कृतिको विकास र दण्डहीनताको अन्त्य गर्ने कार्यमा एक कदम अगाडि बढेको आयोगले महसुस गरेको छ ।

अतः आयोग सम्झौतामा व्यक्त गरिएकाप्रतिबद्धताहरूको व्यवहारमा पूर्णपालनाको लागि सम्बन्धित सबै पक्षलाई अनुरोध गर्दै प्रचलित नेपाल कानुन र सम्झौतामा उल्लेख भएबमोजिम मानवअधिकारको अनुगमन गर्न सदाझैँ कटिबद्ध रहेको जानकारी गराउँदछ ।
(श्यामबाबु काफ्ले, संरक्षण अधिकृत )

## १.४६ शान्तिसम्झौताको कार्यान्वयन गर्न नेपाल सरकार र नेकपा माओवादीलाई आग्रह

नेपालगञ्ज/२०६३ पुस ५ गते

नेपाल सरकार र नेकपा माओवादी बीच बिस्तृत शान्तिसम्झौतामार्फत् मानवअधिकारको संरक्षण र सम्मान गर्न गरिएको प्रतिवद्धताको स्वागत गर्दै राष्ट्रिय मानवअधिकार आयोगले सम्झौतामा उल्लेख गरिएका मानवअधिकारसम्बन्धी बिषयहरूलाई सक्रियतापूर्वक अनुगमन गर्नेछ ।

यसै सन्दर्भमा मध्यपश्चिम क्षेत्रका दाङ, बाँके, बर्दिया जिल्लाका विभिन्न गाविसहरूमा नेकपा माओवादीबाट द्वन्द्वको समयमा जग्गा जमिन कब्जा गरी बिस्थापितसमेत बनाएइकोमा हालसम्म पनि नेकपा माओवादीका स्थानीय कार्यकर्ताहरूबाट जग्गा फिर्ता नदिई कब्जामै यथावत राखेको, लगाएको बाली उपभोग गर्न नदिएको र नेकपा माओवादीको नेतृत्व तहबाट पनि कुनै पहल नगरी बेवास्ता गरिएकोले शान्तिपूर्वक आफ्नो घर फर्की घरजग्गा उपभोग गर्नबाट बञ्चित रहेको तथा प्युठान जिल्लाबाट मिति २०६३/०७/२० गते वर्ष ६० का हीरानाथ योगीसमेतका ४ जनालाई नियन्त्रणमा लिई हालसम्म पनि कब्जामुक्त नगरेको भनी यस आयोगमा उजुरीहरू पर्न आउनुका साथै आयोगको प्रारम्भिक अनुगमनबाटसमेत सो कुराको तथ्य प्राप्त भएकाले तत्सम्बन्धमा यस आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

मानवअधिकारका मान्यताहरूलाई नेकपा माओवादीले सम्मान गर्नुपर्ने दायित्व एकातिर छ भने अर्कातिर यही मङ्सिर ५ गते सम्पन्न ऐतिहासिक बिस्तृत शान्तिसम्झौताको प्रस्तावनामा उल्लेख गरिएको मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रतिप्रतिबद्ध रहँदै द्वन्द्वबाट बिस्थापित भएका व्यक्ति र निजका परिवारहरू आफ्नो मूल बासस्थानमा फर्कन पाउने वा तिनीहरूले चाहेअनुसार अन्य कुनै ठाउँमा बसोबास गर्न पाउने, कानुनबमोजिमबाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने कुरामा सहमति व्यक्त गरिएको छ ।

अतः आउँदा दिनहरूमा मिति २०६३/८/५ को बिस्तृत शान्तिसम्झौता र विभिन्न मितिमा भए गरेका सम्झौतामा उल्लेखित मानवअधिकारको सम्मान तथा संरक्षण गर्नेप्रतिबद्धतालाई

गम्भीरतापूर्वक लिई प्युठानबाट नियन्त्रणमा लिइएका ४ जना व्यक्तिहरूलाई तत्काल निःसर्त कब्जामुक्त गर्न, कब्जा गरिएको जग्गा निःसर्त फिर्ता गरी जग्गाधनीलाई घरजग्गा उपभोग गर्ने वातावरण तयार पार्न नेपाल सरकार समक्ष आयोग आह्वान गर्दछ । साथै यस विषयमा स्थानीयस्तरका कार्यकर्ताहरूसमेतलाई निर्देशन जारी गर्न गराउनको लागि आयोग नेकपा माओवादीलाई गम्भीरतापूर्वक आह्वान गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.४७ शान्ति सुव्यवस्था कायम गर्ने दिशातर्फ उदासीन नरहन स्थानीय प्रशासन तथा नेपाल सरकारलाई पुनः आग्रह

नेपालगञ्ज/२०६३ पुस १३ गते

नेपालगञ्ज नगर क्षेत्रमा २०६३ पुस ११ र १२ गते भएको आगजनी, लुटपाट, पत्रकारहरूमाथि भएको दुर्व्यवहार तथा मानवीय क्षतिप्रति राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्ज गम्भीर रूपमा मर्माहत भएको छ । सम्पूर्ण नागरिकहरूको भयरहित वातावरणमा स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको संरक्षण गर्न तथा शान्ति सुव्यवस्था कायम गर्ने दिशातर्फ आगजनी र लुटपाटमा संलग्न व्यक्तिहरूलाई पुस ११ गते स्थानीय प्रशासनले नियन्त्रणमा नलिई एकाएक गरेको गोली प्रहारबाट भएको कमल गिरी, वर्ष २१ को हत्या तथा  नाफिज खाँलगायतका दुई जना बालबालिकासहित अन्य नागरिकहरूमाथि भएको गोली प्रहारप्रति आयोगको गम्भीर रूपमा ध्यानाकर्षण भएको छ र आयोगले उक्त घटनाको सम्बन्धमा अनुसन्धान कार्य सुरु गरिसकेको छ ।

साथै मानवताविरोधी यसप्रकारका गतिविधिहरूलाई आउँदा दिनहरूमा तत्काल नियन्त्रण गर्ने दिशातर्फ उदासीन नरहन आयोग स्थानीय प्रशासन तथा नेपाल सरकारलाई पुनः आग्रह गर्दै नेपालगञ्जमा भड्किएको यो अत्यन्त दुःखद एवम् अमानवीय घटनालाई पूर्णविराम दिन सम्पूर्ण नेपालगञ्जबासीहरूलाई अभूतपूर्व धैर्य प्रदर्शन गर्नसमेत आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.४८ शान्तिपूर्ण रूपमा विरोध गर्न पाउने अधिकार सुनिश्चित गर्न सरकारलाई आग्रह

ललितपुर/२०६३ पुस १७ गते

आज नागरिक समाजकाप्रतिनिधिहरूले अन्तरिम संविधान चाँडै जारी हुनुपर्ने माग राखी प्रधानमन्त्रीको निवास अगाडि शान्तिपूर्ण रूपमा धर्ना दिइरहेको अवस्थामा प्रहरीद्वारा पक्राउ गरी २ नं. गण महाराजगञ्जमा थुनामा राखेको अवस्थामा आयोगको टोलीले अनुगमन गरेको छ । अनुगमनबाट नागरिक समाजका ६३ जनाप्रतिनिधिहरूलाई पक्राउ गरी थुनामा राखिएको पाइएको छ ।

मुलुक लोकतान्त्रिक अभ्यासमा रहेको अवस्थामा नागरिकको शान्तिपूर्ण रूपमा विरोध गर्न पाउने अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हुने हुनाले आयोग यो अधिकारको सम्मान गर्न नेपाल सरकारलाई आग्रह गर्दछ ।

(ध्रुव नेपाल, नि. सचिव)

## १.४९ मधेसी जनअधिकार फोरमले आयोजना गरेको बन्दको आयोगद्वारा अनुगमन

ललितपुर/२०६३ माघ ७ गते

पूर्वी तराईको लहानमा यही माघ ५ गते मधेसी जनअधिकार फोरमको आयोजना गरेको विरोध प्रदर्शनको क्रममा स्थिति असामान्य भई १७ वर्षीय युवक रमेश महतोको मृत्यु भएको तथा १ दर्जनभन्दा बढी सख्यामा सार्वजनिक सवारी साधनहरूमाथि आगजनी गरिएको सूचना प्राप्त भएकाले त्यस ठाउँको अवस्था तथा जिम्मेवार पक्षहरूको भूमिकाको सम्बन्धका मानवअधिकारको दृष्टिकोणबाट अनुगमन गर्ने उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय विराटनगरबाट आयोगको टोली त्यसतर्फ जान लागेको जिपमाथि आक्रमण भई सुनसरीको इनरुवामा तोडफोड हुनु दुर्भाग्यपूर्ण हो । आयोगले निष्पक्षरूपमा मानवअधिकार हनन्का घटनाको अनुगमन गर्ने र सत्यतथ्य बाहिर ल्याई जिम्मेवार पक्षलाईप्रतिरोधात्मक, नियन्त्रणात्मक उपाय अवलम्बन गर्न सुझाव दिने तथा जिम्मेवार पक्षलाई दण्ड दिने र क्षतिपूर्तिको लागिसमेत सिफारिस गर्ने भएको हुँदा जस्तोसुकै असहज स्थितिमा समेत यो आयोग तथा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयलगायत मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूलाई आफ्ना गतिविधि निर्वाधरूपमा सञ्चालन गर्न पहुँच उपलब्ध गराइनुपर्नेमा सो हुन नसक्दा मानवअधिकार संरक्षणमा व्यवधान पुग्न गएको छ ।

मधेसी जनअधिकार फोरमले राजधानीमा गरेको प्रदर्शनमा नेपाल सरकारको तर्फबाट प्रदर्शनकारीहरूलाई बलपूर्वक नियन्त्रणमा लिई थुनामा राख्नुले लोकतन्त्रमा शान्तिपूर्ण विमति जनाउने र माग राख्न पाउने अधिकारको हनन् भएको देखिएकाले यस प्रकारको हक उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्न आयोग नेपाल सरकारसँग आग्रह गर्दछ । साथै मिति २०६३/१०/६ गते काठमाडौँमा भएको विरोध प्रदर्शनको समेत आयोगका अधिकृतहरूको टोलीले अनुगमन गरेको छ । (ध्रुव नेपाल, नि. सचिव)

## १.५० आयोगको आह्वान

ललितपुर/२०६३ माघ १४ गते

तराईका सिराहा, सुनसरी, मोरङ, सप्तरी, धनुषा, रौतहट, बारा, पर्सालगायतका जिल्लाहरूमा केही दिनदेखि घटेका घटनाको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगको क्षेत्रीय कार्यालय विराटनगरको टोलीले मिति २०६३/१०/१२ देखि लहान तथा आयोगको सम्पर्क कार्यालय जनकपुर, जलेश्वरमा उपस्थित भई घटनाको प्रारम्भिक अनुसन्धान तथा अनुगमन सुरु गरेको छ । आयोगको टोली माघ १५ गते बारा, पर्सा, रौतहटमा तथा धनुषा र महोत्तरीको लागि केन्द्रीय कार्यालयबाट थप टोली अनुगमन र अनुसन्धानको लागि प्रस्थान गर्दै छ ।

मधेसी जनअधिकार फोरमलगायतले तराईका विभिन्न भागहरूमा आह्वान गरेको जारी बन्द तथा आन्दोलनबाट सर्वसाधरणको जनजीवन कष्टकर हुनुका साथै उपभोग्य सामानमा असर परेको र

यातायात सुचारु नहुँदा यात्रुहरू बिचल्लीमा परेको तथ्य प्राप्त भएको छ । प्राप्त तथ्यका आधारमा सर्वसाधरणको घरमा तोडफोड आगजनी गरिएको, एम्बुलेन्स, राष्ट्रिय मानवअधिकार आयोग, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायोगलगायतका मानवअधिकारवादी सङ्घसंस्था तथा पत्रकारहरूको समेत आवतजावतमा अवरोध पुऱ्याइएको, अस्पतालमा प्रवेश गरी कुटपिट गरिएको तथा सुरक्षाकर्मीहरूद्वारा प्रदर्शनकारीहरूमाथि आवश्यकता भन्दा बढी बल प्रयोग भएको र घरघरमा गएर कुटपिट गरिएको पाइएको छ ।

आयोग आफ्नो जायज मागहरूको लागि शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने हकको सम्मान गर्दै शान्तिसुरक्षाको प्रत्याभूति गर्न तथा तराईमा रहेका विभेदकारी व्यवस्था अन्त्य गर्न आवश्यक व्यवस्थाको लागि नेपाल सरकारलाई अनुरोध गर्दछ । साथै आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकारमा हनन् नपुऱ्याउन, व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति तोडफोड नगर्न र मर्यादित एवम् शान्तिपूर्ण रूपले विरोध कार्यक्रम सञ्चालन गर्न आन्दोलनकारी सबै पक्षसँग आयोग आह्वान गर्दछ ।

(ध्रुव नेपाल, निमित्त सचिव)

## १.५१ एम्बुलेन्स र पत्रकारमाथि भएको आक्रमणप्रति आयोगको ध्यानाकर्षण

विराटनगर/२०६३ माघ २१ गते

विराटनगरबाट समाचार सङ्कलन गर्न गएका पत्रकारहरूलाई मधेशी जनअधिकार फोरम कार्यकर्ताले पिटेको भनिएको र हिजो बेलुकी तीनओटा (दुहबीमा दुई र गछियामा एक) एम्बुलेन्समाथि तोडफोड गरिएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

विराटनगर उप-महानगरपालिकाको उत्तरपट्टि पर्ने टंकीसिनवारी गाविसको बाँसबारी भन्ने स्थानमा केही व्यक्तिले बाँसका भाटा र साइकलका टायरको प्रयोग गरी पाँच पत्रकारहरूलाई कुटपिट गरेको पाइएको छ ।

एम्बुलेन्स तोडफोड भएको र पत्रकार पिटिएको जानकारी पाउनेबित्तिकै आयोगको क्षेत्रीय कार्यालयको छुट्टाछुट्टै टोली त्यहाँ पुगी घटनाबारे आवश्यक जानकारी लिएको थियो । स्मरणीय छ, हिजोमात्रै आयोगलगायत अन्य सङ्घसंस्थाका प्रतिनिधिहरूबीच भएको बैठकमा फोरमले अत्यावश्यकीय सवारी साधन (एम्बुलेन्स, शववाहन, विवाहमा प्रयोग भएका गाडी इत्यादि) र पत्रकार, अधिकारकर्मीमाथि सम्मानपूर्ण व्यवहार गर्ने र उनीहरूको कार्यमा कुनै अवरोध नपुऱ्याउने बताएको थियो ।

शान्तिपूर्ण सभासम्मेलन, प्रदर्शन र आफ्ना मागहरू राख्ने स्वतन्त्रता हरेक नागरिकलाई छ । त्यसको सम्मान गर्नु राज्यको दायित्व हो । त्यसैगरी, आफ्नो अधिकारको माग गर्दा अरूको अधिकार सम्मान गर्नुपर्ने दायित्वबाट आन्दोलनकारी पक्ष पनि सजग र सतर्क रहन आयोग हार्दिक आग्रह गर्दछ साथै एम्बुलेन्स, शववाहन र अन्य अत्यावश्यकीय साधनहरूको दुरूपयोग हुन नदिनेतर्फ सम्बन्धित पक्षलाई सजग रहन पनि आयोग आग्रह गर्दछ ।

(सुवर्णकुमार कर्माचार्य,  निर्देशक)

## १.५२ नागरिकता वितरणसम्बन्धी कानुनी अड्चन, बितरण प्रक्रिया, कर्मचारी तथा नागरिकहरूको समस्यासम्बन्धमा आकस्मिक अनुगमन

नेपालगञ्ज/२०६३ माघ २२ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जबाट गएको क्षेत्रीय निर्देशकसहितको टोलीले बाँके जिल्लाको खासकारकाँदो, वनकटुवा, टिटिरीया तथा बागेश्वरी गाविसहरूमा गई त्यहाँ भइरहेको नागरिकता वितरणसम्बन्धी कानुनी अड्चन, बितरण प्रक्रिया, कर्मचारी तथा नागरिकहरूको समस्यालगायत अन्य समस्याहरूको बारेमा आकस्मिक अनुगमन कार्य सम्पन्न गरेको छ । उक्त सन्दर्भमा टोलीद्वारा बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग भेटघाट गरी छलफल गर्नुका साथै विभिन्न स्थानहरूमा विभिन्न राजनीतिक दलहरू, नागरिकता वितरण टोली प्रमुखसँग अन्तर्क्रिया गरी नागरिकता वितरणसम्बन्धमा पर्न आएका तथा पर्न आउने समस्याहरू तथा निराकरणका उपायहरूका सम्बन्धमा छलफल गर्दै संयमता अपनाउन आग्रह गरियो । अनुगमनको क्रममा नागरिकता वितरणसम्बन्धी सामान्य समस्याहरूबाहेक असहज वातावरण रहेको पाइएको थिएन ।

अनुगमनको क्रममा बनकटुवामा नागरिकता वितरण गर्न गएको टोलीले दिनमा २२ घण्टासम्म कार्य गर्नुपरेको, टोली प्रमुख कार्यबोझको कारण बेहोस भएको, अन्य टोलीका कर्मचारीहरूले पनि चिसोमा राति अवेरसम्म बसी काम गर्नुपरेको हुँदा कार्य बोझको आधारमा थप कर्मचारीको व्यवस्था मिलाउन, नागरिकता वितरणको समयावधि थप गर्न, कुनै पनि पक्षबाट कर्मचारीउपर अनावश्यक दवाब सृजना नगर्न तथा आपसी सद्भाव कायम राखी समस्याको समाधान कानुनी रूपबाट खोज्नेतर्फ अग्रसर रहन आयोग सम्बन्धित सबै पक्षसँग आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.५३ मानवअधिकारहरूको सम्मान गर्न आयोगको अनुरोध

पोखरा/२०६३ माघ २८ गते

यहि २५ गते बिहीबार तनहुँको दमौलीमा राष्ट्रिय जनशक्ति पार्टीद्वारा आयोजना गरिएको कार्यक्रममा प्रमुख राजनीतिक दलहरूसँग सम्बद्ध विद्यार्थी सङ्गठनहरूद्वारा कार्यक्रम स्थलमा हस्तक्षेप गरी कार्यक्रममा प्रयोग गरिएका सामग्रीहरू तोडफोड र सहभागी नेता तथा कार्यकर्तालाई दुर्व्यवहार गरेको र मिति २०६३/१०/२७ गते शनिबार नेकपा माओवादीका कार्यकर्ताहरूले लम्जुङ जिल्लाको सदरमुकाम बेँसीशहरमा राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा कार्यकर्तालाई कुटपिट गरी कालो मोसो र जुत्ताका माला लगाएर बेँसीशहर घुमाएको भनी विभिन्न सञ्चार माध्यममा प्रकाशित तथा प्रसारित दुवै समाचारहरूप्रति आयोगको क्षेत्रीय कार्यालय, पोखराको गम्भीर ध्यानाकर्षण भएको छ ।

विद्यार्थी सङ्गठनद्वारा तनहुँमा र नेकपा माओवादीहरूद्वारा लम्जुङ जिल्लामा  गरिएको त्यस्ता व्यवहार नेपालको अन्तरिम संविधान, २०६३ द्वारा मौलिक हकको रूपमा धारा १२ (३) मा प्रत्याभूत

गरिएको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता, राजनीतिक दल वा सङ्गठन खोल्ने स्वतन्त्रता र धारा १४१ मा उल्लेखित प्रावधानबमोजिम आफ्नो इच्छानुसार राजनीतिक दल खोल्न संञ्चालन गर्न र सोको विचारधारा, दर्शन र कार्यक्रमप्रति जनसाधारणको समर्थन र सहयोग प्राप्त गर्नको लागि त्यसको प्रचार-प्रसार गर्न गराउन वा सो प्रयोजनका लागि अन्य कुनै काम गर्न पाउने अधिकार तथा नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६ को धारा २१ मा उल्लेखित शान्तिपूर्वक सभा तथा भेला गर्न पाउने अधिकार र मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २० मा उल्लेखित अधिकारहरूसमेतको उल्लङ्घन भएकोले नागिकहरूको निर्वाध रूपममा संगठित भई भेला हुने स्वतन्त्रा अभिव्यक्ति दिने तथा बिचारको निर्बाध प्रचार-प्रसार गर्न पाउने मौलिक तथा मानवअधिकारहरूको सम्मान गर्दै आगामी दिनहरूमा त्यस प्रकारको घटना नदोहोऱ्याउन सम्बन्धित पक्षहरूसँग आयोग अनुरोध गर्दछ ।

(अच्युत आचार्य, नि. निर्देशक)

## १.५४ मधेशी जनअधिकार फोरमले गरेको विरोध प्रदर्शन कार्यक्रममा ४ जनाको मृत्यु भएको घटनामा आयोगको ध्यानाकर्षण

विराटनगर/२०६३ माघ १० गते

सिरहाको लहानमा माघ ५ गते मधेशी जनअधिकार फोरमले आयोजना गरेको विरोध प्रदर्शनको क्रममा स्थिति असामान्य भई १७ वर्षीय युवक रमेश महतोको मृत्यु भएको तथा एक दर्जनभन्दा बढी संख्यामा सार्वजनिक सवारी साधनहरूमाथि आगजनी भएको घटनाको अनुगमन तथा अनुसन्धान गर्ने सिलसिलामा यस आयोगको अनुसन्धान टोली माघ ६ गते घटनास्थलतर्फ जाने क्रममा सुनसरीको इनरुवा पुग्दा अवरोध उत्पन्न हुन गएको तथा आयोगको सवारी साधनसमेत तोडफोड भएको कारण घटनास्थलतर्फ पुग्न असमर्थ भएको जानकारी गराउँदछौं ।

त्यसपछि माघ ८ गतेको दिन लहान अझ तनावग्रस्त भएको र भीड नियन्त्रणको सिलसिलामा सुरक्षाकर्मीद्वारा चलाइएको गोलीबाट ४ व्यक्तिको मृत्यु भएको र दर्जनौं व्यक्तिहरू घाइते भएको भनिएको घटनाको सम्बन्धमा कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । उपरोक्त घटनासम्बन्धी आवश्यक जानकारी हासिल गर्ने क्रममा यस आयोगबाट घटना घटेको दिनदेखि नै स्थानीय मानवअधिकारकर्मी तथा सङ्घसंस्था, पत्रकार, नागरिक समाज तथा प्रशासनलगायत सम्बन्धित पक्षसँग नियमित सम्पर्कमा रही घटनाको सम्बन्धमा जानकारी हासिल गर्दै आइरहेको समेत जानकारी गराउँछौं । यसै सिलसिलामा प्रारम्भिक अनुसन्धानको लागि आयोगको एक टोली घटनास्थलतर्फ पठाउने निर्णय भएअनुसार घटनास्थल खटिई जाने सो टोलीलाई अनुगमन तथा अनुसन्धान गर्ने कार्यमा बिना अवरोध आवश्यक सहयोग पुऱ्याउन सम्बन्धित सबै पाक्षमा आयोग आग्रह गर्दछ । साथै घटनाको अनुगमन गर्ने तथा अनुसन्धान गर्ने कार्यमा जस्तोसुकै असहज स्थितिमा समेत आयोग कटिबद्ध भएको प्रतिवद्धता व्यक्त गर्दछ ।
(सुवर्णकुमार कर्माचार्य, निर्देशक)

## १.५५ अपहरित व्यक्तिहरूलाई नेपाल प्रहरीमा बुझाइएकोप्रति आयोग सकारात्मक तथा कब्जामा लिइएको धनसम्पत्ति तत्कालै फिर्ता गर्न नेकपा माओवादीलाई आग्रह

नेपालगञ्ज/२०६३ फागुन १ गते

नेकपा माओवादीद्वारा अपहरण गरिएका भनिएका प्युठान जिल्लाका दिलनाथ योगी, मीननाथ योगी, हीरानाथ योगी, पुष्पराज श्रेष्ठ तथा गोविन्दबहादुर बस्नेतसहित ५ जना तथा रोल्पाका आशिराम भण्डारी, मने खत्री, अमर घर्तीलगायत ३ जनालाई राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्ज तथा सम्पर्क कार्यालय रोल्पाको लामो पहल, अनुरोध तथा अनुसन्धानपश्चात नेकपा माओवादीद्वारा कानुनी राज्यको अवधारणालाई आत्मसात गर्दै प्युठानमा अपहरित व्यक्तिहरूलाई नेपाल प्रहरी प्युठानमा बुझाइएको र रोल्पामा अपहरण गरिएका भनिएका व्यक्तिहरूलाई कब्जामुक्त गरिएको घटनालाई राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जले सकारात्मक रूपमा लिएको छ ।

गत मङ्सिर ५ गते नेपाल सरकार र नेकपा माओवादीबीचको “बिस्तृत शान्तिसम्झौता” तथा माघ १ गते राजनीतिक सहमतिद्वारा जारी गरिएको नेपालको अन्तरिम संविधान, २०६३ को मर्म, भावना र प्रत्याभूत गरिएका अधिकारहरू प्रयोग गर्न पाउने वातावरण कायम राख्न, नागरिकहरूलाई भयरहित वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चित गर्न, कानुनी राज्यको अवधारणालाई निरन्तर आत्मसात गर्न, मिति २०६३/१०/२५ गते रूपन्देही गजेडी गाविसबाट अपहरित काजी पुन भन्ने दीपक पुनको रिहाइ गर्न तथा सशस्त्र द्वन्द्वको समयमा कब्जामा लिइएका भनिएका विभिन्न व्यक्तिहरूका सम्पूर्ण धन सम्पत्तिको लगत खडा गरी तत्कालै सम्बन्धित सरोकारवालाहरूलाई फिर्ता गर्न आयोग नेकपा माओवादीलाई आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.५६ जुम्ला जिल्लामा बिस्तृत शान्तिसम्झौताको कार्यान्वयन तथा मानवअधिकारको स्थितिको अनुगमन

नेपालगञ्ज/२०६३ फागुन २७ गते

राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, संरक्षण अधिकृत मोहनदेव जोशीसहितको टोलीले जुम्ला जिल्लामा बिस्तृत शान्तिसम्झौताको कार्यान्वयन तथा मानवअधिकारको स्थितिसम्बन्धमा हालै अनुगमन गरेको छ । अनुगमनको क्रममा टोलीले जुम्लास्थित मानवअधिकारवादी गैरसरकारी संस्थाहरूका प्रतिनिधि, नागरिक समाज, पत्रकारहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, दलित सङ्गठनहरूका प्रतिनिधिहरू, प्रशासन तथा सुरक्षा निकायका प्रमुखहरूसँग छुट्टाछुट्टै छलफल तथा अन्तर्क्रिया गरी समग्र मानवअधिकारको स्थितिका सम्बन्धमा जानकारी लिएको छ ।

अनुगमनको क्रममा जुम्ला जिल्लाका बिस्थापितहरू अझै घर फर्कने वातावरण तयार भैनसकेको, नेकपा माओवादीद्वारा युद्धकालीन अवस्थामा लुटिएका जनसाधारणका सम्पत्तिहरू अझै फिर्ता हुन नसकेको, जिल्ला प्रहरी कार्यालयको घोडा अझै फिर्ता नगरेको पाइएको छ । बिस्थापित प्रहरी

चौकीहरू एउटाबाहेक सबै (७ ओटा) पुनःस्थापित भैसकेको, सबै गाविस सचिवहरू आ-आफ्नो गाविसमा फर्की सुचारु रूपमा कार्य गर्न थालेको, नागरिकता वितरण तथा मतदाता नामावली सङ्कलनमा व्यवधान उत्पन्न नभएको, रेन्जपोष्टहरू तत्कालै पुनःस्थापित हुने क्रममा रहेको, अपहरण, कब्जा, बन्धक, बेपत्ताको घटनाहरू रोकिएको, सार्वजनिक निकायका कर्मचारीहरूलाई आफ्नो कर्तव्य पालन गर्न, आवतजावत गर्न र कार्यसम्पादनमा बाधाविरोध खडा नभएको पाइएको छ ।

जुम्ला जिल्लाका दलितहरू अझै जातीय विभेदको सिकार भैरहेको र मन्दिर प्रवेशमा रोक लगाउने प्रयास भएको पाइएको छ । सडक यातायातबाट वंचित यस जिल्लामा नेपालगञ्जदेखि उडान भर्ने निजी क्षेत्रका विमानसेवाहरूले यात्रुहरूको हवाई भाडामा दोहोरो मापडण्ड प्रयोग गर्ने गरेको पाइएको हुँदा यसतर्फसमेत आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.५७ रौतहट घटनामा अनुगमन तथा अनुसन्धान सुरु

ललितपुर/२०६३ चैत ८ गते

राष्ट्रिय मानवअधिकार आयोगको कार्यालयले मधेशी जनअधिकार फोरम र नेकपा माओवादीका कार्यकर्ताहरूबीच रौतहट सदरमुकाम गौरमा हिजो भएको हिंसात्मक घटनाको अनुगमन तथा अनुसन्धान सुरु गरेको छ । सो हिंसाका क्रममा भएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन तथा अनुसन्धानका लागि आयोगको केन्द्रीय र जनकपुरस्थित सम्पर्क कार्यालयबाट अधिकृतहरूको टोली आजै घटनास्थलतर्फ प्रस्थान गरेको छ । उक्त घटनाको सत्यतथ्य छानबिन गर्ने कार्यमा सहयोग पुर्‍याइदिनुहुन आयोगको कार्यालय सबैसँग अनुरोध गर्दछ ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## १.५८ आयोगले सरकारलाई पत्र पठायो

ललितपुर/२०६३ चैत २७ गते

राष्ट्रिय मानवअधिकार आयोगले श्री ५ को सरकारलाई आज एक पत्र पठाई मानवअधिकारकर्मी तथा नागरिक समाजका व्यक्तित्वहरू कृष्ण पहाडी, डा. देवेन्द्रराज पाण्डे, मथुराप्रसाद श्रेष्ठ र श्याम श्रेष्ठलाई उचित र पर्याप्त आधारबिना लामो समयदेखि थुनामा राखेको सम्बन्धमा पूनः ध्यानाकर्षण भएको जनाएको छ ।

आयोगले पठाएको पत्रमा भनिएको छ- "विचार र अभिव्यक्ति स्वतन्त्रता तथा स्वतन्त्र रूपमा आवतजावत गर्न पाउने संविधान तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुवन्धद्वारा प्रत्याभूत अधिकार निर्वाध रूपमा उपभोग गर्न पाउनु सम्पूर्ण नागरिकको अधिकार हो" नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १५ मा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन भनी मौलिक हकको व्यवस्था गरिएको छ । नेपाल पक्ष रहेको नागरिक तथा

राजनीतिक अधिकारसम्बन्धी अनुवन्ध, १९६६ को धारा ९ (१) मा कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न नपाइने बाध्यात्मक कानुनी व्यवस्था गरिएको छ ।

संयूक्त सङ्गठनको 'मानवअधिकार रक्षकसम्बन्धी घोषणापत्र, १९९८' ले मानवअधिकार रक्षकको अधिकारलाई विशेष रूपमा संरक्षण गरेको सन्दर्भमा समेत मानवअधिकारकर्मी र नागरिक समाजका व्यक्तित्वहरूलाई लामो समयसम्म थुनामा राखिरहनु उचित देखिँदैन ।

संविधान तथा नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय अनुवन्धद्वारा प्रत्याभूत अधिकारका बाबजुद श्री ५ को सरकारले मानवअधिकारकर्मी तथा नागरिक समाजका व्यक्तित्वहरूलाई यसरी लामो समयसम्म थुनामा राख्ने कार्यले मानवअधिकारको हनन् भएको छ । आयोग मानवअधिकारकर्मी तथा नागरिक समाज क्षेत्रका व्यक्तित्वहरूलाई थुनाबाट रिहा गरी मानवअधिकारको सम्मान गर्न श्री ५ को सरकारलाई सिफारिस गर्दछ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## १.५९ आयोगको आग्रह

ललितपुर/२०६३ चैत २७ गते

इमेज च्यानल टेलिभिजन तथा इमेज एफएमलाई पत्रपत्रिकाको समाचार साभार गरी प्रसारण गरेको समाचारलाई लिएर जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत)का संयोजक जयकृष्ण गोइतले मिति २०६३ चैत २७ गते प्रेस विज्ञप्तिमार्फत तराईमा कार्यरत इमेज च्यानलका सम्पूर्ण सम्वाददाता तथा पत्रकारलाई भौतिक कार्वाही गर्न आफ्ना कार्यकर्तालाई निर्देशन जारी गरेको घटनाका सम्बन्धमा आयोगमा उजुरी पर्न आएको छ । त्यसैगरी अन्य विभिन्न सञ्चार माध्यममा कार्यरत पत्रकारहरूलाई समेत समय-समयमा नेकपा माओवादी, मधेसी जनअधिकार फोरम, मधेसी टाइगर तथा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) समूहबाट हालका दिनमा आफ्नो पक्षमा समाचार प्रकाशित तथा प्रसारित नभएको भन्दै धम्की दिइएका घटनाप्रति आयोग कार्यालयको गम्भीर ध्यानाकार्षण भएको छ ।

अतः नेपालको अन्तरिम संविधान २०६३, विद्यमान कानुन तथा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूले प्रत्याभूत गरेबमोजिम प्रकाशन तथा प्रसारण स्वतन्त्रताको ग्यारेण्टी हुनुपर्ने कुरामा जोड दिँदै राष्ट्रिय मानवअधिकार आयोगको कार्यालय सम्बन्धित सबै पक्षहरूलाई यस प्रकारका क्रियाकलाप नगर्न तथा नदोहोऱ्याउनसमेत आह्वान गर्दछ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## १.६० कालिकोट जिल्लामा बिस्तृत शान्तिसम्झौतापछिको मानवअधिकारको अवस्थाको अनुगमन

नेपालगञ्ज/२०६३ चैत ३० गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जबाट खटिई गएको क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, संरक्षण अधिकृत हरि ज्ञवाली र मानवअधिकार अधिकृत दीपेन्द्रबहादुर सिंहसहितको

टोलीद्वारा कालिकोट जिल्लामा बिस्तृत शान्ति सम्झौतापछिको मानवअधिकारको अवस्था"को अनुगमन कार्य सम्पन्न गरियो । अनुगमनको क्रममा आयोगको टोलीले जिल्लास्थित जिल्ला सुरक्षा समितिसँग बिस्तृत शान्तिसम्झौतापछिको जिल्लाको मानवअधिकारको अवस्था"लगायतका विविध विषयहरूमा छलफल गऱ्यो । सो अवसरमा टोलीले कानुनको शासनको प्रत्याभूत गरिनुपर्ने, बिस्थापितहरूलाई ससम्मान फिर्ता गरिनुपर्ने र आगामी दिनहरूमा मानवअधिकार संरक्षण र सम्बर्द्धनमा सुरक्षा निकाय सजग रहनुपर्ने कुरामा जोड दिएको थियो ।

बिस्तृत शान्तिसम्झौता र नेपालको अन्तरिम संविधान, २०६३ मा समेत शान्ति तथा मेलमेलमिलापको वातावरण तयार गर्ने, सामाजिक सुरक्षाको अधिकार मौलिक हककै रूपमा राखिएकोमा गेला क्षेत्रदेखि सदरमुकामसम्म भएका तनावपूर्ण घटनाहरूले आगामी संविधानसभाको निर्वाचनमा समेत असर पर्न सक्ने प्रबल सम्भावना भएको र गेला घटनाका दोषीहरूलाई कानुनी दायरामा ल्याउनेभन्दा राजनीतिक सहमतिका आधारमा मात्र टुङ्गचाइएकोले दण्डहीनता संस्कृतिगत रूपमा बढ्दै गएको देखिएको तथा ग्रामीण जनजीवन भयमुक्त हुन नसकेको अवस्था छ भने सामाजिक सुरक्षामा नागरिकहरू विश्वस्त हुन कठिन पर्ने स्थिति सृजना भएको पाइएको छ ।

त्यसैगरी टोलीद्वारा कालीकोट जिल्लामा नेकपा माओवादीद्वारा लामो समयदेखि घरजग्गाहरू कब्जा एवम् तालाबन्दी गरी स्वतन्त्र र निर्वाध रूपमा सम्पत्तिको भोगचलन गर्न पाउने अधिकार हनन् भएको भनी पर्न आएको उजुरीका सम्बन्धमा मिति २०६३ चैत २८ गते कालिकोट जिल्लाका नेकपा माओवादीका प्रतिनिधिहरू, अन्य राजनीतिक दल, बिस्थापितहरू तथा स्थानीय प्रशासनसँग सामूहिक छलफल गऱ्यो । उक्त छलफलमा नेकपा माओवादीद्वारा विगतमा कब्जा गरिएका अचल सम्पत्तिहरू फिर्ता गर्ने भनिएकोमा आगामी १० दिनभित्र स्थानीयस्तरमा भएका सम्पूर्ण समस्याहरू समाधान गरी बिस्थापितहरूलाई पुनःस्थापना गर्ने प्रतिवद्वता जनाएकोमा यस क्षेत्रीय कार्यालयले नेकपा माओवादीको उक्त प्रतिवद्वतालाई सकारात्मक रूपमा लिएको छ साथै नेकपा माओवादीद्वारा व्यक्तिगत सम्पत्तिहरू कब्जा तथा तालाबन्दी गरिएको भनिएका यस मध्यपश्चिम क्षेत्रका सम्पूर्ण सम्पत्तिहरू फिर्ता गरी अविलम्ब तालाबन्दी हटाई व्यक्तिको स्वतन्त्रतापूर्वक सम्पत्तिको उपभोग गर्न पाउने अधिकारको सम्मान गर्न र व्यक्त प्रतिवद्वता पालना गर्नसमेत आयोग यसै विज्ञप्तिमार्फत आग्रह गर्दछ ।

हालसम्म पनि कालिकोटमा जातीय विभेद गम्भीर समस्याको रूपमा देखिएकोले यसतर्फ गम्भीर हुन सम्पूर्ण राजनीतिक दलहरू, प्रशासनिक निकायहरू, सामाजिक सङ्घसंस्थाहरू र समग्रमा सम्पूर्ण नागरिकहरूलाई आयोगको क्षेत्रीय कार्यालय आह्वान गर्दछ ।

त्यसैगरी कालिकोट जिल्लामा बिस्तृत शान्तिसम्झौतापछि पनि बेवारिसे बमबाट २ जना बालकहरू घाइते भएको भेटिएकोले दुवै पक्षले यत्रतत्र राखिएका बमहरू, बिष्फोटक पदार्थहरू तथा माईन क्षेत्रहरूको पहिचान गरी अविलम्ब व्यवस्थित गर्न आयोगको क्षेत्रीय कार्यालय सम्बन्धित पक्षसँग आह्वान गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.६१ हुम्ला जिल्लामा मानवअधिकारको अवस्थाको सम्बन्धमा अनुगमन

नेपालगञ्ज /२०६४ वैशाख १० गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जले यही २०६४/०१/१० गतेदेखि २२ गतेसम्म हुम्ला जिल्लाको मानवअधिकारको अवस्थाको सम्बन्धमा अनुगमन गर्‍यो । अनुगमनको क्रममा जिल्लामा बिस्तृत शान्तिसम्झौताको पालना भए नभएको र बालअधिकारको अवस्थालगायतका बिषयमा केन्द्रित रही गरिएको अनुगमनमा क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, बालअधिकार इकाईबाट मोहनलाल आचार्य र संरक्षण अधिकृत हरि ज्ञवालीसमेतको ३ सदस्यीय टोली संलग्न थियो । उक्त समयमा टोलीले सुरक्षा अङ्गहरू, सरकारी कार्यालयहरू, राजनीतिक दलहरू, नागरिक समाज, पत्रकार र मानवअधिकारकर्मीहरूसँगसमेत भेटघाट तथा छलफल गर्‍यो भने पीडित परिवारहरूसँग पनि भेटघाट तथा छलफल गर्‍यो ।

हुम्लामा आयोगको उपस्थितिमा नेकपा माओवादीबाहेक केही राजनीतिक दलहरूले बाटो निर्माणको क्रममा यसअघि निर्माणकर्ताबाट लिएको रकम नागरिक समाजद्वारा आयोजित कार्यक्रममा आफ्नो गल्तीलाई महसुस गर्दै रकम फिर्ता गरिएको घटनालाई आयोगले दलहरू सकारात्मक बाटोतर्फ गइरहेको महसुस गरेको छ । अझै पनि हुम्लामा बिस्थापितहरू पूर्णरूपमा फिर्ता हुन नसकेको, माओवादीद्वारा अपहरण र यातना दिने कार्य नरोकिएको, बालबालिकाहरू ठूलो संख्यामा काठमाडौं, भारत तथा अन्य देशहरूमा समेत अनाथ तथा टुहुराको नाममा लगिएको र सोको निम्ति राज्यका अङ्गहरूले नियन्त्रण गर्न नसकेको, बहुपति प्रथाका कारण कठीन जीवन भोग्न महिलाहरू बाध्य भएको, खाद्य अभाव तथा खाद्यान्न वितरणमा नियमितता नदेखिएको, दलितहरूबीचको सामाजिक विभेद कायमै रहेको, **"कर्णाली उज्यालो"** तथा **"एक परिवार एक रोजगार"**को कार्यक्रम अझै लागू हुन नसकेको, अस्पतालमा डाक्टरहरूको अभाव रहेको पाइएको छ ।

नेत्रबहादुर शाहीको अवस्था २०६३ फागुन २६ देखि हालसम्म पनि अज्ञात नै रहेको र सोसम्बन्धमा कानुनबमोजिमको कार्वाहीमा गम्भीर चुनौती देखिएको, स्थानीय प्रशासनले दोषीको पहिचान गरी कानुनको दायरामा ल्याउन नसकेको कारण पनि नागरिक प्रशासनले कानुनी शासनलाई मूर्तरूप दिन नसकेको समेत देखिएको, कानुन हातमा लिनेहरूप्रति कानुनी कार्वाही हुन नसकेको, जिल्ला प्रशासन कार्यालयको हाताभित्रै झडप हुँदासमेत नियन्त्रण गर्न नसकेका कारण प्रशासनिक निकायहरूको गम्भीर अकर्मण्यता देखिएकोले त्यसतर्फ गम्भीर हुन र कानुनको शासन, सुशासन, पारदर्शिता तथा फौजदारी न्याय प्रणालीप्रति अत्यन्त गम्भीर हुन आयोग सम्बन्धित पक्षसँग आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.६२ सल्यानमा बिस्तृत शान्तिसम्झौताको पालना र संविधानसभा विषयक अन्तर्क्रिया

नेपालगञ्ज/२०६४ जेठ २९ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्जबाट खटिई गएको क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, सम्बर्द्धन अधिकृत सुरेश मल्ल, संरक्षण अधिकृतद्वय रमेशकुमार थापा र हरिप्रसाद ज्ञवालीसहितको टोलीद्वारा सल्यान जिल्लाको खलङ्गामा मिति २०६४ साल ज्येष्ठ २७ गतेका दिन बिस्तृत शान्तिसम्झौताको पालना र संविधानसभा विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरियो ।

कार्यक्रममा विभिन्न मानवअधिकारवादी सङ्घसंस्थाहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधीहरू, पत्रकार, कानुन व्यवसायी, उद्योगी एवम् व्यवसायी, नागरिक समाजका व्यक्तित्वहरू, दलित, महिला, जनजाति, अपाङ्गहरूका अधिकारका क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रम आयोगका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा सहभागीहरूद्वारा बिस्तृत शान्तिसम्झौताको पूर्ण पालना नभएको र यसका लागि सबै राजनीतिक दलहरू एवम् नेपाल सरकार जिम्मेवारीपूर्वक लाग्नुपर्ने धारणा व्यक्त गरेको थियो । सहभागीहरूद्वारा संविधानसभाका बारेमा गाउँगाउँमा सचेतना अभिवृद्धि गरिनुपर्ने, नागरिकको मताधिकारको संरक्षण गरिनुपर्ने एवम् निर्वाचन स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण तरिकाले तोकिएको समयमा सफल बनाउनु सबैको र्क्तव्य हो भन्ने धारणा व्यक्त गरेका थिए । त्यसैगरी राजनीतिक दलहरूका प्रतिनिधिहरूले बिस्तृत शान्तिसम्झौताको कार्यान्वयन र संविधानसभा सफल बनाउने कुरामा दलहरूका तर्फबाट आ-आफ्ना प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । सहभागीहरूद्वारा संविधानसभातर्फ मुलुक अग्रसर भइरहेको अवस्थामा यस अन्तर्क्रिया कार्यक्रम उपलब्धिमूलक भएको र समयसापेक्ष भएको धारणा व्यक्त गरिएको थियो ।

त्यसैगरी टोलीद्वारा सल्यान जिल्लास्थित मानवअधिकारवादी सङ्घसंस्थाहरूसँग NGO Coordination बैठक सम्पन्न गरेको थियो । उक्त बैठकमा आगामी संविधानसभाको अनुगमन के कसरी गर्ने र त्यसका लागि कस्तो संयन्त्रको विकास गर्नेजस्ता विषयहरूमा छलफल गरिएको थियो ।

टोलीले मिति २०६४ साल ज्येष्ठ २८ गतेका दिन जिल्लास्थित सुरक्षा समितिसँग छलफल गरेको थियो । छलफलमा बिस्तृत शान्तिसम्झौताको पालना, मानवअधिकार तथा शान्तिसुरक्षाको अवस्था आदिका बारेमा छलफल भएको थियो । उक्त अवसरमा टोलीले बेपत्ता पारिएकाहरू, आन्तरिक रूपमा बिस्थापितहरू, सुशासन र अन्य मानवअधिकारका विषयवस्तुहरूमा छलफल गरेको थियो । सल्यानमा रहेका ८६ परिवार बिस्थापितमध्ये अधिकांश पुनःस्थापित भैसकेको र १२ ओटा प्रहरी चौकीहरूमध्ये ७ ओटा पूर्णरूपमा, २ ओटा अस्थायीरूपमा र ३ ओटा स्थापित हुन बाँकी रहेको पाइएको छ ।

टोलीमा सम्मिलित संरक्षण अधिकृतहरूद्वारा मानवअधिकार हनन् भएको भनी विभिन्न समयमा आयोगमा पर्न आएका उजुरीहरूउपर अनुसन्धान कार्यसमेत गरिनेछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

### १.६३ सकुशल रिहाइको लागि जनतान्त्रिक मुक्ति मोर्चालाई आग्रह

विराटनगर/२०६४ असार १५ गते

मिति २०६४ असार १४ गते राति ९.०० बजेको समयमा निजको घरबाटै तराई जनतान्त्रिक मुक्ति मोर्चा ज्वाला सिंह समूहका २०-२५ जनाले सिरहा जिल्ला धनगढी गाविस वडा नं. ३ निवासी शालिग्राम कार्कीका छोरा ग्रामीण महिला कल्याण सेवा केन्द्र सिरहा धनगढीमा कार्यरत सामाजिक

कार्यकर्ता समीरकुमार कार्कीलाई अपहरण गरी लगेको हुनाले शीघ्र एवम् सकुशल रिहाइको लागि यस कार्यालयमा उजुरी पर्न आएको छ ।

अतः यस प्रकृतिको कार्यप्रति यस कार्यालयको ध्यानाकर्षण भएको छ । श्री कार्कीलाई शीघ्र एवम् सकुशल रिहाइ गरी व्यक्तिगत अधिकारको सम्मान गर्न आयोग सम्बन्धित पक्षलाई अनुरोध गर्दछ ।
(सुवर्णकुमार कर्माचार्य, निर्देशक)

## १.६४ मानवअधिकारकर्मीहरूलाई धम्की दिएको कार्यप्रति आयोगको ध्यानाकर्षण

विराटनगर/२०६४ असार २२ गते

मिति २०६४ असार २२ गते नेकपा माओवादी खोटाङ जिल्ला इन्चार्जले खोटाङ जिल्लामा कार्यरत इन्सेक प्रतिनिधिलगायत मानवअधिकारकर्मीहरूलाई धम्की दिएको कार्यप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । यस्ता कार्यहरू नेपाल सरकार र नेकपा माओवादीबीच भएको बिस्तृत शान्तिसम्झौता, २०६३ विपरीत भएको स्मरण गराउँदै आगामी दिनमा यस्ता कार्य पुनः दोहोरिन नदिन विभिन्न तहका कार्यकर्तालाई स्पष्ट मार्गनिर्देशन गर्नको लागि यस कार्यालय नेकपा माओवादीका केन्द्रीय नेतृत्व तहलाई अनुरोध गर्दछ ।

मिति २०६४ असार १४ गते राति २.०० बजेको समयमा तराई जनतान्त्रिक मुक्तिमोर्चा ज्वाला सिंह समूहका ८-९ जना रहेको समूहले सिरहा जिल्ला बरियापट्टी गाविस वडा नं. ६ निवासी वर्ष २५ का शिवकुमार यादव,

मिति २०६४ असार १८ गते अज्ञात समूहले मोरङ जिल्ला झुर्किया गाविस वडा नं. ९ निवासी जगदीश यादवका छोरा, वाईसीएलका कार्यकर्ता बलराम यादव र

मिति २०६४ असार १९ गते राति १.४० बजेको समयमा ७-८ जना रहेको अज्ञात समूहले सप्तरी जिल्ला सप्तरी नगरपालिका वडा नं. ७ घर भई ऐ. ऐ. दुर्गा सेकेण्डरी बोर्डिङ स्कुलमा कार्यरत सुशीलकुमार सिंह र २०६४ असार २१ गते राति २२.३० बजेको समयमा सप्तरी ओद्राह गाविस वडा नं. ९ बस्ने वर्ष ५५ को सरोज कोइरालासहितलाई अपरिचित ९/१० जनाको समूहले अपहरण गरी लगेको हुनाले शीघ्र एवम् सकुशल रिहाइको पहल गरिदिन अनुरोध गरी यस कार्यालयमा उजुरी पर्न आएको छ ।

अतः यस प्रकृतिको कार्यप्रति आयोगको कार्यालयको ध्यानाकर्षण भएको छ । यस कार्यालय अपहरित सबैको शीघ्र एवम् सकुशल रिहाइ गरी व्यक्तिगत अधिकारको सम्मान गर्न आयोग सम्बन्धित पक्षलाई अनुरोध गर्दछ ।
(सुवर्णकुमार कर्माचार्य, निर्देशक)

## १.६५ सकुशल कब्जामुक्त गर्न तथा लुटिएको नगद फिर्ता गर्न आग्रह

नेपालगञ्ज /२०६४ साउन ८ गते

जिल्ला दाङ, सिसनिया गाउँ विकास समिति वडा नं- २ बस्ने  वर्ष ४४ को शालिकराम पोखेललाई मिति २०६४ आषाढ २६ गते जिल्ला कपिलवस्तु महेन्द्रकोट गाउँ विकास समिति वडा नं- ३ का नेकपा माओवादी पार्टीका राम कुर्मी र क्षितिज उपनाम गरेका कार्यकर्ताहरूले अपहरण गरी हालसम्म निजको स्थिति अज्ञात तुल्याएको भन्ने तथा मिति २०६४ साउन १ गते जिल्ला डोल्पा शहरतारा गाउँ विकास समिति वडा नं- ९ बस्ने वर्ष ३२ का धनबहादुर बुढाको नगद रु. १८,००,००० ऐ. ऐ. बस्ने कमल बुढाको नगद रु. १२,००,००० र तेम्बा गुरुङ्ग र पालरको नगद रु. ६२,००,००० यार्सागुम्बाको व्यापारको लागि डोल्पा जिल्लाको छिमेकी जिल्ला रुकुमको मैकोत गाउँमा पैसा दिएको र उक्त पैसा फिर्ता ल्याई फर्किने क्रममा रुकुम जिल्लाका नेकपा माओवादी पार्टी निकट वाईसीएलका अत्याधुनिक हातहतियारसहित ४०/५० जनाको संख्यामा आएका कार्यकर्ताहरूले माथि उल्लेखित रकम लुटी लिएको भन्ने उजुरीका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ । अपहरित भनिएका निज शालिकराम पोखेललाई हाल कपिलवस्तु जिल्लामा लगी राखिएको र निजलाई परिवारसित सम्पर्कविहीन तुल्याइएको भन्ने आयोग कार्यालयमा जानकारी प्राप्त हुनआएको छ ।

अतः व्यक्तिलाई अपहरण गर्ने, कब्जामा लिइराख्ने, स्थिति अज्ञात तुल्याउने र लुटपाट गर्नेजस्ता कार्य बिस्तृत शान्तिसम्झौता र प्रचलित राष्ट्रिय, अन्तर्राष्ट्रिय मानवअधिकारका मुलभूत मान्यताविपरीत छ । तसर्थ व्यक्तिको स्वतन्त्रतापूर्वक बाँच्न पाउने तथा सम्पतीसम्बन्धी मौलिक हकको सम्मान गर्दै निज शालिकराम पोखेललाई बिना सर्त अविलम्ब सकुशल रिहाइ गर्न तथा धनबहादुर बुढा, कमल बुढा तथा तेम्बा गुरुङ्गसमेतको लुटिएको भनिएको रकम सम्बन्धित पक्षलाई अविलम्ब फिर्ता गर्न आयागको क्षेत्रीय कार्यालय नेपालगञ्ज नेकपा माओवादीलाई आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.६६ आयोगद्वारा गेटा घटनाको बिस्तृत अनुगमन प्रारम्भ

धनगढी/२०६४ भदौ १२ गते

केही दिनअघि धनगढी, कैलाली निवासी भीमराज पाण्डेको मृत्यु भएपछिको उत्पन्न परिस्थिति र कैलालीको गेटास्थित मुक्त कमैया शिविरमा भएको आगजनीको घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, धनगढीले बिस्तृत मानवअधिकार अनुगमन प्रारम्भ गरेको छ ।

विभिन्न स्रोतहरूबाट प्राप्त प्रारम्भिक जानकारीअनुसार दुवै घटनाहरूको प्रकृति हेर्दा फौजदारी कानुन उल्लङ्घनका तत्वहरू विद्यमान भएकोले ती घटनाहरूको यथाशीघ्र प्रभावकारी र विश्वसनीय अनुसन्धान गर्ने र पीडितलाई न्याय दिलाउनुपर्ने दायित्व नेपाल सरकारले बहन गर्नुपर्नेमा कार्यालय जोड दिन चाहन्छ ।

साथै आगजनीबाट पीडितहरूको राहत तथा उद्धारमा विशेष ध्यान दिन र महिला तथा बालबालिकाको अवस्था झन् गिर्न नदिन आवश्यक उपाय तत्काल अवलम्बन गर्न पनि यस कार्यालय नेपाल सरकारसमक्ष आग्रह गर्दछ ।
(कोषराज न्यौपाने, निमित्त क्षेत्रीय निर्देशक)

## १.६७ संयमतापूर्वक शान्ति र सामाजिक सद्भावलाई कायम राख्न जनसमुदायसमक्ष आग्रह

नेपालगञ्ज/२०६४ भदौ ३० गते

कपिलवस्तु जिल्लाका विभिन्न भागमा देखिएका हत्या, आगजनी, तोडफोड जस्ता अप्रिय घटनाहरूप्रति राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस्ता घटनाहरूबाट नागरिकको बाँच्न पाउने अधिकार, स्वतन्त्ररूपमा आवतजावत गर्न पाउने अधिकारलगायत अन्य अधिकारहरूको समेत गम्भीर उल्लङ्घन भएको छ । नागरिक अधिकारको सुरक्षा गर्नुका साथै भयरहित वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितताका लागि संयमतापूर्वक शान्ति र सामाजिक सद्भावलाई कायम राख्न तथा यस्ता घटनाहरू कुनै पनि क्षेत्रमा कुनै पनि समूह, व्यक्तिद्वारा नदोहोऱ्याउन एवम् यस्ताखाले घटनाहरूप्रति सजग रहन आयोगको क्षेत्रीय कार्यालय, नेपालगञ्ज सम्बन्धित सबै पक्षहरूका साथै सम्पूर्ण जनसमुदायमा हार्दिक आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.६८ सकुशल कब्जामुक्त गर्न आग्रह

नेपालगञ्ज/२०६४ कार्तिक १७ गते

जिल्ला दाङ, मानवअधिकार संरक्षण मञ्च दाङ जिल्ला कमिटी सदस्य प्रकाश आचार्य र नेकपा एमाले पवननगर गाउँ कमिटी दाङका पूर्व सचिव तथा दाङ तुलसीपुरमा स्टेशनरी व्यापार गरी बसेका निर्मलकुमार आचार्य यही कार्तिक १४ गतेका दिन पवननगर गाउँ विकास समिति वडा नं ८ भमकेको खेत खरिहानमा धान बटैया गर्न गएका र धान बटैया गर्न ढिलाइ भएको र आफ्नो भागमा परेको धान स्थानीय ब्यापारी गोविन्द अर्यालकहाँ तौल गराई साँझ ६ बजेतिर निजहरू बसोबास गरेको दाङ तुलसीपुरतर्फ फर्कंदै गरेको अवस्थामा अज्ञात समूहबाट अपहरण गरिएको र निजहरूको अवस्था हालसम्म अज्ञात रहेकाले निजहरूको सकुशल अपहरणमुक्तिका लागि पहल गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

व्यक्तिलाई अपहरण गर्ने, कब्जामा लिई राख्ने, स्थिति अज्ञात तुल्याउनेजस्ता कार्यहरू प्रचलित राष्ट्रिय, अन्तर्राष्ट्रिय मानवअधिकारका मुलभूत मान्यताहरूविपरीत छन् । तसर्थ व्यक्तिको स्वतन्त्रतापूर्वक बाँच्न पाउने, आवतजावत गर्न पाउने तथा सम्पत्तिसम्बन्धी मौलिक हकहरूको

सम्मान गर्दै निज  प्रकाश आचार्य र निर्मलकुमार आचार्यलाई विना सर्त अविलम्ब सकुशल रिहाइ गर्न आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.६९ अपहरणमुक्त गर्न आह्वान

पोखरा/२०६४ पुस २६ गते

कपिलवस्तु जिल्ला तौलिहवा नगरपालिका वडा नं. ४ निवासी जिल्ला विकास समितिको कार्यालय कपिलवस्तुअन्तर्गत स्थानीय विकास कोषमा कार्यरत निरञ्जन पौड्याललाई २०६४ साल पुस २५ गते कार्यालयको कामको सिलसिलामा सोही जिल्लाको तिर्तिखी गाविसको तिर्तिखा गएको अवस्थामा सो ठाउँबाट दिनको करिब ३.३० बजे दुई जनाको समूहमा आएका संयुक्त जनतान्त्रिक तराई मोर्चाका कार्यकर्ताहरूले अपहरण गरेको भनी प्राप्त जानकारीप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

राष्ट्रिय मानवअधिकार आयोग अपहरित पौड्यालको सम्मानपूर्बक बाँच्न पाउने अधिकार, जीवनको अधिकार, स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने तथा पेशा रोजगार गर्न पाउनेजस्ता आधारभूत मानवअधिकारहरूको सम्मान गर्दै विना सर्त अविलम्ब निजलाई रिहा गर्न संयुक्त जनतान्त्रिक तराई मुक्ति मोर्चालाई आह्वान र नेपाल सरकारलाई अपहरित व्यक्तिको जीवनको सुरक्षाको निम्ति आवश्यक पहल गर्न आग्रहसमेत गर्दछ ।

कुनै निहुँमा व्यक्तिलाई अपहरण गर्नु वा बलजफ्ती कब्जामा लिनु मानवअधिकारमाथिको ज्यादती भएकाले आगामी दिनमा यस्ता कार्य गर्न गराउन बन्द गर्नसमेत आयोग सम्बन्धित सबै पक्षहरूलाई आह्वान गर्दछ ।

(प्रेमबहादुर थापा, नि. निर्देशक)

## १.७० मानवअधिकार स्थितिको अनुगमन तथा अनुसन्धान

नेपालगञ्ज/२०६४ माघ ६ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई तथा संरक्षण अधिकृत पवनकुमार भट्टसहितको टोलीले हालै सुर्खेत पुगी त्यहाँको मानवअधिकार उल्लङ्घनसँग प्रहरीसँग सम्बन्धित केही घटनाको प्रारम्भिक अनुसन्धान, सुर्खेत कारागार अनुगमन, आयोगबाट विगतमा भएका सिफारिसअनुरूप पीडितहरूलाई क्षतिपूर्ति तथा पीडकलाई कार्यवाहीको सम्बन्धमा क्षेत्रीय प्रशासन कार्यालय सुर्खेतको ध्यानाकर्षण गराएको थियो साथै बिस्तृत शान्ति संझौतापछि पनि रुकुम, प्युठान, सल्यान र जाजरकोटमा नेकपा माओवादीबाट श्रमकैदमा विभिन्न अभियोग लगाई ४१ जना सर्वसाधारणहरूलाई कब्जामा राखी बन्धक बनाई उनीहरूको ईच्छाविपरीत काममा लगाउने गरिएको भन्ने छापाहरूमा प्रकाशित सामाचारहरूउपर तत्काल अनुसन्धान गरी पीडितहरूलाई उद्दार गर्न तथा प्रचलित कानुनबमोजिम कुनै अपराध गरेको भए कानुनको दायराभित्र

ल्याई सजाय गर्न सम्बन्धित जिल्लाका प्रहरी, प्रशासनलाई निर्देशन दिनसमेत क्षेत्रीय प्रशासन कार्यालय सुर्खेतको ध्यानाकर्षण गरायो ।

टोलीले अनुगमनका क्रममा सुर्खेत कारागारमा देखिएको पिउने पानी, भान्साकोठामा झ्याल, शौचालयमा ढोका, सरसफाइ, बिरामीको स्वास्थ्योपचार, पत्रपत्रिकाको व्यवस्था, प्रमुख जिल्ला अधिकारीले नियमित रूपमा कारागारको अनुगमन गर्ने गरेको नपाइएकोले नियमित अनुगमन गर्न तथा बिस्थापितहरूलाई घर फर्काउनेसम्बन्धमा जिल्ला प्रशासन कार्यालय सुर्खेतको ध्यानाकर्षण गराएको थियो ।

टोलीले सोही क्रममा बाँके जिल्लाको इलाका प्रहरी कार्यालय, कोहलपुरमा रहेका ११ जना र जिल्ला प्रहरी कार्यालय सुर्खेतमा हिरासतमा रहेका १६ जना थुनुवाहरूसँग भेटी यातनाको सम्बन्धमा सोधपुछ गर्दा प्रहरीबाट कठोर यातना दिने कार्यमा सुधार आएको पाइयो भने कोठाको क्षमताभन्दा बढी थुनुवाहरू एउटै कोठामा राख्ने गरेको तथा रातको समयमा त्यही कोठाभित्रै दिशा पिसाब गराउने गरेको पाइयो । प्रहरीहरू स्वयम्ले पालभित्र सुती रात बिताउनु परिरहेको पाइएकोले सोको लागि निजहरूलाई समुचित बासको व्यवस्था मिलाउनसमेत राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्ज स्थानीय प्रशासनको ध्यान आकृष्ट गराउँदछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.७१ आयोगद्वारा लटिनाथ घटनाका घाइतेहरूसँग भेट

ललितपुर/२०६४ माघ २४ गते

दार्चुला जिल्लाको लटिनाथमा माघ २२ मा भएको कुटपिट र आगजनीसम्बन्धी घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगका माननीय सदस्यद्वय रामनगिना सिंह र डा. के. बी. रोकाया तथा अधिकृतहरू सम्मिलित टोलीले घटनाका घाइतेहरू नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य दिलेन्द्रप्रसाद बडुलगायत अन्य चार जनालाई शिक्षण अस्पतालमा र नेपाल प्रहरीका घाइतेहरू छ जनालाई आज वीरेन्द्र प्रहरी अस्पतालमा तथा गोलीबाट घाइते भई कोहलपुर मेडिकल कलेज नेपालगञ्जमा उपचारको लागि भर्ना गरिएका हर्कसिंह धामीसँग आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्जबाट खटिएको टोलीले भेटी निजहरूको स्वास्थ्यस्थिति तथा घटनाको बारेमा जानकारी सङ्कलन गरेको छ । उक्त घटनालाई आयोगले गम्भीरतापूर्वक लिई सो घटनाको भर्त्सना गर्दछ ।

निकट भविष्यमा हुन गइरहेको संविधानसभाको निर्वाचनको लागि सम्बद्ध सबै राजनीतिक दलहरू तथा व्यक्तिहरूलाई भेला हुने, अभिव्यक्ति दिने र स्वतन्त्रतापूर्वक सभा सम्मेलन गर्न पाउने अधिकार रहेको स्मरण गराउँदै देशका सम्पूर्ण राजनीतिक दलहरू तथा सम्बद्ध सबै पक्षहरूलाई मानवअधिकारको सम्मान गर्न राष्ट्रिय मानवअधिकार आयोग आग्रह गर्दछ । त्यस्तै नेकपा माओवादीबाट बिस्तृत शान्तिसम्झौतामा हस्ताक्षरपछि भङ्ग गरेको जनपरिषद्लाई पुनःस्थापना गरी स्थानीय तहसम्म सक्रिय गराउने निर्णयबाट बिस्तृत शान्तिसम्झौताको उल्लङ्घन भएको देखिन्छ ।

यसरी, बिस्तृत शान्तिसम्झौताको उल्लङ्घन हुने खालका क्रियाकलापहरू कुनै पनि पक्षबाट नगर्न, नगराउन आयोग आह्वान गर्दछ ।

साथै, उक्त घटनाको निष्पक्ष छानबिन गरी दोषीउपर प्रचलित कानुनअनुसार आवश्यक कार्वाही गर्न राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।
(पद्मा माथेमा, निमित्त सचिव)

## १.७२ मानवअधिकारको प्रभावकारी कार्यान्वयनको अवस्थालाई सुनिश्चित गर्न आग्रह

नेपालगञ्ज/२०६४ फागुन ६ गते

नेपालगञ्ज क्षेत्रभित्र फागुन ५, २०६४ मा भएको दुःखद् घटनाको राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जले नजिकबाट अनुगमन गरेको छ । घटनामा नेपालगञ्ज न. पा. वडा नं. १६ बेलासपुर निवासी ३५ वर्षीय गुल्जार खानको मृत्यु, पत्रकारहरूमाथि भएको कुटपिट तथा दुर्व्यवहार, आयोगको अनुगमन टोलीलाई प्रदर्शनकारीहरूले तस्वीर खिच्न नदिएको अवस्था, ४ दर्जनभन्दा बढी प्रदर्शनकारीहरू तथा प्रहरीहरू घाइते भएको अवस्था, तोडफोड, आगजनी तथा जुलुसमा बालबालिकाको प्रयोगको सम्बन्धमा आयोगको गम्भीररूपमा ध्यानार्कषण भएको छ ।

यसै विषयलाई लिएर आज राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जले आयोगको कार्यालयमा प्रमुख जिल्ला अधिकारी तथा बरिष्ठ प्रहरी उपरीक्षक र मानवअधिकारवादी सङ्घसंस्था तथा कानुन व्यवसायीहरूसँग छलफल गरेको थियो भने अर्कोपटक पत्रकार, मानवअधिकारकर्मी, नागरिक समाज, बन्द तथा शान्ति ऱ्याली आयोजक पार्टीका प्रमुख तथा प्रतिनिधिहरूसँग छलफल गरेको थियो ।

व्यक्तिको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार, शान्तिपूर्णरूपमा सभा सम्मेलन तथा प्रदर्शन गर्न पाउने अधिकार, पत्रकारहरूको स्वतन्त्रतापूर्वक समाचार सङ्कलन गर्न पाउने अधिकार, बालबालिकाको अधिकार जस्ता कुराहरूलाई सम्मान गर्दै शान्ति, सुव्यवस्था र मानवअधिकारको प्रभावकारी कार्यान्वयनको अवस्थालाई सुनिश्चित गर्न, समाजमा भयरहित वातावरण सृजना गर्न, घाइतेहरूको तत्काल आवश्यक उपचारको व्यवस्था मिलाउन आयोग स्थानीय प्रसासन, नागरिक समाज तथा सम्बन्धित दलहरूसमेतलाई आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.७३ संविधानसभाको निर्वाचन, बिस्तृत शान्तिसम्झौताको पालना तथा समग्र मानवअधिकारको अवस्थाको बारेमा जाजरकोट जिल्लाको अनुगमन

नेपालगञ्ज/२०६४ फागुन २१ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालञ्जको क्षेत्रीय निर्देशकसहितको एक टोलीले हालै जाजरकोट जिल्लाको संविधानसभाको निर्वाचन, बिस्तृत शान्तिसम्झौताको पालना तथा समग्र

मानवअधिकारको अवस्थाको सम्बन्धमा अनुगमन गरेको छ । अनुगमन टोलीमा संरक्षण अधिकृतद्वय रमेश थापा तथा हरिप्रसाद ज्ञवालीको सहभागिता थियो ।

अनुगमनको क्रममा टोलीले संविधानसभाको निर्वाचनमा राजनीतिक दलहरू सक्रियतापूर्वक लागिसकेको, निर्वाचनको लागि प्रभावकारी सुरक्षा व्यवस्था कायम गरिएको पाइएको थियो । जाजरकोटको समग्र मानवअधिकारको स्थितिसम्बन्धमा स्थानीय नागरिक समाजका प्रतिनिधि, राजनीतिक दलका प्रतिनिधिहरू, संविधानसभा निर्वाचनका प्रत्याशी उम्मेदवारहरू, मानवअधिकारकर्मीहरू, दलित सङ्गठनका प्रतिनिधिहरू, पेशागत सङ्गठनका प्रतिनिधिहरू, पूर्व सांसद, विधायिका सांसद तथा पत्रकारहरूसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरेको थियो । सोही सन्दर्भमा टोलीले जाजरकोट जिल्लाको कारागार, शिक्षा, स्वास्थ्य, खाद्य आपूर्ति, सुरक्षा, स्थानीय विकास, स्थानीय प्रशासनसँग सम्बन्धित प्रमुख चुनौतीहरू र त्यसबाट मानवअधिकारको क्षेत्रमा पर्न सक्ने प्रभावको सम्बन्धमा छुट्टाछुट्टै छलफल गरेको थियो ।

अनुगमनको क्रममा टोलीले प्राप्त गरेका मूलभूत तथ्यहरू :
१. सदरमुकामभन्दा टाढाका गाविसहरूमा प्रभावकारी खाद्य आपूर्ति हुन नसक्दा खाद्य अभाव हुने गरेको पाइयो ।
२. विभिन्न विद्यालयहरूमा “सट्टा शिक्षक”को परिपाटीले गर्दा बालबालिकाको शिक्षासम्बन्धी अधिकार हनन् हुने गरेको पाइयो भने सम्बन्धित विद्यालयका अभिभावक तथा विद्यालय व्यवस्थापन समिति जिम्मेवारीपूर्ण हुन नसकेको पाइयो ।
३. जिल्ला अस्पतालमा दरबन्दीअनुसार डाक्टरहरू नहुँदा बिरामीको स्वास्थ्योपचार तथा मृतकको पोष्टमार्टमको लागि समस्या हुने गरेको पाइयो ।
४. सल्यानको सल्लीबजार तथा सुर्खेतको औलभ्र्याममा प्रहरी र स्थानीय प्रशासनले प्रभावकारी भुमिका निर्वाह गर्न नसक्दा यातायात व्यवसायीको सडकमा मनोमानी भई जाजरकोटबासीले यातायात सेवाबाट बञ्चित हुनुपरेको अवस्था पाइयो ।
५. माओवादी जनअदालतबाट सजाय भोगिरहेकाहरूमध्ये ५ जना व्यक्ति अझै माओवादी श्रमकैदमा निगरानीमा रहेको नेकपा माओवादीबाट स्वीकार गरेको पाइयो ।
६. जनयुद्धको क्रममा टुहुरा, अनाथ र बेसहारा बनेका भनिएका करिब २८० जना बालबालिकाहरूलाई विभिन्न गाविसहरूमा नेकपा माओवादीले विद्यालय सञ्चालन गरी पठनपाठनको व्यवस्था गरेको बुझियो ।

अनुगमनबाट प्राप्त उल्लेखित तथ्यहरूउपर अत्यन्त संवेदनशील भई मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा सहयोग पुर्‍याउन तथा क्रियाशील रहन राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालञ्ज यसै विज्ञप्तिमार्फत सम्बन्धित सरोकारवालाहरू, स्थानीय प्रशासनहरू, जिम्मेवार सरकारी निकायहरू तथा क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँदछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.७४ संविधानसभा सदस्य निर्वाचनको उम्मेदवारको अपहरणप्रति आयोगको गम्भीर ध्यानाकर्षण

पोखरा/२०६४ फागुन २५ गते

कपिलवस्तु जिल्ला निर्वाचन क्षेत्र नं. २ बाट जनमोर्चा नेपालको तर्फबाट संविधानसभा सदस्यको पदमा उम्मेदवार बन्नुभएका सो दलका जिल्ला सचिव कमलेश भन्ने ब्रिजविहारी शुक्ला, ४० लाई मिति २०६४ फागुन २४ गते अन्दाजी बेलुका ८.३० बजेको समयमा सोही जिल्लाको क्षेत्र नं. ३ मा पर्ने दोहनी गाविसबाट संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चाका सदस्यहरूले अपहरण गरी अज्ञात ठाउँमा राखी बेपत्ता बनाएको समाचार विभिन्न सञ्चार माध्यमबाट प्रसारित तथा प्राकाशित भएको घटनाले यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त घटनाबाट मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २१ तथा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुवन्ध, १९६६ को दफा २५ द्वारा प्रत्याभूत गरिएको निर्वाचनमा उम्मेदवार हुने तथा मतदान गर्न पाउने आधारभूत मानवअधिकारको उल्लङ्घन भएको छ साथै सो घटनाबाट नेपालको अन्तरिम संविधान, २०६३ द्वारा नेपाली नागरिककलाई प्रत्याभूत गरिएको स्वतन्त्रतासम्बन्धी अधिकारमध्ये सम्मानपूर्वक बाँच्न पाउने हक, कानुनबमोजिम व्यक्तिको स्वतन्त्रता अपहरण नहुने हकलगायतका स्वतन्त्रताकहरूको समेत उल्लङ्घन हुन गएको छ ।

तसर्थ, व्यक्तिको मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरूलाई सबै पक्षबाट सम्मान तथा प्रत्याभूत गर्न र अपहरण गरिएका व्यक्ति निज ब्रिजविहारी शुक्लालाई अविलम्ब मुक्त गर्न यस कार्यालय संयुक्त तराई जनतान्त्रिक मुक्ति मोर्चालाई आग्रह गर्दछ भने नागरिकको निर्वाचनमा भाग लिने, मताधिकारको प्रयोग गर्नेलगायत भयमुक्त वातावरणमा बाँच्न पाउने अवस्थाको सृजना गर्न नेपाल सरकारसँग आग्रह गर्दछ ।
(अच्युत आचार्य, नि. निर्देशक)

### १.७५ मानवअधिकारप्रति संवेदनशील हुन आयोगको आग्रह

ललितपुर/२०६४ फागुन २९ गते

राष्ट्रिय मानवअधिकार आयोगमा संविधानसभा निर्वाचनका सिलसिलामा विभिन्न पक्षहरूबाट मानवअधिकार प्रभावित भएको सम्बन्धमा विभिन्न जानकारी प्राप्त हुन आएका छन् ।

मिति २०६४ फागुन १० गते अर्घाखाँची जिल्ला नुवाकोट गाविस ३ स्थित महेन्द्र प्राविको प्राङ्गणमा नेकपा माओवादीले आयोजना गरेको चुनाव प्रचार-प्रसारको कार्यक्रममा माओवादी र नेकपा एमालेलगायतका स्थानीय बासिन्दाबीच भएको झगडामा नेकपा माओवादीका एक जना कार्यकर्ताको मृत्यु र ११ जना घाइते भएको घटनाका सम्बन्धमा आयोगबाट स्थलगत अनुगमन भई प्रतिवेदन प्राप्त हुन आएको,

मिति २०६४ फागुन २५ गते सिन्धुपाल्चोक जिल्ला क्षेत्र नं. ३ को लाँगचे गाविसमा चुनावी प्रचारको सिलसिलामा जाँदै गरेका राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिसमसेर जबरालाई नेकपा माओवादीका कार्यकर्ताले भोटोनाम्लाङ गाविसमा अवरोध सिर्जना गरेको जानकारी प्राप्त भएको,

ललितपुर जिल्ला क्षेत्र नं. १ मा पर्ने आस्राङ गाविसको लुकुनेबेँसीमा माओवादी भ्रातृसङ्गठन वाईसीएलका कार्यकर्ताले आक्रमण गरी एमालेका कार्यकर्ता नारायण तिमल्सिनालगायतलाई गम्भीर घाइते तुल्याएको भन्ने जानकारी प्राप्त भएको,

राष्ट्रिय जनशक्ति पार्टीका धनकुटा जिल्ला अध्यक्ष कुमारबहादुर थापालगायतका कार्यकर्तालाई धनकुटा जिल्लामा संविधानसभा चुनाव प्रचारमा हिँडेका बेला उनीहरूको साथमा रहेको नगद र पार्टीका केन्द्रीय अध्यक्ष सूर्यबहादुर थापाको नागरिकता र तीन थान मोबाइलसमेत वाईसीएलका कार्यकर्ताले लुटेको जानकारी हुन आएको,

मधेसमा सशस्त्र सङ्घर्ष गरिरहेका समूहसित वार्ता नगर्ने भनी प्रधानमन्त्रीले अभिव्यक्ति दिनुभएको भनी विभिन्न सञ्चार माध्यममा प्रकाशित/प्रसारित समाचार,

अतः उल्लिखित घटनाहरूका सम्बन्धमा आयोग गम्भीर चासो व्यक्त गर्दछ साथै आयोगले ती घटनाहरूका सम्बन्धमा गम्भीरतापूर्वक आवश्यक अनुगमन गरिरहेको छ। आउँदो चैत २८ गते हुन गइरहेको संविधानसभा निर्वाचनको प्रचार-प्रसारको सिलसिलामा स्वतन्त्रतापूर्वक राजनीतिक दलहरूले आफ्ना गतिविधि सञ्चालन गर्न पाउनु मानवअधिकारको विषय भएकाले त्यसको सम्मान गर्न सम्बन्धित पक्षहरूलाई आयोग आग्रह गर्दछ साथै मधेसमा सशस्त्र सङ्घर्ष गरिरहेका समूहसित वार्ता नगर्ने भनी प्रधानमन्त्रीले अभिव्यक्ति दिनुभएको भनी विभिन्न सञ्चार माध्यममा प्रकाशित/प्रसारित समाचारबाट आगामी निर्वाचनमा मानवअधिकार र शान्तिसुरक्षाको अवस्थामा प्रभाव पर्ने संभावनालाई दृष्टिगत गरी आवश्यक संवेदनशीलता अपनाउन राष्ट्रिय मानवअधिकार आयोग सम्बन्धित पक्षहरूको ध्यानाकर्षण गराउँछ।
(विशाल खनाल, सचिव)

## १.७६ स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन प्रक्रियामा असर पर्ने कार्यप्रति आयोगद्वारा ध्यानाकर्षण

ललितपुर/२०६४ फागुन ३० गते

रामेछाप जिल्लाको दुर्गम गाउँ गौखर्कमा माओवादीद्वारा नेकपा (एमाले)को चुनावी अभियानमा आक्रमण गरी सो दलका संविधानसभा निर्वाचन उम्मेदवार देवशंकर पौडेललगायतका कार्यकर्ताहरूलाई घाइते बनाएको प्रकाशित समाचारप्रति राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

यसैगरी, मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरूले सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं. ५ अन्तर्गतको लौकही बजारमा नेपाली काङ्ग्रेसका उम्मेदवार विना विभागीय मन्त्री सुजाता कोइरालाको चुनावीसभामा भएको अक्रमणलाई पनि आयोगले गम्भीरतापूर्वक हेरेको छ।

चैत २८ गते हुन गइरहेको संविधानसभाको स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन प्रक्रियामा असर पर्ने कुनै पनि कार्य दलबाट हुनु भएन। यस्ता कार्यहरूले शान्तिपूर्ण भेला हुन, प्रचार-प्रसार गर्न पाउने संविधानप्रदत्त अधिकारको उल्लङ्घन हुने हुँदा सबै पक्षलाई संवेदनशील भइदिन राष्ट्रिय मानवअधिकार आयोगले ध्यानाकर्षण गराएको छ।

(विशाल खनाल, सचिव)

## १.७७ मताधिकार, निर्वाचन आचारसंहिताको पालनासम्बन्धमा रुकुम, सल्यान र दाङमा अनुगमन

नेपालगञ्ज/२०६४ चैत ११ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, संरक्षण अधिकृतद्वय पवनकुमार भट्ट र हरिप्रसाद ज्ञवालीसहितको टोलीले हालै रुकुम र सल्यान जिल्लामा संविधानसभा निर्वाचन तयारी, आपसी समन्वय, शान्तिसुरक्षाको स्थिति तथा प्रबन्ध, मतदाता तथा उम्मेदवारहरूको मताधिकार, प्रचार-प्रसार, निर्वाचन आचारसंहिताको पालना एवम् भयरहित ढङ्गबाट निर्वाचन सम्पन्न हुने संभावना तथा जनताको राजनीतिक अधिकारको सुनिश्चितताको सम्बन्धमा अनुगमन गरेको छ । टोलीले अनुगनको क्रममा रुकुम तथा सल्यानका मानवअधिकारकर्मी, निर्वाचन पर्यवेक्षकहरू, पत्रकार, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतहरू, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुखहरू तथा नागरिक समाजका प्रतिनिधिहरूसँग छलफल गरेको थियो । यसै सन्दर्भमा टोलीले दाङ तुलसीपुरस्थित मानवअधिकारकर्मी, निर्वाचन पर्यवेक्षक तथा नागरिक समाजका अध्यक्षसँगसमेत छलफल गर्‍यो ।

अनुगमनको क्रममा समग्रमा पाइएका तथ्यहरू देहायअनुसार छन् :

१. दाङको फूलबारी, उरहरी क्षेत्रमा निर्वाचन चिह्नसहित भित्तेलेखन तथा सामान्य पोस्टरिङ भएको पाइयो ।
२. सल्यान, रुकुमका सदरमुकामलगायत विभिन्न स्थानहरूका निजी घरहरूमा स्वीकृतिबिना तथा सार्वजनिक स्थल, धार्मिक स्थलमा व्यापक मात्रामा रूख, सूर्य, गोलाकारभित्र हँसिया हथौडा, हलो, छाता र गिलास चुनाव चिह्न अङ्कित पर्चाहरू टाँसिएको पाइयो ।
३. दलहरूले चुनाव प्रचारको लागि माइकिङ गरेको पाइयो ।
४. सल्यानमा निर्वाचन पर्यवेक्षणका लागि खटिएका पर्यवेक्षकहरू टोपीसहित चुनाव प्रचार-प्रसारको लागि दलको चुनाव चिह्न र झण्डासहितको गाडीमा सँगै हिँडेको पाइयो भने पर्यवेक्षण अनुमति लिएका संस्थाका प्रतिनिधिहरू पनि चुनाव प्रचारमा संलग्न रहेको बुझियो ।
५. रुकुम कारागारका कैदीहरूले पानी चुहिने घरभित्र चिसो भुइँमा सुत्नुपर्ने अवस्था रहेको र राति सुत्ने कोठाभित्रै बाल्टीमा पिसाब फेर्नुपर्ने अवस्था रहेको पाइयो ।
६. माओवादी श्रम कैदमा अझै रुकुममा १२ जना र सल्यानमा ४ जना रहेको स्वीकार गरेको पाइयो ।
७. रुकुमका १०१ परिवार बिस्थापित पुनःस्थापित भएको पाइयो ।
८. आयोगबाट विभिन्न मितिमा क्षतिपूर्तिको लागि सिफारिस भएका पीडितका परिवारहरूलाई तत्काल क्षतिपूर्ति रकम उपलब्ध गराउन स्थानीय प्रशासनलाई निर्देशन दिइयो ।
९. माओवादी पक्षबाट गाउँगाउँमा मतदाताहरूलाई आफ्नो पक्षमा मतदान गर्न धम्क्याएको भन्ने भनाइ रुकुम, सल्यान, दाङका आम गैरमाओवादी पक्षबाट आएको पाइयो ।
१०. निर्वाचन तयारी र शान्तिसुरक्षाको अवस्था सन्तोषजनक रहेको पाइयो भने दलहरूको प्रचार-प्रसारमा उल्लेखनीय रूपमा कुनै पनि बाधा अवरोध नरहेको पाइयो ।

अनुगमनका क्रममा पाइएका तथ्यहरूउपर सम्पूर्ण सरोकारवालाहरूले गम्भीरतापूर्वक ध्यानपुऱ्याई निष्पक्ष, स्वतन्त्र र भयरहित ढङ्गले जनताले मताधिकार प्रयोग गर्न पाउने वातावरण तयार गर्न तथा मानवअधिकार रक्षाको पूर्ण प्रत्याभूति गर्दै संविधानसभाको निर्वाचन सफल पार्न राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्ज विशेष आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.७८ आमसभा अनुगमन

नेपालगञ्ज/२०६४ चैत १९ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको संरक्षण अधिकृतद्वय सरिता ज्ञवाली र मोहनदेव जोशीसहितको अनुगमन टोलीले संविधानसभा र निर्वाचन आचारसंहिता, २०६४ साथै संविधानसभा प्रचार-प्रसारका लागि नेकपा एमालेद्वारा बाँकेको खजुरा क्षेत्रमा आयोजित क्षेत्रीय आमसभा कार्यक्रमसम्बन्धमा स्थलगत अनुगमन गऱ्यो । अनुगमनको क्रममा टोलीले कार्यक्रम शान्तिपूर्ण तथा सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको पाएको थियो । आयोजक पार्टीले बालबालिकाको प्रयोग गरी बालबालिकालाई पार्टीका चुनाव चिह्नसहितको रुमाल बाँध्न, पार्टीको पर्चा वितरण गर्न लगाई प्रचार-प्रसारमा बालबालिकाको प्रयोग गरेको पाइएको छ । त्यसैगरी नेपालको अन्तरिम संविधानले स्वास्थ्यसम्बन्धी मौलिक अधिकारको व्यवस्था गरेको छ, सोको परिपूर्तिको लागि राज्यले सुविधासम्पन्न निकायको रूपमा अस्पतालको व्यवस्था गरेको हुन्छ । जिल्ला प्रशासन कार्यायलय बाँकेले अस्पताल जस्तो संवेदनशील निकायको लोगो **H** लेखिएको सवारी साधन सम्बन्धित निकायलाई प्रयोग गर्नबाट बञ्चित गरी सुरक्षा निकायलाई प्रयोग गर्न दिएको पाइएको छ । सो कार्यप्रति आयोगको ध्यानाकर्षण भएको छ ।

संविधानसभा प्रचार-प्रसारको क्रममा चैत १८ गते नेकपा एमालेद्वारा आयोजना गरेको आमसभामा राजनीतिक अभीष्ट पूर्तिको लागि बालबालिकाको प्रयोग गर्नु निर्वाचन आचारसंहिताविपरीत हो । राजनीतिक उद्देश्य परिपूर्तिका लागि बालबालिकाको प्रयोग गर्नु आचारसंहिताको ठाडो उल्लङ्घन हुने भएकाले आयोग सम्पूर्ण राजनीतिक दलहरूलाई आउँदा दिनहरूमा निर्वाचन आचारसंहिताप्रति पूर्ण सजग र प्रतिवद्ध रहन आग्रह गर्दछ । साथै स्वास्थ्यजस्तो संवेदनशील निकायको सवारीसाधन अन्यत्र प्रयोग गर्दा जनताको स्वास्थ्यसम्बन्धी हकमा प्रतिकूल प्रभाव पर्न सक्ने हुँदा सुरक्षाको लागि वैकल्पिक प्रबन्ध मिलाउनसमेत आयोग स्थानीय प्रशासनलाई ध्यानाकर्षण गराउँदछ ।

साथै यसै हप्ता सल्यान, कालिकोट, रुकुम, जुम्ला, दैलेख आदि जिल्लाहरूमा चुनाव प्रचार-प्रसारमा एक राजनीतिक दलका कार्यकर्ताहरूले अर्को राजनीतिक दलका कार्यकर्ताहरूमाथि कुटपिट तथा आक्रमणका घटनाहरू घटिरहेको पाइएको हुँदा त्यस्ता घटनाहरूलाई पूर्ण विराम दिई निर्वाचन आचारसंहिताको पालना र व्यक्तिको राजनीतिक अधिकारको सम्मान गर्नसमेत आयोग आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.७९ संविधानसभा निर्वाचन आचारसंहिता, २०६४ को पालनासम्बन्धमा बर्दिया, राजापुर क्षेत्रको अनुगम

नेपालगञ्ज/२०६४ चैत १५ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जका संरक्षण अधिकृतद्वय रमेशकुमार थापा र पवनकुमार भट्ट रहेको अनुगमन टोलीले संविधानसभा निर्वाचन आचारसंहिता, २०६४ को पालनाको सम्बन्धमा हालै बर्दिया जिल्लाको राजापुर क्षेत्र तथा जिल्लाका मनाउ, मानपुरटपरा, बदालपुर, नयाँगाउँ, पशुपतिनगर, पाताभार, गोला, दौलतपुर, राजापुर, भीम्मापुर, खैरिचन्दनपुर, सानोश्री, ठाकुरद्वारा, सूर्यपटवा, शिवपुर, नेउलापुर, मोतीपुर क्षेत्रको स्थलगत अनुगमन गरेको छ । अनुगमनको क्रममा टोलीले विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, संविधानसभा निर्वाचनका उम्मेदवारहरू, कार्यकर्ताहरू, मतदाताहरू, नागरिक समाजका प्रतिनिधिहरूसँग भेटघाट तथा छलफल गरेको थियो । अनुगमनको क्रममा टोलीले राजनीतिक दलहरूको चुनावी प्रचार-प्रसार कार्यक्रम तथा संविधानसभा निर्वाचन आचारसंहिताको पालना गरे नगरेको, मतदाताहरूले भयरहित वातावरणमा मतदान गर्न पाउने अवस्था भए नभएको, मतदाता शिक्षा, भित्तेलेखन तथा पर्चा पम्पलेटिङको सम्बन्धमा अनुगमन गरेको थियो ।

आयोगको अनुगमन टोलीले संविधानसभा निर्वाचनकै सन्दर्भमा बर्दिया जिल्लाको राजापुर क्षेत्रमा रहेका प्रहरी चौकीका प्रमुखसँग छुट्टाछुट्टै भेट गरी निर्वाचन आचारसंहिता, सुरक्षा व्यवस्था र दलहरूको राजनीतिक गतिविधि तथा प्रहरी चौकीहरूको भौतिक संरचनाको समेत अनुगमन गरेको थियो । अनुगमनको क्रममा टोलीले अनुगमन गरेका क्षेत्रहरूमा राजनीतिक दलहरूले संविधानसभा निर्वाचन आचारसंहिताको पालना गरेका, व्यक्तिगत घर तथा सार्वजनिक स्थलमा पर्चा पम्पलेटिङ नगरेका, शान्तिपूर्ण वातावरणमा चुनाव प्रचार-प्रसार गतिविधि गरिरहेको पाइए तापनि मतदाता शिक्षासम्बन्धी कार्यक्रम प्रभावकारी रूपमा हुन नसकेको पाइयो भने ठाकुरद्वारा बजार क्षेत्र तथा शिवपुर गाविसअन्तर्गत पर्ने श्री जगदम्बा उच्चमाविको पर्खालमा राजनीतिक दलद्वारा भित्तेलेखन गरेको पाइयो । त्यसैगरी नागरिकको शान्तिसुरक्षाको जिम्मेवारी लिएको प्रहरी चौकी मनाउको भौतिक संरचनाको अवस्था एकदमै नाजुक रहेको पाइयो ।

साथै, बाँके जिल्लाको नेपालगञ्जस्थित त्रिभुवन चौकमा १४ चैत २०६४ मा मधेशी जनअधिकार फोरम र तराई मधेशी लोकतान्त्रिक पार्टीका कार्यकर्ताहरूबीच भएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानार्कषण भएको छ । संविधानसभा निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्दै भयरहित एवम् शान्तिपूर्ण रूपमा जनताले मताधिकार प्रयोग गर्न पाउने तथा उम्मेदवारहरूलाई निर्वाचित हुन पाउने अधिकारबाट बञ्चित नगर्ने दिशातर्फ प्रतिवद्ध रहँदै उच्चसंयमता अपनाउन सम्बन्धित सबै पक्षलाई आयोग आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.८० संविधानसभा निर्वाचनको अनुगमन

पोखरा/२०६४ चैत १५ गते

विगत केही दिनदेखि कास्की जिल्लामा संविधानसभा निर्वाचनको प्रचार-प्रसारको क्रममा राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल)द्वारा आयोजना गरिएको कार्यक्रम स्थलमा केही राजनीतिक दलका कार्यकर्ताहरूद्वारा आक्रमण गरी कार्यक्रममा सहभागी नेता तथा कार्यकर्ताहरूमाथि आक्रमण, कुटपिट तथा डर, धाक, धम्की देखाउने कार्य भैरहेको तथा यसै जिल्लाअन्तर्गत लेखनाथ नगरपालिकाको सिशुवा चौकमा नेकपा माओवादीका कार्यकर्ताहरूमाथि चैत १२ गते भएको हमलाप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

उक्त कार्यहरूबाट संविधानसभा निर्वाचनमा निर्वाधरूपमा मतदान गर्ने तथा राजनीतिक दल तथा उम्मेदवारहरूले राजनीतिक गतिविधि सञ्चालन गरी निर्वाचित हुन पाउनेलगायत अभिव्यक्तिको स्वतन्त्रता तथा आवतजावत गर्ने स्वतन्तत्रता आदि जस्ता आधारभूत मानवअधिकार तथा निर्वाचन आचारसंहितासमेतको हनन् हुन पुगेको छ ।

यस कार्यालय उल्लिखित कार्यहरू गर्ने पक्षलाई त्यस्ता कार्यहरू पुन: नदोहऱ्याई संविधानसभा निर्वाचनलाई स्वच्छ र निर्भय रूपममा सम्पन्न हुने वातावरण तयार गर्न आग्रह गर्दछ । साथै त्यस्ता कार्यक्रमहरूमा पर्याप्त सुरक्षा प्रबन्ध मिलाउन र दोषीउपर अविलम्ब कानुनी कार्वाही गर्न नेपाल सरकारलाई अनुरोधसमेत गर्दछ ।
(अच्युत आचार्य, नि. निर्देशक)

## १.८१ सुर्खेत र लमहीमा भएको हत्याका घटनाहरूको आयोगले अनुसन्धान गर्ने

नेपालगञ्ज/२०६४ चैत २७ गते

चैत २६, २०६४ मा क्रमश: नेपाली काङ्ग्रेसका कार्यकर्ता र नेकपा एमालेका कार्यकर्ताबीच सुर्खेतमा भएको भनिएको झडपमा नेकपा एमालेका संविधानसभा उम्मेदवार ऋषिप्रसाद शर्माको हत्या तथा दाङको लमहीमा प्रहरीसँग भएको झडपमा नेकपा माओवादीका कार्यकर्ताहरूको हत्याको दु:खद् समाचारले राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ र आयोग स्तब्ध पनि भएको छ । संविधानसभा निर्वाचनको सङ्घारमा आइपुग्दा ठूला राजनीतिक दलहरूबीच केन्द्रमा भएको सहमति तथा प्रतिबद्धताहरूविपरीत व्यक्तिको "बाँच्न पाउने अधिकार"लाई नै समाप्त पारिनु मानवअधिकारको दृष्टिले अत्यन्त दु:खद छ । आयोगले हत्याका ती सबै घटनाहरूका सम्बन्धमा अनुसन्धान गर्न त्यसतर्फ अनुसन्धान टोलीहरू खटाइसकेको छ । घटनाका दोषीहरूको पहिचान गरी कानुनबमोजिम तत्काल कार्वाही गर्न आयोग स्थानीय प्रशासनलाई अनुरोध गर्दछ ।

संविधानसभाको यस ऐतिहासिक निर्वाचनको पूर्व सन्ध्यामा घटेका यी अमानवीय घटनाहरूबाट कति पनि विचलित नभई अभूतपूर्व धैर्य प्रदर्शन गर्दै समस्याको समाधान कानुनी रूपबाट पहिचान गर्न तथा संविधानसभा निर्वाचन शान्तिपूर्ण ढङ्गबाट सम्पन्न गर्न सबै राजनीतिक दलहरू, पीडित परिवारहरू तथा नागरिक समाजसँग आयोग विशेष आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.८२ दाङ र सुर्खेत घटनाबारे शान्ति तथा द्वन्द्वव्यवस्थापन समितिको आयोगसित आग्रह

ललितपुर/२०६४ चैत २९ गते

राष्ट्रिय मानवअधिकार आयोगका माननीय अध्यक्ष केदारनाथ उपाध्यायले संविधानसभा निर्वाचनको मतदानको दुई दिनअघि सुर्खेत जिल्लाको निर्वाचन क्षेत्र नं. १ का नेकपा एमालेका उम्मेदवार ऋषिप्रसाद शर्मामाथि केही व्यक्तिहरूले चलाएको गोली लागि उपचारको क्रममा मृत्यु भएको तथा सोही दिन दाङ जिल्लामा सुरक्षा बलको गोली प्रहारबाट नेकपा माओवादीका ७ जना कार्यकर्ताहरूको मृत्यु भएको घटनालाई राष्ट्रिय मानवअधिकार आयोगले अति गम्भीरतापूर्वक लिएको र उक्त घटनाहरूको प्रारम्भिक अनुसन्धान थालिसकेको बताउनुभयो ।

अध्यक्ष उपाध्यायले उक्त कुरा शान्ति तथा द्वन्द्व व्यवस्थापन समितिका सहसंयोजकद्वय दमननाथ ढुंगाना र पद्मरत्न तुलाधर, सदस्यहरू डा. वीरेन्द्र मिश्र, डा. शम्भुराम सिम्खडा, स्टेला तामाङ र संयुक्त सङ्गठन मानवाधिकार उच्चायुक्तको काठमाडौंस्थित कार्यालयका प्रमुख रिचर्ड बेनेटसमेत सम्मिलित टोलीसित आयोगको कार्यालयमा आज भएको भेटघाटमा भन्नुभएको हो ।

उहाँले उक्त घटनाहरूको सत्यतथ्यको अनुसन्धान गरी दोषीमाथि कार्वाहीका लागि उपयुक्त बाटो खोज्ने तथा देशमा दण्डहीनताको संस्कृति अन्त्य गर्न सशक्त पहल गरिने बताउनुभयो ।

उक्त अवसरमा आयोगका सदस्यहरू माननीय रामनगिना सिंह, माननीय गौरी प्रधान र माननीय डा. के. बी. रोकायाले दण्डहीनताको अवस्थालाई गम्भीर रूपमा लिँदै यसको न्यूनीकरण गर्नेसम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायले सक्रिय रूपमा काम गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो ।

टोली सदस्यहरूले दाङ र सुर्खेतमा घटेका घटनाहरूमा पहल गर्न आग्रह गरेका थिए ।

आयोगले उक्त टोलीलाई दाङ र सुर्खेतको घटनाहरूसम्बन्धी सत्यतथ्य वास्तविकता पत्ता लगाउन र खोजबिन गर्न आफैंले पनि पहल गर्न र सोको निम्ति सरकारलाई उच्चस्तरीय स्वतन्त्र न्यायिक समिति गठन गर्न सिफारिस गरिने सोच पनि रहेको कुराको जानकारी गरायो ।
(विशाल खनाल, सचिव)

## १.८३ मध्यपश्चिममा मानवअधिकारको अवस्था सुनिश्चित गर्न विशेष आग्रह

नेपालगञ्ज/२०६५ वैशाख ३१ गते

देश यतिखेर संविधानसभाको निर्वाचनपश्चात स्थायी शान्ति र जनअधिकार सुनिश्चित हुन सक्ने संविधान निर्माणको प्रक्रियामा अग्रसर छ । विभिन्न क्षेत्र र समुदायका समस्याहरू, मानवअधिकार उल्लङ्घनका घटनाहरूमा पनि पूर्ण विराम लाग्न नसकेको हाम्रो सामु छँदै छ । यसै सन्दर्भमा, हालै सुर्खेतमा समाचार सङ्कलनार्थ गएकी पत्रकार तिला भण्डारीमाथि भएको दुर्व्यवहार, नेपाली काङ्ग्रेस तथा नेकपा एमालेले आ-आफ्ना मागहरू पूरा गराउन गरेको यातायात बन्द, नेपालगञ्ज-कोहलपुर-बर्दिया खण्डको यातायात बन्द, बाँके बेतहनीका नेकपा माओवादीका कार्यकर्ता मुक्तियार दर्जीको

हत्या, बर्दियाको मोहम्मदपुर गाविसबाट खटिक परिवारलाई गरिएको सामाजिक बहिष्करण ( गाउँनिकाला), रुकुमका नेकपा माओवादीका कार्यकर्ताहरूबाट भएको भनिएको एक गर्भवती महिलामाथिको कठोर यातना, नेपालगञ्जका मानवअधिकारकर्मी सुशील लाखेको घरमा बिना सूचना २९ गते प्रहरी प्रवेश गरी छापा मारिएको भनिएका घटनाहरूप्रति राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

देशमा प्रचलित कानुनको सम्मान गर्दै आफ्ना असन्तुष्टिहरूलाई कानुनी रूपबाट अभिव्यक्त गर्न र समस्याहरूको समाधान कानुनी रूपबाटै पहिल्याउन, मानवअधिकारको उपहास हुने यसखालका घटनाहरू भविष्यमा कतै पनि पुनरावृत्ति नगर्न, आफ्नो अधिकार प्राप्तिको लागि हजारौं अन्य निर्दोष नागरिकहरूका मौलिकहकहरू कुण्ठित नगर्न, कानुन कार्यान्वयन गर्ने सम्पूर्ण निकाय तथा पदाधिकारीहरू पनि यसप्रति गम्भीर र सजग रहन तथा ती निकायहरूको क्रियाशीलता र प्रभावकारीतालाई अभिवृद्धि गर्न आवश्यक सहयोग गर्न, राष्ट्रिय मानवअधिकार आयोग, सम्पूर्ण राजनीतिक दलहरू, सरोकारवालाहरू, सर्वसाधारण एवम् कानुन कार्यान्वयन गर्ने सबै निकायहरूलाई विशेष आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.८४ मानवअधिकारमैत्री संविधान निर्माणमा आयोगले जोड दिनुपर्ने

ललितपुर/२०६५ वैशाख ३१ गते

नागरिक समाजको नेतृत्व लिएका विशिष्ट बुद्धिजीवीहरू (Think tank) ले संविधानसभामार्फत् अब बन्ने संविधानलाई मानवअधिकारमैत्री बनाउनु राष्ट्रिय मानवअधिकार आयोगको पहिलो प्राथमिकता हुनुपर्ने सुझाव दिएका छन् । राष्ट्रिय मानवअधिकार आयोगले आज आयोजना गरेको आयोगको तीनवर्षे रणनीतिक योजना, २००८-२०१० माथि अन्तिम चरणको छलफलमा सहभागीहरूले संविधान नै मानवअधिकारमैत्री बन्न सकेमा देशको मानवअधिकार अवस्था सुध्रने विचार व्यक्त गरेका हुन् । आयोगको तीनवर्षे रणनीतिक योजनामा क्षेत्रीय र राष्ट्रिय स्तरमा विभिन्न चरणमा छलफल हुँदै आएको थियो । यसअघि आयोगले गत शुक्रबार नेपालस्थित विभिन्न दातृनिकायहरूसँगसमेत उक्त रणनीतिक योजनामा छलफल गरेको थियो ।

कार्यक्रममा सहभागीहरूले संविधानमा मानवअधिकार आयोगकै भूमिका स्पष्ट र दह्रो किसिमले व्यवस्था गर्नुपर्ने, देशका सबै भागमा मानवअधिकार आयोगको पहुँच बिस्तार गर्नुपर्ने, महिला आयोग, दलित आयोगलगायतका अन्य आयोगहरूसँग प्रभावकारी सहकार्य गर्नुपर्ने, संविधान निर्माणका क्रममा सभासद्हरूलाई मानवअधिकारबारे सूचित गराउनुपर्ने, मानवअधिकारको कसीमा नयाँ नेपाल बनाउने कुरा सुनिश्चित गरिनुपर्नेलगायतका सुझाव दिए ।

रणनीतिक योजनासम्बन्धी छलफल कार्यक्रममा अन्तरिम संविधान, २०६३ का मुख्य मस्यौदाकार पूर्व न्यायाधीश लक्ष्मण अर्याल, मानवअधिकार आयोगका पूर्व सदस्यहरू प्रा. कपिल श्रेष्ठ, डा. रामदयाल राकेश, डा. गौरीशंकरलाल दास, पूर्व राजदूतहरू दामोदरप्रसाद गौतम र सूर्यप्रसाद श्रेष्ठ, राष्ट्रिय

महिला आयोगका अध्यक्ष नैनकला थापा, राष्ट्रिय दलित आयोगका अध्यक्ष रामलाल विश्वकर्मा, प्राध्यापक वीरेन्द्र मिश्र, महिला अधिकारकर्मी दुर्गा घिमिरेलगायतको उपस्थिति थियो ।

कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष माननीय केदारनाथ उपाध्यायले संविधानसभामार्फत् अब बन्ने नयाँ संविधान निर्माणबाट नेपालको भावी दिशा तय हुने भएकाले अहिले यो रणनीतिक योजनालाई तीन वर्षमा सीमित गरिएको जानकारी दिनुभयो । कार्यक्रममा आयोगका सदस्यहरू गौरी प्रधान र डा. के. बी. रोकायाले समेत मन्तव्य राख्नु भएको थियो । आयोगका सचिव विशाल खनालले आयोगको प्रस्तावित तीन वर्षे रणनीतिक योजनाका बारेमा प्रकाश पार्नुभएको थियो ।
(विशाल खनाल, सचिव)

## १.८६ मानवअधिकार उल्लङ्घन, हत्या र सुरक्षा स्थितिबारे बाँके प्रहरी प्रमुखसँग बयान

नेपालगञ्ज/२०६५ जेठ ५ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जले आज जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी उपरीक्षक श्री घनश्याम भट्टसँग आयोगकै कार्यकक्षमा बोलाई नेपालगञ्जका मानवअधिकारकर्मी तथा अधिवक्ता श्री सुशीलकुमार लाखेको फुलटेक्रास्थित निजी निवासमा वैशाख २९ गते नेपाल प्रहरीले विना सूचना तथा अनुमति (सर्च वारेन्ट) प्रवेश गरी खानतलासी गरेको भन्ने उजुरीका सम्बन्धमा, टेलिफोनको बढ्दो तार चोरी, सूचना प्रवाहमा समस्या र फित्तलो सुरक्षास्थितिसम्बन्धमा, द्वन्द्वकालीन अवस्थामा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूका सम्बन्धमा तथा विभिन्न मितिमा हत्या गरिएका बाँकेका गुल्जार खाँ, कमलप्रसाद अधिकारी, पूर्णप्रसाद ढकाल, मुख्तियार दर्जीहरूको अनुसन्धानको स्थितिसम्बन्धमा वयान लिएको छ । वयानको क्रममा व्यक्तिको व्यक्तिगत स्वतन्त्रता र मानवअधिकारप्रति संवेदनशील रहन निर्देशसमेत गरिएको छ ।

यसअघि आयोगको अनुसन्धान अधिकृतहरूको टोलीले घटनाका सम्बन्धमा विना सर्च वारेन्ट व्यक्तिको निजी निवासमा प्रवेश गरी खानतलासीमा प्रत्यक्ष संलग्न रहेका भनिएका प्रहरीहरूसँग वयान लिएको थियो । सोही क्रममा टोलीले वैशाख ३१ गते सरकारी निकायहरूको अस्तित्वलाई सम्मान गर्दै (Respecting the Authorities) प्रहरी उपरीक्षक श्री घनश्याम भट्टलाई कार्यालय समयमै भेट्न जाँदा लामो समयसम्मको प्रतीक्षापश्चात भेट्न नसकी फर्केको थियो ।

यसै सन्दर्भमा, व्यक्तिको जीवन, मर्यादा, स्वतन्त्रता र समानता जस्ता विषयहरू मानवअधिकारसँग अन्योन्याश्रित ढङ्गले गाँसिने हुँदा यस मध्यपश्चिम क्षेत्रका सम्पूर्ण सरकारी, अर्धसरकारी कार्यालयहरूमा कार्यरत राष्ट्रसेवकहरूलाई सेवाग्राही, सर्वसाधारण नागरिक तथा सरोकारवालाहरूप्रति मर्यादित र जवाफदेहीपूर्णरूपमा प्रस्तुत हुन र सोअनुरूप व्यवहार गर्दै मानवअधिकारको उचित सम्मान गर्नसमेत आयोग विशेष आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.८७ अनुसन्धानमा सहयोग नगरेकोमा आयोगको गम्भीर आपत्ति

ललितपुर/२०६५ जेठ १४ गते

काठमाडौँ कोटेश्वर निवासी रामहरि श्रेष्ठको चितवन शक्तिखोरस्थित नेकपा माओवादीको लडाकुको तेस्रो डिभिजन जुटपानीका सैन्य कमाण्डरहरूसमेतको संलग्नतामा हत्या गरिएको भनिएको घटनामा स्थलगत अनुसन्धानका लागि खटिएको आयोगको टोलीलाई सम्बन्धित पक्षले असहयोग गरेकोमा राष्ट्रिय मानवअधिकार आयोग निम्नअनुसार गम्भीर आपत्ति प्रकट गर्दछ ।

स्थलगत अनुसन्धानका लागि गत जेठ ९ गतेदेखि चितवन पुगेको आयोगको अनुसन्धान टोलीलाई माओवादी सैन्य शिविरभित्र प्रवेश गर्न नदिई मानवअधिकार उल्लङ्घनको घटना अनुसन्धान गर्न बाधा उत्पन्न गरेको । यस घटनाबाट आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ उपधारा (३) ले दिएको अधिकार प्रयोग गर्न तथा नेपाल सरकार र नेकपा माओवादीबीच २०६३ मङ्सिर ५ गते भएको बिस्तृत शान्तिसम्झौताद्वारा आयोगलाई दिइएको जिम्मेवारी पालन गर्नबाट उल्लिखित पक्षहरूबाट बञ्चित गरेको ।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी प्रमुखबाट हालसम्म भरपर्दो र निष्पक्ष अनुसन्धान हुन नसकेको र आयोगको अनुसन्धान टोलीले मागेका लिखत तथा सूचनाहरू उपलब्ध नगराई आयोगको अनुसन्धान कार्यमा असहयोग गरेको ।
(विशाल खनाल, सचिव)

## १.८८ पत्रकारमाथि दुव्यवहार भएको सम्बन्धमा आयोगको ध्यानाकर्षण

विराटनगर/२०६५ असार २७ गते

मिति २०६५ असार २३ गते शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय विराटनगरमा भएको ठेक्कापट्टाको विवादको विषयमा समाचार सङ्कलन गर्न गएका नेपाल पत्रकार महासङ्घ मोरङ शाखाका कोषाध्यक्ष गोकुल पराजुलीलाई त्यहाँ सुरक्षार्थ खटिएका प्रहरीहरूबाट निर्घात कुटपिट र दुर्व्यवहार भएको भनी यस कार्यालयमा प्राप्त उजुरीप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

सो घटनाबारे आवश्यक जानकारी लिई सत्यतथ्य पत्ता लगाउन आजकै मितिदेखि आयोगले अनुसन्धान सुरु गरेको छ । आयोगको अनुसन्धान कार्यमा सहयोग गरिदिनुहुन सबै पक्षसँग आयोग हार्दिक आग्रह गर्दछ ।
(सुवर्ण कर्माचार्य, निर्देशक)

## १.८९ डोल्पा जिल्लाको समग्र मानवअधिकारको अवस्थाको अनुगमन

नेपालगञ्ज/२०६५ साउन २९ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको क्षेत्रीय निर्देशकसहितको टोलीले हालै डोल्पा जिल्लाको समग्र मानवअधिकारको अवस्थाको सम्बन्धमा अनुगमन गरेको छ । अनुगमनको क्रममा टोलीले दुनैस्थित कार्यालय प्रमुखहरूलाई "मानवअधिकार र सुशासन"को सम्बन्धमा प्रशिक्षण दिनुका साथै कैदी बन्दीहरूको अवस्था, स्वास्थ्य सेवा, खाद्य आपूर्ति, पाठ्यपुस्तकको उपलब्धता आदिसम्बन्धमा कारागार, अस्पताल, नेपाल खाद्य संस्थान तथा विद्यालयहरूको समेत स्थलगत अनुगमन गरेको छ । टोलीले जिल्लाका प्रहरी, प्रशासनलगायत सेवाप्रदायक कार्यालयका प्रमुखहरूसँग समन्वय बैठक गरी जिल्लामा सुशासनको प्रत्याभूति दिँदै मानवअधिकारको सम्मान र संरक्षण गर्न निर्देशनसमेत दिएको छ ।

शैक्षिक सत्र सुरु भएको ६ महिना बितिसक्दा पनि अझैसम्म डोल्पा जिल्लाका विद्यालयहरूमा कक्षा ९ र १० का पाठ्यपुस्तकहरू उपलब्ध हुन नसकेको, आगामी भदौ १५ गतेसम्म पुग्ने खाद्यान्न आपूर्तिको व्यवस्था रहेको, सबै गाविसहरूमा स्वास्थ्य चौकीहरू रहेको भए तापनि स्वास्थ्यकर्मीहरू उपलब्ध नरहँदा प्रसुती तथा सामान्य स्वास्थ्य सेवामा समेत कठिनाइको स्थिति रहेको, सदरमुकामस्थित अस्पतालमा दरबन्दीअनुसार डाक्टरहरू नरहेको पाइएको छ । डोल्पास्थित नागरिक समाजका अगुवाहरू, राजनीतिक दलका प्रमुखहरू, शिक्षक, पत्रकार, मानवअधिकारकर्मी, विद्यार्थीहरू तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूसँगको छुट्टाछुट्टै अन्तर्क्रियामा डोल्पा जस्तो दुर्गम तथा पछाडि पारिएको क्षेत्रको लागि नयाँ बन्ने संविधानमा "विकासको अधिकार"लाई सुनिश्चित गर्नुपर्ने, राज्यले दुई वर्षभित्र सबै सदरमुकामलाई सडक यातायातले जोड्नुपर्ने, माथिल्लो डोल्पामा अर्को विमानस्थल निर्माण गरी पर्यटन क्षेत्रको विकास गर्नुपर्ने विषयलाई सुनिश्चित गरिनुपर्ने माग गरिएको छ ।

अतः डोल्पा जिल्लाको अनुगमनबाट प्राप्त समस्याहरूउपर तत्काल सम्बोधन हुन आयोग सम्बन्धित सबै पक्ष र सरोकारवालाहरूसँग आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.९० शृङ्खलाबद्ध बमबिष्फोटसम्बन्धमा आयोगको ध्यानाकर्षण

पोखरा/२०६५ साउन २३ गते

मिति २०६५/४/२२ गते साँझ पोखराको सभागृहचोक र सृजनाचोकको सर्वसाधारण हिँडडुल गरिरहने सार्वजनिक स्थलहरूमा शृङ्खलाबद्ध बमबिष्फोट भएको र सो बिस्फोटनमा परी ६ जना घाइते भएका, घाइतेमध्ये एक जनाको अवस्था गम्भीर रहेको भन्ने विभिन्न समाचार माध्यममा प्रकाशित तथा प्रसारित समाचारबाट यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

उपरोक्त घटनाले प्रत्येक व्यक्तिको शान्तिपूर्ण तरिकाबाट बाँच्न पाउने तथा सामान्य अवस्थामा देशको जुनसुकै भागमा हिँडडुल गर्न पाउने अधिकारमा गम्भीर असर पुग्न गएको छ । सो घटना घटाउन जिम्मेवार व्यक्तिहरूलाई कानुनको दायरामा ल्याई घटनाबाट पीडितहरूको स्वास्थ्य उपचारको सम्पूर्ण व्यवस्था गर्न तथा शान्तिसुरक्षामा थप सतर्कता अपनाउन यो कार्यालय सरकारलाई अनुरोध गर्दछ ।
(अच्युत आचार्य, नि. निर्देशक)

## १.९१ डोल्पा जिल्लाको समग्र मानवअधिकारको अवस्थाको अनुगमन

नेपालगञ्ज/२०६५ साउन २९ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको क्षेत्रीय निर्देशकसहितको टोलीले हालै डोल्पा जिल्लाको समग्र मानवअधिकारको अवस्थाको सम्बन्धमा अनुगमन गरेको छ । अनुगमनको क्रममा टोलीले दुनैस्थित कार्यालय प्रमुखहरूलाई "मानवअधिकार र सुशासन"को सम्बन्धमा प्रशिक्षण दिनुका साथै कैदी बन्दीहरूको अवस्था, स्वास्थ्य सेवा, खाद्य आपूर्ति, पाठ्यपुस्तकको उपलब्धता आदिसम्बन्धमा कारागार, अस्पताल, नेपाल खाद्य संस्थान तथा विद्यालयहरूको समेत स्थलगत अनुगमन गरेको छ । टोलीले जिल्लाका प्रहरी, प्रशासनलगायत सेवाप्रदायक कार्यालयका प्रमुखहरूसँग समन्वय बैठक गरी जिल्लामा सुशासनको प्रत्याभूति दिँदै मानवअधिकारको सम्मान र संरक्षण गर्न निर्देशनसमेत दिएको छ ।

शैक्षिक सत्र सुरु भएको ६ महिना बितिसक्दा पनि अझैसम्म डोल्पा जिल्लाका विद्यालयहरूमा कक्षा ९ र १० का पाठ्यपुस्तकहरू उपलब्ध हुन नसकेको, आगामी भदौ १५ गतेसम्म पुग्ने खाद्यान्न आपूर्तिको व्यवस्था रहेको, सबै गाविसहरूमा स्वास्थ्य चौकीहरू रहेको भए तापनि स्वास्थ्यकर्मीहरू उपलब्ध नरहँदा प्रसुती तथा सामान्य स्वास्थ्य सेवामा समेत कठिनाइको स्थिति रहेको, सदरमुकामस्थित अस्पतालमा दरबन्दीअनुसार डाक्टरहरू नरहेको पाइएको छ । डोल्पास्थित नागरिक समाजका अगुवाहरू, राजनीतिक दलका प्रमुखहरू, शिक्षक, पत्रकार, मानवअधिकारकर्मी, विद्यार्थीहरू तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूसँगको छुट्टाछुट्टै अन्तर्क्रियामा डोल्पा जस्तो दुर्गम तथा पछाडि पारिएको क्षेत्रको लागि नयाँ बन्ने संविधानमा "विकासको अधिकार"लाई सुनिश्चित गर्नुपर्ने, राज्यले दुई वर्षभित्र सबै सदरमुकामलाई सडक यातायातले जोड्नुपर्ने, माथिल्लो डोल्पामा अर्को विमानस्थल निर्माण गरी पर्यटन क्षेत्रको विकास गर्नुपर्ने विषयलाई सुनिश्चित गरिनुपर्ने माग गरिएको छ ।

अतः डोल्पा जिल्लाको अनुगमनबाट प्राप्त समस्याहरूउपर तत्काल सम्बोधन हुन आयोग सम्बन्धित सबै पक्ष र सरोकारवालाहरूसँग आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.९२ आयोगद्वारा मानवअधिकार प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश

ललितपुर/२०६५ असोज २९ गते

राष्ट्रिय मानवअधिकार आयोगले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३३ अनुसार आयोगको वार्षिक प्रतिवेदन २०६४/०६५ राष्ट्रपतिसमक्ष पेस गरेको छ । आयोगका पदाधिकारीहरूको टोली आज अपराह्न राष्ट्रपतिको कार्यालय, शीतल निवास पुगी सो प्रतिवेदन सम्माननीय राष्ट्रपति डा. रामवरण यादवसमक्ष पेस गरेको हो । सो अवसरमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'गत वर्ष आयोग पदाधिकारीहरू नियुक्त भएकै समयमा कपिलवस्तु

घटना भएको र त्यसपछि विभिन्न उतारचढावबीच संविधानसभा निर्वाचन सम्पन्न भएकाले गत वर्षको अवधि निकै चुनौतीपूर्ण रहेको' बताउनुभयो ।

देशको मानवअधिकार स्थिति समेटिएको प्रतिवेदन बुझाउन ल्याएकोमा आयोगलाई धन्यवाद दिँदै राष्ट्रपति डा. यादवले भन्नुभयो, 'प्रजातन्त्रबिना मानवअधिकारको अनुभूति गर्न नसकिने र देशको इज्जत यसको मानवअधिकार अवस्थाले प्रतिविम्बित गर्ने भएकाले हामी सबै मानवअधिकारप्रति सचेत र संवेदनशील हुनुपर्छ ।' उहाँले अगाडि भन्नुभयो, 'विगतमा नेपालको मानवअधिकार अवस्था खस्केकाले त्यसलाई सुधार्न राष्ट्रिय मानवअधिकार आयोगको गहन दायित्व छ ।' राष्ट्रपति यादवले संविधानलाई मानवअधिकारमैत्री बनाउन सभासद्हरूलाई मानवअधिकार र आयोगका बारेमा सचेतना कार्यक्रम सञ्चालन गर्न सल्लाह दिनुभयो । आयोगका सदस्य गौरी प्रधानले आयोगका सिफारिसहरूलाई कार्यान्वयन गर्न सरकारको प्रयत्न अपुग भएकोतर्फ राष्ट्रपतिको ध्यानाकर्षण गराउनुभयो ।

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई संवैधानिक हैसियत प्राप्त गरेपछि र आयोगमा वर्तमान पदाधिकारीहरू नियुक्त भएयता यो पहिलो वार्षिक प्रतिवेदन हो । यस प्रतिवेदनमा गत अघिल्लो वर्षको साउन महिनादेखि गत असार महिनासम्म आयोगले मानवअधिकार संरक्षण र प्रवर्द्धनमा गरेका गतिविधिहरू समेटिएको छ । गत वर्ष आयोगले कपिलवस्तु घटनाको अनुगमन, अनुसन्धान र सिफारिस, संविधानसभा निर्वाचन, २०६४ को अनुगमन, तीन वर्षीय अन्तरिम रणनीतिक योजना, (२००८–०१०) को तर्जुमा, भैरवनाथ गण महाराजगञ्जबाट २०६० सालमा विभिन्न मितिमा पक्राउ गरी बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको अनुसन्धान, विभिन्न मितिमा शवोत्खनन् गरी व्यक्ति पहिचान तथा अनुसन्धानलगायतका कार्यहरू गरेको थियो । द्वन्द्वकालमा बेपत्ता तथा अपहरण गरी अवस्था अज्ञात बनाइएका व्यक्तिहरूको स्थिति सार्वजनिक हुन नसक्नु, बिस्थापितहरू आफ्नो थातथलोमा फर्कन नसक्नु, नेकपा माओवादीलगायतबाट कब्जामा लिइएका व्यक्तिहरूको सम्पत्ति फिर्ता नगरिनु, नेपाल सरकारद्वारा आयोगका सिफारिसहरूको पूर्ण रूपमा कार्यान्वयन नगरिनुजस्ता चुनौतीहरू हाल आयोग समक्ष रहेका छन् ।

प्रतिवेदन पेस गरिएको अवसरमा आयोगका सदस्यहरू गौरी प्रधान, डा. लीला पाठक, डा. के. बी. रोकाया र सचिव विशाल खनालगायत आयोगका कर्मचारीहरू पनि उपस्थित हुनुहुन्थ्यो । (विशाल खनाल, सचिव)

## १.९३ दाङ जिल्लाको समग्र मानवअधिकार अवस्थाको अनुगमन

नेपालगञ्ज/२०६५ कार्तिक १० गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई तथा संरक्षण अधिकृत मोहनदेव जोशीको टोलीले हालै दाङ जिल्लाको समग्र मानवअधिकारको अवस्थाको सम्बन्धमा अनुगमन गरेको छ । अनुगमनको क्रममा तुलसीपुर तथा घोराहीमा राजनीतिक दल, नागरिक समाज, मानवअधिकारकर्मी, पत्रकारहरू, महिला अधिकार संजालका सदस्यहरू तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरूसँग छुट्टाछुट्टै अन्तर्क्रिया तथा छलफल गर्नुका साथै लमही,

तुलसीपुर र घोराहीका प्रहरी थुनुवा केन्द्रहरूमा रहेका थुनुवाहरू तथा घोराही र तुलसीपुर कारागारमा रहेका कैदीहरूको मानवअधिकारको अवस्थाबारे आकस्मिक अनुगमन गरेको छ ।

अनुगमनको क्रममा घोराही तथा तुलसीपुर कारागारभित्र रहेको स्वास्थ्य र सरसफाइ, पिउने पानी, भौतिक पूर्वाधार, अनौपचारिक शिक्षा, सीपमूलक तालिम, कानुनी उपचार (वैतनिक वकिल) आदिको माग र आवश्यकताको सम्बन्धमा स्थानीय सरकारी निकायका प्रमुखहरू, प्रहरी र प्रशासन तथा सरोकारवालाको ध्यानाकर्षण गराइएको छ । साथै दाङ जिल्लामा विगत ६ महिनादेखि प्रमुख जिल्ला अधिकारी नरहँदा घोराही कारागारमा सार्वजनिक अपराधअन्तर्गत ५, हातहतियार खरखजाना मुद्दाअन्तर्गत १२ गरी जम्मा १७ जना थुनुवाहरू न्यायिक सुनवाइको अधिकारबाट वञ्चित रहेको सम्बन्धमा स्थानीय प्रशासनको ध्यानाकर्षण गराइएको छ । घोराही कारागारमा वयस्कहरूका साथ १८ वर्षमुनिका ८ जना तथा तुलसीपुर कारागारमा १ जना बालक रहेको पाइएकोले निजहरूलाई तत्काल बालसुधार गृहमा स्थानान्तरण गर्न स्थानीय प्रशासनलाई निर्देशन दिइएको छ ।

संविधानसभा निर्वाचनको क्रममा २०६४ चैत्रमा लमहीमा हत्या गरिएका नेकपा माओवादीका ६ जना कार्यकर्ताहरूको परिवारलाई स्थानीय प्रशासनबाट जनही रु. ७ लाखका दरले क्षतिपूर्ति प्रदान गरेको पाइएको छ । सशस्त्र द्वन्द्वको समयमा बिस्थापित भएका ६२७ परिवारमध्ये ५० प्रतिशत परिवार अझै पुनःस्थापित भइनसकेको पाइएको छ । नेकपा माओवादीबाट कब्जा गरिएको जग्गा तथा सम्पत्तिमध्ये १५ परिवारको जग्गा तथा सम्पत्ति अझै फिर्ता हुन नसकेको पाइएको छ । दाङको घोराहीस्थित अस्पताललाई बिस्तार गरी ५० शैयचाको बनाइएको भए तापनि भौतिक सुविधा तथा जनशक्ति २५ शैयचाको मात्र रहेको पाइएको छ । स्थानीय मानवअधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूसँगको अन्तर्क्रियाको क्रममा दाङका विभिन्न सामुदायिक वनहरूमा बढ्दो वन विनाश तथा अतिक्रमणका कारण नागरिकहरूको स्वच्छ वातावरणमा बाँच्न पाउने हक कुण्ठित हुने आवाज उठिरहेको हुँदा त्यसतर्फ सचेत र गम्भीर रहन, देशमा विद्यमान तथा प्रचलित कानुनबमोजिम व्यक्तिको नाममा रहेको निजी सम्पत्ति निर्वाध उपभोग गर्न पाउने वातावरण सृजना गर्न तथा बिस्तृत शान्तिसम्झौताका प्रावधानहरू पालना गर्न आयोगसम्बद्ध सबै निकायहरू, राजनीतिक दलहरूलाई विशेष आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.९४ हिमाल मिडियामाथि गरिएको आक्रमणको निन्दा

ललितपुर/२०६५ पुस ६ गते

राष्ट्रिय मानवअधिकार आयोग हिमाल मिडियामाथि आज गरिएको आक्रमणको निन्दा गर्दछ । जस्तोसुकै उद्देश्यका लागि जुनसुकै पक्षबाट गरिएको भए पनि आयोगले यो आक्रमणलाई प्रेस स्वतन्त्रतामाथिको ठाडो हस्तक्षेपका रूपमा लिएको छ । प्रेस स्वतन्त्रताको रक्षा र सञ्चार संस्थाको सुरक्षा गर्नुपर्ने जिम्मेवारी नेपाल सरकारको भएकाले हिमाल खबरपत्रिकालगायत सम्पूर्ण सञ्चारमाध्यममा अविलम्ब आवश्यक सुरक्षा प्रदान गर्न नेपाल सरकारलाई आग्रह गर्दछ ।

आज हिमाल मिडियामाथि भएको आक्रमणका सम्बन्धमा आयोगको एक टोलीले स्थलगत अनुगमन गरी घटनाका पीडित प्रत्यक्षदर्शीलगायतसँग आवश्यक सोधपुछ गरेको थियो । अनुगमनका क्रममा

उक्त मिडियासँग सम्बन्धित कुन्द दीक्षित, आशुतोष तिवारी, किरण नेपाल, शम्भु गुरागाईं, वीरबहादुर तामाङ, विन्दिरा शाक्य, कर्म लामा, विलाश राई, रवि केसीलगायतमाथि केही व्यक्तिहरू सम्मिलित एउटा समूहले आक्रमण गरेको पाइएको छ ।

विगत केही समययता सञ्चारकर्मी र सञ्चार संस्थाहरूमाथि विभिन्न समूहबाट हत्या, हिंसा, धम्की, लुटपाट, आगजनी र आक्रमणका घटना बढ्दै गएका छन् तर तिनको सुरक्षामा सरकारले पर्याप्त ध्यान पुऱ्याउन सकेको छैन । नेपालको अन्तरिम संविधानको प्रस्तावना, धारा १२ (३) (क), धारा १५ र धारा २७ पूर्ण प्रेस स्वतन्त्रता, वाक् तथा अभिव्यक्ति स्वतन्त्रता, छापाखाना प्रकाशन र प्रसारणसम्बन्धी हक र सूचनाका अधिकारहरू प्रत्याभूत गरिएको छ साथै मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ तथा नेपाल पक्ष भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १९ मा वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको उल्लेख गरिएको आयोग स्मरण गराउँछ ।
(विशाल खनाल, सचिव)

## १.९५ मानवअधिकारको अवस्थाबारे प्रशासनसँग छलफल

नेपालगञ्ज/२०६५ माघ २ गते

राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जले बाँके जिल्लाको पछिल्लो समयको मानवअधिकारको अवस्थासम्बन्धमा बाँकेका प्रमुख जिल्ला अधिकारी गणेशबहादुर खत्री, प्रहरी उपरीक्षक मिङ्मा लामासँग आयोगको कार्यकक्षमा छलफल गरेको छ ।

उक्त छलफलमा गत पुस २६ गते वेतहनीबाट अपहरणमा परेकी भनिएकी वाहिदा खातुनको अवस्था र सकुशल रिहाइको सम्बन्धमा, नागरिकहरूको भयरहित वातावरणमा बाँच्न पाउने अधिकार संरक्षण गर्न बाँके जिल्लाको सुरक्षासम्बन्धी योजना, विभिन्न समूहको नामबाट उद्योग व्यवसायी तथा सर्वसाधरणसँग अस्वेच्छिक तवरले धम्कीपूर्ण रूपमा चन्दा माग्ने गरिएको, विभिन्न अपराधसँग सम्बन्धित घटनाहरूको उजुरी दर्ता गर्ने, बाँकेका द्वन्द्व पीडितहरूलाई राहत प्रदान गर्ने, इन्सेकका प्रतिनिधि चेतप्रकाश खत्रीको हत्यासम्बन्धी अनुसन्धान तथा आयोगद्वारा गरिएका सिफारिसहरूको कार्यन्वयन जस्ता विषयहरू समावेश गरिएका थिए साथै मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई प्राथमिकताका साथ अनुसन्धान गर्न तथा नागरिकहरूको बाँच्न पाउने अधिकार सुनिश्चित गर्न आयोगले स्थानीय प्रशासनलाई निर्देशन दिएको छ । छलफलमा स्थानीय प्रशासनबाट शान्ति सुव्यवस्था कायम गरी मानवअधिकारको संरक्षण गर्न सक्रियतापुर्वक लागिएको बताइएको छ । उक्त छलफलमा आयोगका क्षेत्रीय निर्देशक तथा संरक्षण अधिकृतहरूको उपस्थिति रहेको थियो ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.९६ छलफल र सहमति नै प्रभावकारी माध्यम हुन सक्ने

नेपालगञ्ज/२०६५ चैत ११ गते

भेरी अञ्चल यातायात कार्यालय नेपालगञ्जमा चैत १० गते कार्यालय समयमा भएको शक्तिशाली बम विष्फोट र त्यसबाट हुन गएको धनजनको क्षति, कर्मचारीहरू तथा सेवाग्राहीहरूमा उत्पन्न भएको भय र त्रासको वातावरणप्रति राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ । चैत महिनाको १० दिनभित्र नेपाली काङ्ग्रेस तथा एनेकपा माओवादीका पार्टी कार्यालयहरूमा भएको शृङ्खलाबद्ध बम विष्फोट, महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जमा भएको तोडफोड र आगजनी, कार्यालय समयभित्रै यातायात कार्यालयमा भएको बम विष्फोट जस्ता घटनाहरूले नगरको शान्तिसुरक्षाको स्थितिमा व्यापक प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ ।

प्रत्येक नागरिकको भयरहित वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, घटनाको प्रभावकारी रूपमा अनुसन्धान गरी दोषीउपर कानुनी कार्यवाही गर्न र भविष्यमा यस प्रकारका मानवअधिकारविरुद्धका घटनाहरू पुनरावृत्ति हुन नदिनेतर्फ गम्भीर रहन, आयोग स्थानीय प्रशासनको ध्यानाकर्षण गराउँदछ साथै कसैको कुनै पनि अभीष्ट पूरा गर्न बम, आतङ्क, आगजनी, तोडफोड, भय र त्रासको माध्यमभन्दा वार्ता, विचार, छलफल र सहमति नै प्रभावकारी माध्यम हुन सक्ने हुँदा त्यसतर्फ संवेदनशील रहन आयोग सम्बद्ध सबैमा विशेष आग्रह गर्दछ ।

यसैगरी, चैत १२ गतेदेखि सञ्चालन हुन गइरहेको एसएलसी परीक्षालाई शान्त, निष्पक्ष र भयरहित वातावरणमा सञ्चालन गरी बालबालिकाको शिक्षासम्बन्धी हक संरक्षण गर्न आयोग सम्बन्धित सबै पक्षसँग आग्रह गर्दछ । आयोगले बालबालिकाको अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने एसएलसी परीक्षाको अनुगमन गर्न बाँके तथा बर्दिया जिल्लामा अनुगमन टोलीहरूसमेत खटाइसकेको छ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

### १.९७ उम्मेदवारलाई शीघ्र रिहाइ गर्न आयोगको आग्रह

ललितपुर/२०६५ चैत २८ गते

नेकपा मालेको तर्फबाट धनुषा जिल्ला निर्वाचन क्षेत्र नं. ५ बाट उम्मेदवार सन्तोष साह संविधानसभा उपनिर्वाचनको अघिल्लो दिन अर्थात् हिजो बिहान अपहरणमा परेको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग गम्भीर चासो व्यक्त गर्दछ । निज साहलाई धनुषाको बिनाही भन्ने ठाउँबाट तराई राष्ट्र मुक्ति सेना नामक सङ्गठनले अपहरण गरेको भनी आयोगमा सूचना प्राप्त हुन आएको छ ।

अतः हरेक व्यक्तिको बाँच्न पाउने अधिकारको सम्मान गर्दै निज साहलाई अविलम्ब सकुशल रिहाइ गर्न आयोग सम्बन्धित समूहलाई आग्रह गर्दछ साथै यो उपनिर्वाचनमा खटिएका उम्मेदवार, कर्मचारी, मतदातालगायतको सुरक्षा व्यवस्था प्रभावकारी तुल्याउन नेपाल सरकार र मातहतका निकायलाई आयोग विशेष आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

### १.९८ थरूहट संयुक्त सङ्घर्ष समितिलाई मानवअधिकार कुण्ठित हुन नदिनेतर्फ संवेदनशील हुन आयोगको आग्रह

नेपालगञ्ज/२०६६ वैशाख ९ गते

थरूहट संयुक्त सङ्घर्ष समितिको आह्वानमा यही वैशाख ९ गतेदेखि अनिश्चितकालीन आमहड्तालको कार्यक्रमका सन्दर्भमा समितिका पश्चिम संयोजक डिल्लीबहादुर चौधरीद्वारा हस्ताक्षरित विज्ञप्ति, स्थानीय पत्रपत्रिकामा प्रकाशित समाचार तथा नेपालगञ्जस्थित मानवअधिकारकर्मीहरूले जारी गरेको संयुक्त प्रेस विज्ञप्तिप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ, साथै आयोगले उक्त आमहड्तालको कार्यक्रमको अनुगमनसमेत गरिरहेको छ।

नेपालका सबै जातजातिलाई आफ्नो स्वपहिचानको अधिकार छ। आफ्नो समुदायलाई जनजाति वा आदिवासी कुन समुदायमा राख्ने भनी निर्णय गर्ने अधिकार सम्बन्धित समुदायको आधारभूत अधिकार हो भनी आदिवासी जनजातिका अधिकारप्रति राष्ट्रिय मानवअधिकार आयोगले मिति २०६५ फागुन २२ गते धारणा सार्वजनिक गरिसकेको छ।

मानवअधिकारको संस्कृतिको विकासको लागि मानवअधिकारको संरक्षण र सम्बर्द्धन अनिवार्य रहेको र त्यसको लागि अनुगमन अत्यावश्यक रहेको सन्दर्भमा बन्द तथा हड्तालको अवस्थाको अनुगमनको कार्यमा मानवअधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले पेशागत तथा व्यावसायिक ढङ्गले निर्वाधरूपमा अनुगमन गर्न पाउनुपर्ने मानवअधिकारको आधारभूत तथा अन्तर्राष्ट्रिय मान्यता रहेको छ।

आफ्ना मागहरू पूरा गर्न तथा सहमति कार्यान्वयनका लागि बिरोधका कार्यक्रमहरू गर्दा शान्तिपूर्ण रूपमा अगाडि ल्याउनुपर्ने आयोगको धारणा रहेको छ। मानवअधिकारको क्षेत्रमा क्रियाशील राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले पनि आफ्नो परिचय खुलाएर निर्वाधरूपमा अनुगमन गर्न पाउनुपर्ने र त्यसमा अवरोध सृजना नगर्न आन्दोलनरत "थरूहट संयुक्त सङ्घर्ष समिति"लाई आयोग आग्रह गर्दछ। साथै आफ्नो अधिकारको लागि सङ्घर्षरत रहँदा आम नागरिकहरूको आधारभूत मानवअधिकार कुण्ठित हुने वातावरण सृजना हुन नदिनेतर्फ संवेदनशील रहन पनि आयोग आग्रह गर्दछ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.९९ हाल जारी बन्द-हड्तालबारे आयोगको देशव्यापी अनुगमन : तत्काल वार्ताद्वारा समस्या समाधान गर्न आग्रह

ललितपुर/२०६६ वैशाख १४ गते

थरूहट संयुक्त सङ्घर्ष समितिले गत वैशाख ९ गतेदेखि आह्वान गरेको प्रदर्शन, बन्द र आमहड्तालबाट खासगरी तराईका जिल्लाहरूको मानवअधिकारको स्थिति कष्टकर बन्दै गएकोमा राष्ट्रिय मानवअधिकार आयोग चिन्ता र चासो प्रकट गर्दछ।

थरूहट सङ्घर्ष समितिले विगत ५ दिनदेखि आह्वान गरेको बन्दलगायतका विरोध कार्यक्रमको आयोगले नजिकबाट अनुगमन गरिरहेको छ। तराईको विभिन्न भागको मानवअधिकार अनुगमन गर्न

खटिएको आयोगको टोलीहरूले चितवन, बारा, पर्सा, नवलपरासी, रूपन्देही, बाँके, बर्दियालगायतका जिल्लामा भइरहेका विरोध कार्यक्रम र त्यसले स्थानीय जीवनमा परेको असरबारे अध्ययन गरेका थिए ।

थरूहट आन्दोलनका कारण देशका विभिन्न भागमा असहज परिस्थिति उत्पन्न भएको, मानिसको स्वतन्त्रतापूर्वक आवतजावत गर्ने अधिकार कुण्ठित भएको, शिक्षा, स्वास्थ्य, रोजगारीलगायत गतिविधिहरू ठप्प भएकाले मानिसको दैनिक जनजीवन ज्यादै कष्टकर बनेको अनुगमन टोलीले पाएको छ । लामो समयदेखिको बन्दको कारण आधारभूत मानवअधिकार शिक्षा, स्वास्थ्य, रोगजारी, खाद्यान्नको अधिकारलगायतमा असर पर्न गई आमजनताको जनजीवन अत्यन्त कष्टकर हुँदै गएको छ ।

अतः नेपाल सरकार र थरूहट आन्दोलनकारीबीच गत महिना भएको ६ बुँदे सहमतिको कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । त्यसैगरी आफ्नो अधिकारको प्रयोग गर्दा अर्काको अधिकारको सम्मान गर्न, जोरजबर्जस्ती नगर्न, हिँड्डुल/आवागमन गर्न पाउने आमनागरिकको अधिकारलाई सम्मान गर्नसमेत आयोग सम्बद्ध पक्षलाई आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## १.१०० बन्दले जनजीवनमा पारेको प्रभावबारे अनुगमन र थरूहट संयुक्त सङ्घर्ष समितिसँग छलफल

नेपालगञ्ज/२०६६ वैशाख १९ गते

थरूहट संयुक्त सङ्घर्ष समितिले गत वैशाख ९ गतेदेखि आह्वान गरेको प्रदर्शन, बन्द र आमहड्तालबाट मानवअधिकारको स्थिति दिनप्रतिदिन कष्टकर बन्दै गइरहेकोमा राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज चिन्ता र चासो प्रकट गर्दछ ।

यससम्बन्धमा आयोगबाट नियमितरूपमा बाँके, बर्दियालगायतका विभिन्न स्थानहरूको अनुगमन गरेको छ । अनुगमनको क्रममा सार्वजनिक यातायातका साधनहरू पूर्णतः बन्द रहेको, पसलहरू आंशिकरूपमा खुल्ला रहेको पाइएको छ । बन्दको प्रभावसम्बन्धमा स्थानीय मानवअधिकारकर्मी तथा उद्योग व्यापार सङ्घका अध्यक्षहरूसँग छलफल गरिएको छ । छलफलको क्रममा दैनिक उपभोग्य सामग्रीहरूको आपूर्ति न्यून हुँदै गएको, शिक्षा, स्वास्थ्यलगायत न्याय प्राप्तिमा समेत आमनागरिकको पहुँचमा कठिनाइ भइरहेको प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

अनुगमनबाट प्राप्त तथ्यहरू, दाङमा स्वास्थ्य चौकीको सवारी साधनमाथि भएको क्षति, बन्दले जनजीवनमा पारेको प्रभाव तथा मानवअधिकारको क्षेत्रमा क्रियाशील राष्ट्रिय/स्थानीय सङ्घसंस्थाहरूलाई अनुगमन गर्न रोक लगाइएको सम्बन्धमा थरूहट संयुक्त सङ्घर्ष समिति पश्चिम कमाण्डका संयोजक डिल्लीबहादुर चौधरीसँग आयोगको कार्यालयमा शनिबार छलफल भएको छ । छलफलको क्रममा मानवअधिकारको क्षेत्रमा क्रियाशील राष्ट्रिय/ स्थानीय सङ्घसंस्थाहरूलाई अनुगमन गर्न रोक नलगाइएको र अब उप्रान्त पनि रोक नलगाइने, आमनागरिकको जनजीवनलाई सहज बनाउनेतर्फ आफ्नो सहयोग रहने बताउनुभएको छ ।

(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## १.१०१ शान्ति सुव्यवस्था कायम गर्न सुरक्षा प्रमुखहरूलाई आयोगको निर्देशन

ललितपुर/२०६६ वैशाख २९ गते

नेपाली सेनाको प्रधान सेनापति प्रकरणपछि चुलिएको राजनीतिक सङ्कटको परिणामस्वरूप विभिन्न जिल्लामा देखापरेको असुरक्षाको अवस्थाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले सुरक्षा निकायका प्रमुखहरूलाई आयोगमा बोलाई शान्तिसुरक्षा कायम राख्न निर्देशन दिएको छ ।

पछिल्लो राजनीतिक सङ्कटसँगै एकीकृत नेकपा माओवादी र यसका भ्रातृसङ्गठनका नेता तथा कार्यकर्ताका उत्तेजक अभिव्यक्ति तथा व्यवहारले गर्दा संखुवासभा, भोजपुर, झापा, सप्तरी, पाँचथर, मोरङ, धनकुटा, दोलखा, रामेछाप, कैलाली, बर्दिया, खोटाङ, ताप्लेजुङलगायतका जिल्लामा अन्य दलका नेता कार्यकर्तामाथि आक्रमणहरू भएकाले बिस्थापित हुनुपरेको सूचना तथा जानकारीहरू आयोगले प्राप्त गरेको छ । यसै सन्दर्भमा विभिन्न जिल्लाको सुरक्षा अवस्था बुझ्न र त्यहाँ शान्ति-सुव्यवस्थालाई खलल हुन नदिन आयोगले सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिएको हो ।

आयोगले नागरिकको अभिव्यक्ति स्वतन्त्रता र शान्तिपूर्ण विरोधका कार्यक्रमहरूलाई निर्वाध सञ्चालन हुन दिन तथा धम्की, विस्थापन, अपहरण, कुटपिट जस्ता कार्यहरू रोक्न आवश्यक सतर्कता अपनाउन सुरक्षा प्रमुखहरूलाई निर्देशन दिएको छ । साथै आयोगले सबै ७५ जिल्लामा मानवअधिकारकर्मी, नागरिक समाज र सुरक्षा निकायबीच शान्ति सुव्यवस्था कायम राख्न तत्काल आवश्यक पहल गर्नसमेत सुझाव दिएको छ ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान र डा. लीला पाठक तथा गृहमन्त्रालयका सचिव डा. गोविन्द कुसुम, आयोगका सचिव विशाल खनाल, नेपाल प्रहरीका महानिरीक्षक रमेश चन्द र सशस्त्र प्रहरी बलका महानिरीक्षक सनत बस्नेत उपस्थित हुनुहुन्थ्यो ।
(विशाल खनाल, सचिव)

## १.१०२ मानवअधिकारको वर्तमान अवस्थाप्रति आयोग चिन्तित

ललितपुर/२०६६ जेठ ३ गते

आज यस आयोगमा नेकपा (एमाले)का महासचिव ईश्वर पोखरेल तथा नेपाली काङ्ग्रेसका नेता डा. रामबहादुर बीसीसहितको दुई छुट्टाछुट्टै सभासदहरूसहितको टोलीले आयोगका पदाधिकारीहरूलाई भेटी विभिन्न घटनाहरूको सम्बन्धमा जानकारी गरायो । रामेछाप जिल्लाको तिल्पुङ्ग गाविस इलाकामा नेकपा (एमाले)का महासचिव ईश्वर पोखरेलसहितका नेताहरूको टोलीमाथि मिति २०६६ साल जेठ ३ गते एकीकृत नेकपा माओवादीका कार्यकर्ताबाट साङ्घातिक आक्रमण गरेको घटनाबाट मानवअधिकारको उल्लङ्घन हुन गएको तथा अर्घाखाँची जिल्लामा एकीकृत नेकपा (माओवादीका कार्यकर्ताबाट विभिन्न राजनीतिक दलका कार्यकर्तालाई दिएको धम्कीका कारण राजनीतिक दलका

नेता कार्यकर्ता बिस्थापित हुनु परेकोले दोषीलाई कार्वाही गरी मानवअधिकारको संरक्षण गरी पाउन दुवै टोलीले उजुरीसमेत दिएका छन् ।

नेकपा (एमाले)का महासचिव ईश्वर पोखरेलले मानवअधिकारको खस्कँदो अवस्था, एकीकृत नेकपा माओवादीका कार्यकर्ताहरूबाट देशका विभिन्न स्थानहरूमा मानवअधिकार उल्लङ्घनका घटनाहरू घटाइएकोले आयोगबाट त्यस्ता घटनाहरूको अविलम्ब छानबिन हुनुपर्ने कुरा बताउनुभयो भने नेपाली काङ्ग्रेसका नेता डा. रामबहादुर बी.सी.ले एकीकृत माओवादीका मानवअधिकार विरुद्धका ज्यादतीहरूलाई आयोगले छानबिन गरी मानवअधिकारको संरक्षणमा जोड दिनुपर्ने कुरा बताउनुभयो ।

उजुरीहरू प्राप्त भएपछि वर्तमान अवस्थामा देशभर भएका घटनाहरूलाई आयोगले नजिकबाट अनुगमन गरिरहेको र खस्कँदो मानवअधिकार अवस्थाप्रति आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले चिन्ता व्यक्त गर्दै आयोगको टोली रामेछापमा भएको घटनाको अनुसन्धान गर्न अविलम्ब घटनास्थलतर्फ प्रस्थान गर्ने जानकारी दिनुभयो ।

राष्ट्रिय मानवअधिकार आयोग नागरिकको अभिव्यक्ति, स्वतन्त्रता, पेशा व्यवसाय गर्ने स्वतन्त्रता, आवागमनको स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित पक्षसँग आग्रह गर्दछ । साथै शान्तिसुरक्षाको सुव्यवस्था मिलाउन नेपाल सरकारको समेत ध्यानाकर्षण गर्दछ ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू गौरी प्रधान, डा. लीला पाठक र डा. के. बी. रोकायालगायत अधिकृत कर्मचारीको उपस्थिति थियो ।
(विशाल खनाल, सचिव)

## १.१०३ बम बिष्फोटको घटनाप्रति आयोगबाट अनुगमन सुरु

ललितपुर/२०६६ जेठ ९ गते

आज बिहान करिब ९.१५ बजे ललितपुर जिल्लाको धोबिघाटमा रहेको एजम्सन चर्चमा प्रार्थना सुरु हुने बेलामा भएको बम बिष्फोटमा परी २ जनाको मृत्यु र १४ जनाभन्दा बढी घाइते भएको घटनाप्रति आयोग दुःख व्यक्त गर्दै खेद प्रकट गर्दछ ।

आयोगका अधिकृतहरूको टोलीले आजै घटनास्थल र घाइतेहरू उपचार गराइरहेको अस्पतालसमेत पुगी घटनाबारे प्रारम्भिक अनुगमन सुरु गरेको छ ।

धार्मिक स्थलमा भएको उक्त घटनाबाट नागरिकको बाँच्न पाउने अधिकार, धार्मिक स्वतन्त्रता र आस्थासँग सम्बन्धित मानवअधिकार विरोधी कार्य भएको हुँदा घटनाको तत्काल छानबिन गरी दोषीउपर कार्वाही गर्न नेपाल सरकारसँग आयोग आग्रह गर्दछ । साथै धार्मिक स्वतन्त्रता र आस्थाको विषयमा संयमित हुन सम्बन्धित सबै पक्षसँग आयोग हार्दिक आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## १.१०४ नेपाल सरकारलाई आयोगको ध्यानाकर्षण

ललितपुर/२०६६ असार २१ गते

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार उल्लङ्घनमा आरोपित व्यक्तिहरूका सम्बन्धमा आवश्यक छानबिनपश्चात् मात्र उनीहरूको वृत्तिविकासको निर्णय लिन नेपाल सरकारलाई आग्रह गरेको छ । आयोगद्वारा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाइएको पत्रमा भनिएको छ, 'यस्तो निर्णय लिनुपूर्व मानवअधिकार हनन्मा संलग्न भए/नभएकोबारे आयोगले गरेका सिफारिसहरूलाई उचित ध्यान दिन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।'

आयोगद्वारा प्रेषित पत्रमा भनिएको छ, 'आयोगको अनुसन्धानबाट मानवअधिकारको उल्लङ्घनका घटनामा दोषी देखिएका कतिपय अधिकारीहरूलाई कार्वाही गर्न आयोगले गरेको सिफारिस कार्यान्वयन नगरिएको र त्यस्ता अधिकारी तथा कर्मचारीहरू सुरक्षा संयन्त्रलगायत विभिन्न सरकारी सेवामा कार्यरत रहेको पाइएको छ । त्यस्ता अधिकारी तथा कर्मचारीहरूलाई विभागीय वा न्यायिक कार्वाही वा दुवै चलाउन आयोगले गरेको सिफारिसको कार्यान्वयन हुनुअघि नै उनीहरूको पदोन्नति गर्ने, संयुक्त सङ्गठनलगायतका अन्तर्राष्ट्रिय निकायमा सेवा गर्न पठाउने वा अन्य किसिमबाट वृत्तिविकास वा प्रोत्साहन गरिएको पाइएको छ । यस्ता गतिविधिले दण्डहीनता थप मौलाउने र मानवअधिकारप्रति राज्यको प्रतिबद्धतामा प्रश्न उठ्न सक्ने व्यहोरातर्फ नेपाल सरकारको ध्यानाकर्षण गराइन्छ ।'

त्यसैगरी, रामेछाप जिल्लाको दोरम्बामा नेपाली सेनाद्वारा २०६० साल साउन ३२ गते २१ जना व्यक्तिलाई नियन्त्रणमा लिई हत्या गरेको सम्बन्धमा आयोगले गरेको सिफारिस पूर्ण कार्यान्वयन गर्नसमेत आयोगले नेपाल सरकारको ध्यानाकर्षण गराएको छ । आयोगले दयाराम परियार (जनकपुर), सपना गुरुङ (मोरङ), मैना सुनुवार (काभ्रे), सरला सापकोटा (धादिङ)को हत्यामा दोषी पाइएकाहरूका सम्बन्धमा तथा कालिकोटको कोटवाडा र जनकपुरकै सञ्जीवलाल कर्णसमेत ५ जनाको हत्यामा आरोपीहरूका सम्बन्धमा समेत 'स्वतन्त्र र बिस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कार्वाही तथा पीडित परिवारलाई उचित राहतको साथै यस्ता घटना पुनः दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन सरकारले सुरक्षा निकायलाई सचेत गराउन' सिफारिस गरेको थियो । मानवअधिकारको चरम उल्लङ्घन मानिएका यी घटनाका सम्बन्धमा आयोगले गरेका सिफारिसहरू अझै कार्यान्वयन भएका छैनन् ।
(विशाल खनाल, सचिव)

## १.१०५ कपिलवस्तु घटनाको जवाफदेहिता बहन गर्न नेपाल सरकारलाई आयोगको आग्रह

ललितपुर/२०६६ असोज १ गते

२०६४ भदौ ३० गते मोहित खाँको हत्याबाट कपिलवस्तुलगायतका जिल्लाहरूमा एक हप्तासम्म भड्किएको हिंसामा कम्तीमा १४ व्यक्ति मारिएका, कैयौँ मानिस घाइते तथा बिस्थापित भएका थिए । यसका साथै, घटनामा कैयौँ सवारी साधन/मालबाहक गाडी, पसल तथा घरहरूमा आगजनी

भएको तथा व्यापकस्तरमा सम्पत्ति लुटपाटका घटनाहरू भएका थिए । यो घटना भएको दुई वर्ष पूरा भएको छ, तर त्यस घटनाबाट बिस्थापित भएका कैयौँ घरपरिवार अझै बिस्थापित अवस्थामै छन् ।

यो घटनामा दोषी पाइएका व्यक्तिलाई कानुनी कार्वाहीको प्रक्रियामा ल्याउन र नागरिकको सुरक्षाका लागि कुनै ठोस पहल भएको आयोगको जानकारीमा छैन । घटनाको छानबिन गर्न नेपाल सरकारले गठन गरेको छानबिन समितिले समेत आफ्नो प्रतिवेदन २०६४ माघ महिनामा बुझाइसकेको छ तर त्यो प्रतिवेदन अझै सार्वजनिक भएको छैन ।

राष्ट्रिय मानवअधिकार आयोगले यो घटनाका सम्बन्धमा स्थलगत अनुगमन गरी दोषीलाई कार्वाही गर्न र पीडितलाई उचित राहत, पुनःस्थापना र क्षतिपूर्ति प्रदान गर्न मिति २०६४ असोज ६ गते नेपाल सरकारलाई सिफारिस गरेको थियो । तर त्यसको समेत पूर्ण कार्यान्वयन गरिएको देखिँदैन । पीडितहरूको उद्धार र पुनःस्थापनामा ध्यान दिन नसक्दा तथा घटनाका दोषीलाई न्यायिक प्रक्रियामा ल्याउन नसक्दा विधिको शासन र नागरिक अधिकारका न्यूनतम मान्यतामाथि प्रतिकूल असर पर्छ ।

अतः कपिलवस्तु घटनाका पीडितहरूको अधिकार सुनिश्चित गर्न तथा दोषीलाई कानुनबमोजिम यथाशीघ्र कार्वाही गर्न राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकारसँग आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## १.१०६ मर्यादित व्यवहार गर्न सबै पक्षलाई आग्रह

ललितपुर/२०६६ असोज २६ गते

हालैका दिनहरूमा पर्सा जिल्लालगायत देशका विभिन्न भागहरूमा राष्ट्रसेवक कर्मचारीहरूमाथि मन्त्री, सभासद तथा राजनीतिक नेता तथा कार्यकर्ताहरूबाट आफ्नो निहित स्वार्थ सिद्धिका निम्ति विभिन्न प्रकृतिको अनुचित एवम् गैरकानुनी दवाब दिने क्रियाकलापहरूप्रति आयोगको गम्भीर ध्यान आकृष्ट भएको छ । शारीरिक र मानसिक यातना दिने, कालोमोसो लगाउने, कार्यालयमा तालावन्दी गर्ने र सार्वजनिक रूपमा गाली बेइज्जती गर्नेजस्ता अमर्यादित र मानवीय सम्मानविरुद्धका काम कार्वाही जिम्मेवार तहबाट हुनु दुःखद् कुरा हो ।

कुनै पनि व्यक्तिलाई जात, धर्म, लिङ्ग, पेशा र कामको आधारमा यातना दिनु, गाली वेइज्जती गर्नु तथा शक्ति र पदको आधारमा 'कानुनी राज्य'को सिद्धान्तविपरीत हुने गरी कुनै पनि व्यक्ति, समूह वा समुदायलाई अपमान गर्नु मानव मर्यादा र मानवअधिकारको उल्लङ्घन पनि हो ।

राष्ट्रसेवकको रूपमा कार्यरत कर्मचारीहरूलाई मर्यादित व्यवहार गर्नु सबैको कर्तव्य हो भने राष्ट्रसेवकहरूले पनि जनसाधारणको कामलाई बिना भेदभाव, बिना झञ्झट र ढिलासुस्ती तथा इमानदारीपूर्वक सम्पन्न गर्नु परमकर्तव्य पनि हो ।

अतः आफ्नो कर्तव्य निर्वाह गर्ने सन्दर्भमा हरेक पक्षले सरोकार राख्ने सबै पक्षहरूसँग अत्यन्त संयमित रही मर्यादित व्यवहार गर्न तथा मानवअधिकारको सम्मान गर्न आयोग सम्पूर्ण राजनीतिक दलका कार्यकर्ताहरू, नेता, मन्त्री तथा राष्ट्रसेवक कर्मचारीहरूसमेतलाई विशेष आग्रह गर्दछ ।

(विशाल खनाल, सचिव)

## १.१०७ आयोगको अनुगमन जारी, संयम अपनाउन आग्रह

ललितपुर/२०६६ कार्तिक १८ गते

राष्ट्रिय मानवअधिकार आयोगले एकीकृत नेकपा माओवादीद्वारा यही कार्तिक १५ गतेदेखि आह्वान गरिएको देशव्यापी विरोधका कार्यक्रमहरू नियमित अनुगमन गरिरहेको छ । आयोगले केन्द्रीय, क्षेत्रीय एवम् सम्पर्क कार्यालयहरू तथा मानवअधिकारसम्बन्धी विभिन्न सङ्घसंस्थाहरूसँगसमेत आवश्यक सहकार्य गर्दै प्रदर्शनकारी, स्थानीय प्रशासन तथा सुरक्षा निकायहरूलाई मानवअधिकारको सम्मान र संरक्षण गर्न सचेत गराउनेलगायतका कामहरू गरिरहेको छ ।

राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकार र एकीकृत नेकपा माओवादी दुवै पक्षलाई संयमता अपनाउन, उत्तेजनापूर्ण अभिव्यक्ति नदिन, संवादमार्फत् सहमति निर्माण गर्न, आन्दोलनका गतिविधिहरू शान्तिपूर्ण रूपमा सञ्चालन गर्न, हरेक व्यक्तिको मानवअधिकार सम्मान र संरक्षण गर्नेतर्फ प्रभावकारी उपायहरू अवलम्बन गर्न आग्रह गर्दछ ।

(विशाल खनाल, सचिव)

## १.१०८ अदालतमार्फत् कार्वाही गर्न आग्रह

ललितपुर/२०६६ पुस ९ गते

राष्ट्रिय मानवअधिकार आयोगले मैना सुनार तथा रामहरि श्रेष्ठलगायतका मुद्दाहरू मानवअधिकार हननसम्बन्धी भएकाले अदालतमार्फत् कार्वाही अघि बढाउन नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।

हाल काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट पुर्पक्षका निम्ति मैना सुनारको हत्याको सिलसिलामा वारेन्ट जारी भइसकेको अवस्थामा आरोपित नेपाली सेनाका मेजर निरञ्जन बस्नेतको विषयमा 'कोर्ट अफ इन्क्वायरी' गठन गरी कार्वाही प्रक्रिया अगाडि बढाएको भन्ने आयोगको जानकारीमा आएकाले त्यसप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई एक पत्र लेखी मानवअधिकार उल्लङ्घनसम्बन्धी गम्भीर प्रकृतिका मुद्दाहरू नियमित अदालतबाहेक सैनिक अदालत वा जनअदालत भनिएको वा त्यस्तै प्रकृतिको अन्य कुनै अदालतको क्षेत्राधिकारभित्र नपर्ने बताएको छ । अदालतमा कार्वाहीको प्रक्रियामा रहेका निज मेजर निरञ्जन बस्नेतलाई सर्वोच्च अदालतको आदेश, आयोगको सिफारिस र काभ्रेपलाञ्चोक जिल्ला अदालतको वारन्टसमेतलाई सम्मान गर्दै सम्बन्धित पक्षले निज बस्नेतलाई अदालतमा उपस्थित गराउनुपर्ने आयोगको निष्कर्ष रहेको छ । तसर्थ, त्यसैअनुसार गर्न गराउन आयोग नेपाल सरकारलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३२ बमोजिम आग्रह गर्दछ ।

आयोगबाट पठाइएको पत्रमा नागरिक अदालतमा कार्वाहीयुक्त अवस्थामा रहेका आरोपित व्यक्तिहरूलाई पक्राउ गरी बुझाउन र कानुनबमोजिम कार्वाही अगाडि बढाउनका लागि नेपाल सरकारको ध्यानाकर्षण गराइएको छ । पत्रमा भनिएको छ- यस आयोगबाट भएको सिफारिस र सर्वोच्च अदालतबाट आदेश भइसकेका सम्पूर्ण मुद्दाहरूमा तत्काल कार्वाही अगाडि बढाउन आयोगले विभिन्न मितिमा गरेका सिफारिसहरूबमोजिम कार्वाही गर्न आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## १.१०९ आमहड्तालजस्ता गम्भीर असर पर्ने गतिविधि नगर्न अनुरोध

ललितपुर/२०६६ पुस ९ गते

राष्ट्रिय मानवअधिकार आयोगले एकीकृत नेकपा माओवादीद्वारा आह्वान गरिएको तीन दिने आमहड्तालको नियमित र देशव्यापी अनुगमन सम्पन्न गरेको छ । आमहड्तालको आयोजक एकीकृत नेकपा माओवादीले एम्बुलेन्स, मानवअधिकारकर्मी, सञ्चारकर्मी र पर्यटकका सवारी साधनलाई आवागमन गर्न दिने प्रतिवद्धता व्यक्त गरेको भए पनि त्यसको उल्लङ्घन भएको पाइएको छ । अनुगमन र रिपोर्टिङको सिलसिलामा पुगेका मानवअधिकारकर्मी र केही पत्रकारहरूमाथि आक्रमणहरू भएका छन् ।

सर्वसाधारणको दैनिकीमा व्यापक असर पार्ने आमहड्ताल जस्तो गम्भीर कार्यक्रम फिर्ता लिन आयोगलगायत मानवअधिकार समुदायको पटकपटकको अनुरोध र आग्रहलाई आयोजक पक्षले बेवास्ता गर्‍यो । बन्दकर्ताहरूले राष्ट्रिय मानवअधिकार आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको सवारी साधनलाई नचलाउन धम्की दिए । आयोगका केन्द्रीय, क्षेत्रीय तथा सम्पर्क कार्यालयहरूबाट गरिएको अनुगमनमा देशका सबैजसो भागमा हड्तालको प्रत्यक्ष प्रभाव परेको, शैक्षिक संस्था, उद्योग, कलकारखाना तथा यातायात ठप्प भएको छ । आमहड्तालले सर्वसाधारणको दैनिक जनजीवन कष्टकर बनेको, यात्रुहरू अलपत्र परेका, बिरामीहरूले समयमै अस्पताल पुग्न नसकेका र औषधोपचारबाट वञ्चित भएका, पसलहरू बन्द भएकाले उपभोक्ता, खासगरी वृद्ध, विरामी र बालबालिकाहरू प्रत्यक्ष प्रभावित भएका छन् । माओवादी कार्यकर्ताले अन्य दलका कार्यालयहरूमा समेत तोडफोड र आक्रमण गरेका छन् ।

आमहड्तालको पहिलो दिन देशका अन्य भागको तुलनामा राजधानी बढी अशान्त र तनावग्रस्त बन्न पुग्यो । काठमाडौँको वानेश्वरमा सुरक्षाकर्मी तथा प्रदर्शनकारी दुवै पक्षबाट आवश्यकताभन्दा बढी बल प्रयोग भएकाले स्थिति तनावग्रस्त र हिंसात्मक भएको थियो । शान्ति सुव्यवस्था कामय गर्न खटिएका सुरक्षाकर्मीले आफ्नै सहकर्मीलाई सुरक्षा दिन नसक्दा डीएसपी दिलीप चौधरी गम्भीर रूपमा घाइते भए । दोस्रो दिन, राजधानीबाहिरका विभिन्न सहरमा तनावको स्थिति देखापर्‍यो । एकीकृत नेकपा माओवादीका कार्यकर्ताहरूले मालपोत, शिक्षा, विद्युत, स्थानीय विकास, नगरपालिका, गाविसलगायतका कार्यालय परिसरभित्रै गएर कर्मचारीहरूलाई आक्रमण गरे तथा भौतिक क्षति पुर्‍याए । एकीकृत नेकपा माओवादी समर्थितबाहेक अन्य निजी तथा भाडाका सवारी साधन, मोटरसाइकलमा तोडफोड र आगजनी गरिएको पाइएको छ ।

राजधानीमा साइकलयात्रीहरूलाई समेत आवागमनमा अवरोध गरिएको पाइयो । राजधानी उपत्यकालगायत देशका विभिन्न स्थानमा प्रदर्शनकारी र सुरक्षाकर्मीबीच बल प्रयोग र प्रतिकारका केही घटनाहरू भएका छन् । आमहड्तालको तेस्रो दिन मध्याह्नपछि जनजीवन अलि खुकुलो भएको अवस्था छ । तर कैलालीमा डुडेझरी घटनाका कारणले एकीकृत नेकपा माओवादीले आयोजना गरेको बन्द अझै कायम छ ।

जुनसुकै पक्षबाट तथा जस्तोसुकै बहानामा आमहड्ताल र यातायात बन्द जस्ता गतिविधिको आयोजना गरिए पनि यसबाट सर्वसाधारणको जनजीवन कष्टकर हुने, लाखौँ बालबालिकाको शिक्षाप्राप्तिको अधिकार, बिरामीहरूको औषधोपचारको अधिकार, सर्वसाधारणको पेसा, व्यवसाय गर्न पाउने अधिकार, आवागमन तथा उपभोगको अधिकारसमेत गम्भीर रूपमा प्रभावित हुन्छ । तसर्थ, सबै किसिमका राजनीतिक मुद्दाहरूलाई संवादको माध्यमबाट सहमतिमा पुग्न सबै राजनीतिक दलहरूलाई राष्ट्रिय मानवअधिकार आयोग आग्रह गर्दछ साथै आगामी दिनमा आमहड्ताल जस्तो गम्भीर प्रकृतिका गतिविधि नगर्नसमेत राष्ट्रिय मानवअधिकार आयोग सम्बन्धित सबै राजनीतिक दलहरूलाई आग्रह गर्दछ साथै शान्तिसुरक्षा कायम गर्ने सिलसिलामा आवश्यकताभन्दा बढी बल प्रयोग नगर्न र संयम अपनाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँछ ।
(विशाल खनाल, सचिव)

## १.११० राजनीतिक हिंसा अन्त्य गर्न आग्रह

ललितपुर/२०६६ पुस २४ गते

बाराको गञ्जभवानीपुरमा पुस २२ गते राति गोली प्रहारबाट एकीकृत नेकपा माओवादीका तीन कार्यकर्ताहरू रामप्रकाश यादव, दारा यादव र अम्बिका महतोको मृत्यु भएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । घटनाको अनुगमन तथा अनुसन्धानका लागि आयोगको क्षेत्रीय कार्यालय जनकपुरबाट एक टोली घटनास्थल पुगी स्थानीय प्रशासन, सुरक्षा निकाय, पीडित परिवार तथा स्थानीय प्रतिनिधिहरूसँग आवश्यक सोधपुछ गरिरहेको छ ।

हत्यामा संलग्न दोषीहरूलाई पक्राउ गरी अबिलम्ब कानुनी कार्वाही गर्न तथा घटनाका घाइतेहरूको प्रभावकारी उपचार र  पीडित परिवारलाई राहतको व्यवस्था गर्नसमेत आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । घटनाको विरोध स्वरूप बारा, पर्सा र रौतहट जिल्लाहरूमा अनिश्चितकालीन हड्ताल गरिँदा लाखौँ सर्वसाधारणको आवागमन तथा पेसा व्यवसाय गर्न पाउने अधिकार प्रभावित भएकाले संवाद र सहकार्यबाट घटनाको टुङ्गो लगाउनसमेत आयोग सम्बन्धित पक्षलाई आग्रह गर्दछ ।

'विशेष सुरक्षा कार्यक्रम' लागू भएको अवस्थामा समेत हत्या हिंसाका घटना भइरहनु दुःखद कुरा कुरा हो । हत्यामा संलग्न भएको भनी केही समूहले जिम्मेवारी दाबी गरिरहँदा सुरक्षा निकायले दोषीलाई तुरुन्त कानुनी दायरामा ल्याउनुपर्ने देखिन्छ । यस प्रकारका घटना भविष्यमा दोहोरिन नदिन तथा उच्चसुरक्षा सतर्कता अपनाई नागरिकको भयरहित वातावरणमा बाँच्न पाउने अधिकारको सम्मान गर्नसमेत आयोग नेपाल सरकारलगायत सम्बन्धित सबैलाई आग्रह गर्दछ ।

राजनीतिक दलका नेता तथा कार्यकर्तालाई लक्षित गरी हत्या, हिंसा, अपहरण जस्ता घटना हुने क्रम बढ्दै गएकाले राजनीतिमा आपराधीकरण तथा अपराधमा राजनीतीकरण हुने परिपाटीलाई अन्त्य गर्न तत्काल पहल थाल्न राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकार, राजनीतिक दल तथा सम्बन्धित सबैलाई अनुरोध गर्दछ ।
(विशाल खनाल, सचिव)

## १.१११ शान्तिसुरक्षा सुदृढ गर्न आग्रह

ललितपुर/२०६६ माघ २५ गते

आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको गाडी (बा. ७ च. ७४७७, टोयोटा पजेरो) कार्यालयकै कामको सिलसिलामा सुर्खेत रोड हुँदै नेपाल राष्ट्र बैंक नेपालगञ्जतर्फ जाने क्रममा नेपालगञ्ज नगरपालिकाअगाडि तोडफोड गरिएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग खेद प्रकट गर्दछ । यो घटनाका दोषीलाई तत्काल कानुनी कार्वाही गर्न आयोग सम्बन्धित निकायलाई आग्रह गर्दछ साथै मानवअधिकारप्रति सधैँ संवेदनशील रहन तथा सम्मान गर्नसमेत सम्बन्धित सबैलाई अनुरोध गर्दछ ।

राष्ट्रिय मानवअधिकार आयोगको नियमित अनुगमनबाट बिगत केही समययता राजधानीलगायत देशका विभिन्न भागमा शृङ्खलाबद्ध रूपमा भइरहेका हत्या, हिंसा, अपहरणलगायतका आपराधिक घटनाहरूले शान्तिसुरक्षाको अवस्था नाजुक बन्दै गएको पाइएको छ ।

अतः सर्वसाधारण सबैको शान्तिपूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चित गर्न तथा शान्तिसुरक्षाको अवस्थालाई अझ सुदृढ पार्न राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकारलाई आह्वान गर्दछ । घटनाका दोषीहरूलाई यथाशीघ्र कानुनी दायरामा ल्याउनुका साथै त्यस्ता घटना हुनै नदिन आवश्यक सतर्कता अपनाउनसमेत नेपाल सरकारलगायत सम्बन्धित सबैलाई आयोग आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## १.११२ खस्कँदो मानवअधिकार अवस्थाप्रति गम्भीर ध्यानाकर्षण

जनकपुर/२०६६ माघ २८ गते

विगत केही दिनयता मध्यतराई क्षेत्रका पर्सा, बारा, महोत्तरी, धनुषालगायतका जिल्लाहरूमा हत्या, अपहरण, धम्की, बम बिष्फोट जस्ता घटनाहरू दिनप्रतिदिन बढ्दै गइरहेकोप्रति राष्ट्रिय मानवअधिकार आयोगको जनकपुर कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

विधिको शासनलाई अवलम्बन गर्न गराउन सम्बन्धित निकायहरूबाट प्रभावकारी कार्वाही प्रक्रिया अघि बढाउनुपर्नेमा घटनाका दोषीहरू पक्राउ नपर्नु, अनुसन्धान प्रभावकारी नहुनुजस्ता कार्यले दण्डहीनताले प्रश्रय पाएको एवम् यस क्षेत्रको शान्तिसुरक्षाको अवस्थासमेत खस्कँदै गएकाले आयोगको यो कार्यालय गम्भीर चिन्ता प्रकट गर्दछ । मानवअधिकार उल्लङ्घनका घटनाहरूको शृङ्खलाले गर्दा व्यक्तिको स्वतन्त्र र शान्तिपूर्वक बाँच्न पाउने अधिकार प्रभावित भएको छ । विभिन्न

राजनीतिक दल, सशस्त्र एवम् अन्य समूहहरूले निरन्तर गरिरहने बन्द, हड्ताल, तालाबन्दीजस्ता गतिविधिले घटनाका दोषीहरूलाई कानुनी दायरामा ल्याउन मानवअधिकारको अवस्थामा समेत प्रतिकूल असर परिरहेको छ ।

अतः हत्या, अपहरण, धम्की, बम विष्फोट, बन्द, हड्तालजस्ता कार्यहरू अबिलम्ब बन्द गरी मानवअधिकारको अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तअनुरूप हुने गरी आ-आफ्ना गतिविधिहरू सञ्चालन गर्न सम्बन्धित सबैलाई आयोग आग्रह गर्दछ साथै मध्यतराई क्षेत्रको मानवअधिकारको अवस्थाका सम्बन्धमा नियमित अनुगमन/अनुसन्धान गरिरहेकाले आयोगलाई आवश्यक सहयोग गर्नसमेत सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।
(प्रदीपकुमार झा, कार्यालय प्रमुख)

## १.११३ शान्तिसुरक्षा सुदृढ गर्नेबारे सुरक्षा निकायसँग छलफल

ललितपुर/२०६६ माघ २८ गते

राष्ट्रिय मानवअधिकार आयोगले पछिल्लो अवस्थामा देशको शान्तिसुरक्षा सुदृढ गरी सर्वसाधारणको मानवअधिकारको संरक्षण गर्नेसम्बन्धमा गृहमन्त्रालय तथा सुरक्षा निकायहरूको ध्यानाकर्षण गराएको छ । आयोगलाई प्राप्त जानकारी तथा उजुरीका आधारमा आपराधिक घटनामा वृद्धि भएको र सुरक्षा निकायको संलग्नतामा गैरन्यायिक हत्या हुने क्रम जारी रहेको सम्बन्धमा गृहमन्त्रालय तथा सुरक्षा निकायका पदाधिकारीसँग आयोगमा छलफल भएको छ ।

गृह सचिव डा. गोविन्द कुसुम र नेपाल प्रहरीका महानिरीक्षक रमेशचन्द्र ठकुरीलगायत सुरक्षा निकायका उच्चपदस्थ कर्मचारीहरूको उपस्थितिमा भएको छलफल कार्यक्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सुरक्षा निकाय जस्तो राज्यको जिम्मेवार निकायबाट मानवअधिकार र शान्तिसुरक्षा कायम राख्न कानुनसम्मत् तवरले बल प्रयोग हुनु स्वाभाविक भए पनि कब्जामा लिइएका व्यक्तिको हत्या हुनु मानवअधिकारको गम्भीर उल्लङ्घन भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'सुरक्षा निकायबाट बढी बल प्रयोग भएको भनी आयोगमा विभिन्न जानकारी तथा उजुरीहरू प्राप्त भएका छन्, यो निकै चिन्ताको विषय हो ।' आयोगका सदस्य गौरी प्रधानले पछिल्लो दुई वर्षमा सुरक्षा निकायबाट गैरन्यायिक हत्या भएको भनिएका करिब चार दर्जन घटनाबारे आयोगले जानकारी सङ्कलन गरेको र आयोगको अनुसन्धानबाट १३ घटनाको पुष्टि भई आवश्यक कार्वाहीका लागि सिफारिससमेत गरिसकिएको जानकारी दिनुभयो । उहाँले राज्यपक्षले गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरू तुलनात्मक रूपमा गैरराज्य पक्षको भन्दा कम देखिए तापनि गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई रोक्ने काम पनि सुरक्षा निकायकै भएकाले अझ बढी क्रियाशील हुनुपर्ने बताउनुभयो साथै उहाँले नागरिकको मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्ने जिम्मेवारी बोकेको सुरक्षा निकायकै क्षमता अभिवृद्धि एवम् जनशक्ति विकास गर्नुपर्ने धारणा राख्नुभयो ।

गृहमन्त्रालयका सचिव डा. गोविन्द कुसुमले सरकार शान्तिसुरक्षा कायम गर्न यथाशक्य लागिपरेको तर सीमित स्रोतसाधनका कारणले अपेक्षित सफलता प्राप्त हुन नसकेको बताउनुभयो । उहाँले देशभरि विभिन्न ११७ सशस्त्र समूहहरू देखिएकाले शान्तिसुरक्षाको अवस्थालाई सुदृढ गर्न अझै

चुनौती थपिएको जानकारी दिनुभयो । नेपाल प्रहरीका महानिरीक्षक रमेशचन्द्र ठकुरीले राजमार्ग अवरोध, गुण्डागर्दी र जबर्जस्तीमा चन्दा असुली जस्ता गतिविधिमा विशेष सुरक्षा कार्यक्रम लागू भएपछि कमी आएको तर सीमित साधनस्रोतको अभावले आपराधिक घटनामा अपेक्षित सफलता प्राप्त गर्न नसकेको स्वीकार गर्नुभयो । उहाँले आयोगले मागेका सूचना तथा जानकारीहरू समयमै उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै आयोगका अनुसन्धानलाई सघाउने तथा आयोगका सिफारिस कार्यान्वयन गर्न आफ्नो सङ्गठनको तर्फबाट सक्दो प्रयास गर्ने प्रतिवद्धतासमेत व्यक्त गर्नुभयो ।

छलफल कार्यक्रममा आयोगका सचिव विशाल खनाल, नेपाल प्रहरीका अतिरिक्त प्रहरी महानिरीक्षकद्वय मदनबहादुर खड्का र किरणकुमार गौतम, आयोगका निर्देशकद्वय वेदप्रसाद भट्टराई र सुवर्ण कर्माचार्य, आयोगका अनुसन्धान विभागका प्रमुख कोषराज न्यौपाने, सशस्त्र प्रहरीका नायव महानिरीक्षक एम. गुरुङ, नेपाल प्रहरीका उपरीक्षक सर्वेन्द्र खनाल र आयोगका सञ्चार अधिकृत भानुभक्त आचार्यको उपस्थिति थियो ।
(विशाल खनाल, सचिव)

## १.११४ सीतापुर गाविसका सचिव इन्द्रबहादुर श्रेष्ठको हत्याप्रति आयोगको ध्यानाकर्षण

नेपालगञ्ज/२०६६ माघ १३ गते

विगत केही महिनादेखि विभिन्न समूहको नामबाट बाँके जिल्लालगायत मध्यपश्चिम क्षेत्रका विभिन्न जिल्लाहरूमा भएका नागरिकहरूको हत्या, अपहरण, चन्दा असुली, सम्पत्ति कब्जा आदिका कारणले जनताको शान्तिपूर्ण तथा भयरहित तरिकाले बाँच्न पाउने अधिकार, स्वतन्त्र रूपमा आफ्नो पेशा रोजगार गर्न पाउने अधिकार, सम्पत्तिको उपभोग गर्न पाउने नागरिकहरूको अधिकारमा अवरोध पुऱ्याउनेजस्ता क्रियाकलापहरू शृङ्खलावद्ध रूपमा बढिरहेको अवस्थामा हिजो मिति २०६६/१०/१२ गतेका दिन आफ्नो कार्यालयको काम सकेर हिँडिरहेको अवस्थामा र्क्तव्यनिष्ठ राष्ट्रसेवक सीतापुर गाविसका सचिव इन्द्रबहादुर श्रेष्ठको हत्याप्रति राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोग, मानवअधिकारको अन्तर्राष्ट्रिय मूल्य मान्यताअनुरूप व्यक्तिको जीवनको अधिकारलगायतका नैसर्गिक अधिकारहरूको पूर्णरूपमा सम्मान गर्न र यस्ता खाले घटनाहरू नदोहोऱ्याउनसमेत सम्बन्धित पक्षहरूलाई आग्रह गर्दछ ।

नागरिकहरूको जीवनको अधिकारसमेतलाई कुण्ठित गर्ने गरी घटाइएका यस्ता घटनाका दोषीलाई तुरुन्त कानुनबमोजिम कार्वाही गर्न र पीडितलाई उचित क्षतिपूर्ति दिलाउन स्थानीय प्रशाासन र नेपाल सरकारलाई आयोग आग्रह गर्दछ । साथै बाँके जिल्लालगायत मध्यपश्चिम क्षेत्रको शान्तिसुरक्षाको स्थिति कमजोर भएका कारणले व्यक्तिको मानवअधिकार उपभोग गर्न बाधासमेत पुगेको हालको अवस्थामा आयोग स्थानीय प्रशासनलाई संवेदनशील भै शान्तिसुरक्षाको स्थितिमा सुधार ल्याई नागरिकको जीवनरक्षालगायतका मानवअधिकारको प्रत्याभूति गर्नसमेत विशेषरूपमा ध्यानाकर्षण गराउन चाहन्छ ।
(मुरारीप्रसाद खरेल, नि. निर्देशक)

## १.११५ जिल्लाको समग्र मानवअधिकारको अवस्था र शान्तिसुरक्षासम्बन्धमा सुरक्षा निकायसँग छलफल

नेपालगञ्ज/२०६६ फागुन ४ गते

राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जले जिल्लाको शान्तिसुरक्षाको अवस्था र नागरिकको सुरक्षा, मानवअधिकार उलङ्घन तथा आपराधिक घटनाका दोषीलाई कानुनको दायरामा ल्याउन भएका प्रयासहरूका सन्दर्भमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूसँग छलफल तथा सोधपुछ गरेको छ । विगत केही समययता सीतापुर गाविसका सचिव इन्द्रवहादुर श्रेष्ठ, खजुरा निवासी प्रकाश श्रेष्ठ, राजेश वर्मालगायतका नागरिकको हत्या, अपहरण, सर्वसाधारण तथा व्यापारीहरूसँगको जबर्जस्ती चन्दा असुली तथा समग्र शान्तिसुरक्षा र अन्य आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिको पहिचान गरी दोषीलाई कानुनी दायरामा ल्याई परिणाममुखी शान्ति सुव्यवस्था कायम राख्न प्रभावकारी कदम चाल्न आयोगले सुरक्षा निकायका प्रमुखहरूलाई सुझाव दिएको छ ।

२०६६ माघ २४ गते राष्ट्रिय मानवअधिकार आयोगको गाडी तोडफोड तथा कुटपिटमा संलग्न दोषी तथा अन्य आपराधिक कार्यमा संलग्न व्यक्तिलाई लामो समयसम्म कानुनी प्रक्रियामा ल्याउन नसक्दा दण्डहीनताले प्रश्रय पाइरहेको भन्दै आयोगले आरोपित व्यक्तिलाई तत्कालै कानुनी प्रक्रियामा ल्याउन तथा नागरिकलाई शान्तिसुरक्षाको प्रत्याभुति गराउन स्थानीय प्रशासन तथा सुरक्षा निकायहरूको ध्यानाकर्षण गराएको हो ।

यससम्बन्धमा जिल्लामा शान्तिसुरक्षाको अवस्था सुदृढ गर्न र अपराधमा संलग्न आरोपित व्यक्तिलाई कानुनी दायरामा ल्याउन प्रहरी प्रशासन तदारुकताका साथ लागिपरेको साथै सरकारी निकाय, राजनीतिक पार्टी र सरोकारवालाहरूबीच समन्वय गरी अपराधमा संलग्न दोषीहरूलाई कानुनी दायरामा ल्याई छिट्टै शान्तिसुरक्षाको प्रत्याभूति हुनेसमेत प्रमुख जिल्ला अधिकारीले आयोगलाई जानकारी गराउनुभयो । उक्त छलफलमा राष्ट्रिय मानवअधिकार आयोगका निर्देशक मुरारीप्रसाद खरेल, मानवअधिकार अधिकृत हरिप्रसाद ज्ञवाली तथा रमेशकुमार थापा, प्रमुख जिल्ला अधिकारी वीरेन्द्रबहादुर बानियाँ, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रामचन्द्र ढकाल, सशस्त्र प्रहरी उपरीक्षक तारादत्त पन्त, राष्ट्रिय अनुसन्धान बाँकेका प्रमुख ईश्वरभक्त श्रेष्ठलगायतका सुरक्षा अधिकारीहरूको उपस्थिति थियो ।
(मुरारीप्रसाद खरेल, नि. निर्देशक)

## १.११६ बाँसपानी घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण

ललितपुर/२०६६ फागुन २८ गते

बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानीमा फागुन २६ गते राति सेनाले गोली चलाउँदा एक बालिकासहित स्थानीय तीन महिलाको मृत्यु भएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगलाई प्राप्त जानकारीअनुसार निकुञ्ज सुरक्षार्थ खटिएका

ज्वालादत्त गणका सेनाले चलाएको गोलीबाट मृत्यु हुनेहरूमा सुर्खेत हरिहरपुरकी १२ वर्षीया चन्द्रकला वि. क., ३३ वर्षीया अमृता वि. क. र ३५ वर्षीया देवीसरा वि. क. रहेका छन् ।

आयोगको नेपालगञ्ज क्षेत्रीय कार्यालयको एक अनुसन्धान टोली यस घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान गर्न घटनास्थलतर्फ प्रस्थान गरिसकेको छ साथै यस घटनाको सत्यतथ्य जानकारीका निम्ति आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाली सेना र गृहमन्त्रालयलाई पत्राचार गरेको छ ।

यो घटनाका सम्बन्धमा निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुनबमोजिम अविलम्ब कार्वाही गर्न राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकार र सम्बन्धित निकायहरूलाई आग्रह गर्दछ । (विशाल खनाल, सचिव)

## १.११७ दण्डहीनताको अन्त्य गर्न आयोगको आग्रह

जनकपुर/२०६६ चैत १५ गते

आयोगका पूर्व कर्मचारी स्व. दयाराम परियारको चौथो स्मृति दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय जनकपुर हार्दिक श्रद्धाञ्जलि ब्यक्त गर्दछ ।

राष्ट्रिय मानवअधिकार आयोगको तत्कालीन सम्पर्क कार्यालय जनकपुरका कर्मचारी **दयाराम परियारको** मिति २०६२ चैत ११ गते साँझ जनकपुर नगरपालिकाको जनकचौकमा प्रहरीले चलाएको गोली लागि घाइते भई उपचारको क्रममा मिति २०६२ चैत १५ गते त्रिवि शिक्षण अस्पताल, महराजगञ्ज, काठमाडौँमा मृत्यु भएको थियो ।

आयोगले स्व. दयाराम परियारको घटनामा संलग्न प्रहरीहरूमाथि २०६२ चैत २० गते फौजदारी अभियोगमा कार्वाही चलाउनू भनी तत्कालीन श्री ५ को सरकारलाई सिफारिस गरेको थियो । आयोगको सिफारिसमा सोही घटनामा दयाराम परियारसँगै गोली लागेका जनकपुरका स्थानीयबासी रामचन्द्र यादवको घटनास्थलमा नै मृत्यु भएकोमा दुवै व्यक्तिका परिवारलाई राष्ट्रिय मानवअधिकार आयोग, उजुरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमाबली, २०५७ को नियम १७ मा उल्लेखित आधारमा जनही रु. दुई लाख पचास हजारको दरले क्षतिपूर्ति उपलब्ध गराउनू भनी सिफारिस गरेकोमा निजहरूले क्षतिपूर्ति पाइसके तापनि घटनामा सलग्न दोषीहरूमाथि अझै कार्वाही भएको छैन ।

साथै सो घटनामा सर्वोच्च अदालतले दोषीलाई कार्वाही गर्न जारी गरेको आदेशको लामो समय बितिसक्दा पनि कार्यान्वयन नभएको अवस्था छ । यसै घटनासम्बन्धमा आयोगले प्रधानमन्त्री, गृहमन्त्री, प्रहरी महानिरीक्षकलगायत कानुन कार्यान्वयन तहका उच्चपदाधिकारीहरूलाई पटकपटक स्मरण गराइसकेको छ । तर यति लामो समय बितिसक्दासमेत आयोगको सिफारिस र सर्वोच्च अदालतको निर्णय कार्यान्वयन नहुनुले दण्डहीनतालाई प्रश्रय गर्नुका साथै गैरजवाफदेहिताको अवस्था सिर्जना गर्दछ ।

अतः सबै मानवअधिकारकर्मीहरूको सुरक्षाको प्रत्याभूति गर्न, मानवअधिकार उल्लङ्घनका घटनाका दोषीहरूलाई कार्वाही गर्न तथा आयोगको सिफारिस र सर्वोच्च अदालतका निर्णयहरूलाई कार्यान्वयन गरी दण्डहीनताको अवस्थाको अन्त्य गर्न राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय जनकपुर नेपाल सरकारलाई आग्रह गर्दछ ।
(प्रदीपकुमार झा, कार्यालय प्रमुख)

## १.११८ संवाद र सहमति कायम गर्दै ऐतिहासिक जिम्मेवारी पूरा गर्न आग्रह

ललितपुर/२०६७ वैशाख १४ गते

हालैका दिनमा मुख्य राजनीतिक दलहरूबीच उत्तेजनात्मक अभिव्यक्तिलगायतका कुराहरूले बढ्दै गएको असमझदारीले समग्र शान्ति प्रक्रिया तथा संविधान निर्माणको कामसमेत अवरुद्ध हुँदै गएकाले जनसाधारण त्रसित र निराश हुनुपर्ने स्थिति पैदा भएको छ ।

एकीकृत नेकपा माओवादीले अन्तर्राष्ट्रिय मजदूर दिवसका अवसरमा आयोजना गर्न लागेको शक्ति प्रदर्शन तथा त्यसको भोलिपल्टबाट आह्वान गरिएको अनिश्चितकालीन आमहड्ताल, त्यसका लागि देशका विभिन्न भागमा दिइएका घरेलु हातहतियारसहितका सुरक्षा तालिम, विभिन्न दलका जिम्मेवार व्यक्तिहरूले दिएका धम्कीपूर्ण अभिव्यक्तिले देशका सबै तह र तप्काका जनतालाई भयातुर बनाएको छ । एकातिर लाखौं विद्यार्थीहरूको भविष्यलाई चुनौती दिने गरी विद्यालयको पठनपाठन ठप्प छ, परीक्षाको तयारी गरिरहेका लाखौं विद्यार्थीहरू अन्यौलमा छन्, राजनीतिक दलका कार्यकर्ताहरूबाट आपराधिक झडप र आक्रमणका गतिविधिहरू भइरहेका छन् । अर्कातिर सरकार र सम्बन्धित निकायहरूले जनतालाई शान्तिपूर्ण र निर्भयतापूर्वक बाँच्न पाउने कुरामा आश्वस्त पार्न सकेका छैनन् । संविधान निर्माण गर्ने समयसीमा एक महिनामात्र बाँकी रहेको यो महत्त्वपूर्ण क्षणमा राजनीतिक तहमा सबैभन्दा बढी असमझदारी र दूरी बढेको देखिन्छ ।

संविधान निर्माणको काम शीघ्रातिशीघ्र पूरा गर्न संविधानसभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलहरू, खासगरी सत्तापक्ष र प्रमुख प्रतिपक्षबीच उच्चसमझदारी, सहमति र सहकार्य हुनु अत्यावश्यक छ । ऐतिहासिक संविधानसभाबाट नेपालको नयाँ संविधान घोषणाको समयावधि एक महिना मात्रै बाँकी रहेको यो महत्त्वपूर्ण क्षणमा समग्र शान्ति प्रक्रियालाई सही निष्कर्षमा पुऱ्याउनु तथा संविधान निर्माणको कार्यलाई सफलतापूर्वक सम्पन्न गर्नु अहिलेको टड्कारो आवश्यकता हो । तसर्थ, आ-आफ्नो ऐतिहासिक दायित्व निर्वाह गर्न सरकार, सत्तापक्ष, प्रतिपक्षका साथै सम्बन्धित सबै पक्षहरूसँग राष्ट्रिय मानवअधिकार आयोग निम्न आग्रह गर्दछ :

क) संवादबाट राजनीतिक सहमति कायम गर्दै सर्वसाधारणमा देखिएको भयपूर्ण वातावरणलाई तत्काल अन्त्य गर्न,
ख) जनप्रदर्शन जस्ता गतिविधिलाई शान्तिपूर्ण बनाउन, घरेलु हतियारसहितका तालिम, जबर्जस्ती चन्दा असुली, धम्की र झडपका गतिविधिहरू तत्काल रोक्न,
ग) शान्तिपूर्ण प्रर्दशनलाई सहज बनाउन तथा आवश्यकताभन्दा बढी बल प्रयोग हुन नदिन,
घ) बिस्तृत शान्तिसम्झौता र अन्तरिम संविधानको भावनाविपरीत नबोल्न तथा उत्तेजक र विद्वेषपूर्ण अभिव्यक्तिहरू नदिन,

ङ) विवादित सवालहरूमा सहमति र सहकार्यबाट समझदारी कायम गर्दै संविधान निर्माण गर्ने काम अविलम्ब सम्पन्न गर्न र शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुऱ्याउन ।

पुनश्चः राष्ट्रिय मानवअधिकार आयोगले जनप्रदर्शनलगायतका गतिविधिहरूको देशव्यापी अनुगमन गर्नेछ साथै विभिन्न सङ्घसंस्थासँग आवद्ध मानवअधिकार अनुगमनकर्ताहरूलाई समेत यो कार्यमा आयोगलाई सघाउन आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## १.११९ आयोगद्वारा देशव्यापी अनुगमन, केही घटनाबाहेक शान्तिपूर्ण

ललितपुर/२०६७ वैशाख १९ गते

राष्ट्रिय मानवअधिकार आयोगले एकीकृत नेकपा माओवादीले २०६७ वैशाख १९ गतेबाट सुरु गरेको अनिश्चितकालीन आमहड्तालको पहिलो दिन काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । देशका सबैजसो भागमा हड्तालको प्रत्यक्ष प्रभाव परेको, शैक्षिक संस्था, उद्योग, कलकारखाना तथा यातायात ठप्प भएका छन् । आयोगको केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका १३ ओटा टोलीहरूले प्राप्त गरेका तथ्यहरू निम्न छन् :

काठमाडौं उपत्यकाका विभिन्न स्थानहरू (कुपन्डोल, थापाथली, बानेश्वर, कोटेश्वर, पुतलीसडक, रत्नपार्क, सुन्धारा, त्रिपुरेश्वर)मा भएका प्रदर्शन तथा अन्य गतिविधिहरू शान्तिपूर्ण रहेको ।

कोटेश्वरमा एउटा गाडी तोडफोड भएको । पर्यटक, मानवअधिकारकर्मी, एम्बुलेन्स, कूटनीतिक नियोगका साधनहरू, खानेपानीलगायतका अत्यावश्यक साधनहरू निर्वाध रूपमा चल्न दिएको ।

उच्चमाध्यमिक शिक्षा परिषद्ले सञ्चालन गरेको कक्षा १२ को परीक्षा स्थगन तथा आजको परीक्षासमेत रद्द गर्न माग गर्दै विद्यार्थीहरूले उमाशिप, भक्तपुरमा धर्ना दिएको, परीक्षा समितिको बैठक बसी आवश्यक निर्णय लिइने परीक्षा नियन्त्रक देवीप्रसाद बुर्लाकोटीको जानकारी ।

पोखराको विरौटा र झारेपाटन, विराटनगरको रानी, वीरगञ्ज, चितवन, बुटवल, दाङ र दैलेखमा झडपका घटनाहरू भएको । विराटनगरको सीमावर्ती क्षेत्रमा सुरक्षाकर्मी र प्रदर्शनकारीबीच झडप तथा ढुङ्गा हानाहान भएको । विराटनगरकै रानी क्षेत्रमा खुलेका पसलहरूमा तोडफोड भएको । स्थानीय व्यक्तिको प्रतिकारमा केही बन्द समर्थकहरू घाइते भएका ।

चितवनमा कक्षा १२ को परीक्षा सञ्चालन गर्ने क्रममा झडप हुँदा स्थिति नियन्त्रणमा लिन रबर बुलेट प्रयोग भएको । चितवनको कन्या क्याम्पसमा परीक्षा लिन खोज्दा भएको झडपमा केही घाइते । गम्भीर अवस्थाका एक घाइतेलाई उपचारका लागि काठमाडौं लगिएको ।

काठमाडौंकै सुन्धारामा सुराकी गर्न आएको भनी नेपाली सेनाका दुई जवानलाई पक्राउ गरी प्रहरीलाई बुझाइएको ।

आमहड्तालले सर्वसाधारणको जनजीवन कष्टकर हुँदै गएकाले संवादको माध्यमबाट सहमतिमा पुग्न सबै राजनीतिक दलहरूलाई तथा यथाशीघ्र आमहड्ताल फिर्ता लिन एकीकृत नेकपा माओवादीलाई राष्ट्रिय मानवअधिकार आयोग आग्रह गर्दछ । साथै शान्तिसुरक्षा कायम गर्ने सिलसिलामा आवश्यकताभन्दा बढी बल प्रयोग नगर्न र संयम अपनाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँछ ।
(विशाल खनाल, सचिव)

## १.१२० आमहड्तालको दोस्रो दिन, सामान्यतः शान्तिपूर्ण

ललितपुर/२०६७ वैशाख २० गते

राष्ट्रिय मानवअधिकार आयोगले एकीकृत नेकपा माओवादीले २०६७ वैशाख १९ गतेबाट सुरु गरेको अनिश्चितकालीन आमहड्तालको दोस्रो दिन काठमाडौँ उपत्यकालगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । देशका सबैजसो भागमा हड्तालको प्रत्यक्ष प्रभाव परेको, शैक्षिक संस्था, उद्योग कलकारखाना तथा यातायात ठप्प भएको, पदयात्री तथा पर्यटकहरू बिचल्लीमा परेका एवम् सर्वसाधारणको जनजीवन थप कष्टकर बनेको पाइयो । आयोगको केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका १५ ओटा टोलीहरूले प्राप्त गरेका तथ्यहरू निम्न छन् :

काठमाडौँ उपत्यकालगायत देशका विभिन्न भागमा पानी तथा दूध बोक्ने ट्याङ्कर, एम्बुलेन्स, मानवअधिकार आयोग, मानवअधिकार अनुगमनकर्ता, सञ्चारकर्मी, रेडक्रस, कूटनीतिक नियोग, फोहोर सङ्कलनका सवारी साधनहरू सुचारु पाइएको ।

प्रदर्शनस्थल हुँदै जाने अत्यावश्यक सेवाका सवारी साधनहरूलाई प्रदर्शनकारीहरूले वैकल्पिक मार्ग प्रयोग गर्न लगाएको । कतिपय सवारीसाधनहरूमा सामान्य सोधपुछ गरिएको ।

दिउँसो १:३० बजे पोखरा नागढुंगास्थित सिसुवा मेडिकल हलमा स्लाइन पानी दिन ल्याएका तीन वर्षीय बालक सन्देश पौडेलको उपचार हुँदाहुँदै ४५/५० को सङ्ख्यामा आएका प्रदर्शनकारीले उक्त मेडिकल हलमा तोडफोड गरेको । आक्रमणमा बच्चाको टाउकोमा चोट लाग्नुका साथै मेडिकल सञ्चालक टीकाराम शर्मासमेत घाइते भएका ।

प्रदर्शनकारीहरूले कीर्तिपुरमा एउटा मोटरसाइकल, बुटवलमा राष्ट्रिय वाणिज्य बैंक र सिद्धार्थ गार्मेन्टमा क्षति पुऱ्याएका ।

रूपन्देही देवदह खैरेनीमा ना. १४ प. १६४४ र बा. १४ प. ५३२६ नम्बरको मोटरसाइकलमा प्रदर्शनकारीले आगजनी गरेको । मोटरसाइकलमा आगजनी गरेको आरोपमा रूपन्देहीमा प्रहरीले ११ जना प्रदर्शनकारीलाई पक्राउ गरेको । उनीहरूलाई वडा प्रहरी कार्यालय रामनगर बुटवलमा राखिएको ।

पोखरा, धनगढीलगायतका स्थानमा प्रदर्शनका क्रममा बालबालिकाको प्रयोग भएको पाइएको ।

काठमाडौँ उपत्यकामा केही प्रदर्शनकारीहरू बिरामी परेको पाइएको ।

आमहड्तालले सर्वसाधारणको जनजीवन थप कष्टकर हुँदै गएकाले सार्थक संवादको माध्यमबाट राजनीतिक सहमतिमा पुग्न नेपाल सरकार, एकीकृत नेकपा माओवादी तथा अन्य राजनीतिक दलहरूलाई राष्ट्रिय मानवअधिकार आयोग आग्रह गर्दछ साथै बिरामी प्रदर्शनकारीहरूको यथोचित उपचारको प्रबन्ध गर्न एकीकृत नेकपा माओवादी र नेपाल सरकारलाई ध्यानाकर्षण गराउँछ ।
(विशाल खनाल, सचिव)

## १.१२१ सुरक्षा सतर्कता बढाउन आयोगको आग्रह

ललितपुर/२०६७ वैशाख २१ गते

राष्ट्रिय मानवअधिकार आयोगले एकीकृत नेकपा माओवादीले २०६७ वैशाख १९ गतेबाट सुरु गरेको अनिश्चितकालीन आमहड्तालको तेस्रो दिन काठमाडौँ उपत्यकालगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । देशका सबैजसो भागमा हड्तालको प्रत्यक्ष प्रभाव परेको, सर्वसाधारणको जनजीवन अझ कष्टकर बनेको तथा तनाव र झडपका घटनाहरूमा वृद्धि भएको पाइयो । आयोगका केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका १६ ओटा टोलीहरूले प्राप्त गरेका तथ्यहरू निम्न छन् :

काठमाडौँको अनामनगरमा बिहान खुलेका केही पसलहरूमा प्रदर्शनकारीहरूले तोडफोड गरी क्षति पुऱ्याएको । काठमाडौँकै सतुंगलमा प्रदर्शनकारी र स्थानीय मानिसहरूबीच झडप हुँदा केही व्यक्ति घाइते हुनुका साथै दिनभरि स्थिति तनावपूर्ण रहेको ।

काठमाडौँस्थित पाकिस्तानी दूतावासमा कार्यरत एक नेपाली सुरक्षाकर्मीलाई प्रदर्शनकारीले बालाजुमा लगी कुटपिट गरेको र निजको वीरेन्द्र प्रहरी अस्पताल, महाराजगञ्जमा उपचार भइरहेको ।

सुरक्षाको लागि खटिएका प्रहरी कर्मचारीहरू लामो समयको ड्युटीले गर्दा सिथिल र तनावयुक्त देखिएको ।

प्रदर्शनकारीहरूलाई खानेपानीको समस्या रहेको, लगातारको बन्द र हड्तालको कारण प्रदर्शनकारीहरूमा सरसफाइको कमी देखिएकोले स्वास्थ्यमा प्रतिकूल असर पर्न सक्ने अवस्था रहेको । कतिपय प्रदर्शनकारीहरू झाडापखाला, रुघाखोकी जस्ता रोगले ग्रसित भएको ।

पोखरामा बालुबाखानीमा काम गर्ने करिब ३ सय मजदूरहरूलाई प्रदर्शनकारीहरूले आमहड्ताल र जुलुसमा नगएको आरोपमा ३० जनालाई कुटपिट गरेको । पछि घटनाबारे बुझ्न गएका एकीकृत माओवादी कार्यकर्तालाई मजदूरहरूले आक्रमण गर्दा दुई कार्यकर्ता घाइते भएका । उनीहरूको अस्पतालमा उपचार हुँदै ।

विराटनगरको पुष्पलाल चोकमा बिहान खोलिएका पसलहरूमा ठूलो संख्यामा आएका प्रदर्शनकारीहरूले औषधि पसलसहित दुईओटा पसलहरूमा तोडफोड गरी क्षति पुऱ्याएको । यो घटनामा स्थानीय व्यक्तिहरूसँगको झडपमा एक प्रदर्शनकारी सामान्य घाइते भएको ।

बुटवलस्थित नेपाल बैंक लिमिटेड र त्रिलोक जलपान गृहमा प्रदर्शनकारीहरूले तोडफोड गरेको ।

हड्ताल तथा प्रदर्शनसम्बन्धी गतिविधिमा काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा बालबालिकाको प्रयोगलाई निरन्तरता दिइएको ।

आमहड्तालले सर्वसाधारणको जनजीवन अत्यन्त कष्टकर हुँदै गएकाले राजनीतिक संवादलाई छिट्टै टुङ्गोमा पुऱ्याउन नेपाल सरकार, एकीकृत नेकपा माओवादी तथा अन्य राजनीतिक दलहरूलाई राष्ट्रिय मानवअधिकार आयोग आग्रह गर्दछ साथै व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याउने र आक्रमण तथा कुटपिट जस्ता गतिविधि बन्द गर्न र प्रदर्शनलाई शान्तिपूर्ण बनाइराख्न एकीकृत नेकपा माओवादीलाई तथा शान्ति सुव्यवस्था कायम राख्न एवम् सुरक्षा सतर्कता बढाउन नेपाल सरकारलाई ध्यानाकर्षण गराउँछ ।
(विशाल खनाल, सचिव)

### १.१२२ नागरिकको जीवीकोपार्जन अझ कष्टकर

ललितपुर/२०६७ वैशाख २२ गते

राष्ट्रिय मानवअधिकार आयोगले एकीकृत नेकपा माओवादीले २०६७ वैशाख १९ गतेबाट सुरु गरेको अनिश्चितकालीन आमहड्तालको चौथो दिन काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । आमहड्तालका कारण देशका सबैजसो भागमा नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार अत्यन्तै जटिल अवस्थामा पुगेको, न्यून आय भएका सर्वसाधारणको जीवीकोपार्जन दयनीय बनेको, साथै तनाव र झडपका घटनाहरूमा वृद्धि भएको पाइयो । आयोगका केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका १९ ओटा टोलीहरूले प्राप्त गरेका तथ्यहरू निम्न छन् :

भक्तपुरको न्यातपोल मन्दिरअगाडि एकीकृत नेकपा माओवादीका कार्यकर्ता जम्मा भएको थाहा पाएर गल्लीबाट निस्कँदै गरेका नेकपा (एमाले) निकट युवा सङ्घका कार्यकर्तालाई एकीकृत माओवादीका कार्यकर्ताले लखेटेको । यस क्रममा भाग्दै गरेका युवा सङ्घका कार्यकर्ताले प्रहार भएको गोली स्थानीय एक व्यक्तिको घरको छतमा लागि भुइँमा खसेको । त्यसपछि गोली प्रहार गर्ने व्यक्ति ४ ओटा गोली र १ थान म्यागजिन भुइँमा फाली भागेको । एकीकृत माओवादी कार्यकर्ताहरूले उक्त वस्तुहरू सङ्कलन गरी महानगरीय प्रहरी परिसर भक्तपुरमा बुझाएको ।

चौथो दिनसम्मको बन्द तथा हड्तालले गर्दा दुर्गम पहाडी जिल्लाहरू बाजुरा, अछाम, बझाङ र दार्चुलामा खाद्यान्न र आवश्यक औषधि ढुवानी हुन नसक्दा सङ्कट बढेको र औषधि अभाव चुलिँदै गएको पाइएको । यसले खाद्यान्न र औषधि अभावको कारणले दुर्गम जिल्लाहरूमा रोग फैलन सक्ने देखिएको ।

आमजनताको आधारभूत आवश्यकताका वस्तु खाद्यान्न, तरकारी, दूध ढुवानीमा समेत अवरोध उत्पन्न भएको । दैनिक काम गरेर गुजारा चलाउनुपर्ने न्यून आय भएको वर्गको दैनिक जीवनचर्या अत्यन्तै जटिल बनेको ।

हिजो बिहान काठमाडौँ चुच्चेपाटीस्थित नेसनल टेलिभिजन सम्बद्ध कर्मचारी राम थापालाई केही प्रदर्शनकारीले आक्रमण गरी टाउकोमा गम्भीर चोट पुऱ्याएको । हिजै बेलुका ५ बजे कैलाली जिल्ला प्रशासन कार्यालयअगाडि प्रदर्शनकारीहरूले एक जना अपरिचित व्यक्तिलाई कार्यक्रम बिथोल्न आएको भन्दै कुटपिट गरेको ।

काठमाडौँ उपत्यका, धनगढीलगायतका स्थानमा आज भएको प्रदर्शनमा बालबालिकाहरूको प्रयोग भएको पाइएको ।

काठमाडौँमा शान्ति सुरक्षाका लागि खटिएका आधा दर्जनजति प्रहरीलाई प्रदर्शनकारीले घाइते बनाएको ।

नेपालका सीमावर्ती सहरहरूमा भारत तथा अन्य स्थानबाट आएका यात्रुहरू साथै, हवाई तथा स्थल मार्ग हुँदै आन्तरिक आवागमन गर्ने यात्रुहरू अलपत्र परेका । कतिपय बिरामीहरू उपचारका लागि स्वास्थ्य केन्द्र वा अस्पत्तालसम्म जान सक्ने अवस्था नरहेको । सुत्केरीलगायत अस्पत्तालबाट डिस्चार्ज भएका बिरामीसमेत घर फर्कन नपाएको ।

भक्तपुर, धनुषा, रूपन्देही, बारालगायतका जिल्लाहरूमा युवा सङ्घ, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक), केही राजनीतिक दलहरू तथा किसानहरूले आमहड्तालको विरोधमा नारा जुलुसलगायतका गतिविधि गरेका ।

आमहड्तालले सर्वसाधारणको जनजीवन कष्टकर हुँदै गएकाले राजनीतिक संवादलाई छिट्टै टुङ्गोमा पुऱ्याउन नेपाल सरकार, एकीकृत नेकपा माओवादी तथा अन्य राजनीतिक दलहरूलाई राष्ट्रिय मानवअधिकार आयोग आग्रह गर्दछ । व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा क्षति नपुऱ्याउन र आक्रमण तथा कुटपिट जस्ता गतिविधि बन्द गर्न र प्रदर्शनलाई शान्तिपूर्ण बनाइराख्न एकीकृत नेकपा माओवादीको ध्यानाकर्षण गराउँछ साथै भक्तपुर घटनाको सम्बन्धमा आवश्यक छानबिन गर्न र कानुनबमोजिम कार्वाही अघि बढाउन नेपाल सरकारलाई आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## १.१२३ प्रर्दशन र प्रतिकारका घटनाले हिंसा वृद्धिः आयोग चिन्तित

ललितपुर/२०६७ वैशाख २३ गते

राष्ट्रिय मानवअधिकार आयोगले एकीकृत नेकपा माओवादीले २०६७ वैशाख १९ गतेबाट सुरु गरेको अनिश्चितकालीन आमहड्तालको पाँचौं दिन काठमाडौँ उपत्यकालगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । काठमाडौँको बुढानीलकण्ठ, जोरपाटी र वसुन्धरा, वीरगञ्ज, लमजुङ, स्याङ्जा,

पर्वत, तनहुँलगायतका विभिन्न स्थानमा प्रदर्शन र झडपका घटनाहरूमा वृद्धि हुँदै गएको छ । आयोगको केन्द्रीय, क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका २१ ओटा टोलीहरूले प्राप्त गरेका केही तथ्यहरू निम्न छन् :

वीरगञ्जमा आमहड्तालको विरोध गर्ने व्यक्तिहरूको समूहले उपमहानगरपालिकाको टाउनहलमा रहेको एकीकृत नेकपा माओवादीका कार्यकर्ता बस्ने गरेको सेल्टर टेन्ट र रासनसमेत जलाई स्थिति तनावपूर्ण बनाएको । माओवादी कार्यकर्ताले प्रयोग गरेको एउटा गाडी जलाइदिएको ।

प्रदर्शनकारीहरूको एक समूहले हिजो राति पर्वत जिल्लाको शिवालय गाविसका तरुण दलका विष्णु पोखरेललाई कुटपिट गरी घाइते बनाएको । यसै घटनाको विरोधमा स्थानीयवासीले आज बिहान एकीकृत नेकपा माओवादीको पार्टी कार्यालय तोडफोड गरेका । तनावपूर्ण स्थितिलाई नियन्त्रणमा लिन प्रहरीबाट अश्रुग्याँस प्रहार गरेको ।

जनकपुरमा मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) र तराई मधेस लोकतान्त्रिक पार्टीको आह्वानमा निस्किएको जुलुसले बजार खुलाउन आह्वान गरेको ।

लमजुङ जिल्लाको बेँसीसहरमा आमहड्तालको विरोध गर्ने स्थानीय व्यक्तिहरू र प्रदर्शनकारीबीच झडप हुँदा ६ जना घाइते भएका ।

प्रतिकारका नाममा नागरिक-नागरिक/समूह-समूहबीचमा हुने झडपका क्रियाकलापले हिंसाका घटनाहरू बढ्दै गएकाले सुरक्षा व्यवस्था प्रभावकारी बनाउन नेपाल सरकारलाई आयोग आग्रह गर्दछ साथै खुकुरी, लाठी, फलामे रडलगायतका विभिन्न घरेलु हतियारहरूसहित प्रदर्शन नगर्न र व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा क्षति नपुऱ्याउन एकीकृत नेकपा माओवादी, अन्य राजनीतिक दललगायत सम्बन्धित सबैलाई आयोग ध्यानाकर्षण गराउँछ । आमहड्तालले सर्वसाधारणको जनजीवन अझै कष्टकर भई मानवअधिकारको अवस्था गम्भीर बन्दासमेत राजनीतिक दलहरूबीचको संवाद निष्कर्षमा नपुगेकाले आयोग चासो व्यक्त गर्दछ । तसर्थ, राजनीतिक संवादलाई छिट्टै निष्कर्षमा पुऱ्याउन नेपाल सरकार, एकीकृत नेकपा माओवादी तथा अन्य राजनीतिक दलहरूलाई राष्ट्रिय मानवअधिकार आयोग आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## १.१२४ शान्तिपूर्वक भेला हुने स्वतन्त्रतालाई सम्मान गर्न आग्रह

ललितपुर/२०६७ वैशाख २४ गते

राष्ट्रिय मानवअधिकार आयोगले एकीकृत नेकपा माओवादीले २०६७ वैशाख १९ गतेबाट सुरु गरेको अनिश्चितकालीन आमहड्तालको छैठौँ दिन काठमाडौँ उपत्यकालगायत देशका विभिन्न भागमा अनुगमन गऱ्यो । आयोगको अनुगमनमा देशका विभिन्न भागमा प्रहरीले हिंसा र झडपका घटनाहरूलाई रोक्न संयमतापूर्वक कार्यसम्पादन गरेको, घाइतेहरूको उद्धार कार्यमा नेपाल रेडक्रसले प्रशंसनीय कार्यसम्पादन गरिरहेको तथा विभिन्न मानवअधिकार संस्थाहरूले सुत्केरी, बिरामीलगायतलाई मानवीय उद्धार कार्यमा सहयोग गरेको पाइएको छ । आयोगको केन्द्रीय, क्षेत्रीय

तथा उपक्षेत्रीय कार्यालयहरूबाट खटिएका विभिन्न टोलीहरूले प्राप्त गरेका केही तथ्यहरू निम्न छन् :

कास्की जिल्ला लेखनाथ नगरपालिकाको भण्डारीकमा आज दिउँसो आमहड्तालको समर्थन र विरोधमा भएको झडपमा चार जना घाइते भए । तीन जनालाई गोली लागेको र अन्य पाँचलाई छर्रा लागेको । गोली कसले चलाएको भन्ने अझसम्म पुष्टि नभएको ।

काठमाडौँको वसन्तपुरलगायत देशका विभिन्न भागमा आयोजना गरिएका 'शान्तिऱ्याली'मा सहभागी हुने समूहहरू र आमहड्ताल आयोजक पक्षहरूबीच झडप हुँदा स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले केही स्थानमा बल प्रयोग तथा केही सेल अश्रुग्याँस प्रहार गरेको ।

काठमाडौँ उपत्यकाका जोरपाटी, रत्नपार्क, प्रदर्शनीमार्ग, कुपण्डोल तथा उपत्यकाबाहिर पोखरा, लेखनाथ नगरपालिका, तनहुँलगायतका स्थानमा आमहड्तालको समर्थन र विरोधमा भएका प्रदर्शनमा झडपका घटनाहरू भएका ।

प्रदर्शनकारीहरूले लाठी, ढुङ्गा, फलामे रड जस्ता हतियारहरू बोकेको पाइएको । फलामे रडलाई नियन्त्रणमा लिने प्रयास गर्दा प्रहरी र प्रदर्शनकारीबीच काठमाडौँको धुम्बाराही क्षेत्रमा सामान्य झडप भएको ।

लगातारको बन्द र हड्तालले औषधि र खाद्यान्नलगायतका अत्यावश्यक सामग्रीहरूको अभाव बढ्दै गएको ।

काठमाडौँ उपत्यकामा आमहड्तालको समर्थन र विरोधमा उत्रिएका पक्षहरू आज बढी आक्रामक देखिएका । देशभरि नै झडप र हिंसाका घटनाहरूमा वृद्धि भएको पाइएको ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ साथै मुलुकको संविधान तथा कानुनले व्यवस्था गरेबमोजिम शान्तिपूर्ण रूपमा भेला हुन पाउने तथा आ-आफ्ना विचार अभिव्यक्त गर्न पाउने हक सबैको मानवअधिकार भएकाले त्यसको सम्मान गर्न र आफ्ना अधिकारको प्रयोग गर्दा अरूको अधिकारको समेत सम्मान गर्न आयोग सम्बन्धित पक्षहरूलाई आग्रह गर्दछ साथै लगातारको बन्दका कारणले खाद्यान्न, औषधिलगायतका अत्यावश्यक वस्तुहरूको अभाव देखिएकाले त्यसको समुचित व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई ध्यानाकर्षण गराउँछ ।

## १.१२५ सार्थक संवादबाट सहमतिमा पुग्न आग्रह

ललितपुर/२०६७ वैशाख २६ गते

देशमा समयसीमाभित्र नयाँ संविधान बनाउने मिति नजिकिँदै जाँदा राजनीतिक दलहरूबीच चुलिँदै गएको विवादले राष्ट्रिय मानवअधिकार आयोगलाई गम्भीर बनाएको छ ।

वर्तमान अवस्थामा देशका जिम्मेवार राजनीतिक दलहरूले इतिहासले दिएको कार्यभार पूरा गर्न सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको निर्माण र दिगो शान्ति स्थापनालाई उच्चप्राथमिकतामा राख्न अपरिहार्य छ । यसका निम्ति ऐतिहासिक जनआन्दोलनका सहयात्रीहरू र वृहत् शान्तिसम्झौताका हस्ताक्षरकर्ताहरूबीच आफ्ना प्रतिबद्धताहरू पूरा गर्न राष्ट्रिय सहमतिको बाटो प्रशस्त गर्नु आजको आवश्यकता हो । राजनीतिक दलहरूबीच हुने समझदारी र सहमतिलाई कसैको हार, जीत वा प्रतिष्ठाको विषय नबनाई सम्पूर्ण जनताको हितमा रूपान्तरण गर्न आयोग सम्बन्धित सबै पक्षलाई आह्वान गर्दछ ।

आज बिहान एकीकृत नेकपा माओवादीको सिंहदरबार घेराउ गर्ने क्रममा निषेधित क्षेत्र तोड्ने र जोगाउने क्रममा केही सुरक्षाकर्मी, प्रदर्शनकारी तथा आमसञ्चारकर्मीहरू घाइते हुन पुगेको पाइएको छ । यसैबीच प्रदर्शनकारीहरूको कब्जामा लिएका दुई सुरक्षा कर्मचारी र एक सर्वसाधारणलाई आयोग र सङ्गठनीय मानवअधिकार उच्चायुक्तको कार्यालयले उद्धार गरी प्रहरीको रोहवरमा सम्बन्धित पक्षहरूलाई बुझाइएको छ ।

यसैबीच छ दिन लामो राजनीतिक आमहड्तालले सर्वसाधारणको जनजीवन कष्टकर भएको सन्दर्भमा एकीकृत नेकपा माओवादीले गरेको आमहड्तालको स्थगनलाई राष्ट्रिय मानवअधिकार आयोग स्वागत गर्दछ । अब उप्रान्त कोही कसैबाट नागरिकहरूको जीवन कष्टकर हुने र उनीहरूका मानवअधिकारमा प्रतिकूल असर पार्ने कुनै पनि गतिविधिहरू सञ्चालन नगर्न आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

अन्तमा, सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माणको बाटो सहमति, सहकार्य र सहभागितामूलक बनाई मानवअधिकारका आधारभूत मूल्य मान्यतालाई सार्थक बनाउन आयोग एकआपसमा जुधेर होइन जुटेर लाग्न सम्बन्धित पक्षहरूलाई आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## परिच्छेद २

## २. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी

### २.१ औषधिको बाटो द्वन्द्वले नछेकोस्

ललितपुर/२०६१ भदौ २८ गते

प्रचण्ड जी,
बालबालिका राष्ट्रकै निधि हुन् र भविष्यका कर्णधार पनि । तसर्थ देश विकासका लागि उनीहरूको स्वास्थ्य, शिक्षा जस्ता अधिकारप्रति सबै नागरिक सचेत हुनुपर्दछ । दादुरा रोग नेपालको एक ठूलो स्वास्थ्य समस्याको रूपमा रहेको छ । बर्षेनी यस रोगबाट २ लाख ५० हजार बालबालिका पीडित हुन्छन् । यीमध्ये करिब ५ हजार बालबालिका अकाल मृत्युको मुखमा पुग्दछन् भने हजारौँको संख्यामा अपाङ्ग हुने गर्दछन् । यसप्रकार यस रोगको कारण मृत्यु हुनेको संख्या प्रत्येक वर्ष द्वन्द्वबाट मृत्यु हुनेको संख्या भन्दा बढी हुने गरेको छ, तर बालबालिकालाई दादुराविरुद्धको खोप दिएमा यसबाट हुने अकाल मृत्युबाट बचाउन सकिन्छ ।

यो अभियानमा पहिले खोप लगाइसकेकाले दोहोर्‍याएर लगाउनुपर्छ र नलगाएकाले त झन् छुटाउनै हुँदैन । यस गम्भीर स्वास्थ्य समस्यालाई दृष्टिगत गरी राष्ट्रिय संस्था, युनिसेफ र विश्व सङ्गठन जस्ता विभिन्न संयुक्त सङ्गठनीय निकायहरूको सक्रिय सहयोगमा ९ महिनादेखि ५ वर्षमुनिका बालबालिकाहरूका लागि दादुराको खोप दिने बृहत राष्ट्रिय अभियान निम्नप्रकारले सञ्चालन गरिँदै छ । प्रत्येक चरण ३ हप्तासम्म चल्नेछ ।

(क) पूर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रका सबै जिल्लाहरूमा २०६१ साल आश्विन ५ गतेदेखि ।
(ख) पश्चिामाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्रका तराई र पहाडका जिल्लाहरूमा २०६१ साल पुस २० गतेदेखि ।
(ग) ६ हिमाली जिल्लाहरू (हुम्ला, जुम्ला, मुगु, डोल्पा, मनाङ र मुस्ताङ्ग) मा २०६२ वैशाख महिनामा ।

यो राष्ट्रिय खोप अभियान बालबालिकाको जीवनको अधिकारसँग सम्बन्धित भएकाले राष्ट्रिय मानवअधिकार आयोगले यसमा गम्भीर चासो लिएको छ र यस अभियानलाई सफल पार्न कटिबद्ध छ । यसर्थ, आयोगले यस सत्कार्यलाई सफल पार्न एक कार्यदल पनि गठन गरेको छ । यो खोप अभियानबाट कुनै एक वर्ग र पक्षका बालबालिका मात्र लाभान्वित नभई सबै वर्ग र पक्षका बालबालिका लाभान्वित हुनेछन् ।

यसै सिलसिलामा दादुरा खोपसम्बन्धी सामग्रीहरू उदयपुरबाट ओखलढुङ्गा लैजाने क्रममा मनेभञ्ज्याङ्गमा नेकपा माओवादीका कार्यकर्ताहरूबाट लुटिएको भनी प्राप्त समाचारप्रति आयोगको ध्यान आकृष्ट भएको छ । साथै नेकपा माओवादीको पूर्वी केन्द्रीय कमाण्डले २०६१ असोज १२ र १३ गते पूर्वाञ्चल तथा मध्यमाञ्चल विकासक्षेत्रका विभिन्न जिल्लाहरूमा बन्दको आह्वान गरेकोले यस कार्यमा थप अवरोध आउने संभावना देखापरेको छ ।

तसर्थ लुटिएका सामग्री फिर्ता गर्न, बन्द कार्यक्रम फिर्ता लिन तथा खोप कार्यक्रम अवधिभर खोप कार्यक्रमलाई अवरोध पुग्ने खालका अन्य कुनै पनि क्रियाकलाप सञ्चालन नगर्न राष्ट्रिय मानवअधिकार आयोग नेकपा माओवादीसमक्ष हार्दिक अनुरोध गर्दछ।

बन्दुक समाउने आफ्ना कार्यकर्ताहरूलाई बालबालिकाको हात समाई खोप केन्द्रसम्म लैजान सहयोग पुऱ्याउन र बालबालिकाको स्वास्थ्यको अधिकारको रक्षा गर्ने काममा लाग्न निर्देशन जारी गरी आफ्नो पार्टीलाई जिम्मेवार पार्टीको रूपमा प्रस्तुत गर्न तथा यस दादुरा खोप अभियानबारे यहाँको धारणा स्पष्ट गर्नसमेत आयोग अनुरोध गर्दछ।
(गौरीशंकरलाल दास, नि. अध्यक्ष)

## २.२ कब्जा गरिएका घरजग्गा फिर्ता गर्न सुझाव

धनगढी/२०६३ फागुन २२ गते

कैलाली जिल्लाका विभिन्न ठाउँहरूमा नेकपा माओवादीबाट सशस्त्र द्वन्द्वको समयमा जग्गाजमिन कब्जा गरी बिस्थापितसमेत बनाएको र हालसम्म पनि फिर्ता नगरिएको भनी आयोगको यस कार्यालयमा उजुरीहरू पर्न आएको सन्दर्भमा कार्यालयले सो विषयमा निरन्तर अनुगमन जारी राखेको छ।

कार्यालयको एक टोलीले हालै कैलाली जिल्लाका केही स्थानहरूको अनुगमन गर्दा नेकपा माओवादीले जग्गा फिर्ताको घोषणा गरेको भए तापनि नेकपा माओवादीका स्थानीय कार्यकर्ताहरूबाट हालसम्म घोषणा कार्यान्वयन हुन नदिएको, मौसमअनुसारको बाली वास्तविक जग्गाधनीले लगाउन नपाएको, केही ठाउँहरूमा लगाएको बाली पनि उपभोग गर्न नदिएको र नेकपा माओवादीको नेतृत्व तहबाट पनि कुनै पहल नगरी बेवास्ता गरिएको पाइएको छ । केही बिस्थापितहरू आफ्नो घर फर्की बस्ने प्रयास गरे तापनि आफ्नो जग्गा उपभोग गर्नबाट बञ्चित रहेको र अन्य व्यक्तिहरूले अनधिकृत लाभ लिइरहेको पाइएको छ र यस्ता गुनासाहरू बारम्बार कार्यालयमा समेत प्राप्त भइरहेका छन्। यसबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ र बिस्तृत शान्तिसम्झौताको बुँदा नं. ७.७.१ मा उल्लिखित सम्पत्ति आर्जन र भोगचलन गर्ने स्वतन्त्रताको अधिकारको उपभोगमा गम्भीर आघात पर्न गएको छ र बिस्थापित भएका व्यक्तिहरू घर फिर्ता हुने वातावरणसमेत नभएको देखिन्छ।

मानवअधिकारका मान्यताहरूलाई नेकपा माओवादीले सम्मान गर्नुपर्ने दायित्व एकातिर छ भने अर्कातिर २०६३ मङ्सिर ५ गते सम्पन्न बिस्तृत शान्तिसम्झौतामा मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकारसम्बन्धी आधारभुत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्ध रहँदै द्वन्द्वबाट बिस्थापित व्यक्ति र निजका परिवारहरू आफ्नो मूल बासस्थानमा फर्कन पाउने, कानुनबमोजिमबाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिने छैन भन्ने कुरामा सहमति व्यक्त गरिएको छ।

यस सन्दर्भमा आयोगको यस कार्यालय नेकपा माओवादीलाई निम्न सुझाव प्रस्तुत गर्दछ :

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ मा उल्लिखित सम्पत्तिसम्बन्धी मौलिक हकको सम्मान गर्न/गराउन ।

मानवअधिकारको सम्मान तथा पालना गर्ने प्रतिबद्धतालाई गम्भीरतापूर्वक लिई कब्जा गरिएको जग्गा वास्तविक रूपमा फिर्ता गर्न/गराउन र

यससम्बन्धमा स्थानीय स्तरका पार्टी कार्यकर्ताहरूसमेतलाई निर्देशन जारी गरी बिस्तृत शान्तिसम्झौतामा उल्लिखित सम्पत्ति आर्जन र भोगचलन गर्ने स्वतन्त्रताको अधिकारसमेतको सम्मान र पालना गर्न ।
(कोषराज न्यौपाने, निमित्त क्षेत्रीय निर्देशक)

## २.३ बिस्थापितलाई फर्काउन माओवादी सहमत

विराटनगर/२०६३ साउन १९ गते

सरकार-माओवादी द्वन्द्वका कारण ताप्लेजुङ जिल्लाको विभिन्न भागबाट बिस्थापित भएकाहरूलाई सहजरूपमा एक महिनाभित्र पुनःस्थापित गर्न नेकपा माओवादी सहमत भएको छ । राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, विराटनगरको पहलमा दुई दिनसम्म चलेको वृहत् अन्तर्क्रियापछि पुनःस्थापनासम्बन्धी सो सहमति जुटेको हो । सहमतिअनुसार नेकपा माओवादीका दुई सदस्यसहित ताप्लेजुङ जिल्लामा कार्यरत मानवअधिकारकर्मीहरूको संस्था मानवअधिकार शान्ति सञ्जाल सम्मिलित पुनःस्थापना समिति तत्कालै गठन गरिनेछ । यस समितिले पुनःस्थापित हुन चाहने बिस्थापितहरूलाई उनीहरूको बासस्थानसम्म पुऱ्याई समाजको जिम्मा लगाउनेछ । गाँस र बासबाट वञ्चित परिवारलाई आगामी ३ महिनासम्म न्यूनतम राहत उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय ताप्लेजुङलाई अनुरोध गरिनेछ ।

पुनःस्थापित भएकालाई नेकपा माओवादीको तर्फबाट सुराक्षाको पूर्ण प्रत्याभूति दिने कुरा जिल्ला सेक्रेटरी सुमनले अन्तर्क्रियामा बताउनुभयो । जिल्ला प्रशासन कार्यालय ताप्लेजुङका अनुसार यस जिल्लामा १ सय २६ परिवार बिस्थापित भएका छन् । तर बिस्थापितहरूको संस्था 'ताप्लेजुङ जिल्ला बिस्थापित सङ्घ'सँग २ सय ४६ परिवार विस्थापनमा परेको रेकर्ड छ । एक महिनाभित्र पुनःस्थापित हुन नचाहनेहरूलाई बिस्थापितहरूको सूचीबाट क्रमशः हटाइनेछ ।

ताप्लेजुङ जिल्लामा मुख्यतः ३ प्रकारका बिस्थापितहरू रहेका छन्-

क) पूर्ण बिस्थापित : यस वर्गअन्तर्गतका बिस्थापितहरूको खाने र बस्ने कुनै उपाय छैन । उनीहरूको अचल सम्पत्ति मात्र बाँकी छ । उनीहरू गाँस र बासको प्रवन्ध भएमात्र पुनःस्थापित हुन सक्दछन् ।
ख) त्रसित बिस्थापित : यस वर्गका बिस्थापितहरू गाँस र बासको प्रवन्ध आफैँ गर्न सक्छन् । तर सुरक्षाको अभावका कारण उनीहरू आफ्नो बासस्थान फर्कन सकिरहेका छैनन् । सुरक्षाको प्रत्याभूति भएमा उनीहरू गाउँ फर्कन तयार छन् ।

ग) आंशिक बिस्थापित : यस वर्गका बिस्थापितहरू सदरमुकाम वा अन्य क्षेत्रमा गएर आय उपार्जन व्यवसाय गरिरहेका छन् । आफ्नो बाँझो खेत र रित्तो घरमा फर्कनुभन्दा यतै सदरमुकाम वा अन्य शहरी क्षेत्रमा आफू स्थापित हुन प्रयत्नरत छन् ।

यसबाहेक बिस्थापितहरूको अर्को एउटा समूह पनि छ, जसलाई नेकपा माओवादी 'राजनीतिक अपराधीहरूको समूह' भन्न रुचाउँछ । यस समूहका बिस्थापितमाथि माओवादीका विरुद्ध सुराकीलगायत अन्य सामाजिक अपराध गरेको आरोप छ । यस समूहमा ६ जना व्यक्तिको नाम परेको छ । तर सात राजनीतिक दल, नागरिक समाज, पत्रकार र मानवअधिकारकर्मीहरूको अनुरोधमा आगामी छलफलपछि निश्चित उपाय अवलम्बन गरी उनीहरूलाई पनि घर फर्काउन सकिने सहमति नेकपा माओवादीसँग जुटाइएको छ ।

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, विराटनगरको आयोजनामा भएको 'परिवर्तित सन्दर्भमा बिस्थापितहरूको स्थिति' विषयक अन्तर्क्रिया कार्यक्रममा यस जिल्लाका प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, प्रहरी नायव उपरीक्षक, जिल्ला सरकारी वकिल, सात राजनीतिक दलका जिल्ला नेताहरू, नेकपा माओवादीका जिल्ला सेक्रेटरी र सदस्यहरू, मानवअधिकार शान्ति सञ्जालका प्रतिनिधिहरू, पत्रकार महासङ्घ ताप्लेजुङ शाखा, बिस्थापितहरूलगायत नागरिक समाजका प्रवुद्ध वर्गको सहभागिता थियो । सो अन्तर्क्रिया कार्यक्रममा बिस्थापितहरूले नेकपा माओवादीका सेक्रेटरी र अन्य सदस्यहरूसँग आ-आफ्ना जिज्ञासा राख्नुभएको थियो ।
(भानुभक्त आचार्य, प्रवर्द्धन अधिकृत)

## २.४ आन्तरिक बिस्थापितको समस्याप्रति चासो

ललितपुर/२०६३ फागुन १४ गते

सशस्त्र द्वन्द्वका कारण आन्तरिक रूपमा बिस्थापित भएका व्यक्तिहरूले विभिन्न १५ बुँदे माग राखी सञ्चालन गरेको आन्दोलनप्रति राष्ट्रिय मानवअधिकार आयोगको कार्यालयको ध्यानाकर्षण भएको छ । आयोगको केन्द्रीय कार्यालयले काठमाडौँमा बिस्थापितहरूले गर्दै आएको प्रदर्शन तथा धर्ना र तीनकुनेमा खडा गरिएको शिविरको नियमित अनुगमनसमेत गरिरहेको छ । आयोगको कार्यालयबाट गरिएको अनुगमनबाट जारी प्रदर्शनमाथि प्रहरीबाट अत्यधिक बल प्रयोग भएको, प्रदर्शनकारीहरूमाथि दुर्व्यवहार तथा लछारपछार भएको, सो क्रममा प्रदर्शनकारीहरू घाइतेसमेत भई अस्पतालमा उपचार गरेको तथ्य प्राप्त भएको छ । अनुगमनबाट प्राप्त तथ्यमा तीनकुनेस्थित शिविरमा बालबालिकालगायत ८५ वर्षीय वृद्धवृद्धासमेत रहेको, उनीहरूको अवस्था अत्यन्त नाजुक रहेको, खाद्यान्न तथा लत्ताकपडासमेतको अभाव देखिएको छ ।

आयोगले मिति २०६२ साल जेठ ३० गतेदेखि विभिन्न मितिमा नौ पटकसम्म प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृहमन्त्रालयलाई आन्तरिक रूपमा बिस्थापित भएका व्यक्तिहरूलाई आवश्यक खाद्यान्न, लत्ताकपडा, बसोबास, स्वास्थ उपचार, रोजगारीको व्यवस्था मिलाउन, बालबालिकाहरूलाई निःशुल्क शिक्षा उपलब्ध गराउन, आवश्यक क्षतिपूर्ति उपलब्ध गराउन र

तत्काल आवश्यक राहतलगायत दीर्घकालीन रूपमा समस्या समाधानको लागि अविलम्ब व्यवस्था गर्न सिफारिस तथा ताकेता गरेकोमा हालसम्म कुनै प्रतिक्रिया र जवाफ प्राप्त हुन आएको छैन ।

आयोगको कार्यालय उक्त सिफारिस कार्यान्वयन गर्न एवम् जारी प्रदर्शनका क्रममा घाइते भएकाहरूको निःशुल्क उपचार गर्न र शान्तिपूर्ण प्रदर्शनमाथि बल प्रयोग नगर्न एवम् मागपत्रको सम्बन्धमा आवश्यक पहल गर्न नेपाल सरकारलाई आग्रह गर्दछ । साथै मानवीय सहायतासम्बन्धी क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूलाई शिविरमा तत्काल आवश्यक राहतका कार्यक्रमहरू सञ्चालन गर्नसमेत आयोग अनुरोध गर्दछ । साथै नेपाल सरकार र नेकपा माओवादीबीच भएको बिस्तृत शान्तिसम्झौताको बुँदा नं ५.२.४ मा उल्लेख "दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गराउन तथा युद्धबाट पीडित र बिस्थापित व्यक्तिहरूको लागि राहत कार्य र पुनःस्थापन गराउन राष्ट्रिय शान्ति तथा पुनःस्थापन आयोग गठन गर्न र त्यसमार्फत् यससम्बन्धी काम अगाडि बढाउन सहमत छन् ।" भन्ने प्रावधान तत्काल र प्रभावकारी कार्यान्वयन गर्नसमेत आयोगको कार्यालय अनुरोध गर्दछ ।

(ध्रुव नेपाल, निमित्त सचिव)

## २.५ बाढीबाट प्रभावित क्षेत्रहरूको आकस्मिक अनुगमन

नेपालगञ्ज/२०६४ साउन १० गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, संरक्षण अधिकृतद्वय हरि ज्ञवाली तथा पवन भट्ट, नेपाल बार मानवअधिकार परियोजनाका क्षेत्रीय प्रमुख मणिराम आचार्य, मानवअधिकार संरक्षण मञ्चका केन्द्रीय सदस्य सी. पी. सिंहलगायत ७ जनाको टोलीले साउन १० गते बाँके जिल्लाको डुवान समस्यासम्बन्धमा बुझ्न लक्ष्मणपुर बाँध तथा राप्ती व्यारेजको आकस्मिक अनुगमन गरेको छ ।

अनुगमनको क्रममा भारतीय भूभागको तटबन्ध क्षेत्रमा रहेका पचासौं घरहरू ढुवानमा परेको तथा ढुवान क्षेत्रका मानिसहरूलाई सरकारले डुङ्गाबाट उद्दार गरी खाने बस्ने व्यवस्था गरेको पाइयो भने बाँके जिल्लाको राप्तीपारिका भगवानपुर, गंगापुर, लक्ष्मणपुरलगायतका गाविसका कतिपय क्षेत्रहरू बाढीबाट प्रभावित रहेको पाइयो । सो क्रममा अनुगमन टोलीले भारतीय राप्ती सिँचाइ योजनाका पदाधिकारी तथा प्राविधिकहरूसँग छलफल गरी वर्षातको समयमा राप्ती व्यारेजमा रहेका १४ वटै ढोकाहरू पूर्णरूपमा खुल्ला राखिरहन अनुरोध गरेको थियो भने भारतीय राप्ती सिँचाइ योजनाका पदाधिकारी तथा प्राविधिकहरूले छलफलका क्रममा वर्षातको समयमा (June 15-Sept. 15) पानीको प्राकृतिक वहावलाई अवरोध नपुऱ्याइने प्रतिबद्धता व्यक्त गरिएको थियो । आकस्मिक अनुगमनको समयमा ती सम्पूर्ण ढोकाहरू खुलै रहेका तथा खुला ढोकाहरूभन्दा करिब २ मिटर तलबाट बाढीको पानी बगिरहेको पाइएको थियो ।

उक्त तटबन्धबाट नेपाली भूभागमा पर्न गएको प्रभाव, तटबन्धको अन्तर्राष्ट्रिय सीमा मापदण्ड, प्राविधिक पक्षहरू, जनमानसमा पर्न गएको मानसिक तथा वास्तविक प्रभाव आदिसम्बन्धमा बिस्तृत

अध्ययन गरी यथार्थ स्थितिको सूचना तत्काल सम्प्रेषण गर्न तथा आवश्यक पहल गर्न नेपाल सरकारसँग आयोगको क्षेत्रीय कार्यालय, नेपालगञ्ज आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## २.६ बिस्थापित व्यक्तिहरूको अवस्थासम्बन्धमा आयोगको टोलीद्वारा दाङको लमही, भगवानपुर, घोराही तथा तुलसीपुरको स्थलगत अनुगमन

नेपालगञ्ज/२०६४ असोज १० गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको क्षेत्रीय निर्देशकसहितको एक टोलीले असोज ३ गतेयता दाङ जिल्लामा भएका आगजनी, तोडफोड, लुटपाट तथा मुस्लिम समुदायको विस्थापनको सम्बन्धमा दाङको लमही, भगवानपुर, घोराही तथा तुलसीपुरको स्थलगत अनुगमन गरेको छ । कपिलवस्तुको घटनालाई लिएर दाङमा समेत भड्काउन खोजिएको साम्प्रदायिक सद्भावलाई आयोगले गम्भीरतापूर्वक लिएको छ । भगवानपुर, लमही र तुलसीपुरमा भएको अपराधिक घटनाहरूबाट बिस्थापित भएका मुस्लिम समुदायका ८९१ व्यक्तिमध्ये ६२१ व्यक्ति घर तथा सुरक्षित स्थानतर्फ फर्किसकेका (त्यसमध्ये २२० जना भारततर्फ) र लमहीको मदरसा तथा मस्जिदमा ६५ व्यक्ति, तुलसीपुरको १९ नं बाहीनीअन्तर्गत एयरपोट व्यारेकमा १२५ व्यक्ति र तुलसीपुरकै नेपाल खाद्य संस्थानको गोदाममा ८० व्यक्ति गरी जम्मा २७० जना बिस्थापित व्यक्तिहरूसँग आयोगको टोलीले भेटघाट गरी घटनाको सम्बन्धमा र तत्कालीन समस्याहरूको सम्बन्धमा जानकारी लिई स्थानीय प्रशासनलाई निजहरूको सुरक्षा, स्वास्थ्य उपचार, खानपान तथा पुनःस्थापनसम्बन्धमा आवश्यक निर्देशन दिएको छ ।

घटनाको पुर्वाभास हुनुअघि नै स्थानीय प्रहरी र प्रशासनलाई जानकारी गराउँदागराउँदै पनि प्रहरीहरू सामान्य स्थितिलाई नियन्त्रणमा लिन अग्रसर नहुनु, प्रहरीकै अगाडि तोडफोड र लुटपाट हुँदा पनि प्रहरी मुकः दर्शक भएर रहिरहनु, लुटिएका सम्पत्तिहरू रहेका सम्भावित स्थानहरूकाबारे प्रहरीलाई जानकारी गराउँदा पनि ती स्थानहरूबाट हालसम्म सामान कब्जामा लिने प्रयास नगरिनु, स्थानीय प्रशासन र प्रहरीबीच प्रभावकारी समन्वयको स्थिति अझै पनि नदेखिनु, घटनामा दोषी भनी पक्राउ गरिएका ४६ जनामध्ये अधिकांशलाई निर्दोष भनी छाड्नु र वास्तविक दोषीको पहिचान गरी कानुनी कार्वाहीको दायराभित्र ल्याउन नसक्नुजस्ता घटनाहरूबाट दण्डहीनताको स्थितिले प्रश्रय पाउने तथा मानिसहरूको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार नै कुण्ठित हुने हुँदा यसतर्फ गम्भीर रहन र कानुनी राज्यको अवधारणालाई आत्मसात गर्न तथा पीडितहरूलाई उचित क्षतिपूर्ति दिन र पुनःस्थापित गराउने वातावरण तयार गर्न आयोग नेपाल सरकारसमक्ष अनुरोध गर्दछ ।

साथै यस्ताखाले मानवताविरोधी आपराधिक गतिविधि जुनसुकै व्यक्ति वा समूहबाट भएको भए तापनि उसको कुनै जात, धर्म, सम्प्रदाय वा आस्था नहुने हुँदा त्यस्ता प्रवृत्तिका व्यक्ति वा समूहउपर कानुनी कार्वाहीको लागि अभूतपूर्व धार्मिक, साम्प्रदायिक, सामाजिक तथा राजनीतिक सद्भाव प्रदर्शन गर्दै एकजुट हुनसमेत आयोग सम्पूर्ण जात, धर्म र सम्प्रदायका मानिसहरूसँग आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## २.७ जीवीकोपार्जनलाई सहज तुल्याउन आयोगको आग्रह

ललितपुर/२०६५ असार ८ गते

नेपाल सरकारले हालसालै तेलको भाउ वृद्धि गरेको विषयलाई लिएर केही दिनदेखि राजधानी काठमाडौँलगायत देशका विभिन्न भागमा विद्यार्थी एवम् तेल तथा यातायात व्यवसायीहरूले गर्दै आएका बन्द, हड्ताल, चक्काजाम जस्ता गतिविधिले सर्वसाधारणको जीवीकोपार्जन अस्तव्यस्त बन्दै गएकोप्रति राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

अस्वाभाविक रूपमा बढ्दै गएको तेलको मूल्यका कारणले गर्दा दैनिक उपभोग्य सामग्रीहरूको भाउ अकासिँदै गएकाले सर्वसाधारणको जीवनमा नकारात्मक असर परेको छ । यसलाई नेपाल सरकारले सहानुभूतिपूर्वक विचार गर्दै सरकारका अनुत्पादनशील खर्चहरूलाई कम गरी विद्यार्थीलगायत समाजका न्यूनआय भएका व्यक्ति तथा परिवारहरूलाई उपयुक्त राहत र सहयोगको व्यवस्था गर्न जरुरी देखिन्छ ।

अर्कातिर विभिन्न माग राखी सडकमा ओर्लेका विद्यार्थी तथा अन्य सङ्घ सङ्गठनले पनि मर्यादित ढङ्गबाट आफ्ना आन्दोलनका कार्यक्रम अगाडि बढाउनुपर्दछ । आफ्ना माग पूरा गर्न गरिएका आन्दोलनहरूले सर्वसाधारणको जीविकोपार्जन र मानवअधिकारलाई असर पार्नु हुँदैन ।

अतः राष्ट्रले भर्खरै प्राप्त गरेका ऐतिहासिक उपलब्धिहरूलाई रक्षा गर्दै जनसरोकारका अत्यावश्यक विषयवस्तुहरूलाई प्राथमिकता प्रदान गर्न र संवादका माध्यमबाट वर्तमान सङ्कट समाधान गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । आगामी दिनहरूमा गरिने आन्दोलनहरूमा पनि कसैको मानवअधिकारलाई हस्तक्षेप नगर्न, आन्दोलनका क्रममा व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्न तथा आन्दोलनकारीहरूमाथि मानवअधिकारसम्मत व्यवहार गर्न आन्दोलनकारी, सुरक्षा निकायलगायत सम्बन्धित सबै पक्षहरूलाई आयोग हार्दिक आह्वान गर्दछ ।
(विशाल खनाल, सचिव)

## २.८ नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारप्रति आयोगको चासो

ललितपुर/२०६५ असार २६ गते

नेपाल चिकित्सक सङ्घको आयोजनामा हिजोदेखि भइरहेको (उपत्यकाव्यापी र देशव्यापी) हड्तालबाट आमनागरिकमा परेको असरप्रति राष्ट्रिय मानवअधिकार आयोग गम्भीर चासो र चिन्ता प्रकट गर्दछ । वानेश्वरको एभरेस्ट नर्सिङ होममा भएको घटनाको विषयलाई लिएर स्वास्थ्यसेवा जस्तो अतिसंवेदनशील विषयमा बन्द, हड्ताल गरिँदा हजारौँ सेवाग्राहीको बाँच्न पाउने र जीवनको अधिकार प्रभावित भएको छ ।

नेपाल पक्षराष्ट्र भएको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १२ (२) (घ) मा 'बिरामी भएको अवस्थामा सबैलाई चिकित्सागत सेवा तथा हेरचाह सुनिश्चित गर्ने अवस्थाको सिर्जना गर्ने' दायित्व राज्यको हुने उल्लेख छ । त्यसैगरी उपभोक्ता संरक्षण ऐन, २०५४ मा स्वास्थ्यसेवालाई अत्यावश्यकीय सेवाको रूपमा व्यवस्था गरिएको छ । अतः

औषधोपचारका लागि आउने मानिसको स्वास्थ्यलाभको अधिकार कुनै पनि बहाना र निहुँमा प्रभावित गर्न हुँदैन ।

राष्ट्रिय मानवअधिकार आयोग स्वास्थ्यकर्मीहरूप्रति गरिने दुर्व्यवहारलाई नियन्त्रण गर्ने तथा चिकित्सकलगायतका स्वास्थ्य पेसाकर्मीहरूको सुरक्षा सुनिश्चित गर्न नेपाल सरकारलाई, तथा आफ्नो पेसागत मर्यादा र उत्तरदायित्वप्रति सधैँ सचेत रहँदै सबैको मानवअधिकारको सम्मान र संरक्षणमा आवश्यक योगदान गर्न स्वास्थ्यकर्मीहरूलाई हार्दिक आग्रह गर्दछ । बन्द, हड्ताल जस्ता कार्यक्रमहरू फिर्ता लिई संवादमार्फत् समस्या हल गर्न वा कानुनी उपाय अवलम्बन गर्नसमेत आयोग आग्रह गर्दछ । कुनै घटना विशेषको निहुँ गरी अझ ठूलो मानवीय सङ्कटको अवस्था आउन नदिन तथा स्वास्थ्य पेसाकर्मीको सुरक्षामा देखापरेको जोखिमपूर्ण परिस्थितिको अविलम्ब अन्त्य गर्न राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकार तथा सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराउँछ ।
(विशाल खनाल, सचिव)

## २.९ खाद्यान्नको अधिकार सुनिश्चित गर्न सरकारी निकायका प्रमुखसँग छलफल

ललितपुर/२०६५ साउन २ गते

राष्ट्रिय मानवअधिकार आयोगले सर्वसाधरणको खाद्यअधिकार सुनिश्चित गर्नेसम्बन्धमा विद्यमान खाद्य सङ्कटको अवस्था, सुरक्षण, आपूर्ति, वितरण तथा व्यवस्थापनसम्बन्धमा नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुखहरूसँग आज छलफल गरेको छ । छलफलमा आयोगले सुदूरपश्चिम र मध्यपश्चिमका खाद्य सङ्कट भएका जिल्लाहरूको अनुगमनपश्चात प्राप्त तथ्यहरू प्रस्तुत गरेको थियो । प्राप्त तथ्यहरूबाट खाद्य सङ्कट भएका जिल्लाहरूमा यथेष्ट रूपमा खाद्यान्नको सुरक्षण नभएको र आपूर्ति, वितरण एवम् व्यवस्थापन प्रभावकारी नभएको जानकारी गराइएको थियो । छलफलको क्रममा मन्त्रालयका सचिवज्यू तथा सुरक्षा निकायहरूबाट खाद्य संचितीको अवस्था, वितरण, सुरक्षण, व्यवस्थापन आदिकोबारेमा जानकारी गराउँदै केही जिल्लाहरूमा खाद्य भण्डारण न्यून रहन गएको, ढुवानीमा सहजता हुन नसकेको एवम् व्यवस्थापनलाई अझ चुस्त पार्दै थप सुधार ल्याइने  कुरामा जोड दिएका थिए ।

कार्यक्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले खाद्य र जीवनको अधिकारबीच अन्योन्याश्रित सम्बन्ध भएको बताउँदै खाद्य सुरक्षण, वितरण तथा खाद्यान्नको पहुँच सर्वसाधारणसम्म पुऱ्याउन सचिवहरूको नीति निर्माण तथा कार्यान्वयन तहमा महत्त्वपूर्ण योगदान रहने भएकोले आगामी दिनमा समस्याको समाधानमा क्रियाशील रही खाद्यान्नको अधिकार सुनिश्चित गर्न जोड दिनुपर्ने बताउनुभयो ।

उक्त छलफल कार्यक्रममा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का सचिव माधव पौडेल, कृषि सचिव टेकबहादुर थापा, गृह सचिव उमेशप्रसाद मैनाली, रक्षा सचिव वामनप्रसाद न्यौपाने, शान्ति तथा पुन:निर्माण सचिव माधवप्रसाद घिमिरे, प्रहरी महानिरीक्षक ओमविक्रम राणा, सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव ओली, खाद्य संस्थानका महाप्रबन्धक बेनीबहादुर रावललगायत अन्य

उच्चपदस्थ सरकारी अधिकारीहरूको उपस्थिति थियो । कार्यक्रममा आयोगका सदस्यहरू, सचिव, क्षेत्रीय कार्यालयका प्रमुख तथा महाशाखा प्रमुखहरूको समेत उपस्थिति थियो ।
(विशाल खनाल, सचिव)

## २.१० हलियाप्रथा अन्त्य गर्न सरकारलाई आयोगको सिफारिस

ललितपुर/२०६५ भदौ १९ गते

राष्ट्रिय मानवअधिकार आयोगले नेपालको मध्य र सुदूरपश्चिमाञ्चल क्षेत्र तथा देशका अन्य भागमा प्रचलित हलियाप्रथा मानवअधिकारको सिद्धान्तविपरीत देखिएकाले यसलाई तत्काल उन्मूलन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आज एक पत्र लेखी आयोगले हलियाप्रथाका सम्बन्धमा सर्वोच्च अदालतको परमादेश कार्यान्वयन गरी हलियाप्रथा समाप्त गर्न सिफारिस गरेको हो ।

सिफारिसपत्रमा भनिएको छ, 'विद्यमान हलियाप्रथा जातीय विभेदपूर्ण, मानवताविरोधी तथा प्रचलित कानुनसमेतको विपरीत छ । यसले नेपालको अन्तरिम संविधान, २०६३ को धारा २९ (२) ले प्रथा, परम्परा र प्रचलनका नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न पाइने छैन भन्ने व्यवस्थाको उल्लङ्घन गरेको छ । नेपाल सरकार र नेकपा माओवादीबीच भएको बिस्तृत शान्तिसम्झौता, २०६३ को बुँदा नं. ३.१० मा सुकुम्बासी, कमैया, हलिया, हरुवा, चरुवालगायतका विपन्न वर्गलाई आर्थिक र सामजिक सुरक्षाको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्ने उल्लेख छ ।' त्यस्तै, सिफारिसपत्रमा 'हलियाप्रथा मानवअधिकारको विश्वव्यापी घोषणा, १९४८, संयुक्त राष्ट्रसङ्घीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६, निकृष्ट प्रकारको बाल श्रमसम्बन्धी महासन्धि, १९९९ (नं.१८२)ले गरेका व्यवस्थाहरूको समेत प्रतिकूल रहेको देखिएको' उल्लेख छ साथै 'कमैया र हलियाको सम्बन्धमा संविधानले संरक्षण दिएबमोजिम आवश्यक कार्वाही गर्नू' भनी सर्वोच्च अदालतले २०६३ वैशाख ३ गते जारी गरेको परमादेशलाई सिफारिसपत्रमा स्मरण गराइएको छ ।

शदियौँदेखि आर्थिक र सामाजिक शोषण गर्ने परिपाटीको अवशेषका रूपमा रहेको हलियाप्रथाबाट पीडित व्यक्तिको पुनःस्थापनाका लागि आवश्यक व्यवस्था गर्नसमेत आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ । यो प्रथा उन्मूलन गर्न राष्ट्रिय हलिया मुक्ति समाज महासङ्घलगायतका संस्थाले गरिरहेका विभिन्न अभियानमुखी गतिविधिका बारेमा आयोगले निरन्तर अनुगमन गरिरहेको छ ।
(विशाल खनाल, सचिव)

## २.११ यातायात सेवालाई सुरक्षित गर्न आयोगको आह्वान

ललितपुर/२०६५ कार्तिक २९ गते

केही दिनअघि वनभोज कार्यक्रममा सहभागी भई बुटवल फूलवारीबाट नारायणगढ फर्कँदै गर्दा नवलपरासी- ६ मा भएको यातायात दुर्घटनामा दुई दर्जन बालबालिका र शिक्षकहरूको मृत्युले

आयोग स्तब्ध भएको छ । उक्त हृदयविदारक दुर्घटनामा परी जीवन गुमाएका हिलवर्ड उच्चमाविका सम्पूर्ण विद्यार्थी र शिक्षकहरूप्रति आयोग श्रद्धाञ्जलि व्यक्त गर्दछ, साथै, घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै शोक सन्तप्त परिवारमा हार्दिक संवेदना व्यक्त गर्दछ ।

मानवीय त्रुटि वा हेलचेक्र्याइँका कारण समय-समयमा हुने यस किसिमका गम्भीर यातायात दुर्घटनाले मानवीय क्षति हुनाको साथै परिवार र समाजमा दीर्घकालीन असर पारिरहेको हुन्छ । बालबालिकाहरू सहभागी हुने वनभोज, शैक्षिक भ्रमण, विवाह र सांस्कृतिक कार्यक्रमहरूमा भएका सामान्य असावधानीहरूले कैयन बालबालिकाहरूको जीवन जोखिममा परेका थुप्रै उदाहरणहरू हाम्रा सामु छन् । तर त्यस्ता गम्भीर घटनाहरूको गहन अनुसन्धान गरी भविष्यलाई बढी सुरक्षित बनाउने दिशातर्फ जिम्मेवार निकायहरूबाट क्रियाशीलता नदेखाइनु चिन्ताको विषय हो ।

अतः यसखाले दुःखद नियति फेरि भोग्न नपरोस् भन्ने सुनिश्चित गर्न विद्यालय व्यवस्थापन र यातायात सेवालाई अझ बढी जिम्मेवार बनाउन जरुरी छ । बालबालिकाहरू सवार हुने यातायातमा कसैलाई पनि कुनै पनि बहानामा धुमपान र मद्यपान गर्न दिइनुहुँदैन । मद्यपान गरेका चालकहरूलाई पनि यातायात चलाउन नदिन अत्यावश्यक सुरक्षा प्रबन्ध लागू गरी त्यसको नियमित अनुगमन गर्न जरुरी छ । तसर्थ, अब आइन्दा बालबालिका चढ्ने यातायातको न्यूनतम मापदण्ड तयार गरी तिनको जीवनलाई सुरक्षित एवम् जोखिमरहित बनाउनका लागि तत्काल आवश्यक कदम चाल्न आयोग नेपाल सरकारलाई आह्वान गर्दछ ।
(यज्ञप्रसाद अधिकारी, निमित्त सचिव)

## २.१२ सम्पत्तिको भोगचलनमा बाधा नपुऱ्याउन आग्रह

ललितपुर/२०६५ मङ्सिर २ गते

दाङ जिल्लाको देउखुरी, तुलसीपुर, घोराही आसपासका क्षेत्र तथा श्रीगाउँ, पञ्चकुले, हेकुली, हलुवार, ढिकपुर, मानपुरसमेतका गाविसहरूबाट नेकपा माओवादीका कार्यकर्ताहरूले धानलगायतका अन्नबाली कब्जा गरेको र कमाइको अधिया भाग पाउने भनी सम्झौता गरिएको भए पनि तीन भागको एक भाग अन्नबाली मात्रै जग्गाधनीलाई दिन लगाएको, रोपाइँ गर्ने बेलामा फिर्ता भनिएका जग्गाहरूमा अन्न उठाउने बेलामा पुनः 'कब्जा' दाबी गरिएका र जग्गाहरू सम्बन्धित धनीलाई फिर्ता नगरेको गुनासो तथा उजुरीहरू आयोगमा दर्ता भएका छन् । त्यसैगरी, सिरहाको कल्याणपुर र कैलालीको टीकापुर वरपरका क्षेत्रमा समेत नेकपा माओवादी तथा यसका भ्रातृसङ्गठनका नेता/कार्यकर्ताहरू खेतमै गई चन्दा भन्दै बलपूर्वक धान सङ्कलन गर्न अभियानकै रूपमा लागिरहेको भन्ने सूचना तथा जानकारीहरू आयोगमा प्राप्त भएका छन् ।

त्यसैगरी सिन्धुली र पूर्वी तथा मध्यतराईका जिल्लामा केही सशस्त्र समूहहरूबाट पनि धानबाली कब्जा भएको दाबी गर्ने, खेतमा झण्डा गाडेर अन्नबाली नियन्त्रणमा लिनेजस्ता गतिविधिहरू भइरहेका गुनासोहरू आयोगले प्राप्त गरेको छ ।

अतः उल्लिखित उजुरी तथा गुनासोहरूप्रति राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ (१) को 'प्रत्येक नागरिकलाई प्रचलित

कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ' उल्लेख छ । त्यसैगरी, बिस्तृत शान्तिसम्झौता, २०६३ को ५.२.१ मा 'इच्छाविपरीत तथा प्रचलित कानुन प्रतिकूल नगद तथा जिन्सी सङ्कलन र कर असुली गर्न पाइनेछैन' र ७.५.५ मा 'कानुनबमोजिमबाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिनेछैन भन्ने कुरामा दुवै पक्ष सहमति व्यक्त गर्दछन्' भन्ने उल्लेख छ ।

अतः बिस्तृत शान्तिसम्झौताको पक्षधर तथा सरकारको नेतृत्व गरेको दलका कार्यकर्ताहरू नै अन्नबाली कब्जा गर्ने वा चन्दाका रूपमा जबर्जस्ती धान सङ्कलन गर्नु बिस्तृत शान्तिसम्झौताको गम्भीर उल्लङ्घन हो भन्दै यस्ता कार्यले व्यक्तिको सम्पत्ति भोगचलन गर्न पाउने अधिकार कुण्ठित भएको राष्ट्रिय मानवअधिकार आयोग सम्बन्धित पक्षलाई स्मरण गराउँछ । यस्ता कार्यको पुनरावृत्ति हुन नदिन सम्बन्धित पक्षहरूलाई र कानुन हातमा लिई नागरिकका अधिकार कुण्ठित गर्न खोज्ने जोसुकैलाई कानुनबमोजिम तत्काल कार्वाही गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## २.१३ कमलरीप्रथा उन्मूलन गर्न सरकारलाई सिफारिस

ललितपुर/२०६५ पुस २३ गते

राष्ट्रिय मानवअधिकार आयोगले नेपालका विभिन्न भागमा, खासगरी मध्य तथा सुदूरपश्चिम क्षेत्रमा, विद्यमान कमलरीप्रथा यथाशीघ्र उन्मूलन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ । विद्यमान कमलरीप्रथाको अन्त्य गर्नुपर्ने निर्णय गर्दै आयोगले उल्लिखित व्यहोराको सिफारिसपत्र आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको छ । कमलरीप्रथा परम्परागत बालदासताको प्रतीक हो भन्दै आयोगको सिफारिसपत्रमा भनिएको छ, 'कमलरी बनेका बालिकाहरू आर्थिक रूपमा शोषित, शिक्षा र स्वास्थ्यको अधिकारबाट बञ्चित र यौन दुर्व्यवहारबाट पीडित भएका छन् । आयोगले केही कमलरी बालिकाहरूले घरेलु हिंसाबाट प्रताडित भई मानसिक रूपमा विक्षिप्त अवस्थामा रहेको पाएको छ । कमलरीप्रथाबाट बालअधिकारको गम्भीर हनन् भएको र डर, त्रासका कारण उनीहरूउपर भएका जघन्य अपराधहरू पनि सार्वजनिक हुन सकेका छैनन् ।'

आयोगको नियमित अनुगमनमा नेपालको दाङ, बाँके, बर्दिया कैलाली र कञ्चनपुर जिल्लामा कमलरीप्रथा प्रचलनमा रहेको देखिएको छ, जसमध्ये दाङ कमलरीप्रथाबाट बढी प्रभावित छ । यो प्रथामा सातदेखि १४ वर्षका थारू वा चौधरी समुदायका बालिकालाई घरेलु काम सघाउन राखिने भनिए पनि यस प्रथाकै आडमा बालिकाहरू नेपालका विभिन्न सहर एवम् भारतमा समेत लगिएका छन् र उनीहरूमाथि घरेलु हिंसा तथा यौन दुर्व्यवहारका घटनाहरू भएका छन् । परम्परागत रूपमा प्रत्येक वर्षको माघ १ गते माघीका दिन कमलरीको लेनदेन हुने गरेको पाइन्छ ।

विद्यमान कमलरीप्रथा विभेदपूर्ण, मानवताविरोधी, मानवअधिकारका प्रचलित सिद्धान्तको प्रतिकूल तथा प्रचलित राष्ट्रिय कानुनहरूसमेतको विपरीत देखिन्छ । नेपाल सरकारले अनुमोदन गरिसकेको बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९, न्यूनतम उमेरसम्बन्धी आईएलओ अभिसन्धि नं. १३८ (१९७३), तथा नेपालको अन्तरिम संविधान, २०६३ ले बालबालिकाको प्रतिष्ठापूर्ण जीवनयापनको अधिकार सुनिश्चित गरेका छन् । वर्तमान संविधानको धारा ३५ मा उल्लेख भएको

राज्यका नीतिहरूमा मुक्त कमैयाको सङ्ख्या यकिन गरी उनीहरूको बसोबासको लागि आधारभूत भूमि र रोजगारीको व्यवस्था गर्ने नीति राज्यले अवलम्बन गर्ने कुरा उल्लेख छ । त्यसैगरी यो प्रथा निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धि, १९९९ (नं.१८२), दासत्व महासन्धि, १९२६ तथा दासत्व, दास-व्यापार र दासत्वसमान संस्था र अभ्यासहरूको उन्मूलनसम्बन्धी इच्छाधीन आलेख, १९५६ ले गरेका व्यवस्थाहरूको समेत प्रतिकूल रहेको देखिएको छ । यसका साथै, कमलरीको विद्यमान प्रचलन बालश्रम (निषेधित तथा नियमित)सम्बन्धी ऐन, २०५६ का प्रावधानहरूको समेतविपरीत छ ।

सिफारिसपत्रमा भनिएको छ, 'केही वर्षअघि नै कमैयाप्रथा उन्मूलन भइसकेको सन्दर्भमा त्यसैको अवशेषका रूपमा रहेको कमलरीप्रथा तत्काल उन्मूलन हुनुपर्ने देखिन्छ । तसर्थ, कमलरीप्रथा यथाशीघ्र उन्मूलनका लागि अविलम्ब आवश्यक व्यवस्था गर्न र पूर्व कमलरी, हाल उद्धार गरिएका कमलरीहरू एवम् हालसम्म कायम रहेका कमलरी, सबैलाई उद्धार, पुनःस्थापना र सामाजिक पुनःएकीकरणको व्यवस्था गर्न तथा यो प्रथाबाट पीडित भएकालाई क्षतिपूर्ति प्रदान गर्न आयोग सिफारिस गर्दछ साथै कमलरीप्रथा निर्मूलनका लागि प्रभावित क्षेत्रहरूमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न र गराउन र त्यस्ता कार्यक्रम प्रभावकारी भए/नभएकोबारे नियमित अनुगमन गर्नसमेत आयोग नेपाल सरकारलाई सिफारिस गर्दछ ।'

(विशाल खनाल, सचिव)

## २.१३ एसएलसी परीक्षालाई शान्तिपूर्ण बनाउन आग्रह

ललितपुर/२०६५ चैत ११ गते

राष्ट्रिय मानवअधिकार आयोगले देशका विभिन्न भागको मानवअधिकारको अवस्थाबारे नियमित अनुगमन गरिरहेको छ । केही दिनयता पूर्वाञ्चल क्षेत्र तथा अन्य कतिपय जिल्लामा विभिन्न समूहले बन्द, हड्ताललगायत विरोधका कार्यक्रमहरू सञ्चालन गरिरहेकाले ती क्षेत्रमा मानवअधिकार अवस्था असहज भएको पाइएको छ । यसै सन्दर्भमा भोलिदेखि सुरु हुन गइरहेको एसएलसी परीक्षामा बन्द हड्तालका वा विरोधका अन्य कार्यक्रमहरूका कारण बालबालिकाको शिक्षाप्राप्तिको अधिकारमा असर पुग्न सक्ने आयोगको नियमित अनुगमनबाट देखिएको छ ।

शिक्षा आर्जन गर्न पाउनु हरेक व्यक्तिको आधारभूत मानवअधिकार हो । बालबालिका शान्ति क्षेत्र हुन् भन्ने अवधारणालाई आत्मसात गर्दै बालबालिकाको शिक्षाप्राप्तिको अधिकारलाई सुनिश्चित गर्न पर्याप्त शान्तिसुरक्षाको व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ साथै बालबालिकाले भय र त्रासमुक्त वातावरणमा एसएलसी परीक्षामा सहभागी हुन पाउने अधिकारको सम्मान गर्नु सबैको कर्तव्य भएकाले सम्पूर्ण राजनीतिक दल, अधिकारकर्मी, नागरिक समाज, सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिलगायत सबैले आ-आफ्नो तर्फबाट जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न आयोग आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## २.१४ सम्पत्ति कब्जा रोक्न तथा सुकुम्बासी समस्यालाई सम्बोधन गर्न आग्रह

ललितपुर/२०६६ पुस ८ गते

हाल देशका विभिन्न भागमा एकीकृत नेकपा माओवादी, मातृका यादव नेतृत्वको नेकपा माओवादी, मधेसी जनअधिकार फोरमलगायतका राजनीतिक दलहरूसँग सम्बद्ध विभिन्न संस्थाहरू, खासगरी अखिल नेपाल सुकुम्बासी सङ्घद्वारा देशका विभिन्न भागमा गैरकानुनी तरिकाले घरजग्गा र अन्नबाली कब्जा गर्नेजस्ता क्रियाकलाप भइरहेको प्रति राष्ट्रिय मानवअधिकार आयोग गम्भीर चासो व्यक्त गर्दछ ।

गैरकानुनी ढङ्गबाट निजी तथा सार्वजनिक सम्पत्ति कब्जा गर्ने र सुकुम्बासी बस्ती बसाल्ने कुराले विधिको शासनलाई मात्रै चुनौती दिने नभई समाजमा द्वन्द्वको स्थिति सिर्जना गरेको छ । यस्तो कार्य बिस्तृत शान्तिसम्झौता, २०६३ को दफा ७.५.५ मा उल्लेखित 'कानुनबमोजिमबाहेक कसैको पनि व्यक्तिगत सम्पत्ति जफत वा कब्जा गरिनेछैन' भन्ने भावनाको प्रतिकुल देखिन्छ । कुनै संस्था, राजनीतिक दल वा व्यक्ति विशेषबाट भए गरेका निजी तथा सार्वजनिक सम्पत्ति कब्जा गर्ने, बाँड्ने, बस्ती बसाल्ने कुरा कानुनसम्मत् नभएको हुँदा त्यस्ता क्रियाकलापलाई रोक्न आयोग सम्बन्धित सबैलाई अनुरोध गर्दछ ।

युगौँदेखि शोषण र दोहनमा पर्दै आएका तर राज्यको नीति, कार्यक्रम र सम्झौताअनुसार हालसम्म पनि कुनै व्यवस्था हुन नसकेका हलिया, कमैया, भूमिहीन किसान, सुकुम्बासी तथा प्राकृतिक प्रकोप पीडित जनताको जीविकासहित आधारभूत अधिकारको प्रत्याभूति गर्नु राज्यको दायित्व हो । तसर्थ, वास्तविक सुकुम्बासी, भूमिहीन, हलिया, कमैया आदि शोषित-पीडित जनताको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, राज्यद्वारा हदबन्दी नाघेका जग्गाहरूलाई कानुनबमोजिम हुने व्यवस्था गरी गैरकानुनी हस्तक्षेपलाई रोक्न, जनमुखी तथा वैज्ञानिक भूमिसुधार लागू गर्न नेपालपक्ष भएका अन्तर्राष्ट्रिय कानुन, नेपालको अन्तरिम संविधान, २०६३, राष्ट्रिय मानवअधिकार आयोगले विभिन्न मितिमा गरेका सिफारिसहरूअनुसार कार्वाही अघि बढाउन राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकारलाई अनुरोध गर्दछ ।
(वेदप्रसाद भट्टराई, नि. सचिव)

## २.१५ रेल्वे सेबा बन्दप्रति आयोगको ध्यानाकर्षण

जनकपुर/२०६६ माघ १८ गते

अखिल नेपाल रेल्वे मजदूर सङ्घले रेल्वे सुधार गर्नुपर्ने, अस्थायी कर्मचारीलाई स्थायी गर्नुपर्नेलगायत विभिन्न माग राखी विगत ६ दिनदेखि रेलसेवा अबरुद्ध पारेको र हालसम्म सोसम्बन्धमा कुनै पनि पहल नभएको भन्ने बिषयप्रति राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालयको गम्भीर ध्यानाकृष्ट भएको छ ।

नेपालको एक मात्र रेल्वे सेवा बन्दले गर्दा धनुषा जिल्लाको पूर्वी भेगबाट दैनिक जनकपुर आउने जाने हजारौं सर्वसाधारण मर्कामा परेको र सो बन्दले व्यापार व्यवसायसमेतमा असर पारेकोले बन्द

कार्यक्रम फिर्ता लिई आफ्नो जायज मागलाई वार्ताको माध्यमबाट समाधान गर्न आयोग सम्बन्धित पक्षसँग आग्रह गर्दछ साथै मजदूरहरूको मागप्रति आवश्यक पहल गरी अविलम्ब रेलसेवा सुचारु गर्ने वातावरणको सृजना गर्न स्थानीय प्रशासन तथा सम्बन्धित सबै पक्षको सक्रिय पहलको अपेक्षा राख्दछ ।

(प्रदीपकुमार झा, कार्यालय प्रमुख)

## २.१६ आयोगले एसएलसी परीक्षाको आकस्मिक अनुगमन गर्ने

ललितपुर/२०६६ चैत १० गते

राष्ट्रिय मानवअधिकार आयोगले बालबालिकाको शिक्षासम्बन्धी हक तथा उनीहरूले भयरहित वातावरणमा आगामी चैत १२ देखि सञ्चालन हुने एसएलसी परीक्षामा सहभागी हुन पाए नपाएको सम्बन्धमा आफ्ना सबै क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयमार्फत आकस्मिक अनुगमन गर्नेछ । यससम्बन्धमा आयोगले आफ्ना सबै क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूलाई अनुगमनको लागि निर्देशनसमेत पठाइसकेको छ ।

आयोगले गत वर्ष मध्यपश्चिम क्षेत्रका बाँके, बर्दिया, सुर्खेत र जुम्ला जिल्लामा गरेको आकस्मिक अनुगमनबाट बालबालिकाहरूले भयरहित तथा शान्त वातावरणमा परीक्षा दिन नपाएको पाइएको थियो भने मुगु, डोल्पा, कालिकोट आदि दुर्गम तथा हिमाली जिल्लाका अधिकांश विद्यालयहरूमा एसएलसी परीक्षा सुरु हुनुभन्दा अघिल्लो दिनसम्म पनि पाठ्यपुस्तकहरू पुग्न नसकेको पाइएको थियो । एसएलसी परीक्षा सञ्चालन भइरहँदा हातहतियारसहित सुरक्षाकर्मीहरू विद्यालय हाताभित्र प्रवेश गर्नाले परीक्षार्थीहरूमा मानसिक त्रास बढेको, परीक्षा अनुगमन तथा सुपरीवेक्षणमा खटिएका टोलीहरू एकै साथ ठूलो संख्यामा परीक्षा कोठाभित्र प्रवेश गर्ने गरेको, परीक्षा कोठामा नै सुपरीवेक्षकहरूले मोवाइल फोनमा वार्ता गर्ने गरेको, धुम्रपान गर्ने गरेको, अभिभावकहरू नै हुल बाँधी चिट चोराउन उद्यत रहेको, परीक्षाको लागि खटिएका सुपरीवेक्षकहरूले नै परीक्षार्थीहरूलाई चिट दिने गरेको, परीक्षार्थीहरू गोलबद्ध भई चिट सारिरहेको, होहल्ला व्याप्त रहेको पाइएको थियो । यससम्बन्धमा आयोगको क्षेत्रीय कार्यालयमार्फत तत्काल सम्बन्धित निकायहरूको ध्यानाकर्षणसमेत गराइएको थियो साथै अनुगमनबाट प्राप्त तथ्यहरूको सम्बन्धमा शिक्षा मन्त्रालय, ५ वटै क्षेत्रीय शिक्षा निर्देशनालयहरू तथा परीक्षा नियन्त्रण कार्यालयसमेतलाई पत्राचार गरेको छ ।

अतः परीक्षामा सहभागी परीक्षार्थीहरू, सुपरीवेक्षकहरू, अनुगमनकर्ताहरू, सुरक्षाकर्मीहरू तथा अभिभावकहरूको यसप्रकारको अमर्यादित व्यवहार र आचरणबाट स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा परीक्षा सञ्चालन गर्न र बालबालिकाको शिक्षासम्बन्धी हकलाई व्यवस्थित र सुनिश्चित गर्न कठिनाइ हुने हुँदा आयोग सम्बद्ध सबै पक्षहरूलाई जिम्मेवार हुन र त्यस्तो परिस्थिति पुनरावृत्ति हुन नदिनेतर्फ अग्रसर रहन विशेष आग्रह गर्दछ ।

(विशाल खनाल, सचिव)

## २.१७ नागरिकको स्वास्थ्य अधिकारको सम्मान गर्न आग्रह

ललितपुर/२०६६ चैत १२ गते

काठमाडौँको महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा चिकित्सकलगायतका पक्षहरूले विभिन्न माग राखी आकस्मिक सेवासमेत ठप्प पारी सर्वसाधारणको स्वास्थ्यप्राप्तिको अधिकारमा प्रत्यक्ष प्रभावित भएको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

अनुगमनका क्रममा आयोगले शिक्षण अस्पतालको बहिरङ्ग सेवा बन्द गरिएको साथै अस्पतालको आकस्मिक सेवासमेत बिगत ४ दिनदेखि बन्द भई सुचारु हुन नसकेको पाइयो । सेवाग्राही तथा स्थानीय सर्बसाधारणले दवाब दिएपछि आजबाट आकस्मिक सेवा खुला गरिए तापनि कार्यसञ्चालन नियमति हुन सकेको पाइएन । अस्पतालमा भर्ना भएका बिरामीसमेत राजधानीका अन्य सरकारी तथा निजी स्वास्थ्य केन्द्रहरूमा जान बाध्य भएका छन् ।

निर्वाध स्वास्थ्यप्राप्तिको अधिकार सामाजिक अधिकार मात्र नभई जीवनको अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विषय हो । यससम्बन्धमा मानवअधिकारको विश्वव्यापी घोषणापत्र (धारा ३ र २५) ले जीवनको अधिकार र स्वास्थ्यको अधिकारका बारेमा स्पष्ट उल्लेख गरेको छ । त्यस्तै, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ (धारा १२.१)ले शारीरिक तथा मानसिक स्वास्थ्यको उच्चस्तरको मापदण्डअनुरूप हरेकलाई सेवाको सुनिश्चितता प्रदान गर्नु राज्यको दायित्व हो भनेको छ । त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ को धारा १६, अत्यावश्यक सेवा ऐन, २०१४ (दफा ३, ६, ७ र ८), उपभोक्ता संरक्षण ऐन, २०५४, नेपाल राजपत्रमा मिति २०६६ माघ १४ मा प्रकाशित अस्पतालमा हड्ताल गर्न निषेधसम्बन्धी जानकारीलगायतले नागरिक तथा सर्वसाधारणको स्वास्थ्य अधिकार सुनिश्चित गर्न पर्याप्त व्यवस्था गरेका छन् ।

अतः सम्बन्धित सरोकारवालाहरूसँग संवाद र समझदारीका प्रक्रियाहरूलाई कायम राख्दै त्रिविवि शिक्षण अस्पतालमा अविलम्ब स्वास्थ्य उपचार सेवा सुचारु गर्न आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ साथै भविष्यमा पनि स्वास्थ्यलगायतका अत्यावश्यक सेवाहरूमा कुनै किसिमको अवरोध हुने अवस्था आइपर्न नदिन आवश्यक व्यवस्था गर्नसमेत राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकारलगायत सम्बन्धित सबैलाई आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

# परिच्छेद ३

## ३. बेपत्ता तथा अपहरणसम्बन्धी

### ३.१ बेपत्ताको स्थितिबारे आफन्तहरूले यथार्थ जानकारी पाउनु संवैधानिक अधिकार

ललितपुर/२०६१ साउन १ गते

विगत एक दशकदेखि सुरु भएको आन्तरिक द्वन्द्वका कारण द्वन्द्वरत पक्षबाट अधिकार तथा मानवीय कानुनको व्यापक उल्लङ्घन भएको सन्दर्भमा सुरक्षाकर्मीबाट पक्राउ गरी बेपत्ता पारिएका व्यक्तिका परिवारका सदस्यहरूको एक समूहले आज मिति २०६१ साउन १ गते बेपत्ता पारिएका आफ्ना आफन्तलगायत १०३ जना मानिसहरूको बारेमा स्थिति सार्वजनिक तथा रिहाइको लागि पहल गर्न आयोगमा अनुरोधपत्र बुझाएका छन् । आयोगमा हालसम्म १,३८१ जना व्यक्तिहरू बेपत्ता तथा अपहरण भएको भनी उजुरी परेबाट देशको मानवअधिकार स्थिति गम्भीर भएको छ । तसर्थ गिरफ्तार तथा पक्राउ गरिएका नागरिकहरूको स्थितिबारे परिवार तथा नातेदारहरूले यथार्थ जानकारी पाउनु संवैधानिक अधिकारसमेत भएको हुँदा यो विषयलाई आयोगले गम्भीर रूपममा लिई श्री ५ को सरकारको सम्बन्धित निकायसँग आवश्यक पहल गर्ने भएको छ ।
(राधाकृष्ण उप्रती, उपसचिव)

### ३.२ बेपत्ता पारिएका व्यक्तिहरूको छानविन समितिको प्रतिवेदनमाथि छलफल

ललितपुर/२०६१ भदौ १ गते

राष्ट्रिय मानवअधिकार आयोगको आज बसेको नियमित बैठकमा हालै श्री ५ को सरकारद्वारा गठित "राज्यद्वारा बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको छानविनको लागि गठित समीति"को प्रतिवेदनमाथि छलफल भयो ।

आयोगले उक्त प्रतिवेदनको सम्बन्धमा आफ्नो निष्कर्षमा भनेको छ– "श्री ५ को सरकारले सहसचिव नारायणगोपाल मलेगोको संयोजकत्वमा गठन गरेको समितिले यससम्बन्धी कार्य प्रभावकारीरूपमा सम्पन्न गरी यो समस्याको समाधान हुने अपेक्षा गरिएकोमा उक्त समितिले पेश गरेको प्रतिवेदन हेर्दा उक्त प्रतिवेदनले जम्मा ३६ जनाको विषयमा मात्र उल्लेख गरेको छ । उक्त ३६ जनालाई के कसरी आधार मानिएको हो भन्ने कुरा प्रतिवेदनमा कुनै उल्लेख गरिएको छैन । आयोगमा परेका झण्डै एघार सय यस्ता उजुरीहरूका सम्बन्धमा कुनै जानकारी माग नगरी, बेपत्ता भएका भनिएका त्यस्ता धेरै व्यक्तिहरूको बारेमा केन्द्रित नभई सीमित व्यक्तिहरूका सम्बन्धमा हल्का रूपमा प्रतिवेदन दिएको पाइयो ।"

आयोगले यससम्बन्धमा आजै श्री ५ को सरकारलाई पत्र लेख्दै "यस्तो संवेदनशील विषयमा केवल समिति गठन गरी प्रतिवेदन लिने सम्ममा मात्र सीमित नभै बेपत्ता भएका मानिहरूको बारेमा यथार्थ पत्ता लगाई उनीहरूको स्थिति तुरुन्त सार्वजनिक गर्नको लागि अविलम्ब प्रभावकारी कदम चाल्न" अनुरोध गरेको छ ।

श्री ५ को सरकारलाई लेखेको पत्रमा "देशमा चलिरहेको सशस्त्र द्वन्द्वका कारण राज्यका नागरिकहरू बेपत्ता हुने क्रम तीब्र हुँदै गएको र आयोगमा मानवअधिकारको उल्लङ्घनका विषयमा परेका अधिकांश उजुरीहरू नै बेपत्तासँग सम्बन्धित भएको हुँदा राष्ट्रिय मावनअधिकार आयोगले यो विषयलाई गम्भीर रूपमा लिई विगत केही वर्षदेखि बेपत्ता भएका मानिसहरूको स्थिति पत्ता लगाउन पटकपटक श्री ५ को सरकारलाई अनुरोध गर्दै आएको" कुरा स्मरण गराइएको छ ।

यसै सन्दर्भमा बेपत्ता पार्ने स्थिति समाधानको लागि आयोगले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा आयोगले मानवअधिकार संस्थाहरू, राजनीतिक दल, संयुक्त सङ्गठनीय मानवअधिकारसम्बन्धी निकाय तथा सरोकारवाला नागरिक समाजसँगको अन्तर्क्रियालाई अगाडि बढाउने भएको छ ।
(राधाकृष्ण उप्रेती, उपसचिव)

## ३.३ नेकपा माओवादीद्वारा भएको सर्वसाधारणको अपहरण, जग्गाकब्जा तथा जबर्जस्ती विस्थापनको सम्बन्धमा ध्यानाकर्षण

ललितपुर/२०६२ असार ३१ गते

नेकपा माओवादीले लम्जुङ जिल्ला, वाङ्गे घर भई हाल पशुपतिप्रसाद गणमा कार्यरत सिपाही मानबहादुर रानाभाटलाई सर्लाहीको हरिऔनबाट यही असार १९ गते र ओखलढुङ्गा जिल्ला सेर्ना गाविस वडा नं. ९ बस्ने १३ वर्षीय सुश्री रमा पुलामीलाई यही असार १५ गते विद्यालय गएको अवस्थामा सोही स्थानबाट अपहरण गरेको भनी राष्ट्रिय मानवअधिकार आयोगमा उजुरीहरू प्राप्त भएका छन् ।

रामेछापका दीपबहादुर कार्कीको घरमा माओवादीले २०६१ फागुन १९ गते प्रेसर कुकर बम राखी घर ध्वस्त पार्ने कार्य गरेपश्चात उनी बिस्थापित भई बस्नुपरेको र खोटाङ जिल्ला डाँडागाउँ गाविस ७ चइचुम्मा पीपलडाँडा निवासी ७७ वर्षीय दीपबहादुर राईको घरमा माओवादीले विभिन्न मितिमा नगद, गरगहना र चाँदीका सिक्कालगायतका धनमाल गरी अन्दाजी १० लाख बराबरको सम्पत्ति लुटी लगेको उजुरीहरू पनि आयोगमा प्राप्त भएका छन् ।

नेकपा माओवादीका यी कार्यहरू मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनविपरीत भएकाले आफ्नो नियन्त्रणमा लिएका व्यक्तिहरूको जीवन रक्षा तथा विना सर्त सकुशल मुक्तिका लागि आयोग नेकपा माओवादीलाई आह्वान गर्दछ । साथै जबर्जस्ती बिस्थापित गराइएका व्यक्तिहरूको आफ्नो निवास फर्किने, स्वतन्त्रतापूर्वक आफ्नो सम्पत्तिको उपभोग गर्न पाउने र जीवनयापन गर्न पाउने अधिकारको सम्मान गर्न पनि आयोग नेकपा माओवादीलाई आह्वान गर्दछ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## ३.४ माओवादीद्वारा अपहरण गरी बेपत्ता बनाएको सम्बन्धमा

ललितपुर/२०६२ कार्तिक १४ गते

नेकपा माओवादीको समूहले पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दका छोरा बासुलिङ्ग सुगर मिल्सका कार्यकारी निर्देशक अरूण चन्दलाई यही कात्तिक १० गते विहीबार साँझ सो मिल्स रहेको स्थान कैलालीको चुहा गाविस- ३ बाट अपहरण गरी बेपत्ता बनाएको भनी राष्ट्रिय मानवअधिकार आयोगमा आज उजुरी प्राप्त भएको छ ।

नेकपा माओवादीद्वारा घोषित युद्धविरामको अवधिभित्रसमेत यस्ता घटना हुनुलाई आयोगले गम्भीर रूपमा लिएको छ । आयोग नेकपा माओवादीलाई कब्जामा लिइएका बासुलिङ्ग सुगर मिल्सका कार्यकारी निर्देशक चन्दलाई सकुशल बिना सर्त यथाशीघ्र मुक्त गरी मानवीय कानुनको पालना र नागरिकको स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने हकको सम्मान गर्न आह्वान गर्दछ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

### ३.५ आयोगद्वारा माओवादीलाई ध्यानाकर्षण

ललितपुर/२०६२ पुस २२ गते

मानवअधिकारका प्रचलित सिद्धान्त र अन्तर्राष्ट्रिय मानवीय कानुनविपरीत नेकपा माओवादीले मुलुकका विभिन्न भागमा व्यक्तिहरूको घरसम्पत्ति कब्जा, तालाबन्दी, बिस्थापित एवम् अपहरण गर्नेजस्ता अमानवीय क्रियाकलापहरू गरेको भनी राष्ट्रिय मानवअधिकार आयोगमा विभिन्न उजुरीहरू प्राप्त भएका छन् ।

प्राप्त उजुरीअनुसार धादिङ जिल्ला खरी- २ धुसेनी घर भई शाही नेपाली सेना पशुपतिप्रसाद गणमा कार्यरत अमल्दार रमेश भण्डारीको घरमा २०६० साल भदौ १७ गते रातको समयमा सुतिरहेका परिवार र बालबच्चा सबैलाई घरबाट बाहिर निकाली खाद्यान्नलगायत सम्पूर्ण सरसामान कब्जा गरी घरमा तालाबन्दी गरेको र निजले जागीर नछाडेमा तालाबन्दी नखोल्ने भनी धम्की दिई हालसम्म पनि तालाबन्दी गरेकोले बिस्थापित हुन बाध्य भएको सम्बन्धमा आयोगको ध्यानाकर्षण भएको छ ।

त्यसैगरी सिन्धुपाल्चोक जिल्ला बरुवा- १ स्थित बगाम गुम्बाको गोदामघरमा माओवादीका कार्यकर्ताहरूले २०६२ साल मङ्सिर १८ गते तालाबन्दी गरेको र पटकपटक गरी ८० मुरी धान कब्जामा लिएकोले गुम्बामा अध्ययनरत बौद्ध भिक्षु लामाहरूको शैक्षिक अधिकार हनन् भएको भनी उजुरी पर्न आएको छ ।

आयोगमा माओवादी समूहले रौतहट जिल्ला माधवपुर- ७ का रामपुकार राय यादवलाई २०६० साल चैत २३ गते अपहरण गरी बेपत्ता पारेको, रामेछाप जिल्ला हिमगंगा- ४ का तारा श्रेष्ठ, हिमगंगा- ५ का उर्मिला घिमिरे र सविना क्षेत्रीलाई यही पुस १ गते निजकै घरबाट अपहरण गरी लगेको तथा धादिङ जिल्ला नालाङ ९ बस्ने रमेशकुमार शाहीलाई यही पुस ५ गते निजकै घरबाट अपहरण गरेको भनी उजुरीहरू प्राप्त भएको छ ।

आयोग नेकपा माओवादीलाई पटकपटक सार्वजनिक रूपमा मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनप्रति जारी गरेको प्रतिबद्धतासमेतलाई ध्यानमा राखी मानवअधिकार तथा मानवीय कानुनको पूर्ण पालना गर्नका निम्ति अपहरित व्यक्तिको बिना सर्त तत्काल रिहाइ एवम् विभिन्न आरोपमा

तालाबन्दी गरिएकोमा तालाबन्दी हटाउन, बिस्थापितहरूलाई स-सम्मान घर फर्किने वातावरण सृजना गर्न तथा स्वतन्त्रतापूर्वक आफ्नो सम्पत्तिको उपभोग गर्न पाउने र जीवनयापन गर्न पाउने अधिकारको सम्मान गर्न आह्वान गर्दछ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ३.६ बेपत्ता पारिएका परिवारका आफन्तहरूले आयोगमा तालाबन्दी

ललितपुर/२०६२ पुस १४ गते

राष्ट्रिय मानवअधिकार आयोगमा आज राज्यद्वारा बेपत्ता पारिएका परिवारका आफन्तहरूले आयोगका सदस्यहरूसँग आफ्नो पीडा व्यक्त गर्दै ती व्यक्तिहरूको स्थिति पत्ता लगाइदिन आग्रह गरे ।

यसअघि बिहानदेखि केही परिवारका सदस्यहरूले आयोगको मुख्य ढोकामा तालाबन्दी गरी धर्ना दिएका थिए । आयोगका अधिकृतहरूले उहाँहरूसँग छलफल गर्दा उहाँहरूले समस्याको गम्भीरताप्रति आयोग सचेत होस् र तदारूकतासाथ कदम चालोस् भन्ने कुरामा दवाब दिन सदस्यहरूसँग कुरा गर्नुपरेको हो भन्ने बताए ।

आयोगको तर्फबाट श्री ५ को सरकारका सम्बद्ध निकायहरूसँग शीघ्र सर्म्पक राखी बेपत्ता पारिएका व्यक्तिहरूको सूची पठाउने, आयोगले तयार पारेको बेपत्ता भएका व्यक्तिको नामावली सार्वजनिक गर्ने र पीडित व्यक्तिलाई उपलब्ध गराउने, छुट भएका व्यक्तिहरूको नाम समावेश गर्ने तथा पीडितहरूको मागबमोजिम आयोगले काठमाडौंस्थित सङ्गठनीय निकाय तथा पीडित व्यक्तिहरूका प्रतिनिधिसँग समन्वय गरी छानविनको प्रक्रिया अगाडि बढाउने सहमति भयो ।

पीडितका आफन्त तथा परिवारसँग सौहार्दपूर्ण वातावरणमा छलफल सम्पन्न भएको थियो ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ३.७ आयोगद्वारा बेपत्ता पारिएका भनिएका परिवारका सदस्यहरूसँग छलफल

ललितपुर/२०६२ पुस १८ गते

राष्ट्रिय मानवअधिकार आयोगले बेपत्ता पारिएका भनिएका परिवारका सदस्यहरूसँग आज आयोगमा भेट तथा छलफल सम्पन्न गर्‍यो । सो भेटमा राज्यद्वारा बेपत्ता पारिएका भनी आयोगमा परेका उजुरीहरूका सम्बन्धमा आयोगले गरिरहेको कामका बारेमा आयोगका सदस्य तथा अधिकृतहरूले जानकारी गराउनुभएको थियो । यसक्रममा आयोगले गृहमन्त्रीलाई गत शुक्रबार भेट गरिसेकको र श्री ५ को सरकारका सम्बद्ध अन्य निकायका अधिकारीलाई चाडैं भेट गर्ने जानकारी दिइयो । बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा आयोगले आफ्नो प्रक्रियाबमोजिम निरन्तर काम गरिरहेको बारेमा पनि भेटमा जानकारी गराइएको थियो ।

सो भेटमा आयोगका सदस्यहरू सुशीलासिंह सिलु र सुदीप पाठक, सम्बद्ध अधिकृत कर्मचारीहरू र राज्यद्वारा बेपत्ता पारिएका भनिएका परिवारका सदस्यहरू सहभागी हुनुहुन्थ्यो ।

(ध्रुव नेपाल, निमित्त सचिव)

### ३.८ बेपत्ता पारिएकाहरूको स्थिति पत्ता लगाउन आयोगको विशेष कार्यक्रम

ललितपुर/२०६२ चैत ४ गते

बेपत्ता पारिएकाहरूको स्थिति पत्ता लगाउन राष्ट्रिय मानवअधिकार आयोगले विशेष कार्यक्रमका साथ सक्रिय रूपमा काम गरिरहेको छ ।

यसै सिलसिलामा आयोगका सदस्य सुदीप पाठकसहित अधिकृतहरू सम्मिलित टोली यही चैत ५ गते पोखरा प्रस्थान गर्नेछ । सो टोलीले बेपत्ता पारिएको भनी आयोगको क्षेत्रीय कार्यालय पोखरामा परेका उजुरीहरू र त्यससम्बन्धमा भइरहेका कामकार्वाहीको बारेमा जानकारी लिनेछ । सो टोलीले त्यस क्षेत्रमा बेपत्ता पारिएका व्यक्तिहरूको स्थिति पत्ता लगाउन सम्बन्धित सरकारी निकाय र सम्पूर्ण सरोकारवालाहरूसँगसमेत छलफल गर्नेछ । बेपत्ता पारिएका व्यक्तिहरूकै खोजिका क्रममा आयोगका सदस्यसहितको टोली पूर्वाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल विकास क्षेत्रहरूमा समेत जाने कार्यक्रम रहेको छ ।

बेपत्ता पारिएका व्यक्तिहरूको खोजिका क्रममा आयोगले केन्द्रीय कार्यालयमा बेपत्ता इकाईमा अधिकृतहरू थप गरी सात जनालाई विशेष रूपमा कार्य गर्न खटाएको र विराटनगर, पोखरा, नेपालगञ्ज तथा धनगढीस्थित क्षेत्रीय कार्यालयहरूमा छुट्टै इकाई स्थापना गरी काम सुरु गरिसकेको छ ।

आयोगले यसै सिलसिलामा श्री ५ को सरकार तथा सुरक्षा निकायका उच्चपदस्थ अधिकारीहरूसँग छलफल र जानकारी माग गरेको छ । यसैगरी नेपालस्थित सङ्गठनीय मानवअधिकार उच्चायोगको कार्यालय, पीडितका परिवारहरू, मानवअधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूलगायत सम्पूर्ण सरोकारवालहहरूसँग पनि छलफल र भेटघाट गरिरहेको छ । साथै शाही नेपाली सेना र प्रहरी हिरासत, थुनुवा केन्द्र तथा कारागारको नियमित अनुगमन तथा निरीक्षण र विभिन्न जिल्लाहरूमा स्थलगत अनुसन्धान/अनुगमन जारी राखेको छ ।

(ध्रुव नेपाल, निमित्त सचिव)

### ३.९ स्थिति सार्वजनिक गर्न आयोगको आग्रह

ललितपुर/२०६३ जेठ २ गते

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठकसहितको एक टोलीले आज गृहमन्त्री कृष्णप्रसाद सिटौलासँग उहाँको कार्यालयमा भेट गरी सुरक्षा निकायद्वारा गिरफ्तार गरी विभिन्न

मितिमा विभिन्न स्थानहरूबाट बेपत्ता पारिएको भनिएका व्यक्तिहरूको बारेमा छलफल सम्पन्न गर्‍यो । राज्यद्वारा बेपत्ता पारिएको भनी आयोगमा परेका उजुरीहरूमध्ये हालसम्म अवस्था पत्ता लाग्न नसकेका ५७० जना व्यक्तिहरूको स्थिति यथासक्य चाँडो सार्वजनिक गर्नेसम्बन्धमा आयोगको उक्त टोलीले छलफल सम्पन्न गरेको हो ।

सोहीसम्बन्धमा आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई हालसम्म पनि स्थिति सार्वजनिक गर्न बाँकी रहेका व्यक्तिहरूको विवरणसहितको एक पत्र पठाई उनीहरूको स्थिति अविलम्ब सार्वजनिक गर्न आह्वान गरेको छ ।

साथै आयोगको टोलीले सरकारद्वारा पक्राउ गरिएका ५ जना पूर्व मन्त्रीहरू रमेशनाथ पाण्डे, कमल थापा, टंक ढकाल, श्रीशशम्शेर राणा र निक्षशम्शेर राणालाई राखेको विभिन्न थुनुवा केन्द्रमा गई भेट गर्‍यो । उक्त टोलीले उनीहरूको मानवअधिकारको अवस्थाको बारेमा जानकारी लिएको र सोही सिलसिलामा श्री ५ को सरकारलाई थुनामा रहेका बन्दीहरूमध्ये रमेशनाथ पाण्डेको स्वास्थ्य अवस्था कमजोर रहेकाले आवश्यक व्यवस्था गर्न र कानुनबमोजिम प्रकाशित पुस्तक तथा पत्रपत्रिका एवम् रेडियो टेलिभिजनको व्यवस्था गर्न सिफारिस गरेको छ ।
(राधाकृष्ण उप्रेती, निमित्त सचिव)

## ३.१० आयोगद्वारा शवोत्खनन् गरी अनुसन्धान सुरु

ललितपुर/२०६३ असार २१ गते

काभ्रेपलाञ्चोक जिल्ला फूलबारी गाविस ८ बस्ने हरिप्रसाद बोलखेलाई २०६० पुस १२ गते सुरक्षाकर्मीबाट बेपत्ता पारी मारिएको भनी आयोगमा पर्न आएको उजुरीउपर अनुसन्धानका सिलसिलामा आज आयोगको विशेषज्ञसहितको टोली काभ्रेपलाञ्चोक जिल्लाको चलान गाविस- १ सल्लाफेद गई आज बिहान ९ बजेदेखि १ बजेसम्म आंशिक शवको उत्खनन् सम्पन्न गरेको छ । शवको परीक्षण आयोगको विशेषज्ञ टोलीले आजैबाट सुरु गर्नेछ ।

सो टोलीमा आयोगका सदस्य सुदीप पाठक, विशेषज्ञहरू डा. हरिहर वस्ती र डा. प्रमोद श्रेष्ठलगायत आयोगका अधिकृत कर्मचारीहरू संलग्न हुनुहुन्छ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ३.११ व्यक्ति बेपता पार्ने (कसूर र सजाय) ऐन, २०६५ को विधेयकका सम्बन्धमा, राष्ट्रिय मानवअधिकार आयोगद्वारा नेपाल सरकारलाई सुझाव

ललितपुर/२०६५ पुस १४ गते

राष्ट्रिय मानवअधिकार आयोगले ***व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) ऐन, २०६५*** को विधेयकमा केही प्रावधानहरू संशोधनका लागि आवश्यक सुझाव नेपाल सरकारलाई पठाएको छ । आयोगले विधेयकका सम्बन्धमा विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरू तथा नेपालको अन्तरिम संविधान, २०६३ र सर्वोच्च अदालतको मिति २०६४/२/१८ को आदेशसमेतको अध्ययन गरेको थियो । त्यसैगरी

आयोगले यस विधेयकका सम्बन्धमा बेपत्ताको क्षेत्रमा कार्यरत सङ्घसंस्था र पीडित पक्ष एवम् सरोकारवालाहरूसँग छलफल गरेको थियो । आयोगले गरेको बृहत् छलफल र अध्ययनपश्चात् यो विधेयकलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुने गरी परिमार्जन गर्नको लागि आयोगले निम्नानुसार सुझावहरू नेपाल सरकारलाई पठाएको हो ।

आयोगका सुझावहरू निम्नअनुसार छन्-

सर्वोच्च अदालतको २०६४ साल जेठ १८ गतेको बलपूर्वक बेपत्तासम्बन्धी फैसला तथा यससम्बन्धी अन्य अन्तर्राष्ट्रिय मापदण्डसमेतका व्यवस्थाहरूलाई प्रस्तावित ऐनमा सम्बोधन गरिनुपर्ने ।

सशस्त्र द्वन्द्वको समयमा वा अस्थिर राजनीतक वातावरणमा बेपत्ता र अपहरणसम्बन्धी घटना भइरहने भएको हुँदा विगतमाझैं वर्तमान अवस्थामा र भविष्यमा पनि पुनः यस प्रकारका कार्य हुन सक्ने सम्भावनालाई ध्यानमा राखी दुवै प्रकारका घटनालाई विधयेकमा समेट्ने व्यवस्था हुनु उपयुक्त हुने ।

कुनै पनि युद्ध, सशस्त्र सङ्घर्ष वा राष्ट्रिय सुरक्षा वा सङ्कटकालको घोषणा वा अन्य कुनै निहुँमा कानुनतः व्यक्तिलाई बलपूर्वक बेपत्ता पार्ने कार्य नगरिने कुरा स्पष्ट रूपमा उल्लेख गरिनुपर्ने ।

व्यापक र प्रणालीगत बेपत्तालाई मानवअधिकारको गम्भीर उल्लङ्घन एवम् मानवताविरोधी अपराध मानिने कुरा विधेयकमा उल्लेख गरिनुपर्ने ।

अनुसन्धानको क्रममा आयोगले आवश्यकताअनुसार सार्वजनिक सुनुवाइ गर्न सक्ने प्रावधान राखिनु उपयुक्त हुने ।

बेपत्तासम्बन्धी घटनालाई निरुत्साहित गर्नका लागि कुनै व्यक्तिलाई पक्राउ गर्दा पक्राउ गर्ने निकाय वा व्यक्तिले पक्राउ गरेको मिति, समय, स्थान, पक्राउ गर्ने अधिकारी, निकाय, पक्राउ गर्नुपर्नाको कारण, पक्राउ गरिएको व्यक्तिको स्वास्थ्य स्थिति, निजलाई मुक्त गरेको वा अन्य कुनै निकाय वा अधिकारीसमक्ष पेश गरेको भए सोसमेतको सम्पूर्ण विवरण राखेको हुनुपर्ने कुरा उल्लेख गरिनुपर्ने ।

बलपूर्वक बेपत्ताका घटनाहरू मानवताविरुद्ध लक्षित हुने भएकाले यस्ता कार्यलाई रोकथाम गर्न देहायबमोजिमका प्रतिरोधात्मक कार्य गर्ने व्यवस्था हुनु उपयुक्त हुने :

(क) सार्वजनिक जानकारी र सचेतनाको निम्ति ऐनको प्रचार-प्रसार गर्ने ।
(ख) व्यक्तिहरूको सुरक्षाको निम्ति 'हटलाइन' टेलिफोनहरू सञ्चालन गर्ने वा भइरहेका हटलाइन सेवाहरूलाई सुदृढ गर्ने र भरपर्दो सूचनाको आधारमा प्रतिरोधात्मक कार्य गर्ने ।
(ग) कुनै पनि व्यक्तिलाई गैरकानुनी थुना वा कब्जामा राख्न निषेध गर्ने ।
(घ) कुनै पनि निहुँमा व्यक्तिको कुनै पनि अपहरण कार्य निषेध गर्ने ।
(ङ) थुनामा रहेका हरेक व्यक्तिलाई थुनुवा पूर्जीसहित दर्ता नं. भएको परिचयपत्र प्रदान गर्ने ।
(च) थुनामा रहेको व्यक्तिलाई स्थानान्तरण गर्दा मुद्दा हेर्ने अधिकारीको रोहवरमा गर्नुपर्ने र सोको जानकारी निजको परिवार, आफन्त वा नजिकको हकवाला वा संरक्षकलाई दिनुपर्ने ।

(छ) कुनै पनि व्यक्ति बेपत्ता भएको अवस्थामा पीडितको परिवारलाई आवश्यक सुरक्षा, सल्लाह र मनोसामाजिक विमर्श सेवा प्रदान गर्नुपर्ने ।
(ज) बेपत्ता भएको व्यक्तिको विषयमा तत्काल आवश्यक अनुसन्धान गरी स्थिति पत्ता लगाउने र त्यस्तो व्यक्तिलाई कानुनी संरक्षणमा ल्याइने कुराको सुनिश्चितता गरिनुपर्ने ।
(झ) सबै प्रकारका गोप्य थुना र एकान्त कारावासका स्वरूपहरूलाई निषेध गर्नुपर्ने ।
(ञ) बेपत्ता पार्ने कार्यको विरुद्ध क्रियाशील र पीडित परिवारको राहत र मनोसामाजिक विमर्शको निम्ति क्रियाशील सङ्घसंस्थाहरूसँग सोसम्बन्धी कार्यका लागि सहयोग र समन्वय गर्नुपर्ने ।

बेपत्ता भएको व्यक्तिको नजिकको हकवाला वा निजको कानुन व्यवसायीलाई निजको विषयमा यथार्थ जानकारी प्राप्त गर्ने अधिकार प्रदान गरिनुपर्ने । साथै बेपत्ता पारिएको व्यक्तिको परिवारलाई कानुनी सहयोग सुनिश्चित गरिनुपर्ने ।

बेपत्ता भएको व्यक्तिको खोजी गर्न, स्थान किटान गर्न, मुक्त गर्न वा मृत्यु भइसकेको अवस्थामा निजको लाश उत्खनन् गर्न, परीक्षण गर्न, पहिचान गर्न, लाशको अवशेष परिवारलाई उपलब्ध गराउन तथा आफ्नो रीतिथिति र धार्मिक परम्पराअनुसार काजकृया गर्ने गराउनेसम्बन्धी राज्यको दायित्वलाई विधेयकमा स्पष्ट रूपमा उल्लेख गरिनुपर्ने ।

नेपालबाहिर बसी नेपाली नागरिकको विरुद्ध यस ऐनअन्तर्गतको कसूर गर्ने गराउने जुनसुकै व्यक्तिविरुद्ध नेपालमा कार्वाही चलाउन सकिने कुराको समेत स्पष्ट व्यवस्था हुनुपर्ने ।

यस ऐनअन्तर्गतको कसूर गरेको भनी अभियोग लागेको व्यक्तिलाई प्राप्त प्रमाणको आधारमा कारण उल्लेख गरी सामान्यतयाः थुनामा राखी कार्वाही गरिनेछ भन्ने व्यवस्था उल्लेख हुनुपर्ने ।

अनुसन्धानको क्रममा कुनै पनि जिम्मेवार अधिकारी व्यक्ति बेपता पार्ने कार्यमा संलग्न रहेको आधार देखिएमा त्यस्तो अधिकारीलाई तत्काल निलम्बनमा राखी कार्वाही गरिने व्यवस्था राखिनुपर्ने ।

स्थापनाको क्रममा रहेका सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग तथा संवैधानिक अङ्गको रूपमा क्रियाशील राष्ट्रिय मानवअधिकार आयोगको अधिकारक्षेत्रबीच उत्पन्न हुन सक्ने कानुनी समस्यालाई समाधान गर्नका लागि आवश्यक प्रावधानहरू (दोहोरोपन हटाउनसमेत) विधेयकमा उल्लेख गरिनु उपयुक्त हुने र यी निकायहरूबीचको सहकार्य र समन्वयका सम्बन्धमा पनि स्पष्टता हुनु उपयुक्त हुने ।

आयोगको क्षेत्राधिकार नेपाली सेना तथा विद्रोही समूहसमेतमा सहजताका साथ हुने व्यवस्था गरिनुपर्ने ।

बेपता परिवारको लागि अन्तरिम राहतको व्यवस्था ऐनमा नै राखिनुपर्ने ।

बलपूर्वक बेपत्ताको सन्दर्भमा प्रत्येक पीडितले सत्य तथ्य थाहा पाउनु उसको सूचनाको अधिकारभित्र पर्छ भन्ने कुराको सुनिश्चितता गरिनुपर्ने ।

आयोगको जाँचबुझसम्बन्धी अधिकारमा वैज्ञानिक रूपमा पुष्टि गर्न डीएनए परीक्षण गर्ने राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको भौतिक व्यवस्था र आवाश्यकताअनुसार राष्ट्रिय अन्तर्राष्ट्रिय विशेषज्ञहरू राख्न सकिने भन्ने व्यवस्था गरिनुपर्ने ।

आयोगले आवश्यकताअनुसार राष्ट्रिय मानवअधिकार अयोगसँग परामर्श गर्न सक्ने व्यवस्था राखिनुपर्ने ।
(विशाल खनाल, सचिव)

## ३.१२ बलपूर्वक बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवसको सन्दर्भमा, बेपत्ता पार्ने कार्यलाई अपराध घोषणा गर्न आग्रह

ललितपुर/२०६६ भदौ १४ गते

नेपालमा एक दशकभन्दा लामो सशस्त्र द्वन्द्वका क्रममा हजारौँ नागरिकहरूलाई बलपूर्वक बेपत्ता पारिएका थिए । राष्ट्रिय मानवअधिकार आयोगको तथ्याङ्कअनुसार तिनीहरूमध्ये ८ सय ३५ जना नागरिकहरूको स्थिति अहिले पनि सार्वजनिक हुन सकेको छैन । जानकारीबिहीन अवस्थामा रहेका तिनीहरूका आफन्तहरू र परिवारजन अझसम्म पनि तिनीहरूको अवस्था सार्वजनिक हुने अपेक्षामा प्रतीक्षारत छन् ।

बिस्तृत शान्तिसम्झौता, २०६३ मा हस्ताक्षर सम्पन्न भएको करिब तीन वर्ष भएको छ । नेपाल सरकार र एकीकृत नेकपा माओवादीले बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्ने प्रतिबद्धता जनाए पनि त्यसको कार्यान्वयन गरेका छैनन् ।

सशस्त्र द्वन्द्वको क्रममा भएका मानवअधिकार हनन् तथा ज्यादतीका घटनाहरूको छानबिन गरी सत्यतथ्य पत्ता लगाउने, दोषीलाई कार्वाही गर्ने र पीडितलाई न्याय, खासगरी राहत, पुनःस्थापना, क्षतिपूर्ति एवम् परिपूरणको व्यवस्था गर्नु सङ्क्रमणकालीन न्यायको महत्त्वपूर्ण पक्ष हो । सशस्त्र द्वन्द्वको क्रममा अवस्था अज्ञात पारिएका नागरिकहरूको यथार्थ स्थिति सार्वजनिक गर्न राज्यबाट अझ पनि सन्तोषजनक पहल नभएकोमा हामी चिन्ता प्रकट गर्दछौँ ।

बलपूर्वक बेपत्ता पारिएकाहरूका लागि अन्तर्राष्ट्रिय स्मरण दिवस, ३० अगस्टका अवसरमा हामी सशस्त्र द्वन्द्वका क्रममा बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गरी दोषीलाई कार्वाही गर्न नेपाल सरकारलाई आग्रह गर्दछौँ ।

बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था सार्वजनिक गर्ने अभियानमा संलग्न हामी मानवअधिकारसँग सम्बन्धित संस्थाहरू निम्न कार्यहरू तत्कालै सम्पन्न गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउँछौँ :

बलपूर्वक बेपत्ता पार्ने कार्यलाई फौजदारी अपराध घोषणा गर्ने तथा अन्तर्राष्ट्रिय मापदण्ड एवम् सर्वोच्च अदालतको मिति २०६४ जेठ १८ गतेको आदेशबमोजिम तत्काल कानुन तर्जुमा गर्ने ।

सशस्त्र द्वन्द्वको क्रममा बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूको अवस्था अविलम्ब सार्वजनिक गर्ने ।

बलपूर्वक बेपत्ता पारिएका नागरिकहरूलाई उचित राहत, पुनःस्थापना, क्षतिपूर्ति एवम् परिपूरणको व्यवस्था गर्ने ।

बलपूर्वक बेपत्ता पारिएका घटनाहरूको छानबिन गर्न अधिकारसम्पन्न एवम् स्वतन्त्र आयोगको गठन गर्ने ।

सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू तत्काल कार्यान्वयन गर्ने ।

बलपूर्वक बेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलाई अनुमोदन गर्ने ।

## परिच्छेद ४

### ४. महिला तथा बालअधिकारसम्बन्धी

### ४.१ बोक्सीको आरोपमा निर्मम यातना तथा हत्यासम्बन्धमा

ललितपुर/२०६० जेठ १३ गते

कथित बोक्सीको आरोप लगाई निर्मम तथा अमानवीय यातना दिएको कारणबाट रामपुर ३ रामेछाप निवासी रहेली परियार नाम गरेकी एक महिलाको दुःखद मृत्यु भएको भनी विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।

बोक्सीको नाममा समाजमा महिलामाथि गरिने यस्ता प्रकारका हिंसा, दुर्व्यवहार एवम् चरमयातनाका घटना मानवअधिकारको उल्लङ्घन तथा जघन्य आपराधिक कार्य मात्र नभई मानवीय मूल्य, मान्यता र मर्यादामाथि नै कलङ्क लगाउने तथा मानव सभ्यताकै उपहास गर्ने प्रकृतिको कार्य भएको हुँदा यसतर्फ राज्यको ध्यान पुग्नु अत्यन्तै जरुरी छ।

राष्ट्रिय मानवअधिकार आयोगको स्थापना भएपश्चात आयोगमा बोक्सीका नाममा मानवअधिकार उल्लङ्घन गरिएको भन्नेसम्बन्धमा प्राप्त भएका उजुरी तथा आयोगको आफ्नै स्वविवेकमा छानविन गरिएका विभिन्न उजुरीहरूका सम्बन्धमा आयोगको मिति २०६०/१/२३ गतेको बैठकले निर्णय गरेको छ, जसमा महोत्तरी पर्सा देवाडकी सुदामादेवी, महोत्तरी सिमरदहीकी मरनीदेवी शाह, बेलाएकडाँडाकी मलेसियादेवी, धनुषा पतनुकाकी रामपरीदेवी, धनुषा सखुवाकी पवित्रादेवी महरा चमार, सर्लाही नोकेल्वाकी सज्ञानदेवी राय, गौरीशंकरकी लालमाया वि. क., कलैया भतौठाका जगन्नाथ महरा र उनकी पत्नी, काभ्रे पाँचखालकी माया अधिकारी, सुनसरी दुहवीका पारोदेवी उराउ तथा फूलमाया उराउ, पर्सा सिर्सियाकी मन्तुरियादेवी तथा दोलखा भुसालफेदीकी नरमाया थापा मगरलाई बोक्सीको आरोप लगाई कुटपिट गरी दिसापिसाब खुवाई सार्वजनिक रूपमा गाली बेइज्जती गर्ने तथा गाउँबाट समेत निष्काशन गर्ने गरेको तथा सोही चोटकै कारणबाट पीडितमध्येकी मलेसियादेवीको मृत्यु भएको घटना परेका छन्।

व्यक्तिको जीउधन र स्वतन्त्रताको रक्षा गर्ने अभिभारा लिएको राज्यले यस्ता प्रकृतिका घटनालाई रोकथाम गर्न, दोषीउपर कानुनी कार्वाही गर्न तथा पीडितलाई उचित क्षतिपूर्ति प्रदान गर्नका लागि आवश्यक कानुनको तर्जुमा गरी सोको लागि आवश्यक संयन्त्रको समेत व्यवस्था गर्नका लागि श्री ५ को सरकारलाई सिफारिस गर्न तथा पीडितहरूलाई जनही रु. ३०,०००।– तथा मृत्यु भएकी मलेसियादेवीको हकमा निजका आश्रितलाई रु. ५०,०००।– क्षतिपूर्ति स्वरूप उपलब्ध गराइदिनका लागि श्री ५ को सरकारमा लेखी पठाउने निर्णय गरेको छ। यसका अतिरिक्त आयोगले श्री ५ को सरकारलाई मानवअधिकारसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न तथा यस सम्बन्धमा आयोगको प्रयासमा सहयोग पुऱ्याउनसमेत अनुरोध गरेको छ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ४.२ बोक्सीको आरोपमा महिलाहरूमाथिको यातना र दुर्व्यवहार अन्त्य हुनुपर्ने

ललितपुर/२०६० साउन २२ गते

बोक्सीको आरोपमा महिलाहरूमाथि गरिएको यातना र दुर्व्यवहार विरुद्धमा राष्ट्रिय मानवअधिकार आयोगले गरेका निर्णयहरू र यस्ता अपराधहरू समाजमा घट्न नदिन नागरिक समाज र प्रेस जगतको सहकार्य र भूमिकासम्बन्धमा आज नागरिक समाजका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो ।

छलफल कार्यक्रममा विद्यमान अवस्थामा बोक्सीको नाममा यातना दिनेहरूको सम्बन्धमा छुट्टै कानुन नभएको र अन्य कानुनको सहारामा पीडकलाई कार्वाही अगाडि बढाउँदा पर्याप्त नहुनेबारेमा पनि सहभागिहरूले जोड दिए । बोक्सीको नाममा यातना दिइँदा गरिब, दलित जातिहरू बढी पीडित रहेको कुरा पनि सहभागीहरूले बताए ।

आयोगले बोक्सीको आरोपमा महिलाहरूमाथि गरिएको यातना र दुर्व्यवहारविरुद्धमा यही वैशाख १३ र असार १८ गते आयोगबाट १३ जना पीडितलाई सरकारद्वारा क्षतिपूर्ति दिन लेखी पठाएको निर्णय स्वागतयोग्य भएको सहभागीहरूले बताए । आयोगले सरकारलाई कानुन बनाउन थप दवाब दिनुपर्ने र यसमा नागरिक समाजले सहयोग गर्ने कुरा पनि छलफलमा सहभागीहरूले बताए ।

आयोगले पर्याप्त मात्रामा जनचेतना कार्यक्रम लान नसकेको गुनासो व्यक्त गर्दै सहभागीहरूले विभिन्न स्तरबाट गाउँगाउँमा जनचेतना कार्यक्रम लैजानुपर्ने कुरा व्यक्त गरे । स्थानीय प्रशासन, शिक्षक, डाक्टर, प्रहरी, धामीझाँक्री र समाजका प्रवुद्ध व्यक्तिहरूलाई समेत संलग्न गरी जनचेतना कार्यक्रम लैजान सके अझै प्रभावकारी हुने कुरामा जोड दिए ।

मानवअधिकारसँग सम्बन्धित सङ्घसंस्था, महिलाअधिकारसम्बन्धी प्रतिनिधि संस्थाहरू दलित तथा अन्य गैरसरकारी सङ्घसंस्थाहरू तथा पत्रकारसमेतको उपस्थिति रहेको उक्त छलफलमा आयोगका सदस्य सुशील प्याकुरेलले छलफलमा उठेका विभिन्न प्रश्नहरूको जवाफ दिनुभएको थियो । आयोगले जनचेतना कार्यक्रमहरू गरिराखेको तर आयोग एक्लैको प्रयास पर्याप्त हुन नसक्ने भएकोले यसमा नागरिक समाज, पत्रकार, गैरसरकारी संस्थाको सहयोग निरन्तर आवश्यक रहेको कुरा व्यक्त गर्नुभयो । आयोगले विभिन्न समयमा गरेका निर्णय र कार्यक्रमहरू प्रकाशमा ल्याई प्रेसजगतले अझ महत्त्वपूर्ण भूमिका निभाउन सक्ने विश्वास व्यक्त गर्नुभयो ।

राष्ट्रिय समाधीक्षक डा. रेणु राजभण्डारीले बोक्सीसम्बन्धी विभिन्न कार्यक्रम र छलफलमा उठेका प्रश्नहरूका बारेमा प्रष्ट पार्नुभएको थियो ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ४.४ आयोगद्वारा मानवबेचबिखन तथा मानवअधिकार विषयमा अन्तर्क्रिया

ललितपुर/२०६३ फागुन १७ गते

राष्ट्रिय मानवअधिकार आयोग चेलीबेटी बेचबिखन तथा ओसार-पसारविरूद्ध राष्ट्रिय समाधीक्षकको कार्यालय (ONRT) को आयोजनामा मानवबेचबिखन, बसाइँसराइ तथा मानवअधिकार विषयमा तीन दिने तालिम आजबाट काठमाडौंमा सुरु भएको छ ।

नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको प्राविधिक सहयोगमा सञ्चालित सो तालिमको उद्‌घाटन गर्दै उच्चायुक्त कार्यालयकी प्रमुख लेना सुन्धले मानवबेचबिखन बहुआयामिक समस्या रहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'यसको नियन्त्रणमा विभिन्न पक्षको साझा प्रयास आवश्यक छ ।'

आयोगका निमित्त सचिव ध्रुव नेपालले मानवबेचबिखन नेपालको ज्वलन्त समस्या भएको बताउँदै त्यसको नियन्त्रणका लागि आयोगले सक्रिय रूपमा काम गरिरहेको बताउनुभयो । कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोग ONRT की राष्ट्रिय समाधीक्षक पद्‌मा माथेमाले पनि आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

विभिन्नरूपमा हुने मानवबेचबिखन र मानव बसाइँ-सराइको क्रममा हुने मानवअधिकार उल्लङ्घनका विषयमा अवधारणागत स्पष्टता दिलाउने उद्देश्यले सञ्चालित सो तालिममा आयोगका कर्मचारी तथा मानवबेचबिखनविरुद्धका काम गरिरहेका सरकारी तथा गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू गरी २८ जनाको सहभागिता रहेको छ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ४.३ महिला सशक्तीकरणका लागि आयोगको जोड

ललितपुर/२०६३ फागुन २४ गते

राष्ट्रियता, जाति, भाषा, संस्कृति, आर्थिक हैसियत, राजनीतिक आस्था जस्ता सबै सीमालाई छिचोल्दै विश्वका सबै महिलाहरूको सशक्तीकरणका लागि दिगो अभियानको प्रतीकका रूपमा अन्तर्राष्ट्रिय महिला दिवस प्रत्येक वर्ष आजका दिन (८ मार्च) मा मनाउने गरिएको छ । राष्ट्रिय मानवअधिकार आयोग यस दिवसका अवसरमा महिला सशक्तीकरण अभियानमा समर्पित सम्पूर्ण मानव सन्ततिप्रति हार्दिक सम्मान प्रकट गर्दछ ।

यस दिवसले मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा घोषित सबै मानवजातिको जन्मजात स्वतन्त्रता, समानता र पारस्परिक सद्‌भावको आवश्यकतालाई स्मरण गराउँछ । विशेषतः धारा २ मा सबै मानव सन्ततिले समानरूपमा घोषणापत्रमा उद्‌घोषित अधिकारहरू उपभोग गर्न पाउने कुरालाई सुनिश्चित गर्दछ । नेपालको अन्तरिम संविधान, २०६३ को

धारा २० ले महिलालाई स्वास्थ्य तथा प्रजननसम्बन्धी हक, महिलाविरुद्ध शारीरिक, मानसिक वा कुनै किसिमको हिंसाजन्य कार्य नगरिने प्रत्याभूति र पैतृक सम्पत्तिमा समान हक प्रदान गरेको छ ।

यस महान् दिवसका लागि संयुक्त राष्ट्रसङ्घले यस वर्ष 'महिला र बालिकाहरूका लागि लगानी' भन्ने नारा निरूपण गरेको छ । त्यसैगरी नेपाल सरकारले 'लैङ्गिक हिंसाको अन्त्य आजको आवश्यकता र राज्यको पुनःसंरचनामा महिलाको समानुपातिक प्रतिनिधित्व'को नारा चयन गरेको छ । यथार्थमा विश्वका प्रत्येक सम्प्रदायमा परम्परा, कानुन, धर्म र व्यवहारको आधारमा प्रचलित लैङ्गिक हिंसा महिला सशक्तीकरण र समान हक उपभोगका लागि ठूलो बाधक रहेका छन् । त्यसैले लैङ्गिक हिंसात्मक वातावरणको अन्त्य गरी राज्यको पुनःसंरचनामा महिलाको समानुपातिक सहभागिताका लागि सक्षम नारी जनशक्ति सिर्जना गर्न महिला र बालिकाका लागि राष्ट्रले विशेष लगानी गर्नुपर्ने र राष्ट्रको प्रत्येक तहमा महिलाको समानुपातिक प्रतिनिधित्व हुनु नितान्त आवश्यक छ ।

'महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९' र त्यसको इच्छाधीन आलेख, १९९९ लाई अनुमोदन गरी नेपाल त्यसको पक्षराष्ट्र भइसकेको सन्दर्भमा महासन्धि अनुमोदनको १७ वर्ष बितिसक्दा पनि नेपाली महिलाको वास्तविक अवस्थामा खासै उल्लेख्य प्रगति देखिएको छैन । महिलाविरुद्ध भेदभावको उन्मूलन र महिला र पुरुषबीचको समानता संविधान र कानुनमा लेख्दैमा समाप्त हुने नभई राष्ट्रद्वारा लैङ्गिक विभेद उन्मूलनका लागि विशेष लगानीको आवश्यकता अपरिहार्य हुन्छ । राष्ट्रको प्रतिबद्धताबेगर लैङ्गिक विभेदको अन्त्य र महिला सशक्तीकरणको उद्देश्य यथार्थमा साकार हुन सक्दैन । अन्तर्राष्ट्रिय नारी दिवसका अवसरमा आगामी चैत २८ गते हुने संविधानसभाको निर्वाचनमा महिलाको सक्रिय सहभागितालाई सुनिश्चित गर्न, सबै क्षेत्र र तहमा महिलाको समानुपातिक प्रतिनिधित्व गराउन तथा महिला सशक्तीकरणका लागि सक्रिय योगदान गर्न सरकार, राजनीतिक दल, र सम्बद्ध सबै पक्षलाई राष्ट्रिय मानवअधिकार आयोग हार्दिक आग्रह गर्दछ ।
(केदारनाथ उपाध्याय, अध्यक्ष)

## ४.५ अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसका अवसरमा, जातीय विभेदविरुद्धका कानुनलाई व्यवहारमा लागू गर्न आयोगको आग्रह

ललितपुर/२०६४ चैत ७ गते

राष्ट्रिय मानवअधिकार आयोग अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस (मार्च २१) अवसरमा जातीय विविधताले भरिपूर्ण नेपालमा सबै जातजातिलाई सम्मान गर्न र सबैको प्रतिष्ठा समान भएको कुरा सम्बद्ध पक्षलाई पुनः स्मरण गराउन चाहन्छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ मा 'सबै मानिस जन्मजात स्वतन्त्र छन् र ती सबैको समान प्रतिष्ठा र अधिकार छ' भन्ने उल्लेख छ । यस महान् दिनलाई सफल पार्न 'जातीय विभेद उन्मूलनका लागि न्याय र प्रतिष्ठा' यस वर्षको अन्तर्राष्ट्रिय नारा तय गरिएको छ ।

नेपालले 'सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५' लाई बिना कुनै सर्त १९७१ मा अनुमोदन गरिसकेको छ । त्यस्तै नेपालको अन्तरिम संविधान २०६३ को

धारा १४ मा छुवाछुत तथा जातीय भेदभावविरुद्धको हकलाई पहिलो पटक मौलिक हकका रूपमा व्यवस्था गरिएको छ । संविधानको धारा १४ को उपधारा (१) मा 'कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव गरिने छैन । यस्तो भेदभावपूर्ण व्यवहार दण्डनीय हुनेछ र पीडित व्यक्तिले कानुनद्वारा निर्धारण भएबमोजिमको क्षतिपूर्ति पाउनेछ' भन्ने उल्लेख छ ।

नेपाललाई छुवाछुतमुक्त राष्ट्र घोषणा गरिएको छ, साथै संविधान र कानुनमा जातीय आधारमा गरिने कुनै पनि विभेदलाई कानुनद्वारा दण्डनीय बनाइएको छ । तर सम्बद्ध पक्षहरू ती वैधानिक प्रावधानहरूलाई व्यवहारमा गर्न वा गराउन प्रतिबद्ध देखिएका छैनन् । आज एक्काइसौँ शताब्दीमा पनि जातीय र अन्य आधारमा मानव-मानवबीच विभेद गर्नु मानवीय प्रतिष्ठाविरुद्धको कार्य मात्र होइन, समग्र मानव समुदायकै लागि कलङ्क हो । यसप्रति राष्ट्रिय मानवअधिकार आयोग गम्भीर चासो र चिन्ता व्यक्त गर्दछ ।

नजिकिँदो संविधानसभा निर्वाचनमा जातीय विभेदविरुद्धको एजेन्डाले प्राथमिकता पाउन जरुरी छ । साथै बिना कुनै भेदभाव सबै जातजातिको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुन जरुरी छ । कानुनी प्रावधानलाई व्यवहारमा रूपान्तरण गर्न तथा जातीयलगायत सबै प्रकारका भेदभाव अन्त्यका लागि विशेष व्यवस्था लागू गर्न राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकारलाई आग्रह गर्दछ साथै 'हरेक मानवमा समान प्रतिष्ठा छ' भन्ने भावनालाई आत्मसात गर्न राजनीतिक दल, नागरिक समाज र सम्बद्ध सबै पक्षलाई आयोग हार्दिक आग्रह गर्दछ ।
(भानुभक्त आचार्य, प्रवर्द्धन अधिकृत)

## ४.६ महिलाहिंसाविरुद्ध कार्वाही गर्न सरकारलाई आयोगको सिफारिस

ललितपुर/२०६५ जेठ ३ गते

मिति २०६४ जेठ २० गते संखुवासभा जिल्ला खाँदबारी नगरपालिका वडा नं. १० बस्ने बसन्तकुमार चापागाईंले विवाहमा मोटरसाइकल, कम्प्युटर र सुन नदिएको भन्दै सोही जिल्ला खाँदबारी ३ बस्ने बेहुली र निजका परिवारलाई अभद्र व्यवहार गरेको,

बारा जिल्ला खोपवा गाविस वडा नं.- २ बस्ने रीतादेवी साहको २०६१ साल फागुनमा रौतहट जिल्ला सङ्ग्रामपुर ८ बस्ने गजेन्द्र साहसँग सामाजिक परम्पराअनुसार मागी विवाह भएको केही दिनपश्चात बेहुली २ वर्ष माइतीमा बसेपछि बेहुला पक्षले बेहुलीको घरमा गई पुनः विवाह गरेको तर बेहुलीलाई घर नभित्र्याएको,

उल्लिखित घटनाहरू केही नमूना मात्र हुन् । पछिल्ला दिनहरूमा आयोगमा महिलाहिंसासम्बन्धी उजुरीहरू पर्ने क्रम बढेको छ । यससम्बन्धमा विभिन्न सञ्चारमाध्यमहरूले महिलाहिंसासम्बन्धी विभिन्न घटनाका समाचार प्रकाशित गरिरहेका छन् । तर राज्यका निकायबाट महिलाहिंसा नियन्त्रण गर्न पर्याप्त सुरक्षाको व्यवस्था र दोषीलाई कार्वाही भएको जानकारी आयोगमा प्राप्त भएको छैन । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्न महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव

उन्मूलनसम्बन्धी महासन्धिमा नेपाल पक्षराष्ट्र भइसकेको सन्दर्भमा समेत महिलाविरुद्ध घरेलु हिंसाका घटनाहरू भइरहनु निश्चय नै खेदपूर्ण छ ।

राष्ट्रिय मानवअधिकार आयोगले यस्ता घटनाहरूको नियमित अनुगमन गरिरहेको छ । महिलाविरुद्धका घरेलु हिंसाका घटनाविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, आयोगले विगतमा गरेका सिफारिसबमोजिम महिलाविरुद्ध भएका हिंसामा संलग्न दोषीलाई कानुनी कार्वाही गर्न तथा पीडितलाई उचित न्याय प्रदान गर्न आयोग नेपाल सरकारलाई सिफारिस गर्दछ ।

(भानुभक्त आचार्य, प्रवर्द्धन/सञ्चार अधिकृत)

## ४.७ महिलाहिंसा नियन्त्रणमा पहल गर्न आयोगको निर्देशन

ललितपुर/२०६५ असार ९ गते

राष्ट्रिय मानवअधिकार आयोगले गृहमन्त्रालयका सचिव उमेशप्रसाद मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणालाई आज आयोगमा बोलाई हालैका दिनहरूमा महिलाहिंसासम्बन्धी घटनाहरू बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न तत्कालै प्रभावकारी कदम चाल्न निर्देशन दिएको छ । अनुसन्धानको क्रममा हिरासतमा रहेका व्यक्तिलाई दोषी प्रमाणित नभई सञ्चारमाध्यममा प्रस्तुत गर्ने गरिएको र त्यसबाट मानवअधिकार उल्लङ्घन हुने भएकाले त्यस्तो प्रचलन तत्काल रोक्नसमेत आयोगले निर्देशन दिएको छ ।

पछिल्ला दिनहरूमा महिलाहिंसासम्बन्धी घटनाहरू बढ्दै गएका र यससम्बन्धमा आयोगका कार्यालयहरूमा उजुरीहरू पर्ने क्रम बढेको छ । आयोगलाई प्राप्त उजुरी तथा जानकारीअनुसार पछिल्लो समयमा महिलामाथि श्रीमान्लगायत परिवारका अन्य सदस्यहरूबाट निर्मम यातना दिने, बोक्सीको आरोपमा यातना दिने, निर्वस्त्र पारेर घुमाउने, मट्टितेल खन्याएर जलाउने, हत्या गर्ने, दाइजोको निहुँमा विवाह बहिष्कार गर्ने, बलात्कारलगायतका अमानवीय व्यवहार गरिएका घटनाहरू भएका छन् ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९७९ मा नेपाल पक्षराष्ट्र भइसकेको सन्दर्भमा समेत महिलाविरुद्ध घरेलु हिंसाका घटनाहरू दिनप्रतिदिन बढिरहनु मानवअधिकारको गम्भीर उल्लङ्घन हो । छलफलका क्रममा महिलाहिंसासम्बन्धी घटना रोकथामसम्बन्धमा हालसम्म भएका प्रयास र आगामी दिनमा चाल्नुपर्ने कदमका सम्बन्धमा साथै गृहमन्त्रालय र नेपाल प्रहरीका तर्फबाट गर्न सकिने कामका सम्बन्धमा छलफल भएको थियो । छलफलका क्रममा गृह सचिव मैनालीले महिलाहिंसाविरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्न गृहमन्त्रालयले देशका सबै जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिने बताउनुभयो । यसैगरी प्रहरी महानिरीक्षक राणाले त्यस्ता हिंसामा संलग्न व्यक्तिहरू तदारुकताका कार्वाही गर्न नेपाल प्रहरी अझ सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. के. बी. रोकाया, सचिव विशाल खनालगायत आयोगका अधिकृतहरू उपस्थित हुनुहुन्थ्यो ।
(विशाल खनाल, सचिव)

## ४.८ महिलाहिंसाका घटना नियन्त्रण गर्न आयोगको अपिल

ललितपुर/२०६५ असार १९ गते

राष्ट्रिय मानवअधिकार आयोग दाइजोसम्बन्धी महिलाहिंसाका निम्न घटनाहरूमा गम्भीर चिन्ता र चासो प्रकट गर्दछ :

रौतहट जिल्ला गौर नगरपालिका वडा नं.- ३ बस्ने सङ्गीतादेवीलाई दाइजो नल्याएको भनी उनका पति उदय साह र परिवारका अन्य सदस्यसमेतले लगातार कुटपिट गर्ने गरेको, घरमा थुनेर राखेको, बिजुलीको तार र इँटा प्रयोग गरी विभिन्न किसिमबाट चरमयातना दिएको । सङ्गीतादेवीका तीन छोराछोरीसमेतलाई घरबाट निकालेको ।

सुनसरी जिल्ला लौकहीका विजय साहले पर्याप्त दाइजो नल्याएको निहुँमा रिना साहलाई कुटपिट गरी बेपत्ता बनाएको । स्थानीय मानवअधिकारकर्मीले उनी असार १२ गतेदेखि बेपत्ता भएको बताएका छन् । निज रिना साहकी दिदी बबितालाई समेत निर्घात कुटपिट गरिएको ।
यससम्बन्धमा आयोगको अनुगमन टोली घटनास्थल पुगिसकेको र दोषीलाई नियन्त्रणमा लिई तत्काल कानुनी कार्वाही चलाउन स्थानीय प्रशासन र प्रहरी संयन्त्रसँग आवश्यक छलफल र समन्वय गरिरहेको छ ।

महिलाहिंसाका घटनाहरू बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न र यससम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आयोगले अघिल्लो हप्ता मात्रै गृहमन्त्रालयका सचिव उमेशप्रसाद मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणालाई आयोगमा बोलाई तत्कालै प्रभावकारी कदम चाल्न निर्देशन दिएको थियो । त्यस्तै, अघिल्लो महिनामा संखुवासभा जिल्लामा विवाहमा दाइजो नदिएको भन्दै बेहुली र निजका परिवारलाई अभद्र व्यवहार गरेको र बारा जिल्लामा पुनः विवाह गरेर बेहुली फिर्ता गरेका सम्बन्धमा पनि आयोगले गम्भीर चासो प्रकट गरेको थियो ।

महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ को धारा २ (च)ले स्पष्ट रूपमा महिलाविरुद्धका सबै भेदभाव र हिंसाका घटना उन्मूलन गर्न कानुन बनाउनेलगायत आवश्यक सबै उपाय अवलम्बन गर्नु राज्यको दायित्व भनेको छ । नेपाल यो महासन्धिको पक्षराष्ट्र भइसकेको सन्दर्भमा दिनप्रतिदिन बढिरहनु मानवअधिकारको गम्भीर उल्लङ्घन हो । त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० (३) मा 'कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ' भनी उल्लेख छ ।

अतः महिलाविरुद्धका हिंसाका घटनाविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, आयोगले विगतमा गरेका सिफारिसबमोजिम ती घटनामा संलग्न दोषीलाई यथाशीघ्र कानुनी कार्वाही गर्न तथा पीडितलाई उचित न्याय प्रदान गर्न आयोग नेपाल सरकारसँग जोडदार आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## ४.९ महिला पत्रकार उमा सिंहको हत्याबाट आयोग स्तब्ध : पत्रकारको सुरक्षामा ध्यान दिन सरकारलाई आग्रह

ललितपुर/२०६५ पुस २८ गते

जनकपुरधामस्थित जनकपुर टुडे रेडियोमा कार्यरत पत्रकार उमा सिंहलाई हिजो साँझ अज्ञात सशस्त्र समूहले धारिलो हतियार प्रयोग गरी हत्या गरेको घटनाबाट आयोग स्तब्ध भएको छ । राष्ट्रिय मानवअधिकार आयोग यस किसिमको बर्बर र कायरतापूर्ण कार्यको निन्दा गर्दछ । आयोगको जनकपुर सम्पर्क कार्यालयले त्यस घटनाको सम्बन्धमा अनुसन्धान सुरु गरिरहेको छ । आयोगको केन्द्रीय कार्यालयबाट एक उच्चस्तरीय टोली भोलि त्यसतर्फ प्रस्थान गर्दै छ ।

पछिल्लो समयमा जनकपुर र आसपासका क्षेत्रमा शान्तिसुरक्षामा आवश्यक सुधार नभएको भनी आयोगले गृहमन्त्रीलगायत सुरक्षा निकायका पदाधिकारीलाई पटकपटक ध्यानाकर्षण गराउँदासमेत शृङ्खलाबद्ध हिंसात्मक गतिविधि जारी छन् । यो घटनाले समेत जनकपुर क्षेत्रमा शान्तिसुरक्षाको अवस्था ज्यादै कमजोर रहेको पुष्टि गरेको छ । हिजो राति नै जनकपुरस्थित कान्तिपुर संवाददाता मोनिका झालाई ज्यान मार्ने धम्की दिई अपशब्द प्रयोग गरेको घटना पनि आयोगको जानकारीमा आएको छ । पत्रकारहरूमाथि भइरहेका यस्ता घटनाबाट नागरिकको अभिव्यक्ति स्वतन्त्रताको अधिकारमाथि गम्भीर प्रहार भएको आयोगको धारणा छ ।

पत्रकार उमा सिंहको हत्यामा संलग्न दोषीको पहिचान गरी यथाशीघ्र कानुनबमोजिम कार्वाही गर्न तथा सञ्चारकर्मीलगायतका मानवअधिकार रक्षकहरूको सुरक्षाको पूर्ण प्रत्याभूति गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ साथै अधिकारकर्मी र सञ्चारकर्मीलाई शान्तिपूर्ण वातावरणमा स्वतन्त्रतापूर्वक काम गर्ने अवस्था सिर्जना गर्न आयोग नेपाल सरकारसँग आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## ४.१० यातना तथा घरेलु हिंसाजस्ता मानवीय संवेदनाहीन घटनाहरूप्रति आयोग गम्भीर

नेपालगञ्ज/२०६५ साउन २६ गते

जिल्ला बाँके नेपालगञ्ज नगरपालिका वडा नं. १२ मा डेरागरी बस्ने शैलेन्द्र ठाकुर र निजकी पत्नी ममता ठाकुरले आफ्नो घरमा घरेलु कामदारको रूपमा राखेकी भारत विहार समस्तिपुर घर भएकी १२ वर्षीया रिङकुकुमारी धानुकलाई कुटपिट गरी शारीरिक यातना तथा घरेलु हिंसा गरेको भनी आयोगको यस कार्यालयमा दर्ता हुन आएको उजुरीका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

प्राप्त उजुरीका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जबाट संरक्षण अधिकृत सरिता ज्ञवाली र रमेशकुमार थापा तथा सिविन प्रतिनिधि, पत्रकार तथा सुरक्षाकर्मीहरूको संयुक्त टोलीले निज शैलेन्द्र ठाकुरको डेरामा गई पीडित भनिएकी रिङकुकुमारी धानुकको उद्धार गरी हाल निज धानुकलाई सिविनमा राखिएको छ भने आरोपित शैलेन्द्र ठाकुर र ममता ठाकुरलाई अनुसन्धानको लागि वडा प्रहरी कार्यालय नेपालगञ्जमा लगिएको छ ।

अतः कानुनविपरीत बालबालिकालाई घरेलु कामदारको रूपमा राखिने र राखेपश्चात कडा काममा लगाउने तथा कुटपिट गरी शारीरिक यातना तथा मानसिक यातना दिने, भेदभाव गर्नेजस्ता मानवीय संवेदनाहीन घरेलु हिंसाका घटनाहरूप्रति आयोग गम्भीर रहँदै आएको छ ।

अतः भविष्यमा समाजमा घट्न सक्ने यस्ता मानवअधिकारविरोधी घटनाहरूप्रति गम्भीर रहन तथा घटनाका बारेमा तत्काल जानकारी दिन आयोग सम्बन्धित सबैसँग आग्रह गर्दछ । साथै घटनामा संलग्न व्यक्तिहरूलाई कानुनबमोजिम कार्वाही गर्न तथा पीडित बालिकालाई सकुशल आफन्तजनको सम्पर्कमा पुऱ्याउने व्यवस्था मिलाउनसमेत सुरक्षा निकायलाई आग्रह गर्दछ ।
(सरिता ज्ञवाली, नि. क्षेत्रीय निर्देशक)

## ४.११ महिला अधिकारकर्मीमाथि दमन नगर्न आयोगको अपिल

ललितपुर/२०६५ भदौ ९ गते

काठमाडौँको नयाँ बानेश्वरस्थित संविधानसभा भवन वरपर सभासद्हरूको ध्यानाकर्षण गराउन पर्चा वितरण गरिरहेका १३ जना महिला मानवअधिकार रक्षकहरूलाई गिरफ्तार गरिएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको छ । आयोगलाई प्राप्त जानकारीअनुसार कञ्चनपुर जिल्ला दैजी गाविस- ८ की महिला मानवअधिकारकर्मी लक्ष्मी बोहोराको हत्याको निष्पक्ष छानबिनको माग गर्दै महिला मानवअधिकार रक्षक सञ्जालले दवाबमूलक कार्यक्रम चलाउँदै आएको छ ।

घटनाको अनुगमनबाट आयोगले प्राप्त गरेको तथ्यअनुसार त्यसरी गिरफ्तार हुनेहरूमा डा. रेणु राजभण्डारी (काठमाडौँ), रीता रावल (जाजरकोट), विमला वि. क. (बर्दिया), शारदा चन्द ( कञ्चनपुर), लक्ष्मी श्रीस (सुर्खेत), सीमा पाण्डे (मकवानपुर), आरती पौडेल (बाँके), टीका सम्सेली ( बर्दिया), पार्वती कोइराला (बर्दिया), गौरा नेपाली (काठमाडौँ), दीपा धिताल (दाङ), शोभा वि. क. ( कैलाली) र तुलसा पौडेल (कैलाली) हुनुहुन्थ्यो । आयोग टोलीको रोहबरमा गिरफ्तार गरिएका सबै जनालाई प्रहरीले मुक्त गरिसकेको छ ।

महिलाहिंसाका घटनाहरू बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न र यससम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आयोगले असार ९ गते गृहमन्त्रालयका सचिव उमेशप्रसाद मैनाली र प्रहरी महानिरीक्षक ओमविक्रम राणालाई आयोगमा बोलाई तत्कालै प्रभावकारी कदम चाल्न निर्देशन दिएको थियो ।

महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि, १९७९ को धारा २ (च)ले स्पष्ट रूपमा महिलाविरुद्धका सबै भेदभाव र हिंसाका घटना उन्मूलन गर्न कानुन बनाउनेलगायत आवश्यक सबै उपाय अवलम्बन गर्नु राज्यको दायित्व भनेको छ । नेपाल यो महासन्धिको पक्षराष्ट्र भइसकेको सन्दर्भमा दिनप्रतिदिन बढिरहनु मानवअधिकारको गम्भीर उल्लङ्घन हो । त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा २० (३) मा 'कुनै पनि महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ' भनी उल्लेख छ ।

अतः महिलाविरुद्धका हिंसाका घटनाविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, महिला मानवअधिकार रक्षकहरूको सुरक्षा सुनिश्चित गर्न, आयोगले विगतमा गरेका सिफारिसबमोजिम महिलाहिंसाका घटनामा संलग्न दोषीलाई यथाशीघ्र कानुनी कार्वाही गर्न राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकारसँग पुनः आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## ४.१२ प्युटार घटनाका सम्बन्धमा तीन आयोगबीच छलफल : बोक्सीको आरोपसम्बन्धी घटनामा संयुक्त अनुसन्धान गरिने

ललितपुर/२०६५ चैत १७ गते

ललितपुरको प्युटारस्थित गडिभञ्ज्याङ प्राथमिक विद्यालयका प्रधानाध्यापक विमला लामाले स्थानीय कल्लीकुमारी वि. क.लाई बोक्सीको आरोपलगाई अमानवीय व्यवहार गरेको घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगका पदाधिकारीबीच राष्ट्रिय मानवअधिकार आयोगमा आज छलफल भएको छ ।

विद्यालयको प्रधानाध्यापकजस्तो जिम्मेवार पदमा बसेको व्यक्तिबाट समेत यस्तो जघन्य आपराधिक घटना भएको भन्दै तीनओटै आयोगले यो घटनालाई गम्भीर रूपमा लिएका छन् । घटनाको अनुसन्धानलाई संयुक्त रूपमा अगाडि बढाउने, घटनामा संलग्न दोषीहरूलाई कानुनी कार्वाही गर्न र पीडितलाई राहत, सुरक्षा तथा क्षतिपूर्तिको लागि पहल गर्ने विषयमा बैठकमा छलफल भएको थियो साथै घटनाबारे थप जानकारी लिन ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरी प्रमुखलाई आयोगमा बोलाई अनुसन्धान कार्वाहीका बारेमा आवश्यक सोधपुछ गर्ने निर्णयसमेत भएको छ ।

प्युटार घटना नेपाल पक्षराष्ट्र भएको सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५ र महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ को विपरीत भएको बैठकले ठहर गरेको छ । यसले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४ (छुवाछुत तथा जातीय भेदभावविरुद्धको हक), धारा २० (महिला हक), धारा २१ (सामाजिक न्यायसम्बन्धी हक), धारा २६ (यातनाविरुद्धको हक)मा प्रत्याभूत नागरिकको मानवअधिकार उल्लङ्घन भएको तथा गत माघ १२ गते प्रधानमन्त्रीले व्यक्त गरेको महिलाहिंसा उन्मूलन गर्ने प्रतिबद्धतासमेत ओझेलमा परेको निष्कर्ष निकालेको छ ।

छलफलमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान, डा. लीला पाठक, राष्ट्रिय दलित आयोगका अध्यक्ष रामलाल विश्वकर्मा, राष्ट्रिय महिला आयोगका सदस्यहरू मञ्जुकुमारी यादव (चौधरी), धनकुमारी सुनार र सचिव ऋतुराज भण्डारीलगायतको उपस्थिति थियो ।
(विशाल खनाल सचिव)

### ४.१३ सीता वि. क.लाई तेजाब खन्याइएको घटनामा आयोगको अनुगमन : महिलाहिंसा नियन्त्रण गर्न आयोगको आग्रह

ललितपुर/२०६६ वैशाख ७ गते

उदयपुर निवासी सीता वि. क.लाई निजका पतिले तेजाब खन्याई गम्भीर घाइते बनाई वीर अस्पतालमा उपचार हुन नसकेको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य डा. लीला पाठकसमेतको टोलीले अनुगमन तथा आवश्यक पहल गरेको छ । राष्ट्रिय मानवअधिकार आयोग र राष्ट्रिय महिला आयोगका सदस्यहरूले वीर अस्पताल प्रशासनलाई हिजो अनुरोध गरेका थिए । यसअघि गत शुक्रबार राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय महिला आयोग र महिला अधिकार मञ्चले गत शुक्रबार छलफल गरेका थिए ।

उदयपुर जिल्ला जोगीदह गाविस- ६ बस्ने सीता वि. क.लाई निजका पति राजकुमार वि. क.ले गत चैत २० गते बिहान ५ बजे सुतिराखेको अवस्थामा तेजाब खन्याई गम्भीर घाइते बनाएका थिए । यसबाट उनको घाँटी र छाती जलेको छ र देब्रे कानमा गम्भीर असर परेको छ ।

आयोगको आग्रहमा वीर अस्पतालले निजको उपचार खर्च निःशुल्क गरिदिएको छ । घाइते सीता वि. क.लाई 'साथी' संस्थाले संरक्षकत्व प्रदान गर्ने जनाएको छ । आयोगले निज घाइतेको उपचारका लागि अन्तरिम राहत प्रदान गर्न गृहमन्त्रालयलाई र आवश्यक औषधोपचार उपलब्ध गराउन स्वास्थ्य मन्त्रालयलाई अनुरोध गरिसकेको छ ।

यस घटनामा संलग्न दोषीलाई कानुनबमोजिम सजाय गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ साथै महिलाहिंसाका घटना नियन्त्रण गर्न, सामाजिक सुरक्षा सुदृढ गर्न तथा महिलाहिंसा रोक्नेसम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नसमेत आयोग नेपाल सरकारका सम्बन्धित निकायहरूलाई आग्रह गर्दछ । (विशाल खनाल, सचिव)

### ४.१४ अछाममा महिला प्रहरीमाथि भएको भनिएको बलात्कारको घटनामा नेपाल सरकारलाई आयोगको ध्यानाकर्षण

ललितपुर/२०६६ असोज २१ गते

जिल्ला प्रहरी कार्यालय अछाममा कार्यरत महिला प्रहरी (नाम गोप्य राखिएको)लाई सोही कार्यालयमा कार्यरत प्रहरीहरूद्वारा सामूहिक बलात्कार भएको भन्ने घटनाका बारेमा राष्ट्रिय मानवअधिकार

आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आयोगको सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय धनगढीले यो घटनाको बारेमा अनुसन्धान प्रारम्भ गरिसकेको छ ।

घटना विवरणअनुसार जिप्रका अछाममा कार्यरत सहायक प्रहरी निरीक्षकलगायत छ जना प्रहरी कर्मचारीको संलग्नतामा नशालु पदार्थ खुवाई बेहोस अवस्थामा बलात्कार गरिएको भन्ने जानकारी आयोगले प्राप्त गरेको छ । पीडित महिला प्रहरीलाई घटनाबारे केही नबोल्न शारीरिक र मानसिक दवाब दिइएको साथै घटना सार्वजनिक हुने डरले दुई दिनसम्म कार्यालय परिसरबाहिर जान नदिई विक्षिप्त अवस्थामा राखिएको जानकारी आयोगले प्राप्त गरेको छ ।

आयोगको प्रारम्भिक अनुगमन र अनुसन्धानबाट आरोपित व्यक्तिहरूद्वारा प्रहरी कार्यालयभित्रै बलात्कार जस्तो जघन्य अपराध भएको विश्वास गर्न सकिने पर्याप्त कारणहरू देखिएकाले घटनाका अभियुक्तहरूलाई तत्काल निलम्बन गरी हिरासतमा लिई कार्वाही अगाडि बढाउनुपर्ने देखिन्छ । अर्कातिर पीडित महिला प्रहरीको सुरक्षा, स्वास्थ्योपचार र मनोसामाजिक विमर्शको उचित व्यवस्था गर्नसमेत आयोग सम्बन्धित निकायलाई आग्रह गर्दछ ।

साथै, प्रहरी संयन्त्रभित्रका केही प्रहरी अधिकृतसमेतका व्यक्तिहरूबाट घटनालाई अर्कैतर्फ मोड्ने, प्रमाण नष्ट गर्ने र सम्मिलित हुने अनुसन्धान तहकीकात स्वतः विश्वसनीय हुन नसक्ने हुँदा महिला मानवअधिकार रक्षकसहितको स्वतन्त्र अनुसन्धान टोली निर्माण गरी अनुसन्धान कार्य अगाडि बढाउन राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँछ ।
(वेदभट्टराई, निमित्त सचिव)

### ४.१५ सीतादेवी मण्डललाई गाउँ निकाला गर्नेसम्बन्धमा आयोगको ध्यानाकर्षण

विराटनगर/२०६६ पौष २६ गते

सप्तरी जिल्ला कञ्चनपुर गाविस वडा नं. ३ रूपनगर बस्ने वर्ष २५ की सीतादेवी मण्डललाई गाउँमा पञ्चायत राखी देश निकाला गर्ने निर्णय भएको भनी विभिन्न सञ्चार माध्यममा प्रकाशित/प्रसारित समाचारप्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस घटनालाई गम्भीरतापूर्वक लिई आयोगका सदस्य डा. के. बी. रोकायाले हिजो पीडितसँग भेट गरी उक्त घटना र पीडितको स्वस्थ्य स्थितिबारे आवश्यक जानकारी लिनुभएको थियो । यो घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग गम्भीर भएको र आगामी दिनमा यस्ता प्रकृतिका सम्भावित घटना नियन्त्रण गर्न नेपाल सरकार र सम्बद्ध निकायको ध्यानाकर्षण गराउन तत्कालै पहल गर्ने कुरा आयोगका सदस्य डा. के. बी. रोकायाले बताउनुभयो ।

उक्त घटनालाई मानवअधिकारको गम्भीर विषय ठानी थप जानकारी लिने उद्देश्यले आयोगको यस कार्यालयका संरक्षण अधिकृतहरूको एक टोली पुस २५ गते नै घटनास्थल पुगी विभिन्न पक्षहरूसँग घटनाका बारेमा आवश्यक जानकारी लिएको तथा सो घटनाका सम्बन्धमा स्थानीय प्रशासन र प्रहरीले बहन गर्नुपर्ने जिम्मेवारी र दोषीलाई कार्वाही गर्नेसम्बन्धमा प्रारम्भिक अनुसन्धान सुरु गरेको छ । सो कार्यमा आवश्यक सहयोग गर्न सबै पक्षसँग आयोग आग्रह गर्दछ ।

(प्रदीपकुमार झा, निमित्त निर्देशक)

## ४.१६ सन्दर्भ १०० औं अन्तर्राष्ट्रिय नारी दिवस : सबैको विकासका लागि समान अवसर र समान अधिकार

नेपालगञ्ज/२०६६ फागुन २४ गते

जनसंख्याको आधा भाग ओगटेका महिलाहरू लामो कालखण्डदेखि भेदभावबाट गुज्रिएकोमा विगत ६ दशकदेखि महिला भेदभावको विरुद्धमा अग्रसर भइरहेको छ । महिलाविरुद्ध गरिने र गरिएका सबै किसिमका भेदभावहरू विरुद्धको लडाइँमा महिला एक्लैले गरेको आन्दोलनभन्दा राज्यले नै महिला अधिकारको सुनिश्चित गर्ने र महिलामाथि हुने र भइरहेका सबै किसिमका अन्याय, अत्याचार र भेदभावहरू अन्त्य गरी भेदभावरहित समाजको सृजना गर्न र महिलाविरुद्ध हुने गरेका सबै किसिमका क्रियाकलापलाई अपराधको रूपमा स्थापित गर्नको लागि महिलाविरुद्धको भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक संयुक्त सङ्गठनीय सन्धि सन् १९७९ पारित भएको छ र नेपालले पनि यस सन्धिमा हस्ताक्षर गरिसकेको छ । हालसम्म विश्वव्यापी रूपमा ४ ओटा विश्व महिला सम्मेलनहरू भैसकेका छन् । तदनुरूप नेपालले महिलाविरुद्धका सबै प्रकारका विभेदको अन्त्य गर्नको लागि संवेधानिक, कानुनी व्यवस्था तथा प्रभावकारी कार्यान्वयनको लागि विभिन्न संयन्त्रहरू जस्तै महिला आयोगसमेत निर्माण गएिको अवस्था रहेको छ ।

नागरिकका मानवअधिकारको संरक्षण गर्न र देशमा मानवअधिकारको संस्कृतिको विकास गर्ने उद्देश्यका साथ Paris Principle को आधारमा स्थापित राष्ट्रिय मानवअधिकार आयोगले महिलामाथि हुने सबै प्रकारका विभेद तथा हिंसाका विरुद्धमा गतिविधि सञ्चालन गरी संरक्षण र संवर्द्धनको क्षेत्रमा क्रियाशील रहेको छ । आयोगले राज्यको दायित्व पूरा गराउनको लागि व्यक्तिगत उजुरीउपर अनुसन्धान गरी सिफारिस गर्ने, महिला विभेदको अत्य गर्नको लागि उपयुक्त कानुन तथा प्रभावकारी कार्यान्वयनका लागि कानुनी संयन्त्रको निर्माणको लागि सिफारिस गर्नेजस्ता कामहरू गर्दै आइरहेको छ ।

१०० औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइरहेको वर्तमान अवस्थामा समेत नेपाली समाज नारी अधिकारका विरुद्धका विभिन्न रूपहरूको चपेटामा परिरहेको र नेपाली नारीहरू विविध प्रकार र रूपका हिंसामा जिउन बाध्य भइरहेका छन् । नेपाली समाजको वर्तमान अवस्थाको महिलाहिंसाको प्रवृतिलाई हेर्दा नेपाली समाज घरेलु हिंसा, बेचबिखन, बलात्कार/यौनजन्य हिंसा, बोक्सी, एकल महिला तथा विविध प्रकारका सामाजिक कुरीतिहरूको सिकार बन्न बाध्य भएका छन् ।

राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जले एक वर्षको बीचमा आयोगमा परेका विभिन्न महिलाअधिकारसम्बन्धी उजुरीहरू तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारहरूको मिडिया अनुगमनको क्रममा प्राप्त तथ्यहरूको अध्ययनबाट पनि यस क्षेत्र हालसम्म पनि महिलाअधिकारमैत्री बन्न नसकेको, राज्यका निकायहरूले प्रभावकारी ढङ्गले राज्यका कानुनहरूको कार्यान्वयन गर्न नसकेको स्पष्ट रूपमा देखाएको छ । आयोगमा परेका उजुरीहरूको रेकर्डको आधारमा ५० प्रतिशत उजुरीहरू बाँके जिल्लाबाट मात्र परेको देखिन्छ भने करिब १५ प्रतिशतका

दरले उजुरीहरू बर्दिया, सुर्खेत र दैलेख जिल्लाबाट परेको देखिन्छ । उजुरीहरूको प्रकृतिको अध्ययन गर्दा घरेलु हिंसा प्रमुख रूपमा रहेको छ, जसले गर्दा प्रवृत्तिगत रूपमा देशको तराई भूभागमा महिलाहरूका विरुद्धमा घरेलु हिंसाका घटनाहरू भइरहेको देखिन्छ । विगत द्वन्द्वकालदेखिका उजुरीहरूको विश्लेषण गर्ने हो भने ५५ प्रतिशतभन्दा बढी राज्यका निकायहरूबाट गरिएका महिलाविरुद्धका घटनाहरू रहेका छन्, जसमा हत्या, बेपत्ता, अपहरण, जबर्जस्ती करणी बेचबिखन जस्ता घटनाहरू प्रमुख रूपमा रहेका छन् ।

यसैगरी पत्रपत्रिका तथा आयोगको अनुगमनबाट प्राप्त तथ्याङ्कका आधारमा हेर्ने हो भने करिव ६० प्रतिशत महिलाहिंसाका समाचारहरू बाँकेका रहेका छन् भने करिब ३० प्रतिशत घटनाहरू बर्दिया जिल्लाका रहेका छन्, जुन अधिकांश घरेलु हिंसा श्रीमान्‌बाट हत्या, बेपत्ता/अपहरण, बेचबिखन, बलात्कारसँग सम्बन्धित रहेका छन् । यसरी महिलाविरुद्ध हुने हिंसा रोकथाम तथा न्यूनीकरण गर्नको लागि राज्यले विभिन्न ऐन, कानुनहरू निर्माण गरिसकेको र सोको प्रभावकारी कार्यान्ययनको लागि विभिन्न संयन्त्रहरू भएका अवस्थामा पनि यस प्रकारका घटनाहरूको निरन्तरताले राज्य महिलाविरुद्ध हुने हिंसा रोक्न सकेको अवस्था देखिँदैन, जसले गर्दा सरकारले यस प्रकारका घटनामा संलग्न व्यक्तिहरूलाई कानुनको दायरामा ल्याउन सकिरहेको छैन । महिलाहिंसा कसुर र सजाय ऐन, २०६६ आइसकेको अवस्थामा समेत महिलाहिंसा रोक्न पर्याप्त कार्य र उचित सजायको व्यवस्था प्रभावकारी रूपले समावेश तथा कार्यान्यन गर्न नसकेको स्पष्ट छ तसर्थ यस अन्तर्राष्ट्रिय नारी दिवसका सन्दर्भमा विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन गर्न र महिलाहिंसाको विरुद्धमा आवश्यक कानुन तथा संयन्त्रको निर्माणको लागि राज्य तथा अन्य सरोकारवालाहरू प्रतिवद्ध हुन जरुरी भइसकेको छ । त्यसो हुन सकेमा मात्र यस २०१० को नारी दिवसको अन्तर्राष्ट्रिय नारा सबैको विकासका लागि समान अवसर र समान अधिकार सार्थक हुन सक्दछ ।
(मुरारीप्रसाद खरेल, नि. निर्देशक)

## ४.१७ शारदा उच्चमावि मुडभरा अछामको घटनासम्बन्धमा

ललितपुर/२०६० कार्तिक १२ गते

राष्ट्रिय मानवअधिकार आयोगले श्री शारदा उच्चमावि, मुडभरा, डोटीमा २०६०/६/२६ गते भएको दुःखद घटनाका सम्बन्धमा सुरक्षा निकायबाट भएको जाँचबुझ प्रतिवेदन आयोगलाई उपलब्ध गराइदिनका लागि रक्षा मन्त्रालयलाई एक पत्र लेखी पठाएको छ । यसअघि आयोगको एक टोली मिति २०६०/७/१ गते नेपालगञ्जतर्फ गई प्रत्यक्षदर्शी, घाइते विद्यार्थीहरू, उपचारमा संलग्न चिकित्सकहरू तथा केही शिक्षकबाट समेत घटनाको सम्बन्धमा आवश्यक जानकारी लिएको र बालबालिकाको क्षेत्रमा कार्य गर्ने विभिन्न संस्थाहरूको संयुक्त पहलमा गठित बालबालिका शान्तिक्षेत्र राष्ट्रिय अभियानले समेत स्थलगत निरीक्षण गरी तयार पारिएको प्रतिवेदन यस आयोगलाई मिति २०६०/७/७ गतेमा प्राप्त भएकोले उक्त घटनाका सम्बन्धमा आयोगले निष्कर्षमा पुग्नुभन्दा अघि सम्बन्धित सबै पक्षबाट आवश्यक जानकारी लिने सन्दर्भमा उक्त पत्र लेखिएको छ ।
(टीकाराम पोखरेल, अधिकृत तृतीय)

### ४.१८ बालबालिकाहरूलाई उद्धार गर्नेसम्बन्धमा

ललितपुर/२०६१ असार ११ गते

भारतको उत्तरप्रदेशस्थित गौडा जिल्लामा संचालित "द ग्रेट रोमन सर्कस"मा लगाइएका २५ जना नेपाली बालबालिकाहरूलाई सर्कसका जोखिमपूर्ण कार्यहरू गर्न बाध्य बनाइने, बलात्कारका सिकार हुनुपर्ने तथा अन्य अमानवीय व्यवहार खेप्नुपर्नेजस्ता नारकीय जीवन बिताइरहेका घटनाप्रति र ती बालबालिकाको उद्धारका निम्ति छिमेकी राष्ट्र भारतका बालअधिकारमा कार्यरत संस्थाबाट गरिएका प्रयासमा बाधा पुऱ्याइएको भन्ने पत्र पत्रिकामा प्रकाशित समाचारप्रति राष्ट्रिय मानवअधिकार आयोग आफ्नो चासो व्यक्त गर्दै श्री ५ को सरकारलाई पत्र लेखी सर्कसमा रहेका बालबालिकाहरूलाई उद्धार गरी नेपाल फर्काई उनीहरूको शिक्षा तथा स्वास्थ्यसहितको बसोबासको व्यवस्था मिलाई बालअधिकार संरक्षणप्रतिको दायित्व निर्वाह गर्नको लागि अनुरोध गरेको छ । यस समस्याको समाधान गर्न प्रयत्नरत भारतीय राष्ट्रिय मानवअधिकार आयोगलाई समेत एक पत्र लेखी बालबालिकाहरूको अधिकार संरक्षणमा उसले खेलेको भूमिकाको सराहना गर्दै भविष्यमा पनि बेचबिखनमा परेका नेपाली बालबालिकाको अधिकार संरक्षणमा सहयोग प्राप्त हुने अपेक्षासमेत गरेको छ ।
(राधाकृष्ण उप्रेती, उपसचिव)

### ४.१९ विद्यालयमा आक्रमण नगर्न नेकपा माओवादीलाई आग्रह

ललितपुर/२०६२ वैशाख १९ गते

विगत केही दिनदेखि नेकपा माओवादीले सुचारु रूपमा पठनपाठन सञ्चालन भइरहेको अवस्थामा भैरहवास्थित सनसाइन आवासीय उच्चमाध्यमिक विद्यालय, कैलालीको एभरेष्ट आवासीय उच्चमाध्यमिक विद्यालय, चितवनको स्मल हेभन माध्यमिक विद्यालय, नेपालगञ्जको वागेश्वरी बोर्डिङ्ग स्कुल, पोखराको युर्निभर्सल बोर्डिङ्ग स्कुललगायत विभिन्न शैक्षिक संस्थाहरूमा बम प्रहार गरी विद्यालयलाई क्षतिग्रस्त तुल्याएकाले बालबालिकाहरूको पठनपाठनमा असर पारेको भन्ने विषयले आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

विद्यालय जस्तो पवित्र शैक्षिक संस्थाहरूमा गरिने आक्रमणले बालबालिकाहरूमा मनोवैज्ञानिक असर पार्नुका साथै पढाइमा समेत दूरगामी प्रभाव पार्ने हुन्छ । आयोगले यसअघि पनि नेकपा माओवादीलाई पटकपटक मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्न आग्रह गरिरहेको सर्न्दभमा यस्तो घटना घट्नुलाई आयोगले गम्भीर रूपमा लिएको छ । बालबालिका र विद्यालय शान्तिक्षेत्र हुन् भन्ने भनाइलाई सार्थक तुल्याउन शैक्षिक संस्थाहरूलाई शान्ति क्षेत्रको रूपमा मान्यता दिई त्यस्ता संस्थाका हाताभित्र शिक्षा वा शान्ति भङ्ग गर्ने क्रियाकलापलाई प्रोत्साहन नगर्न, नगराउनसमेत आयोग सम्बन्धित पक्षहरूलाई आग्रह गर्न चाहन्छ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

### ४.२० बालबालिकाको पढ्न पाउने अधिकार सुनिश्चित गर्न अनेरास्ववियु (क्रान्तिकारी)लाई आग्रह

ललितपुर/२०६२ असार १ गते

अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)को दवाबका कारण मेची र कोशी अञ्चलको पहाडी क्षेत्रका विद्यालयमा विगत डेढ महिना यता सुचारु रूपमा पठनपाठन हुन नसकेको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग चासो व्यक्त गर्दछ ।

यसरी विद्यालय जबर्जस्ती बन्द गर्न लगाई बालबालिकाको शिक्षा पाउने आधारभूत अधिकारमाथि अवरोध सिर्जना गर्नुले मानवअधिकारका प्रचलित सिद्धान्तको बर्खिलाप गरेको ठहर्छ । आयोगले यसअघि पनि अनेरास्ववियु (क्रान्तिकारी)लाई बालबालिकाको शिक्षा पाउने अधिकारलाई सम्मान गर्न पटकपटक सार्वजनिक आह्वान गरिसकेको सन्दर्भमा पुनः यस्ता कार्य दोहोरिनु मानवअधिकारप्रति प्रतिबद्ध कसैका लागि पनि सकारात्मक होइन । तसर्थ, आयोग पुनः एकपटक अनेरास्ववियु (क्रान्तिकारी)लाई विद्यालय जबर्जस्ती बन्द गराउने कार्य रोक्न र भविष्यमा यसखालका घटना नदोहोऱ्याउन अपिल गर्दछ । विद्यालयलाई शान्तिक्षेत्रका रूपमा विकास गरी बालबालिकाको पढ्न पाउने अधिकार उपभोग हुने वातावरण निर्माण गर्न सघाउ पुऱ्याउन पनि आयोग अनेरास्ववियु (क्रान्तिकारी)लाई आग्रह गर्दछ ।

आयोगमा आज प्राप्त उजुरीअनुसार अनेरास्ववियु (क्रान्तिकारी)को दवाब र चेतावनीका कारण सो क्षेत्रका १५० विद्यालय बन्द छन् । बन्दबाट विद्यालयमा अध्ययन गर्ने ४० हजार विद्यार्थीका साथै कार्यरत दुई हजार पाँच सय शिक्षक तथा कर्मचारी प्रभावित भएका छन् । विद्यालय बन्द भएका मेची र कोशीका पूर्वी पहाडी जिल्लाहरूमा इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभा, भोजपुर, धनकुटा रहेका छन् ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ४.२१ आयोगद्वारा मानवअधिकार स्थितिको अनुगमन प्रारम्भ

ललितपुर/२०६२ असार १७ गते

राष्ट्रिय मानवअधिकार आयोगले अधिराज्यका विभिन्न १० जिल्लाहरूमा सशस्त्र द्वन्द्वमा बालअधिकारको विषयलाई केन्द्रित गरी मानवअधिकार स्थितिको अनुगमन थालेको छ । यसक्रममा आयोगका अधिकृत कर्मचारीहरू सम्मिलित टोलीहरू सम्बन्धित जिल्लामा आज प्रस्थान गरेका छन् ।

आयोगले अनुगमन थालेका जिल्लाहरूमा पूर्वाञ्चलको ताप्लेजुङ, पाँचथर र झापा, मध्यमाञ्चलको सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक, पश्चिमाञ्चलको बाग्लुङ र म्याग्दी, मध्यपश्चिमाञ्चलको कालिकोट र जुम्ला तथा सुदूरपश्चिमाञ्चलको बझाङ र दार्चुला रहेका छन् ।

अनुगमन टोलीले बालअधिकारसँग सम्बन्धित रहेर गैरन्यायिक हत्या तथा अङ्गभङ्ग, बालसैन्यको प्रयोग तथा भर्ना, विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग, बलात्कार तथा बालबालिकाविरूद्ध अन्य गम्भीर प्रकृतिका हिंसाहरू, बालबालिकाको अपहरण, गैरकानुनी थुना र बालबालिकालाई मानवीय सहयोग गर्न अस्वीकार गरिएका विषयहरूको विशेष अनुगमन गर्नेछ ।

यसका अतिरिक्त टोलीहरूले बालबालिकाको हितका लागि स्थानीय तहमा परिचालित स्रोतहरू, विभिन्न सङ्घ, संस्थाले राखेका बालबालिकाको तथ्याङ्क, उनीहरूको हित र अधिकारका लागि सञ्चालित कार्यक्रम, बालश्रम, बालविवाहलगायतका विषयमा जानकारी लिनेछन् । साथै आयोगका टोलीहरूले बालबालिकामाथि हुने यौनशोषण, शिक्षामाथि उनीहरूको पहुँच, एच.आई.भी.बाट पीडित बालबालिका समस्या, शरणार्थी बालबालिका तथा शरणार्थी हैसियत माग गर्ने बालबालिकाका सम्बन्धमा पनि जानकारी लिनेछन् । अनुगमनका क्रममा ती जिल्लाहरूमा सम्बद्ध सबै पक्षसँग बालअधिकारका सम्बन्धमा छलफल र अन्तर्क्रियासमेत गरिनेछ ।

मुलुकमा विद्यमान सशस्त्र द्वन्द्वले बालअधिकारको निर्वाध उपयोगमा पारेको समस्यालाई ध्यानमा राखेर बालअधिकारमा केन्द्रित रही आयोगले बृहत रूपमा अनुगमन थालेको हो । आयोगमा बालअधिकारको संरक्षण र सम्बर्द्धनका लागि छुट्टै बालअधिकार इकाईसमेत स्थापना भइसकेको छ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

४.२२ उच्चमाध्यामिक शिक्षा परिषद्मा भएको घटनामा आयोगको अनुसन्धान

ललितपुर/२०६२ असार २४ गते

उच्चमाध्यमिक शिक्षा परिषद्मा यही असार २२ सुरक्षाकर्मीले विद्यार्थीमाथि कुटपिट गरेको भन्ने घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धान सुरु गरेको छ ।

कक्षा ११ बाट अनिवार्य नेपाली विषय हटाइएको सम्बन्धमा उठेको विवाद समाधान गर्न परिषद्भित्र वार्ता भइरहेको अवस्थामा त्यहाँ भेला भएका विद्यार्थीलाई सुरक्षाकर्मीले कुटपिट गरेको भन्ने प्राप्त उजुरीका आधारमा घटनाउपर आयोगले आजदेखि अनुसन्धान अघि बढाएको हो ।

घटनाको अनुसन्धानका सिलसिलामा आयोगबाट खटिई गएको अनुसन्धान टोलीले आज घटनास्थललगायत घाइते विद्यार्थी उपचार भइरहेका काठमाडौं उपत्यकास्थित विभिन्न अस्पतालमा गई घाइतेलाई भेटी आवश्यक तथ्यहरू सङ्कलन गर्ने क्रम सुरु गरेको छ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

**४.२३ आयोगद्वारा सशस्त्र द्वन्द्वमा बालअधिकारको अनुगमन सम्पन्न**

**ललित**पुर/२०६२ साउन १२ गते

राष्ट्रिय मानवअधिकार आयोगले अधिराज्यका विभिन्न ११ जिल्लाहरूमा सशस्त्र द्वन्द्वमा बालअधिकारको विषयलाई केन्द्रित गरी मानवअधिकार स्थितिको अनुगमन सम्पन्न गरेको छ ।

अनुगमनका लागि आयोगको केन्द्रीय तथा क्षेत्रीय कार्यालयहरूबाट सम्बन्धित जिल्लामा खटिई गएका अधिकृत कर्मचारीहरू सम्मिलित टोलीहरू आ० नो काम सम्पन्न गरी फर्किसकेका छन् ।

आयोगले अनुगमन सम्पन्न गरेका जिल्लाहरूमा पूर्वाञ्चलको ताप्लेजुङ, पाँचथर र झापा, मध्यमाञ्चलको सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक, पश्चिमाञ्चलको बाग्लुङ र म्याग्दी, मध्यपश्चिमाञ्चलको कालिकोट र जुम्ला तथा सुदूरपश्चिमाञ्चलको बझाङ र दार्चुला रहेका छन् ।

अनुगमन टोलीले बालअधिकारसँग सम्बन्धित रहेर गैरन्यायिक हत्या तथा अङ्गभङ्ग, बालसैन्यको प्रयोग तथा भर्ना, विद्यालयमा आक्रमण तथा द्वन्द्वमा विद्यालयको प्रयोग, बलात्कार तथा बालबालिकाविरुद्ध अन्य गम्भीर प्रकृतिका हिंसाहरू, बालबालिकाको अपहरण, गैरकानुनी थुना र बालबालिकालाई मानवीय सहयोग गर्न अस्वीकार गरिएका विषयहरूको विशेष अनुगमन गरेको थियो ।

यसका अतिरिक्त टोलीहरूले बालबालिकाको हितका लागि स्थानीय तहमा परिचालित स्रोतहरू, विभिन्न सङ्घसंस्थाले राखेका बालबालिकाको तथ्याङ्क, उनीहरूको हित र अधिकारका लागि सञ्चालित कार्यक्रम, बालश्रम, बालबिवाहलगायतका विषयमा जानकारी लिएको थियो साथै आयोगका टोलीहरूले बालबालिकामाथि हुने यौनशोषण, शिक्षामाथि उनीहरूको पहुँच, एच.आई.भी.बाट पीडित बालबालिका समस्या, शरणार्थी बालबालिका तथा शरणार्थी हैसियत माग गर्ने बालबालिकाका सम्बन्धमा पनि जानकारी लिएको थियो । अनुगमनका क्रममा ती जिल्लाहरूमा सम्बद्ध सबै पक्षसँग बालअधिकारका सम्बन्धमा छलफल र अन्तर्क्रियासमेत गरिएको थियो ।

मुलुकमा विद्यमान सशस्त्र द्वन्द्वले बालअधिकारको निर्वाध उपयोगमा पारेको समस्यालाई ध्यानमा राखेर बालअधिकारमा केन्द्रित रही आयोगले बृहतरूपमा अनुगमन थालेको हो । यससम्बन्धी अनुगमन प्रतिवेदन तयार भएपछि आयोगले यथासमयमा सार्वजनिक गर्नेछ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ४.२४ आयोगले सुनसरी घटनाको अनुसन्धान थाल्यो

ललितपुर/२०६३ वैशाख २८ गते

राष्ट्रिय मानवअधिकार आयोगको एक टोली यही वैशाख २६ गते सुनसरी जिल्लाको झुम्कास्थित चतरा नहरमा १३ जना स्कुले बालबालिकाहरूको मृत्यु भएको घटनाको बारेमा अध्ययन तथा अनुसन्धान गर्न आज घटनास्थलतर्फ खटिई गएको छ ।

आयोगको विराटनगरस्थित क्षेत्रीय कार्यालयका निर्देशक सुवर्ण कर्माचार्यको नेतृत्वमा रहेको उक्त अनुसन्धान टोली बालअधिकारको हनन् भएको विषयमा आवश्यक अनुसन्धान गर्न घटनास्थलतर्फ प्रस्थान गरेको हो ।
(राधाकृष्ण उप्रेती, निमित्त सचिव)

### ४.२५ नेकपा माओवादीलाई आह्वान

ललितपुर/२०६३ मङ्सिर १ गते

नेकपा माओवादीका कार्यकर्ताहरूले मुलुकका विभिन्न स्थानबाट स्कुले विद्यार्थी तथा युवाहरूलाई आर्थिक प्रलोभनमा पार्ने र जबर्जस्ती कब्जामा लिई सैन्य गतिविधिमा संलग्न गराइएको भनी यस आयोगमा प्राप्त उजुरीहरू र यसै सम्बन्धमा केही दिनयता विभिन्न सञ्चार माध्यममा प्रकाशित/प्रसारित समाचारहरूका सम्बन्धमा आयोग विशेष चासो व्यक्त गर्दछ ।

पाल्पा, कपिलवस्तु, दैलेख, बैतडी, सुर्खेत, रामेछाप, धादिङ, ताप्लेजुङ, मोरङ, सुनसरी, उदयपुर, नवलपरासीलगायतका जिल्लाहरूमा विद्यालयमा पठनपाठन भइरहेको समयमा समेत विद्यार्थीहरूलाई जबर्जस्ती कब्जामा लिई सैन्य गतिविधिमा संलग्न गराइएको आयोगको अनुगमन तथा प्राप्त उजुरीहरूबाट समेत स्पष्ट भएको छ ।

नेकपा माओवादीको यस्ता कार्य बालअधिकारसम्बन्धी महासन्धि, १९८९, विद्यमान नेपाल कानुन र मानवअधिकार तथा बालअधिकारका सर्वमान्य सिद्धान्तविपरीत छन् । माओवादीको यस कार्यबाट नेपाल सरकार र नेकपा माओवादीबीच यही कार्तिक २२ गते भएको सम्झौता तथा युद्धविराम आचारसंहिताको समेत बर्खिलाप हुन पुगेको देखिन्छ ।

मुलुकमा अघि बढिरहेको शान्ति वार्ता, मानवअधिकार तथा बालअधिकारको संरक्षणमा आफूबाट पटकपटक व्यक्त सार्वजनिक प्रतिबद्धता र मानवअधिकारका सिद्धान्तहरूलाई ख्याल राख्दै यस्ता क्रियाकलाप तत्काल बन्द गर्न आयोग नेकपा माओवादीलाई आह्वान गर्दछ ।
(ध्रुव नेपाल, नि. सचिव)

### ४.२६ सत्रौँ अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा आयोगबाट जारी विज्ञप्ति

ललितपुर/२०६३ मङ्सिर ४ गते

मुलुकमा अहिले पनि हजारौँको संख्यामा बालबालिकाहरू बालअधिकारका दृष्टिले जोखिमपूर्ण जीवन जिउन बाध्य छन् । बालबालिकाहरूको जन्मदर्ता गर्नेदेखि लिएर पोषणयुक्त खाना र प्राथमिक स्वास्थ्य उपचारलगायतका आधारभूत अधिकारहरूको समेत प्रत्याभूति हुन सकेको छैन । बालबालिकाहरू घरेलु हिंसा, बालश्रम, बालविवाह, बालबेचबिखन, शारीरिक तथा मानसिक शोषणलगायतका समस्याबाट पीडित भइरहेका छन् ।

मुलुकमा एक दशक लामो सशस्त्र द्वन्द्वका क्रममा थुप्रै बालबालिकाहरू अनाथ भएका छन् । उनीहरूलगायत विभिन्न भागबाट बिस्थापित सयौँ बालबालिकाहरू शारीरिक तथा मानसिक पीडामा परेका छन् । सशस्त्र द्वन्द्वका अवधिमा बालबालिकाहरू अपहरण, हत्या, अङ्गभङ्ग, विष्फोटन जस्ता समस्याबाट गुज्रिनुपरेको यथार्थ पनि ताजै छ ।

नेपाल सरकार र नेकपा माओवादीबीच ऐतिहासिक ढङ्गले शान्ति वार्ता अघि बढिरहेको छ तर यसबीचमा नेकपा माओवादीबाट मुलुकका विभिन्न भागमा बालबालिकाहरूलाई बलजफ्ती कब्जामा लिई सैन्य गतिविधिमा संलग्न गराउने कार्य भएको आयोगको अनुगमन टोलीहरूले पुष्टि गरेका छन् । विभिन्न आमसञ्चार माध्यमहरूबाट समेत माओवादीबाट भएको सो कार्यका बारेमा समाचारहरू प्रकाशमा आउनु दुःखलाग्दो कुरा हो । बालबालिकाहरूलाई कुनै पनि किसिमले जबर्जस्ती गर्ने र उनीहरूको शिक्षा पाउने अधिकारमा अवरोध पुऱ्याउने कार्य कुनै पनि पक्षबाट हुनुहुँदैन ।

राज्यले बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमार्फत् बालअधिकार संरक्षणमा जाहेर गरेको प्रतिबद्धता अभ्यासमा पूर्ण रूपमा लागू हुन सकेको छैन ।  यस अवसरमा बालअधिकारको रक्षार्थ राज्यले जारी गरेका प्रतिबद्धता र कानुनहरूलाई पूर्ण र प्रभावकारी कार्यान्वयन गर्न अग्रसर हुन सम्बन्धित सबैले विशेष पहल गर्नुपर्छ । यसरी नै बालअधिकारको संरक्षणका लागि राजनीतिक दलहरू, मानवअधिकार र बालअधिकारसम्बन्धी सङ्घसंस्थाहरू तथा सम्पूर्ण सरोकारवालाहरूले आ-आफ्नो ठाउँबाट सक्दो र सामूहिक प्रयास गर्नुपर्ने आजको आवश्यकता हो ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## ४.२७ बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुनुपर्ने

ललितपुर/२०६४ जेठ १० गते

केही दिनदेखि भएको अनिश्चितकालीन विद्यालय बन्दले मुलुकका ७० लाखभन्दा बढी बालबालिकाहरूको भविष्य अनिश्चित हुन गएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोगको कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । यसबाट बालबालिकाको शिक्षाको अधिकारमाथि प्रत्यक्ष रूपमा अवरोध सिर्जना हुन पुगेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले शिक्षाको अधिकारलाई मौलिक अधिकारका रूपमा प्रत्याभूत गरेको छ । त्यसैगरी नेपाल पक्ष रहेको बालबालिकासम्बन्धी  महासन्धि तथा मानवअधिकारका अन्य अन्तर्राष्ट्रिय महासन्धिहरूले समेत शिक्षाको अधिकारलाई सुनिश्चित गरेको अवस्थामा विद्यार्थीहरूको निर्बाधरूपमा पढ्न पाउने अधिकार प्रत्याभूत र सम्मान गर्दै बन्द विद्यालयहरू तत्काल पुनः सुचारु हुने वातावरण बनाउन आयोगको कार्यालय सरकार, आन्दोलनरत पक्ष, विद्यालय व्यवस्थापनलगायत अन्य सम्पूर्ण सरोकारवालाहरूलाई आग्रह गर्दछ ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## ४.२८ संविधानसभामा बालअधिकारका सवालहरूलाई सम्बोधन गर्नुपर्ने

ललितपुर/२०६४ असार २१ गते

बालअधिकारको क्षेत्रमा संलग्न विभिन्न सरोकारवालाहरूले संविधानसभाको निर्वाचनसम्बन्धी सम्पूर्ण प्रक्रियादेखि संविधानसभाले बनाउने नयाँ संविधानमा बालअधिकारको सुनिश्चितता, संरक्षण, प्रवर्द्धन र प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सरोकारवालाहरूको महत्त्वपूर्ण भूमिका हुने बताएका छन् ।

राष्ट्रिय मानवअधिकार आयोगले आज यहाँ आयोजना गरेको 'संविधानसभामा बालअधिकारका सवालहरू सुनिश्चित गर्नेसम्बन्धमा सरोकारवालाहरूको दायित्व' विषयक अन्तर्क्रिया कार्यक्रममा सहभागी राजनीतिक दल, गैरसरकारी संस्था, नागरिक समाज, आमसञ्चार माध्यम, बालक्लव, विद्यार्थी सङ्गठन, व्यावसायिक सङ्घसंस्थाका प्रतिनिधिहरूले सो कुरामा जोड दिँदै त्यसका लागि निम्न कुराहरूमा ध्यान पुऱ्याउनुपर्ने बताए ।

संविधानसभाको निर्वाचनसम्बन्धी सम्पूर्ण प्रक्रियामा बालबालिकाहरूको व्यापक सहभागिताको सुनिश्चितता गर्ने, राजनीतिक दलहरूलाई बालअधिकारसम्बन्धी विषयहरूलाई चुनावी घोषणापत्रमा प्राथमिकता दिन र बालबालिका शान्तिक्षेत्रको अवधारणालाई सम्मान गर्न आग्रह गर्ने, संविधानसभाको निर्वाचनमा बालअधिकारको हनन् नहोस् भनी पर्यवेक्षण र अनुगमन गर्ने, विद्यालयलाई शान्तिक्षेत्रको रूपमा कायम गर्ने अभियानलाई व्यापकरूपमा अगाडि बढाउने, संविधानसभाको निर्वाचन र सो प्रक्रियाबाट बन्ने नयाँ संविधानमा बालअधिकारको सुनिश्चितता प्रदान गर्नका लागि बालबालिकाहरूमा व्यापकरूपमा सचेतनामूलक कार्यक्रमहरू अगाडि बढाउने ।

बालअधिकार उल्लङ्घनकर्तालाई कार्वाही गराउन तथा विगतको सशस्त्र द्वन्द्वमा पीडितलाई क्षतिपूर्ति तथा पीडित बालबालिकाहरूको शिक्षा, स्वास्थ्य तथा खाद्यान्नका अधिकारलाई सुनिश्चित गर्न समन्वयात्मक ढङ्गले वकालत गर्ने, बालबालिकाका क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू, सरकारी एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूबीच सूचना तथा अनुभव आदानप्रदान, क्षमता अभिवृद्धिलगायतका क्षेत्रमा कार्य गर्न सञ्जाल निर्माण गर्ने, निर्वाचनपछि बन्ने संविधानसभाबाट निर्माण हुने नयाँ संविधानमा बालअधिकारको संरक्षण र सुनिश्चित गर्न साझा अभियान सञ्चालन गर्ने, राष्ट्रिय मानवअधिकार आयोगले गरेका निर्णयहरूको कार्यान्वयन गराउन सबै क्षेत्रबाट पहल गर्ने ।

उक्त कार्यक्रममा बाल मजदूर सरकोर केन्द्र (सिविन)का अध्यक्ष गौरी प्रधानले संविधानसभामा बालअधिकार विषयमा कार्यपत्र प्रस्तुत गर्दै संविधानसभा निर्वाचन प्रक्रिया र सो सभाले बनाउने नयाँ संविधानमा बालअधिकार सुनिश्चितता गर्नका लागि सम्पूर्ण सरोकारवालाहरूको महत्त्वपूर्ण भूमिका हुने बताउनुभएको थियो ।

कार्यक्रममा विभिन्न सङ्घसंस्थाका १२० जनाभन्दा बढीको सहभागिता रहेको थियो ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

### ४.२९ विद्यालयबाट बेस क्याम्प हटाउन सरकारलाई सिफारिस

ललितपुर/२०६४ माघ २ गते

राष्ट्रिय मानवअधिकार आयोगले सप्तरी जिल्लाको हनुमाननगरस्थित लिलजा ठाकुर राष्ट्रिय प्राथमिक विद्यालय भवन तथा परिसरबाट सशस्त्र प्रहरीको बेस क्याम्प हटाउन आज नेपाल सरकारलाई पत्राचार गरेको छ ।

सो विद्यालय भवनमा विगत दुई वर्षदेखि सुरक्षाकर्मी बस्दै आएको र सशस्त्र प्रहरीको दन्तकाली गणले जबर्जस्ती कब्जा गरी क्याम्प राखेको जानकारीप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै आयोगले सो विद्यालय परिसरबाट तत्काल क्याम्प हटाई त्यसको जानकारी आयोगलाई दिन भनी सिफारिस गरेको हो ।

विद्यालय सशस्त्र प्रहरीले प्रयोग गरेपछि सो विद्यालयका एक हजारभन्दा बढी विद्यार्थीहरू परिसरबाहिर खुला चउरमा बसेर पढ्न बाध्य रहेको कुरा २०६४ माघ १ गतेको नयाँ पत्रिकाले तस्वीरसहित प्रकाशन गरेको थियो ।

निर्भयतापूर्वक शिक्षा आर्जन गर्न पाउनु बालबालिकाको अधिकार हो । यस अधिकारलाई नेपालको संविधान, मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले स्पष्टसँग प्रत्याभूत गरेका छन् । सशस्त्र प्रहरी क्याम्प विद्यालय भवनमा राख्ने कार्यले नेपालको अन्तरिम संविधान र बालअधिकारसम्बन्धी संयुक्त सङ्गठनीय महासन्धि तथा नेपाल सरकार र नेकपा माओवादीबीच समपन्न बिस्तृत शान्तिसम्झौताको समेत प्रत्यक्ष उल्लङ्घन भएको देखाउँछ ।

विद्यालयलाई शान्ति क्षेत्रका रूपमा विकसित गर्नुपर्छ भन्ने कुरा आयोगले विगतदेखि नै उठाउँदै आएको हो । सशस्त्र प्रहरी कयाम्प त्यहाँ राखेबाट सो विद्यालयका बालबालिकाको शिक्षा पाउने अधिकारमाथि हस्तक्षेप हुनुका साथै विद्यालय तथा बालबालिका शान्तिक्षेत्र हुन् भन्ने प्रतिबद्धता पनि पालना भएको देखिँदैन ।

यसैबीच यससम्बन्धमा थप अनुगमन/अनुसन्धानका लागि आयोगको विराटनगरस्थित क्षेत्रीय कार्यालयबाट एक टोली भोलि त्यसतर्फ प्रस्थान गर्दै छ ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## ४.३० पाठ्यपुस्तक सर्वसुलभ नभएकोमा आयोगको ध्यानाकर्षण

ललितपुर/२०६५ असार २४ गते

राष्ट्रिय मानवअधिकार आयोगले असार महिना बित्न लाग्दासमेत विद्यालय तहका पाठ्यपुस्तक सर्वसुलभ हुन नसकेकोमा गम्भीर चासो प्रकट गर्दै शिक्षा मन्त्रालयलाई विद्यार्थीहरूको शिक्षाप्राप्तिको अधिकार सुनिश्चित गर्न पत्राचार गरेको छ । विभिन्न भाषामा तयार गरिनुपर्ने पाठ्यपुस्तक उपलब्ध नभएको, त्यस्तै कक्षा ९ र १० का पाठ्यपुस्तक नेपालभर अझसम्म उपलब्ध हुन नसक्नुको कारण र अहिलेसम्म भए गरेका प्रगति विवरणका बारेमा सात दिनभित्र आयोगलाई जानकारी दिन गत १९ गते शिक्षा तथा खेलकुद मन्त्रालयलाई पत्राचार गरेको थियो ।

शिक्षाप्राप्ति व्यक्तिको मौलिक अधिकार हो । यस अधिकारलाई मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २६ ले सुनिश्चित गरेको छ । नेपाल पक्षराष्ट्र भएको 'आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १३ मा बालबालिकालाई शिक्षा प्रदान गर्ने विषयमा राज्यको दायित्व स्पष्ट रूपमा उल्लेख गरिएको छ । त्यसैगरी बालअधिकार महासन्धिको धारा २८ मा पनि बालबालिकाको शिक्षाप्राप्तिको अधिकार पूरा

गर्न राज्यका दायित्वहरू किटान गरिएका छन् । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७ (२) मा 'प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ' भन्ने उल्लेख छ ।

सन् २०१५ सम्ममा सबैका लागि शिक्षासम्बन्धी डकार घोषणापत्रमा नेपालले प्रतिबद्धता जनाइसकेको भए पनि सीमान्तकृत वर्ग तथा दुर्गम भेगका बालबालिकाहरूले शिक्षा आर्जनमा अझ बढी उपेक्षित भइरहनु खेदपूर्ण कुरा हो । शिक्षामा सबैको पहुँच र गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्वहरूलाई राज्यले सम्मान र सुनिश्चित गर्नुपर्दछ र त्यो समयमै गरिनुपर्दछ । हरेक व्यक्तिको शिक्षाप्राप्तिको अधिकारलाई परिपूर्ति गर्नु र त्यसलाई व्यवहारमा उतार्नु राज्यको दायित्व भएकोले राष्ट्रिय मानवअधिकार आयोग राज्यका सम्बद्ध सबै निकायलाई यसतर्फ ध्यानाकर्षण गराउँछ ।
(विशाल खनाल, सचिव)

## ४.३१ आयोगद्वारा माओवादी सेनाको शिविरमा अनुगमन : 'बालअधिकारको अवस्था नाजुक'

नेपालगञ्ज/२०६५ भदौ २३ गते

राष्ट्रिय मानवअधिकार आयोगका सदस्यसहितको उच्चस्तरीय टोलीले हिजो सुर्खेतस्थित जनमुक्ति सेनाको ६ नम्बर डिभिजनमा मानवअधिकार तथा बालअधिकार अवस्थाको अनुगमन सम्पन्न गरेको छ । आयोगका सदस्य गौरी प्रधान, क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराईसहित अधिकृतहरूको एक टोलीले नेकपा माओवादीका सेनाको दशरथपुरस्थित ब्यारेकभित्र रहेका सेना तथा बालबालिकाको अवस्था अनुगमन गरेको हो । आयोगको माथिल्लो तहबाट जनसेना शिविरको अनुगमन भएको यो पहिलो पटक हो ।

अनुगमनका क्रममा शिविरभित्र करिब २ सयको सङ्ख्यामा १४ वर्षमुनिका बालबालिका रहेको, युद्धको समयमा घाइते भई हालसम्म शारीरिक तथा मानसिक अशक्त अवस्था भएका २२ जनाको तत्काल उचित स्वस्थ्योपचार गराउनुपर्ने अवस्था रहेको, भरपर्दो सञ्चार व्यवस्था नरहेको तथा बालस्याहार केन्द्रको व्यवस्था नरहेको पाइएको छ । यसले गर्दा शिविरभित्र बालअधिकारको अवस्था ज्यादै नाजुक देखिएकाले तत्काल आवश्यक कदम चाल्नुपर्ने देखिएको छ । त्यस्तै, शिविर स्रोतले आयोग टोलीलाई दिएको जानकारीअनुसार नेपाल सरकारबाट प्राप्त हुनुपर्ने मासिक रकम विगत ११ महिनादेखि उपलब्ध हुन नसकेको देखिएको छ । सैन्य शिविरभित्रको आधारभूत मानवअधिकार अवस्था सुधार्न तथा बिस्तृत शान्तिसम्झौताअनुसार शिविरभित्र रहेका १८ वर्षमुनिका बालसैन्यहरूको सामाजिक पुनःएकीकरणको प्रबन्ध गरिनुपर्नेमा आयोग सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँछ ।

यसैबीच आयोगको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयद्वारा आयोजित 'बालसहभागिता : बाल आवाज' विषयक कार्यशाला सुर्खेतमा गत भदौ २१ गते सम्पन्न भएको छ । एक दिवसीय कार्यशालामा प्रमुख अतिथिको रूपमा बोल्दै आयोगका सदस्य गौरी प्रधानले राज्यले नयाँ नेपाल निर्माणको सपना साकार पार्न बालअधिकार र बालविकासको क्षेत्रमा लगानी बढाउनुपर्ने बताउनुभयो । आजको लगानीको प्रतिफल २५ वर्षपछि देखिने उहाँले उल्लेख गर्नुभयो । सदस्य प्रधानले भन्नुभयो, 'राज्यले बालअधिकार महासन्धिमा हस्ताक्षर गरेको दुई दशक हुनलाग्दा पनि त्यसअनुरूप व्यवहार

गर्न अझै सकेको छैन । फलस्वरूप नेपाली बालबालिकाको अधिकार संरक्षित भएको छैन र बालबालिका अझै जोखिमपूर्ण अवस्थामा छन् ।' उक्त अवसरमा सदस्य प्रधानले कार्यशालाका सहभागीद्वारा सोधिएका विभिन्न जिज्ञासाको जवाफ दिनुभएको थियो । क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न उक्त कार्यशालालाई आयोगका संरक्षण अधिकृतद्वय हरि ज्ञवाली तथा रमेश थापाले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा सुर्खेतस्थित सुरक्षा निकायका प्रमुख, पत्रकार, राजनीतिक दलका प्रतिनिधि, अधिवक्ता तथा मानवअधिकारकर्मीलगायत ८१ जनाभन्दा बढीको सहभागिता थियो ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ४.३२ अन्तर्राष्ट्रिय बालअधिकार दिवसका सन्दर्भमा आयोगबाट जारी गरिएको प्रेस वक्तव्य

ललितपुर/२०६५ मङ्सिर ४ गते

हरेक वर्ष नोभेम्बर २० तारिखमा अन्तर्राष्ट्रिय बालअधिकार दिवस संसारभर मनाउने गरिन्छ । यो वर्षका लागि हाम्रो देशमा 'नयाँ नेपालको नयाँ संविधान, बालअधिकारको पूर्ण सम्मान'को नारा तय गरिएको छ । १९ औं अन्तर्राष्ट्रिय बालअधिकार दिवसका अवसरमा राष्ट्रिय मानवअधिकार आयोग नेपालका सम्पूर्ण बालबालिका रोग, भोक, शोषण, दुर्व्यवहार, अशिक्षा तथा द्वन्द्वको मारबाट मुक्त भई उज्ज्वल भविष्यतर्फ अग्रसर हुन सकून् भनी कामना गर्दछ साथै यस दिवसका अवसरमा बालअधिकार सुदृढीकरण अभियानमा समर्पित सम्पूर्ण मानव सन्ततिप्रति आयोग हार्दिक सम्मान प्रकट गर्दछ ।

नेपाल बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को पक्षराष्ट्र भइसकेको छ, जसले बालबालिकाका आधारभूत मानवअधिकार संरक्षण र परिपूर्ति गरी बालबालिकाको सर्वाङ्गीण विकासका लागि सम्बन्धित देशलाई उत्तरदायी बनाउँछ । सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी इच्छाधीन आलेख, २०००, बालबेचबिखन, बाल वेश्यावृति र अश्लील कार्यमा बालबालिकाको प्रयोगविरुद्धको इच्छाधीन आलेख २०००, निकृष्ट प्रकारका बालश्रमसम्बन्धी आईएलओ महासन्धि, १९९९ मा समेत नेपालले हस्ताक्षर र अनुमोदन गरिसकेको छ । त्यसैगरी, नेपालको अन्तरिम संविधान, २०६३ ले बालअधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ ।

संविधानसभामार्फत् संविधानलेखनको यो महत्त्वपूर्ण समयमा राज्यका विभिन्न निकायहरूबाट समय-समयमा गरिएका बालअधिकारसम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयन स्थितिको समीक्षा गर्ने बेला आएको छ । आयोगले संविधानसभामार्फत् बन्न लागेको संविधान मानवअधिकारमैत्री हुनुपर्छ भनी आवाज उठाइरहेको छ र यसमा बालअधिकारले उचित स्थान पाउनुपर्दछ भन्ने आयोगको धारणा छ ।

बालअधिकार संरक्षण, प्रवर्द्धन र परिपूर्तिका लागि आयोगले नेपाल सरकारलाई विभिन्न समयमा सिफारिसहरू गरिरहेको छ । कार्यान्वयन हुन बाँकी रहेका सिफारिसको कार्यान्वयनका लागि नेपाल सरकारले तत्काल पहल थाल्नुपर्दछ । हिजोको द्वन्द्वको असरबाट गुज्रिरहेका बालबालिका र अन्य विभिन्न जोखिमपूर्ण परिस्थितिबाट आफ्नो सुदूर भविष्यलाई चियाइरहेका नेपालका हजारौं बालबालिकाहरूलाई राहत, पुनःस्थापना र सामाजिक पुनःएकीकरणको खाँचो टड्कारो छ । अब बन्ने

संविधानमा नेपालका सबै बालबालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा, स्वास्थ्य र संरक्षणप्राप्तिलाई सुनिश्चित गर्न नेपाल सरकार र सम्बद्ध सबैलाई राष्ट्रिय मानवअधिकार आयोग यो अन्तर्राष्ट्रिय दिवसका अवसरमा हार्दिक आग्रह गर्दछ । संविधानको धारा २२ मा व्यवस्था गरेबमोजिमको बालअधिकार प्रत्याभूत गर्नेतर्फ आवश्यक पहल थाल्न र बालअधिकारसम्बन्धी विगतमा भएका प्रतिवद्धताहरूलाई यथाशीघ्र कार्यान्वयन गर्न आयोग नेपाल सरकारलाई पुनः आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## ४.३३ बालबालिकासम्बन्धी सङ्गठनका विशेष प्रतिनिधि आयोगमा : शान्तिसम्झौताको प्रावधानबमोजिम बालबालिकाको संरक्षण नभएको टिप्पणी

ललिपुर/२०६५ मङ्सिर १९ गते

संयुक्त सङ्गठनका महासचिवका विशेष प्रतिनिधि राधिका कुमारास्वामीले नेपालमा द्वन्द्वप्रभावित बालबालिकाको स्थितिमा अपेक्षित सुधार हुन नसकेको बताउनुभएको छ । गत सोमबारदेखि एक साता लामो नेपाल भ्रमणमा आउनुभएकी बालबालिकासम्बन्धी विशेष प्रतिनिधि कुमारास्वामीले आज राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूसँगको छलफलमा उक्त कुरा बताउनुभएको हो । उहाँले भन्नुभयो, 'नेपालपक्ष भएका बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता र बिस्तृत शान्तिसम्झौताको प्रावधानबमोजिम द्वन्द्वप्रभावित बालबालिकाको उद्धार तथा संरक्षण हुन सकेको पाइएन ।' आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले बालअधिकार र मानवअधिकारसम्बन्धी आयोगले गरेका सिफारिसहरूलाई नेपाल सरकारले उचित प्राथमिकता नदिँदा द्वन्द्वप्रभावित बालबालिकाको अवस्था सुधार हुन नसकेको बताउनुभयो । उहाँले भन्नुभयो, 'सशस्त्र द्वन्द्वमा संलग्न तथा आवद्ध बालबालिकाको संरक्षण र उनीहरूको सामाजिक पुनःएकीकरणसम्बन्धमा राज्यले गरेका प्रतिबद्धताहरू पूरा भएनन् ।'

आयोगका सदस्य गौरी प्रधानले बालअधिकारलाई मौलिक हकको रूपमा अन्तरिम संविधानमा उल्लेख भएको बताउँदै अब बन्ने संविधानमा बालअधिकारको संरक्षण गर्न उचित प्रावधान राख्न आयोगले विशेष जोड दिने बताउनुभयो । उहाँले पूर्वी तथा मध्यतराईका जिल्लामा सक्रिय सशस्त्र समूहहरूले पनि बालबालिकालाई प्रयोग गरेको पाइएको उल्लेख गर्नुभयो ।

नेपाल बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ को पक्षराष्ट्र हो । त्यसैगरी यही महासन्धिअन्तर्गतको सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी इच्छाधीन आलेख, २०००, बालबेचबिखन, बाल वेश्यावृति र अश्लील कार्यमा बालबालिकाको प्रयोगविरुद्धको इच्छाधीन आलेख, २०००, निकृष्ट प्रकारका बालश्रमसम्बन्धी आईएलओ महासन्धि, १९९९ मा समेत नेपालले हस्ताक्षर र अनुमोदन गरिसकेको छ ।

नेपाल भ्रमणपछि विशेष प्रतिनिधि राधिका कुमारास्वामीले नेपालमा द्वन्द्वप्रभावित बालबालिकाको अवस्थाबारेमा सङ्गठनका महासचिव वान की मुनलाई प्रतिवेदन बुझाउनु हुनेछ । छलफलमा आयोगका सदस्यहरू रामनगिना सिंह, डा. लीला पाठक र सचिव विशाल खनालसमेत सहभागी हुनुहुन्थ्यो ।

(विशाल खनाल, सचिव)

## ४.३४ बालबालिकाको सुरक्षा, संरक्षण र निगरानीमा विशेष ध्यान पुऱ्याउन आयोगको आग्रह

विराटनगर/२०६६ जेठ ७ गते

विगत केही दिनदेखि पूर्वी तराईका केही जिल्लाहरूमा बालबालिका अपहरण गर्ने गिरोह सक्रिय रहेको भन्ने आशंकामा स्थानीय व्यक्तिहरूबाट आशंकित व्यक्तिहरूलाई कुटपिट गर्ने गरिएको र तीमध्ये सप्तरी जिल्लामा ३ र सुनसरी जिल्लामा १ गरी ४ जनाको हत्या भएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले यस विषयमा विभिन्न जिल्लाका सुरक्षा निकायबाट प्राप्त तथ्यअनुसार बालबालिका अपहरणका कुनै पनि घटना नघटेको तथा सूचनासमेत नआएको भन्ने जानकारी आयोगको यस कार्यालयलाई प्राप्त हुन आएको छ । बालबालिकाको अपहरण भएको र गिरोह नै सक्रिय रहेको भन्ने कुरा निराधार भएको हुँदा सबैलाई संयम हुन र हल्लाको भरमा कुटपिटमा संलग्न नहुनसमेत अनुरोध गर्दै आफ्नो बालबालिकाको सुरक्षा, संरक्षण र निगरानीमा विशेष ध्यान पुऱ्याउनसमेत यस कार्यालय सम्बन्धित सबै पक्षसँग आग्रह गर्दछ ।

कोही पनि व्यक्ति बालबालिका अपहरण गर्नेजस्ता गैरकानुनी कार्यमा संलग्न भएको आफूलाई थाहा भएमा तत्काल स्थानीय प्रहरी, प्रशासनामा जानकारी दिई कानुनी कार्वाही अगाडि बढाई कानुनी राज्यको आधारणालाई मजबुत बनाउने कर्तव्य तथा दायित्व सबै नागरिकको हो । अनुसन्धानको दायरामा नल्याई व्यक्तिलाई कुटपिट गर्ने र हत्या गर्ने र हत्या भएको पाइएबाट सो कार्यले व्यक्तिको स्वतन्त्र र भयमुक्त वातावरणमा बाँच्न पाउने अधिकार कुण्ठित भएको र अर्कोतर्फ कानुनविरुद्धको कार्यसमेत भएको हुँदा यसखाले घटनामा कुनै पनि व्यक्ति/समूह संलग्न नहुन आयोगको कार्यालय सम्बन्धित सबैसँग आह्वान गर्दछ ।
(सुवर्ण कर्माचार्य, निर्देशक)

## ४.३५ संस्थागत दण्डसजाय र बालअधिकारसम्बन्धी कार्यशाला सम्पन्न

ललितपुर/२०६६ मङ्सिर ३ गते

विद्यालयमा हुने संस्थागत दण्डसजाय (कर्पोरल पनिसमेन्ट)लाई शीघ्र उन्मूलन गर्न राष्ट्रिय अभियान नै सञ्चालन गर्नुपर्ने कुरामा जोड दिएका छन् । अन्तर्राष्ट्रिय बालअधिकार दिवसका सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगले आज ललितपुरमा आयोजना गरेको 'संस्थागत दण्डसजाय र बालअधिकार' विषयक कार्यशालाका सहभागीहरूले यस्तो विचार व्यक्त गरेका हुन् ।

कार्यक्रममा सहभागी बालअधिकारसम्बन्धी सरोकारवाला संस्थाहरूले शिक्षक-विद्यार्थीबीच आचारसंहिता निर्माण, अहिंसात्मक शिक्षण-सिकाइ प्रक्रिया अघि बढाउन तथा संस्थागत दण्डसजायलाई उन्मूलन गर्न आयोगले नेतृत्वदायी भूमिका खेल्नुपर्ने बताए । कार्यक्रममा बोल्दै आयोगका सदस्य तथा प्रवक्ता गौरी प्रधानले विद्यालयमा विद्यार्थीहरूलाई दिइने दण्डसजायको

अन्त्यका लागि सबै सरोकारवालाहरूले आ-आफ्नो ठाउँबाट प्रयास गर्नुपर्ने बताउनुभयो । उहाँले सबै विद्यालयले बालमैत्री शिक्षापद्धति अपनाउनुपर्नेमा जोड दिनुभएको थियो । कार्यशालामा शिक्षा पत्रकार समूहका संस्थापक अध्यक्ष राजन शर्माले नेपालका विद्यालयहरूमा दिइने 'शारीरिक सजाय र दुर्व्यवहार' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । आयोगका निर्देशक तथा कार्यशालाका अध्यक्ष वेदप्रसाद भट्टराईले मानवअधिकारमैत्री शिक्षामा आयोगले जोड दिइरहेकाले दण्डसजाय दिएर मानवअधिकारमैत्री शिक्षा लागू गर्न नसकिने बताउनुभयो ।

कार्यक्रममा प्याब्सन, एनप्याब्सन तथा नेपाल राष्ट्रिय शिक्षक सङ्गठन र नेपाल शिक्षक सङ्घ, शिक्षा मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरी महिला बालबालिका सेवा केन्द्र, विभिन्न विद्यालयका शिक्षक-विद्यार्थीलगायत बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू सहभागी थिए ।
(विशाल खनाल, सचिव)

## ४.३६ बालअधिकारका लागि अझ क्रियाशील हुन आयोगको आग्रह

ललितपुर/२०६६ मङ्सिर ५ गते

संयुक्त सङ्गठनले अन्तर्राष्ट्रिय बालअधिकार महासन्धि, १९८९ पारित गरेको बीस वर्ष पुगेको अवसरमा राष्ट्रिय मानवअधिकार आयोग नेपालका समस्त बालबालिकाहरूको नैसर्गिक अधिकार र सर्वाङ्गीण विकासका लागि हार्दिक शुभकामना व्यक्त गर्दछ । बालबालिकाका लागि सुहाउँदो विश्व भन्ने मर्मलाई आत्मसात् गर्दै 'मर्यादा, विकास र संवाद' सन्देशका साथ विश्वभर आज यो दिवस मनाइँदै छ ।

संयुक्त सङ्गठनका १९३ सदस्य देशहरू पक्षराष्ट्र बनिसकेको यो महासन्धिलाई नेपाल सरकारले १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेको थियो । यो महासन्धिले बिना कुनै भेदभाव संसारका सबै बालबालिकाको जीवनको अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार प्रत्याभूत गरेको छ । त्यसैगरी नाम र राष्ट्रियताको अधिकार, अभिव्यक्ति स्वतन्त्रता र उचित विचारले मान्यता पाउने अधिकार, शिक्षाप्राप्तिको अधिकार, स्वास्थ्य तथा सामाजिक सुरक्षाको अधिकार एवम् विभिन्न किसिमका शोषणबाट मुक्ति पाउने अधिकार यो महासन्धिमा सुनिश्चित गरिएका छन् ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ मा बालबालिकाको हकलाई मौलिक अधिकारका रूपमा सुनिश्चित गरिएको छ । संवैधानिक प्रावधानका अतिरिक्त बालबालिकाको बृहत्तर हितका लागि विभिन्न तहमा राज्यका संयन्त्र र वैधानिक प्रावधानहरू निर्माण भएका छन् । तर राज्यको प्रतिबद्धता रहँदारहँदै पनि राज्यले सुनिश्चित गरेका बालबालिकाका अधिकारहरू पूर्ण कार्यान्वयनमा आउन सकेका छैनन् साथै सहस्राब्दी विकास लक्ष्यसम्बन्धी नेपालका राष्ट्रिय लक्ष्यहरू अझै पूरा हुन सकेका छैनन् । नेपालको सन्दर्भमा बाल मृत्युदर घटाउन, बालबालिकाको पोषणको अवस्थामा सुधार गर्न, बालन्यायलाई प्रभावकारी रूपमा लागू गर्न तथा नयाँ संविधानमा बालअधिकारलाई सुनिश्चित गर्न अझै धेरै काम गर्न बाँकी छ ।

मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने राष्ट्रिय निकायका हैसियतले राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकार र सम्बद्ध निकायहरू, सबै राजनीतिक दल, सरोकारवाला सङ्घसंस्थालगायत सम्बद्ध सबैलाई बालबालिकाको अधिकार सुनिश्चित गर्न अझ बढी क्रियाशील हुन आग्रह गर्दछ ।
(केदारनाथ उपाध्याय, अध्यक्ष)

## ४.३७ अयोग्य लडाकु बिदाइ कार्यक्रमको स्वागत

ललितपुर/२०६६ पुस २ गते

नेपाल सरकार, एकीकृत नेकपा माओवादी र संयुक्त सङ्गठनबीच माओवादी सेनाका अयोग्य एवम् नाबालिग लडाकुहरूको बिदाइ कार्ययोजनामा हस्ताक्षर भएकोमा राष्ट्रिय मानवअधिकार आयोग स्वागत गर्दछ । बहिर्गमन गरिन लागिएका नाबालिगसमेतका लडाकुहरूको प्रभावकारी पुनःस्थापना हुनेमा आयोग आशावादी छ ।

साथै नेपालको सशस्त्र द्वन्द्वका कारण हजारौँ बालबालिका प्रत्यक्ष वा परोक्ष रूपमा प्रभावित भएकाले त्यस्ता सबै बालबालिकाहरूका लागिसमेत उपयुक्त पुनःस्थापना कार्ययोजना तर्जुमा गरी लागू गर्नसमेत आयोग नेपाल सरकारसँग आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

**परिच्छेद ५**

## ५. यातना तथा कारागारसम्बन्धी

### ५.१ दलका नेताहरूको मानवअधिकारको अवस्थाबारे जानकारी

ललितपुर/२०६१ फागुन ६ गते

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष श्री नयनबहादुर खत्रीलगायतका पदाधिकारी सम्मिलित टोलीले आज २०६१/११/०६ गते आफ्नै निवासमा नजरबन्दमा राखिएका भू. पू. प्रधानमन्त्रीहरू श्री गिरिजाप्रसाद कोइराला र श्री शेरबहादुर देउवा तथा नेकपा एमालेका महासचिव श्री माधवकुमार नेपालसँग भेटी उहाँहरूको मानवअधिकारको अवस्थाको बारेमा जानकारी लियो ।

यसअघि आयोगले नुवाकोटको ककनी र भक्तपुरको दुवाकोटस्थित सशस्त्र प्रहरी बलको कार्यालय, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान र सशस्त्र प्रहरी गण नं. २ महाराजगञ्ज तथा सशस्त्र प्रहरी गण नं. १ नक्सालमा नजरबन्दमा रहेका विभिन्न राजनीतिक दलका नेता तथा मानवअधिकारकर्मीलगायतका व्यक्तिहरूसँग भेटघाट गरी निजहरूको मानवअधिकारको स्थितिको बारेमा जानकारी लिएको थियो । साथै आयोगले पोखरा तथा भैरहवामा मानवअधिकारको स्थितिको अनुगमन गरिसकेको छ ।

उपरोक्त निरीक्षण तथा अनुगमनको आधारमा आयोगले नजरबन्दमा राखिएका व्यक्तिहरूको मानवअधिकारको विषयमा श्री ५ को सरकारसमक्ष विभिन्न सुझावहरू प्रस्तुत गर्ने भएको छ
साथै आयोगका अधिकृत कर्मचारी सम्मिलित टोली जनकपुर र वीरगञ्जमा मानवअधिकारको स्थितिको अनुगमन गर्न मिति २०६१/११/०७ मा प्रस्थान गर्ने भएको छ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

### ५.२ हिरासत अनुगमनमा रोकप्रति ध्यानाकर्षण

ललितपुर/२०६१ चैत २६ गते

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य प्रा. कपिल श्रेष्ठ तथा अधिकृतहरूको टोलीलाई वडा प्रहरी कार्यालय बानेश्वर, तीनकुनेमा रहेका थुनुवा बन्दीहरूलाई भेटन जाँदा पहुँच नदिइएको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

गृहमन्त्री दानबहादुर शाही राष्ट्रिय मानवअधिकार आयोगमा आई आयोगको काममा कुनै किसिमको बाधा नहुने प्रतिबद्धता व्यक्त गरेको एक दिन र केही दिनअघि परराष्ट्र मन्त्री तथा सम्बन्धित निकायहरूबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चार माध्यममा समेत थुनुवाहरू राखिएको आशङ्कित स्थानमा गई निरीक्षण अनुगमन गर्न आयोगलाई बाधा नभएको भनी व्यक्त प्रतिबद्धताका विपरीत आयोगको काममा बाधा सिर्जना गर्नुलाई आयोगले चिन्ताको विषय मानेको छ । गृहमन्त्री शाहीले

हिजो मात्र आयोगका सम्माननीय अध्यक्ष तथा सदस्यहरूलाई भेटी आयोगको काममा सरकारी निकाय तथा सुरक्षाकर्मीबाट कुनै किसिमको बाधा नहुने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ५.३ श्री ५ को सरकारलाई आयोगको सिफारिस

ललितपुर/२०६२ वैशाख ९ गते

राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीसमेतको टोलीले देशका विभिन्न कारागार तथा थुनुवा केन्द्रहरूमा रहेका थुनुवा तथा बन्दीहरूको मानवअधिकार अवस्थाको बारेमा अनुगमन तथा निरीक्षण गरी थुनुवा तथा बन्दीहरूको अवस्थालाई सुधार गर्नेसम्बन्धमा विभिन्न मितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालयमा सिफारिसहरू कार्यान्वयनको लागि पठाएकोमा हाल ती केन्द्रहरूमा पुनः अनुगमन गर्दा ती सिफारिसहरू कार्यान्वयन भएको नदेखिएकोले उक्त सिफारिसहरू अविलम्ब कार्यान्वयन गर्नको लागि आज पुनः प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आयोगले पत्र पठाएको छ ।

श्री ५ को सरकारलाई कार्यान्वयनको लागि पठाइएका सिफारिसहरू निम्नबमोजिम छन् :

१. नजरबन्दमा राखिएका बन्दीहरूलाई उनीहरूको उमेर, प्रतिष्ठा तथा स्तरसमेत नसुहाउँदो गरी सबैलाई एकै ठाउँमा राखिएको पाइएकोले सो नगरी उनिहरूको उमेर, प्रतिष्ठा तथा स्तरबमोजिम राख्ने व्यवस्था मिलाउन ।

२. थुनुवा केन्द्रहरूमा रहेका विरामी थुनुवाहरूलाई दक्ष चिकित्सकद्वारा उपचार नगराइएको र उनीहरूको उपचार तथा औषधि खरीद गर्दा लागेको खर्चसमेत थुनुवा स्वयम्लाई व्यहोर्न लगाइएको पाइएकोले आवश्यकतानुसार विशेषज्ञ चिसित्सकद्वारा जाँच गराई उपचारमा लाग्ने औषधिलगायत अन्य सम्पूर्ण खर्च राज्यबाट व्यवस्था गर्न ।

३. थुनुवाहरूले गोरखापत्रबाहेक कानुनबमोजिम प्रकाशित भएका पत्रपत्रिका, रेडियोलगायत सञ्चारका साधनहरूको उपयोग गर्न नपाएको भन्ने देखिएकोले सोको व्यवस्था अविलम्ब गर्न ।

४. थुनुवाहरूलाई पिउनका लागि सफा पानीको व्यवस्थाको साथै नुहाउन तथा लुगा धुनका लागि प्रर्याप्त पानी उपलव्ध नभएको भन्ने देखिएकोले त्यसको अविलम्ब व्यवस्था गर्न ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ५.४ आयोगको टोलीद्वारा १ नं. प्रहरी गण नक्साल र प्रहरी प्रशिक्षण प्रतिष्ठान केन्द्र, महाराजगञ्जका थुनुवाहरूसँगको भेटघाट

ललितपुर/२०६२ जेठ १८ गते

राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीसहितको टोलीले आज १ नं. प्रहरी गण नक्साल र प्रहरी प्रशिक्षण प्रतिष्ठान केन्द्र महाराजगञ्जमा गई त्यहाँ रहेका बन्दी तथा थुनुवाहरूसँग भेट गऱ्यो । सो अवसरमा आयोग टोलीले त्यहाँ रहेका बन्दी तथा थुनुवाहरूको अवस्था तथा उनीहरूले पाएको भौतिक सुविधाका बारेमा जानकारी लिएको थियो ।

टोलीले प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा राखिनुभएका पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा तथा १ नं. प्रहरी गण नक्सालमा राखिनुभएका मानवअधिकारवादी कृष्ण पहाडी र नेपाली काङ्ग्रेसका नेता बलदेव मजगैयाँसँग पनि भेट गरेको थियो ।

टोलीमा आयोगका सदस्यद्वय सुदीप पाठक र डा. रामदयाल राकेश संलग्न हुनुहुन्थ्यो ।

यसैगरी आयोगको अर्को एक टोली आजै गोरखा जिल्लाको मानवअधिकारको अनुगमन गर्न गोरखा गएको छ । आयोगको अर्को एक टोलीले हिजो ललितपुरस्थित नख्खु कारागारको अनुगमन गरेको थियो । सो कारागार अनुगमनमा आयोग टोलीले बन्दीहरूको अवस्था र उनीहरूले त्यहाँ पाएको भौतिक सुविधाका बारेमा जानकारी लिएको थियो ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ५.६ मानवअधिकार पालनाको सन्दर्भमा श्री ५ को सरकारको ध्यान आकृष्ट

ललितपुर/२०६२ असार ३० गते

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार पालनाको सन्दर्भमा देखापरेका केही समस्याहरूको समाधानको लागि श्री ५ को सरकारको ध्यान आकृष्ट गरेको छ ।

आकृष्ट गरिएका विषयहरूमध्ये श्री ५ को सरकारले सङ्कटकाल लागू हुँदा हिरासतमा राखेका धेरै राजनीतिक व्यक्तित्वहरूलाई छाडी सकिएको कदमलाई सकारात्मक ठहऱ्याउँदै वैचारिक आस्था राखेकै कारणबाट अझै केही राजनीतिक व्यक्तिहरू तथा मानवअधिकारकर्मीसमेत हिरासतमा नै रहिरहेका उजुरीहरू प्राप्त भइरहेकोले त्यस्ता व्यक्तिहरूलाई यथासक्य चाँडो थुनामुक्त गरी प्रजातन्त्र, कानुनी शासन र मानवअधिकारप्रतिको प्रतिबद्धतालाई व्यवहारमा चरितार्थ गराउन श्री ५ को सरकारसमक्ष अनुरोध गरेको छ ।

यसै क्रममा सर्वोच्च अदालतको आदेशबाट छाडिएका विभिन्न व्यक्तिहरूलाई पुनः लगत्तै पक्राउ गर्ने गरिएको पाइएकोले सो कार्यले कानुनी राज्य तथा स्वतन्त्र न्यायपालिकामाथिसमेत प्रश्न उठ्ने हुनाले सो कार्य बन्द गर्न आवश्यक व्यवस्था गर्नसमेत आयोगले अनुरोध गरेको छ साथै जनप्रिय क्याम्पस पोखराका क्याम्पस प्रमुख गणेशमान पालिखे तथा दुई जना अङ्गरक्षकको माओवादीद्वारा हत्या गरिएको र काभ्रेपलाञ्चोकस्थित नार्केखोलामा माओवादीद्वारा सार्वजनिक यातायातको साधन बसमा गरिएको आक्रमणबाट दुई जना सर्वसाधारणसहित छ जना सुरक्षाकर्मीको घटनास्थलमै मृत्यु भएको भनिएका घटनाको अनुसन्धान गर्नका लागि आयोगद्वारा अनुसन्धान टोली खटाइसकिएकोले आयोगको अनुसन्धान तथा अनुगमन कार्यमा सहयोग पुऱ्याइदिन सम्बन्धित सबैलाई जानकारीका साथै अनुरोध गरेको छ ।

(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ५.७ जगदल गणमा थुनुवा भेटघाट

ललितपुर/२०६२ साउन १७ गते

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य गोकुल पोखरेलसहित आयोगका अधिकृत कर्मचारीहरू सम्मिलित एक टोलीले आज छाउनीस्थित जगदल गणमा गई त्यहाँ राखिएका थुनुवाहरूसँग भेट गऱ्यो ।

सो अवसरमा आयोग टोलीले त्यहाँ रहेका बन्दीहरूको अवस्था, स्वास्थ्य स्थिति र उनीहरूले पाइरहेको भौतिक सुविधाका बारेमा जानकारी लिएको थियो । यसैगरी आयोगका अधिकृत कर्मचारी सम्मिलित अर्को एक टोली आज जिल्ला प्रहरी कार्यालय हनुमानढोका गई नेपाल विद्यार्थी सङ्घका पूर्व महामन्त्री गगन थापासँग भेट गऱ्यो । सो अवसरमा आयोग टोलीले विद्यार्थी नेता थापाबाट आयोगका लागि आवश्यक सूचना सङ्कलन गऱ्यो ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## ५.८ पूर्वाञ्चल पृतना हेडक्वाटर तथा बाहिनीमा रहेको थुनुवा केन्द्र अनुगमन

विराटनगर/२०६२ पुस १ गते

राष्ट्रिय मानवअधिकार आयोगका माननीय सदस्य सुदीप पाठक र क्षेत्रीय कार्यालय विराटनगरका अधिकृतसहितको टोलीले नेकपा माओवादीद्वारा पूर्वाञ्चलका इलाम, झापा र मोरङ जिल्लाहरूमा एकतर्फी युद्धविराम अघि र पछि कब्जा गरिएका सम्पत्ति तथा घर, तीन महिने र पुनः थप गरिएको एक महिने युद्धविरामको अवस्थामा के कुन अवस्थामा छ भन्ने सन्दर्भमा मिति २०६२/८/२८ देखि २०६२/९/१ सम्म अनुगमन तथा निरीक्षण कार्य सम्पन्न गरिएको छ । अनुगमनको क्रममा इलाम जिल्लाको दानावारी गाविस वडा नं. ५ का भूतपूर्व मन्त्री के. बी. गुरुङ, ऐ. कन्याम गाविसका तुलसीराम पौडेल, झापा जिल्ला गौरादह गाविस वडा नं. ५ की गीता खड्का र मोरङ जिल्ला डाँगीहाट गाविस वडा नं. ८ का सुरेन्द्रबहादुर बस्नेतको समेत सम्पत्ति तथा घर कब्जा निरीक्षण तथा अनुगमन कार्य गरेको छ ।

साथै टोलीले सुरक्षा निकायका प्रमुखहरूसँग भेटघाट तथा हिरासत र बन्दीहरूको निरीक्षण तथा अनुगमन कार्यसमेत गरेको छ । झापा जिल्लाको चारआलीस्थित बाहिनी र सुनसरी जिल्लास्थित इटहरी पूर्वी पृतनामा गई बाहिनीपति कुमार बुढाथोकी र पृतनापति ओमबहादुर पुनसँग भेटघाट गरी त्यहाँस्थित हिरासतको अनुगमन तथा निरीक्षण गरिएकोमा पृतनापति ओमबहादुर पुनले थुनुवाहरूलाई कुनै किसिमको यातना दिने नगरेको र बिना थुनुवा पूर्जी कुनै पनि बन्दीलाई हिरासतमा नराखिएको र अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको पूर्ण रूपमा पालना गरिएको टोलीलाई जानकारी गराउनुभएको छ ।
(नितु गर्तौला, नि. निर्देशक)

## ५.९ आयोगद्वारा नख्खु कारागारको अनुगमन

ललितपुर/२०६२ पुस १८ गते

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठकसहितको एक टोलीले नख्खु कारागारमा रहनुभएका नेकपा माओवादीका नेता मातृकाप्रसाद यादव, सुरेश आलेमगर र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)का कृष्ण के. सी.लगायत अन्य बन्दीहरूसँग भेट गर्‍यो । भेटमा बन्दीको मानवअधिकारलगायत मानवअधिकारका अन्य समसामयिक विषयमा छलफल भएको थियो ।

भेटमा बन्दीले बन्दीका अधिकारका सम्बन्धमा आयोगले निर्देशिका बनाई श्री ५ को सरकारका सम्बद्ध निकायमा पठाउनुपर्ने र बन्दीलाई उपलब्ध गराउनुपर्ने, राज्यद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको खोजी, गैरन्यायिक हत्या तथा गैरकानुनी थुनाका सम्बन्धमा थप सक्रिय भएर काम गनुपर्ने सुझाव दिएका थिए साथै बन्दीहरूले विभिन्न मागहरू राखी यही पुस २० गतेदेखि मातृकाप्रसाद यादव र कृष्ण के. सी. आमरण अनसनमा बस्ने जानकारी पनि गराएका थिए । आयोगका सदस्य पाठकको नेतृत्वमा रहेको आयोग टोलीले हिजो नख्खु कारागारको अनुगमन गरेको हो । यसलाई निरन्तता दिँदै आयोगको एक टोली आज पनि उक्त कारागारमा पुगेको छ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ५.१० महावीर (रेञ्जर) गण तथा जगदल गणको आकस्मिक अनुगमन

ललितपुर/२०६२ पुस २० गते

राष्ट्रिय मानवअधिकार आयोगले सुरक्षाकर्मीद्वारा पक्राउ गरी बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको तदारूकताका साथ खोजी गर्ने क्रममा यही पुस १९ गते काठमाडौँको छाउनीस्थित महावीर (रेञ्जर) गण तथा जगदल गणको आकस्मिक अनुगमन सम्पन्न गरेको छ ।

अनुगमनको क्रममा आयोगका अधिकृतहरूको टोलीले उक्त गणहरूमा रहेका सम्पूर्ण भवन तथा टहराहरूको निरीक्षण गरेको थियो । निरीक्षणको क्रममा आयोगले लामो समयदेखि थुनामा राखिएका जगदल गणमा आठ जना पुरुष र एक जना महिला तथा महावीर गणमा पाँच जना पुरुषसहित १४ जनालाई भेटेको थियो । भेटको क्रममा थुनामा राखिएका व्यक्तिहरूमध्ये अधिकांशले आफू सैनिक हिरासतमा रहेदेखि परिवार तथा अन्य बाहिरी सम्पर्क रहन नपाएको गुनासो गरेका थिए ।

आयोगले जगदल गणमा भेटेका थुनुवाहरूमा जुम्लाका दत्तबहादुर बूढा, हरिचन्द्र बूढा र भरत पाण्डे, कैलालीका बलराम चौधरी र कृष्णप्रसाद मैनाली, दैलेखका गणेशप्रसाद शर्मा, डोल्पाका बुद्धिमान सार्की, बर्दियाकी छविसरा सुनार र पाल्पाका जीतबहादुर थापा रहेका छन् । त्यसैगरी महावीर गणमा भेटेका थुनवाहरूमा रुकुमका होमप्रकाश श्रेष्ठ, सल्यानका मानबहादुर मल्ल, उदयपुरका चक्रबहादुर थापा र रोल्पाका जयबहादुर घर्ती तथा कुलबहादुर घर्ती हुनुहुन्छ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ५.११ आयोगका माननीय सदस्यद्वय सुदीप पाठक र गोकुल पोखरेलसहितको टोलीले जिल्ला कारागार शाखा मोरङको अनुगमन

विराटनगर/२०६२ पुस १० गते

राष्ट्रिय मानवअधिकार आयोगका माननीय सदस्यद्वय सुदीप पाठक र गोकुल पोखरेलसहित क्षेत्रीय कार्यालय विराटनगरका संरक्षण अधिकृतद्वय बुद्धनारायण साहनी र अर्जुनप्रसाद कोइराला रहेको टोलीले आज जिल्ला कारागार शाखा मोरङको निरीक्षण गरी कारागारको भौतिक स्थिति एवम् अन्य विविध पक्षबारे जानकारी लिएको छ।

टोलीले जेल प्रशासन र बन्दीहरूसँगसमेत भेटघाट गरी आवश्यक छलफल र कुराकानी गरेको थियो। जेल निरीक्षणको क्रममा आयोगले गत असोजमा आत्महत्या गरी मरेका भनिएका पूर्णप्रसाद राजवंशीको सम्बन्धमा अनुसन्धान सुरु गरेको छ।
(प्रदीपकुमार झा, नि. निर्देशक)

## ५.१२ थुनुवा केन्द्र अनुगमनपश्चात प्रधानमन्त्री तथा प्रधानमन्त्रीको कार्यालयलाई सिफारिस

ललितपुर/२०६२ माघ ९ गते

राष्ट्रिय मानवअधिकार आयोगले विगत केही दिनदेखि विभिन्न थुनुवा केन्द्रहरूमा राखिएका व्यक्तिहरूको मानवअधिकार अवस्थाको अनुगमन गरी सोबाट प्राप्त तथ्यहरूको आधारमा आज श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई देहायबमोजिमको एक सिफारिसपत्र पठाएको छ।

१) अत्यन्त गम्भीर प्रकृतिका विरामी प्रदीप नेपाल र लामो समयदेखि विरामी रहेका बुद्धवीर लामा (खुट्टामा स्टिलको पातो राखिएको) समेतलाई हाल राखिएको स्थानमा राख्न उपयुक्त नदेखिएको हुँदा तत्काल रिहा गर्न,
२) थुना तथा नजरबन्दमा राखिएका सम्पूर्ण व्यक्तिहरूलाई आवश्यक स्वास्थ्योपचार तथा औषधिको व्यवस्था गर्न,
३) अधिकांश थुनुवाहरूको घरमा काटिएको टेलिफोन लाइन तत्काल जडान गर्न,
४) सशस्त्र प्रहरी २ नं. गण महाराजगञ्जमा राखिएका थुनुवाहरूलाई दिइएको खानाको स्तर गुणस्तरहीन भएको, पर्याप्त पानी र शौचालयको उपयुक्त व्यवस्था नभएको र सुत्ने कोठा अत्यन्त चिसो भएको, क्षमताभन्दा बढी थुनुवाहरूलाई एकै ठाउँमा राखिएको पाइएकोले तत्काल आवश्यक प्रभावकारी व्यवस्था मिलाउनका साथै परीक्षा दिनुपर्ने विद्यार्थीहरूका लागि परीक्षा दिन पाउने व्यवस्था मिलाउन,
५) सम्पूर्ण थुनुवाहरूलाई परिवारका सदस्य तथा उनीहरूले रोजेका कानुन व्यवसायीसँग भेटघाट गरी राय परामर्श सेवा लिन पाउने व्यवस्था मिलाउन,
६) सम्पूर्ण थुनुवाहरूलाई कानुनबमोजिम प्रकाशित पत्रपत्रिकाहरू, रेडियो, टेलिभिजनलगायत सञ्चारका साधन उपलब्ध गराउन,

७) घरमा नै नजरबन्द गरी राखिएका व्यक्तिहरूका परिवारका सदस्यसमेतलाई स्वतन्त्र रूपमा आवतजावत गर्न पेशा व्यवसाय गर्न पाउने व्यवस्था मिलाउन तथा टेलिफोन लाइन काटिएकाहरूको टेलिफोन जडान गर्ने व्यवस्था मिलाउन,

यसैगरी आज पनि आयोगको अधिकृत कर्मचारीहरूका दुई छुट्टाछुट्टै टोलीले विभिन्न थुनुवा केन्द्रहरूको अनुगमन गरिरहेको छ र सोही क्रममा प्रहरी पहरा गण त्रिपुरेश्वरमा थुनामा राखिएका ११ जना, बलम्बुस्थित सशस्त्र प्रहरी गणमा राखिएका ४० जना, वडा प्रहरी कार्यालय सोह्रखुट्टेमा ७ जना र वडा प्रहरी कार्यालय कमलपोखरीमा राखिएका ४ जना व्यक्तिहरूसँग भेटघाट गरी मानवअधिकारको स्थितिको बारेमा जानकारी लिएको छ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ५.१३ आयोगद्वारा थुनुवा केन्द्रहरूको अनुगमन जारी

ललितपुर/२०६२ माघ १० गते

राष्ट्रिय मानवअधिकार आयोगले विगत केही दिनदेखि राजधानीका विभिन्न स्थानमा रहेका थुनुवा केन्द्रहरूमा पुगी थुनुवा केन्द्रहरूमा राखिएका व्यक्तिहरूको मानवअधिकार अवस्थाको निरन्तर अनुगमन गरिरहेको छ।

अनुगमनका क्रममा आयोगले आजसम्म राजधानीमा रहेका विभिन्न १२ थुनुवा केन्द्रहरूमा पुगी ३११ थुनुवाहरूसँग भेट गरेको छ। आयोगको अनुगमनबाट प्राप्त जानकारीअनुसार तीमध्ये ३५ जना आजसम्म थुनामुक्त गरिएका छन् भने बाँकी २७६ जना अहिले पनि थुनुवा केन्द्रमै रहेका छन्।

आयोगले अनुगमन गरेका थुनुवा केन्द्रहरूमा प्रहरी प्रशिक्षण तालिम केन्द्र, सशस्त्र प्रहरी २ नं. गण, सशस्त्र प्रहरी गण, वडा प्रहरी कार्यालय, बौद्ध, सिंहदरवार, गौशाला, दरबारमार्ग, जनसेवा, सोह्रखुट्टे र कमलपोखरी रहेका छन्। त्यसैगरी बाँकी केन्द्रहरू प्रहरी पहरा गण र  सशस्त्र प्रहरी बल बलम्बु हुन्।

थुनुवा केन्द्रहरूकै अनुगमनका सिलसिलामा आयोगको टोली आज पनि विभिन्न थुना केन्द्रहरूमा पुगेको छ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## ५.१४ आयोग टोलीद्वारा एमाले महासचिव नेपालसँग भेट

ललितपुर/२०६२ माघ ११ गते

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठक र डा. रामदयाल राकेशसहित अधिकृत कर्मचारीहरू सम्मिलित टोलीले घरमा नै स्थानहद गरी राखिनुभएका नेकपा एमालेका महासचिव माधवकुमार नेपालसँग भेट गरी उहाँको अवस्थाबारे जानकारी लियो।

आयोग टोलीसमक्ष एमाले महासचिव नेपालले आफूले चाहेबमोजिम पत्रपत्रिका पढ्न नपाएको गुनासो गर्नुभएको थियो ।

आयोग टोलीले आजै आफ्नो घरमा स्थानहद गरी राखिनुभएका नेकपा एमालेका नेता भरतमोहन अधिकारीसँग पनि भेट गरी उहाँको अवस्थाबारे पनि जानकारी लिएको थियो ।

आयोगले विगत केही दिनयता राजधानीका विभिन्न थुना केन्द्रहरू र स्थानहदमा राखिनुभएका व्यक्तिहरूको मानवअधिकार स्थिति अनुगमन गर्ने क्रममा आज एमाले नेताहरूसँग भेट गरेको हो । थुना केन्द्रहरूकै अनुगमनका सिलसिलामा आयोग टोली आज पनि राजधानीका विभिन्न थुना केन्द्रहरूमा पुगेको छ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ५.१५ आयोगका अध्यक्षसहितको टोलीद्वारा थुनुवा केन्द्रहरूको आकस्मिक निरीक्षण

ललितपुर/ २०६२ माघ २३ गते

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्री, सदस्यहरू सुशीलासिंह सिलु र सुदीप पाठकसहितको टोलीले आज जाउलाखेलस्थित महिला प्रशिक्षण केन्द्र र त्रिपुरेश्वरस्थित प्रहरी पहरा गणमा थुनामा राखिएका व्यक्तिहरूको मानवअधिकारको अवस्थाको बारेमा आकस्मिक निरीक्षण गऱ्यो ।

अनुगमनका क्रममा सुरक्षाकर्मीद्वारा पर्याप्त र उचित आधारबिना निषेधित क्षेत्रबाहिर प्राध्यापक, पेशाकर्मी, मानवअधिकारकर्मी र बटुवाहरूसमेतलाई पक्राउ गरी थुनामा राखिएको, कतिपय स्थानमा पक्राउ गर्दा अधिक बल प्रयोग गरिएको पाइयो । यस्ता कार्य स्वतन्त्र रूपमा आवागमन गर्ने तथा बिना हातहतियार शान्तिपूर्वक भेला हुने संविधानप्रदत्त मौलिक हक र राजनीतिक तथा नागरिक अधिकारसम्बन्धी अनुबन्धद्वारा प्रत्याभूत गरिएको अधिकारविपरीत हो ।

उल्लिखित स्थानमा क्षमताभन्दा बढी व्यक्तिहरूलाई थुनामा राखिएको, थुनुवाहरूलाई कानुनबमोजिम पाउनुपर्ने आधारभूत सुविधाबाट बञ्चित गरिएको र खानेपानी, स्वास्थ्य, खाना, शौचालय तथा सुत्ने स्थानको यथोचित प्रबन्ध नगरिएको पाइयो ।

आयोग श्री ५ को सरकारलाई उचित र पर्याप्त आधारबिना पक्राउ गरी थुनामा राखिएका व्यक्तिहरूलाई यथाशीघ्र रिहा गर्न आग्रह गर्दछ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ५.१६ थुनुवा केन्द्रको अनुगमन

ललितपुर/२०६२ माघ १७ गते

राष्ट्रिय मानवअधिकार आयोगले विगत केही दिनदेखि विभिन्न थुनुवा केन्द्रहरूमा राखिएका व्यक्तिहरूको मानवअधिकार अवस्थाको निरन्तर अनुगमन गरिरहेको छ । यसै क्रममा आज आयोगका सदस्यहरू सुशीलासिंह सिलु, सुदीप पाठक र डा. रामदयाल राकेशसहित अधिकृतहरू संलग्न टोलीले सशस्त्र प्रहरी गण दुवाकोटको पुनः अनुगमन गर्‍यो । त्यहाँ गरिएको अनुगमनका आधारमा आयोगले आज श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निम्नानुसार सिफारिस गरी पठाएको छ :

थुनामा राखिएका व्यक्तिहरूका लागि उपलब्ध पिउने पानी अयोग्य रहेको र अधिकांश थुनुवाहरू अशुद्ध पिउने पानीका कारण अस्वस्थ भएको बुझिएकाले तत्काल शुद्ध पिउने पानीको व्यवस्था गर्न ।

थुनुवाहरूलाई राखिएको स्थानमा शीत चुहिने भएकाले तत्काल त्रिपाललगायत आवश्यक व्यवस्था गरी थुनामा राखिएका व्यक्तिहरूलाई शीतमुक्त ठाउँमा राख्ने व्यवस्था गर्न ।

थुनामा राखिएका व्यक्तिहरूका लागि उपलब्ध शौचालय टाढा भएकाले तत्कालै उपयुक्त व्यवस्था गर्न ।

थुनामा राखिएका व्यक्तिहरूलाई सबैसँग भेट गर्न पाउने तथा सम्पूर्ण पत्रपत्रिका पढ्न पाउने, रेडियो सुन्न पाउने र टेलिभिजन हेर्न पाउने व्यवस्था गर्न ।

थुनामा राखिएका अस्वस्थ व्यक्तिहरूलाई तत्काल चाहेको चिकित्सकबाट स्वास्थ्य उपचार गराउने व्यवस्था मिलाउने र सम्पूर्ण थुनुवाहरूको स्वास्थ्य उपचारमा विशेष ध्यान दिन ।

आजको अनुगमनका क्रममा अस्वस्थ भेटिनुभएका व्यक्तिहरू :

१) प्रभुनारायण चौधरी २) विमलेन्द्र निधि
३) गोपाल शाक्य ४) मीठाराम शर्मा बजगाईं
५) सुवास नेम्वाङ ६) युवराज कार्की
७) ओम थपलिया ८) अमीयकुमार यादव
९) लगन चौधरी १०) रामकुमारी झाँक्री
११) विदुर मैनाली
(ध्रुव नेपाल, निमित्त सचिव)

### ५.१७ रोल्पा जिल्लाको दहवनस्थित माओवादी जनसेनाको शिविर (क्यान्टोनमेन्ट)को अनुगमन

नेपालगञ्ज/२०६३ मङ्सिर २९ गते

राष्ट्रिय मानवअधिकार आयोगबाट अनुगमनको सन्दर्भमा गएको क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई र संरक्षण अधिकृत मोहनदेव जोशीसहितको टोलीले रोल्पा जिल्लाको दहवनस्थित माओवादी जनसेनाको शिविर (क्यान्टोनमेन्ट)को अनुगमन गर्‍यो । उक्तसम्बन्धमा रोल्पा जिल्लाको दहवनस्थित

माओवादी जनसेनाको ५ नम्वर डिभिजनका प्रमुख शरद, डिभिजन सह-कमाण्डर विवेक, ब्रिग्रेड कमाण्डर आकर्षण, ब्रिग्रेड कमिसार रोहित, बटालियन कमिसार गगनसँग क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई र संरक्षण अधिकृत मोहनदेव जोशीले माओवादी सेनाको अवस्था, उनीहरूको बस्ने, खाने र शारीरिक अवस्था तथा शिविरका कारण नजिकका बस्तीहरूमा त्यसको प्रभाव, विद्यालयमा क्यान्टोनमेन्टको असर, बेवारिसे बिस्फोटक पदार्थका सम्बन्धमा, सरकारबाट निकासा गरिएको बजेटको व्यवस्थापनलगायत जनसैन्य अभियानअर्न्तगत बालबालिकाहरूलाई भर्ती गरिएको भन्नेसम्बन्धमा केन्द्रित रही झण्डै तीन घण्टा छलफल गरी शिविरको अनुगमनसमेत गरेको थियो ।

छलफलका क्रममा माओवादी पक्षबाट प्राप्त जानकारीअनुसार ५ नं. डिभिजनअन्तर्गत पाँच हजार जनमुक्ति सेना रहेका र त्यसमा झण्डै ४० प्रतिशत महिलाहरू रहेको दावी गरे । युद्धको क्रममा करिब २५ को संख्यामा गम्भीर रूपमा घाइते भएका सेनाहरू रहेका र समान्य घाइतेको संख्या झण्डै ४० प्रतिशत रहेको जानकारी प्राप्त भयो । हालसम्म नेपाल सरकारबाट २ करोड निकासा भएको र उक्त रकम अपर्याप्त रहेको भनाइ रह्यो । सयौँको संख्यामा जनमुक्ति सेनाहरू शिविर निर्माण कार्यमा व्यस्त रहेका देखिए । उनीहरूसँग समान्य छलफल गर्दा सबैले स्थायी शान्तिको आवश्यकतालाई जोड दिए । ५/७ जनाबाहेक जनसेनामा बालबालिका उमेर समूहका सैन्यहरू नरहेको पाइयो । खाद्यान्न तथा अन्य ओड्ने बिछ्याउने सामग्रीको आपूर्ति क्रमशः भइरहेको पाइयो । खानेपानी झण्डै २ किलोमिटरको दूरीबाट ल्याउनुपर्ने अवस्था रहेको र ईन्धन वा दाउराको समेत ठूलो समस्या रहेको पाइयो ।

शिविरको नजिकै विद्यालय नरहेकोले बालबालकिलाई ठूलो प्रभाव पर्ने देखिएन । अनुगमनको क्रममा स्थानीय केही मानिसहरूसँग छलफल गर्दा स्थायी शान्ति अनिवार्य रहेको र जनसेना गाउँघरमा बस्दा खासै ठुलो समस्या अहिले नरहेको भन्ने बुझियो । बढ्दो चिसोका कारण केही सेनाहरूलाई रुघाखोकी, ज्वरो, जिउ दुख्ने समस्या रहे पनि गम्भीर रूपमा कोही पनि बिरामी परेको देखिएन । आयोगसँगको छलफलमा प्राप्त जानकारीअनुसार युद्धताका कहीँकतै पनि बारुदी सुरुङ्ग वा बेवारिसे बमहरू नछोडिएका र नयाँ निर्माणसमेत नगरेका र मौज्दातमा रहेका त्यस्ता बिस्फोटक पदार्थहरू सुरक्षितरूपमा भण्डारण गरिएको र भविष्यमा तिनको प्रयोग विकास निर्माणका कार्यमा गरिने दावी माओवादी पक्षबाट गरियो ।

आयोग, माओवादी शिविरको तत्काल यथोचित व्यवस्था गरी, उनीहरूको गाँस बासको यथोचित व्यवस्था मिलाउन, बिरामी तथा घाइते सेनाहरूको उपचार गर्न नेपाल सरकारलाई र माओवादीसँग रहेका बालबालिकालाई तुरुन्तै घरपरिवारमा फिर्ता पठाउन माओवादी पक्षलाई साथै यही मङ्सिर ५ गते भएको बिस्तृत शान्तिसम्झौतालाई इमानदारिताका साथ लागू गर्न दुवै पक्षसँग अनुरोध गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ५.१८ केन्द्रीय कारागार शाखा कार्यालय बाँकेको अनुगमन

नेपालगञ्ज/२०६४ असोज २३ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जका संरक्षण अधिकृतद्वय रमेशकुमार थापा र पवनकुमार भट्ट रहेको अनुगमन टोलीले मिति २०६४ असोज २२ गते केन्द्रीय कारागार शाखा

कार्यालय बाँकेका बन्दी तथा कैदीहरूले मिति २०६४/०६/१६ गतेबाट गरेको आमरण अनसनको अनुगमन गरेको थियो ।

अनुगमनको क्रममा कारागारमा २११ पुरुष र २१ जना महिला गरी जम्मा २३२ जना बन्दी तथा कैदीहरू रहेको पाइयो । आमरण अनसन बसेका १८ जना पुरुष तथा २ जना महिला गरी जम्मा २० जनामध्ये राजेन्द्र वलीको अवस्था चिन्ताजनक रहेको पाइयो । अनुगमनको क्रममा टोलीसमक्ष बन्दी तथा कैदीहरूले आमरण अनसन बसेयता आफूहरू सूचना तथा सञ्चारको अधिकारबाट बञ्चित भएको तथा स्थानीय प्रशासनबाट आफ्ना मागहरूप्रति बेवास्ता गरेको भन्ने गुनासो रहेको पाइयो ।

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको आयोजनामा आज मिति २०६४ असोज २३ गतेबाट भइरहेको "मानवअधिकारकर्मीहरूलाई मानवअधिकार तालिम"मा बाँके, बर्दिया र सुर्खेत जिल्लाका विभिन्न सङ्घसंस्थाका जम्मा २८ जना स्थानीय मानवअधिकारकर्मीहरूको सहभागिता रहेको छ । असोज २३ र २४ गते दुई दिनसम्म सञ्चालन हुने उक्त तालिमको उद्घाटन समारोहमा राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालयका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, नेपाल मानवअधिकार सङ्गठन बाँके अध्यक्ष गणेश रेग्मी, सासंमका सीपी सिंह र काउराष्ट्र नेपालका लल्लनप्रसाद श्रीवास्तवलगायतका व्यक्तिहरूले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

अतः आमरण अनसनमा बसेका बन्दी तथा कैदीहरू सूचना तथा स्वास्थ्यको हकलगायतका आधारभूत मानवअधिकारको प्रत्याभूति गर्न, कैदी तथा बन्दीहरूका समस्याहरूलाई गम्भीरतापूर्वक लिई वार्ताद्वारा समस्याको समाधान गर्न राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्ज केन्द्रीय कारागार व्यवस्था विभाग तथा नेपाल सरकारलाई अनुरोध गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ५.१९ मानवअधिकारको सम्मान गर्न आयोगको आग्रह

नेपालगञ्ज/२०६५ साउन १५ गते

नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलमा तल्लो दर्जाका प्रहरीहरूमाथि भएको भनिएको यातना, विभेद र दुर्व्यवहारसम्बन्धी आयोगमा पर्न आएका उजुरीहरूप्रति राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले प्रहरी सङ्गठनभित्र भइरहेका समस्याहरूका बारेमा गत माघदेखि नै विभिन्न अनुगमन/अनुसन्धान टोलीहरू खटाई बाँके, दाङ तथा सुर्खेतस्थित सुरक्षा निकायमा कार्यरत सुरक्षा निकायका प्रमुखहरू एवम् तल्लो दर्जाका प्रहरीहरूसँग सोधपुछ गरी त्यहाँ भइरहेका मानवअधिकारसम्बन्धी गतिविधिहरूका बारेमा आवश्यक जानकारी लिँदै आएको थियो ।

अनुगमनमा प्राप्त तथ्यअनुसार तल्लो दर्जाका प्रहरीहरूमाथि मानवअधिकारसम्मत व्यवहार गर्न एवम् मानवअधिकारसम्बन्धी विषयहरूलाई तत्काल सम्बोधन गर्न आयोगले त्यहाँ कार्यरत सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशनसमेत दिएको थियो ।

उल्लिखित उजुरीसँग मिल्दोजुल्दो विषयहरूलाई लिएर बाँके जिल्लाको समसेरगञ्जमा गत असार ७ गते र नेपालगञ्जमा असार २८ गते भएको प्रहरी बलभित्र विद्रोहका रूपमा असन्तुष्टि सार्वजनिक भएका थिए, जसलाई आयोगले नजिकबाट अनुगमन गरेको छ । समसेरगञ्जको घटनामा नेपाल सरकारका अख्तियारप्राप्त अधिकारी तथा प्रहरी बलका उच्चपदस्थ अधिकृतहरूले मानवअधिकारकर्मी, सञ्चारकर्मी तथा राष्ट्रिय मानवअधिकार आयोगको टोलीसमेतको रोहवरमा आन्दोलनकारीहरूका मागप्रति सहमति जनाई फर्केका थिए । त्यसको करिब ३ हप्तापछि सङ्गठनमा विद्रोह गरेको आरोपमा केही प्रहरीहरूलाई कार्वाही प्रक्रिया सुरु गरिएको छ । आरोपित प्रहरीहरूलाई अफैसम्म पनि परिवारसँग सम्पर्क गर्न नदिइएको, तीमध्येका एक प्रहरीकी पत्नीलाई विद्रोहीकी श्रीमती भनी मानसिक यातना तथा धम्की दिएको लगायतका घटनाहरूले मानवअधिकारका न्यूनतम मापदण्डहरूसमेत कुण्ठित भएका छन् ।

यसै सन्दर्भमा यस्ता प्रकृतिका समस्याबाट हुन सक्ने शान्तिसुरक्षामा संवेदनशीलता र मानवअधिकार उल्लङ्घनलाई रोकथाम गर्न आयोगले गत असार २९ गते नेपाल सरकारलाई गरेको सिफारिस पुनःस्मरण गराइन्छ :

प्रहरी सेवाका विभिन्न तहका कर्मचारीहरूबीच विद्यमान भेदभावको स्थिति र अनियमिततासम्बन्धी सत्यतथ्य पत्ता लगाई त्यसलाई हटाउने सम्बन्धमा छलफललगायतका शान्तिपूर्ण प्रक्रिया अवलम्बन गर्नुपर्ने,

कुनै पनि खालको अत्यधिक शक्ति (Excessive Force) प्रयोग नगरी शान्तिपूर्ण वातावरण बनाउन तथा जीउज्यान र सम्पत्तिको नोक्सानी नहुने अवस्था सिर्जना गर्नुपर्ने,

प्रहरी सङ्गठनमा अनुशासन र 'चेन अफ कमान्ड' (Chain of Command) पनि महत्त्वपूर्ण हुने भएकाले सो कायम गर्नेसम्बन्धमा कानुनी प्रक्रिया अवलम्बन गर्ने ।

अतः प्रहरी सङ्गठनमा अनुशासन महत्त्वपूर्ण हुने भएकाले त्यसलाई कायम गर्न, सङ्गठनभित्र भएको भनिएका मानवअधिकारविरोधी गतिविधि रोक्न तथा समसेरगञ्जमा गरिएको सहमतिमा उल्लिखित मानवअधिकारसँग सम्बन्धित अन्य सवालहरूलाई तत्काल सम्बोधन गर्न राष्ट्रिय मानवअधिकार आयोग सम्बन्धित पक्षको पुनः ध्यानाकर्षण गराउँदछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ५.२० कारागारको सुरक्षा प्रबन्ध सुदृढ गर्न आयोगको आग्रह

ललितपुर/२०६६ चैत २३ गते

रामेछाप जिल्ला बेथान गाविस- ५ स्थायी बसोबास गर्ने र हाल नख्खु कारागारमा कैद भुक्तान गरिरहेका सोनाम भन्ने भक्तबहादुर लामा (वर्ष ३६) लाई सोही जेलमा रहेका दैलेख जिल्लामा स्थायी बसोबास गर्ने अर्का बन्दी टीका वि. क. (वर्ष ३३) ले चैत २० गते बिहान इँटा प्रहार गरी हत्या गरेको घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस घटनाबारे आयोगले जानकारी पाएलगत्तै गत चैत २१ गते केन्द्रीय कार्यालयबाट आवश्यक अनुगमन तथा अनुसन्धानका लागि एक टोली घटनास्थल नख्खु कारागार पठाएको थियो । आयोगको अनुगमनमा निज टीका वि. क. ले मानसिक रोगको उपचार गराइरहेका र १७५ व्यक्ति क्षमताको उक्त कारागारमा चार सयभन्दा बढी बन्दीहरू राखिएको पाइएको छ । राष्ट्रिय मानवअधिकार आयोगले कारागारको क्षमताभन्दा बढी संख्यामा बन्दीहरू नराख्न तथा कारागारको भौतिक अवस्था सुधार गर्नसमेत नेपाल सरकार र सम्बन्धित निकायहरूलाई पटकपटक ध्यानाकर्षण गराएको पुनःस्मरण गराइन्छ । यो घटनाका सम्बन्धमा आयोगमा उजुरीसमेत दर्ता भई आवश्यक अनुसन्धान भइरहेको छ । यसै सम्बन्धमा आयोगले गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, कारागार शाखालगायतमा आवश्यक पत्राचार गरिसकेको छ ।

हिरासत वा कैदजस्तो राज्यको सुरक्षा घेराभित्र रहेको अवस्थामा कैदीबन्दीहरूको हत्या वा मृत्यु हुने अवस्था आउनु मानवअधिकारको गम्भीर उल्लङ्घन हो । आगामी दिनमा यस्ता घटना दोहोरिन नदिन तथा आवश्यक सुरक्षा सतर्कता अपनाउन पर्याप्त व्यवस्था गर्न, असामान्य स्वास्थ्य अवस्था रहेका बन्दीहरूलाई अलग्गै राख्न तथा उनीहरूको स्वास्थ्योपचारको व्यवस्था गर्न, बालबालिकाहरूलाई वयस्क व्यक्तिहरूभन्दा अलग राख्न, स्वच्छ खानेपानी, आवश्यक सरसफाइ र शौचालयको उचित प्रबन्ध गर्न तथा घटनाका दोषीहरूको पहिचान गरी आवश्यक कार्वाही र पीडित पक्षलाई कानुनबमोजिम क्षतिपूर्तिको व्यवस्था गर्नसमेत आयोग नेपाल सरकार र सम्बन्धित निकायहरूलाई आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## ५.२१ आयोगमा यातनाविरुद्धको कार्यक्रम सम्पन्न

ललितपुर/२०६३ असार १२ गते

राष्ट्रिय मानवअधिकार आयोगले यातनापीडितहरूका लागि सहायतासम्बन्धी अन्तर्राष्ट्रिय दिवस (जुन २६) का अवसरमा आज एक छलफल कार्यक्रम सम्पन्न गऱ्यो । यो दिवस हरेक वर्ष जुन २६ मा मनाउने गरिन्छ । यो वर्ष यो दिवसका लागि संयुक्त सङ्गठनले 'यातनाविरुद्ध एक भई कार्य गरौं' भन्ने नारा तय गरेको थियो ।

आयोगद्वारा आयोजित कार्यक्रममा बोल्दै आयोगका सदस्य सुदीप पाठकले यातना रोक्न सम्बद्ध सबैको सामूहिक प्रतिबद्धता र आमजागरणको आवश्यकता औंल्याउनुभयो । उहाँले हिंसाको अन्त्यले यातना न्यून गर्न सघाउ पुऱ्याउने र त्यसका लागि नेकपा माओवादीले हिंसा त्यागेको घोषणा गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रममा नेपाल बार एसोसिएसनका उपाध्यक्ष शेरबहादुर के. सी. ले नेपाल एक दशकभन्दा अगाडि नै यातनाविरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भइसके पनि त्यस अनुकूलको कानुन बन्न नसक्दा यातनाले पश्रय पाइरहेको उल्लेख गर्दै त्यससम्बन्धी कानुन र यातनाका पीडकलाई व्यक्तिगत जवाफदेहिताका आधारमा सजाय गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सेलर्डका अध्यक्ष तथा अधिवक्ता प्रकाश के.सी. ले यातनाका विविध रूपबारे चर्चा गर्दै यातनाका घटनामा कमी ल्याउन विद्यमान मान्यता र कानुनी प्रणालीमा सुधारको खाँचो औंल्याउनुभयो ।

काठमाडौं स्कुल अफ लका सहायक प्राध्यापक रवीन्द्र भट्टराईले पनि यातनामा कमी ल्याउन विद्यमान कानुनी प्रणालीमा सुधारको आवश्यकतामा जोड दिनुभयो । यसका साथै सम्बद्ध सबैले आफ्नो भूमिकाप्रति पुनरावलोकन गर्नु जरुरी भएको उहाँले बताउनुभयो ।

चिकित्सक हरिहर अवस्थीले यातना दिइएको प्रमाण तत्काल नष्ट हुने आममानसिकता रहेको बताउँदै यातनाका चोट र अन्य किसिमले हुने चोटमा फरक पाइने बताउनुभयो । उहाँले भन्नुभयो, 'यातनासम्बन्धी विद्यमान कानुनमा सुधार र आमचेतनाले यातनाका घटनामा कमी ल्याउन सघाउ पुऱ्याउन सक्छ ।' कार्यक्रममा सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक रञ्जन कोइराला, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष सुरेन्द्रवीर मालाकार, नेपाल नेत्रहीन महासङ्घका प्रतिनिधि रमेश पोखरेल तथा यातनापीडित व्यक्तिहरू यज्ञबहादुर के. सी. र मुकुन्द शर्माले यातनाका सम्बन्धमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

कार्यक्रममा आयोगद्वारा प्रस्तुत गरिएको यातना विषयको कार्यपत्रमा सुरक्षाकर्मी र नेकपा माओवादीबाट व्यक्तिलाई विभिन्न किसिमले शारीरिक र मानसिक यातना दिने गरिएको र यस्ता घटनाका सम्बन्धमा आयोगले आवश्यक अनुसन्धानपश्चात दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्तिका लागि सरकारलाई सिफारिस गर्ने गरेको उल्लेख छ । आयोगले हालसम्म यातनाका विभिन्न १४ घटनाहरूमा सरकारलाई सिफारिस गरिसकेको छ । यस्ता खालका यातनाहरूमा कमी ल्याउन आयोगले सुरक्षा निकायसँग नियमित छलफल गर्ने र नेकपा माओवादीका कार्यकर्ताहरूसमक्ष पनि यातनासम्बन्धी सचेतना जगाउने विभिन्न पाठ्यसामग्रीहरू पठाउने गरिएको उल्लेख छ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ५.२२ यातनाविरुद्धको सहकार्यद्वारा जारी गरेको संयुक्त प्रेस वक्तव्य

ललितपुर/

यातनापीडितहरूको सहयोगका लागि संयुक्त सङ्गठनीय अन्तर्राष्ट्रिय दिवस, २००९ का अवसरमा यातनाविरुद्धको सहकार्यका सहयोद्धाहरू हामी राष्ट्रिय मानवअधिकार आयोग, संयुक्त सङ्गठनीय मानवअधिकार उच्चायुक्तको कार्यालय–नेपाल, आईसीजे, एड्भोकेसी फोरम, इन्सेक, सिभिक्ट, इन्हुरेड इन्टरनेशनल, पीपीआर, फोरहिड र जवाफदेही निगरानी समिति–नेपाल सरकारलाई यातनालाई अपराधीकरण गर्ने बृहत कानुनको निर्माण गर्न माग गर्दै यातनाको सवालमा जारी दण्डहीनताको शृङ्खलाको अन्त्य गर्न निरन्तर लडिरहने आफ्नो अडानप्रति पुनः प्रतिबद्धता दोहोऱ्याउन चाहन्छौं ।

सन् १९९१ मा नेपाल सरकारले यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायविरुद्धको महासन्धिलाई अनुमोदन गरेको पनि झण्डै अठार वर्ष पुग्न लागिसकेको छ । तर पनि

नेपालले अझैसम्म यातनालाई अपराधीकरण गर्ने र पीडितलाई पर्याप्त पुनर्लाभको व्यवस्था गर्ने कानुन भने पारित गरेको छैन ।

विद्यमान यातनासम्बन्धी कानुनले नेपालमा निर्बाधरूपमा जारी यातनासम्बन्धी विकराल समस्यालाई सम्बोधन गर्न लगभग असफल भइसकेको छ । यसले सशस्त्र द्वन्द्वकालका दौरान बृहत र योजनाबद्धरूपमा घटाइएका यातनाका घटनाहरूलाई रोक्न र कानुनी उपचार प्रदान गर्न पूर्णरूपमा असफल रह्यो । अचम्म र दुखद् कुरा त के भने हजारौं पीडितहरूले न्याय र पुनर्लाभका लागि पर्खिरहे तापनि हालसम्म पीडकलाई कार्वाही गरिएको एकै मात्र दृष्टान्त पनि छैन ।

नेपालमा अझसम्म पनि यातना निरन्तर जारी छ । यातनाको मात्रामा हाल केही कमी आए तापनि यसको अवस्था अझै विकराल नै रहेको छ । एड्भोकेसी फोरमको हिरासत अनुगमन तथ्याङ्कअनुसार जुन २००८–मे २००९ का बीच ४,३२८ थुनुवाहरूलाई भेटिएकोमा ८४२ जनाले आफूलाई यातना र दूर्व्यवहार गरिएको जनाएका थिए । त्यस्तै इन्सेकले २००८ मा २९४ जना थुनुवाहरूलाई राज्य पक्ष र गैरराज्यद्वारा यातना दिइएको जनाएको छ । यसरी नै राष्ट्रिय मानवअधिकार आयोगले अप्रिल २००८ देखि मे २००९ का बीच गैरराज्य पक्षद्वारा ७२ र गैरराज्य पक्षबाट ३९ ओटा यातनाका मुद्दाहरूको अभिलेखीकरण गरेको छ भने एड्भोकेसी फोरमले गैरराज्य पक्षद्वारा घटाइएका ९५ ओटा मुद्दाहरूको अभिलेखीकरण गरेको छ । अधिकांश यातना पीडितहरू आपराधिक गतिविधिका संलग्न भएको आशंकामा प्रहरीले सोधपुछका क्रममा यातना दिने गरेको भन्ने कुरा प्राप्त तथ्याङ्कहरूको विश्लेषणबाट प्रष्ट हुन्छ ।

यातनाविरुद्धको सहकार्यमा जुटेका नागरिक समाजका सङ्घसंस्थाहरूले यस अन्तर्राष्ट्रिय दिवसको अवसरमा "यातना : गम्भीर फौजदारी अपराध" नामक प्रतिवेदन सार्वजनिक गरेका छौं । यस प्रतिवेदनमा नेपालमा जारी यातनासम्बन्धी विभिन्न सवालहरूमाथि केन्द्रित रहँदै यातनाको समस्यालाई समाधान गर्न आवश्यक एक बृहत कानुनको खाका तयार गरी प्रस्तुत गर्ने जमर्को गरिएको छ । राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषज्ञहरू र नेपालको नागरिक समाजको अनुभवको प्रतिफल यो नमूना कानुन यातनालाई अपराधीकरण गर्ने कानुन निर्माणमा सरकारलाई मार्गनिर्देश गर्ने कुरामा दुईमत छैन ।

यस प्रतिवेदनले नेपालमा यातनालाई अझैसम्म पनि फौजदारी कसूर मानिएको छैन भन्ने तथ्यको पनि उजागर गर्दछ । नेपालको अन्तरिम संविधानले यातनालाई फौजदारी कसूरको रूपमा स्थापित गरे तापनि पीडकलाई उचित अभियोजन गर्ने स्पष्ट निर्देशिका भने प्रस्तुत गरेको छैन ।

नेपाल सरकारले यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक दुर्व्यवहार वा सजायविरुद्धको महासन्धिलाई अनुमोदन गरेको झण्डै अठार वर्ष भइसक्दा पनि र यातना र मानवअधिकार हनन्का विरुद्ध कडा कदम चाल्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले बारम्बार आग्रह गरे पनि सरकारले त्यसलाई बेवास्ता गरेको तथ्य त सर्वविदितै छ । फौजदारी न्याय प्रणालीका प्रमुख सरोकारवालाहरू यस समस्यालाई समाधान गर्न इच्छुक छन् तर उनीहरूको प्रयासले मात्रै यातना दिने परिपाटीलाई समाप्त गर्न सकिँदैन भन्ने हाम्रो ठहर पनि छ । त्यसैले व्यवस्थापिका संसदले रचनात्मक प्रणालीको विकास गरी यातनालाई फौजदारी कसूर ठहर गर्ने, यातनाका आरोपहरूमाथि अनुसन्धान गर्ने एक संयन्त्रको निर्माण गर्ने र पीडितलाई पूर्ण पुनर्लाभ प्रदान गर्ने बृहत कानुनी

मार्गनिर्देशनको व्यवस्था गर्ने तथा दण्डहीनताको अन्त्य गरी जनआन्दोलनको म्याण्डेट पूरा गर्ने घडी आएको छ भन्ने हामीलाई लाग्दछ । यस अवसरमा हामीले सरकारलाई निम्नलिखित कार्यहरू गर्न आह्वान गर्दछौँ :

व्यवस्थापिकाबाट प्रजातान्त्रिक मूल्यमान्यताहरूलाई अँगाल्दै यातनालाई अपराधीकरण गर्ने प्रक्रियाको सुरुवात गनुपर्ने,

यातनाविरुद्धको महासन्धिको ऐच्छिक आलेखलाई शीघ्र अनुमोदन गर्नुपर्ने,

यातना दिने कार्यविरुद्ध अनुसन्धान गर्न एक स्वतन्त्र राष्ट्रिय अनुगमन संयन्त्र निर्माण गर्नुपर्ने ।

# परिच्छेद ६

## ६. अपाङ्ग, आप्रवासी कामदार, आदिवासी जनजाति, अल्पसंख्यकहरूको अधिकारसम्बन्धी

### ६.१ भुटानी शरणार्थीहरूले सम्मानपूर्वक स्वदेश फर्कन पाउनुपर्ने

ललितपुर/२०६० आषाढ ३२ गते

राष्ट्रिय मानवअधिकार आयोगले श्री ५ को सरकारलाई एक पत्र लेखी भुटानी शरणार्थीहरूको सम्मानपूर्वक स्वदेश फर्कन पाउने अधिकारको प्रत्याभूतिको लागि आवश्यक पहल गर्न अनुरोध गरेको छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को दफा १३ मा कुनै पनि नागरिक आफ्नो देशमा फर्की आउन पाउने अधिकारको प्रत्याभूति गर्नुको साथै धारा १५ ले राष्ट्रियताको समेत अधिकार दिएको छ । अन्तर्राष्ट्रिय समुदायको एउटा जिम्मेवार सदस्यको नाताले र मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र भएको समेत आधारमा मानवअधिकारप्रति नेपाल पनि संवेदनशील हुनुपर्ने कुरामा द्विविधा छैन । शरणार्थीहरूको सम्मानपूर्वक स्वदेश फर्कन पाउने आधारभूत अधिकारको प्रत्याभूति नगरेसम्म शरणार्थीसम्बन्धी समस्याको स्थायी समाधानमा बाधा पर्ने कुरालाई मध्यनजर गर्दै शरणार्थीहरूको पुनरावेदनमाथि निष्पक्ष रूपले जाँच हुन सक्ने आवश्यक व्यवस्था मिलाउनुपर्ने, शरणार्थीहरू आफ्नो देश फर्केपछि त्यहाँ सम्मानित जीवन बिताउन पाउने कुराको प्रत्याभूति गर्ने, भुटानी शरणार्थी फिर्ता जाने क्रम सुरु भएपछि एउटा स्वतन्त्र अनुगमनको संयन्त्र स्थापना हुनुपर्ने र कुनै पनि व्यक्तिको राष्ट्रियतासम्बन्धी अधिकारको संरक्षणका लागि ध्यान दिनुपर्नेजस्ता विषयमा पहल गर्न श्री ५ को सरकारलाई अनुरोध गरिएको छ ।
(राधाकृष्ण उप्रेती, उपसचिव)

### ६.२ रिजाललाई यथाशीघ्र ट्राभल डकुमेण्ट उपलब्ध गराउन र शरणार्थीको दर्जा दिन श्री ५ को सरकारसँग आग्रह

ललितपुर/२०६० चैत १८ गते

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्री, सदस्यहरू डा. गौरीशंकरलाल दास र सुशील प्याकुरेलले आज भुटानी मानवअधिकारवादी नेता टेकनाथ रिजाल आमरण अनसनमा रहनुभएको स्थल रत्नपार्क गई रिजालसँग भेट गर्नुभयो । सो अवसरमा रिजालको स्वास्थ्यस्थितिको बारेमा जानकारी लिई त्यहाँ उपस्थित सञ्चारकर्मीसित कुरा गर्दै आयोगका अध्यक्ष श्री खत्रीले आमरण अनसनमा रहनुभएका रिजालको स्वास्थ्यस्थितिलाई समेत मध्यनजर गर्दै श्री रिजाललाई यथाशीघ्र ट्राभल डकुमेण्ट उपलब्ध गराउन तथा उहाँलाई शरणार्थीको दर्जा दिन श्री ५ को सरकारसँग आग्रह गर्नुभयो ।
(नवराज कोइराला, उपसचिव)

### ६.३ कान्तिपुर पब्लिकेशन र मस्जिदहरूको निरीक्षण

ललितपुर/२०६१ भदौ १९ गते

इराकमा आतङ्ककारीहरूद्वारा १२ जना नेपालीहरूको हत्या गरिएको विषयलाई लिएर उत्तेजित समूहले कान्तिपुर पब्लिकेशन, कान्तिपुर टेलिभिजन, स्पेशटाइम नेटवर्क तथा च्यानल नेपालसमेतमा आक्रमण गरी त्यसबाट पुगेको क्षति तथा इस्लाम धर्मावलम्बीहरूका धार्मिकस्थल मस्जिदहरूमा गरिएको आक्रमणबाट भएको क्षतिको बारेमा जानकारी लिन राष्ट्रिय मानवअधिकार आयोगका माननीय सदस्यद्वय डा. गौरीशंकरलाल दास र सुशील प्याकुरेल तथा का. मु. सचिव केदारप्रसाद पौड्यालसमेतको टोलीले घटनास्थलको निरीक्षण गऱ्यो ।

मानवअधिकारको बहालीको लागि महत्त्वपूर्ण भूमिका खेल्ने सञ्चारजगत्माथिको आक्रमणलाई आयोगले गम्भीर रूपमा लिएको छ । कुनै स्पष्ट कारणबिना भएको त्यस्तो आक्रमणले चौथो अङ्गको रूपमा रहेको सञ्चारजगत्लाई नै गम्भीर आघात पुऱ्याएको छ साथै इराकमा भएको आतङ्ककारी कार्यलाई लिएर कुनै धार्मिक समुदायको आस्थामा खलल पुऱ्याउने गरी मस्जिदहरूमा भएको आक्रमणले नेपालीबीचको धार्मिक सहिष्णुतामा खलल पारी नेपाली जनताको धार्मिक आस्थासँग सम्बन्धित मौलिक हकको प्रयोगमा समेत असर परेको आयोगले महसुस गरेको छ ।

निरीक्षणको क्रममा सम्बन्धित व्यक्तिहरूसँगको छलफलको क्रममा आक्रमण हुने आशङ्का भएपछि र आक्रमणकै क्रममा पनि पटकपटक सुरक्षासँग सम्बन्धित माथिल्ला अधिकारीहरूलाई सुरक्षाको लागि अनुरोध गर्दा पनि घण्टौंसम्म सुरक्षा निकायले चासो नदिएको भन्ने बताएका हुँदा यसबाट सुरक्षाको प्रत्याभूति गर्न सरकार संवेदनशील नभएको देखिएको छ । सुरक्षाका माथिल्लो निकायसँगै अवस्थित काठमाडौंको ज्यादै संवेदनशील क्षेत्रमा रहेका मस्जिदहरूको सुरक्षामा समेत कुनै चासो नदिएकोमा आयोगले आश्चर्य व्यक्त गरेको छ । एकै दिनमा यस्ता संवेदनशील निकायहरूमा भएको आक्रमण तथा वैदेशिक रोजगार कम्पनीहरूमा भएका आक्रमणबाट ठूलो क्षति पुगेको सन्दर्भमा यस्तो क्षति रोक्न समयमै प्रभावकारी कदम चाल्न सरकारले तदारुकता नदेखाएको पनि आयोगले महसुस गरेको छ ।

यस विषयमा सरकारले गर्ने कार्यहरू केवल क्षतिको विवरण प्रकाशित गर्ने औपचारिकतामा मात्र सीमित नराखी दोषी किटान गरी कानुनबमोजिम सजाय गर्न र दण्डहीनता हुन नदिई समाजमा कानुनको शासनको स्थापना तथा मानवअधिकारको रक्षातर्फ उन्मुख हुनुपर्छ भन्ने कुरा श्री ५ को सरकारलाई आयोग ध्यानाकर्षण गराउन चाहन्छ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ६.४ दोस्रो विश्व बौद्ध शिखर सम्मेलनको अवसरमा बन्द नगर्न आह्वान

ललितपुर/२०६१ मङ्सिर १५ गते

अन्तर्राष्ट्रिय बौद्ध महासङ्घले बुद्धको जन्मभूमि लुम्बिनीमा आयोजना गरेको दोस्रो विश्व बौद्ध शिखर सम्मेलनको अवसरमा नेकपा माओवादीले रूपन्देही र नवलपरासी बन्द गरेको र सो क्षेत्रमा शृङ्खलाबद्ध बम विष्फोट गराई करोडौं मानिसको आस्थाको केन्द्र गौतम बुद्धको जन्मस्थलमा हुने सम्मेलनमा भाग लिन आउने विदेशी पाहुनाहरूको आगमन तथा बसाइमा प्रतिकूल असर पार्ने

नेकपा माओवादीको क्रियाकलापले गर्दा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत नेपालको छवि धमिलिने मात्र नभई यसले नेकपा माओवादीले बारम्बार आफूलाई एउटा जिम्मेवार दलको रूपमा प्रस्तुत गर्ने आफ्नै भनाइको उपहाससमेत गरेको छ ।

यसैगरी नेकपा माओवादीले बाँके र बर्दियाका विभिन्न विद्यालयमा अध्ययनरत बालबालिकालाई सडक तथा राजमार्गमा धराप थाप्न लगाउने, बंकर खन्न लगाउनेजस्ता अतिजोखिमपूर्ण काम लगाएको भनी समाचारहरू प्रकाशित भएका छन् । नेकपा माओवादीका ती क्रियाकलापहरू बालअधिकार तथा मानवीय कानुनसम्बन्धी अन्तर्राष्ट्रिय सिद्धान्तहरूविपरीत छन् । राष्ट्रिय मानवअधिकार आयोग माओवादीद्वारा लुम्बिनीमा गरिएको त्यस्ता ध्वंसात्मक कार्यको भर्त्सना गर्दै बालबालिकालाई हिंसात्मक क्रियाकलापमा लगाउनेजस्तो मानवअधिकारविपरीत कार्य तुरुन्त रोक्न नेकपा माओवादीलाई आह्वान गर्दछ ।
(राधाकृष्ण उप्रेती, उपसचिव)

## ६.५ आयोगका माननीय सदस्यद्वय सुदीप पाठक र गोकुल पोखरेलसहितको टोलीले झापा जिल्लाको बेलडाँगीस्थित भुटानी शरणार्थी क्याम्पको अनुगमन

विराटनगर/२०६२ पुस ११ गते

राष्ट्रिय मानवअधिकार आयोगका माननीय सदस्य सुदीप पाठकसहितको एक टोलीले झापा जिल्लाको बेलडाँगीस्थित भुटानी शरणार्थीको १, २, ३ नम्बर क्याम्पको भ्रमण गरी भुटानी शरणार्थीहरूको मानवअधिकारको स्थितिबारे अनुगमन गऱ्यो । सो अनुगमनको क्रममा विगत १५ वर्षदेखि शरणार्थी भई बसिरहेका भुटानीहरूले विभिन्न आन्तरिक माग राखी विगत ४ दिनदेखि २००० को संख्यामा शरणार्थीहरू अनसन बसेको जानकारी प्राप्त गर्नुका साथै टोलीले १, २, ३ नम्बर क्याम्पका सचिव र फादरसँग भेटघाट गरी शरणार्थीहरूको मानवअधिकारको अवस्थाबारे छलफल गरेको थियो । साथै राष्ट्रिय मानवअधिकार आयोगले श्री ५ को सरकार र अन्तर्राष्ट्रिय समुदायलाई भुटानी शरणार्थीहरूको समस्याप्रति गम्भीर भई आवश्यक पहल गर्न अनुरोध गर्दछ ।
(प्रदीपकुमार झा, नि. क्षे. निर्देशक)

## ६.६ डोटी घटनामा दलितमाथि दुर्व्यवहार भएको आयोगको ठहर

ललितपुर/०६३ असोज ७ गते

राष्ट्रिय मानवअधिकार आयोगले यही असोज १ गते सिलगढी नगरपालिका- ४, डोटीमा मन्दिर प्रवेशको विषयमा गैरदलित समुदायका व्यक्तिहरूबाट दलितउपर जातीय छुवाछुत र भेदभावपूर्ण व्यवहार भएको भनिएको घटनाको स्थलगत अनुगमन सम्पन्न गरेको छ ।

गत भदौ १० गते दलित महिलाहरूले स्थानीय शिवालय मन्दिरमा पूजा गर्ने क्रममा मन्दिरका पुजारी र गैरदलित समुदायका व्यक्तिहरूसँग भएको विवाद बढेपछि स्थानीय प्रशासनको प्रयासमा दलित, गैरदलित, मन्दिरका पुजारी, नेकपा माओवादी र सात राजनीतिक दलहरूबीच सहमति भई भदौ ३१ गते सम्पूर्ण मन्दिरमा दलितहरूलाई समान पहुँच दिने लिखित समझदारी सम्पन्न भएको

थियो । सो समझदारीअनुसार दलित अधिकारसँग सम्बन्धित संस्थाहरू सम विकास केन्द्र (EDC) र महिला सेवा सङ्घ (FEDO)को नेतृत्वमा झण्डै डेढ सयको दलित समूह असोज १ गते सामूहिक पूजा गर्ने कार्यक्रम राखी शैलेश्वरी मन्दिर प्रवेश गरेको आयोगको क्षेत्रीय कार्यालय धनगढीले गरेको अनुगमनबाट प्राप्त भएको छ ।

अनुगमनबाट प्राप्त तथ्यअनुसार सो दिन उक्त समूह स्थानीय राधाकृष्ण मन्दिरमा पूजा गर्न जाँदा गैरदलित समुदायका व्यक्तिहरूबाट उनीहरूमाथि आक्रमण भएको पाइयो । आक्रमणपछि दलित समुदायका केही व्यक्तिहरू भागेर दिपायल, राजापुर, डडेल्धुरा र धनगढीसम्म पुगेका र सुरक्षाको कारण देखाई हालसम्म आफ्नो घर पर्किएका छैनन् ।

गैरदलित समुदायका व्यक्तिहरूको आक्रमणबाट राधाकृष्ण मन्दिरमा पूजा गर्न गएका दलित समुदायका केही व्यक्तिहरू घाइते हुनको साथै दलित अधिकारसँग सम्बद्ध संस्थाहरू FEDO/EDC मा समेत क्षति पुगेको पाइयो । यी घटनाहरू हुन नदिन प्रहरी प्रशासनले आवश्यक पहल गर्न नसकेको पाइयो ।

यस घटनाबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११, जातीय विभेद उन्मूलनसम्बन्धी महासन्धि, १९६५, अन्य प्रचलित नेपाल कानुन र हालै संसदबाट भएको जातीय छुवाछुत उन्मूलन गर्ने घोषणाको समेत उलङ्घन हुन पुगेको छ ।

आयोग घटनाका घाइतेहरूलाई उपचार र क्षतिपूर्ति, तोडफोड भएका संस्थाहरूको भौतिक क्षतिको मूल्याङ्कन गरी क्षतिपूर्ति दिन/दिलाउन, दलितमाथि भेदभाव र दुर्व्यवहार गर्ने पुजारीलगायत तोडफोडमा संलग्न दोषीहरूको पहिचान गरी कानुनबमोजिम कार्वाही गर्न नेपाल सरकारसँग आग्रह गर्दछ ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

### ६.७ आयोगद्वारा आदिवासी जनजातिको अधिकारसम्बन्धी कार्यशाला सम्पन्न

ललितपुर/२०६४ जेठ २२ गते

राष्ट्रिय मानवअधिकार आयोगको आयोजनामा आदिवासी जनजातिको अधिकारसम्बन्धी एक दिने कार्यशाला सम्पन्न भएको छ । आदिवासी जनजाति अधिकार र मानवअधिकारका क्षेत्रमा कार्यरत सम्बद्ध सरोकारवालाहरूलाई आदिवासी जनजातिका अधिकार र त्यससँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिका बारेमा जानकारी दिलाउन तथा नेपालमा आदिवासी जनजातिका अधिकारको अवस्थाबारे छलफल गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा आदिवासी जनजाति अधिकार र मानवअधिकार क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाका १२० जनाभन्दा बढीको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटनसत्रमा मन्तव्य व्यक्त गर्दै उपसभामुख चित्रलेखा यादवले समावेशी नयाँ नेपाल निर्माणका लागि न्यायपूर्ण समावेशीकरण हुनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले लोकतन्त्रको मेरुदण्ड

मानवअधिकार र विधिको शासन भएको उल्लेख गर्दै शान्तिका लागि सामाजिक न्यायलाई सही रूपमा सम्बोधन गर्न सक्नुपर्ने बताउनुभयो ।

आयोगका निमित्त सचिव पदमा माथेमाको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको उद्घाटनसत्रमा नेपाल आदिवासी जनजाति महासङ्घका महासचिव रामबहादुर थापामगर, हिमालयन इन्डिजिनियस वेमन नेटवर्ककी लक्की शेर्पा, संयुक्त सङ्गठनीय विकास कार्यक्रममा नेपालस्थित सहायक आवासीय प्रतिनिधि शरद न्यौपाने र आयोगका प्रवर्द्धन महाशाखा प्रमुख मुरारीप्रसाद खरेलले पनि सम्बन्धित विषयमा आ-आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

उक्त कार्यशालामा संयुक्त सङ्गठनीय विकास कार्यक्रम आदिवासी जनजाति कार्यक्रमकी बैङ्कस्थित क्षेत्रीय संयोजक चन्द्रा रोय र अन्तर्राष्ट्रिय श्रमसङ्गठनको नेपालस्थित कार्यालयका सोलेमन राजवंशीले सम्बन्धित विषयमा आफ्नो प्रस्तुति राख्नुभएको थियो ।

(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## ६.८ अभूतपूर्व धार्मिक, साम्प्रदायिक, सामाजिक तथा राजनीतिक सद्भाव प्रर्दशन गर्दै एकजुट हुन सम्पूर्ण जात, धर्म र सम्प्रदायका मानिसहरूसँग आग्रह

नेपालगञ्ज/२०६४ असोज १० गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको क्षेत्रीय निर्देशकसहितको एक टोलीले असोज ३ गतेयता दाङ जिल्लामा भएका आगजनी, तोडफोड, लुटपाट तथा मुस्लिम समुदायको विस्थापनको सम्बन्धमा दाङको लमही, भगवानपुर, घोराही तथा तुलसीपुरको स्थलगत अनुगमन गरेको छ । कपिलवस्तुको घटनालाई लिएर दाङमा समेत भड्काउन खोजिएको साम्प्रदायिक सद्भावलाई आयोगले गम्भीरतापूर्वक लिएको छ । भगवानपुर, लमही र तुलसीपुरमा भएको अपराधिक घटनाहरूबाट बिस्थापित भएका मुस्लिम समुदायका ८९१ व्यक्तिमध्ये ६२१ व्यक्ति घर तथा सुरक्षित स्थानतर्फ फर्किसकेका (त्यसमध्ये २२० जना भारततर्फ) र लमहीको मदरसा तथा मस्जिदमा ६५ व्यक्ति, तुलसीपुरको १९ नं. बाहिनीअन्तर्गत एयरपोर्ट व्यारेकमा १२५ व्यक्ति र तुलसीपुरकै नेपाल खाद्य संस्थानको गोदाममा ८० व्यक्ति गरी जम्मा २७० जना बिस्थापित व्यक्तिहरूसँग आयोगको टोलीले भेटघाट गरी घटनाको सम्बन्धमा र तत्कालीन समस्याहरूको सम्बन्धमा जानकारी लिई स्थानीय प्रशासनलाई निजहरूको सुरक्षा, स्वास्थ्य उपचार, खानपान तथा पुनःस्थापनसम्बन्धमा आवश्यक निर्देशन दिएको छ ।

घटनाको पूर्वाभास हुनुअघि नै स्थानीय प्रहरी र प्रशासनलाई जानकारी गराउँदागराउँदै पनि प्रहरीहरू सामान्य स्थितिलाई नियन्त्रणमा लिन अग्रसर नहुनु, प्रहरीकै अगाडि तोडफोड र लुटपाट हुँदा पनि प्रहरी मुकदर्शक भएर रहिरहनु, लुटिएको सम्पत्तिहरू रहेको सम्भावित स्थानहरूको बारे प्रहरीलाई जानकारी गराउँदा पनि ती स्थानहरूबाट हालसम्म सामान कब्जामा लिने प्रयास नगरिनु, स्थानीय प्रशासन र प्रहरीबीच प्रभावकारी समन्वयको स्थिति अझै पनि नदेखिनु, घटनामा दोषी भनी पक्राउ गरिएका ४६ जनामध्ये अधिकांशलाई निर्दोष भनी छाड्नु र वास्तविक दोषीको पहिचान गरी कानुनी कार्वाहीको दायराभित्र ल्याउन नसक्नु जस्ता घटनाहरूबाट दण्डहीनताको स्थितिले प्रश्रय पाउने तथा

मानिसहरूको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार नै कुण्ठित हुने हुँदा यसतर्फ गम्भीर रहन र कानुनी राज्यको अवधारणालाई आत्मसात गर्न तथा पीडितहरूलाई उचित क्षतिपूर्ति दिन, पीडितहरूलाई पुनःस्थापित गराउन आयोग नेपाल सरकारसमक्ष अनुरोध गर्दछ ।

यस्ताखाले मानवताविरोधी गतिविधि जुनसुकै व्यक्ति वा समूहबाट भएको भए तापनि उसको कुनै जात, धर्म, सम्प्रदाय वा आस्था नहुने हुँदा त्यस्ता प्रवृत्तिका व्यक्ति वा समूहउपर कानुनी कार्वाहीको लागि अभूतपूर्व धार्मिक, साम्प्रदायिक, सामाजिक तथा राजनीतिक सद्भाव प्रर्दशन गर्दै एकजुट हुनसमेत आयोग सम्पूर्ण जात, धर्म र सम्प्रदायका मानिसहरूसँग आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ६.९ अपाङ्गता भएका व्यक्तिहरूको १८ औँ अन्तर्राष्ट्रिय दिवस, युएनसीआरपीडीलाई अनुमोदन र कार्यान्वयन गर्न आग्रह

ललितपुर/२०६६ मङ्सिर १८ गते

राष्ट्रिय मानवअधिकार आयोगलगायत विभिन्न सरोकारवाला सङ्घसंस्थाहरूले 'अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको प्रत्याभूति, सहस्राब्दी विकास लक्षमा हुनुपर्छ यसको अनुभूति' भन्ने सन्देशका साथ अपाङ्गता भएका व्यक्तिहरूको १८ औँ अन्तर्राष्ट्रिय दिवस मनाइरहेका छन् । अपाङ्गता भएका व्यक्तिको मानवअधिकार प्रवर्द्धन गर्न संयुक्त सङ्गठनको आह्वानमा सन् १९९२ देखि यो दिवस मनाउन थालिएको हो । यो अभियानमा सङ्गठनीय निकायका अतिरिक्त अन्तर्राष्ट्रिय संस्थाहरू, सरकारहरू, गैरसरकारी सङ्घसंस्था र नागरिक समाजका विभिन्न तहहरू जुटेका छन् ।

यसै सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोग मध्यमाञ्चल क्षेत्रीय कार्यालय, जनकपुर र नेपाल अपाङ्ग सङ्घ, धनुषाको संयुक्त आयोजनामा 'मानवअधिकार तथा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार' विषयक अन्तर्क्रिया सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथिको रूपमा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आईसीआरपीडी) अनुमोदन गरी कार्यान्वयन गर्न नेपाल सरकारलाई आग्रह गर्नुभयो । नेपाल अपाङ्ग सङ्घ, धनुषाका संस्थापन अध्यक्षसमेत रहनुभएका सदस्य सिंहले भन्नुभयो, 'राष्ट्रिय मानवअधिकार आयोगले अब बन्ने संविधान मानवअधिकारमैत्री हुनुपर्छ भन्ने कुरामा विशेष जोड दिइरहेकाले त्यस्तो संविधानले अपाङ्गता भएका व्यक्तिहरूलाई समेत न्याय गर्न सक्नेछ ।' कार्यक्रममा धनुषा जिल्लामा रहेका सरकारी निकाय, गैरसरकारी सङ्घसंस्था, सुरक्षाकर्मी, अपाङ्गतासम्बन्धी संस्थाका प्रतिनिधिहरूको सहभागिता थियो ।
(वेदप्रसाद भट्टराई, निर्देशक)

## ६.१० तिब्बती शरणार्थीहरूको प्रदर्शनलाई दमन नगर्न आयोगको आग्रह

ललितपुर/२०६४ चैत १२ गते

विगत सप्ताह तिब्बतको राजधानी ल्हासामा भएको हिंसात्मक प्रदर्शनमाथि त्यहाँका सुरक्षाकर्मीहरूले गरेको दमनको कुरा विश्वचर्चाको विषय बनेको छ । यसै विषयलाई लिएर नेपालमा बस्दै आएका

तिब्बती शरणार्थीहरूले संयुक्त सङ्गठन विकास परियोजना परिसरबाहिर केही दिनदेखि गर्दै आएका विरोध प्रदर्शनीहरूमा प्रहरीले गरेको हस्तक्षेप र कार्यबाहीप्रति राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यसका साथसाथै हिजो मिति २०६४ चैत ११ मा यस विषयलाई लिएर आफ्नो विरोध प्रदर्शन गर्न खोजेका राष्ट्रिय मानवअधिकार आयोगका पूर्व सदस्य सुशील प्याकुरेललगायतका मानवअधिकार रक्षकहरूको कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरेकोमा आयोगको ध्यानाकर्षण भएको छ ।

राष्ट्रिय मानवअधिकार आयोग शान्तिपूर्ण रूपमा आफ्नो हक अधिकारको विषयलाई लिएर सङ्गठन गर्न पाउने, सभा जुलुसमा भाग लिन पाउने र विरोध कार्यक्रमहरू आयोजना गर्न पाउने अधिकारको सम्मानको पक्ष रहेको सर्वविदितै छ । त्यसकारण त्यस्ता कार्यक्रमहरूमा कुनै पनि किसिमको बलयुक्त हस्तक्षेप गर्ने र त्यसमा संलग्न मानिसहरूलाई गिरफ्तार गर्ने कार्यको भर्त्सना गर्दछ । साथसाथै आफ्ना मागहरू पूरा गर्न गरिने कुनै पनि खाले हिंसात्मक आन्दोलन र त्यसलाई समर्थन गर्ने कामप्रति पनि आयोग विमति प्रकट गर्दछ । अतः नेपालमा बसोबास गर्दै आएका तिब्बती शरणार्थीहरूलाई शरण लिएका राष्ट्र (Host Country) को कानुनलाई सम्मान गर्न र सरकारलाई पनि आफ्नो देशमा रहेका शरणार्थीहरूको अधिकारको सम्मान गर्न हार्दिक आह्वान गर्दछ ।

(विशाल खनाल, सचिव)

## परिच्छेद ७

### ७. विशेष गतिविधिसम्बन्धी

### ७.१ आयोगले पूर्णता पाएपछि जारी गरिएको पहिलो विज्ञप्ति

ललितपुर/२०५७ जेठ २७ गते

राष्ट्रका समस्त सचेत नागरिक तथा नागरिक समाजको उत्कृष्ट अपेक्षाअनुरूप राष्ट्रिय मानवअधिकार आयोगको गठन भएको छ ।

यस आयोगको गठनपश्चात अध्यक्ष नयनबहादुर खत्री २०५७ साल जेठ १७ गते सदस्यहरू डा. गौरीशंकरलाल दास, कपिल श्रेष्ठ, सुशील प्याकुरेल र इन्दिरा राणा २०५७ साल जेठ २३ गते शपथ गर्नुभएपछि अब आयोगले पूर्णता प्राप्त गरेको छ । आयोगको लागि आवश्यक कर्मचारी र कार्यालय व्यवस्थापनको काम अझै हुन नसके पनि आयोगले आफ्नो कामको भने सुरुआत गरिसकेको छ ।

आयोगका अध्यक्ष श्री नयनबहादुर खत्री तथा अन्य सबै सदस्यहरूले मिति २०५७ जेठ २७ गते प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालासँग भेटी आयोगको वर्तमान अवस्था र आयोगलाई प्रभावकारी ढङ्गले काम सुरु गर्न भौतिक पूर्वाधारको यथाशीघ्र व्यवस्थाको माग गर्नुभयो । त्यसपछि अध्यक्षलगायत सबै सदस्यहरूले भद्रकालीमा रिले अनसनमा बसेका माओवादी क्षेत्रका पीडित जनतालाई भेटी समस्याप्रति आयोगको चासो व्यक्त गर्नुभयो ।

आयोगले मन्त्रिपरिषद् सचिवालयमा पत्र लेखी विभिन्न विषयमा सरकारले गरेका काम कार्वाहीबारे जानकारी माग गरेको छ । उक्त सचिवालयलाई जेठ २६ गते लेखिएको पत्रमा रुकुम जिल्लाको खारामा भएको हत्या एवम् अग्निकाण्ड, कैलाली जिल्लाको उर्मा गाविसमा भएको ६ जनाको हत्या, कमैयाहरूको न्यूनतम ज्याला एवम् कमैया मुक्ति, महानमा भएको चमर बहिष्कार तथा हालसम्म बेपत्ता पारिएका भनी प्रकाशित समाचारका बारेमा ७ दिनभित्र जानकारी उपलब्ध गराउन सम्बन्धित निकायसँग आयोगले माग गरेको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो कामलाई प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न श्री ५ को सरकार, विभिन्न राजनीतिक दलहरू, राज्यका विभिन्न निकायहरू, नागरिक समाज एवम् मानवअधिकारको क्षेत्रमा काम गर्ने सबै सङ्घसंस्थाहरू, सञ्चारक्षेत्र तथा बुद्धिजीवीवर्गबाट सुझाव एवम् सहयोग अपेक्षा गरेको छ ।

यस आयोगले ललितपुर, पुल्चोकस्थित हरिहरभवनमा आफ्नो कार्यालय स्थापना गरी काम सुरु गरिसकेको छ । आयोगले छिट्टै व्यवस्थित रूपमा सक्रिय भई अगाडि बढ्ने वातावरण पाउनेछ भन्ने आशा हामीले गरेका छौँ ।
(नयनबहादुर खत्री, अध्यक्ष)

## ७.२ अनुसन्धान टोली खटाउँदा सुरक्षा फौजको प्रतिनिधि समावेश गर्नुपर्ने निर्णयप्रति आयोगको खेद प्रकट

ललितपुर/२०६० चैत १९ गते

राष्ट्रिय मानवअधिकार आयोगको आज मिति २०६०/१२/१९ मा बसेको बैठकले श्री ५ को सरकार, गृहमन्त्रालयबाट प्राप्त प. सं. शा. सु. ०६०/०६१ च. नं. ३९४८ मिति २०६०/१२/१६ को पत्रमा आयोगप्रति लाञ्छना लगाउँदै "... एकपक्षीय प्रतिवेदन तयार गर्न लगाई सुरक्षा फौजले ज्यादती गरिरहेको छ भन्ने सन्देश सर्वसाधारण जनता र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत दिएर सुरक्षा फौजको छविमा आँच पुऱ्याउने कार्य गरिरहेको ..." तथा "आयोगले अनुसन्धान टोली खटाउँदा छानविन टोलीमा सुरक्षा फौजको प्रतिनिधिसमेत अनिवार्य रूपमा समावेश गर्नुपर्ने" भनी उल्लेख भएकोलाई आयोगले गम्भीर रूपमा लिँदै खेद प्रकट गरेको छ। उक्त पत्रले आयोगको निष्पक्ष काम कार्वाहीमा गैरकानुनी हस्तक्षेप गरेको भन्ने ठहर गर्दै उक्त पत्र आयोगको निष्पक्षता र स्वतन्त्रतामा आँच आउने गरी मानवअधिकार आयोग ऐन, २०५३ को प्रावधानको समेत विपरीत भएको ठहर गरको छ।

आयोगले मुख्य सचिवलाई सम्बोधन गरी पठाएको पत्रमा भनिएको छ- सम्माननीय प्रधानमन्त्रीज्यू श्री सूर्यबहादुर थापाद्वारा मिति २०६०/१२/१३ मा घोषणा गरिएको "मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयनमा श्री ५ को सरकारको प्रतिबद्धता" बेवास्ता गर्दै त्यसको विपरीत आयोगको निष्पक्ष काम कार्वाही र गरिमामा समेत आँच आउने गरी श्री ५ को सरकार, गृहमन्त्रालयबाट पत्र प्राप्त हुँदा आयोग आश्चर्यचकित छ र यसलाई आयोगले आफ्नो काम कार्वाही माथिको गैरकानुनी हस्तक्षेपको रूपमा लिएको छ।

नेपालमा मानवअधिकारको स्थिति र मानवअधिकारको संरक्षणको लागि एक स्वतन्त्र निकायको रूपमा आयोगले खेल्नुपर्ने सक्रिय भूमिकाका सम्बन्धमा राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा समेत गम्भीर चासो लिएको अवस्थामा यस्तो पत्र प्राप्त हुनु खेदको विषय हो भन्ने आयोगको धारणा रहेको छ। विगतमा पनि सुरक्षा निकायबाट आयोगलाई एकपक्षीय भएको भनी लगाइएको आरोप स्वयम् सुरक्षा निकायबाटै दोरम्बा र चिसापानीलगायतका कतिपय स्थानमा भएका कार्वाहीमा गल्ती स्वीकार गरेबाटै आयोगप्रतिको लाञ्छना झूटो सावित भइसकेको प्रति पनि ध्यानाकर्षण गरिएको छ।

प्रस्तुत विषयमा ध्यानाकर्षण भई त्यस्तो पत्राचार गर्नेमाथि मुख्य सचिवबाट आवश्यक कार्वाही हुनेछ भन्ने विश्वास लिँदै आइन्दा यस्तो काल्पनिक कुराको आधारमा आयोगको काम कार्वाहीमा हस्तक्षेप नहुने व्यवस्था मिलाउन पनि आयोगले अनुरोध गरेको छ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ७.३ जुम्ला सदरमुकाम आक्रमणप्रति आयोगको ध्यानाकर्षण

ललितपुर/२०६१ भदौ १९ गते

जुम्ला जिल्लाको सदरमुकाम खलङ्गामा यही भदौ ५ गते शनिबार राति माओवादीद्वारा गरिएको आक्रमणप्रति राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको छ। सो घटनामा माओवादीद्वारा

प्रहरी हवल्दारहरू घनबहादुर देउवा, सुरेशनारायण, अर्जुन उप्रेती र प्रहरी जवानहरू किशोर थापा, राजबहादुर थापा, नन्दबहादुर बुढा एवम् श्री ५ को सरकारका विभिन्न निकायका कर्मचारीहरूलगायत कारागारका बन्दीहरूलाई, माओवादीद्वारा कब्जामा लिएको भन्ने समाचार प्राप्त भएको छ ।

यस्तै विभिन्न मितिमा अपहरण गरिएका भनिएका कैलाली जिल्ला कलिया गाविस निवासी कृषक कृपाराम भट्टराई, इलाम जिल्ला मनाई गाविसका तिलबहादुर लिम्बु, घादिङस्थित कर्णेश्वर माध्यमिक विद्यालय सुनौला बजारस्थित विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरू ईश्वर पोखरेल, प्रमोद पोखरेल र प्रह्लाद सिंखडाको विषयमा समेत आयोगमा उजुरी प्राप्त भएको छ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

### ७.४ आयोगका सदस्यहरूको सपथ ग्रहण

ललितपुर/२०६२ जेठ १६ गते

राष्ट्रिय मानवअधिकार आयोगका नवनियुक्त अध्यक्ष सम्माननीय नयनबहादुर खत्रीले आयोगका नवनियुक्त सदस्यहरूलाई आज शपथग्रहण गराउनुभयो । शपथग्रहणलगत्तै आयोगका सदस्यहरूले आजै आफ्नो पदभार ग्रहण गर्नुभयो । आयोगका नवनियुक्त सदस्यहरूमा श्रीमती सुशीलासिंह सिलु, गोकुल पोखरेल, सुदीप पाठक र डा. रामदयाल राकेश हुनुहुन्छ ।

आयोगको दोस्रो कार्यकालका लागि नियुक्त पदाधिकारीहरूले पदभार ग्रहण गरेलगत्तै आयोगको पहिलो बैठक आजै बस्यो । सो बैठकमा नवनियुक्त पदाधिकारीहरूले मानवअधिकार आयोग ऐन, २०५३ द्वारा प्रदत्त मानवअधिकारको प्रभावकारी कार्यान्वयन र सम्बर्द्धन गर्नेसम्बन्धमा सक्रियतापूर्वक क्रियाशील भइरहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

बैठकमा नवनियुक्त सदस्यहरूको कार्यविभाजनको निर्णयसमेत भएको छ । सो कार्यविभाजनअनुसार सुशीलासिंह सिलुलाई विधिविषय परामर्श महाशाखा, सुदीप पाठकलाई संरक्षण तथा अनुगमन महाशाखा, गोकुल पोखरेललाई प्रवर्द्धन महाशाखा र डा. रामदयाल राकेशलाई योजना, आन्तरिक अनुगमन, मूल्याङ्कन महाशाखाको जिम्मेवारी तोकिएको छ ।

बैठकपछि आयोगमा उपस्थित सञ्चारकर्मीहरूको जिज्ञासाको जवाफ दिँदै आयोगका अध्यक्ष सम्माननीय नयनबहादुर खत्रीले मानवअधिकार संरक्षण र प्रवर्द्धनमा आयोग ऐनद्वारा प्रदत्त अधिकारअनुसार निरन्तर र स्वतन्त्रपूर्वक लाग्ने बताउनुभयो ।

सो अवसरमा आयोगका नवनियुक्त सदस्य सुदीप पाठक र गोकुल पोखरेलले पनि आयोग ऐनबमोजिम मानवअधिकार संरक्षण र सम्बर्द्धनमा क्रियाशील भइरहने विचार व्यक्त गर्नुभयो ।

२०५७ जेठ १३ गते गठन भएको आयोगका निवर्तमान पदाधिकारीहरूको यही जेठ १२ गते पदावधि समाप्त भएको थियो । पदावधि समाप्त भएको भोलिपल्ट जेठ १३ गते आयोगका नयाँ पदाधिकारीहरूको नियुक्ति भएको हो ।

(ध्रुव नेपाल, निमित्त सचिव)

## ७.५ कालिकोट जिल्लाको पिलीको घटनामा आयोगका सदस्यसहितको टोली अनुगमन सुरु

ललितपुर/२०६२ साउन ३१ गते

कालीकोट जिल्लाको पिलीमा केही समयअघि भएको घटनासम्बन्धमा अनुगमन तथा अनुसन्धान गर्न राष्ट्रिय मानवअधिकार आयोगका सदस्यहरूसहित नेपाल पत्रकार महासङ्घ र नेपाल बार एसोसिएसनका केन्द्रीय प्रतिनिधिहरू सम्मिलित टोली भोलि त्यसतर्फ प्रस्थान गर्दै छ ।

सो टोलीले घटनाको अनुगमन तथा अनुसन्धानका सिलसिलामा मानवअधिकार र मानवीय कानुनको पालना भए नभएको, घटनामा गैरसैनिक व्यक्ति वा उनीहरूको सम्पत्तिमा क्षति पुगेको वा नपुगेको र कब्जामा राखिएका भनिएका सैनिकहरूको बारेमा जानकारी लिनेछ । अनुगमन तथा अनुसन्धानकै क्रममा टोलीले सरकारी अधिकारी, सुरक्षाकर्मी, गैरसरकारी संस्थाका प्रतिनिधि, राजनीतिक दलका कार्यकर्ता एवम् सम्बन्धित सबै पक्षसँग सम्पर्क एवम् छलफलसमेत गर्नेछ ।

टोलीमा आयोगका सदस्यद्वय सुदीप पाठक र गोकुल पोखरेल, नेपाल बार एसोसिएसनका उपाध्यक्ष शेरबहादुर के. सी., नेपाल पत्रकार महासङ्घका सल्लाहकार एवम् पूर्व सभापति तारानाथ दाहाल, आयोगका संरक्षण महाशाखा प्रमुख यज्ञप्रसाद अधिकारी, आयोगमा कार्यरत अन्तर्राष्ट्रिय मानवअधिकार सल्लाहकार डायना बेकर तथा आयोगका अन्य कर्मचारी संलग्न हुनुहुन्छ । सो टोली काठमाडौँबाट भोलि नेपालगञ्ज प्रस्थान गरी नेपालगञ्जबाट हेलिकोप्टरमार्फत घटनास्थलतर्फ प्रस्थान गर्नेछ ।

उक्त टोलीलाई आफूसँग भएको तथ्य जानकारी उपलब्ध गराई निष्पक्ष अनुसन्धानका लागि सहयोग पुऱ्याइदिनुहुन आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ७.६ नेपाल कम्युनिष्ट पार्टी माओवादीद्वारा गरिएको युद्धविरामको स्वागत

ललितपुर/२०६२ भदौ २० गते

नेपाल कम्युनिष्ट पार्टी माओवादीका अध्यक्ष प्रचण्डले यही भदौ १८ गते वक्तव्यमार्फत गरेको युद्धविरामको घोषणालाई आयोगले सकारात्मक रूपमा लिएको छ । मुलुकमा विद्यमान शसस्त्र द्वन्द्वले मानवअधिकारको संरक्षणमा विभिन्न व्यवधानहरू खडा भइरहेको वर्तमान अवस्थामा नेकपा माओवादीबाट गरिएको युद्धविरामको घोषणाले मानवअधिकार संरक्षणमा सघाउ पुग्नुका साथै शान्ति प्रक्रियालाई अघि बढाउन महत्त्वपूर्ण हुन सक्ने आयोगले आशा गरेको छ ।

यस अवसरलाई उपयोग गरी द्वन्द्वको शान्तिपूर्ण समाधानमा अगाडि बढ्ने बाटाहरू पहिल्याउन र मानवअधिकारप्रतिको सम्मान र संरक्षणमा प्रतिबद्ध रहन आयोगले तयार पारेको 'मानवअधिकार सम्झौतापत्र'मा हस्ताक्षर गर्न नेकपा माओवादी तथा श्री ५ को सरकारलाई आयोग अनुरोध गर्दछ ।

आयोगले युद्धविरामको अवधिमा मानवअधिकार अवस्थाको नागरिक समाजसमेतको सहयोगमा अन्तर्राष्ट्रिय मान्यता तथा अनुभवका आधारमा क्रियाशील अनुगमन गर्नेछ । यस कार्यमा आयोगलाई सहयोग गर्न र युद्धविरामलाई दिगो शान्तिको स्थितिमा पुऱ्याउन आयोग सम्बन्धित सबैलाई आह्वान गर्दछ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ७.७ डा. गिरीको भनाइप्रति आयोगको ध्यानाकर्षण

ललितपुर/२०६२ असोज ५ गते

राष्ट्रिय मानवअधिकार आयोगले श्री ५ को सरकारलाई आज एक पत्र पठाई यही असोज ४ गतेको कान्तिपुर दैनिकमा मन्त्रिपरिषद्का उपाध्यक्ष डा. श्री तुलसी गिरीले व्यक्त गर्नुभएको भनी प्रकाशित समाचारमा उल्लेखित "सरकारले नियुक्त गरेको आयोगका सदस्य" भन्ने वाक्यांश र "माओवादीको युद्धविरामको मानवअधिकार आयोगले स्वागत गरेकोमा आक्रोश व्यक्त गर्नुभयो" भन्ने वाक्यांशप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

"आयोग कानुनद्वारा स्थापित स्वतन्त्र राष्ट्रिय निकाय भएको हुनाले यसले कानुनद्वारा दिएको अधिकार क्षेत्रभित्र रही स्वतन्त्र र निष्पक्ष भएर काम गर्दछ । यसले गरेका निर्णय, सिफारिस आदि कानुनको प्रक्रियाअनुसार नै श्री ५ को सरकारमा प्रेषित हुन्छन् र सोको निकास पनि कानुनबमोजिम नै हुने हुन्छ । अतः आयोगको स्वतन्त्रता र निष्पक्षतामा आँच आउने गरी कुनै कार्य हुन नदिनेतर्फ सजगता अपनाउन र आयोगको काम कार्वाहीमा सघाउ पुऱ्याउन आयोग श्री ५ को सरकारसमक्ष अनुरोध गर्दछ" आयोगले पत्रमा भनेको छ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ७.८ नेकपा माओवादीलाई राष्ट्रिय मानवअधिकार आयोगको आग्रह

ललितपुर २०६२ असोज ७ गते

गत भदौ १८ गते नेकपा माओवादीको तर्फबाट फौजी कार्वाही स्थगन गरी ३ महिनाका लागि युद्धविराम गरेको भनी प्रकाशित विज्ञप्तिलाई आयोगले सकारात्मक रूपमा लिएको धारणा व्यक्त गरिसकेको छ । यसबाट आमजनमानस र सम्बन्धित पक्षहरूमा दीर्घकालीन शान्तिको लागि वातावरण सिर्जना हुने आशा पलाएको छ । यस सन्दर्भमा युद्धविरामलाई सार्थकता दिन र शान्ति प्रक्रियामा सामेल भइराख्न हत्या, अपहरण, जबर्जस्ती चन्दा असुल्ने कार्य, विष्फोट, यातना, सर्वसाधारणलाई आतङ्कित पार्ने, जबर्जस्ती राजिनामा गर्न लगाउने, बिस्थापित गराउने, जबर्जस्ती सम्पत्ति कब्जा गर्ने र शैक्षिक, यातायात, पर्यटन, उद्योग जस्ता क्षेत्रहरू बन्द गर्नेलगायतका कार्यहरू नगर्न आयोग नेकपा माओवादीलाई आह्वान गर्दछ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

## ७.९ आयोगद्वारा १० जिल्लामा मानवअधिकारको अनुगमन सुरु

ललितपुर/२०६२ असोज ७ गते

नेकपा माओवादीबाट घोषणा गरिएको एकतर्फी युद्धविरामलाई ध्यानमा राखी राष्ट्रिय मानवअधिकार आयोगले अधिराज्यका विभिन्न १० जिल्लाहरूमा मानवअधिकारको स्थितिको अनुगमन गर्ने भएको छ ।

यसक्रममा आयोगका अधिकृत कर्मचारी सम्मिलित टोलीहरू अधिराज्यका विभिन्न १० जिल्लाहरूको मानवअधिकार अनुगमन गर्न भोलि शनिबार त्यसतर्फ प्रस्थान गर्दै छन् ।

आयोगले अनुगमन गर्ने जिल्लाहरूमा सिन्धुली, पर्सा, रौतहट, चितवन, डडेलधुरा, दैलेख, गोरखा, अर्घाखाँची, सिरहा र खोटाङ रहेका छन् । अनुगमन टोलीहरूले सम्बन्धित जिल्लामा मानवअधिकारको समग्र अवस्थाबारे जानकारी लिनेछन् । यसक्रममा आयोग टोलीहरूले स्थानीय तहमा सरोकारवालाहरूसँग छलफल र अन्तर्क्रियासमेत आयोजना गर्नेछन् ।

युद्धविरामको सन्दर्भमा हत्या, अपहरण, यातना, जबर्जस्ती चन्दा असुल्नेलगायतका मानवअधिकार उल्लङ्घनका घटना घटिरहेको भन्ने आमसञ्चार माध्यममा आइरहेका समाचारका सम्बन्धमा पनि आयोग टोलीहरूले विशेष रूपमा अनुगमन गर्नेछन् । आयोगको केन्द्रीय र क्षेत्रीय कार्यालयहरूबाट खटिई आएका टोलीलाई आफू वा आफ्नो संस्थासँग भएको जानकारी दिई सहयोग पुऱ्याइदिन आयोग राजनीतिक दलका कार्यकर्ता, सुरक्षाकर्मी, सरकारी अधिकारी, गैरसरकारी संस्था, नागरिक समाजका प्रतिनिधि, शिक्षक, स्थानीय बुद्धिजीवी र सम्पूर्ण सर्वसाधारणलाई आग्रह गर्दछ ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

### ७.१० आयोगद्वारा मन्त्रिपरिषद् उपाध्यक्ष डा. गिरीसँग भेट

ललितपुर/०६२ असोज २० गते

राष्ट्रिय मानवअधिकार आयोगले आज श्री ५ को सरकार मन्त्रिपरिषद्का उपाध्यक्ष डा. तुलसी गिरीलाई भेटी मानवअधिकार र शान्ति प्रक्रियाका सम्बन्धमा छलफल गऱ्यो ।

नेकपा माओवादीबाट एकतर्फी युद्धविराम घोषणा भएको सन्दर्भमा मानवअधिकार र स्थायी शान्तिका पक्षमा हदैसम्म लचिलो भई युद्धविरामलाई स्थायी शान्तिमा परिणत गराई मानवअधिकारको निर्वाध उपभोग हुने वातावरण सिर्जना गरिनुपर्ने कुरालाई ध्यानमा राखेर आयोगले मन्त्रिपरिषद् उपाध्यक्ष डा. गिरीसँग भेट गरेको हो ।

आयोगका अध्यक्ष नयनबहादुर खत्रीको नेतृत्वमा गएको सो टोलीमा आयोगका सदस्यहरू सुशीलासिंह सिलु, सुदीप पाठक, गोकुल पोखरेल र डा. रामदयाल राकेश तथा का. मु. सचिव केदारप्रसाद पौड्याल संलग्न हुनुहुन्थ्यो ।

आयोगले यसअघि यसै सन्दर्भमा नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिशमशेर राणा, नेपाली काङ्ग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवा र राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष सूर्यबहादुर थापालाई यही असोज ७ गते भेट गरेको थियो ।

आयोगले अन्य राजनीतिक दलका नेताहरूसँगसमेत चाडैं भेट गरी मानवअधिकार र शान्ति प्रक्रियाको विषयमा छलफल गर्नेछ । (केदारप्रसाद पौड्याल, का. मु. सचिव)

### ७.११ ५७ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको उपलक्ष्यमा राष्ट्रिय मानवअधिकार आयोगका सम्माननीय अध्यक्ष श्री नयनबहादुर खत्रीले दिनुभएको मन्तव्य

ललितपुर/२०६२ मङ्सिर २५ गते

आज ५७ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस विश्वभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदै छ । मानवअधिकारको इतिहासमा आजको दिनले विशेष महत्त्व राख्दछ र यो दिन सम्पूर्ण मानव समुदायका लागि विशेष दिन हो ।

मानवअधिकार संस्कृति निर्माणका लागि सम्बद्ध सबै पक्षको संवेदनशीलता, क्रियाशीलता र जवाफदेहीपन अत्यावश्यक तथा महत्त्वपूर्ण हुन्छ । सम्बद्ध सबै पक्षले देश र जनताप्रतिको उत्तरदायित्वबोध गरी इमानदारीपूर्वक आफ्नो कर्तव्य निर्वाह गरेमा मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा उल्लेख्य योगदान पुग्न सक्छ ।

यस अवसरमा मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि राष्ट्रिय मानवअधिकार आयोग सदाझैँ क्रियाशील रहीरहने दृढता व्यक्त गर्दछु । अन्त्यमा, आजको दिनले सबैलाई मानवअधिकारको सम्मान गर्न प्रोत्साहित गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।
(नयनबहादुर खत्री, अध्यक्ष)

### ७.१२ नेकपा माओवादीका तर्फबाट गरिएको युद्धविरामको भङ्गप्रति आयोग दु:ख व्यक्त गर्दछ

ललितपुर/२०६२ पुस १९ गते

नेकपा माओवादीका तर्फबाट गत भदौ १८ गतेदेखि यही पुस १८ गतेसम्म जारी युद्धविराम भङ्ग गरिएको अभिव्यक्तिप्रति राष्ट्रिय मानवअधिकार आयोग गम्भीर दु:ख व्यक्त गर्दछ ।

यस नयाँ परिस्थितिबाट उत्पन्न हुन सक्ने भय, त्रास, अस्थिरता र हिंसाबाट सर्वसाधारणलाई मुक्त राख्न तथा मानवअधिकारको सम्मान र अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न आयोग नेकपा माओवादीलाई आग्रह गर्दछ ।

आयोगले श्री ५ को सरकारलाई युद्धविरामबारे सकारात्मक रूपमा प्रस्तुत हुन पटकपटक सुझावहरू दिइसकेको सर्न्दभमा पनि शान्ति वार्ताको प्रक्रिया सुरु हुन नसक्दा स्थिति थप जटिल हुन सक्ने आशङ्का बढेको छ ।

यस परिप्रेक्ष्यमा आयोग दुवै पक्षलाई उत्तेजना फैलिने गतिविधि नगर्न, अभिव्यक्तिहरू नदिन, शिक्षण संस्था र बालबालिकालाई द्वन्द्वको प्रभावबाट मुक्त राख्न, राष्ट्रिय मानवअधिकार आयोग र मानवअधिकारकर्मीहरूलाई द्वन्द्वग्रस्त क्षेत्रमा निर्वाध रूपमा अनुगमन गर्न बाधा नपुऱ्याउन आह्वान गर्दछ ।

पछिल्लो एकतर्फी युद्धविराममा आयोगले अधिराज्यका विभिन्न ३५ जिल्लाहरूमा गरेको मानवअधिकार स्थितिको अनुगमनको अनुभवका आधारमा त्यस अवधिमा आमनागरिकले अपेक्षाकृत शान्ति र राहत पाएको स्थितिलाई समेत ख्याल राखी तत्काल दुवै पक्षबाट युद्धविराम गरी शान्ति प्रक्रिया थालनी गर्न सम्बद्ध पक्षहरूलाई आयोग आह्वान गर्दछ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ७.१३ काठमाडौं उपत्यकाको मानवअधिकार स्थितिको अनुगमन

ललितपुर/२०६२ माघ ७ गते

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठकसहितको टोलीले आज काठमाडौं उपत्यकाको मानवअधिकार स्थितिको अनुगमन गर्ने क्रममा नेकपा एमालेका नेता केपी शर्मा ओली तथा नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छे रोहितसँग उहाँहरूको निवासमा गई भेट गऱ्यो ।

त्यसक्रममा आयोग टोलीले उहाँहरूको अवस्था र पार्टी नेता तथा कार्यकर्ताहरूको बारेमा जानकारी लिएको थियो । आयोग टोलीबाट प्राप्त जानकारीअनुसार एमाले नेता ओली र मजदूर किसान पार्टीका अध्यक्ष विजुक्छेलाई आज बिहानदेखि लागू हुने गरी स्थानहदको पूर्जी दिनुका साथै उहाँहरूको निवास प्रवेशद्वारमा सशस्त्र सुरक्षाकर्मीहरू तैनाथ छन् । मजदूर किसान पार्टीका अध्यक्ष विजुक्छे 'फेरेन्जाइटिस' रोगबाट ग्रसित हुनुहुन्छ ।

आयोग टोली अनुगमनका सिलसिलामा दुवाकोटस्थित थुनुवा केन्द्रमा पुगेर त्यहाँ रहेका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूको मानवअधिकार स्थितिका बारेमा जानकारी लिने क्रम जारी रहेको छ ।

यसअघि आयोग टोलीले आज बिहान नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइराला तथा नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालसँग उहाँहरूको निवासमा गई भेट गरेको थियो । टोलीले २ नं. प्रहरी गण र प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा गई त्यहाँ थुनामा राखिनुभएका राजनीतिक दलका नेता तथा कार्यकर्ता, मानवअधिकारवादी र विद्यार्थी नेताहरूसँग भेट गरी उनीहरूको अवस्थाबारेमा जानकारी लियो ।

अनुगमन टोली मानवअधिकार अवस्था अनुगमनकै क्रममा दिउँसो वसन्तपुर क्षेत्रमा समेत पुगेको थियो ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## ७.१४ नेकपा माओवादीद्वारा पाल्पामा भएको आक्रमणको अनुगमन

ललितपुर/२०६२ माघ २१ गते

मिति २०६२ माघ १८ गते नेकपा माओवादीद्वारा पाल्पाको तानसेनमा गरिएको आक्रमणको अनुगमन तथा अनुसन्धान गर्नका लागि आयोगका सदस्य सुदीप पाठक, संरक्षण महाशाखाका प्रमुख यज्ञप्रसाद अधिकारी र अधिकृत धनिराम सापकोटाको टोली आज घटनास्थलतर्फ प्रस्थान गरेको छ । यसअघि आयोगका सदस्य डा. रामदयाल राकेशसहित अधिकृतहरू संलग्न टोली गत बिहीबार नै स्याङ्जा हुँदै घटनास्थलतर्फ प्रस्थान गरेको भए पनि सडक अवरोधका कारण उक्त टोली घटनास्थल पुग्न असमर्थ भएको थियो ।

उक्त घटनामा नेकपा माओवादीले प्रमुख जिल्ला अधिकारी लक्ष्मणकुमार थापा, स्थानीय विकास अधिकारी रामचन्द्र ढकाल, राष्ट्रिय अनुसन्धान विभागका निरीक्षक यमप्रसाद पराजुलीलगायत शाही नेपाली सेना, नेपाल प्रहरी तथा बुटवल प्रहरी तालिम केन्द्रबाट गएका थप प्रहरीसमेत जम्मा ३७ जनालाई कब्जामा लिई गएको भन्ने प्रारम्भिक जानकारी आयोगलाई प्राप्त भएको छ । नेकपा माओवादीद्वारा कब्जामा लिएका व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय जेनेभा महासन्धिको धारा ३ अनुरूपको व्यवहार गर्न तथा तत्काल बिना सर्त मुक्त गर्न नेकपा माओवादीलाई राष्ट्रिय मानवअधिकार आयोग आग्रह गर्दछ ।

उक्त घटनामा नेकपा माओवादीले कब्जामा लिएका व्यक्तिहरूको नामावली यसप्रकार छ :

**नेपाल प्रहरीमा कार्यरत प्रहरीहरू :**
१) प्र. ना. नि. मनबहादुर गुरुङ्ग २) प्र. ना. नि. सुवास गैह्रे ३) प्र. स. नि. शमशेर जी. सी. ४) प्र. ह. गुरुदत्त शर्मा ५) प्र. ह. कान्तबहादुर राना ६) प्र. ज. लोकबहादुर गौतम ७) प्र. ज. चन्द्रबहादुर थापा ८) प्र. ज. सन्तोष यादव ९) प्र. ज. तिला वैदवार १०) प्र. ज. कृष्ण थापा ११) प्र. ज. सुरज यादव १२) प्र. ज. दीपज्योति उलङ्गे १३) प्र. ज. दीपेन्द्र सापकोटा १४) प्र. ज. गणेश थापा १५) प्र. ज. हेमबहादुर सार्की १६) प्र. ज. लालबहादुर दमाईं १७) प्र. ज. ताराप्रसाद ओली १८) प्र. ज. कमलबहादुर मल्ल १९) प्र. ज. गौतम अर्याल २०) प्र. ज. मीनबहादुर पुनमगर २१) प्र. ज. जय बस्नेत २२) रि. प्र. ज. विजय शाह २३) रि. प्र. ज. विनोद शाह २४) रि. प्र. ज. धर्मेन्द्र यादव २५) रि. प्र. ज. भक्तबहादुर घर्तीमगर २६) रि. प्र. ज. सुर्यप्रकाश गिरी २७) रि. प्र. ज. सीताराम साह तेली २८) रि. प्र. ज. धर्मबहादुर ओली ।

**शाही नेपाली सेनातर्फ :**
१) धीरबहादुर थापा २) सुशील कठायत ३) चन्द्रमान ऐर ४) राजेन्द्र महरा
५) मेघसिंह महत्तो ६) जवानबहादुर ऐर ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## ७. १५ आयोगद्वारा पाल्पामा अनुगमन/अनुसन्धान सम्पन्न

ललितपुर/ २०६२ माघ २३ गते

यही माघ १८ गते नेकपा माओवादीद्वारा पाल्पाको तानसेनमा गरिएको आक्रमणको अनुगमन तथा अनुसन्धानका लागि घटनास्थल पुगेको आयोग टोलीले सो घटनाका सम्बन्धमा घटनास्थलमा अनुगमन तथा अनुसन्धान कार्य सम्पन्न गरेको छ । आयोग टोलीले उक्त घटनामा नेकपा माओवादीले कब्जामा लिई हिजो मुक्त गरेका २१ जना सुरक्षाकर्मीहरूसँग भेटी आवश्यक जानकारी लियो । नेकपा माओवादीले आफ्नो कब्जामा रहेका २१ जना सुरक्षाकर्मीलाई स्थानीय पत्रकार र मानवअधिकारकर्मीको रोहवरमा हिजो मुक्त गरेका थिए ।

सोही घटनामा नेकपा माओवादीले कब्जामा लिएका पाल्पाका प्रमुख जिल्ला अधिकारी लक्ष्मणकुमार थापालगायत बाँकीको रिहाइको क्रममा आयोगका सदस्य सुदीप पाठकसहित आयोगका अधिकृत र स्थानीय पत्रकार सम्मिलित टोली प्र. जि. अ. थापालाई कब्जामा लिएर भोलिपल्ट बास बसाइएको घरसम्म पुगेको थियो । प्र. जि. अ. थापालगायत कब्जामा रहेका अन्यलाई चाँडै मुक्त गरिने नेकपा माओवादीसँगको सर्म्पकबाट आयोग टोलीले जानकारी प्राप्त गरेको छ ।

प्र. जि. अ. थापालगायत कब्जामा रहनुभएका अन्यलाई नेकपा माओवादीले अर्को स्थानतर्फ लगिएकोले मुक्त गर्न नसकेको माओवादीको भनाइ रहेको आयोगको अनुगमन टोलीबाट प्राप्त जानकारीमा उल्लेख छ । आयोग टोलीले नेकपा माओवादीसँग कब्जामा राखिएका प्र. जि. अ. थापालगायतको अवस्थाबारे जानकारी लिएको थियो । उहाँहरू सबै जना सकुशल रहेको र उहाँहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनबमोजिमको व्यवहार गरिएको नेकपा माओवादीद्वारा आयोग टोलीलाई जानकारी गराइएको थियो ।

उक्त घटनाको अनुगमन/अनुसन्धानका लागि यही माघ २० र २१ गते आयोगका सदस्य पाठक र डा. रामदयाल राकेशसहित केन्द्र र पोखरास्थित क्षेत्रीय कार्यालयबाट घटनास्थलर्फ खटिई गएको अधिकृतहरूको टोली पाल्पाबाट हिजो साँझ फर्केको छ ।
(ध्रुव नेपाल, निमित्त सचिव )

## ७.१६ कब्जामुक्त गर्न आग्रह

ललितपुर/२०६३ वैशाख २१ गते

यही वैशाख १९ गते नेकपा एमालेका नेता प्रदीप ज्ञवालीमाथि सिंहदरबारमा आक्रमण गरिएको र काठमाडौं मेडिकल कलेजका प्रमुख डा. हेमाङ्ग दीक्षितमाथि आज गोली प्रहार गरी गम्भीर घाइते बनाइएको दुवै घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग गम्भीर चिन्ता व्यक्त गर्दै भर्त्सना गर्दछ । आयोग नागरिक जीउ धनको सुरक्षालाई सर्वाधिक महत्त्वको विषय बनाउँदै आवश्यक सतर्कता अपनाउन सरकारलाई अनुरोध गर्दछ । डा. हेमाङ्ग दीक्षितमाथि आज गोली प्रहार गरिएको घटनाको

सम्बन्धमा आयोगले अनुसन्धान सुरु गरेको छ । आजै आयोगको एक टोलीले सो घटनासम्बन्धमा अनुगमन गरेको छ ।
(राधाकृष्ण उप्रेती, निमित्त सचिव)

### ७.१७ युद्धविराम सकारात्मक

ललितपुर/२०६३ वैशाख २२ गते

सरकारले यही वैशाख २० गते घोषण गरेको युद्धविरामलाई राष्ट्रिय मानवअधिकार आयोगले सकारात्मक रूपमा लिएको छ । नेकपा माओवादीले यही वैशाख १३ गते तीन महिनाका लागि गरेको युद्धविरामलाई पनि आयोगले सकारात्मक रूपमा लिएको सार्वजनिक अभिव्यक्ति दिइसकेको छ । सरकार र माओवादी दुवै पक्षबाट तेस्रो पटक भएको यो युद्धविराम नितान्त सामयिक र समयसापेक्ष छ । यो युद्धविराम शान्ति स्थापना तथा मानवअधिकार संरक्षणको दिशामा अत्यन्तै राम्रो अवसर हो । यसले मुलुकमा विगत ११ वर्षदेखि कायम सशस्त्र द्वन्द्वको स्थितिलाई अन्त्य गर्न उत्साहप्रद प्रतिफल दिने आयोग विश्वास व्यक्त गर्दछ ।

आमजनताले मानवअधिकारको निर्वाध उपभोग गर्न विविध कठिनाइ व्यहोर्नुपरिरहेको परिप्रेक्ष्यमा तत्काल युद्धविराम गरी समस्याको शान्तिपूर्ण समाधानका लागि राष्ट्रिय मानवअधिकार आयोगले दुवै पक्षलाई बारम्बार आह्वान गर्दै आएको छ ।

घोषित युद्धविरामलाई दीर्घकालीन शान्तिको सार्थक परिणाममा पुर्‍याउन र त्यसका लागि वार्ताको सहज वातावरण सिर्जना गर्न आयोग सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ ।

यस सन्दर्भमा युद्धविरामपछि सरकार तथा नेकपा माओवादीबाट शान्ति प्रक्रिया र वार्ताका लागि जारी भएका सार्वजनिक अभिव्यक्ति अत्यन्तै सह्रानीय र महत्त्वपूर्ण रहेको आयोगको धारणा छ । वार्ताको माध्यमबाट विद्यमान सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण निकास दिई दीर्घकालीन शान्ति स्थापना गर्ने आमजनताको चाहनाले यसपटक मूर्तरूप पाउने कुरामा आयोग आशावादी छ ।
(राधाकृष्ण उप्रेती, निमित्त सचिव)

### ७.१८ आयोगको खोटाङ सम्पर्क कार्यालय उद्‌घाटन

ललितपुर/२०६३ जेठ २७ गते

राष्ट्रिय मानवअधिकार आयोगको खोटाङस्थित सम्पर्क कार्यालयको उद्‌घाटन आज एक भव्य समारोहका बीच सम्पन्न भयो । उक्त कार्यक्रमको उद्‌घाटन आयोगका माननीय सदस्य सुदीप पाठकले विभिन्न राजनीतिक दलका नेताहरू तथा माओवादीप्रतिनिधि, खोटाङस्थित सरकारी निकायका प्रमुखहरू, नेपाल सेना, जनपद तथा सशस्त्र प्रहरीका प्रतिनिधि, पत्रकार, नागरिक समाज, बुद्धिजीवी व्यापारीलगायत विभिन्न सङ्घ-संस्थाका प्रतिनिधीहरूसमेतको उपस्थितिमा गर्नुभयो ।

कार्यक्रममा प्रमुख अतिथिको रूपमा उद्घाटन मन्तव्य राख्दै सदस्य पाठकले अत्यन्त महत्त्व दिएर उक्त सम्पर्क कार्यलयको स्थापना गरिएको जनाउनुभयो । आजको अवस्थामा सर्वपक्षीय सहमतिले देशमा न्यायोचित शान्ति स्थापित हुने कुरामा आफू पूर्ण आशावादी रहेको र सबैले मानवअधिकारलाई केन्द्रमा राखेर कार्य गर्नुपर्ने कुरामा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा माओवादी नेता मुक्तिले जनयुद्धका बेलामा आफूहरू मानवअधिकारप्रति अत्यन्त सचेत रहँदै सम्मान गरेको व्यक्त गर्दै कहीँकतै गल्ती भएको छ भने आयोगले औँल्याइदिएमा आगामी दिनमा त्यस्तो नदोहोरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । आयोगले निकै मेहनतका साथ राम्रा कार्यहरू गरिरहेको र यस जिल्लामा उद्घाटन भएको कार्यालयको सफलताको कामना व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा इन्द्रध्वज गणका गणपति प्र.से. रमेश थापामगरले आफूहरू मानवअधिकारको सम्मानका निम्ति प्रतिबद्ध रहेको र नेपाल सरकारको निर्णय तथा आदेशमा नेपाली सेना नेपाली जनताको हितमा सधैँ क्रियाशील रहने अठोट व्यक्त गर्नुभयो साथै उहाँले द्वन्द्वमा नेपाली दाजुभाइ मात्रै मर्ने र मार्ने हुने हुँदा देशमा शान्ति स्थापना हुनै पर्ने कुरा व्यक्त गर्नुभयो ।

मन्तव्यको क्रममा जिल्लास्थित नेकपा एमालेका सचिव विशाल भट्टराईले आफ्नो पार्टीले जिल्लाको मानवअधिकारको स्थिति सुधारको लागि सदैव आयोगलाई सहयोग गर्ने विचार राख्दै शुभकामना व्यक्त गर्नुभयो । नेपाली काङ्ग्रेसका सभापति विष्णु राईले आयोगको कार्यालय स्थापनादेखि यस जिल्लामा मानवअधिकार रक्षार्थ आयोगले गरेको कामको प्रशंसा गर्दै शुभकामना व्यक्त गर्नुभयो । जनमोर्चा नेपालका जिल्ला सचिव दुर्गाजयन्ती राईले मानवअधिकारको रक्षाको लागि आयोगको क्रियाशीलता अझै वृद्धि हुनुपर्ने धारणा राख्दै कार्यालय स्थापना भएकोमा खुसी प्रकट गर्नुभयो । नेकपा मालेका प्रतिनिधि प्रदीप चाम्लिङले आयोगलाई सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै कार्यालयको स्थापनाले मानवअधिकार उल्लङ्घनमा कमी आउने धारणा राख्नुभयो ।

कार्यक्रममा शुभकामना व्यक्त गर्नेहरूमा प्रमुख जिल्ला अधिकारी केशरबहादुर के. सी., जिल्ला प्रहरी प्रमुख प्र.ना.उ. रामचन्द्र भण्डारी, नेपाल पत्रकार महासङ्घ, खोटाङका अध्यक्ष भीम राई, नेपाल बार एसोसिएसनका अध्यक्ष गणेश च्याम्बर, उद्योग बाणिज्य महासङ्घका अध्यक्ष कुशनारायण सैंजु, शिक्षक युनियनका उपसभापति हीराबहादुर निरौला र गैसस महासङ्घ तथा नागरिक मानवअधिकार संजालका अध्यक्ष नारायणप्रसाद जोशी आदिले मन्तव्यका क्रममा आफूहरूले आयोगलाई सहयोग गर्ने तथा आयोगको उक्त सम्पर्क कार्यालयको स्थापनाले जिल्लामा मानवअधिकार उल्लङ्घनका घटनाहरूमा कमी आउने धारणा व्यक्त गर्नुभयो ।

आयोगले आफ्नो पहुँच बिस्तारका क्रममा ४ विकास क्षेत्रमा क्षेत्रीय कार्यालय तथा विभिन्न ५ जिल्लामा ५ ओटा सम्पर्क कार्यालय स्थापना गर्ने क्रममा जुम्ला, रोल्पा, धनुषा र खोटाङ सम्पर्क कार्यालयको उद्घाटन गरेको हो ।
(भीमप्रकाश ओली, संरक्षण अधिकृत)

## ७.१९ काश्मीरमा मारिएका नेपालीका सम्बन्धमा आयोगद्वारा नेपाल सरकारलाई सिफारिस

ललितपुर/२०६३ असार ७ गते

राष्ट्रिय मानवअधिकार आयोगले नेपाल सरकारलाई आज एक पत्र पठाई भारतप्रशासित काश्मीरमा २०६३ जेठ २९ गते हिजबुल मुजाहिद्दीन नामको सङ्गठनले अपहरणपश्चात् हत्या गरेका आठ जना नेपाली नागरिकहरू देल्सा ऋषिदेव डल्लु, छोटा डल्लु, कालु ऋषिदेव, लक्ष्मी सिहं, ऋषि ताजपुरिया, चिंको ऋषिदेव र दिना मण्डल मारिएको घटनाको सम्बन्धमा भारत सरकारसँग आवश्यक पहल गरी मृतकका परिवारहरूलाई उचित क्षतिपूर्ति दिलाउन तथा दोषीउपर कानुनी कार्वाही गराउन कूटनीतिक तहमा शीघ्र पहल गर्न  सिफारिस गरेको छ ।

विभिन्न आमसञ्चार माध्यममबाट प्रकाशित/प्रसारित समाचार तथा आयोगको अनुगमनबाट हत्या गरिएका आठै जना नागरिकहरू मोरङ गोविन्दपुर १, मुसहरीटोल बस्ने भन्ने बुझिन आएको छ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ७.२० आयोगद्वारा स्वागत व्यक्त

ललितपुर/२०६३ साउन १० गते

युद्ध अपराध तथा मानवताविरुद्धका अपराधीहरूलाई कार्वाहीका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतसमक्ष उपस्थित गराई दण्डहीनताको अन्त्य गर्ने सन्दर्भमा अत्यन्तै महत्त्वपूर्ण सावित हुन सक्ने अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई अनुमोदन गर्न प्रतिनिधिसभाले नेपाल सरकारलाई दिएको निर्देशनको आयोग हार्दिक सराहना गर्दछ ।

जेनेभा महासन्धिका अतिरिक्त आलेखहरूमा व्यवस्था भएका कतिपय अपराधिक क्रियाकलापहरूलाई समेत उक्त रोम विधानले समेट्ने हुँदा आयोग नेपाल सरकारलाई उक्त विधान यथाशीघ्र अनुमोदन गर्न आग्रह गर्दछ ।

नेपाल सरकारबाट विधान अनुमोदन भएमा अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्म पुग्ने मार्ग प्रशस्त हुने हुँदा यसबाट दण्डहीनता अन्त्य हुने कुरामा आयोग विश्वस्त रहेको छ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ७.२१ आयोग दशैं बिदामा खुला रहने

ललितपुर/२०६३ असोज १२ गते

राष्ट्रिय मानवअधिकार आयोगको केन्द्रीय र क्षेत्रीय कार्यालयहरूमा दशैं बिदाका दिनहरू (असोज १३ गते फूलपातीदेखि असोज २१ गते पूर्णिमासम्म) दिनको दुई घण्टा उजुरी शाखा खुला राख्ने व्यवस्था गरिएको छ । आमनागरिकको मानवअधिकार संरक्षणको कार्यलाई ध्यानमा राखी आयोगले हरिहर भवनस्थित केन्द्रीय र विराटनगर, पोखरा, नेपालगञ्ज तथा धनगढीस्थित क्षेत्रीय कार्यालयहरू दशैं विदाका ९ दिन बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म उजुरी शाखा खुला राख्ने व्यवस्था मिलाएको हो । यस अवधिमा आयोगले मानवअधिकार उल्लङ्घन र ज्यादतीका उजुरीहरू लिने तथा आवश्यकताअनुसार अनुगमनसमेत गर्नेछ ।

(ध्रुव नेपाल, निमित्त सचिव)

## ७.२३ आयोग तिहार बिदामा खुला रहने

ललितपुर/२०६३ कार्तिक ३ गते

राष्ट्रिय मानवअधिकार आयोगको केन्द्रीय र क्षेत्रीय कार्यालयहरूमा तिहार बिदाका दिनहरू (कात्तिक ४ गते लक्ष्मीपूजाको दिनदेखि कात्तिक ८ बुधबारसम्म) दिनको दुई घण्टा उजुरी शाखा खुला राख्ने व्यवस्था गरिएको छ । आमनागरिकको मानवअधिकार संरक्षणको कार्यलाई ध्यानमा राखी आयोगले हरिहर भवनस्थित केन्द्रीय र विराटनगर, पोखरा, नेपालगञ्ज तथा धनगढीस्थित क्षेत्रीय कार्यालयहरू तिहार बिदाका ५ दिन बिहान ११ बजेदेखि दिउँसो १ बजेसम्म उजुरी शाखा खुला राख्ने व्यवस्था मिलाएको हो । यस अवधिमा आयोगले मानवअधिकार उल्लङ्घन र ज्यादतीका उजुरीहरू लिने तथा आवश्यकताअनुसार अनुगमनसमेत गर्नेछ ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ७.२४ हुम्ला जिल्लाको मानवअधिकारको अवस्थाको सम्बन्धमा अनुगमन

नेपालगञ्ज/२०६४ वैशाख २५ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जले यही २०६४/०१/१० गतेदेखि २२ गतेसम्म हुम्ला जिल्लाको मानवअधिकारको अवस्थाको सम्बन्धमा अनुगमन गऱ्यो । अनुगमनको क्रममा जिल्लामा बिस्तृत शान्तिसम्झौताको पालना भए नभएको र बालअधिकारको अवस्थालगायतका विषयमा केन्द्रित रही गरिएको अनुगमनमा क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, बालअधिकार इकाईबाट मोहनलाल आचार्य र संरक्षण अधिकृत हरि ज्ञवालीसमेतको ३ सदस्यीय टोली संलग्न थियो । उक्त समयमा टोलीले सुरक्षा अङ्गहरू, सरकारी कार्यालयहरू, राजनीतिक दलहरू, नागरिक समाज, पत्रकार र मानवअधिकारकर्मीहरूसँग समेत भेटघाट तथा छलफल गऱ्यो भने पीडित परिवारहरूसँग पनि भेटघाट तथा छलफल गऱ्यो ।

हुम्लामा आयोगको उपस्थितिमा नेकपा माओवादीबाहेक केही राजनीतिक दलहरूले बाटो निर्माणको क्रममा यसअघि निर्माणकर्ताबाट लिएको रकम नागरिक समाजद्वारा आयोजित कार्यक्रममा आफ्नो गल्तीलाई महसुस गर्दै रकम फिर्ता गरिएको घटनालाई आयोगले दलहरू सकारात्मक बाटोतर्फ गइरहेको महसुस गरेको छ । अझै पनि हुम्लामा बिस्थापितहरू पूर्णरूपमा फिर्ता हुन नसकेको, माओवादीद्वारा अपहरण र यातना दिने कार्य नरोकिएको, बालबालिकाहरू ठूलो संख्यामा काठमाडौं, भारत तथा अन्य देशहरूमा समेत अनाथ तथा टुहुराको नाममा लगिएको र सोको निम्ति राज्यका अङ्गहरूले नियन्त्रण गर्न नसकेको, बहुपति प्रथाका कारण कठीन जीवन भोग्न महिलाहरू बाध्य भएको, खाद्य अभाव तथा खाद्यान्न वितरणमा नियमितता नदेखिएको, दलितहरूबीचको सामाजिक विभेद कायमै रहेको, “कर्णाली उज्यालो” तथा “एक परिवार एक रोजगार”को कार्यक्रम अझै लागू हुन नसकेको, अस्पतालमा डाक्टरहरूको अभाव रहेको पाइएको छ ।

नेत्रबहादुर शाहीको अवस्था २०६३ फागुन २६ देखि हालसम्म पनि अज्ञात नै रहेको र सोसम्बन्धमा कानुनबमोजिमको कार्वाहीमा गम्भीर चुनौती देखिएको, स्थानीय प्रशासनले दोषीको पहिचान गरी कानुनको दायरामा ल्याउन नसकेको कारण पनि नागरिक प्रशासनले कानुनी शासनलाई मूर्तरूप दिन नसकेको समेत देखिएको, कानुन हातमा लिनेहरूप्रति कानुनी कार्वाही हुन नसकेको, जिल्ला प्रसाशन कार्यालयको हाताभित्रै झडप हुँदासमेत नियन्त्रण गर्न नसकेका कारण प्रशासनिक निकायहरूको गम्भीर अकर्मण्यता देखिएकोले त्यसतर्फ गम्भीर हुन र कानुनको शासन, सुशासन, पारदर्शिता तथा फौजदारी न्याय प्रणालीप्रति अत्यन्त गम्भीर हुन आयोग सम्बन्धित पक्षसँग आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ७.२५ आयोगमा पदाधिकारी नियुक्तिका लागि कर्मचारीको पहल

ललितपुर/२०६४ जेठ १० गते

झण्डै ११ महिनादेखि रिक्त राष्ट्रिय मानवअधिकार आयोगमा पदाधिकारीहरू यथाशीघ्र नियुक्तिका लागि पहल गरिदिन आग्रह गर्दै आयोगका कर्मचारीहरूले प्रमुख राजनीतिक दलका नेताहरूसँगको भेटघाट तथा छलफललाई आज पनि निरन्तरता दिएका छन् ।

यस क्रममा आयोगका कर्मचारीहरूले नेपाली काङ्ग्रेसका उपसभापति सुशील कोइराला र सहमहामन्त्री डा. रामवरण यादव, नेपाल सद्भावना पार्टी (आनन्ददेवी) का महासचिव हृदयेस त्रिपाठी र जनमोर्चा नेपालका अध्यक्ष अमीक शेरचन, उपाध्यक्ष घनश्याम शर्मा पौडेल र केन्द्रीय सदस्य दीपेन्द्र श्रेष्ठसँग छुट्टाछुट्टै रूपमा भेट गरी आयोगमा पदाधिकारी नियुक्तिका लागि पहल गरिदिन आग्रह गरे ।

सो क्रममा आयोगमा पदाधिकारी नियुक्ति गर्नका लागि आआफ्नो तर्फबाट प्राथमिकताका साथ लागिपर्ने उहाँहरूले बताउनुभयो । भेटमा सबै दलका नेताहरूसँग आयोगमा 'पेरिस सिद्धान्त'को मर्मबमोजिम पदाधिकारीहरूको नियुक्ति हुनुपर्ने विषयमा समेत छलफल भएको थियो । सो क्रममा आयोगका कर्मचारीहरूले लामो समयदेखि आयोगमा पदाधिकारीहरू नहुँदा मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूमा गरिएका अनुसन्धानउपर निणर्यहरू एवम् सरकारलाई सिफारिस गर्न नसकिएकोले पीडितले न्याय पाउन नसकेको र पीडकले छुटकारा पाउने स्थिति रहेको, समग्रमा मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्ने कार्यमा अवरोध पुगेको र आन्तरिक व्यवस्थापन एवम् नीति निर्धारणमा समेत समस्या परेको उल्लेख गरेका थिए ।

सो क्रममा दलका नेताहरूले पदाधिकारी नियुक्तिका लागि आयोगका कर्मचारीहरूले विभिन्न दलका नेताहरू, संवैधानिक परिषद्का सदस्यहरू र सरकारका प्रतिनिधिहरूसँग भेटघाट तथा छलफलमार्फत् गरेको पहलको प्रशंसा गर्नुभयो । उहाँहरूले आयोगलाई लामो समयसम्म रिक्त राख्न नहुने उल्लेख गर्दै यस विषयमा राजनीतिक दल तथा सरकारको यथासमयमा पर्याप्त ध्यान पुग्न नसकेको विचार व्यक्त गर्नुभयो ।

आयोगका निमित्त सचिव पद्मा माथेमाको नेतृत्वमा गएको सो टोलीमा आयोगका उपनिर्देशकहरू र अधिकृतहरूको संलग्नता रहेको थियो । यसै सन्दर्भमा आयोगका कर्मचारीहरूले नेकपा एमाले, नेकपा माओवादी, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक), नेपाल मजदूर किसान पार्टी, नेकपा माले, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत दलहरू, प्रधानन्यायाधीश र नेपाल सकारकारका मन्त्रीहरूसँगसमेत भेटघाट तथा छलफल गरिसकेका छन् ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## ७.२६ सर्वोच्चको फैसलाको स्वागत

ललितपुर/२०६४ जेठ २८ गते

सम्मानित सर्वोच्च अदालतबाट राष्ट्रिय मानवअधिकार आयोगका तत्कालीन कर्मचारी स्व. दयाराम परियारको मृत्युसम्बन्धमा दोषी देखिएका सुरक्षाकर्मीलाई कार्वाही गर्नु भनी २०६४ जेठ २५ तथा बेपत्ता पारिएका व्यक्तिहरूको हकमा आवश्यक राहत उपलब्ध गराउन, बेपत्तासम्बन्धी छानबिन आयोगको गठन गर्नेसमेतका कार्यहरू गर्नु भनी २०६४ जेठ १८ गते गरेको ऐतिहासिक फैसलाको आयोगको कार्यालय हार्दिक स्वागत गर्दछ । उल्लिखित फैसलाहरूमा आयोगले गरेका कार्यहरूको सम्मानित अदालतबाट भएको सम्बोधनले मानवअधिकार संरक्षण र सम्बर्द्धनात्मक कार्यमा अझ सशक्त रूपमा अगाडि बढ्न आयोगलाई अझ हौसला र उत्साह प्रदान गरेको अनुभव यस कार्यालयले गरेको छ ।

आयोगले अनुसन्धान गरी पीडित व्यक्ति तथा परिवारहरूलाई क्षतिपूर्ति र दोषी व्यक्तिहरूलाई आवश्यक कानुनी कार्वाही गर्नू भनी गरेका अधिकांश सिफारिसहरू कार्यान्वयन नभइरहेको अवस्थामा सम्मानित अदालतले गरेका यी फैसलाहरूले दण्डहीनता अन्त्यको लागि कोशेढुङ्गा सावित हुने यस कार्यालयको अपेक्षा छ । आयोगको कार्यालय सम्मानित अदालतबाट भएका ऐतिहासिक फैसलाहरूमा भएको आदेशको अक्षरशः पालना हुने कुरामा विश्वस्त हुँदै दण्डहीनताको अन्त्यको लागि आवश्यक कदम चाल्न नेपाल सरकारसमक्ष अनुरोध गर्दछ ।
(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## ७.२७ बृहत् मानवअधिकार क्षेत्रीय प्रदर्शनी नेपालगञ्जमा आयोजना हुने

नेपालगञ्ज/२०६४ भदौ ३१ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्जको आयोजनामा मानवअधिकारबारे वृहत जनचेतना अभिवृद्धि गर्ने र मानवअधिकारको क्षेत्रमा काम गरिरहेका सङ्घसंस्थाहरूलाई प्रवर्द्धन र टेवा पुऱ्याउने उद्देश्यका साथ असोज ६ र ७ गतेका दिन हुन गइरहेको बृहत मानवअधिकार प्रदर्शनीलाई सफलतापूर्वक सम्पन्न गर्नेसम्बन्धमा राजनीतिक दलहरू एवम् भ्रातृ सङ्घ सङ्गठनहरूका साथै जिल्लास्थित सुरक्षा निकायसँग छलफल बैठक आयोगको सभाकक्षमा सम्पन्न भयो । बैठकमा नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा मालेका प्रतिनिधिहरूका साथै नेपालगञ्जस्थित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, इन्सेक, नेपाल बार एसोसिएसन पुनरावेदन बार इकाई, एड्भोकेसी फोरमलगायतका

मानवअधिकारवादी सङ्घसंस्थाहरूको पनि सहभागिता रहेको थियो । बैठकमा आसन्न हुन गइरहेको मानवअधिकार प्रदर्शनी सफल बनाउन राजनीतिक दलहरू एवम् भ्रातृ सङ्घसङ्गठनहरू र जिल्ला प्रशासन एवम् सुरक्षा निकायहरूको के कस्तो रचनात्मक भूमिका हुन सक्दछ भन्नेबारे छलफल भएको थियो ।

मानवअधिकारको हालको अवस्थामा आयोगले आयोजना गर्न लागेको मानवअधिकार प्रदर्शनी सफल बनाउन राजनीतिक दलहरू एवम् सबै पक्षहरूले आ-आफ्नो तर्फबाट सहयोग गर्ने दृढता व्यक्त गरिएको थियो । बैठकमा राजनीतिक दलहरूद्वारा आ-आफ्ना भ्रातृ सङ्घ सङ्गठनहरू एवम् कार्यकर्ताहरूमा प्रदर्शनीको प्रचार-प्रसार गर्ने र अवलोकन गर्नका लागिसमेत अनुरोध गर्ने प्रतिबद्धता गरिएको थियो । प्रदर्शनीमा बाँकेलगायत यस क्षेत्रका १० जिल्लाहरूबाट करिब ४० ओटा सङ्घसंस्थाहरूको सहभागिता रहने योजना छ । सो प्रदर्शनीमा बाँके, वर्दिया, सुर्खेत, प्युठान, रोल्पा, दाङ, दैलेख, सल्यान, रुकुम र जुम्ला जिल्लामा कार्यरत मानवअधिकारवादी सङ्घसंस्थाहरूको सहभागिता रहने योजना छ । टण्डन राइस मिल, सदरलाइन, नेपालगञ्जमा आयोजना हुने उक्त प्रदर्शनीमा मानवअधिकारका विविध विषयवस्तु एवम् सन्दर्भसामग्रीहरूका साथै आसन्न संविधानसभासम्बन्धी जानकारीमूलक सन्दर्भसामग्रीहरूसमेत बिक्री एवम् वितरणमा राखिनेछ ।

उक्त प्रदर्शनीमा ३०,००० भन्दा बढी जनसहभागिता जुटाउने आयोगको लक्ष्य रहेको छ । प्रदर्शनीमा व्यापक जनसहभागिता जुटाउन मानवअधिकारसम्बन्धी प्रवचन एवम् विविध सांस्कृतिक कार्यक्रम गर्ने योजना रहेको छ । त्यसैगरी मानवअधिकार प्रदर्शनी सफल बनाउन र यसको अवलोकन गर्नका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, कर्मचारी, शिक्षक, विद्यार्थी, व्यापारी, मजदूर, राजनीतिक दलहरूका कार्यकर्ताहरू, धार्मिक सङ्घ सङ्गठन, विभिन्न पेशागत सङ्घ सङ्गठनहरूलगायत सम्पूर्ण सर्वसाधारणहरूलाई समेत विभिन्न माध्यमहरूमार्फत् अनुरोध गरिएको छ । प्रदर्शनीले मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा उल्लेखनीय योगदान गर्ने र यसले मानवअधिकारको जनचेतना अभिवृद्धि गर्नुका साथै स्थानीय सङ्घसंस्थाहरूको उत्थान गर्नसमेत सहयोग हुने अपेक्षा गरिएको छ । प्रदर्शनीमा दर्शकहरूलाई प्रवेश निःशुल्क गरिएको छ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ७.२८ आयोगहरूको एसिया-प्रशान्त बैठकमा नेपाल सहभागी

ललितपुर/२०६५ साउन २० गते

एसिया-प्रशान्त क्षेत्रको मानवअधिकारको अवस्था सुदृढ गर्ने तथा दण्डहीनतालाई अन्त्य गर्ने सामूहिक प्रतिबद्धता जनाउँदै मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको १३ औं वार्षिक सम्मेलन मलेसियाको राजधानी क्वालालम्पुरमा सम्पन्न भएको छ । गत साउन १३ देखि १६ गतेसम्म चलेको उक्त सम्मेलनमा नेपाललगायत १७ देशका राष्ट्रिय मानवअधिकार आयोगहरू, सङ्गठनीय मानवअधिकार उच्चायुक्तको कार्यालय, विभिन्न देशका सरकार एवम् संसदका प्रतिनिधिहरू तथा क्षेत्रीय र राष्ट्रिय गैरसरकारी संस्थाहरू सहभागी थिए ।

सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रिय मानवअधिकार आयोग, नेपालका अध्यक्ष केदारनाथ उपाध्यायले सशस्त्र द्वन्द्वको एक दशक लामो अवस्था पार गर्दै नेपाल शान्तिसम्झौता, संविधानसभा निर्वाचन र गणतन्त्र कार्यान्वयनमार्फत् नयाँ नेपालको निर्माणमा जुटेको र अहिले मानवअधिकारको अवस्था तुलनात्मक रूपमा सुधिएको बताउनुभयो । अध्यक्ष उपाध्यायले भन्नुभयो, 'राष्ट्रिय मानवअधिकार आयोगको मुख्य प्राथमिकता संविधानसभाबाट बन्न लागेको नयाँ संविधानलाई मानवअधिकारमैत्री बनाउनु हो । त्यसैगरी यातनाविरुद्धको महासन्धिको ऐच्छिक आलेखलाई अनुमोदन गर्न नेपाल सरकारलाई आग्रह गरिनेछ ।' उहाँले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न नेपाल सरकारले पर्याप्त चासो नदेखाएको, बेचबिखनबाट पीडित भएकाहरूलाई सरकारको तर्फबाट पुनर्वास तथा सामाजिक एकीकरणको व्यवस्था नगरेको सम्बन्धमा पनि मञ्चको ध्यानाकर्षण गराउनुभएको थियो ।

सम्मेलनमा सदस्य देशहरूमा मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्न राष्ट्रिय मानवअधिकार आयोगहरूको भूमिका प्रभावकारी बनाउने, मानवअधिकार संरक्षण गर्न क्षेत्रीय संयन्त्रको विकास गर्ने, मृत्युदण्डलाई विश्वव्यापी उन्मूलन गर्ने, आदिवासी तथा अल्पसङ्ख्यक जनजातिका अधिकारका सम्बन्धमा यो वर्ष विशेष कार्यक्रम सञ्चालन गर्ने, सदस्य देशहरूमा भइरहेको मानवबेचबिखनलाई रोक्नेलगायतका विषयमा छलफल भएको थियो ।

एसिया-प्रशान्त मञ्चमा यस क्षेत्रका १४ देशहरू नेपाल, अस्ट्रेलिया, अफगानिस्तान, भारत, इन्डोनेसिया, जोर्डन, मलेसिया, मङ्गोलिया, न्यूजिल्यान्ड, फिलिपिन्स, दक्षिण कोरिया, श्रीलङ्का, थाइल्यान्ड र पूर्वी टिमोर पूर्ण सदस्य छन् । त्यस्तै तीन देशहरू इरान, कतार र प्यालेस्टाइनले एसोसिएट सदस्यको दर्जा पाएका छन् । आयोजक राष्ट्रको अध्यक्षतामा सम्मेलन सञ्चालन हुने प्रचलनअनुरूप सम्मेलनको अध्यक्षता मलेसियाको राष्ट्रिय मानवअधिकार आयोग (सुखाम) का अध्यक्ष तान श्री अबु तालिब ओट्म्यान (Tan Sri Abu Talib Othman) ले गर्नुभएको थियो । आगामी सम्मेलन एसियाली राष्ट्र जोर्डनमा हुनेछ ।

राष्ट्रिय मानवअधिकार आयोग, नेपालका तर्फबाट आयोगका अध्यक्षका साथै सदस्य रामनगिना सिंह र सचिव विशाल खनाल यो सम्मेलनमा सहभागी हुनुहुन्थ्यो ।
(पद्मा माथेमा, निमित्त सचिव)

## ७.२९ अधिकारकर्मी सिवाकोटीको निधनमा आयोगको समवेदना

ललितपुर/२०६५ कार्तिक २० गते

लामो समयदेखि बिरामी अवस्थामा रहनुभएका वरिष्ठ मानवअधिकारकर्मी तथा पत्रकार कृष्णप्रसाद सिवाकोटीको हिजो निधन भएको खबरले हामीलाई गहिरो दुःख पुगेको छ । निरङ्कुश पञ्चायतकालका अँध्यारा दिनहरू र खासगरी जनआन्दोलन भाग- १ को दौरान उहाँले मानवअधिकार संरक्षण मञ्चमार्फत् मानवअधिकार र लोकतन्त्रको पक्षमा खेल्नुभएको भूमिका स्मरणीय छ । उहाँको निधनले देशको मानवअधिकार आन्दोलनले एक सच्चा रक्षक गुमाएको छ । उहाँको आत्माको चीरशान्तिको कामना गर्दै राष्ट्रिय मानवअधिकार आयोग उहाँलाई हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछ साथै शोकसन्तप्त परिवारमा आयोग हार्दिक समवेदना व्यक्त गर्दछ ।

(विशाल खनाल, सचिव)

### ७.३० राष्ट्रिय मानवअधिकार आयोगद्वारा प्रधानमन्त्रीलाई स्मरणपत्र

ललितपुर/२०६५ माघ ५ गते

राष्ट्रिय मानवअधिकार आयोगले प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटी मानवअधिकारका विभिन्न विषयमा आयोगका चासोहरू उल्लेख भएको स्मरणपत्र बुझाएको छ । आयोगका पदाधिकारीहरूले प्रधानमन्त्रीको कार्यालय सिंहदरबारमा आज प्रधानमन्त्रीलाई स्मरणपत्र बुझाउँदै आयोगले हाल सामना गर्नुपरेका चुनौतीहरू तथा वर्तमान मानवअधिकारको अवस्थाबारेमा जानकारी गराउनुभएको हो । स्मरणपत्रमा आयोगले वर्तमान मानवअधिकार अवस्था निराशाजनक रहेको जनाइएको र मुख्यतः तराई क्षेत्रमा दिनानुदिन मानवअधिकार उल्लङ्घनका गतिविधिहरू भइरहेको उल्लेख छ । त्यसैगरी मुलुकमा विद्यमान दण्डहीनताको स्थितिले मानवअधिकार संरक्षणमा गम्भीर चुनौती खडा गरेकाले मौजुदा कानुन कार्यान्वयन गरी दोषीलाई कानुनी कार्वाहीको दायरामा ल्याउन कुनै किसिमको विलम्ब गर्न नहुने कुरा स्मरण गराइएको छ ।

आयोगको स्मरणपत्र बुझ्दै प्रधानमन्त्री पुष्पकमल दाहालले वर्तमान सरकार लोकतन्त्र, मानवअधिकार र विधिको शासनप्रति प्रतिवद्ध रहेको र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न प्रयासरत रहेको बताउनुभयो । उहाँले मानवअधिकारसँग सम्बन्धित विषयहरूमा आयोगको नियमित परामर्श लिइने, राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयलगायत नेपालमा रहेका मानवअधिकारसम्बन्धी विभिन्न सङ्घसंस्थाहरूलाई नेपालमा राख्ने/नराख्नेसम्बन्धमा साथै विभिन्न दातृनिकायहरूसँग मानवअधिकारसँग सम्बन्धित विषयमा सम्झौता गर्दा आयोगसँग परामर्श गरेर मात्र निर्णय लिइने जानकारी दिनुभयो । प्रधानमन्त्रीले शान्तिसुरक्षाको अवस्था सुधार्न तीन महिने विशेष अभियान सञ्चालन गर्न लागिएको जानकारीसमेत दिनुभयो ।

प्रधानमन्त्रीसँगको भेटमा आयोगका पदाधिकारीहरूले आयोगका सिफारिस कार्यान्वयन गर्न सरकारले उच्चप्राथमिकता दिनुपर्ने र आयोगको सिफारिसबमोजिम पीडितलाई क्षतिपूर्ति र दोषीलाई कार्वाही गरिनुपर्ने कुरामा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । त्यस्तै आयोग पदाधिकारीले मानवअधिकारसँग सम्बन्धित विधेयकहरू व्यवस्थापिका संसदमा पेस गर्नुपूर्व आयोगसँग परामर्श लिइनुपर्ने, नेपालपक्ष भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिसम्झौताको प्रतिवेदन पठाउनुअघि अनिवार्य रूपमा आयोगसँग परामर्श गरिनुपर्नेलगायतका सुझावहरू नेपाल सरकारलाई दिनुभयो ।

स्मरणपत्रमा दण्डहीनताको अन्त्यका लागि सुरक्षा निकायको सुदृढीकरणमा विशेष जोड दिइनुपर्ने, मानवअधिकार उल्लङ्घनमा दोषी पाइएकालाई कुनै किसिमको राजनीतिक संरक्षण दिन नहुने, मानवअधिकारको गम्भीर उल्लङ्घनमा संलग्न व्यक्तिउपर भएका मुद्दाहरू फिर्ता लिन नहुनेलगायतका सुझावहरू दिइएका छन् साथै द्वन्द्वका क्रममा बेपत्ता भएकाहरूको यथार्थ स्थिति सार्वजनिक गरी पीडित वा तिनका परिवारलाई सरकारले आवश्यक राहत प्रदान गर्नुपर्ने, बिस्थापित व्यक्तिलाई पूर्ववर्ती स्थानमा पुनःस्थापना गर्नुपर्ने सुझावहरू स्मरणपत्रमा छन् । स्मरणपत्र बुझाउने क्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान, डा. लीला

पाठक, डा. के. बी. रोकाया र सचिव विशाल खनाल उपस्थित हुनुहुन्थ्यो । त्यसैगरी नेपाल सरकारका मुख्य सचिव डा. भोजराज घिमिरे, कानुन सचिव माधव पौडेल, प्रधानमन्त्रीको कार्यालयका सचिव प्रतापकुमार पाठक, प्रधानमन्त्रीको कार्यालयका सहसचिव प्रमोदकुमार कार्कीसमेतको उपस्थिति थियो ।
(विशाल खनाल, सचिव)

## ७.३१ आयोग र ओएचसीएचआरबीच सहकार्यसम्बन्धी मार्गनिर्देशनमा हस्ताक्षर

ललितपुर/२०६५ फागुन ९ गते

राष्ट्रिय मानवअधिकार आयोग नेपाल र संयुक्त सङ्गठनीय मानवअधिकार उच्चायुक्तको नेपाल कार्यालय (ओएचसीएचआर नेपाल)ले आज शुक्रबार दुई संस्थाहरूबीचको *सहकार्यसम्बन्धी मार्गनिर्देशन*मा हस्ताक्षर गरेका छन् । आयोगका तर्फबाट सचिव विशाल खनाल र ओएचसीएचआरका तर्फबाट रिचार्ड बेनेटले हस्ताक्षर गर्नुभयो ।

हस्ताक्षर कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले भन्नुभयो, 'आयोग, ओएचसीएचआर र नागरिक समाजबीचको सहकार्यले नेपालमा मानवअधिकारको अवस्था सुदृढ गर्न मद्दत गर्नेछ । यो ओएचसीएचआर र आयोगबीच भइरहेको सुसम्बन्धको निरन्तरता हो ।' कार्यक्रममा आयोगका सदस्य गौरी प्रधानले *सहकार्यसम्बन्धी मार्गनिर्देशन* पढेर सुनाउनुभयो ।

यो मार्गनिर्देशनले आयोग र ओएचसीएचआर-नेपालबीचको निरन्तर र उच्चसहकार्यका लागि प्रारूप तयार पारेको छ । मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि नेपालको अन्तरिम संविधानमा संवैधानिक निकायका रूपमा आयोगको भूमिका उल्लेख गरिएको छ भने नेपाल सरकारसँगको सम्झौतामा ओएचसीएचआर-नेपालको कार्यादेश उल्लेख छ । विभिन्न सीप, ज्ञान र अनुभवहरूमा आधारित भएर यो मार्गनिर्देशनले नेपालको मानवअधिकार सुदृढ पार्न आयोग र उच्चायुक्तको कार्यालय-नेपालबीचको सहयोगी सम्बन्धलाई थप सुदृढ पार्नेछ । आपसी सहकार्यका मुख्य क्षेत्रहरूमा सूचनामूलक तथा शैक्षिक सामग्रीहरूको प्रचार-प्रसार गर्ने साथै सभासद्, सरकार, कानुन कार्यान्वयन अधिकारी, नागरिक समाजका सदस्य, मानवअधिकार रक्षक र आयोगका कर्मचारीहरूलाई तालिम-गोष्ठीको आयोजना गर्नेलगायतका गतिविधिहरू यी संस्थाहरूले संयुक्त रूपमा गर्नेछन् । मानवअधिकारको उद्देश्यप्राप्तिका लागि आयोग र उच्चायुक्तको कार्यालय-नेपाल दुवैले नागरिक समाजको निकटमा रहेर सक्रिय रूपमा कार्यहरू गर्नेछन् ।

ओएचसीएचआर नेपालले आफ्नो कार्यादेशमा भएअनुसार नेपालको मानवअधिकार अवस्थाको नियमित अनुगमन गर्नेछ र विगत चार वर्षमा आफूले अनुसन्धान गर्दै आएका घटनाहरूको अनुगमन गर्नेछ । तर मानवअधिकार उल्लङ्घनसम्बन्धी नयाँ उजुरीहरूलाई आयोगमा पठाउनेछ ।

मानवअधिकार प्रवर्द्धन र संरक्षण गर्दै दण्डहीनताको अन्त्य गर्न यी दुई संस्थाहरूले राष्ट्रिय र क्षेत्रीयस्तरमा आपसी सहकार्यका लागि नियमित रूपमा बैठक र छलफलहरू गर्नेछन् । कार्यक्रममा आयोगका सदस्यहरू रामनगिना सिंह, डा. लीला पाठक, ओएचसीएचआरका उपप्रमुख ज्योति सांघेरा, विभागीय प्रमुखहरू, सञ्चारकर्मीलगायतको उपस्थिति थियो ।

(विशाल खनाल, सचिव)

## ७.३२ थैव हत्याका आरोपित आयोगमा नआएको स्पष्टोक्ति

ललितपुर/२०६५ चैत २७ गते

प्रचण्ड थैवको हत्याका आरोपित सुजित वि. क. आयोग परिसरबाट भागेको वा निजलाई भगाइएको भन्ने आसयका समाचारहरू विभिन्न सञ्चारमाध्यमबाट प्रकाशन/प्रसारण भएकोमा राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । आरोपित सुजित वि. क. हालसम्म आयोगमा उपस्थित नभएकाले यहाँबाट भाग्ने वा भगाउने सवालै उठ्दैन साथै कुनै आरोपित व्यक्तिलाई कानुनी दायराबाट उम्कन दिने वा भगाउने कार्यमा आयोग संलग्न रहँदैन । निज वि. क. लाई 'आयोगमार्फत् प्रहरीमा बुझाउने' भनी एकीकृत नेकपा माओवादीको तर्फबाट संविधानसभा/संसदमा व्यक्त कुराहरूको सम्बन्धमा आयोगलाई कुनै औपचारिक जानकारी छैन ।

आयोगसम्बन्धी समाचार प्रकाशन/प्रसारण गर्नुपूर्व आयोगमा सम्पर्क गरी सूचनाको वास्तविकता पुष्टि गर्नुहुनसमेत सबै सञ्चारमाध्यमलाई आयोग अनुरोध गर्दछ ।
(विशाल खनाल, सचिव)

## ७.३३ संवाद र सहमतिबाट निकास निकाल्न आग्रह

ललितपुर/२०६६ वैशाख २१ गते

राष्ट्रिय सुरक्षाको संवेदनशील क्षेत्र नेपाली सेनाको प्रधानसेनापतिसम्बन्धी विवादले देशको राजनीतिक क्षेत्रमा देखिएको असहज परिस्थितिले राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यसले बिस्तृत शान्तिसम्झौता, नेपालको अन्तरिम संविधान, २०६३ र जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्ने दिशामा गम्भीर अवरोध पुगेको छ । यस परिस्थितिले जनताको जीविका, मानवअधिकार र शान्तिसुरक्षामा दीर्घकालीन असर पार्न सक्ने सम्भावना छ । यस अवस्थामा संविधान र कानुनलाई आ-आफ्नो राजनीतिक स्वार्थको पक्षमा व्याख्या-विश्लेषण नगरी वृहत्तर राष्ट्रिय हितका निम्ति उपयोग गर्नु जरुरी छ ।

तसर्थ, बिस्तृत शान्तिसम्झौतालाई पूर्ण रूपमा कार्यान्वयन गर्न, घोषित समय तालिकाअनुसार संविधान बनाउन तथा समस्त नेपालीको मानवअधिकारको सम्मान र संरक्षण गर्न, संवाद र सहमतिको माध्यमबाट विद्यमान सङ्कटको निकास निकाल्न राष्ट्रिय मानवअधिकार आयोग सम्बन्धित पक्षहरूलाई हार्दिक आह्वान गर्दछ ।
(विशाल खनाल, सचिव)

## ७.३४ शान्ति सम्झौताको पूर्ण पालना गर्न आयोगको आग्रह

ललितपुर/२०६६ वैशाख २३ गते

एकीकृत नेकपा माओवादीको जिल्ला सङ्गठन रामेछापले पाँच दिनभित्र अन्य राजनीतिक दलका नेता कार्यकर्तालाई 'पाँच दिनभित्र गाउँ तथा सहर छाड्न नत्र कार्वाहीको सामना गर्न' हिजो प्रेसविज्ञप्ति जारी गरेको तथा हिजै एकीकृत नेकपा माओवादीको भ्रातृसङ्गठन वाईसीएलले समाचार प्रसारणको विषयलाई लिएर ईमेज टेलिभिजनमा अवरोध गर्ने प्रयास गरेको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यससम्बन्धमा आयोगले आजै रामेछापका प्रमुख जिल्ला अधिकारी, एकीकृत नेकपा माओवादी रामेछापका सभासद्, स्थानीय मानवअधिकारकर्मीलगायतका व्यक्तिहरूसँग सम्पर्क गरी विभिन्न सूचना तथा जानकारीहरू सङ्कलन गरेको छ साथै रामेछाप जिल्लाको मानवअधिकार अवस्थाको अनुगमन गर्न आजै आयोगको टोली त्यसतर्फ प्रस्थान गरिसकेको छ ।

यस प्रकारका गतिविधिले मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा ३, १३ (१), १९ र २२ को उल्लङ्घन भएको देखिन्छ । त्यस्तै नागरिक तथा राजनीतक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६ लगायत मानवअधिकारका आधारभूत सिद्धान्तहरूको गम्भीर उल्लङ्घन भएको छ साथै तत्कालीन नेपाल सरकार र नेकपा माओवादीबीच सम्पन्न बिस्तृत शान्तिसम्झौता, २०६३ को दफा ५ (२) ४-९ का प्रावधानहरू उल्लङ्घन भएका छन् ।

तसर्थ, बिस्तृत शान्तिसम्झौताका प्रावधानहरूको पूर्ण परिपालन गर्न, त्रास र भयको वातावरण नबनाउन, उत्तेजनात्मक अभिव्यक्ति नदिन, विधिको शासनलाई सम्मान गर्न, शान्ति, संवाद र सहमतिको माध्यमबाट समझदारी कायम गर्न तथा मानवअधिकारको आधारभूत सिद्धान्तहरूको परिपालन गर्न राष्ट्रिय मानवअधिकार आयोग सम्बन्धित पक्षहरूलाई आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## ७.३५ द्वेषपूर्ण अभिव्यक्ति नदिन राजनीतिक दलहरूलाई आग्रह

ललितपुर/२०६६ जेठ २६ गते

पछिल्लो चरणमा देशमा विकसित राजनीतिक घटनाक्रमहरू सँगसँगै राजनीतिक नेता र कार्यकर्ताहरूबाट सार्वजनिक कार्यक्रमहरूमार्फत् समाजमा घृणा, द्वेष र हिंसा फैलाउने खालका अभिव्यक्ति प्रकट हुनु दुःखपूर्ण कुरा हो । यस्ता अभिव्यक्तिहरूले शान्ति-प्रक्रिया र संविधान निर्माणको काममा अवरोध खडा हुने मात्रै नभई समाजमा हिंसा भड्किन सक्ने सम्भावना हुन्छ । बृहत्तर शान्तिसम्झौता र नेपालको अन्तरिम संविधानका पक्षधर मूलधारका राजनीतिक दलहरूका नेता र कार्यकर्ताहरूद्वारा त्यसकै मूल मर्ममा प्रहार हुने गरी सार्वजनिक अभिव्यक्ति दिनु खेदपूर्ण छ ।

हालैका दिनहरूमा राजनीतिक दलका नेता-कार्यकर्ता तथा कार्यालयहरूसमेतलाई लक्षित गरी हुने गरेका आक्रमण र तोडफोड तथा त्यस्ता घटनाको प्रतिक्रिया स्वरूप आह्वान गरिएका बन्द-हड्ताल जस्ता गतिविधिले राजनीतिक दलहरूबीचको सम्बन्धमा थप तिक्तता ल्याएको छ । यसले आमसर्वसाधारणको जीवन, जीविकोपार्जन र मानवअधिकारका सवालहरूमा पनि गम्भीर असर पारेको छ । यस प्रकारको प्रवृत्तिले समाजमा हिंसाको संस्कारलाई बढावा दिने र मानवअधिकारको संस्कारलाई उपेक्षा गर्ने काम पनि गर्दछ ।

नेपाल पक्ष भएको 'अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, १९६६' को धारा १९ को उपधारा ३ ले अरूको प्रतिष्ठा र अधिकारलाई सम्मान गर्नका लागि कुनै प्रकारको युद्धलाई उकास्ने कुनै पनि किसिमको प्रचारबाजीलाई निषेध गरेको छ । यसले राष्ट्रिय, जातीय वा धार्मिक विभेद फैलाउने वा हिंसालाई बढावा दिने अभिव्यक्तिमाथि पनि बन्देज लगाएको छ । त्यस्तै, नेपाल पक्ष भएको 'सबै प्रकारका जातीय भेदभाव उन्मूलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६५' को धारा ४ ले समेत कुनै पनि किसिमको जातीय भेद र हिंसालाई बढावा दिने अभिव्यक्ति दिन बन्देज लगाएको छ ।

समाजमा घृणा, द्वेष र हिंसा फैलाउने अभिव्यक्तिहरूले समाजको सद्भाव, शान्ति र सुरक्षामाथि नै चुनौती दिन्छन् । तसर्थ, कुनै आस्था, जातजाति, लिङ्ग, संस्कृति र भूगोललाई लक्षित गरी कुनै पनि माध्यमबाट त्यसखाले सार्वजनिक अभिव्यक्ति नदिन र संवाद र सहमतिको बाटो अवलम्बलन गर्न सम्बद्ध सबै राजनीतिक दल र सरोकारवाला पक्षहरूलाई राष्ट्रिय मानवअधिकार आयोग आग्रह गर्दछ ।

(पद्मा माथेमा, निमित्त सचिव)

## ७.३६ जनकपुरमा आयोगको पाँचौं क्षेत्रीय कार्यालयको उद्घाटन

ललितपुर/२०६६ जेठ २६ गते

राष्ट्रिय मानवअधिकार आयोगको पाँचौं क्षेत्रीय कार्यालयको आज जनकपुरमा उद्घाटन सम्पन्न भएको छ । मध्यतराईमा बढ्दै गएको मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनालाई न्यून गर्ने उद्देश्यले आयोगको रणनीतिक योजना २००८-२०१० अनुरूप यो कार्यालयको स्थापना गरिएको हो । आयोगका सदस्य रामनगिना सिंहले यो कार्यालयको उद्घाटन गर्दै क्षेत्रीय कार्यालयको स्थापना, मानवअधिकार संरक्षण र प्रवर्द्धनमा आयोग सर्वसाधारणको घरदैलोमा पुग्ने एउटा प्रयास भएको बताउनुभयो । उहाँले अगाडि भन्नुभयो, 'यो कार्यालय स्थापनाबाट आयोगले मध्यतराई र आसपासका क्षेत्रमा मानवअधिकार अवस्था सुदृढ तुल्याउन मद्दत मिल्ने आशा लिएको छ । आगामी दिनमा सरोकारवाला सबै पक्षसँग समन्वय र सहकार्य गरी मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्न आयोगको यो कार्यालयले अग्रणी भूमिका खेल्नेछ ।'

कार्यक्रममा बोल्दै आयोगका सचिव विशाल खनालले आयोगले खोटाङ, बुटवल र जुम्लामा रहेका सम्पर्क कार्यालयहरूलाई चाँडै नै उपक्षेत्रीय कार्यालयमा स्तरीकरण गर्ने र थप उपक्षेत्रीय कार्यालयहरू स्थापना गर्ने योजना रहेको जानकारी दिनुभयो । कार्यक्रममा पुनरावेदन अदालत, जनकपुरका मुख्य न्यायाधीश लोकेन्द्र मल्लिक, प्रमुख जिल्ला अधिकारी शम्भु कोइराला, जनकपुर अञ्चल प्रहरी कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक गोपाल भण्डारी, वरिष्ठ पत्रकार राजेश्वर नेपाली, गैरसरकारी संस्था महासङ्घका धनुषा जिल्ला अध्यक्ष रामचन्द्र साह, नेपाल बार एसोसिएसन, धनुषाका अध्यक्ष बद्रीनारायण यादवले पनि आयोगको क्षेत्रीय कार्यालयको स्थापनाबाट आफूहरू उत्साहित भएको र आयोगसँग सहकार्य गरी अघि बढ्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिहरू, राजनीतिक दल र नागरिक समाजका प्रतिनिधि, स्थानीय निकायका प्रमुखहरू, कानुन व्यवसायी, विभिन्न व्यावसायिक सङ्घसंस्थाका प्रमुख एवम् प्रतिनिधिहरू, सञ्चारकर्मीलगायतको उपस्थिति थियो ।

यो क्षेत्रीय कार्यालय जनकपुर नगरपालिका वडा नं. १० देवीचोक, सरस्वती टोलमा स्थापना गरिएको छ । यसले मध्यमाञ्चलका महोत्तरी, धनुषा, बारा, पर्सा, सिन्धुली, सर्लाही, रौतहट र मकवानपुर जिल्लामा मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्न अनुगमन, अनुसन्धान र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्नेछ । यसअघि जनकपुरमा आयोगको सम्पर्क कार्यालय २०६३ जेठ २१ गते स्थापना भई सञ्चालन हुँदै आएको थियो ।
(पद्मा माथेमा, निमित्त सचिव)

## ७.३७ राष्ट्रिय मानवअधिकार आयोगद्वारा प्रधानमन्त्रीलाई ज्ञापनपत्र

ललितपुर/२०६६ असार १२ गते

राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूले प्रधानमन्त्री माधवकुमार नेपाललाई भेटी मानवअधिकारका विभिन्न विषयमा आयोगका चासोहरू उल्लेख भएको ज्ञापनपत्र बुझाउनुभएको छ । उहाँहरूले आज प्रधानमन्त्रीको कार्यालय सिंहदरबारमा प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै आयोगले हाल सामना गर्नुपरेका चुनौतीहरू तथा वर्तमान मानवअधिकारको अवस्थाबारेमा जानकारी गराउनुभयो । ज्ञापनपत्रमा आयोगले वर्तमान मानवअधिकार अवस्था उत्साहवर्द्धक नरहेको जनाइएको र खासगरी तराई क्षेत्रमा दिनानुदिन मानवअधिकार उल्लङ्घनका गतिविधिहरू भइरहेको उल्लेख छ । त्यसैगरी मुलुकमा विद्यमान दण्डहीनताको स्थितिले मानवअधिकार संरक्षणमा गम्भीर चुनौती खडा गरेकाले मौजुदा कानुन कार्यान्वयन गरी दोषीलाई कानुनी कार्वाहीको दायरामा ल्याउन कुनै किसिमको विलम्ब गर्न नहुने कुरा स्मरण गराइएको छ ।

आयोगको ज्ञापनपत्र बुझ्दै प्रधानमन्त्री माधवकुमार नेपालले वर्तमान सरकार लोकतन्त्र, मानवअधिकार र विधिको शासनप्रति प्रतिवद्ध रहेको र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड पूरा गर्न प्रयासरत रहेको बताउनुभयो । उहाँले दण्डहीनता अन्त्य गर्न, अपराध नियन्त्रण गर्न र मानवअधिकारको प्रवर्द्धन गर्नेसम्बन्धी विषयहरू सरकारको प्राथमिकतामा रहेको बताउँदै मानवअधिकारसँग सम्बन्धित विषयहरूमा आयोगसँग परामर्श गरेर मात्र निर्णय लिइने जानकारी दिनुभयो ।

प्रधानमन्त्रीसँगको भेटमा आयोगका पदाधिकारीहरूले आयोगका सिफारिस कार्यान्वयन गर्न सरकारले उच्चप्राथमिकता दिनुपर्ने र आयोगको सिफारिसबमोजिम पीडितलाई क्षतिपूर्ति र दोषीलाई कार्वाही गरिनुपर्ने कुरामा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । त्यस्तै आयोग पदाधिकारीले मानवअधिकारसँग सम्बन्धित विधेयकहरू व्यवस्थापिका संसदमा पेस गर्नुपूर्व आयोगसँग परामर्श लिइनुपर्ने, आयोगलाई पर्याप्त स्रोतसाधन उपलब्ध गराउनुपर्ने, द्वन्द्वपीडित, बेपत्ता तथा बिस्थापित भएका व्यक्तिलाई राहत दिनेसम्बन्धमा, महिलाहिंसा नियन्त्रण, सुकुम्बासी, भूमिहीन तथा हलियाको

हकहित संरक्षण, खाद्य सुरक्षा र व्यवस्थापन तथा बन्द, हड्ताल र चक्काजामको रोकथामसम्बन्धमा प्रधानमन्त्रीको ध्यानाकर्षण गराउनुभएको थियो ।

ज्ञापनपत्रमा दण्डहीनताको अन्त्यका लागि सुरक्षा निकायको सुदृढीकरणमा विशेष जोड दिइनुपर्ने, मानवअधिकार उल्लङ्घनमा दोषी पाइएकालाई कुनै किसिमको राजनीतिक संरक्षण दिन नहुने, मानवअधिकारको गम्भीर उल्लङ्घनमा संलग्न व्यक्तिउपर भएका मुद्दाहरू फिर्ता लिन नहुनेलगायतका सुझावहरू दिइएका छन् साथै द्वन्द्वका क्रममा बेपत्ता भएकाहरूको यथार्थ स्थिति सार्वजनिक गरी पीडित वा तिनका परिवारलाई सरकारले आवश्यक राहत प्रदान गर्नुपर्ने, बिस्थापित व्यक्तिलाई पूर्ववर्ती स्थानमा पुनःस्थापना गर्नुपर्ने सुझावहरू उल्लेख गरिएको छ । ज्ञापनपत्र बुझाउने क्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. के. बी. रोकाया र सचिव विशाल खनाल उपस्थित हुनुहुन्थ्यो । त्यसैगरी प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार रघुजी पन्त, मुख्य सचिव डा. भोजराज घिमिरेलगायतको उपस्थिति थियो ।
(विशाल खनाल, सचिव)

## ७.३८ आयोगको ध्यानाकर्षण

ललितपुर/२०६६ असार २१ गते

आयोगमा कर्मचारी व्यवस्थानसम्बन्धी विषयलाई लिएर केही दिनयता विभिन्न सञ्चारमाध्यममा प्रकाशित/प्रसारित समाचार तथा टिप्पणीप्रति राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

आयोगमा विभिन्न पदमा रहेर विगत लामो समयदेखि काम गरेका, स्वदेश तथा विदेशबाट शिक्षा, तालिम तथा कार्यगत अनुभवप्राप्त कर्मचारीहरूलाई हाल विद्यमान कानुनसम्मत तवरले प्रतिस्पर्धात्मक परीक्षा लिने गरी यो प्रक्रिया अगाडि बढाइएको हो । विद्यमान कानुनले दिएको अधिकारलाई प्रयोग गरी आयोगलाई संस्थागत रूपमा सुदृढ र व्यावसायिक रूपमा सक्षम संस्था बनाउने अभिप्रायले गरिएको यो कार्यमा आयोग र यसका पदाधिकारीहरूको कुनै स्वार्थ छैन । आयोगमा विभिन्न पदमा गरी कूल ३०९ दरबन्दी रहेको र आन्तरिक प्रतिस्पर्धाबाहेकका सबै पदहरू खुला प्रतिस्पर्धामार्फत् निकट भविष्यमा पूर्ति गरिने योजना रहेको छ ।

कर्मचारी व्यवस्थापनको प्रक्रियालाई २०६५ साल साउन महिनादेखि अघि बढाइएको हो । यस क्रममा लोक सेवा आयोग, प्रधानमन्त्रीको कार्यालयलगायत सम्बन्धित सबै निकायमा आवश्यक पर्ने प्रक्रिया पूरा गर्ने प्रयास गरिए पनि ती निकायहरूबाट अपेक्षित सहयोग प्राप्त नभएको अवस्था विद्यमान छ । स्मरण रहोस् राष्ट्रिय मानवअधिकार आयोग पेरिस सिद्धान्तबाट निर्देशित स्वतन्त्र निकाय हो, जसलाई सरकारी हस्तक्षेपबाट जोगाउनु जरुरी छ ।

कर्मचारी व्यवस्थापनको विषयलाई लिएर सर्वोच्च अदालतमा रिट परिसकेको सन्दर्भमा सम्मानित अदालतबाट यससम्बन्धमा उपयुक्त निक्यौंल हुने नै छ र आयोगले त्यस निर्णयलाई सम्मान गर्नेछ साथै आयोगसम्बन्धी समाचार सम्प्रेषण गर्दा आयोगमा सम्पर्क गरी वास्तविकतालाई मात्रै प्रकाशन/प्रसारण गर्न सम्बन्धित सबैलाई आयोग आग्रह गर्दछ ।

(विशाल खनाल, सचिव)

## ७.३९ भारत भ्रमणका सन्दर्भमा प्रधानमन्त्रीलाई आयोगको सुझाव

ललितपुर/२०६६ साउन ३२ गते

प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगले नेपाल र भारतबीच देखिएका मानवअधिकारका साझा समस्याहरूलाई सम्बोधन गर्न प्रधानमन्त्रीलाई सुझाव दिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई आज एक सुझावपत्र पठाउँदै आयोगले मुख्यतः निम्न सवालहरूलाई सम्बोधन गर्न आग्रह गरेको हो :

क) नेपालबाट वर्षेनी हजारौँको सङ्ख्यामा महिला तथा बालबालिकाहरू भारतमा र भारतहुँदै अन्य मुलुकमा बेचिने गरेको पाइएको छ । तसर्थ, मानवताविरुद्धको यस प्रकृतिको गम्भीर अपराधको रोकथाम, नियन्त्रण, पीडित र प्रभावित पक्षहरूको मुक्ति, राहत, पुनःस्थापना र सामाजिक पुनःएकीकरणका लागि दुई देशबीच आवश्यक संयन्त्र बनाउन पहल गर्ने,

ख) भारतसँग जोडिएका नेपालका सीमाक्षेत्र (खासगरी तराईमा) वरपरका नागरिकहरूको दैनिक जीवनयापन विगत केही समयदेखि सशस्त्र वा आतङ्ककारी गतिविधिहरूबाट प्रभावित छ । ती नागरिकहरूको शान्तिपूर्ण वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न, प्रभावकारी संयन्त्र निर्माण गर्न पहल गर्ने तथा हातहतियार तथा विस्फोटक पदार्थहरूको ओसारपसार नियन्त्रण गर्नेसम्बन्धी प्रभावकारी विधि अवलम्बन गर्ने र

ग) सार्क राष्ट्रहरूमा देखिएका मानवअधिकारसम्बन्धी सबै समस्याहरूलाई सम्बोधन गर्न मानवअधिकारसम्बन्धी सार्क चार्टरको आवश्यकताबारे छलफल गर्ने ।
(विशाल खनाल, सचिव)

## ७.४० संसदलाई अनिर्णयको बन्दी नबनाउन तथा उत्तरदायी सरकार र जिम्मेवार प्रतिपक्षको भूमिका निर्वाह गर्न आग्रह

ललितपुर/२०६६ कार्तिक १२ गते

जनताको लामो सङ्घर्षबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै संविधान निर्माण प्रक्रिया अबेर भइरहेको परिप्रेक्ष्यमा निषेध, आक्रमण र भीडन्तका घटनाक्रम बढ्दै गएकोतर्फ राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

हालैका दिनहरूमा राजनीतिक दलका नेता-कार्यकर्ताहरूलाई लक्षित गरी भएका आक्रमण र तोडफोड तथा त्यस्ता घटनाको प्रतिक्रिया स्वरूप आह्वान गरिएका विरोध र निषेधका गतिविधिले राजनीतिक दलहरूबीचको सम्बन्धमा तिक्तता ल्याएको छ । यसै हप्ता चितवनको भरतपुर, तनहुँको दमौली, भोजपुर, झापाको सुरुङ्गालगायतका स्थानमा निषेध, आक्रमण र भीडन्तका घटनाहरू भएका छन् । त्यसैगरी, राजनीतिक दलका नेता र कार्यकर्ताहरूबाट सार्वजनिक कार्यक्रमहरूमार्फत्

समाजमा घृणा, द्वेष र हिंसा फैलाउने तथा बिस्तृत शान्तिसम्झौताकै औचित्यमाथि प्रश्न उठाउने खालका अभिव्यक्ति प्रकट हुनु दुःखद कुरा हो । सत्ता साझेदार र प्रतिपक्षमा रहेका मुख्य राजनीतिक दलका नेताहरूले दिएका अभिव्यक्तिले शान्ति प्रक्रिया र संविधान निर्माणको काममा अवरोध खडा हुने तथा समाजमा हिंसा भड्किन सक्ने सम्भावना बढेको छ ।

जनताबाट संविधान निर्माणको जिम्मेवारी पाएका राजनीतिक दलहरूले आपसी सहमति जुटाउनै नसक्नु खेदपूर्ण छ ।

यस प्रकारको प्रवृत्तिले समाजमा हिंसाको संस्कारलाई बढावा दिने र मानवअधिकारको संस्कारलाई उपेक्षा गर्ने काम भएको छ । फलस्वरूप देशमा विधिको शासन समाप्त हुने, संविधान निर्माणमा अवरोध पुग्ने र दण्डहीनता मौलाउँदै जाने सम्भावना छ ।

समाजमा शान्ति सुव्यवस्था खल्बल्याउने, हिंसालाई प्रोत्साहित गर्ने किसिमका उत्तेजक अभिव्यक्ति तथा गतिविधिहरूले मानवअधिकार संरक्षण र विधिको शासनलाई प्रतिकूल प्रभाव पार्दछन् । तसर्थ, उत्तरदायी सरकार र जिम्मेवार प्रतिपक्षको रूपमा आ-आफ्नो भूमिकालाई गहन रूपमा अनुभूत गर्न, संसदलाई अनिर्णयको बन्दी नबनाउन तथा संवाद र सहमतिमार्फत् निकास खोज्न राष्ट्रिय मानवअधिकार आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## ७.४१ आयोगको कर्णालीमा रहेको सम्पर्क कार्यालयको स्तर वृद्धि : पहिलो उपक्षेत्रीय कार्यालय जुम्लामा उद्घाटन

ललितपुर/२०६६ कार्तिक २७ गते

राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो पहुँच विस्तार गर्ने उद्देश्यले कर्णाली अञ्चलको सदरमुकाम, जुम्लामा पहिलो उपक्षेत्रीय, कार्यालयको रूपमा उद्घाटन भई आजदेखि सेवा प्रारम्भ गरेको छ । यसअघि सम्पर्क कार्यालयको रूपमा रहेका जुम्ला कार्यालयलाई स्तर वृद्धि गरी उपक्षेत्रीय कार्यालयको रूपमा विकास गरिएको हो । कार्यालयको समुद्घाटनको अवसरमा राष्ट्रिय मानवअधिकार आयोगका माननीय अध्यक्ष केदारनाथ उपाध्यायले एक सन्देश दिँदै कार्यालयको स्थापनाबाट कर्णाली क्षेत्रको मानवअधिकार संरक्षण र प्रवर्द्धनमा प्रभावकारी सेवा उपलब्ध हुने विश्वास व्यक्त गर्नुभयो । कार्यालयको समुद्घाटन पुनरावेदन अदालत, जुम्लाका माननीय मुख्य न्यायाधीश केदारप्रसाद चालिसेले रिबन काटेर र कार्यालयको साइन बोर्ड अनावरण गरी गर्नुभएको थियो । मुख्य न्यायाधीश केदारप्रसाद चालिसेले कार्यालयको स्तरवृद्धि भएकोमा खुसी व्यक्त गर्दै यसबाट कर्णालीका जनताहरूको मानवअधिकार संरक्षण र सम्बर्द्धनमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा जुम्ला जिल्ला अदालतका न्यायाधीश ऋषिराम निरौला, प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारी, नेपाल मजदूर किसान पार्टीका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्ले, पुनरावेदन अदालत बार एसोसिएसनका अध्यक्ष तथा कर्णाली रेडियो एफएमका स्टेशन म्यानेजर देवीबहादुर सेजुवाललगायतले कार्यालयको स्तरवृद्धि भएकोमा शुभकामना मन्तव्य व्यक्त गर्दै आयोगको यस

कार्यालयको स्थापनाबाट मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा मद्दत पुग्ने र आयोगलाई आवश्यक पर्ने जुनसुकै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । मानवअधिकारकर्मीहरू, सञ्चारकर्मीहरू, सरकारी तथा सुरक्षा निकायका प्रतिनिधिहरूको उपस्थितिमा भएको सो कार्यक्रम राष्ट्रिय मानवअधिकार आयोगका मानवअधिकार अधिकृत वीरबहादुर बुढामगरको अध्यक्षतामा भएको थियो भने कार्यक्रमको सञ्चालन प्रशासन सहायक राजेन्द्रप्रसाद न्यौपानेले गर्नुभएको थियो ।
(विशाल खनाल, सचिव)

## ७.४२ आयोग पदाधिकारीद्वारा व्यवस्थापिका संसदका अध्यक्षसँग भेट

ललितपुर/२०६६ मङ्सिर ३ गते

व्यवस्थापिका संसदका सभामुख र राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूबीच आयोगको स्वतन्त्रता र स्वायत्ततालाई नयाँ ऐनमा समेत कायमै राख्नुपर्ने विषयमा छलफल भएको छ । छलफलका लागि आयोगका अध्यक्षसहित सदस्यहरू हिजो व्यवस्थापिका संसदका सभामुखको सभाकक्षमा सिंहदरबारमा पुग्नुभएको थियो ।

छलफलका क्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले मानवअधिकार आयोग ऐन, २०५३ को प्रस्तावनामा राष्ट्रिय मानवअधिकार आयोगलाई 'स्वतन्त्र' र 'स्वायत्त' निकाय भनी उल्लेख गरिएको तर अहिले संविधानसभा संसदमा विचाराधीन मानवअधिकार आयोग विधेयक, २०६६ मा ती शब्दहरू नपरेकाले आयोगको स्वतन्त्रता तथा निष्पक्षतामा प्रश्न उठ्न सक्ने बताउनुभयो । अध्यक्ष उपाध्यायले आयोगले नेपालको संविधान र कानुनका अतिरिक्त संयुक्त राष्ट्रसङ्घले जारी गरेको पेरिस सिद्धान्तअनुरूपसमेत काम गर्नुपर्ने भएकाले आयोगको स्वतन्त्रता र स्वायत्ततालाई सीमित गर्न नहुनेमा जोड दिनुभयो । आयोगका सदस्य गौरी प्रधानले स्वतन्त्रता र स्वायत्तताबिनाको आयोग संवैधानिक हैसियत प्राप्त भए पनि हिजोको कानुनी हैसियतमा उभिएको आयोगजत्तिको समेत नहुने बताउनुभयो । उहाँले दोस्रो जनआन्दोलनपछि नेपाली जनता अझ बढी स्वतन्त्र र सार्वभौम भएको परिप्रेक्ष्यमा आयोगलाई अझ सशक्त र क्षमतावान् संस्था बनाउँदै लानुपर्ने धारणा राख्नुभयो ।

सभामुख सुवास नेम्वाङले आयोगलाई वर्तमान हैसियतभन्दा अझ सुदृढ गर्नुपर्नेमा आफ्नो मतैक्यता रहेको भन्दै हिजोका उपलब्धिहरूलाई संस्थागत गर्दै अघि बढ्नुपर्ने धारणा राख्नुभयो । आयोगको स्थापनाका लागि भएको सङ्घर्षमा आफ्नो सक्रिय सहभागिता रहेको सस्मरण गर्दै उहाँले सबै राजनीतिक दलका मुख्य सचेतक तथा सभासद्हरूलाई आयोगको स्वतन्त्रता र स्वायत्तता रक्षामा सघाउन अनुरोध गर्ने बताउनुभयो ।

छलफलका अवसरमा आयोगका सदस्यहरू रामनगिना सिंह, डा. लीला पाठक, डा. के. बी. रोकाया, सचिव विशाल खनाललगायत सहभागी हुनुहुन्थ्यो ।
(विशाल खनाल, सचिव)

## ७.४३ आयोगका सिफारिस कार्यान्वयन गर्न संयन्त्र निर्माण गरिने

ललितपुर/२०६६ पुस २८ गते

राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू कार्यान्वयन गर्न सरकारी निकायहरूबीच संयन्त्र निर्माण गरी कार्यान्वयनलाई छिटो र प्रभावकारी बनाइने भएको छ। राष्ट्रिय मानवअधिकार आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र महान्यायाधिवक्ताको कार्यालयका पदाधिकारीहरूबीच आयोगमा आज भएको छलफलमा यस्तो संयन्त्रमार्फत् आयोगका सिफारिसहरूलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने जनाइएको हो।

आयोगका सिफारिसहरू प्राथमिकताका साथ कार्यान्वयन गरी मानवअधिकारप्रति नेपाल सरकारको प्रतिवद्धता पूरा गर्ने विषयमा छलफल गर्न नेपाल सरकारका मुख्य सचिव, महान्यायाधिवक्तालगायतलाई आयोगमा बोलाएको थियो। आयोगका सदस्यहरूले मानवअधिकार उल्लङ्घनका दोषीहरूलाई कार्वाही गर्नेसम्बन्धी सिफारिसहरू कार्यान्वयनमा ढिलाइ भएको भनी सरकारको ध्यानाकर्षण गराउनुभएको थियो। नेपाल सरकारका मुख्य सचिव माधवप्रसाद घिमिरेले आयोगका सिफारिसलाई यथाशीघ्र कार्यान्वयन गर्न सरकारका तर्फबाट प्रतिबद्धता व्यक्त गर्दै क्षतिपूर्ति तथा राहतका लागि सरकारले करिब ७ करोड रुपैयाँ छुट्याइसकेको जानकारी दिनुभयो।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ बमोजिम आयोगले मानवअधिकार उल्लङ्घनका घटनामा दोषीलाई कार्वाही तथा पीडितलाई क्षतिपूर्ति भराउन नेपाल सरकारलाई सिफारिस गर्न सक्ने व्यवस्था छ। आयोगले स्थापनादेखि मङ्सिर मसान्तसम्ममा ३०३ ओटा सिफारिसहरू गरेकोमा सरकारले ३४ सिफारिसहरू पूर्ण कार्यान्वयन गरेको, ७३ ओटा आंशिक कार्यान्वयन भएका, ६६ मा कार्यान्वयन प्रक्रिया अघि बढेको र १३० सिफारिसहरू पूर्णरूपमा कार्यान्वयन नभएको अवस्थामा छन्।

छलफलमा आयोगका सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. के. बी. रोकाया, महान्यायाधिवक्ता प्रा.डा. भरतबहादुर कार्की, नेपाल सरकारका मुख्य सचिव माधवप्रसाद घिमिरे, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा. त्रिलोचन उप्रेती, आयोगका सचिव विशाल खनाल तथा नायव महान्यायाधिवक्ता पुष्पराज कोइरालालगायतको उपस्थिति थियो।
(विशाल खनाल, सचिव)

## ७.४४ बुटवलमा आयोगको उपक्षेत्रीय कार्यालय स्थापना

ललितपुर/२०६६ पुस २९ गते

राष्ट्रिय मानवअधिकार आयोगले रूपन्देहीको बुटवलमा उपक्षेत्रीय कार्यालयको स्थापना गरेको छ। पश्चिम तराईमा मानवअधिकार संरक्षण र प्रवर्द्धनलाई अझ प्रभावकारी बनाउन आयोगको रणनीतिक योजना २००८-२०१० अनुरूप यो कार्यालयको स्थापना गरिएको हो। यसअघि २०६३ जेठ २८ गतेदेखि बुटवलमा आयोगको सम्पर्क कार्यालय सञ्चालन हुँदै आएको थियो।

कार्यालयको उद्‌घाटन गर्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले भन्नुभयो, 'यो कार्यालय स्थापनाबाट पश्चिम तराई र आसपासका क्षेत्रमा मानवअधिकार अवस्था सुदृढ तुल्याउन मद्दत मिल्ने आशा लिएको छु । आगामी दिनमा सरोकारवाला सबै पक्षसँग समन्वय र सहकार्य गरी मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्न आयोगको यो कार्यालयले अग्रणी भूमिका खेल्नेछ ।' अध्यक्ष उपाध्यायले अगाडि भन्नुभयो, 'मुख्य राजनीतिक दलहरूले अर्धसैनिक दस्ता खडा गरी आपराधिक गतिविधिमा संलग्न हुने, कानुन हातमा लिने र दोषीलाई संरक्षण दिनेजस्ता कार्यहरू गरेकाले मानवअधिकारको अवस्था सुध्रन सकेको छैन । एकातिर राजनीतिक दलहरूले विभिन्न बहानामा अपराधीलाई संरक्षण दिने गरेको र अर्कातिर सरकारकै तर्फबाट मानवअधिकार उल्लङ्घनका अभियुक्तहरूको मुद्दा फिर्ता लिने काम भइरहेकाले दण्डहीनता अझ बढेको छ ।'

कार्यक्रममा बोल्दै पुनरावेदन अदालत बुटवलका मुख्य न्यायाधीश दुर्गाप्रसाद उप्रेतीले आयोग कार्यालयको स्तरीकरणबाट लुम्बिनी अञ्चलमा मानवअधिकारको अवस्थामा सुधार आउने अपेक्षा राख्नुभयो । कार्यक्रममा रूपन्देहीका प्रमुख जिल्ला अधिकारी नागेन्द्रकुमार झाले आयोगको उपक्षेत्रीय कार्यालय आयोगसँग सहकार्य गरी मानवअधिकार अवस्था सुदृढ गरिने बताउनुभयो । कार्यक्रममा एकीकृत नेकपा माओवादी, नेकपा (एमाले), तराईमधेस लोकतान्त्रिक पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधिहरूले आयोगसँग सहकार्य गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा लुम्बिनी अञ्चलका विभिन्न सरकारी निकाय, गैरसरकारी संस्था, नागरिक समाजका प्रतिनिधि मानवअधिकारकर्मी, सञ्चारकर्मीलगायतको उपस्थिति थियो ।

यो उपक्षेत्रीय कार्यालयले नवलपरासी, रूपन्देही, कपिलवस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची र चितवन गरी सात जिल्लामा मानवअधिकार अनुगमन, अनुसन्धान र प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्नेछ । उद्घाटन कार्यक्रम आयोगका उपनिर्देशक दीपकजंगध्वज कार्कीको अध्यक्षतामा सम्पन्न भएको थियो ।
(विशाल खनाल, सचिव)

## ७.४५ संविधान निर्माणमा केन्द्रित हुन आग्रह

ललितपुर/२०६६ माघ ७ गते

ऐतिहासिक संविधानसभाबाट नेपालको नयाँ संविधान घोषणाको समयावधि करिब चार महिना मात्रै बाँकी छ । समयसीमाभित्र सो कार्य पूरा गर्न संविधानसभामा प्रतिनिधित्व गर्ने सम्पूर्ण राजनीतिक दलहरू, खासगरी सत्तापक्ष र प्रमुख प्रतिपक्षबीच उच्चसमझदारी, सहमति र सहकार्य हुनु अत्यावश्यक छ ।

तथापि, यस्तो संवेदनशील घडीमा पनि नेपाल सरकारका वरिष्ठ मन्त्रीलगायत सत्तापक्ष र प्रतिपक्षका जिम्मेवार नेताहरूबाट बिस्तृत शान्तिसम्झौता, २०६३ र नेपालको अन्तरिम संविधान, २०६३ को भावनाविपरीत अभिव्यक्ति सार्वजनिक हुनु दुःखद कुरा हो । तोकिएको समयावधिभित्र नयाँ संविधानको घोषणा गर्नु, त्यसअघि नै माओवादी लडाकूहरूको समायोजन र व्यवस्थापन गर्नु, निजी तथा सार्वजनिक सम्पत्तिहरू कब्जा गर्ने काम बन्द गर्नु, दण्डहीनतालाई अन्त्य गर्नु, देशमा शान्ति

निर्माण र कानुनी व्यवस्थालाई दुरुस्त राख्नु सरकार, सत्तापक्ष र प्रतिपक्ष दलहरू सबैको मूल कर्तव्य हो ।

अतः संविधान निर्माण र शान्ति प्रक्रियालाई कुनै पनि पक्षबाट बाधा-अड्चन नपुऱ्याउन, बिस्तृत शान्तिसम्झौता र वर्तमान संविधानको भावनाविपरीत नबोल्न, विवादित सवालहरूमा एकआपसमा सहमति, सहकार्य र समझदारी कायम गरी आ-आफ्नो ऐतिहासिक दायित्व निर्वाह गर्न राष्ट्रिय मानवअधिकार आयोग सरकार, सत्तापक्ष, प्रतिपक्षका साथै सम्बन्धित सबै पक्षहरूसँग आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

### ७.४६ राजनीतिक आन्दोलनका शिखर व्यक्तित्व गिरिजाप्रसाद कोइरालाको निधनमा शोक विज्ञप्ति

ललितपुर/२०६६ चैत ८ गते

नेपाली राजनीतिक आन्दोलनका शिखर व्यक्तित्व, लोकतान्त्रिक आन्दोलनका नायक तथा शान्ति स्थापनाका प्रणेता पूर्व प्रधानमन्त्री तथा नेपाली काङ्ग्रेसका पार्टीका सभापति श्री गिरिजाप्रसाद कोइरालाको असामयिक निधनप्रति राष्ट्रिय मानवअधिकार आयोग गम्भीर शोक व्यक्त गर्दै दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै हार्दिक श्राद्धाञ्जलि व्यक्त गर्दछ ।

उहाँको प्रधानमन्त्रित्व कालमा भएका लोकतन्त्रको स्थापना र मानवअधिकारको सुदृढीकरण र प्रवर्द्धनको निम्ति उहाँले पुऱ्याउनुभएको योगदानको आयोग उच्चमूल्याङ्कन गर्दछ ।

अन्तमा देशमा ऐतिहासिक जनआन्दोलनको भावनाअनुसार नेपालको संविधान निर्माण, शान्तिसम्झौताको तार्किक निष्कर्ष र मानवअधिकार संस्कृति निर्माणको निम्ति एकताबद्ध भएर हामी सबैले काम गर्न सके आयोग उहाँप्रति सच्चा श्रद्धाञ्जलि भएको ठान्दछ ।
(केदारनाथ उपाध्याय, अध्यक्ष)

### ७.४७ बल्खु घटनाप्रति आयोगको गम्भीर आपत्ति

ललितपुर/२०६१ वैशाख १३ गते

यही मिति २०६२ वैशाख १२ गते ४ बजे नेकपा एमालेको केन्द्रीय कार्यालय बल्खुमा स्वर्गीय साधना अधिकारीको श्रद्धाञ्जलि सभापश्चात सादा पोशाकमा आएका प्रहरीहरू तथा उनीहरूसँगै मुख छोपेर हतियारसहित आएका व्यक्तिहरूले कार्यालयको ढोका तोडफोड गर्ने, कार्यकर्तालाई पेस्तोल देखाई धम्काउने, तर्साउने गरेको विषयमा आयोगमा उजुरी पर्न आएकोले आज २०६२/०१/१३ गते राष्ट्रिय मानवअधिकार आयोगका सदस्यद्वय डा. गौरीशंकरलाल दास र कपिल श्रेष्ठलगायत आयोगका कर्मचारीहरू सम्मिलित टोलीले उक्त राजनीतिक दलको कार्यालयमा स्थलगत अनुगमन र निरीक्षण गऱ्यो ।

आयोगको टोलीले निरीक्षणको क्रममा पार्टी कार्यालयमा उक्त समूहबाट तोडफोड गरिएको पाइयो । साथै पार्टी कार्यकर्ताहरूलाई पेस्तोल देखाई आतङ्कित तुल्याइएको, विद्यार्थीहरूलाई धरपकडसमेत

गरिएको बुझियो । श्रद्धाञ्जलिसभा भइरहेको संवेदनशील अवस्थामा भएको यस प्रकारको घटनाप्रति आयोग दुःख व्यक्त गर्दछ ।

आजै आयोगको सोही टोलीले पहरा गण त्रिपुरेश्वरमा थुनामा राखिएको बन्दीको अवस्था बुझ्न जाँदा आयोगको टोलीलाई माथिको आदेश नभएको भनी बन्दीसँग भेटघाट गर्नबाट वञ्चित गरिएकोमा आयोगको टोलीले त्यहाँ उपस्थित सम्बद्ध अधिकारीलाई बारम्बार सम्झाईबुझाई आग्रह गर्दासमेत बेवास्ता गरी आयोगको ऐनप्रदत्त अधिकारमा बाधा पार्नुका साथै श्री ५ को सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूलगायत आयोगमा नै उपस्थित भई बारम्बार व्यक्त गरिएको प्रतिवद्धताको समेत विपरीत हुन गएकोले सो घटनाप्रति समेत आयोग गम्भीर आपत्ति प्रकट गर्दछ । (मुरारीप्रसाद खरेल, सम्बर्द्धन महाशाखा)

## ७.४८ प्रधानमन्त्रीसँग मानवअधिकारको अवस्थाबारे जानकारी

ललितपुर/२०६१ साउन १३ गते

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्रीको नेतृत्वमा आयोगका सदस्यद्वय डा. गौरीशंकरलाल दास र सुशील प्याकुरेलसहितको टोलीले आज अपराह्न प्रधानमन्त्री श्री शेरबहादुर देउवासँग भेट गरी मानवअधिकारको वर्तमान अवस्था र श्री ५ को सरकारले तत्काल गर्नुपर्ने कामबारे जानकारी गरायो । सोसम्बन्धमा आयोगका तर्फबाट प्रधानमन्त्रीलाई एक पत्रसमेत बुझाइएको छ । उक्त अवसरमा आयोगका का.मु. सचिव केदारप्रसाद पौड्यालको पनि उपस्थिति थियो ।

छलफलको क्रममा सुरक्षाकर्मीबाट मानिस पक्राउ गर्दा पक्राउ परेपछि अवलम्बन गर्नुपर्ने कानुनी प्रक्रियाको अवज्ञा भएकामा प्रधानमन्त्रीको ध्यानाकर्षण गराइयो । कानुनी प्रक्रियाको अभावमा जनताको कानुनी उपचार पाउने आधारभूत मानवअधिकारको हनन् भएको छ । पक्राउ परेको तथा हिरासतमा राखिएको स्थानबारे सूचना नदिने प्रवृत्तिले गर्दा पनि अन्तर्राष्ट्रिय समुदायले राज्यद्वारा बेपत्ता पारिने मुलुकहरूको सुचीमा नेपाललाई अग्रस्थानमा राखेको दुःखद स्थिति सिर्जना भएको छ भनी प्रधानमन्त्रीलाई हस्तान्तरण गरिएको पत्रमा उल्लेख गरिएको छ ।

पत्रमा हिरासतमा राखिएको ठाउँ निरीक्षण गर्न पाउने आयोगको कानुनी अधिकार भए तापनि व्यारेकमा जान खोज्दा "पूर्व सूचना र माथिको आदेश नभएको" भन्दै तत्काल प्रवेश निषेध गरी आयोगको कानुनी दायित्व पूरा गर्ने काममा बाधा परिरहेको छ । आयोगले पत्रमा भनेको छ, "बेपत्ता पारिने कार्य प्रमुख समस्याको रूपमा देखिएकै अवस्थामा मुठभेडमा मारिएका मानिसका व्यक्तिहरूको शव आफन्तलाई नदिने, घटनाको जानकारी रेकर्ड नगर्ने, मुचुल्का पनि नगर्नेजस्ता कार्यहरू राज्यको सुरक्षा निकायबाट हुने र नागरिक प्रशासन यस्तो अवस्थाको मुकदर्शक मात्र भइदिनुले मानवअधिकार सङ्गीन अवस्थामा पुगेको छ भन्न आयोग बाध्य छ ।" आयोगले बेपत्ता पारिएको विषयलाई केन्द्रित गरी आगामी दिनमा विशेष कार्यक्रमहरू सञ्चालन गर्न लागेको पनि प्रधानमन्त्रीलाई जानकारी दिएको छ ।

प्रधानमन्त्री समक्ष आयोगले २०६० चैत १३ गते गरिएको " मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको कार्यान्वयन मा श्री ५ को सरकारको प्रतिबद्धतापत्र" पूर्ण रूपमा अविलम्ब लागू गर्न अनुरोध गर्दै १ वर्ष अगाडि श्री ५ को सरकार तथा नेकपा माओवादीलाई हस्ताक्षर गर्न भनी मस्यौदा प्रस्तुत गरेको "मानवअधिकार सम्झौता" मा हस्ताक्षर हुन सकेमा मानवअधिकारको संरक्षणमा युद्धरत पक्षबीच सहयोगको वातावरण बन्ने विश्वास व्यक्त गरिएको छ साथै उक्त सम्झौतापत्रप्रति सबै प्रमुख राजनैतिक दलहरू एवम् नागरिक समाजले समेत समर्थन जनाएको पनि स्मरण गराइएको छ । आयोगले प्रभावकारी अनुगमनको लागि संयुक्त सङ्गठनीय उच्चयुक्तको कार्यालयबाट प्राप्त हुने प्राविधिक सहयोग प्राप्त गर्न श्री ५ को सरकारले उच्चायुक्तको कार्यालयसित अविलम्ब सम्झौतापत्रमा हस्ताक्षर गर्न अनुरोध गरेको छ ।

भेटघाटको क्रममा प्रधानमन्त्रीले आयोगद्वारा प्रस्तुत बुँदाहरूमा आफू गम्भीर रहेको बताउँदै मानवअधिकारको संरक्षणको लागि विगतमा श्री ५ को सरकारले गरेका प्रतिवद्धताहरू दृढताका साथ लागू गर्ने एवम् आयोगको कामलाई प्रभावकारी रूपममा कार्यान्वयन गर्ने वातावरण बनाउन ठोस कदम चालिने बताउनुभयो । बेपत्ता पारिएकासम्बन्धी समस्या समाधानका लागि थुनुवा केन्द्रको स्थापना गर्नुका साथै प्रक्राउ परेका व्यक्तिहरूलाई अविलम्ब कानुनी प्रक्रियामा लैजाने कुरा पनि आयोगलाई बताउनुभयो । (केदारप्रसाद पौड्याल, का.मु. सचिव)

### ७.४९ आयोगका सदस्यहरूद्वारा पूर्व प्र. म. देउवा र पूर्व मन्त्री सिंहसँग भेट

ललितपुर/२०६२ साउन ३ गते

राष्ट्रिय मानवअधिकार आयोगले थुनामा राखिनुभएका पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा तथा पूर्व मन्त्री प्रकाशमान सिंहको मानवअधिकार संरक्षणमा विशेष चासो राखेको छ ।

यस सिलसिलामा आयोगका पदाधिकारीहरू संलग्न एक टोलीले आज राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा गई पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा र पहरा गण त्रिपुरेश्वरमा गई पूर्व मन्त्री प्रकाशमान सिंहसँग भेट गऱ्यो । टोलीले उहाँहरूको स्वास्थ्य स्थिति, थुनामा राखिएको कानुनी प्रक्रिया र समग्र मानवअधिकार स्थितिका बारेमा जानकारी लिएको थियो ।

उक्त टोलीमा आयोगका सदस्यहरू सुदीप पाठक, सुशीलासिंह सिलु र गोकुल पोखरेल संलग्न हुनुहुन्थ्यो ।
(केदारप्रसाद पौड्याल, का. मु. सचिव)

### ७.५० आयोग पदाधिकारीद्वारा व्यवस्थापिका संसदका अध्यक्षसँग भेट

ललितपुर/२०६६ मङ्सिर ३ गते

व्यवस्थापिका संसदका सभामुख र राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूबीच आयोगको स्वतन्त्रता र स्वायत्ततालाई नयाँ ऐनमा समेत कायमै राख्नुपर्ने विषयमा छलफल भएको छ ।

छलफलका लागि आयोगका अध्यक्षसहित सदस्यहरू हिजो व्यवस्थापिका संसदका सभामुखको सभाकक्षमा सिंहदरबारमा पुग्नुभएको थियो ।

छलफलका क्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले मानवअधिकार आयोग ऐन, २०५३ को प्रस्तावनामा राष्ट्रिय मानवअधिकार आयोगलाई 'स्वतन्त्र' र 'स्वायत्त' निकाय भनी उल्लेख गरिएको तर अहिले संविधानसभा संसदमा विचाराधीन मानवअधिकार आयोग विधेयक, २०६६ मा ती शब्दहरू नपरेकाले आयोगको स्वतन्त्रता तथा निष्पक्षतामा प्रश्न उठ्न सक्ने बताउनुभयो । अध्यक्ष उपाध्यायले आयोगले नेपालको संविधान र कानुनका अतिरिक्त संयुक्त सङ्गठनले जारी गरेको पेरिस सिद्धान्त अनुरूपसमेत काम गर्नुपर्ने भएकाले आयोगको स्वतन्त्रता र स्वायत्ततालाई सीमित गर्न नहुनेमा जोड दिनुभयो । आयोगका सदस्य गौरी प्रधानले स्वतन्त्रता र स्वायत्तताबिनाको आयोग संवैधानिक हैसियत प्राप्त भए पनि हिजोको कानुनी हैसियतमा उभिएको आयोगजतिको समेत नहुने बताउनुभयो । उहाँले दोस्रो जनआन्दोलनपछि नेपाली जनता अझ बढी स्वतन्त्र र सार्वभौम भएको परिप्रेक्ष्यमा आयोगलाई अझ सशक्त र क्षमतावान् संस्था बनाउँदै लानुपर्ने धारणा राख्नुभयो ।

सभामुख सुवास नेम्वाङले आयोगलाई वर्तमान हैसियतभन्दा अझ सुदृढ गर्नुपर्नेमा आफ्नो मतैक्यता रहेको भन्दै हिजोका उपलब्धिहरूलाई संस्थागत गर्दै अघि बढ्नुपर्ने धारणा राख्नुभयो । आयोगको स्थापनाका लागि भएको सङ्घर्षमा आफ्नो सक्रिय सहभागिता रहेको सस्मरण गर्दै उहाँले सबै राजनीतिक दलका मुख्य सचेतक तथा सभासद्हरूलाई आयोगको स्वतन्त्रता र स्वायत्तता रक्षामा सघाउन अनुरोध गर्ने बताउनुभयो ।

छलफलका अवसरमा आयोगका सदस्यहरू रामनगिना सिंह, डा. लीला पाठक, डा. के. बी. रोकाया, सचिव विशाल खनाललगायत सहभागी हुनुहुन्थ्यो ।
(विशाल खनाल, सचिव)

# परिच्छेद ८

## ८. विविध विषयसँग सम्बन्धित

### ८.१ माओवादीका वार्ताटोलीका सदस्यहरूसँग आयोगको छलफल

ललितपुर/२०६० वैशाख ८ गते

राष्ट्रिय मानवअधिकार आयोगको कार्यालयमा नेकपा माओवादीको वार्ताटोलीका सदस्यहरू तथा आयोगका पदाधिकारीबीच वर्तमान "युद्धविराम"को अवस्थामा मानवअधिकारको स्थितिबारेमा छलफल सम्पन्न भएको छ ।

छलफलमा राष्ट्रिय मानवअधिकार आयोगले शान्ति प्रक्रियामा मानवअधिकारका सवालहरूलाई एकीकृत रूपमा समावेश गर्नुपर्ने धारणा अघिसारेको थियो । नेकपा माओवादीले एउटा जिम्मेवार राजनीतिक दलको रूपमा मानवअधिकारका सिद्धान्त एवम् मान्यताहरूप्रति प्रतिबद्धता जनाउन गरेको आयोगको अनुरोधप्रति प्रतिक्रिया दिँदै वार्ता समितिका संयोजक डा. बाबुराम भट्टराईले नेकपा माओवादी मानवअधिकारसम्बन्धी संयुक्त सङ्गठनद्वारा प्रतिपादित सिद्धान्तप्रति पूर्णप्रतिवद्ध रहेको तथा मानवअधिकारको संरक्षणको काममा राष्ट्रिय मानवअधिकार आयोगलाई सहयोग गर्न तत्पर रहेको जानकारी गराउनुभएको थियो ।

राष्ट्रिय मानवअधिकार आयोगले सरकार र नेकपा माओवादीबीच सम्पन्न सम्झौताको कतिपय बुँदामा मानवअधिकारका सवालहरू उल्लेख भए तापनि तिनको कार्यान्वयन प्रक्रिया र संयन्त्रबारे केही उल्लेख नभएकोले यसतर्फ नेकपा माओवादीको ध्यानाकर्षण गराउँदै सरकारसँग छुट्टै मानवअधिकार सम्झौता गर्न गरेको अनुरोधलाई नेकपा माओवादी वार्ता टोलीका संयोजकले स्वीकार गर्दै त्यस्तो सम्झौताको प्रारूप तयार पारी सहयोग गर्न आयोगलाई अनुरोध गर्नुभयो ।

बेपत्ता पारिएका मानिसहरूको खोजी, मारिएकाहरूको नामावली प्रकाशन, यातनाबाट पीडित व्यक्तिहरू तथा बिस्थापितहरूको पुनःस्थापना तथा द्वन्द्वपीडित बालबालिकाको उद्धारको कामलाई सरकार र माओवादीले प्राथमिकता दिनुपर्ने आयोगका तर्फबाट राखिएको सुझावप्रति नेकपा माओवादी वार्ताटोलीका संयोजकले आफूहरू यी काममा जस्तोसुकै सहयोग गर्न तयार रहेको विश्वास दिलाउँदै उपरोक्तलगायत मानवअधिकारका सवालहरूको सम्बोधनको लागि संयन्त्र निर्माण गर्न आयोगबाट सहयोगको लागि आग्रह गर्नुभयो ।

उक्त छलफल कार्यक्रममा आयोगका तर्फबाट सम्माननीय अध्यक्ष नयनबहादुर खत्री तथा सदस्यहरू सम्माननीय डा. गौरीशंकरलाल दास, माननीय सुशील प्याकुरेल तथा का.मु. सचिव केदारप्रसाद पौड्याल तथा नेकपा माओवादी वार्ता समितिका तर्फबाट संयोजक डा. बाबुराम भट्टराई, सदस्यहरू, रामबहादुर थापा र कृष्णबहादुर महरा उपस्थित हुनुहुन्थ्यो ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## ८.२ मानवअधिकार संरक्षण गर्नुपर्ने सरकारको दायित्व

ललितपुर/२०६० वैशाख २६ गते

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष श्री नयनबहादुर खत्रीले सम्माननीय प्रधानमन्त्री श्री सूर्यबहादुर थापालाई मिति २०६० फागुन २५ गते एक पत्र पठाई राज्यको मानवअधिकार संरक्षण गर्नुपर्ने सरकारको दायित्वप्रति ध्यानाकर्षण गराउनुभएको छ । देशमा मानवअधिकारको अवस्था बिग्रँदै गएको सन्दर्भमा श्री ५ को सरकारले अति शीघ्र राज्यको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूको समग्र रूपमा पालना हुने गरी मानवअधिकार संरक्षण गर्न व्यावहारिक कदमहरू चाल्नुपर्ने अवस्था भइसकेको तर्फ जानकारी गराउँदै कानुनी रूपमा स्थापित एक मात्र स्वतन्त्र र स्वायत्त आयोगको हैसियतले श्री ५ को सरकारलाई मानवअधिकार संरक्षणको लागि चाल्नुपर्ने व्यावहारिक कदमहरूको सम्बन्धमा बिस्तृत सुझाव पेश गर्न राष्ट्रिय मानवअधिकार आयोग तयार रहेको कुरासमेत उल्लेख गरिएको छ । यसै सम्बन्धमा आज मिति २०६०/११/२६ गते परराष्ट्र मन्त्री तथा परराष्ट्र सचिवसँग आयोगमा एक बिस्तृत छलफलसमेत गरियो ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## ८.३ आवश्यक सतर्कता अपनाउन सिफारिस

ललितपुर/२०६० भदौ २४ गते

राष्ट्रिय मानवअधिकार आयोगको मिति २०६०/५/९ को निर्णयअनुसार युद्धविराम भई आचारसंहितासमेत स्वीकृत भएको अवस्थामा रामेछापको दोरम्बा, पाँचथरको नागी तथा सिरहाको धनगढीमा भएका घटनाहरूको छानविन गर्नका लागि गठन गरिएका समितिहरूले छानविनपछि पेश गरेका प्रतिवेदनहरूका आधारमा आयोगका अध्यक्ष नयनबहादुर खत्रीले आज प्रधानमन्त्री श्री सूर्यबहादुर थापालाई एक पत्र लेखी आयोगका सुझावहरूको कार्यान्वयनका लागि अनुरोध गर्नुभएको छ ।

रामेछापको दोरम्बाको घटनाका सम्बन्धमा प्राप्तप्रतिवेदनबाट दोरम्बा बजार नजिकैको डडुवा गाविसमा पर्ने युवराज मोक्तानको घरमा मिति २०६०/४/३२ गतेका दिन माओवादीहरूको वैठक भइरहेको अवस्थामा करिब दिनको १०:३० बजेको समयमा सेनाले घेरा हाली गोली चलाउँदा कतिपय व्यक्तिहरू भागी गएका, एक जना टेकबहादुर भन्ने व्यक्तिको सोही घर नजिक मृत्यु भएको र अन्य १९ जनालाई सेनाले आफ्नो कब्जामा लिई गएकोमा उक्त घटनास्थलबाट २-३ घण्टा टाढा पर्ने डाँडाकटेरी भन्ने स्थानमा दिनको २:३० बजेको समयमा पक्राउ परेका व्यक्तिहरू मारिएको अवस्थामा भेटिएको देखिन्छ । आफ्नो कब्जामा लिइसकेका व्यक्तिहरू मारिने कार्य देशको संविधान तथा विद्यमान कानुनप्रदत्त अधिकारहरूको हनन्को कार्य हो र यस्ता क्रियाकलापले जेनेभा कन्भेन्सनको साझा धारा ३ मा उल्लेख भएको अन्तर्राष्ट्रिय मानवीय कानुनको प्रावधानको पनि ठाडो उल्लङ्घन भएको छ । उपरोक्त घटनाको स्वतन्त्र र बिस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कार्वाही तथा पीडित परिवारलाई उचित राहतको साथै यस्ता घटनाहरू पुनः दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन, सरकारले सुरक्षा निकायलाई सचेत गराउन राष्ट्रिय मानवअधिकार आयोगले सरकारसमक्ष सिफारिस गरको छ ।

२०६०/४/२० गतेका दिन करिब २:३० बजेतिर पाँचथर जिल्लाको नागी गाविसस्थित निगाले भन्ने ठाउँमा ३५ जना सुरक्षाकर्मी, ट्रकका चालक, खलासी र एक जना सर्वसाधारणसमेत चढेको ना. १ ख. ७६९९ नं. को गैरसैनिक ट्रकलाई सर्वसाधारण हिँडडुल गर्ने र सार्वजनिक सवारी साधनको आवागमन हुने मूलमार्गमा नै माओवादीहरूले एम्बुस थापी विस्फोट गराउँदा ५ जना सैनिक तथा एक जना गैरसैनिक (चालक) को मृत्यु भएको र अन्य २३ जना घाइते भएको भन्ने देखिएको छ। ताप्लेजुङ जाने ३ जना सैनिक जवानलाई ताप्लेजुङको सिमाना काबेलीसम्म सुरक्षित पुर्‍याउनेसमेत उद्देश्यले हिँडेका सैनिक टोली निजहरूलाई पुर्‍याई फर्कँदा चालक मोहन श्रेष्ठले चलाएको उक्त खाली ट्रक जोरपोखरीतर्फ फर्कन लागेको देखी सेनाले अनुरोध गरी उक्त ट्रकमा सवार भई जाँदा त्यहाँ उक्त घटना भएको भन्ने देखिन्छ।

त्यस्तै सिरहाको धनगढीमा २०६०/५/२ गते बेलुकी ५:०० बजेको समयमा आफ्नो ड्युटी सकी हटियामा तरकारी किन्न भनी गएका प्रहरी सहायक निरीक्षक गणेशप्रसाद दाहाल र प्रहरी जवान श्यामनारायण यादवसमेत तरकारी मोलमोलाई गरिरहेको अवस्थामा माओवादीहरूले ठूलो संख्यामा सर्वसाधारणको उपस्थिति रहेको हटिया जस्तो सार्वजनिक ठाउँमा गोली हानी हत्या गरेको भन्ने देखिएको छ। मारिएकामध्ये प्रहरी जवानसँग कुनै हतियारसमेत नभएको भन्ने खुल्न आएको छ।

पाँचथर तथा सिरहा जिल्लामा नेकपा माओवादीबाट घटाइएका दुवै घटनाको बारेमा दुवै क्षेत्रमा गएका भिन्नाभिन्नै अनुसन्धान समितिहरूले आफ्ना प्रतिवेदनमा उक्त घटनाहरू युद्धमा प्रत्यक्ष संलग्न नभएको अवस्थामा सुरक्षाकर्मीहरूप्रति नियोजितरूपले लक्षित गरी घटाइएको घटना भएको र दुवै घटनामा सर्वसाधारणलाई समेत आक्रमण गर्दा लक्षित गरेको पाइन्छ । नागीको घटनामा सर्वसाधारण आवतजावत गर्ने सार्वजनिक बाटोमा एम्बुस थापी गैरसैनिक ट्रकमाथि एम्बुस पड्काई आक्रमण गरिएको छ भने धनगढीमा हाटबजार जस्तो सर्वसाधारणको भीड भएको स्थानमा तरकारी किन्न लागेका निःशस्त्र प्रहरी जवानमाथि आक्रमण गरिएको पाइन्छ। उक्त दुवै घटनामा नेकपा माओवादीले आचारसंहिताको घोर उल्लङ्घन मात्र हैन जेनेभा कन्भेनसनको साझा धारा ३ को उल्लङ्घन गर्नुका साथै व्यक्तिको बाँच्न पाउने अधिकारको समेत ठाडो उल्लङ्घन गरेको छ भन्ने आयोगको ठहर रहेको छ।

आयोगले दुवै घटनाबाट पीडित व्यक्तिका परिवारलाई अविलम्ब राहतको लागि सरकारसमक्ष सिफारिस गरेको छ। नेकपा माओवादीबाट भएका उपरोक्त घटनाहरूका सन्दर्भमा २०६० वैशाख ८ गते डा. बाबुराम भट्टराईको नेतृत्वमा राष्ट्रिय मानवअधिकार आयोगमा आएको नेकपा माओवादी वार्ताटोलीले मानवअधिकारको संयुक्त सङ्गठनद्वारा प्रतिपादित सिद्धान्तहरूप्रति समेत प्रतिबद्धता जनाइसकेको अवस्थामा त्यस पार्टीद्वारा घटाइएका विभिन्न घटना विशेषगरी व्यक्तिहत्या, सार्वजनिक सम्पत्तिको लुटपाट तथा संरचना ध्वस्त पार्ने गतिविधिहरू निन्दनीय र मानवअधिकार तथा मानवीय कानुनविपरीत क्रियाकलाप भएको आयोगको ठहर छ।

आयोगले तीन जना सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीशको संयोजकत्वमा गठित अनुसन्धान समितिहरूले प्रस्तुत गरेको प्रतिवेदन श्री ५ को सरकारबाट आवश्यक कार्वाहीको लागि आजै प्रधानमन्त्रीसमक्ष पठाएको छ । आयोगका अध्यक्षले आज प्रधानमन्त्रीलाई लेखेको पत्रमा द्वन्द्वको

समयमा पनि सर्वसाधारण जनताको मानवअधिकारको संरक्षणको लागि मानवअधिकार सम्झौताको आवश्यकताप्रति ध्यानाकर्षणसमेत गरिएको छ ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## ८.५ माओवादीको निर्मम र पाशविक कार्यको निन्दा

ललितपुर/२०६१ पुस ७ गते

नेकपा माओवादीका कार्यकर्ताहरूले २०६१ पुस ३ गते बेलुका ४.०० बजे काठमाडौँको साँखु प्रहरी चौकीमा गरेको आक्रमणको राष्ट्रिय मानवअधिकार आयोगले स्थलगत अध्ययन गरेको छ । नेकपा माओवादीका कार्यकर्ताहरूले उक्त प्रहरी चौकीमा आक्रमणपश्चात् त्यहाँ कार्यरत प्रहरी निरीक्षक इन्द्रबहादुर लामालाई आफ्नो कब्जामा लिई यातना दिई निर्ममतापूर्वक घाँटी रेटेर हत्या गरेको भन्ने स्थलगत अध्ययन प्रतिवेदनबाट देखिएको छ । आफ्नो नियन्त्रणमा लिइसकेका व्यक्तिको हत्या गर्नु मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन, जेनेभा महासन्धिको साझा धारा ३ विपरीतको कार्य हो । आयोग माओवादीको त्यस्तो पाशविक कार्यको निन्दा गर्दछ र मानवअधिकारको सिद्धान्त र मानवीय कानुनविपरीत पाशविक काम नगर्न पनि पुनः सचेत गराउन चाहन्छ ।

गत पुस ४ गते आइतबार शाही नेपाली सेनाको १ नं. बाहिनी बालाजुमा थुनामा रहेको अवस्थामा प्रशान्त भनिने साधुराम देवकोटाले आत्महत्या गरेको विषयप्रति पनि आयोगको ध्यानाकर्षण भएकोले हिरासतमा भएको मृत्युको गाम्भीर्यलाई दृष्टिगत गरी आयोगले छानविनको कार्वाही गर्ने भएको छ ।
(राधाकृष्ण उप्रेती, उपसचिव)

## ८.६ माओवादीलाई मानवीय व्यवहार गर्न आह्वान

ललितपुर/२०६१ पुस १३,

विगत केही समयदेखि नेपाल कम्युनिष्ट पार्टी माओवादीले विभिन्न मार्गहरूलगायत देशका विभिन्न जिल्लामा गरेको यातायात बन्द तथा नाकाबन्दीका कारणले आमनागरिकको जनजीवन अत्यन्तै कष्टकर बन्दै गएको छ । यसै क्रममा माओवादीले सर्वसाधारण चढेका सवारी साधन तथा खाद्यान्न बोकेका मालबाहक ट्रकहरूमा आगजनी गर्ने, एम्बुलेन्सजस्ता अतिआवश्यक सवारी साधनमा समेत अवरोध पुऱ्याउने, सार्वजनिक महत्त्वका ठाउँमा आवागमन बन्द गर्ने, राजमार्गमा रूखहरू ढालेर सर्वसाधारणको आवतजावतको स्वतन्त्रतालाई कुण्ठित गर्ने, गैरसैनिक क्षेत्रमा बिष्फोट गराउने, विकास निर्माणका संरचना ध्वस्त पार्ने, विद्यालयमा बङ्कर खन्ने, शिक्षक, विद्यार्थी तथा सर्वसाधारणलाई जबर्जस्ती अपहरण गर्नेजस्ता कार्यहरू गरेको पाइएको छ । यस्ता कार्यहरू मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका प्रावधान विरुद्धमात्र मात्र नभएर सिङ्गो मुलुक र मानव सभ्यताविरुद्धका कार्य हुन । जुनसुकै बहानामा गरिएका भए पनि यी कार्यहरू सर्वसाधारण जनताका हितविरोधी कार्य हुन् ।

माओवादी पक्षबाट गरिँदै आएका यस्ता किसिमका कार्यहरूले नागरिकहरूको निर्वाध आवतजावतको स्वतन्त्रता तथा मानवीय राहतका कार्यक्रममा अवरोध पुगेको मात्र नभई जनताको भेला हुने

अधिकार, अभिव्यक्ति स्वतन्त्रताको अधिकार, सङ्गठन गर्ने स्वतन्त्रता आदिमा समेत गम्भीर असर परेको छ । साथै खाद्यान्न, औषधोपचारलगायत मानवीय आवश्यकताका आधारभूत वस्तुहरूको आपूर्तिमा समेत गम्भीर असर पुग्न गएको छ ।

अतः राष्ट्रिय मानवअधिकार आयोग नेपाल कम्युनिष्ट पार्टी माओवादी लाई सर्वसाधारणलाई व्यापकरूपमा असर पर्ने त्यस्ता कार्यक्रम अविलम्ब फिर्ता लिन र निम्नबमोजिम व्यवहार गर्न आह्वान गर्दछ :

नेपाल कम्युनिष्ट पार्टी माओवादीले जेनेभा महासन्धिका साथै विश्वव्यापी मानवअधिकारको घोषणापत्रलाई सम्मान गर्ने भनी २०६० चैत ३ गते गरेको प्रतिबद्धता व्यावहारिक रूपमा पालना गर्न,

नेपाल कम्युनिष्ट पार्टी माओवादीले सशस्त्र विद्रोही समूहको हैसियतमा पनि मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका सिद्धान्तलाई व्यवहारमा उतार्नुपर्छ भनी राष्ट्रिय मानवअधिकार आयोगले २०६१ जेठ १४ मा नेकपा माओवादीलाई पठाएको पत्रमा उल्लिखित नेकपा माओवादीले तत्काल अवलम्बन गर्नुपर्ने न्यूनतम शर्तहरूलाई कार्यान्वयन गर्न,

राजधानीलगायत देशभरिका विभिन्न ठाउँमा लगाइएको नाकाबन्दी तुरुन्त फिर्ता लिन,

सर्वसाधारणलगायत सशस्त्र विद्रोहमा भाग नलिएका वा लिन नचाहने सबैलाई जेनेभा महासन्धिका प्रावधानअनुरूप व्यवहार गर्न ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## ८.७ आयोगको सिफारिस कार्यान्वयन गर्न सरकारलाई सिफारिस

ललितपुर/२०६२ जेठ १७ गते

राष्ट्रिय मानवअधिकार आयोगले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालयलाई एक पत्र पठाई देशका विभिन्न भागमा रहेका थुनुवा तथा बन्दीहरूको मानवअधिकारका बारेमा गरेका सिफारिसहरूको पूर्ण कार्यान्वयन गर्न पुनः सिफारिस गरेको छ । पत्रमा आयोगले थुनुवा तथा बन्दीहरूको अवस्थामा सुधार ल्याउन श्री ५ को सरकारलाई गरेका सिफारिसहरू पूर्णरूपमा कार्यान्वयन नभएको स्मरण गराउँदै पुनः सिफारिस गर्नुका साथै थप सिफारिसहरू अविलम्ब कार्यान्वयन गर्न भनिएको छ । आयोगले गत शुक्रबार पत्र पठाई सरकारलाई गरेका सिफारिसहरू निम्न छन् :

१. आयोगको टोलीले गत वैशाख २० गते भूतपूर्व उपप्रधानमन्त्री रामचन्द्र पौडेलको स्वास्थ्यस्थितिको विषयमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरा गई बुझ्दा उहाँलाई विशेषज्ञ चिकित्सकद्वारा उपचार गराउनुपर्ने तथा औषधि उपचारवापत लागेको खर्च श्री ५ को सरकारले व्यहोर्नुपर्नेमा सो भएको नपाइएकोले यथाशीघ्र उपचारका निम्ति विशेषज्ञको सेवा दिलाउन तथा औषधि उपचारमा लागेको सम्पूर्ण खर्च राज्यबाट व्यहोर्नुपर्ने ।

२. आयोग टोलीले गत वैशाख ३१ गते र यही जेठ १० गते १ नं. प्रहरी गणमा राखिनुएका मानवअधिकारकर्मी कृष्ण पहाडी, २ नं. प्रहरी गणमा राखिनुभएका संयुक्त जनमोर्चा नेपालका अमिक शेरचन र लीलामणि पोखरेलको स्वास्थ्य स्थितिको विषयमा बुझ्दा उहाँहरूको स्वास्थ्यस्थिति सन्तोषजनक नरहेको पाइएकाले यशाशीघ्र उपचार व्यवस्था मिलाई त्यसवापत लाग्ने सम्पूर्ण खर्च राज्यबाट व्यहोर्नुपर्ने ।
३. थुनुवाहरूलाई कानुनबमोजिम प्रकाशित पत्रपत्रिकालगायत सञ्चारका साधनहरूको उपयोगमा प्रतिबन्ध लगाउन नहुने ।

आयोगबाट गरिएका थप सिफारिसहरू :

४. यही जेठ २ गते नेपाली काङ्ग्रेसका नेता नरहरि आचार्यको घर रहस्यमय ढङ्गले चोरी भएकोमा प्रहरीले अनुसन्धान गर्न उदासीनता देखाएको भनी आयोगमा उजुरी पर्न आएकोले यही जेठ ७ गते आयोगको टोलीले घटनाबारे उहाँका छिमेकी तथा सम्बन्धित प्रहरी अधिकारीसँग बुभ्दा चोरी भएका सामानहरू यकीन हुन नसकेको तथा स्थलगत रूपमा प्रहरीद्वारा अनुसन्धान प्रक्रिया नभएको पाइएकोले हाल थुनामा रहेका आचार्यलाई घरमा ल्याई कुन सामान हराएका हुन् सोसमेत निर्क्यौल गर्न लगाई अनुसन्धान प्रक्रिया अगाडि बढाउनुपर्ने र दोषीउपर कार्वाही गर्नुपर्ने ।

५. द्वन्द्वका कारण विभिन्न जिल्लाबाट विस्थापित भई लामो समयदेखि काठमाडौँको खुलामञ्चमा अस्थायी शिविर बनाई बसेका विस्थापितहरूको मानवअधिकार संरक्षणका लागि सरकारले तत्काल प्रभावकारी राहतको व्यवस्था गर्नुपर्ने तथा विरोध प्रदर्शनका क्रममा प्रहरी हस्तक्षेपबाट घाइते भएका बिरामी, बालबालिका तथा वृद्ध-वृद्धाहरूको स्वास्थ्य उपचार गर्न गराउन र उपचारमा लागेको सम्पूर्ण खर्च राज्यकै तर्फबाट व्यवस्था गर्नुपर्ने साथै विस्थापितहरूमाथि पटकपटक बल प्रयोग गर्ने, उनीहरूलाई पक्राउ गर्ने र यातना दिनेजस्ता कार्यहरू संविधानद्वारा प्रदत्त मौलिक अधिकार, श्री ५ को सरकार पक्ष भएका अन्तर्राष्ट्रिय सन्धिसम्झौता र संयुक्त सङ्गठनको आन्तरिक विस्थापनसम्बन्धी निर्देशक सिद्धान्तविपरीत भएकाले त्यस्ता क्रियाकलाप पुनः नदोहोर्‍याउने ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ८.८ अमेरिकी राजदूत आयोगमा

ललितपुर/२०६२ असार १६ गते

नेपालका लागि अमेरिकी राजदूत जेम्स मोरियार्टी आज राष्ट्रिय मानवअधिकार आयोगमा आई आयोगका अध्यक्ष तथा सदस्यहरूसँग मानवअधिकारको समसामयिक अवस्थाबारे छलफल गर्नुभयो ।

सो अवसरमा उहाँले राष्ट्रिय मानवअधिकार आयोगको दोस्रो कार्यकाल सुरु भएयता आयोगले मानवअधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा गरेका कामबारे जानकारी लिनुभयो । सोही अवसरमा उहाँले आयोगको क्षमता अभिवृद्धिका लागि संयुक्त राज्य अमेरिकाले निरन्तर सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

आयोगको दोस्रो कार्यकालका नियुक्त पदाधिकारीहरूसँग राजदूत मोरियार्टीले आज आयोगमा पहिलो पटक भेट गर्नुभएको हो ।

यसैगरी आजै आयोगका पदाधिकारीहरूसँग संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको राष्ट्रिय संस्थाका प्रमुख ओरेस्ट नोसाडले भेटी नेपालको मानवअधिकारको वर्तमान अवस्थाबारे छलफल गर्नुभयो । (केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## ८.९ संयुक्त सङ्गठनका नेपालस्थित संयोजक कहाने आयोगमा

ललितपुर/२०६२ असार २० गते

संयुक्त सङ्गठनका नेपालस्थित आवासीय संयोजक तथा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका नेपालस्थित आवासीयप्रतिनिधि म्याथ्यू कहानेले राष्ट्रिय मानवअधिकार आयोगको क्रियाशीलतको आधारमा आगामी दिनमा आयोगलाई अन्तर्राष्ट्रिय सहयोग जारी राख्ने बताउनुभएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगको कार्यालयमा आज आयोगका अध्यक्ष तथा सदस्यहरूसँगको भेटमा कहानेले सो कुरा बताउनुभएको हो । कहानेले आयोगको दोस्रो कार्यकालका लागि नियुक्त पदाधिकारीहरूसँग आज पहिलोपटक औपचारिक भेट गर्नुभएको हो ।

सो अवसरमा उहाँले आयोगको दोस्रो कार्यकाल सुरु भएयता आयोगले मानवअधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा गरेका गतिविधिका बारेमा जानकारी लिनुभयो ।
(केदारप्रसाद पौडयाल, का.मु. सचिव)

## ८.१० बेलायती राजदूत आयोगमा

ललितपुर/२०६२ साउन ४ गते

नेपालका लागि संयुक्त अधिराज्य बेलायतका राजदूत किथ ब्लूमफिल्ड आज राष्ट्रिय मानवअधिकार आयोगमा आई आयोगका अध्यक्ष तथा सदस्यहरूसँग भेटी मानवअधिकारको समसामयिक अवस्थाबारे छलफल गर्नुभयो ।

सो अवसरमा उहाँले कुनै पनि मुलुकको मानवअधिकार संरक्षणका लागि राष्ट्रिय संस्थालाई नै सुदृढ बनाउनुपर्ने धारणा राख्नुभयो । राजदूत ब्लूमफिल्डले मुलुकको मानवअधिकार संरक्षण र सम्बर्द्धनमा आयोग अझ सक्रिय हुनुपर्ने सुझाव दिँदै बेलायतले आयोगलाई प्रदान गरिरहेको सहयोग जारी रहने पनि बताउनुभयो ।

आयोगको दोस्रो कार्यकालका लागि नियुक्त पदाधिकारीहरूसँग राजदूत ब्लूमफिल्डले औपचारिक रूपमा आज पहिलो पटक भेट गर्नुभएको हो ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## ८.११ रुकुममा अन्तर्क्रिया सम्पन्न

ललितपुर/२०६२ साउन ११ गते

राष्ट्रिय मानवअधिकार आयोगले रुकुमको सदरमुकाम मुसीकोटमा वर्तमान अवस्थामा मानवअधिकारको संरक्षण र सम्बर्द्धन विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ।

आयोगका सदस्य सुदीप पाठक र अधिकृत कर्मचारीहरू संलग्न टोलीले मध्यपश्चिम विकास क्षेत्रको मानवअधिकार अवस्था अनुगमन गर्ने सिलसिलामा रुकुम सदरमुकाममा सो अन्तर्क्रिया कार्यक्रम हिजो सम्पन्न गरेको हो।

कार्यक्रममा स्थानीय पत्रकार, बुद्धिजीवी, नागरिक समाजका प्रतिनिधि र सरकारी अधिकारीहरूको सहभागिता रहेको थियो। मध्यपश्चिम र सुदूरपश्चिम विकास क्षेत्रका विभिन्न जिल्लाहरूमा मानवअधिकार अवस्थाबारे अनुगमन र विगतमा भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुसन्धान गर्ने क्रममा आयोग टोली गत आइतबार रुकुम प्रस्थान गरेको थियो।

यसअघि आयोगका सदस्य पाठक र अर्का सदस्य डा. रामदायल राकेशसहितको टोलीले मध्यपश्चिम र सुदूरपश्चिम क्षेत्रका कैलाली, बाँके र बर्दिया जिल्लाको भ्रमण गरी ती जिल्लामा मानवअधिकारको अवस्थाबारे अनुगमन गरेको थियो।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## ८.१२ उच्चायुक्त कार्यालय प्रमुख मार्टिन आयोगमा

ललितपुर/२०६२ साउन १९ गते

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय प्रमुख इयान मार्टिनले आज राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तथा सदस्यहरूसँग भेट गर्नुभयो। सो अवसरमा आयोग पदाधिकारीहरू र मार्टिनबीच दुई कार्यालयबीच साझा हितका विषयमा छलफल भएको थियो। छलफलमा मार्टिनले मुलुकको मानवअधिकार संरक्षण र सम्बर्द्धनमा आयोगले निर्वाह गरिरहेको भूमिकाप्रति सन्तुष्टि व्यक्त गर्नुभयो।

उच्चायुक्त कार्यालय प्रमुख मार्टिनले सो कार्यालय स्थापना भएयता गरिएका गतिविधिका बारेमा जानकारी दिनुभयो। उहाँले आयोग र उच्चायुक्तको कार्यालयबीच नियमित भेटभाट र अन्तर्क्रिया भइरहनुपर्ने पनि बताउनुभयो। सो छलफल कार्यक्रममा आयोगका अध्यक्ष सम्माननीय नयनबहादुर खत्री, सदस्यहरू सुदीप पाठक र डा. रामदयाल राकेश तथा सचिव केदारप्रसाद पौड्याल सहभागी हुनुहुन्थ्यो। छलफलमा नेपालस्थित सङ्गठनका मानवअधिकार सल्लाहकार डेभिड जोन्सनको पनि उपस्थिति थियो।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## ८.१३ आयोगद्वारा नागरिक समाजसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न

ललितपुर/२०६२ साउन १७ गते

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी संस्था र नागरिक समाजसँग उनीहरूले बिर्होनुपरिरहेको समस्या तथा उनीहरूसँगको सहकार्यलाई प्रभावकारी बनाउन आज छलफल कार्यक्रम सम्पन्न गरेको छ ।

कार्यक्रममा सहभागी मानवअधिकारका क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्था र नागरिक समाजका प्रतिनिधिहरूले मुलुकमा मानवअधिकार उल्लङ्घनका घटनाहरू बढिरहेको परिप्रेक्ष्यमा नागरिकको मानवअधिकार संरक्षणमा आयोगको भूमिका प्रभावकारी हुने बताउँदै त्यसका लागि आयोगसँग समन्वय र सहकार्य रहीरहने बताउनुभयो । सो कार्यक्रममा आयोगका अध्यक्ष सम्माननीय नयनबहादुर खत्रीले मुलुकमा कानुनी शासनको सही अभ्यासबिना मानवअधिकारको सही अभ्यास हुन नसक्ने विचार व्यक्त गर्नुभयो ।

अध्यक्ष खत्रीले मुलुकमा मानवअधिकार संरक्षण र सम्बर्द्धनमा आयोगले सक्रिय भूमिका निर्वाह गरिरहेको उल्लेख गर्दै आयोगले गरेको कामको सही मूल्याङ्कन गरेरमात्र टिप्पणी गनुपर्ने बताउनुभयो । मुलुकमा मानवअधिकारको अभ्यासमा देखापरेका समस्यालाई आयोगले नजिकबाट नियालिरहेको बताउँदै अध्यक्ष खत्रीले मानवअधिकार संरक्षणमा आयोगको प्रतिबद्धता दोहोऱ्याउनुभयो ।

आयोगका सदस्य सुदीप पाठकले गत जेठमा नयाँ आयोग गठन भएयता आयोगले गरेका काम उल्लेख गर्दै आयोगले मानवअधिकारको उपभोगमा देखापरेका र जानकारीमा आएका हरेक समस्यालाई गम्भीरतापूर्वक लिइरहेको बताउनुभयो ।

कार्यक्रममा पूर्वमन्त्री शैलेन्द्रकुमार उपाध्यायले मुलुकमा मानवअधिकारको सही अभ्यासका लागि आयोगको भूमिका अहम रहने उल्लेख गर्दैं त्यसका लागि आयोग र नागरिक समाज सधैं सचेत हुनुपर्ने बताउनुभयो । 'मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजमा पक्ष भइसकेपछि सकारले त्यसको पूर्णपालना गर्नुपर्छ', उहाँको भनाइ थियो ।

नेपाल मानवअधिकार सङ्गठनका अध्यक्ष तथा एमनेष्टी इन्टरनेशनल नेपालका पूर्व अध्यक्ष चरण प्रसाईंले आमनागरिक, मानवअधिकार क्षेत्रमा कार्यरत सङ्घ/संस्था र नागरिक समाजमाझ विश्वासको वातावरण सिर्जना गर्नु आयोगको मुख्य चुनौती रहेको बताउँदै त्यसका लागि आयोग मानवअधिकार संरक्षणमा अझ बढी सक्रिय हुनुपर्ने सुझाव दिनुभयो ।

सो कार्यक्रममा नेपाल बार एसोसिएसनका उपाध्यक्ष शेरबहादुर के.सी.ले बार मुलुकमा मानवअधिकार संरक्षण र प्रवर्द्धनको लागि आयोगसँग सहयोग र सहकार्यका लागि तयार रहेको बताउनुभयो ।

आयोगका पूर्व सदस्य प्रा. कपिल श्रेष्ठले मुलुकमा मानवअधिकार उल्लङ्घनका घटनाहरू बढिरहेको परिप्रेक्ष्यमा आयोगका सामु चुनौती र अप्ठयाराहरू निकै रहेको बताउनुभयो । त्यसैले समयमै सचेत

भई मुलुकमा मानवअधिकार संरक्षण र सम्बर्द्धनका लागि आयोगले सम्बन्धित सबैलाई सुझाव र दवाब दिइरहनुपर्नेमा उहाँको जोड थियो । मुलुकमा मानवअधिकार संरक्षणका लागि सरकारसँग समझदारी, खबरदारी र पहरेदारीको भूमिका निर्वाह गरिरहनुपर्ने सुझाव दिँदै उहाँले आयोगलाई मानवअधिकार संरक्षक र संवाहकको भूमिकामा थप प्रभावकारी बनाउन सुझाव दिनुभयो । द्वन्द्व विशेषज्ञ डा. विष्णुराज उप्रेतीले मुलुकमा मानवअधिकार उल्लङ्घनका घटनाहरू बढिरहेको सन्दर्भमा आयोगले जनअपेक्षाअनुरूप निरन्तर काम गरिरहनुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा आयोगका पूर्व सदस्य डा. गौरीशंकरलाल दास, नेपाल शिक्षक सङ्घका केन्द्रीय अध्यक्ष मोहन ज्ञवाली, काठमाण्डु स्कुल अफ लका अध्यापक किशोर सिलवाल, नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका केन्द्रीय सचिव मधु तिमल्सिना, कम्युनिकेशन कर्नरका गोपाल गुरागाईं, लायन्स क्लबका डिष्ट्रिक्ट गभर्नर पुष्पा शर्मा, वर्ल्ड भ्यू नेपालकी सुभद्रा बेल्बासे र एबीसी नेपालकी इन्दु अर्याललगायतका वक्ताहरूले पनि मुलुकमा मानवअधिकार उल्लङ्घनका घटनाहरू बढिरहेको सन्दर्भमा आयोगको भूमिका अरू प्रभावकारी हुने र त्यसमा आयोग सदा चनाखो रहनुपर्ने विचार व्यक्त गर्नुभयो ।
(राधाकृष्ण उप्रेती, उपसचिव)

## ८.१४ नागरिक समाजका प्रतिनिधि तथा सुरक्षाकर्मीहरूसँग छलफल

ललितपुर/२०६२ साउन २८ गते

राष्ट्रिय मानवअधिकार आयोगले पाँचथर सदरमुकाम फिदिममा मानवअधिकार संरक्षण र प्रवर्द्धन तथा आयोगको भूमिका विषयमा नागरिक समाजका प्रतिनिधि तथा सुरक्षाकर्मीहरूसँग छलफल सम्पन्न गरेको छ । सो छलफल कार्यक्रममा स्थानीय नागरिक समाजका प्रतिनिधि एवम् सुरक्षाकर्मीले जिल्लाको मानवअधिकारको अवस्था एवम् मानवअधिकार अभ्यासमा भोग्नुपरिरहेका समस्या प्रस्तुत गर्नुभएको थियो ।

आयोगबाट यही साउन २५ गते पूर्वाञ्चल क्षेत्रको मानवअधिकार अवस्था अनुगमन गर्न त्यसतर्फ प्रस्थान गरेको सदस्य सुदीप पाठकसहित नेपाल पत्रकार महासङ्घ, नेपाल उद्योग वाणिज्य महासङ्घ, प्याब्सन र मानवअधिकारकर्मी सम्मिलित टोलीले सोही सिलसिलामा फिदिममा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको हो ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## ८.१५ 'ट्रोइका' आयोगमा

ललितपुर/२०६२ असोज १९ गते

नेपाल भ्रमणमा रहेको युरोपेली सङ्घको उच्चस्तरीय टोली 'ट्रोइका'ले आज राष्ट्रिय मानवअधिकार आयोगमा आई आयोगका अध्यक्ष तथा सदस्यहरूसँग भेट गर्‍यो ।

सो अवसरमा सङ्घको टोलीले नेपालको मानवअधिकारका अवस्थाबारे छलफल गरेको थियो । सो टोलीलाई आयोगले मुलुकमा मानवअधिकार संरक्षण र सम्बर्द्धनका क्षेत्रमा निर्वाह गरिरहेको भूमिका एवम् सञ्चालन गरिरहेको गतिविधिबारे जानकारी गराएको थियो । सो अवसरमा आयोगका अध्यक्ष नयनबहादुर खत्रीले नेकपा माओवादीबाट भएको एकतर्फी युद्धविरामलाई आयोगले सकारात्मक रूपमा लिएको र आयोग मानवअधिकार र दीर्घकालीन शान्तिस्थापना कार्यमा सक्रिय भइरहेको बताउनुभयो । 'ट्रोइका'ले नेपालको मानवअधिकार स्थितिप्रति गहन चिन्ता व्यक्त गर्दै आयोगले मानवअधिकार संरक्षण र सम्बर्द्धनमा खेलेको भूमिकाप्रति सन्तोष व्यक्त गर्‍यो । उक्त छलफलमा आयोगका अध्यक्ष तथा सदस्यहरूको सहभागिता थियो ।
(केदारप्रसाद पौड्याल, का.मु. सचिव)

## ८.१६ नर्वेली राजदूत आयोगमा

ललितपुर/२०६२ माघ १२ गते

नेपालका लागि नर्वेली राजदूत टोरे टोरेङ आज राष्ट्रिय मानवअधिकार आयोगमा आई आयोगका अध्यक्ष नयनबहादुर खत्री तथा सदस्यहरूसँग भेट गर्नुभयो ।

सो भेटमा नेपालमा मानवअधिकारको वर्तमान अवस्था, राजबन्दीहरूको स्थितिका साथै राष्ट्रिय मानवअधिकार आयोगले गरिरहेका कामका बारेमा छलफल भएको थियो । राजदूत टोरेङगले आयोगले मानवअधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा गरिरहेको गतिविधिबारे गहिरो चासो राख्नुभयो । आयोग अध्यक्ष खत्रीले राजदूतलाई आयोगले मानवअधिकार संरक्षण र सम्बर्द्धनका क्षेत्रमा गरिरहेका कामका बारेमा जानकारी दिनुभएको थियो ।

राजदूत टोरेङले आयोगले मानवअधिकार संरक्षण र सम्बर्द्धनमा गरेको कामको प्रशंसा गर्दै सो कार्यलाई जस्तोसुकै अवस्थामा पनि निरन्तरता दिइरहनुपर्ने कुरामा जोड दिनुभयो । छलफलमा राजदूतावासका कन्सुलर किकान हुगेन पनि सहभागी हुनुहुन्थ्यो ।

## ८.१७ मानवअधिकार स्थितिको अनुगमन जारी

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुदीप पाठकसहित अधिकृतहरू सम्मिलित टोलीले आजै वडा प्रहरी कार्यालय कालीमाटीमा गई त्यहाँ थुनामा राखिएका र आमरण अनसनमा बस्नुभएका बन्दीहरूसँग भेटी उहाँहरूको स्थितिबारे जानकारी लियो । आयोगले विगत केही दिनयता राजधानीका विभिन्न थुना केन्द्रहरूमा पुगी थुनुवाहरूको मानवअधिकारबारे निरन्तर अनुगमन गरिरहेको छ । आयोगको अनुगमन टोलीको प्रतिवदेनअनुसार प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा राखिनुभएका खुमबहादुर खडका र रमेश के.सी. तथा सशस्त्र प्रहरी गण दुवाकोटमा राखिनुभएका गोपालमान श्रेष्ठ, खेमराज भट्ट मायालु, प्रभुनारायण चौधरी, गोपाल शाक्य र सिद्धिलाल सिंहको स्वास्थ्य स्थिति कमजोर रहेको छ । यी दुई थुना केन्द्रहरूमा आयोगका अधिकृत कर्मचारीहरू सम्मिलित टोलीले पछिल्लो पटक हिजो अनुगमन गरेको थियो ।

## ८.१८ नेपाल बन्दमा मानवअधिकार स्थितिको अनुगमन गरिने

आयोगले सात राजनीतिक दलद्वारा भोलिका लागि आह्वान गरिएको नेपाल बन्दमा मानवअधिकार स्थितिको अनुगमन गर्नेछ । आयोगको केन्द्रीय कार्यालयका अतिरिक्त नेपालगञ्ज, विराटनगर, पोखरा र धनगढीस्थित क्षेत्रीय कार्यालयहरूबाट पनि नेपाल बन्दमा मानवअधिकार स्थितिको अनुगमन हुनेछ ।

(विमलबाबु खत्री, सञ्चार अधिकृत)

## ८.१९ अमेरिकी सहायक विदेश मन्त्री रिचार्ड बाउचर आयोगमा

ललितपुर/२०६३ कार्तिक ३० गते

दक्षिण तथा मध्यएसिया मामिलासम्बन्धी अमेरिकी सहायक विदेश मन्त्री रिचार्ड ए. बाउचर आज राष्ट्रिय मानवअधिकारमा आयोगमा आई आयोगका गतिविधि, नेपालको मानवअधिकार अवस्था तथा नेपाल सरकार र नेकपा माओवादीबीच अघि बढिरहेको शान्तिवार्ताका विषयमा जानकारी लिनुभयो ।

सो अवसरमा उहाँले आयोगले मानवअधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा खेलको भूमिका प्रशंसा गर्दै आयोग थप बलियो हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । नेपाल सरकार र नेकपा माओवादीबीच यही कार्तिक २२ गते भएको सहमतिमा समाविष्ट सत्यनिरूपण तथा मेलमिलाप आयोगको गठनका सन्दर्भमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिकाका विषयमा चासो व्यक्त गर्नुभयो । अमेरिकी विदेश सहायक मन्त्री वाउचरका साथ नेपालस्थित अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टीको पनि उपस्थिति थियो ।

(ध्रुव नेपाल, निमित्त सचिव)

## ८.२० आयोगका पदाधिकारी र प्रधानन्यायाधीशबीच छलफल

ललितपुर/

राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरू संलग्न प्रतिनिधि मण्डलले आज सम्माननीय प्रधानन्यायाधीश दिलीपकुमार पौडेलसँग भेटघाट गर्‍यो । उक्त प्रतिनिधिमण्डलले पुर्पक्षको लागि लामो समयदेखि थुनामा राखिएका बन्दीहरूको मुद्दा समयभित्र किनारा नलागेको बारे सर्वोच्चको ध्यानाकर्षण गरायो ।

सो अवसरमा प्रधानन्यायाधीश पौडेलले मुलुकका विभिन्न कारागारमा रहेका थुनुवाहरूको स्थिति र पुर्पक्षमा रहेका व्यक्तिहरूका सम्बन्धमा अदालतले विशेष चासो दिएर हेर्ने तथा त्यससम्बन्धमा कानुनी कार्वाही यथासक्य छिटो अघि बढाइने बताउनुभयो ।

उक्त भेटमा आयोग प्रतिनिधिमण्डलले आयोगको कारागार अनुगमनबाट प्राप्त तथ्यहरू अवगत गराएको थियो । सोही अवसरमा आयोगद्वारा हालै सार्वजनिक 'कारागार अनुगमन प्रतिवेदन' पनि प्रधानन्यायाधीश पौडेललाई बुझाइएको थियो ।

उक्त प्रतिनिधिमण्डलमा आयोगका सदस्यहरू सुशीलासिंह सिलु, सुदीप पाठक र गोकुल पोखरेल हुनुहुन्थ्यो ।
(ध्रुव नेपाल, निमित्त सचिव)

## ८.२१ मानवअधिकार प्रदर्शनी आयोजना हुने

धनगढी/२०६३ चैत २८ गते

राष्ट्रिय मानवअधिकार आयोग, सुदूरपश्चिममाञ्चल क्षेत्रीय कार्यालय, धनगढीले क्षेत्रीयस्तरको मानवअधिकार प्रदर्शनी मिति २०६४ वैशाख ९ र १० गते आयोजना गर्ने भएको छ । सो प्रदर्शनीमा मानवअधिकारको क्षेत्रमा सुदूरपश्चिमाञ्चलमा कार्यरत सङ्घसंस्थाहरूले प्रकाशित गरेका प्रकाशनहरू, पोष्टर, श्रव्यदृश्य र अन्य शिक्षा/सूचनामूलक सामग्रीको प्रदर्शन गरिनेछ । प्रदर्शनीमा कार्यक्रममा मानवअधिकार तथा महिला, दलित, आदिवासी/जनजाति, मुक्त कमैया आदि सीमान्तकृत वर्गको हक अधिकारका क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूको सक्रिय सहभागिता रहनेछ ।

प्रदर्शनीमा मुख्य आकर्षणका रूपमा प्रदर्शनी कक्ष, मानवअधिकारसम्बन्धी वृत्तचित्र प्रदर्शनी, चित्रकला प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम, सशस्त्र द्वन्द्वको अन्त्यपछिको मानवअधिकारको अवस्था र संविधानसभाको निर्वाचनसम्बन्धी अन्य मुलुकको अनुभव सँगालिएको मानवअधिकार प्रवचन, सुदूरपश्चिमाञ्चलको मानवअधिकार स्थितिको जानकारी, मानवअधिकारसम्बन्धी खुला हाजिरी जवाफ प्रतियोगिता आदि रहेका छन् । प्रदर्शनी कक्षहरू धनगढीस्थित ओम प्यालेसमा रहनेछन् ।

सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा मानवअधिकार शिक्षालाई अझ व्यापक बनाउने उद्देश्यले आयोजना गरिन लागेको सो प्रदर्शनीलाई सफल पारिदिनुहुन सम्बद्ध सबैमा कार्यालय हार्दिक अनुरोध गर्दछ ।
(कोषराज न्यौपाने, नि. क्षेत्रीय निर्देशक)

## ८.२२ अमेरिकी सहायक विदेशमन्त्री व्यारी आर लोवेनक्रोनद्वारा आयोग केन्द्रीय कार्यालयको भ्रमण

ललितपुर/२०६४ जेठ १८ गते

लोकतन्त्र, मानवअधिकार तथा श्रमसम्बन्धी अमेरिकी सहायक विदेशमन्त्री व्यारी आर लोवेनक्रोनले राष्ट्रिय मानवअधिकार आयोगको केन्द्रीय कार्यालयको भ्रमण गरी मुलुकको मानवअधिकार स्थिति, आयोगका क्रियाकलाप तथा चुनौतीहरू र मानवअधिकारको क्षेत्रमा अमेरिकी सहयोगसम्बन्धमा छलफल गर्नुभयो ।

आयोगका निमित्त सचिव पद्मा माथेमालगायत अन्य कर्मचारीहरूसँगको उक्त भेटघाटका क्रममा उहाँले आयोगका पदाधिकारीहरूको नियुक्ति पेरिस सिद्धान्तअनुरूप शीघ्र हुनुपर्नेमा जोड दिनुभयो । आयोगका पदाधिकारीहरूको नियुक्तिसम्बन्धी विषयमा प्रधानमन्त्रीसँग आज बिहान छलफल भएको र प्रधानमन्त्रीबाट पनि आयोगका पदाधिकारीहरूको शीघ्र नियुक्ति गरिने भनी आफूलाई आश्वासन दिनुभएको जानकारी गराउनुभएको थियो । उहाँले मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनसम्बन्धी

आयोगको काममा अमेरिकी सरकारले निरन्तर सक्दो सहयोग गरिरहने आश्वासनसमेत दिनुभएको थियो । उक्त भेटघाटको क्रममा आयोग कार्यालयद्वारा आयोगका पदाधिकारीहरू नहुँदा नियमित रूपमा मानवअधिकार अनुसन्धान, अनुगमन, प्रवर्द्धनलगायतका कार्यहरू गरिएको भए तापनि निर्णय गरी नेपाल सरकारसमक्ष सिफारिस गर्न नसक्दा पीडितलाई न्याय दिलाउनमा बाधा परेको बारेमा अवगत गराइएको थियो ।
(मुरारीप्रसाद खरेल, उपनिर्देशक)

## ८.२३ आयोगमा गृह, आपूर्ति र सुरक्षा अधिकारीसँग छलफल

ललितपुर/ २०६४ फागुन ११ गते

तराईका ११ जिल्लामा गत फागुन १ गतेदेखि लगातार भइरहेको बन्दले राजधानीलगायत सिङ्गो देशमा शान्तिसुरक्षा तथा मानवअधिकार स्थिति खस्कँदै गएकाले राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भई आयोगले गृहमन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल आयल निगमका उच्चपदस्थ अधिकारीलाई आज आयोगको कार्यकक्षमा बोलाई हाल आपूर्तिमा देखिएका कमीकमजोरीहरू, शान्तिसुरक्षाको स्थिति तथा समग्र मानवअधिकारको अवस्थाबारे छलफल गरेको छ ।

तराईका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, मोरङ, सुनसरी र बाँके जिल्लाहरूमा आयोगले गरिरहेको नियमित अनुगमनबाट प्राप्त तथ्यका आधारमा ती जिल्लाहरूको मानवअधिकारको अवस्था अत्यन्तै नाजुक भइरहेको पाइएको छ । लामो समयसम्म जारी आमहड्ताल तथा बन्दका कारण उपभोक्तालाई दैनिक अत्यावश्यकीय आधारभूत आवश्यकताका वस्तुहरू खाना पकाउने ग्याँस, पेट्रोलियम पदार्थ, खाद्यान्न, औषधिलगायतको आपूर्तिमा गम्भीर असर पर्न गई आमजनताको आधारभूत मानवअधिकारको उल्लङ्घन भइरहेको भन्दै आयोगले अविलम्ब त्यसको प्रभावकारी आपूर्ति व्यवस्था मिलाउन र आवश्यकताअनुसार कानुनीलगायत अन्य उपाय अवलम्बन गर्न नेपाल सरकारको ध्यानाकर्षण गरायो ।

बन्दका कारण सर्वसाधारणले स्वतन्त्ररूपमा आवतजावत गर्न नपाएको, दैनिक उपभोग्य सामग्रीको खरिद बिक्री तथा ढुवानीमा गम्भीर अवरोध सिर्जना भएको, विद्यालय बन्दका कारण नजिकिँदो एसएलसी परीक्षाको तयारीमा जुटेका लगायतका विद्यार्थीहरू शिक्षाको अधिकारबाट वञ्चित भएको तथा तराई, राजधानीलगायत देशका विभिन्न भागमा आमनागरिकको जनजीवन दिनप्रतिदिन अत्यन्त कष्टकर हुँदै गइरहेको पाइएकोले आधारभूत मानवअधिकारको रक्षा गर्न सरकारका सम्बन्धित निकायहरूलाई तत्काल प्रभावकारी कदम चाल्न राष्ट्रिय मानवअधिकार आयोगले निर्देशन दिएको छ । त्यसैगरी, तराई आन्दोलनको क्रममा मृत्यु भएका व्यक्तिहरू, शान्तिसुरक्षामा खटिई मृत्युभएका सुरक्षाकर्मीका परिवारलाई अविलम्ब क्षतिपूर्ति उपलब्ध गराउन तथा घाइतेहरूको उपचार गर्न एवम् दोषीलाई कानुनबमोजिम कार्वाही गर्न सरकारलाई आग्रह गरेको छ ।

सो छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान र डा. के.बी रोकाया तथा सचिव विशाल खनालसमेतको उपस्थिति थियो साथै सशस्त्र प्रहरी महानिरीक्षक बासुदेव वली, नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक श्यामसिंह थापा, गृहमन्त्रालयका

सहसचिव प्रतापकुमार पाठक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव तेजराज शाक्य, नेपाल आयल निगमका उपनिर्देशक इच्छाविक्रम थापालगायतको उपस्थिति थियो ।
(विशाल खनाल, सचिव)

## ८.२४ संविधानसभा र निर्वाचन आचारसंहिता, २०६४ को पालनाको सम्बन्धमा बर्दिया जिल्लाको अनुगमन

नेपालगञ्ज/ २०६४ फागुन ३०गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको क्षेत्रीय निर्देशकसहितको टोलीले संविधानसभा र निर्वाचन आचारसंहिता, २०६४ को पालनाको सम्बन्धमा हालै वर्दिया जिल्लाको अनुगमन गरेको छ । अनुगमनको क्रममा टोलीले गुलरियास्थित मानवअधिकारकर्मीहरू, पत्रकारहरू, नागरिक समाजका अगुवाहरू, राजनीतिक दलका प्रतिनिधिहरूसँग छलफल गरेको थियो । छलफलमा मानवअधिकारकर्मीहरू तथा पत्रकारहरू स्वयम्को तटस्थता, निश्पक्षता, पेशागत धर्म, निर्वाचन आचारसहिता, निर्वाचन पर्यवेक्षण र प्रतिवेदनका विषयहरूसमेत समावेश थिए । छलफको क्रममा प्राप्त सूचनाअनुसार निर्वाचन आचारसंहिताविपरीत बर्दियाका दुई राजनीतिक दलहरू नेकपा माओवादी र नेकपा एमालेले उपस्वास्थ्य चौकी तथा विद्यालयमा छुट्टाछुट्टै आमसभा आयोजना गरेको प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगको अनुगमन टोलीले संविधानसभा निर्वाचनकै सन्दर्भमा बर्दिया जिल्लाका प्रमुख निर्वाचन अधिकृत तथा ४ ओटै निर्वाचन क्षेत्रका निर्वाचन अधिकृतहरू, प्रमुख जिल्ला अधिकारी, सशस्त्र तथा जनपद प्रहरी प्रमुख, जिल्ला निर्वाचन कार्यालय प्रमुखहरूसँग छुट्टाछुट्टै भेट गरी निर्वाचन आचारसंहिता, सुरक्षा व्यवस्था, निर्वाचन सामग्रीहरूको पर्याप्त वितरण, सञ्चाकर्मीहरूलाई निर्वाचनसम्बन्धी ताजा अवस्थाबारे जानकारी गराउने संयन्त्रको विकाससम्बन्धमा छलफल गरेको थियो । टोलीले क्षेत्र न. १ अन्तर्गतका कालिका, महम्मदपूर, मैनापोखर, मोतीपुर, बाँसगढी क्षेत्रको स्थलगत अनुगमन गरेको थियो ।

त्यसैगरी आज आयोगको टोलीले संविधानसभा निर्वाचनकै सन्दर्भमा बाँके जिल्लाका प्रमुख निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरू, जिल्ला निर्वाचन कार्यालय प्रमुख, जनपद प्रहरी प्रमुखसँग भेट गरी निर्वाचन आचारसंहिता, सुरक्षा व्यवस्था, निर्वाचन सामग्रीहरूको पर्याप्त वितरण, निर्वाचन पर्यवेक्षकहरूसँगको समन्वयको आवश्यकता, सञ्चारकर्मीहरूलाई निर्वाचनसम्बन्धी ताजा अवस्थाबारे जानकारी गराउने विषयहरूसम्बन्धमा छलफल गरेको थियो । टोलीमा संरक्षण अधिकृतद्वय सरिता ज्ञवाली र हरि ज्ञवाली सहभागी हुनुहुन्थ्यो ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ८.२५ रुकुम, सल्यान र दाङ अनुगमन

नेपालगञ्ज/२०६४ चैत ११ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई, संरक्षण अधिकृतद्वय पवनकुमार भट्ट र हरिप्रसाद ज्ञवालीसहितको टोलीले हालै रुकुम र सल्यान जिल्लामा संविधानसभा निर्वाचन तयारी, आपसी समन्वय, शान्तिसुरक्षाको स्थिति तथा प्रबन्ध, मतदाता तथा उम्मेदवारहरूको मताधिकार, प्रचार-प्रसार, निर्वाचन आचारसंहिताको पालना एवम् भयरहित ढङ्गबाट निर्वाचन सम्पन्न भई जनताको राजनीतिक अधिकारको सुनिश्चितताको सम्बन्धमा अनुगमन गरेको छ । टोलीले अनुगनको क्रममा रुकुम तथा सल्यानका मानवअधिकारकर्मी, निर्वाचन पर्यवेक्षकहरू, पत्रकार, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, मुख्य निर्वाचन/निर्वाचन अधिकृतहरू, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुखहरू तथा नागरिक समाजका प्रतिनिधिहरूसँग छलफल गरेको थियो । यसै सन्दर्भमा टोलीले दाङ तुलसीपुरस्थित मानवअधिकारकर्मी, निर्वाचन पर्यवेक्षक तथा नागरिक समाजका अध्यक्षसँगसमेत छलफल गऱ्यो ।

अनुगमनको क्रममा समग्रमा पाइएका तथ्यहरू देहायअनुसार छन् :

१. दाङको फूलबारी, उरहरी क्षेत्रमा निर्वाचन चिह्नसहित भित्तेलेखन तथा सामान्य पोष्टरिङ भएको पाइयो ।
२. सल्यान, रुकुमका सदरमुकामलगायत विभिन्न स्थानहरूका निजि घरहरूमा स्वीकृतिबिना तथा सार्वजनिक स्थल, धार्मिक स्थलमा व्यापक मात्रामा रुख, सूर्य, गोलाकारभित्र हसियाहथौडा, हलो, छाता, र गिलास चुनाव चिह्न अङ्कित पर्चाहरू टाँसिएको पाइयो ।
३.दलहरूले चुनाव प्रचारको लागि माइकिङ गरेको पाइयो ।
४.सल्यानमा निर्वाचन पर्यवेक्षणका लागि खटिएका पर्यवेक्षकहरू टोपीसहित चुनाव प्रचार-प्रसारको लागि दलको चुनाव चिह्न र झण्डासहितको गाडीमासँगै हिँडेको पाइयो भने पर्यवेक्षण अनुमति लिएका संस्थाका प्रतिनिधिहरू पनि चुनाव प्रचारमा संलग्न रहेको बुझियो ।
५. रुकुम कारागारका कैदीहरूले पानी चुहिने घरभित्र चिसो भुइँमा सुत्नुपर्ने अवस्था रहेको र राति सुत्ने कोठाभित्रै बाल्टिनमा पिसाब फेर्नुपर्ने अवस्था रहेको पाइयो ।
६. माओवादी श्रमकैदमा अझै रुकुममा १२ जना र सल्यानमा ४ जना रहेको स्वीकार गरेको पाइयो ।
७. रुकुमका १०१ परिवार विस्थापित पुनःस्थापित भएको पाइयो ।
८. आयोगबाट विभिन्न मितिमा क्षतिपूर्तिको लागि सिफारिस भएका पीडितका परिवारहरूलाई तत्काल क्षतिपूर्ति रकम उपलब्ध गराउन स्थानीय प्रशासनलाई निर्देशन दिइयो ।
९. माओवादी पक्षबाट गाउँगाउँमा मतदाताहरूलाई आफ्नो पक्षमा मतदान गर्न धम्क्याएको भन्ने भनाइ रुकुम, सल्यान, दाङका आम गैरमाओवादी पक्षबाट आएको पाइयो ।
१०. निर्वाचन तयारी र शान्तिसुरक्षाको अवस्था सन्तोषजनक रहेको पाइयो भने दलहरूको प्रचार-प्रसारमा उल्लेखनीय रूपमा कुनै पनि बाधाअवरोध नरहेको पाइयो ।
अनुगमनका क्रममा पाइएका तथ्यहरूउपर सम्पूर्ण सरोकारवालाहरूले गम्भीरतापूर्वक ध्यान पुऱ्याई निष्पक्ष, स्वतन्त्र र भयरहित ढङ्गले जनताले मताधिकार प्रयोग गर्न पाउने वातावरण तयार गर्न तथा मानवअधिकार रक्षाको पूर्ण प्रत्याभूति गर्दै संविधानसभाको निर्वाचन सफल पार्न राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्ज विशेष आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ८.२६ संविधानसभा आचारसंहिता अनुगमन तथा छलफल

नेपालगञ्ज/२०६४ चैत १५ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको संरक्षण अधिकृतद्वय रमेशकुमार थापा र पवनकुमार भट्ट रहेको अनुगमन टोलीले संविधानसभा र निर्वाचन आचारसंहिता, २०६४ को पालनाको सम्बन्धमा हालै बर्दिया जिल्लाको राजापुर क्षेत्र तथा जिल्लाका मनाउ, मानपुरटपरा, बदालपुर, नयाँगाउँ, पशुपतिनगर, पाताभार, गोला, दौलतपुर, राजापुर, भीम्मापुर, खैरिचन्दनपुर, सानोश्री, ठाकुरद्वारा, सूर्यपटवा, शिवपुर, नेउलापुर, मोतीपुर क्षेत्रको स्थलगत अनुगमन गरेको छ । अनुगमनको क्रममा टोलीले विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, संविधानसभा निर्वाचनका उम्मेदवारहरू, कार्यकर्ताहरू, मतदाताहरू, नागरिक समाजका प्रतिनिधिहरूसँग भेटघाट तथा छलफल गरेको थियो । अनुगमनको क्रममा टोलीले राजनीतिक दलहरूको चुनावी प्रचार-प्रसार कार्यक्रम तथा संविधानसभा निर्वाचन आचार सहिंताको पालना गरेनगरेको, मतदाताहरूले भयरहित वातावरणमा मतदान गर्न पाउने अवस्था भए नभएको, मतदाता शिक्षा, भित्तेलेखन तथा पर्चा पम्पलेटिङको सम्बन्धमा अनुगमन गरेको थियो ।

आयोगको अनुगमन टोलीले संविधानसभा निर्वाचनकै सन्दर्भमा बर्दिया जिल्लाको राजापुर क्षेत्रमा रहेका प्रहरी चौकीका प्रमुखसँग छुट्टाछुट्टै भेट गरी निर्वाचन आचारसंहिता, सुरक्षाव्यवस्था र दलहरूको राजनीतिक गतिविधि तथा प्रहरी चौकीहरूको भौतिक संरचनाको समेत अनुगमन गरेको थियो । अनुगमनको क्रममा टोलीले अनुगमन गरेका क्षेत्रहरूमा राजनीतिक दलहरूले संविधानसभा निर्वाचन आचारसंहिताको पालना गरेका, व्यक्तिगत घर तथा सार्वजनिक स्थलमा पर्चा पम्पलेटिङ नगरेका, शान्तिपूर्ण वातावरणमा चुनाव प्रचार-प्रसार गतिविधि गरिरहेको पाइए तापनि मतदाता शिक्षासम्बन्धी कार्यक्रम प्रभावकारीरूपमा हुन नसकेको पाइयो भने ठाकुरद्वारा बजार क्षेत्र तथा शिवपुर गाविसअन्तर्गत पर्ने श्री जगदम्बा उच्चमाविको पर्खालमा राजनीतिक दलद्वारा भित्तेलेखन गरेको पाइयो । त्यसैगरी नागरिकको शान्तिसुरक्षाको जिम्मेवारी लिएको प्रहरी चौकी मनाउको भौतिक संरचनाको अवस्था एकदमै नाजुक रहेको पाइयो ।

बाँके जिल्लाको नेपालगञ्जस्थित त्रिभुवन चौकमा १४ चैत २०६४ मा मधेशी जनअधिकार फोरम र तराई मधेश लोकतान्त्रिक पार्टीका कार्यकर्ताहरूबीच भएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यान आर्कषण भएको छ । अतः संविधानसभा निर्वाचन आचारसहिंताको पूर्ण पालना गर्दै भयरहीत एवम् शान्तिपूर्ण रूपमा जनताले मताधिकार प्रयोग गर्न पाउने तथा उम्मेदवारहरूलाई निर्वाचित हुन पाउने अधिकारबाट वञ्चित नगर्ने दिशातर्फ प्रतिबद्धरहँदै उच्चसंयमता अपनाउन सम्बन्धित सबै पक्षलाई आग्रह गर्दछ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ८.२७ भारतीय मानवअधिकार आयुक्तको आयोग भ्रमण

ललितपुर/२०६५ जेठ २ गते

भारतीय राष्ट्रिय मानवअधिकार आयोगका पूर्व अध्यक्ष तथा भारतको सर्वोच्च अदालतका पूर्वप्रधान न्यायाधीश जगदीश शरण वर्माले नेपाल र भारतका सरकारहरू मानवअधिकार आयोगले गरेका

सिफारिसहरू लागू गर्न त्यत्ति सचेत नदेखिएको बताउनुभएको छ । राष्ट्रिय मानवअधिकार आयोग नेपालको ललितपुरस्थित केन्द्रीय कार्यालयको भ्रमण गर्ने क्रममा आयोजित स्वागत कार्यक्रममा सन् १९९९ देखि २००३ सम्म भारतीय राष्ट्रिय मानवअधिकार आयोगका प्रमुखसमेत रहनुभएका वर्माले आज उक्त कुरा बताउनुभएको हो । उहाँले मानवअधिकार संरक्षणको विषय नाफामूलक नभएकाले सरकारहरू मानवअधिकार संरक्षणसम्बन्धी कार्य गर्ने संस्थाहरूलाई पर्याप्त बजेट दिन आनाकानी गर्ने नेपाल र भारतको अनुभवले देखाउछ भन्नुभयो ।

'मानवअधिकारको संरक्षण र प्रवर्द्धन हरेक मानवअधिकार आयोगको पहिलो प्राथमिकता हुने भए पनि मेरो विचारमा नेपालको मानवअधिकार आयोगले अब बन्ने संविधान निर्माणमा आफ्नो ध्यान केन्द्रित गर्नुपर्दछ' न्यायाधीश वर्माले सुझाव दिनुभयो । उहाँले देशको मूल कानुन मानिएको संविधान नै मानवअधिकारमैत्री हुन सकेमा नागरिकको मानवअधिकार संरक्षण गर्न ज्यादै सजिलो हुने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष माननीय केदारनाथ उपाध्यायले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न नागरिक समाजसँगको सहयोग र सहकार्यलाई बढाउनुपर्ने बताउनुभयो । विशिष्ट अतिथिहरूलाई स्वागत गर्दै आयोगका सचिव विशाल खनालले राष्ट्रिय मानवअधिकार आयोगका काम, कर्तव्य र वर्तमान अवस्थामा भोगिरहेका चुनौतीहरूका बारेमा सङ्क्षेपमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा भारतका वरिष्ठ अधिवक्ता वेकटरमन, आयोगका सदस्य माननीय गौरी प्रधानलगायतको उपस्थिति थियो ।
(भानुभक्त आचार्य, प्रवर्द्धन/सञ्चार अधिकृत)

## ८.२८ आयोगका सिफारिस कार्यान्वयन गर्न सरकारलाई निर्देशन

ललितपुर/२०६५ जेठ २१ गते

राष्ट्रिय मानवअधिकार आयोगले अहिलेसम्म गरेका सिफारिसहरू सरकारले तदारुकताका साथ कार्यान्वयन नगरेको स्मरण गराउदै प्रधानमन्त्रीको कार्यालयका सचिव माधव पौडेललाई आज आयोगमा बोलाई आयोगका सिफारिसहरूलाई सरकारले प्राथमिकताका साथ कार्यान्वयन गर्न निर्देशन दिएको छ ।

आयोगका कर्मचारी दयाराम परियारको जनकपुरमा सुरक्षाकर्मीको गोली प्रहारबाट मृत्युभएको, कोटवाडा कालिकोट घटनामा नेपाली सेनाद्वारा निर्दोष श्रमिकहरूको हत्या गरेको, जनकपुरमा सञ्जीव कर्णलगायत पाँच जनाको हत्या भएको लगायतका गम्भीर मानवअधिकार उल्लङ्घनका घटनाहरूमा आयोगका सिफारिसहरू कार्यान्वयन हुन नसकेकोप्रति गम्भीर चासो प्रकट गर्दै आयोगका पदाधिकारीहरूले सचिव पौडेलमार्फत् सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।

आयोगका सिफारिसहरू कार्यान्वयन गर्न कुनै कानुनी जटिलता भए त्यसलाई सुल्झाउन आवश्यक सहयोग गर्न आयोग तयार रहेको जानकारी पनि सरकारलाई गराइयो । स्थापना कालदेखि हालसम्ममा गरेका १८७ सिफारिसहरूमध्ये ३८ सिफारिसमात्र आंशिक वा पूर्णरूपमा कार्यान्वयन हुनुलाई आयोगले गम्भीरताका साथ लिएको छ ।

प्रधानमन्त्री कार्यालयका सचिव माधव पौडेलले सरकार मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्न पूर्णप्रतिबद्ध रहेको र त्यससम्बन्धमा सरकारले गरिरहेका काम कार्वाहीबारे जानकारी गराउनुभएको थियो । उहाँले आयोगका सिफारिसहरूको कार्यान्वयनका सम्बन्धमा सम्बन्धित निकायमा जानकारी गराइसकिएको र केही मात्रामा कार्यान्वय भइसकेको र बाँकी कार्यान्वयन हुने क्रममा रहेको बताउनुभयो ।

सरकारले मानवअधिकार सन्धि अनुगमनसम्बन्धी कतिपय आवधिक प्रतिवेदनहरू सोझै जेनेभास्थित राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयमा पठाउनुभन्दा संवैधानिक अङ्गको हैसियत प्राप्त गरेको राष्ट्रिय मानवअधिकार आयोगसँग अनिवार्य परामर्श गर्नसमेत सरकारको ध्यानाकर्षण गराएको छ ।

त्यसैगरी आयोगको कार्यालयमा सर्वसाधारणको पहुँचलाई अझ सहज बनाउन तथा आयोग रहेको भवन जीर्ण भएकाले उपयुक्त व्यवस्था गर्न पनि छलफलका क्रममा सरकारको ध्यानाकर्षण गराइएकोमा सचिव पौडेलले आवश्यक सहयोग गर्न सरकारका तर्फबाट प्रतिबद्धता व्यक्त गर्नुभयो । छलफलमा आयोग अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान, डा. लिला पाठक, डा. के.बी. रोकाया र सचिव विशाल खनाल उपस्थित हुनुहुन्थ्यो । (विशाल खनाल, सचिव)

## ८.२९ धनगढीको घटनासम्बन्धमा आयोगद्वारा सुरक्षा प्रमुखहरूसँग छलफल

धनगढी/ २०६५जेठ २७ गते

राष्ट्रिय मानवअधिकार आयोग सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, धनगढीले मिति २०६५/२/१५ गते धनगढीमा घटेको घटनाको अनुसन्धानको सिलसिलामा आज कैलाली जिल्लाका सुरक्षा प्रमुखहरूलाई कार्यालयमा बोलाई घटनाका बारेमा बिस्तृत जानकारी लिएको छ ।

गत जेठ १५ गते जिल्ला प्रशासन कार्यालयअगाडि प्रहरी र सर्वसाधारणबीच भएको झडपका क्रममा गोली लागि ३ जना व्यक्तिको मृत्यु र अन्य केही सर्वसाधारण र प्रहरीहरूसमेत घाइते भएका थिए ।

सो घटनाको अनुसन्धान गरिरहेको आयोगले आज प्रमुख जिल्ला अधिकारी क्षेत्रबहादुर भण्डारी, प्रहरी उपरीक्षक सुरेशकुमार के.सी. र प्रहरी नायव उपरिक्षक भोला रावललाई छलफलका लागि कार्यालयमा बोलाएको हो । छलफलमा आयोगको तर्फबाट निमित्त क्षेत्रीय निर्देशक कोषराज न्यौपाने, संरक्षण अधिकृत वद्रीप्रसाद सुवेदी र मानवअधिकार अधिकृत दीपेन्द्रबहादुर सिंहको उपस्थिति थियो ।

यसअघि नै अनुसन्धानको क्रममा आयोगले मृतकका परिवार, घाइतेहरू, घटनाका प्रत्यक्षदर्शीहरूसँगसमेत भेटघाट गरी घटनाको बारेमा आवश्यक जानकारी लिएको थियो ।
(कोषराज न्यौपाने, नि. क्षेत्रीय निर्देशक )

## ८.३० क्षेत्रीय प्रमुखहरूसँग समन्वयात्मक बैठक र अनुगमन ।

नेपालगञ्ज/२०६५ असार १ गते

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जका क्षेत्रीय निर्देशक वेदप्रसाद भट्टराई तथा संरक्षण अधिकृत मोहनदेव जोशीसहितको टोलीले हालै सुर्खेतमा मध्यपश्चिम क्षेत्रका क्षेत्रीय प्रशासक, क्षेत्रीय प्रहरी प्रमुख, पृतनापति, नि.क्षेत्रीय शिक्षा निर्देशक, प्रमुख जिल्ला अधिकारीसँग यस क्षेत्रका मानवअधिकारसँग सम्बन्धित विषयमा छुट्टाछुट्टै भेट गरी समन्वयात्मक बैठक तथा छलफल गरेको छ । सोही क्रममा सुर्खेत कारागारको पछिल्लो अवस्थाबारे अनुगमन तथा पाठ्यपुस्तकको सहज र शीघ्र आपूर्तिको माग गर्दै सुर्खेतस्थित विद्यालयका बालबालिकाहरूले गरेको प्रदर्शनको समेत अनुगमन गरेको छ । समन्वयात्मक बैठक तथा अनुगमनपश्चात मध्यपश्चिम क्षेत्रको पछिल्लो समयको मानवअधिकारको अवस्थाको सम्बन्धमा सुर्खेतस्थित सञ्चारकर्मी तथा मानवअधिकारकर्मीहरूसँग अन्तर्कृया तथा छलफलसमेत गरेको छ ।

मध्यपश्चिम क्षेत्रका प्रशासन, शिक्षा तथा सुरक्षा निकायका प्रमुखहरूसँग देहायका विषयमा छलफल भई आगामी दिनमा यस क्षेत्रका १५ ओटै जिल्लाका प्रशासन प्रमुख तथा सुरक्षा निकायका प्रमुखहरू तथा सरकारी निकायका प्रमुखहरूलाई मानवअधिकारको सवालहरूमा अत्यन्त संवेदनशील भई कार्य गर्न, सुशासनको प्रत्याभूति दिँदै दण्डहीनताको स्थिति अन्त्य गर्न क्रियाशील रहन आग्रह गरिएको छ ।

छलफलका विषयहरू:

१. आयोगबाट भएका यस क्षेत्रसँग सम्बन्धित सबै निर्णयहरू कार्यान्वयन गर्नुपर्ने, पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने तथा दोषीउपर कार्वाही नभएको सम्बन्धमा ।

२.बेपत्ता पारिएको नागरिकहरूको खोजी तथा अनुसन्धानसम्बन्धमा ।

३. दैलेख, जाजरकोट, रुकुम र कर्णालीमा रहेको "सट्टा शिक्षक" समस्यासम्बन्धमा ।

४.जाजरकोटको सडक आवागमन समस्या, रुकुम र कर्णालीको अव्यस्थित हवाई सेवा प्रणाली तथा सुर्खेत विमानस्थलमा अलपत्र परेका यात्रुहरूको सम्बन्धमा ।

५. विस्थापितहरू घर फर्कन सके नसकेको सम्बन्धमा ।

६. बढ्दो हत्या, हिंसा, शान्तिसुरक्षाको व्यवस्था तथा सुशासनको सम्बन्धमा ।

७. थुना वा हिरासतमा दिने गरिएको यातना बन्द गर्नु पर्ने विषयमा ।

८. कारागारमा राख्ने गरिएका बालबालिकाहरूको सम्बन्धमा ।

९. दुर्गम जिल्लाहरूमा हुने गरेको खाद्यआपुर्तिको समस्यासम्बन्धमा ।

१०.पाठ्यपुस्तकको कमजोर आपुर्ति व्यवस्थामा क्षेत्रीय स्तरबाट भएको प्रयास र बालबालिकाको अधिकार, प्रदर्शन र विरोधसम्बन्धमा ।

११. माओवादी श्रमशिविरमा प्युठान, रुकम, जाजरकोट, सल्यानमा अझै रहेका भनिएका मानिसहरूको उद्दार गर्नुपर्ने सम्बन्धमा ।

१२.सुर्खेत कारागारमा क्षमताभन्दा झण्डै तीन गुणा बढी रहेका थुनुवा तथा बन्दीहरूको अवस्था, स्वास्थ्य, सञ्चारसम्बन्धी समस्याहरूका सम्बन्धमा ।

१३. राष्ट्रिय मानवअधिकार आयोग तथा मध्यपश्चिम क्षेत्रका सबै प्रशासनिक निकायहरूबीच मानवअधिकारका सवालहरूमा प्रभावकारी समन्वय बिस्तार गरिनुपर्ने सम्बन्धमा ।

माथि उल्लेखित सम्पूर्ण समस्याहरूप्रति आयोगको क्षेत्रीय कार्यालय नेपालगञ्ज गम्भीर रहँदै तिनको प्रभावकारी निराकरण र मानवअधिकारको संरक्षण र सुनिश्चिततताको लागि सम्पूर्ण सरोकारवालाहरूको ध्यानाकर्षण गराउन चाहन्छ ।
(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ८.३१ प्रहरी सङ्गठनभित्र भएका घटनासम्बन्धमा नेपाल सरकारलाई आयोगको सिफारिस

ललितपुर/२०६५ असार २९ गते

हालसालै नेपालगञ्जस्थित विभिन्न प्रहरी कार्यालयहरू (जनपद तथा सशस्त्र) का प्रमुख तथा अधिकृतहरूलाई तल्लो दर्जाका प्रहरीहरूले निजहरूउपर विभेदपूर्ण व्यवहार भएको र सङ्गठनमा अनियमतिता गरेको भनी नियन्त्रणमा लिएको र त्यस्ता क्रियाकलापबाट शान्तिसुरक्षा र सर्वसाधारणको मानवअधिकारमा समेत असर पर्ने भएकाले त्यस्ता घटनाहरूप्रति राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको छ ।

यस प्रकृतिका समस्याबाट हुनसक्ने शान्तिसुरक्षामा संवेदनशीलता र मानवअधिकार उल्लङ्घनलाई रोकथामका निम्ति सावधानीका निम्न उपायहरू अवलम्बन गर्न आयोगले नेपाल सरकार प्रधानमन्त्रीको कार्यालयलाई लेखिपठाएको छ र यसको बोधार्थ एवम् कार्यार्थ गृह मन्त्रालयलाई पठाइएको छः

प्रहरी सेवाका विभिन्न तहका कर्मचारीहरूबीच विद्यमान भेदभावको स्थिति र अनियमिततासम्बन्धी सत्यतथ्य पत्ता लगाई त्यसलाई हटाउनेसम्बन्धमा छलफललगायतका शान्तिपूर्ण प्रक्रिया अवलम्बन गर्नुपर्ने ।

कुनै पनि खालको अत्यधिक शक्ति (Excessive Force) प्रयोग नगरी शान्तिपूर्ण वातावरण बनाउन तथा जीउज्यान र सम्पत्तिको नोक्सानी नहुने अवस्था सिर्जना गर्नुपर्ने,

प्रहरी सङ्गठनमा अनुशासन र 'चेन अफ कमान्ड' (Chain of Command) पनि महत्त्वपूर्ण हुने भएकाले सो कायम गर्नेसम्बन्धमा कानुनी प्रक्रिया अवलम्बन गर्ने ।
(विशाल खनाल, सचिव)

## ८.३२ रोम विधान अनुमोदन गर्न सरकारलाई सिफारिस

ललितपुर/२०६५ साउन २२ गते

राष्ट्रिय मानवअधिकार आयोगले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ (२) (छ) अनुसार अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेको छ । रोम विधानसम्बन्धी आयोगले गरेको अध्ययन प्रतिवेदनसमेत संलग्न गरी आयोगले आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सिफारिसपत्र पठाएको हो ।

सिफारिसपत्रमा रोम विधान अनुमोदन गर्न पुनःस्थापित प्रतिनिधिसभाले वि.सं. २०६३ साउन ३ गते सङ्कल्प प्रस्ताव पारित गरी नेपाल सरकारलाई निर्देशन दिएको तथा वि.सं. २०५९ को रिट नं. २९४२ का सम्बन्धमा सर्वोच्च अदालतले मानवीय कानुनसम्बन्धी सन् १९४९ को जेनेभा महासन्धिलाई व्यवहारमा लागू गर्न आवश्यक कानुन निर्माणका लागि नेपाल सरकारका नाममा आदेश जारी गरेको स्मरण गराइएको छ । जेनेभा महासन्धिमा उल्लिखित मानवताविरुद्धको अपराधलाई रोम विधानले स्पष्ट रूपमा सम्बोधन गर्ने भएकाले आयोगले रोम विधानलाई अनुमोदन गर्न नेपाल सरकारलाई सिफारिस गरेको हो ।

आयोगको सिफारिसपत्रमा भनिएको छ, 'मानवअधिकारको क्षेत्रमा कार्यरत विभिन्न सङ्घसंस्थाहरूले रोम विधानलाई अनुमोदन गर्न लामो समयदेखि पटक-पटक नेपाल सरकारको ध्यानाकर्षण गराउँदै आएको र मानवअधिकार, मानवीय कानुन तथा फौजदारी न्यायको सन्दर्भमा समेत रोम विधान कोशेढुङ्गा हुने भएकाले यसलाई तत्काल अनुमोदन गर्नु उपयुक्त देखिन्छ ।'

आमनरसंहार, मानवताविरुद्धको अपराध, युद्ध अपराध, आक्रमणको अपराधजस्ता अति गम्भीर अपराधहरूमा अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार स्वतः हुने भएकाले त्यस्ता अपराधका अभियुक्तउपर कार्वाही गर्न यो अनुमोदनले मार्ग प्रशस्त गर्नेछ साथै यसको अनुमोदनले मानवअधिकारलाई सुदृढ गर्न र दण्डहीनताको संस्कृतिको अन्त्य गर्न थप सघाउ पुग्नेमा आयोग विश्वस्त छ । ( विशाल खनाल, सचिव)

## ८.३३ शृङ्खलाबद्ध बम विष्फोटनसम्बन्धमा आयोगको ध्यानकर्षण

पोखरा/२०६५ साउन २३ गते

मिति २०६५ साल साउन २२ गते बुधबार साझ पोखराको सभागृहचोक र सृजनाचौकको सर्वसाधारण हिँड्डुल गरिरहने सार्वजनिक स्थलमा शृङ्खलाबद्ध बमविस्फोट भएको र सो विस्फोटनमा परी ६ जना घाइते भएका सोमध्ये एकजनाको अवस्था गम्भीर रहेको भन्ने विभिन्न समाचार माध्यममा प्रकाशित तथा प्रसारित समाचारबाट यस कार्यालयको गम्भीर ध्यानकर्षण भएको छ ।

उपरोक्त घटनाले प्रत्येक व्यक्तिको शान्तिपूर्ण  तरिकाबाट बाँच्न पाउने तथा सामान्य अवस्थामा देशको जुनसुकै भागमा हिँडडुल गर्न पाउने अधिकारमा गम्भीर असर पुग्न गएको छ । सो घटना घटाउन जिम्मेवार व्यक्तिहरूलाई कानुनको दायरामा ल्याई घटनाबाट पीडितहरूको स्वास्थ्य उपचारको सम्पूर्ण व्यवस्था गर्न तथा शान्तिसुरक्षामा थप सतर्कता अपनाउन यो कार्यालय सरकारलाई अनुरोध गर्दछ ।
(अच्युत आर्चाय, नि. निर्देशक)

## ८.३४ उपप्रधान तथा गृहमन्त्री र आयोग पदाधिकारीबीच छलफल

ललितपुर/२०६५ मङ्सिर ४ गते

उपप्रधान तथा गृहमन्त्री वामदेव गौतमले राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसहरू यथाशीघ्र कार्यान्वयन गर्नेतर्फ नेपाल सरकारप्रतिबद्ध रहेको बताउनुभएको छ । आयोगका पदाधिकारीहरूसँग भएको छलफलमा मन्त्री गौतमले भन्नुभयो, 'मानवअधिकार उल्लङ्घन र ज्यादतिसम्बन्धी आयोगले गरेका सिफारिसहरू कार्यान्वय गर्न सरकारले पर्याप्त चासो दिनेछ र गृह मन्त्रालय र आयोगबीचको कार्यगत समन्वयलाई अझ सुदृढ बनाउनुपर्छ ।'

छलफलमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले शान्तिसुरक्षाको अवस्थामा पर्याप्त सुधार नभई नागरिकले सबै अधिकारहरूको उपभोग प्रभावित हुनेतर्फ मन्त्री गौतमको ध्यानाकर्षण गराउनुभएको थियो । अध्यक्ष उपाध्यायले पूर्वी तथा मध्य तराईका जिल्लाहरूको सुरक्षास्थिति अझै सुदृढ हुन नसकेको, त्यहाँ दिनहुँ अपहरण, जबर्जस्ती चन्दा र हत्याका घटनाहरू भइरहेका, आयोगका सिफारिसहरू कार्यान्वयन गर्नेतर्फ सरकारले पर्याप्त चासो नदिएको लगायतका विषयमा आयोगको गम्भीर चासो प्रकट गर्नुभयो । उहाँले विस्तृत शान्तिसम्झौताको नियमित अनुगमन गर्न आयोगलाई जिम्मेवारी दिएको तर सरकारले दाङ र कपिलवस्तु घटनामा दोषी पाइएकाहरूलगायतको मुद्दा फिर्ता लिएकाले दण्डहीनताको अवस्था कायमै रहन सक्ने औँल्याउनुभयो ।

आयोगका सदस्य रामनगिना सिंहले मानवअधिकार उल्लङ्घनका घटनामा प्रहरीहरूको संलग्नता पाइएको र विभिन्न जिल्लाबाट धानबाली लुट्न कतिपय राजनीति दलका कार्यकर्ता र आपराधिक गिरोह सक्रिय रहेको तर्फ गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी आयोगका सदस्य गौरी प्रधानले राजनीतिक दलका युवा दस्ताले कानुन हातमा लिने काम गरिरहेकाले त्यस्ता घटनामा दोषी पाइएकालाई राजनीतिक सहमतिमा उन्मुक्ति दिन नहुने बताउनुभयो । उहाँले आयोगका कर्मचारी दयाराम परियारको हत्यामा दोषी पाइएका प्रहरी कर्मचारीलाई सरकारले कानुनी कार्वाही नगरेको तर्फ गृहमन्त्रीको ध्यानाकर्षण गराउनुभयो । आयोगका सदस्य डा. लीला पाठकले महिलाहिंसाका घटनामा प्रहरीले उजुरी दर्ता नगरेका उजुरीहरू आयोगले प्राप्त गरिरहेको अवस्थाबारे जानकारी गराउँदै महिलाको संरक्षणमा जिल्ला प्रशासन कार्यालयले अभिभावकको भूमिका निर्वाह गरोस् भनी गृहमन्त्रीसमक्ष आग्रह गर्नुभयो ।

छलफलमा बोल्दै गृहमन्त्री वामदेव गौतमले सरकार दण्डहीनताको अन्त्य गर्न र काननुको परिपालन गर्न लगाउन कटिबद्ध रहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, 'मानवअधिकारको अवस्था बिग्रनु भनेको देशकै प्रतिष्ठा खस्कनु हो । हिजोको द्वन्द्वको अवशेषका रूपमा अझै पनि हिंसात्मक गतिविधिहरू भइरहेका छन् । तिनलाई नियन्त्रण गरी सुशासन कायम गर्न र कानुनलाई हातमा लिई आफूखुसी गर्न दिदैनौँ ।' छलफलमा गृहसचिव डा. गोविन्द कुसुम, प्रहरी महानिरीक्षक हेमबहादुर गुरुङ, सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव ओली, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख धनसिंह कार्की, प्रहरी अतिरिक्त महानिरीक्षक रविन्द्र श्रेष्ठ, प्रहरी उपमहानिर्देशक (मानवअधिकार) विनोद सिंह, आयोगका सचिव विशाल खनाललगायतको उपस्थिति थियो ।
(विशाल खनाल, सचिव)

## ८.३५ आयोगका सिफारिस कार्यान्वयन गर्न मन्त्रालयलाई पत्राचार

ललितपुर/२०६६ साउन २८ गते

राष्ट्रिय मानवअधिकार आयोगले २०५८ सालदेखि हालसम्म गरेका सिफारिसहरू कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले देखाएको सक्रियताबाट आयोग उत्साहित भएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगले विभिन्न समयमा गरेका सिफारिसहरू कार्यान्वयन गर्नेसम्बन्धमा सरकारले सम्बन्धित मन्त्रालयहरूलाई गरेको पत्राचार आयोगले प्राप्त गरेको छ । विगत द्वन्द्वको समयदेखि हालसम्म मानवअधिकार उल्लङ्घनसम्बन्धी आयोगले गरेका सिफारिसहरू कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गृह, रक्षा र शान्ति तथा पुनःनिर्माण मन्त्रालयहरूलाई साउन २३ गते पत्राचार गरेको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको पत्रमा 'आयोगबाट भएको उपरोक्त सिफारिसहरूमध्ये यसअघि केकति कार्यान्वयन भएका छन् र पीडित पक्षलाई केकति क्षतिपूर्ति उपलब्ध गराइएको छ, सो को पीडित पक्षको नामावलीसहितको यथार्थ विवरणसमेत अविलम्ब पठाई राष्ट्रिय मानवअधिकार आयोगको सिफारिस कार्यान्वयमा पूर्ण सहयोग गरिदिनुहुन आदेशानुसार अनुरोध छ' भन्ने व्यहोरा उल्लेख छ ।

आयोगका सिफारिसहरू कार्यान्वयन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले देखाएको यो सक्रियताका निम्ति राष्ट्रिय मानवअधिकार आयोग नेपाल सरकारलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ । (वेदप्रसाद भट्टराइ, निर्देशक)

## ८.३६ माओवादी पीडितहरूका तर्फबाट आयोगमा ज्ञापन

ललितपुर/२०६५ मङ्सिर ३० गते

सरकार र माओवादी द्वन्द्वको समयमा नेकपा माओवादीबाट पीडित भएका व्यक्तिहरूको संस्था नेपाल माओवादी पीडित सङ्घ र माओवादी पीडित राष्ट्रिय सङ्घर्ष समितिले आफूहरूलाई शीघ्र पुनःस्थापित गर्न माग गर्दै आज राष्ट्रिय मानवअधिकार आयोगसमक्ष ज्ञापनपत्र बुझाएका छन् । ज्ञापनपत्र बुझ्दै आयोगका सदस्य गौरी प्रधानले पीडितहरूका माग र चासोलाई सरकारसमक्ष पुऱ्याउन आयोगले थप पहल गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'द्वन्द्वका क्रममा आन्तरिक रूपमा विस्थापित भएकाहरूका सम्बन्धमा आयोगले विभिन्न मितिमा नेपाल सरकारलाई सिफारिस गरिसकेको छ । ती सिफारिसहरूलाई कार्यान्वयन गराउन आयोगले तत्काल पहल गर्नेछ ।'

ज्ञापनपत्र बुझाउँदै नेपाल माओवादी पीडित सङ्घका अध्यक्ष धर्मराज न्यौपाने र माओवादी पीडित राष्ट्रिय सङ्घर्ष समितिका संयोजक भोजराज तिमिल्सिनालगायतले गणतन्त्र स्थापना भई संविधानसभा निर्वाचन सम्पन्न भइसक्दासमेत माओवादी ज्यादति कायमै रहेको र कब्जा भएका सम्पत्ति फिर्ता नपाएको गुनासो गरे । आफ्नो घरजग्गा निःशर्त फिर्ता पाउनुपर्ने, आफ्नो पूर्ववर्ति थातथलोमा जान र पुनर्वास गर्न पाउनुपर्ने, उचित क्षतिपूर्ति पाउनुपर्ने, विस्थापितका बालबालिकाको औषधोपचार र निःशुल्क शिक्षाको व्यवस्था हुनुपर्नेलगायतका मागहरू पूरा गराउन पहल गरिदिन उनीहरूले आयोगसमक्ष आग्रह गरे साथै विगतमा मानवअधिकार उल्लङ्घन र ज्यादतिमा संलग्न भएकाहरूलाई कानुनबमोजिम कार्वाही नभएसम्म आफ्नो आन्दोलन जारी रहने बताए । छलफलको

क्रममा आयोगका तर्फबाट सदस्यहरू डा. लीला पाठक र डा.के.बी. रोकायालगायतको उपस्थिति थियो ।

तत्कालीन नेपाल सरकार र नेकपा माओवादीबीच २०६३ मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्तिसम्झौताको दफा ५ (१) ८, कब्जा गरिएका सम्पत्ति फिर्ता गर्ने, दफा ५ (२) ८ मा विस्थापितलाई आ-आफ्नो थातथलोमा फिर्ता जान दिने उल्लेख छ । त्यसैगरी, नेपाल सरकार र नेकपा माओवादीबीच मिति २०६४ कार्तिक ८ गते सम्पन्न २३ बुँदे सहमतिमा १ महिनाभित्र विस्थापितहरूको कब्जा गरिएको घरजग्गा तथा अन्य सम्पत्ति फिर्ता गर्ने उल्लेख छ ।
(यज्ञप्रसाद अधिकारी, निमित्त
सचिव)

## ८.३७ मानवअधिकारमैत्री संविधान निर्माणसम्बन्धी कार्यशाला

जनकपुर/२०६५ पुस १ गते

राष्ट्रिय मानवअधिकार आयोगको जनकपुर सम्पर्क कार्यालयले 'मानवअधिकारमैत्री संविधान निर्माणमा हाम्रो भूमिका" विषयक दुईदिने कार्यशाला सम्पन्न गरेको छ । गत मङ्सिर ३० र पुस १ गते सञ्चालन भएको उक्त कार्यशालामा प्रमुख अतिथिका रूपमा बोल्दै आयोगका सदस्य रामनगिना सिंहले मानवअधिकारमैत्री संविधान भएमा मात्रै सबै किसिमका द्वन्द्वहरू न्यूनीकरण हुने र देश शान्ति र विकासतर्फ अग्रसर हुनसक्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'मानवअधिकार सम्मत् संविधानमा सबै वर्ग, क्षेत्र र समुदायका आवाजहरूलाई समेटिएको हुन्छ । यसले उनीहरूलाई राष्ट्रिय एकतामा गोलबद्ध गराउछ ।' सदस्य सिंहले मानवअधिकारमैत्री संविधान निर्माण गर्न आयोगले देशव्यापी रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो । सबै क्षेत्रबाट प्राप्त राय-सुझावहरूलाई सङ्कलन तथा संश्लेषण गरी संविधानसभासमक्ष प्रस्तुत गरिने कुराको जानकारीसमेत उहाँले दिनुभएको थियो । कार्यक्रममा विशेष अतिथिको रूपमा बोल्दै सभासद रामसरोज यादवले मानवअधिकारमैत्री संविधान निर्माणका लागि आफ्नो तर्फबाट संविधानसभामा विषेश पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । त्यसैगरी पुनरावेदन अदालतका माननीय न्यायाधीश डा. हरिवंश त्रिपाठीले दण्डहीनताको अन्त्यका लागि सबैको पहल आवश्यक रहेको औँल्याउनुभयो ।

कार्यशालामा पुनरावेदन अदालत जनकपुरका न्यायाधीश डा. हरिवंश त्रिपाठीले 'मानवअधिकारमैत्री संविधान निर्माणमा विधिको शासनको अनिवार्यता' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने आयोगका विधिविषय परामर्श महाशाखाका प्रमुख शंकरनाथ अधिकारी तथा योजना महाशाखाका सूर्यबहादुर देउजाले संविधान निर्माण प्रक्रिया तथा मानवअधिकारमैत्री संविधानका विषयमा प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाका प्रतिनिधिहरू, राजनीतिक दलकाप्रतिनिधिहरू, कानुनव्यवसायी, पत्रकार, नागरिक समाजकाप्रतिनिधिलगायतको उपस्थिति थियो । आयोग सदस्य रामनगिना सिंहबाट उद्घाटन भएको उक्त कार्यशालामा मध्यमाञ्चल क्षेत्रका ७ जिल्लाबाट विभिन्न संस्थाका प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो । कार्यक्रममा आयोगको जनकपुर सम्पर्क कार्यालय प्रमुख वुद्धनारायण साहनीलगायतको उपस्थिति थियो ।
(वुद्धनारायण सहनी, कार्यालय प्रमुख)

## ८.३८ आयोगमा मानवअधिकार हटलाइन सुरु

ललितपुर/२०६५ माघ १५ गते

मानवअधिकार आयोगको संरक्षण र प्रवर्द्धनको कार्यलाई अझ प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोगले हटलाइन टेलिफोनको व्यवस्था सुरु गरेको छ। चौबीसै घन्टा खुला रहने यो हटलाइन सेवामार्फत् पीडित र सरोकारवालाहरूको उजुरी तथा अन्य गुनासोहरूका बारेमा आयोगमा उजुरी गर्न सकिने छ। हटलाइन टेलिफोन नम्बर २-११-११-११ (दुई एघार एघार एघार) हो। मानवअधिकार उल्लङ्घन र ज्यादतीका विषयमा तत्काल आयोगलाई जानकारी गराई सहयोग गरिदिनुहुन राष्ट्रिय मानवअधिकार आयोग सबै राजनीतिक दल, सरकारी निकाय, गैरसरकारी संस्थाहरू, नागरिक समाज, सञ्चारकर्मीलगायत सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक अनुरोध गर्दछ। (पद्मा माथेमा, निमित्त सचिव)

## ८.३९ बेलायती संसदीय टोली आयोगमा

ललितपुर/२०६५ फागुन ३ गते

***नेपालको मानवअधिकार अवस्था बुझ्न आएको बेलायतको संसदीय टोलीले आज राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष, तथा पदाधिकारीहरु संग छलफल गरो। सो अवसरमा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नेपालमा मानवअधिकारको अवस्था अझै चुनौतीपूर्ण रहेको बताउनुभएको छ। सो कार्यक्रममा अध्यक्ष उपाध्यायले आयोगका निर्णयहरू कार्यान्वयन गर्न सरकारले पर्याप्त प्रयास नगरेको वताउनु भयो। आयोगका सदश्य गौरी प्रधानले नेपालमा मानवअधिकार संरक्षण गर्न कानुनको अभाव नभएपनि कार्यान्वयन तहमा इच्छाशक्तिको अभाव रहेको र ढिलो कार्यान्वयन गर्दा मानवअधिकार संरक्षणमा प्रतिकुल प्रभाव पार्ने कुरामा जोड दिनुभएको थियो। संसदीय टोलीका नेत्रित्व गरी आउनु भएका बेलायतका हाउस अफ लर्डस्का मानवअधिकार हेर्ने सदश्यले नेपालको मानवअधिकारको खस्कदो अवश्था प्रति चासो ब्यक्तगर्दै आगामी दिनमा आयोग र नेपाल सरकार मानवअधिकारको अवश्था सुधार गर्नमा सकृय रहनेछ भन्ने आशा ब्यक्त गर्नु भायो। सो कार्यक्रममा आयोगका सदश्य राम नगिना सिं, गौरी प्रधान, डा लिला पाठक, डा के बि रोकाया, बेलायतको संसदका सदश्यहरु, बेलायतको राजदूतावासका उच्च पदाधिकारीहरु र*** आयोगका बरिष्ठ अधिकृतहरुको उपस्थिति थियो।
***(विशाल खनाल, सचिव)***

## ८.४० ओएचसीएचआर प्रमुख पिल्लाई आयोग भ्रमणमा

ललितपुर/२०६५ चैत ६ गते

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त श्री नवनितम पिल्लाईले राष्ट्रिय मानवअधिकार आयोग र ओएचसीएचआर नेपालले गरेका सिफारिसहरू कार्यान्वयन नभएकाले नेपालमा दण्डहीनताको स्थिति बढ्दै गएको बताउनुभएको छ। राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूसँगको भेटमा प्रमुख आयुक्त पिल्लाइले नेपालको मानवअधिकार अवस्था सुदृढ गर्न,

आयोग तथा नागरिक समाजको क्षमता अभिवृद्धि गर्न आफ्नो कार्यालयले सदैव सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यस अवसरमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले वर्तमान आयोग संवैधानिक निकायका रूपमा स्थापित भएको र विद्यमान शान्तिप्रक्रियामा मानवअधिकारको नियमित अनुगमन गर्दै आएको जानकारी गराउनुभयो । उहाँले दण्डहीनता अन्त्य गर्नकै लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतसम्बन्धी रोम विधान अनुमोदन गर्न आयोगले नेपाल सरकारलाई सिफारिस गरिसकेको स्मरण गराउनुभयो । अध्यक्ष उपाध्यायले आयोग तथा ओएचसिएचआरका सिफारिसहरूलाई सरकारले कार्यान्वयन नगर्नु, दण्डहीनता संस्थागत बन्दै जानु, अपराधलाई राजनीतिक संरक्षण दिइनु, शान्तिसम्झौतामा व्यक्त प्रतिबद्धताहरू कार्यान्वयन नहुनुलगायतका समस्याहरूले नेपालको मानवअधिकार अवस्था सन्तोषजनक नरहेको बताउनुभयो । उहाँले भन्नुभयो, 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार समुदाय, राजनीतिक दल, नागरिक समाज, सञ्चारकर्मीलगायतका सरोकारवालाहरूसँगको जिम्मेवारीपूर्ण सहकार्यले मात्र मानवअधिकारका सवालहरू सम्बोधन हुनसक्छ ।'

आयोगका सदस्य डा. लीला पाठकले आयोग संवैधानिक अङ्ग भएकाले दातृसंस्थाहरूको सहयोगमा मात्र निर्भर हुन नहुने बताउँदै आयोगलाई पर्याप्त बजेट उपलब्ध गराउने जिम्मेवारी नेपाल सरकारको भएको धारणा राख्नुभयो । सदस्य डा. के. बी. रोकायाले नेपाल संविधान निर्माणको प्रक्रियामा रहेकाले नयाँ राजनीतिक परिवेशअनुसार ओएचसीएचआरसँग सहकार्य गरिने बताउनुभयो । कार्यक्रममा ओएचसीएचआर नेपालका प्रतिनिधि रिचार्ड बेनेट, आयोगका सदस्य रामनगिना सिंह, ओएचसीएचआर जेनेभाका पदाधिकारीहरू तथा आयोगका कर्मचारीहरूलगायतको उपस्थिति थियो । (विशाल खनाल, सचिव)

## ८.४१ बन्दले जनजीवनमा पारेको प्रभावबारे अनुगमन र थरूहट संयुक्त सङ्घर्ष समितिसँग छलफल

नेपालगञ्ज/२०६६ वैसाख १९ गते

थरुहट संयुक्त सङ्घर्ष समितिले गत वैशाख ९ गते देखि आह्वान गरेको प्रदर्शन, बन्द र आमहड्तालबाट मानवअधिकारको स्थिति दिनप्रतिदिन कष्टकर बन्दै गइरहेकोमा राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज चिन्ता र चासो प्रकट गर्दछ ।

यससम्बन्धमा आयोगबाट नियमितरूपमा बाँके, बर्दियालगायतका विभिन्न स्थानहरूको अनुगमन गरेको छ । अनुगमनको क्रममा सार्वजनिक यातायातका साधनहरू पूर्णतः बन्द रहेको, पसलहरू आंशिकरूपमा खुला रहेको पाइएको छ । बन्दको प्रभावसम्बन्धमा स्थानीय मानवअधिकारकर्मी तथा उद्योग व्यापार सङ्घका अध्यक्षहरूसँग छलफल गरिएको छ । छलफलको क्रममा दैनिक उपभोग्य सामग्रीहरूको आपूर्ति न्यून हुदै गएको, शिक्षा, स्वास्थ्यलगायत न्याय प्राप्तिमा समेत आमनागरिकको पहूँचमा कठिनाइ भइरहेको प्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

अनुगमनबाट प्राप्त तथ्यहरू, दाङमा स्वास्थ्य चौकीको सवारी साधनमाथि भएको क्षति, बन्दले जनजीवनमा पारेको प्रभाव तथा मानवअधिकारको क्षेत्रमा क्रियाशील राष्ट्रिय/स्थानीय

सङ्घसंस्थाहरूलाई अनुगमन गर्न रोक लगाइएको सम्बन्धमा थरुहट संयुक्त सङ्घर्ष समिति पश्चिम कमाण्डका संयोजक डिल्लीबहादुर चौधरीसँग आयोगको कार्यालयमा शनिबार छलफल भएको छ । छलफलको क्रममा मानवअधिकारको क्षेत्रमा क्रियाशील राष्ट्रिय/ स्थानीय सङ्घसंस्थाहरूलाई अनुगमन गर्न रोक नलगाइएको र अब उप्रान्त पनि रोक नलगाइने, आमनागरिकको जनजीवनलाई सहज बनाउनेतर्फ आफ्नो सहयोग रहने बताउनुभएको छ ।

(वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक)

## ८.४२ मानवअधिकारको अवस्थाबारे कूटनीतिज्ञहरूसँग छलफल

ललितपुर/२०६६ वैशाख ३१ गते

राष्ट्रिय मानवअधिकार आयोगसँग मानवअधिकारको वर्तमान अवस्थाबारे युरोपेली तथा अमेरिकी कुटनीतिक नियोगकाप्रतिनिधिहरूले छलफल गर्नुभएको छ । आयोगमा आज सम्पन्न छलफल कार्यक्रममा बदलिँदो राजनीतिक पृष्ठभूमिमा मानवअधिकारको अवस्थाका विभिन्न सवालहरूका बारेमा छलफल भएको थियो ।

नेकपा माओवादी नेतृत्वको सरकारले राजिनामा दिएपछि उत्पन्न मानवअधिकारको अवस्थाका बारेमा आयोगले गरिरहेको नियमित अनुगमनका सम्बन्धमा समेत कुटनीतिज्ञहरूले जिज्ञासा राख्नुभएको थियो । उहाँहरूले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयको म्याद थप गर्नेसम्बन्धमा आ-आफ्नो चासो प्रकट गर्नुभयो ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान, डा. लीला पाठक, सचिव विशाल खनाल तथा विभागीय प्रमुखहरूको उपस्थिति थियो साथै कुटनीतिज्ञहरूको तर्फबाट युरोपियन युनियनका नेपालप्रतिनिधि, बेलायत, डेनमार्क, नर्वे, फिनल्यान्ड, फ्रान्स, अमेरिका, जर्मनीका राजदूत तथा दूतावासका वरिष्ठ अधिकृतहरू उपस्थित हुनुहुन्थ्यो ।
(विशाल खनाल, सचिव)

## ८.४३ मानवअधिकार ऐनमा परिमार्जन गर्न सुझाव

ललितपुर/२०६६ साउन १५ गते

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार आयोगसम्बन्धी ऐनमा नयाँ व्यवस्था गर्न नेपाल सरकारलाई लिखित सुझाव दिएको छ । नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई संवैधानिक अङ्गको रूपमा स्थापित गरेको सन्दर्भमा प्रधानमन्त्रीको कार्यालयलाई यो सुझाव पठाइएको हो । नयाँ बन्न लागेको ऐनमा परिमार्जन गर्न नेपाल सरकारलाई आयोगले दिएका मुख्य सुझावहरू निम्न छन्:

राष्ट्रिय मानवअधिकार संस्थाहरूसम्बन्धी पेरिस सिद्धान्तको 'स्वायत्तता र स्वतन्त्रता' भन्ने शब्दहरू वर्तमान ऐनमा थप गरिनुपर्ने ।

मानवअधिकारको उल्लङ्घनकर्ताहरूलाई राष्ट्रिय मानवअधिकार आयोगले कार्वाही गर्न आवश्यक कार्यविधि समावेश गरिनुपर्ने ।

मानवअधिकार उल्लङ्घनबाट मृत्यु भएका व्यक्ति परिवारलाई दिइने क्षतिपूर्ति रकम तीन लाख रूपैयाँबाट पाँच लाख पुऱ्याइनुपर्ने ।

बोक्सीजस्ता आरोपमा कुनै व्यक्तिको मानवअधिकार उल्लङ्घन भएमा दोषी व्यक्तिले नै निज पीडितलाई आवश्यक क्षतिपूर्ति भराउनुपर्ने व्यवस्था गर्ने ।

आयोगमा कार्यरत कर्मचारीहरूका निम्ति छुट्टै 'मानवअधिकार सेवा' समूह गठन गर्ने र कर्मचारीको नियुक्ति आयोगले नै गर्ने ।

नेपाल सरकारले अन्तर्राष्ट्रिय दातृसंस्थासँग मानवअधिकारसम्बन्धी सन्धिसम्झौता गर्दा आयोगसँग परामर्श गर्ने ।
(विशाल खनाल, सचिव)

## ८.४४ आयोग पदाधिकारी र प्रधानसेनापतिबीच छलफल

ललितपुर /२०६६ असोज २७ गते

राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारी र नेपाली सेनाका प्रधान सेनापति छत्रमानसिंह गुरुङबीच मानवअधिकारको अवस्था र अन्य समसामयिक विषयमा छलफल सम्पन्न भएको छ ।

आयोगको सभाकक्षमा आज भएको उक्त छलफलमा आयोगले नेपाली सेनासँग सम्बन्धित आयोगको अनुसन्धानलाई सहयोग गर्न तथा आयोगका सिफारिस कार्यान्वयनमा सघाउन नेपाली सेनाका तर्फबाट प्रधान सेनापति गुरुङले प्रतिबद्धता जनाउनुभयो । उहाँले नेपाली सेनाले आयोगका निर्देशनहरूलाई पालना गरिरहेको र मानवअधिकार संरक्षण र प्रवर्द्धनका क्षेत्रमा आवश्यक सबै सहयोग गर्ने बताउनुभयो ।

यसअघि आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले नेपाली सेनासँग सम्बन्धित मुद्दाहरूमा आयोगको अनुसन्धानलाई सहयोग गर्न तथा आयोगका सिफारिसहरू कार्यान्वयन गर्न आग्रह गर्नुभएको थियो । मानवअधिकारका विषयमा नेपाली सेनाको क्षमता अभिवृद्धि गर्नेसम्बन्धमा आयोगको सहयोग र सहकार्यका बारेमा पनि छलफल भएको थियो । यसैबीच आयोगका पदाधिकारीहरूले प्रधान सेनापति गुरुङलाई नेपाली सेनाको प्रमुख पदमा नियुक्त हुनुभएकोमा बधाइ दिँदै उहाँको कार्यकालमा मानवअधिकारको अवस्था सुदृढ हुन सकोस् भन्ने शुभकामना दिनुभएको थियो ।

छलफल कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान, डा. लीला पाठक, डा. के.बी. रोकाया, सचिव विशाल खनाल, तथा नेपाली सेनाका कार्यरथी विभागका

प्रमुख नेपालभुषण चन्द र मानवअधिकार निर्देशनालयका प्रमुख नीरेन्द्र अर्याललगायतको उपस्थिति थियो ।
(विशाल खनाल, सचिव)

## ८.४५ मानवअधिकार आयोग ऐनको मस्यौदामा सरकारको ध्यानाकर्षण

ललितपुर/२०६६ कार्तिक ११ गते

व्यवस्थापिका संसदमा विचाराधीन रहेको मानवअधिकार आयोग ऐन, २०६६ को मस्यौदामा राष्ट्रिय मानवअधिकार आयोगले अन्तर्राष्ट्रिय मापदण्डअनुसार आयोगलाई स्वतन्त्र र स्वायत्त निकायका रूपमा स्थापित गर्न नेपाल सरकारलाई आग्रह गरेको छ ।

आयोगले नेपाल सरकारका मुख्य सचिव माधवप्रसाद घिमिरे, र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा. त्रिलोचन उप्रेतीलाई हिजो आयोगमा बोलाई यस विषयमा सरकारलाई ध्यानाकर्षण गराएको हो । आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'पेरिस सिद्धान्तअनुसार आयोगको स्थापना भएकाले सक्षम मानवअधिकार आयोगका लागि स्वतन्त्रता र स्वायत्तता महत्त्वपूर्ण विषय' हो भन्नुभयो । मानवअधिकार ऐन, २०५३ को प्रस्तावनामा 'आयोग स्वतन्त्र र स्वायत्त निकाय हुनेछ' भनी स्पष्ट उल्लेख भएको तर संसदमा हाल विधाराधीन विधेयकको प्रस्तावनामा आयोग 'स्वतन्त्र' र 'स्वायत्त' निकाय हो भन्ने भावना नसमेटिएकाले त्यसलाई नछुटाउन तथा दण्डहीनतालाई अन्त्य गर्ने सवालमा आयोगलाई अझ सुदृढ बनाउने विभिन्न विषयमा आयोगमा हिजो छलफल भएको थियो । छलफलमा मुख्य सचिव घिमिरेले आयोगको चासोलाई सरकारले सकारात्मक रूपमा लिने बताउनुभयो । उहाँले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न सरकारले पर्याप्त चासो दिएर कामकार्वाही अघि बढाएको जानकारी दिनुभयो ।

केही दिनअघि मन्त्रिपरिषद्ले आयोगका पदाधिकारीहरूको सेवा सुविधाका विषयमा निर्णय गरेको भनी केही पत्रपत्रिकामा आएको समाचारका विषयमा मुख्य सचिवले त्यस्तो निर्णय नभएको स्पष्ट पार्नुभयो । मानवअधिकार आयोग ऐन २०५३ को दफा ७ मा आयोगका पदाधिकारीहरूको सेवासुविधा सर्वोच्च अदालतका न्यायाधीशसरह हुने व्यवस्था गरेको छ ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू गौरी प्रधान, डा. लीला पाठक, डा. के.बी रोकाया, मुख्य सचिव माधव घिमिरे, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा. त्रिलोचन उप्रेती तथा आयोगका सचिव विशाल खनाल उपस्थित हुनुहुन्थ्यो ।
(विशाल खनाल, सचिव)

## ८.४६ ६१ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस सप्ताहव्यापी रूपमा मनाउने

पोखरा/२०६६ मङ्सिर १७ गते

राष्ट्रिय मानवअधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय र शान्तिका लागि नागरिक समाजको सञ्जाललगायत यस क्षेत्रमा कार्यरत मानवअधिकारसँग सम्बन्धित अन्य सघंसंस्थाहरूको संयुक्त

आयोजनामा ६१ औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस (१० डिसेम्बर २००९) "विविधतालाई आत्मसात गरौँ, विभेदको अन्त्य गरौ" भन्ने मूलनाराका साथ सप्ताव्यापी रूपमा मनाउने कार्यक्रमको सम्बन्धमा आज राष्ट्रिय मानवअधिकार आयोगको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गरियो ।

सो पत्रकार सम्मेलनमा आयोगको नि.क्षेत्रीय निर्देशक यज्ञप्रसाद अधिकारीले मानवअधिकार सस्कृतिको विकासका लागि राज्य, गैरसरकारी सङ्घसंस्था र मानवअधिकार रक्षकको महत्त्वपूर्ण योगदान हुने भएकाले पश्चिमाञ्चल क्षेत्रमाा सप्ताव्यापी रपमा अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको उपलक्ष्यमा मनाउने विविध कार्यक्रमबाट अधिकार सचेतना र प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा पोखरामा मानवअधिकारको क्षोत्रमा कार्यरत शान्तिका लागि नागरिक समाजको सञ्जाल, एम्नेष्टी इन्टरनेशनल, नेपाल जेसिज, नेपाल पत्रकार महासङ्घलगायतका प्रतिनिधिको उपस्थिति थियो ।
(यज्ञप्रसाद अधिकारी, नि. निर्देशक)

**८.४७ मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको ६१ औँ वर्षका अवसरमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले दिनुभएको सन्देश :**

ललितपुर/२०६६ मङ्सिर २४, (९ डिसेम्बर २००९)

मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको अवसरमा आज हामी ६१ औँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइरहेका छौं । राष्ट्रिय मानवअधिकार आयोगले विविधतालाई आत्मसात् गरौँ, विभेदलाई अन्त्य गरौँ भन्ने सन्देशका साथ यो दिवस मनाइरहेको छ । यस दिवसका अवसरमा मानवअधिकार सुदृढीकरण अभियानमा समर्पित सम्पूर्ण मानवसन्ततिप्रति आयोग हार्दिक सम्मान प्रकट गर्दछ ।

बिस्तृत शान्तिसम्झौता, २०६३ र संविधानसभाको निर्वाचन २०६४ पछि देश सङ्क्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । देश नयाँ संविधान निर्माणको क्रममा छ । राष्ट्रिय मानवअधिकार आयोग अब बन्ने संविधान मानवअधिकारमैत्री हुनुपर्छ भन्ने कुरामा दृढ छ ।

राजनीतिक दलका नेताहरूबीच शान्तिप्रक्रियालाई अघि बढाउन सहकार्य हुन नसक्नु र विस्तृत शान्तिसम्झौताको प्रावधानविपरीत अभिव्यक्ति दिने र आआफ्नो अनुकूल हुने गरी यो सम्झौताको व्याख्या गर्ने परिपाटीले सर्वसाधारण निराश बन्दैछन् ।

सशस्त्र द्वन्द्वको अवधिमा भएका मानवअधिकार उलङ्घन र ज्यादतीहरूको सम्बोधन गर्न संविधानमा उल्लेख गरिएका सत्य निरूपण आयोग, शान्ति तथा पुनर्निमाण आयोग, बेपत्ता आयोगलगायतका आयोगहरू गठन हुन सकेका छैनन् साथै मानवअधिकार हनन् गर्नेउपर कानुनी कार्वाही हुन सकेको छैन । अपराधीहरूलाई राजनीतिक संरक्षण दिने कार्य भइरहेकाले दण्डहीनता बढेको छ, त्यसको निरुपण हुनुपर्दछ ।

द्वन्द्वकालमा बेपत्ता पारिएका ८३५ जनाको स्थिति सार्वजनिक गर्न नेपाल सरकारले पर्याप्त ध्यान नदिएको कुरामा आयोग विशेष चासो प्रकट गर्दछ र तत्कालै उनीहरूको स्थिति सार्वजनिक गरी दोषीलाई कार्वाही र पीडितलाई क्षतिपूर्ति दिन सरकार कटिबद्ध हुनुपर्छ । यस्तै द्वन्द्वबाट विस्थापित भएकालाई पुनःस्थापना गर्न र कब्जा गरिएका सम्पत्ति फिर्ता गराउन सरकारले यथेष्ट पहल गरेको छैन ।

महिला तथा बालबालिकामाथि हुने हिंसा र शोषण बन्द गर्न, सञ्चारकर्मी र मानवअधिकारकर्मीमाथि भएका हिंसाका घटनाका दोषीहरूलाई कानुनी कार्वाही गर्न र आवश्यक जनचेतना जगाउन, आयोग नेपाल सरकार र सम्बद्ध सबैलाई अनुरोध गर्दछ ।

नेपालमा कुनै पनि किसिमको जातीय वा लिङ्गीय वा अन्य प्रकारका भेदभावलाई व्यावहारिक रूपमै अन्त्य गरिनुपर्दछ । नेपालपक्ष भएका सबै किसिमका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी सन्धिहरू तथा राष्ट्रिय कानुनहरूलाई कार्यान्वयन हुने वातावरण बनाउनुपर्दछ ।

राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरूलाई तत्कालै उचित प्राथमिकता दिई तिनको कार्यान्वयन गरिनुपर्दछ ।

अन्त्यमा, अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा नेपाल सरकारले गरेका मानवअधिकारसम्बन्धी प्रतिवद्धताहरूको पूर्णपालना गरी मुलुकमा विद्यमान दण्डहीनताको संस्कारलाई अन्त्य गर्न नेपाल सरकारलगायत सम्बद्ध सबै पक्षलाई राष्ट्रिय मानवअधिकार आयोग हार्दिक आग्रह गर्दछ ।
(केदारनाथ उपाध्याय, अध्यक्ष)

## ८.४८ अर्धसैनिक प्रकृतिको चरित्र अन्त्य गर्न आग्रह

ललितपुर/२०६६ पुस १३ गते

हालै नेपाल तरुण दलका महासचिव पुष्प पराजुली, गोरखा जिल्ला सचिव ध्रुव पन्तलगायत तरुणदलका कार्यकर्तामाथि भएको कुटपिट तथा अभद्र व्यवहारसम्बन्धी घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको छ । हालैका दिनहरूमा राजनीतिक दलका युवा दस्ताहरूबीच झडप भएका यस्ता प्रकृतिका घटनाहरू गोरखालगायत देशका अन्य भागहरूमा समेत भइरहेको कुरालाई आयोगले नजिकबाट नियालिरहेको छ ।

संविधानसभामाप्रतिनिधित्व गर्ने र अन्य विभिन्न राजनीतिक दलहरूसमेतले आ-आफ्नै अर्धसैनिक प्रकृतिका युवादस्ता गठन गरेको विषयलाई लिएर आयोगले विभिन्न समयमा त्यस्ता समूहहरूबाट झडपको स्थिति सिर्जना हुने, शान्तिसुव्यवस्था खल्बलिने र विस्तृत शान्तिसम्झौता कार्यान्वयनमा थप जटिलता उत्पन्न हुनेतर्फ सचेत गराइसकेको कुरा पुनः स्मरण गराउछ ।

अतः अर्धसैनिक प्रकृतिका युवादस्ताजस्ता संरचनाहरूलाई प्रोत्साहित नगर्न, विद्यमान अर्धसैनिक प्रकृतिको चरित्रलाई अन्त्य गर्न र त्यस्ता प्रकृतिका समूहहरूलाई सामान्यीकरण गर्न आयोग राजनीतिक दलहरूलगायत सम्बन्धित सबैलाई आग्रह गर्दछ साथै विधिको शासन, अभिव्यक्ति स्वतन्त्रता र सबैको मानवप्रतिष्ठाको सम्मान गर्न तथा संविधान निर्माण गर्नेतर्फ सम्पूर्ण गतिविधिहरू केन्द्रित गर्नसमेत राष्ट्रिय मानवअधिकार आयोग सम्बन्धित सबैलाई आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## ८.४९ हत्याको निष्पक्ष अनुसन्धान गर्न र शान्तिसुरक्षा सुदृढ गर्न ध्यानाकर्षण

ललितपुर/२०६६ फागुन १८ गते

सुर्खेतमा नेकपा एमालेको भातृ सङ्गठन युथफोर्स र एकीकृत नेकपा माओवादीको भातृ सङ्गठन योङ कम्युनिष्ट लिग (वाइसिएल) बीच भएको झडपमा परी वाइसीएल सम्बद्ध आशाराम सुनारको हत्या भएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

विगत केही समय यतादेखि पत्रकार वीरेन्द्र साह, प्रकाश ठकुरी, जेपी जोशी, उमा सिंह, जमीम शाह, टीका विष्टलगायत आमसञ्चारसँग सम्बन्धित व्यक्ति र संस्थाहरूविरुद्ध निरन्तर भएका हत्या, आक्रमण र धम्कीका घटनाहरूले सञ्चार र अभिव्यक्ति स्वतन्त्रतामा गम्भीर चुनौतीहरू देखिएकोमा हिजो जनकपुरमा अरुण सिंहानियाको हत्याको पछिल्लो घटनाले शान्तिसुरक्षा अवस्था सुदृढ पार्ने र निर्वाध रूपमा अभिव्यक्ति स्वतन्त्रताको उपभोगको वातावरण निर्माण गर्ने सरकारको प्रतिबद्धता कार्यान्वयन भएको पाइँदैन । राष्ट्रिय मानवअधिकार आयोगले सुर्खेतको घटना र हिजो जनकपुरमा भएको उक्त घटनाको सकृयतासाथ अनुगमन गरिरहेको छ ।

बढ्दो नागरिक असुरक्षा, हत्या, हिंसाका घटनाहरूका बारेमा राष्ट्रिय मानवअधिकार आयोगले गत हप्तामात्रै गृह सचिवलगायत सुरक्षा निकायका प्रमुखहरूलाई जानकारी गराई शान्तिसुरक्षा सुदृढ पार्न ध्यानाकर्षण गरेको भए तापनि आपराधिक घटनामा कमी नआएका कारण भयरहीत वातावरणमा बाँच्न पाउने र पेशाव्यवसाय गर्न पाउने नागरिकहरूको अधिकार अतिक्रमित र कुण्ठित हुन पुगेको छ ।

अतः कुनै पनि घटनाको निष्पक्ष अनुसन्धान गरी आरोपितहरूलाई यथाशिघ्र कानुनी दायरामा ल्याउन, दण्डहीनताको अवस्था अन्त्य गर्न, शान्तिसुरक्षा बहाली गर्न र बढ्दो नागरिक असुरक्षा, हत्या, हिंसाका घटनाहरूको रोकथाम गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।
(विशाल खनाल, सचिव)

## ८.५० सरकार सत्तापक्ष र प्रतिपक्षलाई संयमित हुन आग्रह

ललितपुर/२०६६ माघ ७ गते

ऐतिहासिक संविधानसभाबाट नेपालको नयाँ संविधान घोषणाको मिति अब करिब चार महिनामात्रै बाँकी छ । समय सीमाभित्र सो कार्य पूरा गर्न संविधानसभामा उपस्थित सम्पूर्ण दलहरू खासगरी सत्तापक्ष र प्रतिपक्षका दलहरूबीच उच्च समझदारी, सहमति र सहकार्य अत्यावश्यक छ ।

तर यस्तो संवेदनशील घडीमा पनि सरकारका वरिष्ठ मन्त्रिहरू , सत्तापक्ष र प्रतिपक्षका जिम्मेवार नेताहरूबाट बृहत्त शान्तिसम्झौता, २०६३ र नेपालको अन्तरिम संविधान, २०६३ को भावनाविपरीत विचार र भाषणहरू सार्वजनिक हुनु दुःखको विषय हुन पुगेको छ । समय सीमाभित्र नयाँ संविधानको घोषणा गर्नु, त्यसअघि नै माओवादी लडाकहरूको समायोजन र व्यवस्थापन गर्नु, व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिहरू कब्जा गर्ने काम बन्द गर्नु, दण्डहीनतालाई अन्त्य गर्नु, देशमा शान्तिनिर्माण र कानुनी व्यवस्थालाई दुरुस्त राख्नु सरकार, सत्तापक्ष र प्रतिपक्षी दलहरू सबैको परम कर्तव्य हो ।

अतः संविधान निर्माण र शान्तिप्रक्रियालाई कुनै पनि पक्षबाट बाधा अड्काउ नपुऱ्याउन, बृहत्त शान्तिसम्झौता र संविधानको भावनाविपरीत नबोल्न, विवादित मुद्दाहरूमा एकआपसमा सहमति, सहकार्य र समझदारी कायम गरी आ-आफ्नो ऐतिहासिक दायित्व निर्वाह गर्न राष्ट्रिय मानवअधिकार आयोग सरकार, सत्तापक्ष, प्रतिपक्षका साथै सबै सम्बन्धित पक्षहरूसँग आग्रह गर्दछ ।
(विशाल खनाल, सचिव)

## ८.५१ बर्दिया बाँसपानी घटनाको सिफारिससम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार

ललितपुर/२०६६ चैत १९ गते

बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानी क्षेत्रमा २०६६ फागुन २६ गते नेपाली सेनाको ज्वालादल गण ठाकुरद्वाराबाट खटिएको गस्ती टोलीद्वारा प्रहार गरिएको गोलीबाट सुर्खेत जिल्ला हरिहरपुर गाविस वडा नं. २ बस्ने १२ वर्षिया बालिका चन्द्रकला वि.क., ३५ वर्षिया देवीसरा वि.क. र ३२ वर्षिया अमृता वि.क. समेत तीनजना महिलाहरूको मृत्यु भएको घटनाको सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगबाट अनुसन्धान गरी आयोगको मिति २०६६/१२/१९ को निर्णयबमोजिम तपशीलबमोजिमको व्यवस्था गर्नको लागि सिफारिस गरिएको छ । घटनाको सम्बन्धमा आयोगबाट गरिएको अनुसन्धान प्रतिवेदनको सङ्क्षिप्त विवरण यसैसाथ संलग्न गरिएको छ ।

सिफारिसहरू :
घटनामा एक जना बालिका (चन्द्रकला वि. क.) र दुई जना महिलाहरू (देवीसरा वि. क. र अमृता वि. क.) मारिएका र निजहरूलाई नियन्त्रणमा लिन सकिने पर्याप्त सम्भावना रहँदारहँदै अत्यधिक बल प्रयोग गरी गोली चलाउन आदेश दिने नेपाली सेना ज्वालादल गण, ठाकुरद्वारा बर्दियाबाट खटिई गएका उपसेनानी सुवोध कुवँरलगायत अन्य संलग्न सेनाका व्यक्तिहरूको पहिचान गरी नियमित अदालतमा फौजदारी मुद्दा चलाउन साथै घटनासँग सम्बन्धित सबुत प्रमाणहरू हेरफेर गर्ने व्यक्तिहरूको पहिचान गरी कानुनबमोजिम कार्वाही गर्न ।

मृतकहरूका कानुनबमोजिमका हकवालाहरूलाई क्षतिपूर्तिस्वरूप राष्ट्रिय मानवअधिकार आयोग उजुरी, कार्वाही तथा क्षतिपूर्ति निर्धारण नियमावली, २०५७ बमोजिम जनही रु. तीन लाख उपलब्ध गराउन ।

मृतकका बालबालिकाहरूलाई राज्यको तर्फबाट निःशुल्क शिक्षाको व्यवस्था गर्न ।

मृतकहरूका परिवारको आर्थिक अवस्था कमजोर भएका कारण दैनिक जीविकोपार्जनको लागि काउलोको रुखको बोक्रा काट्न गएको अवस्थामा मृत्यु भएको देखिँदा त्यस क्षेत्रका दलित समुदायलगायत स्थानीयवासीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन नेपाल सरकारबाट सरोकारवाला निकायहरूसँग समन्वय गरी उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्न ।

राष्ट्रिय निकुञ्जको क्षेत्रमा यस प्रकारका घटनाहरू दोहोरिन नदिन सम्पूर्ण राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित जनशक्तिलाई मानवअधिकार संरक्षणसम्बन्धी तालीमको व्यवस्था गर्न ।
(विशाल खनाल, सचिव)

## ८.५२ आयोगका सिफारिस कार्यान्वयन गर्न नागरिक समाजको चासो

ललितपुर/२०६६ चैत २५ गते

बर्दिया राष्ट्रिय निकुञ्जको बाँसपानीमा गत फागुन २६ गते राति सेनाले गोली चलाउँदा एक बालिकासहित स्थानीय तीन महिलाको मृत्यु भएको घटनाका सम्बन्धमा नागरिक आन्दोलन तथा दलित आन्दोलनका अगुवा तथा प्रतिनिधिहरूले आयोगका पदाधिकारीहरूलाई भेटी चासो र चिन्ता व्यक्त गर्नुभएको छ ।

बर्दिया घटनाको अनुसन्धान सम्पन्न गरी गत चैत १९ गते आयोगले नेपाल सरकारलाई गरेको सिफारिसप्रति आभार व्यक्त गर्दै आयोगको उक्त सिफारिसको अबिलम्ब कार्यान्वयनका लागि आवश्यक पहल गर्नसमेत उहाँहरूले आयोगका पदाधिकारीहरूलाई अनुरोध गर्नुभएको छ । आयोगले 'घटनामा एक बालिका र दुई महिलाहरू मारिएका र निजहरूलाई नियन्त्रणमा लिन सकिने पर्याप्त सम्भावना रहँदारहँदै अत्यधिक बल प्रयोग गरी गोली चलाउन आदेश दिने कमान्डरलगायत दोषीहरूविरुद्ध नियमित अदालतमा फौजदारी मुद्दा चलाउन साथै घटनासँग सम्बन्धित सबूत प्रमाणहरू हेरफेर गर्ने व्यक्तिहरूको पहिचान गरी कानुनबमोजिम कार्वाही गर्ने साथै मृतकहरूका हकवालाहरूलाई क्षतिपूर्तिस्वरूप जनही रु. तीन लाख उपलब्ध गराउने' लगायतका सिफारिसहरू गरेको थियो ।

छलफलमा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले 'आयोगले संवैधानिक दायित्वबमोजिम मानवअधिकार उल्लङ्घनसम्बन्धी विषयमा अनुसन्धान गरी तथ्यहरू सार्वजनिक गरेको छ । अब यो सिफारिस कार्यान्वयन गर्नु नेपाल सरकारको दायित्व भएको' बताउनुभयो । उहाँले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न नागरिक समाजको पहल र सहकार्य ज्यादै महत्त्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगिना सिंह र गौरी प्रधान, मानवअधिकारकर्मी तथा नागरिक आन्दोलनका अगुवाहरू श्याम श्रेष्ठ, रेणु राजभण्डारी, शर्मिला कार्की, दुर्गा शोबलगायतको उपस्थिति थियो ।
(विशाल खनाल, सचिव)

***